खुला विद्यालयका लागि लक्षित स्वाध्ययन सामग्री

# शिक्षा

## कक्षा १०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

खुला विद्यालयका लागि लक्षित स्वाध्ययन सामग्री

# शिक्षा

कक्षा १०

**लेखकहरू**

चन्द्रबहादुर श्रेष्ठ

नन्दप्रसाद उप्रेती

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

२०७७

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०७७

# भूमिका

विद्यार्थीहरूको शिक्षाको पहुँच विस्तारका  लागि खुला विद्यालय शिक्षा पद्धतिको भूमिका महत्त्वपूर्ण हुन्छ । खुलाशिक्षा पद्धतिले आर्थिक, सामाजिक, भौगोलिक तथा यस्तै अन्य कारणबाट विद्यालय शिक्षा पूरा गर्न नसकेका बालबालिका तथा विद्यालय उमेर कटिसकेका व्यक्तिहरूलाई शिक्षाको अवसर प्रदान गरी शिक्षाको मूल धारमा ल्याउने उद्देश्य राख्दछ ।

विद्यालय शिक्षाको पाठ्यक्रममा आधारित रहेर विगत वर्षहरूमा साविकको शैक्षिक जनशक्ति विकास केन्द्रबाट कक्षा दशको अनिवार्य विषयका स्वाध्ययन सामग्रीहरू विकास हुँदै आएकोमा यस केन्द्रवाट गत आ. व. मा थप चारओटा ऐच्छिक विषयका स्वाध्ययन सामग्री विकास भइ सार्वजनिकीकरण भैसकेका छन् । यस वर्ष चारओटा ऐच्छिक विषयका स्वाध्ययन सामग्री विकास गर्ने कार्यक्रम रहेको सन्दर्भमा यो एउटा सामग्री विकास भएको छ ।

औपचारिक शिक्षा कक्षा दशको **"ऐच्छिक शिक्षा"** विषयको पाठ्यक्रमको आधारमा खुला विद्यालयको कक्षा दशको यो स्वाध्ययन सामग्री निमार्ण गरिएको छ । कक्षा आठ पास गरेका व्यक्तिहरूले पनि कक्षा दशको परीक्षामा सहभागी हुन सक्ने प्रावधान भएकाले यस सामग्रीमा कक्षा नौको विषयवस्तुहरूलाई समेत समेटी सिकारु मैत्री विषयवस्तु प्रस्तुतिमा निरन्तरता कायम गर्ने प्रयास गरिएको छ । विद्यार्थीहरूले आफैँले पढेर सिक्न सकुन् भन्ने उद्देश्यले विषयवस्तुहरूलाई सरल र व्यवहारिक वनाउने कोशिस गरिएको छ । यस प्रकार यो सामग्री पाठ्यपुस्तकको सट्टामा नभई परिपुरकको रुपमा विकास गरिएको हो ।

यस **"शिक्षा"** विषयको लेखनकार्य गर्नुहुने लेखकद्वय श्री चन्द्रबहादुर श्रेष्ठ र श्री नन्दप्रसाद उप्रेतीलाई धन्यवाद दिन चाहन्छु । पुस्तक लेखनका क्रममा समय समयमा सल्लाह र सुझाव प्रदान गर्नुहुने यस केन्द्रका उपमहानिर्देशक श्री विष्णुप्रसाद अधिकारी र लेखन कार्यको संयोजन गर्नुहुने  पाठ्यक्रम तथा सामग्री शाखाका निर्देशक श्री राजकुमार थापा, शाखा अधिकृत श्री भीमादेवी कोइरालालाई धन्यवाद दिन चाहन्छु ।

यस पुस्तकको विषयवस्तु सम्पादन गर्नुहुने निर्देशक श्री राजकुमार थापा, भाषा सम्पादन गर्नुहुने श्री पाठ्यक्रम अधिकृत चिनाकुमारी निरौला, चित्र तथा लेआउट डिजाइन र कभरपेज डिजाइन गर्नुहुने श्री जयराम कुइँकेलप्रति आभार प्रकट गर्दछु । अन्त्यमा यस पुस्तकलाई थप परिमार्जित, परिष्कृत बनाउन सम्बन्धित पाठक तथा सरोकारवालाहरूवाट सदैव रचनात्मक सुझाव तथा प्रतिक्रियाको अपेक्षा समेत गर्दछु ।

डा. तुलसी प्रसाद थपलिया

महानिर्देशक

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## विषयसूची


| एकाइ | | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| **एकाइ : १** | | **शिक्षाको परिचय** | **१ – १२** |
| १.१ | | शिक्षाको प्रकृति | १ |
| १.२ | | शिक्षाका वैकल्पिक पद्धतिहरू | ५ |
| | १.२.१ | अर्थ र परिचय | ५ |
| | १.२.२ | अनौपचारिक शिक्षा | ५ |
| | १.२.३ | खुला तथा दूर शिक्षा/पत्राचार शिक्षा | ७ |
| १.३ | | शिक्षामा आधुनिक चिन्तन | ९ |
| **एकाइ : २** | | **शैक्षिक उद्धेश्य, संरचना र शिक्षा विकासका प्रयासहरू** | **१३ – ३८** |
| नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरू | | | |
| २.१ | | वि.सं. २००७ साल पूर्वको शिक्षा | १३ |
| २.२ | | वि.सं. २००७ देखि २०२७ सम्मको शिक्षा | १६ |
| २.३ | | २०२८ देखि २०४६ सम्मको शिक्षा पद्धति | २१ |
| २.४ | | वि.सं. २०४७ देखि हालसम्मको शिक्षा | २८ |
| **एकाइ : ३** | | **बालविकास र बाल मनोविज्ञान** | **३९ – ७०** |
| ३.१ | | बालविकासको वैयक्तिक भिन्नता | ३९ |
| ३.२ | | पूर्वबाल्यावस्था | ४० |
| ३.३ | | उत्तर बाल्यावस्था | ५० |
| ३.४ | | यौवनावस्था | ५६ |
| ३.५ | | बालविकासमा प्रभाव पार्ने तत्वहरू | ६२ |
| ३.६ | | बाल मनोविज्ञानको अर्थ र परिभाषा | ६५ |
| ३.७ | | बालमनोविज्ञानको महत्व | ६६ |
| **एकाइ : ४** | | **पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री** | **७१ – १०४** |
| ४.१ | | पाठ्यक्रमको अर्थ र परिभाषा | ७१ |
| ४.२ | | पाठ्यक्रमका तत्त्वहरू | ७४ |
| ४.३ | | पाठ्यक्रम निर्माण प्रक्रिया | ७९ |
| ४.४ | | पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध | ८३ |
| ४.५ | | पाठ्यक्रम र पाठ्यपुस्तकको महत्व | ८५ |

| | | |
|---|---|---|
| ४.६ | विद्यालय तहको वर्तमान पाठ्यक्रम | ८७ |
| ४.७ | स्थानीय पाठ्यक्रमको अर्थ, आवश्यकता र प्रक्रिया | ९५ |
| **एकाइ : ५** | **शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन** | **१०५ – १२२** |
| ५.१ | शैक्षणिक उद्देश्य र उद्देश्यको प्रकारहरू | १०५ |
| ५.२ | दैनिक पाठयोजना | १०६ |
| ५.३ | विद्यालयको दैनिक कार्यतालिका निर्माण | ११२ |
| ५.४ | प्रभावकारी कक्षाकोठा व्यवस्थापन | ११४ |
| ५.५ | शैक्षणिक सङ्गठन | ११८ |
| **एकाइ : ६** | **शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्री** | **१२३ – १३७** |
| ६.१ | प्रविधिको परिचय | १२३ |
| ६.२ | आधुनिक शिक्षण प्रविधिहरू | १२४ |
| ६.३ | शिक्षण प्रविधि छनौटमा आधारहरू | १२६ |
| ६.४ | शिक्षण सिकाइका समस्या र समाधानका उपायहरू | १२७ |
| ६.५ | शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोग | १२९ |
| ६.६ | स्थानीय शैक्षिक सामग्रीको प्रयोग | १३५ |
| **एकाइ : ७** | **विद्यार्थी मूल्याङ्कन** | **१३८ –१५६** |
| ७.१ | परीक्षा र मूल्याङ्कन | १३८ |
| ७.२ | प्रश्नपत्र निर्माणका आधारहरू | १३९ |
| ७.३ | प्रश्नपत्रका प्रकार | १४१ |
| ७.४ | मूल्याङ्कन व्यवस्थापन | १४७ |
| ७.५ | परीक्षा अङ्कन तथा अभिलेखीकरण | १४८ |
| ७.६ | विद्यार्थी उपलब्धिको विश्लेषण र प्रयोग | १५५ |
| **एकाइ : ८** | **असल विद्यार्थी तथा शिक्षकका गुणहरू** | **१५७ –१६८** |
| ८.१. | असल शिक्षकका गुणहरू | १५७ |
| ८.२ | शिक्षकको काम र कर्तव्य | १६३ |
| ८.३ | शिक्षकको आचार संहिता | १६४ |
| ८.४ | शिक्षकहरूका पेशागत समस्या र समाधान | १६५ |
| **एकाइ : ९** | **विद्यालयमा संचालन गरिने अतिरिक्त/सहक्रियाकलाप** | **१६९ –१८०** |
| ९.१. | विद्यालय समुदाय अन्तरक्रिया/छलफल | १६९ |

| | | |
|---|---|---|
| ९.२. | विद्यालय बाहिर गरिने सहक्रियाकलाप/अतिरिक्त कार्यकलाप | १७१ |
| ९.३ | बालबालिका मार्फत सामजिक सचेतना | १७९ |
| **एकाइ : १०** | **सिकाइ र उत्प्रेरणा** | **१८१ –२०१** |
| १०.१ | उत्प्रेरणा अर्थ र महत्व | १८१ |
| १०.२ | उत्प्रेरणाका प्रकारहरू | १८३ |
| १०.३ | उत्प्रेरणामा प्रभाव पार्ने तत्वहरू | १८३ |
| १०.४ | कक्षा शिक्षणमा उत्प्रेरणा बढाउने उपायहरू | १९७ |
| १०.५ | सिकाइमा प्रभाव पार्ने तत्वहरू | १९३ |
| १०.६ | सिकाइका अपवाद | १९९ |
| **एकाइ : ११** | **शिक्षक शिक्षा** | **२०२ – २१३** |
| ११.१ | तालिकको अवधारणा, आवश्यकता र महत्व | २०२ |
| ११.२ | अध्यापन अनुमतिपत्र | २०७ |
| ११.३ | शिक्षक तालिम र कक्षाकोठामा त्यसको प्रयोग | २०९ |
| ११.४ | शिक्षक तालिमको वर्तमान अवस्था | २११ |
| **एकाइ : १२** | **शिक्षा अधिकार** | **२१४ – २३१** |
| १२.१ | कक्षा कोठामा समावेशीकरण | २१४ |
| १२.२ | शान्ति र शिक्षा | २१९ |
| १२.३ | शिक्षा र लोकतन्त्र | २२१ |
| १२.४ | शिक्षा र सामाजिक न्याय | २२२ |
| १२.५ | प्रदेश तथा स्थानीय तहमा शैक्षिक व्यवस्थापन | २२४ |
| **एकाइ : १३** | **विद्यालय प्रशासन र समुदाय सम्बन्ध** | **२३२ –२३८** |
| १३.१ | विद्यालय व्यवस्थापनमा विभिन्न निकायको भूमिका | २३२ |
| **एकाइ : १४** | **शिक्षा परियोजनाहरू** | **२३९ –२४५** |
| १४.१ | आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम द्वितीय | २३९ |
| १४.२ | विद्यालय क्षेत्र सुधार परियोजना | २४१ |
| १४.३ | विद्यालय क्षेत्र विकास कार्यक्रम | २४२ |
| **एकाइ : १५** | **नेपालमा शैक्षिक प्रशासन सम्बद्ध निकायहरू** | **२४६ – २५७** |
| १५.१. | निम्नलिखित निकायको परिचय र कार्य | २४६ |
| **सन्दर्भ सामग्री** | | **२५९** |

# एकाइ : १ शिक्षाको परिचय

## १.१ शिक्षाको प्रकृति

शिक्षा भनेको मानिसलाई पूर्ण बनाउने एउटा प्रक्रिया हो । व्यक्तिको बौद्धिक, शारीरिक, सामाजिक, आर्थिक, सांस्कृतिक, नैतिक, भौतिक आदि प्रत्येक क्षेत्रको सर्वाङ्गीण विकास गराउनु नै शिक्षाको कार्य हो । वास्तवमा शिक्षा सामाजिक विकासको एक प्रक्रिया हो । यो मानवीय व्यवहार परिवर्तनको मुख्य तत्व हो । शिक्षाको यस अर्थले यसको स्वरूप/प्रकृतिका बारेमा सङ्केत गर्दछ ।

शिक्षाको स्वरूप वा प्रकृतिले शिक्षालाई ग्रहण गर्ने प्रक्रियालाई बुझाउँछ । प्राचीनकालदेखि आजसम्म आइपुग्दा शिक्षालाई कसरी ग्रहण गर्दै आइएको छ भन्ने विषयलाई नै शिक्षाको स्वरूपका रूपमा लिन सकिन्छ । समयको गतिसँगै शिक्षाको स्वरूप बदलिँदै आएको पाइन्छ । त्यसैले शिक्षाको स्वरूपलाई अध्ययन गर्न शिक्षाको विकासक्रमलाई पनि आधार मान्न सकिन्छ । प्रारम्भमा शिक्षाको स्वरूप नियमित किसिमको थियो । समयको परिवर्तनसँगै शिक्षाको स्वरूप नियमित वा औपचारिक हुन गयो ।

मानिसले जन्मदेखि मृत्युपर्यन्त विभिन्न समय र अवस्थामा फरकफरक स्वरूप जस्तैः अनियमित/नियमित, औपचारिक/अनौपचारिक, साधारण/विशिष्ट, प्रत्यक्ष/अप्रत्यक्ष, व्यक्तिगत/सामूहिक आदि रूपले शिक्षा ग्रहण गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा वर्तमान शिक्षाको स्वरूप/प्रकृतिलाई निम्नानुसार लिने गरेको पाइन्छ :

(क) औपचारिक/अनौपचारिक/अनियमित शिक्षा

(ख) साधारण/विशिष्ट शिक्षा

(ग) व्यक्तिगत/सामूहिक शिक्षा

(घ) प्रत्यक्ष/अप्रत्यक्ष शिक्षा

### (क) औपचारिक/अनौपचारिक/अनियमित शिक्षा

मानव समाजको विकास सँगसँगै शिक्षाको स्वरूपमा पनि परिवर्तन हुँदै आएको छ । मानव समाजको सुरुमा शिक्षाको स्वरूप /प्रकृति अनौपचारिक थियो । समाजको विकाससँगसँगै ज्ञानको भण्डार बृहत् हुदै गयो । त्यसपछि जान्ने, सुन्ने, गन्ने मान्ने तथा घर परिवारबाट ज्ञानको हस्तान्तरण गर्न कठिन हुन गयो, जसले गर्दा शिक्षाको स्वरूप अनौपचारिकबाट औपचारिक हुँदैगयो ।

#### औपचारिक शिक्षा

औपचारिक शिक्षा तहगत रूपमा संरचना गरिएको र समयअनुसार श्रेणीबद्ध गरिएको शैक्षिक पद्धति हो जुन प्राथमिक तहदेखि विश्वविद्यालयसम्म सञ्चालित हुन्छ । यसका प्रमुख विशेषता यसप्रकार छन् :

१. पूर्व निर्धारित निश्चित उद्देश्य प्राप्तिका लागि नियमपूर्वक दिइने शिक्षा

२. विद्यालय, विश्वविद्यालय वा अन्य शैक्षिक संस्थावाट दिइने प्रत्यक्ष प्रकृतिको शिक्षा

३. पूर्व निर्धारित योजना अनुसार निश्चित उद्देश्य, पाठ्यक्रम, शिक्षण विधि, समय र स्थानमा नियमित रूपबाट शिक्षाको आदानप्रदान हुने प्रक्रिया

४. तोकिएको समयमा निर्धारित शिक्षण प्रक्रियाबाट प्राप्त हुने ज्ञान र सीपका आधारमा प्रमाण पत्र दिइने शिक्षा

५ आजकल विद्यालय, विश्वविद्यालयमा दिइने शिक्षालाई औपचारिक शिक्षा प्रणालीका उदारहणका रूपमा लिन सकिने ।

**अनौपचारिक शिक्षा**

सिकारुको रुचि, चाहना र आवश्यकतामा आधारित भएर औपचारिकताभन्दा बाहिर रहेर प्रदान गरिने शिक्षा अनौपचारिक शिक्षा हो । यसका मुख्य विशेषता यसप्रकार छन् :

१. निश्चित उद्देश्य लिएको तर औपचारिक बन्धन नभएको

२. औपचारिक घेराभन्दा बाहिर लिइने शिक्षा

३. प्रमाणपत्र धारी शिक्षकको आवश्यकता नपर्ने

४. शिक्षा व्यवस्थापन स्वतन्त्र हुने

५. समान समूहका लागि सङ्गठित गरिने तर कक्षाकोठामा आधारित नहुने

६. व्यक्तिगत विकास, आत्मनिर्भरता र मानवीय दक्षताको विकासमा सहयोगी हुने

७. सहभागीको अत्यधिक सक्रियतामा साझेदारी प्रक्रियाबाट अनुभव आदानप्रदान हुने

८. औपचारिक शिक्षामा जस्तो बन्देज नहुने

९. व्यक्तिको रुचि र चाहनाअनुसार सिकाइ प्रक्रिया हुने

१० सीपमूलक शिक्षा, साक्षरता शिक्षा प्रौढशिक्षा, महिला शिक्षा आदिलाई यसका उदाहरणका रूपमा लिन सकिने ।

**अनियमित, अतिरिक्त शिक्षा वा अतिरक्त शिक्षा**

सिकारुको व्यक्तिगत अनुभव र स्वक्रियाकलापमा आधारित सिकाइ अनियमित शिक्षा हो । यसलाई जीवनपर्यन्त शिक्षाका रूपमा लिइन्छ । यसका प्रमुख विशेषता यसप्रकार छन् :

१. कुनै पनि समय, स्थान एवम् उमेरमा प्राप्त हुने शिक्षा

२. कुनै उद्देश्य नतोकिएको र कुनै सङ्गठनमा प्रत्यक्ष रूपले आबद्ध नगरिएको शिक्षा

३. प्राकृतिक एवम् आकस्मिक रूपमा प्राप्त हुने शिक्षा

४. कुनै घटना, सम्पर्क, व्यवहार, रुचि या क्रियाकलापबाट आर्जन गर्न सकिने शिक्षा

५. आकस्मिक रूपमा स्वतः प्राप्त हुने शिक्षा

६. शिक्षक वा गुरु नहुँदा पनि सञ्चालन हुने शिक्षा

८. रेडियो, टिभी, धार्मिक संस्था एवम् सामाजिक क्रियाकलाप आदिबाट प्राप्त हुने शिक्षालाई यसका उदाहरणका रूपमा लिन सकिने ।

**(ख) साधारण/विशिष्ट शिक्षा**

**साधारण शिक्षा :** सामान्यतया साधारण शिक्षाले बालबालिकाका लागि सामान्य उद्देश्य राखेको हुन्छ, जसद्वारा समाजसापेक्ष जीवन निर्वाह गर्न व्यक्ति सफल हुन्छ । अझ स्पष्ट भन्नुपर्दा मानिसको जीवनको मूल आधार नै साधारण शिक्षा हो । अर्थात् मानवको जीवन तयार गर्न दिइने शिक्षा साधारण शिक्षा हो । यो आधारभूत साक्षरताको शिक्षा हो ।

**साधारण शिक्षामा प्रमुख विशेषताहरू**

१. सामान्यतया हरेक व्यक्तिलाई अपरिहार्य र अत्यावश्यक शिक्षालाई साधारण शिक्षा भनिने

२. यसमा कुनै खासप्रकारको वा विशेष खालको ज्ञान, सीप आवश्यक नपर्ने

३. दैनिक व्यवहार सञ्चालन गर्न आवश्यक हुने शिक्षा

४. समयसापेक्ष जीवन निर्वाह गर्न सघाउने शिक्षा

५. शिक्षाको मूल आधार नै साधारण शिक्षा

६. साक्षरताको शिक्षा आधारभूत शिक्षा

७. सामान्य जीवनको तयारीका लागि दिइने शिक्षा ।

**विशिष्ट शिक्षा :** शिक्षा प्राप्त गर्दा हरेक व्यक्तिको व्यक्तिगत क्षमता, प्रतिभा भिन्नभिन्न हुने भएकाले व्यक्तिगत विभिन्नता र रुचिका आधारमा विशेष किसिमले दिइने शिक्षालाई विशिष्ट शिक्षा मानिन्छ । अर्को अर्थमा भन्नुपर्दा व्यक्तिको जीविकोपार्जनका सीप र राष्ट्रको विशेष क्षेत्रमा योगदान गर्न सक्ने खालको शिक्षा विशिष्ट शिक्षाका रूपमा लिन सकिन्छ । यस्तो शिक्षा प्राप्त गर्ने व्यक्ति आफ्नो पेसा वा व्यावसायिक क्षेत्रमा विशेषज्ञ मानिन्छ ।

**विशिष्ट शिक्षाका प्रमुख विशेषताहरू**

१. बौद्धिक रूपले प्रतिभाशाली व्यक्तिहरूका लागि विशेष किसिमले दिइने शिक्षा

२. विशेष प्रतिभा र क्षमता प्राप्तिका लागि दिइने शिक्षा

३. कुनै विशेष प्रकारको प्राविधिक ज्ञान तथा सीप दिने शिक्षा

४. व्यक्तिको जीविकोपार्जनलाई सहयोग पुऱ्याउने शिक्षा

५. प्राविधिक जनशक्ति उत्पादन गर्न दिइने शिक्षा

६. डाक्टर, इन्जिनियर, प्राध्यापक आदि उत्पादन गर्ने उच्चस्तर र क्षमताको शिक्षा ।

**(ग) व्यक्तिगत शिक्षा/सामुहिक शिक्षा**

**व्यक्तिगत शिक्षा :** प्रत्येक व्यक्ति का स्वभाव, प्रकृतिका आधारमा दिइने शिक्षालाई व्यक्तिगत शिक्षा भनिन्छ । व्यक्तिगत शिक्षाको मुख्य उद्देश्य सर्वोत्कृष्ट रूपमा मानिएको व्यक्तित्व

विकास गर्न सघाउनु हो । व्यक्तिको सर्वाङ्गिण विकासमाा योगदान पुऱ्याउने शिक्षा नै व्यक्तिगत शिक्षा हो ।

**व्यक्तिगत शिक्षाका प्रमुख विशेषताहरू**

१. प्रत्येक व्यक्तिको रुची, चाहना र आवश्यकताको आधारमा दिइने शिक्षा

२. व्यक्तित्व विकास गर्ने उद्देश्यले दिइने शिक्षा

३. प्रत्येक व्यक्तिको सर्वाङ्गिण विकास गराउने उद्देश्यले दिइने शिक्षा

४. व्यक्तिगत प्रतिभा र क्षमतालाई मध्यनजर गरेर दिइने शिक्षा

५. व्यक्तिको प्रतिभा, दक्षता र क्षमतालाई प्रस्फुटन गर्न जोड दिइने शिक्षा

६. टिउसन कक्षालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।

**सामुहिक शिक्षा :** व्यक्ति विशेषको आवश्यकताभन्दा सामुहिक आवश्यकतालाई दृष्टिगत गरेर दिइने शिक्षा सामूहिक शिक्षा हो । सामूहिक शिक्षामा सबैको एउटै वा साझा उद्देश्य रहेको हुन्छ । अर्थात् धेरै व्यक्तिलाई एकै किसिमको शिक्षा दिनु नै सामूहिक शिक्षा मानिन्छ । खासगरी हाम्रा औपचारिक संस्थाहरूमा दिइने शिक्षा सामूहिक शिक्षा हो ।

**सामुहिक शिक्षाका प्रमुख विशेषताहरू**

१. सामुहिक रुची, आवश्यकता र चाहनालाई ध्यान दिएर दिइने शिक्षा

२. धेरै सिकारुलाई एकै ठाउँमा राखेर दिइने शिक्षा

३. औपचारिक रूपमा विद्यालय तथा क्याम्पसमा दिइने शिक्षा

४. राष्ट्रिय तथा सामुहिक लक्ष्य र उद्देश्य प्राप्ति गर्न दिइने शिक्षा

५. व्यक्तिगत भन्दा कम खर्चिलो शिक्षा

**(घ) प्रत्यक्ष/अप्रत्यक्ष शिक्षा**

**प्रत्यक्ष शिक्षा :** मानिसले प्रत्यक्ष देखेर, सुनेर अनुभव गरेर आफ्नो व्यवहारमा परिवर्तन ल्याउँछन् भने त्यसलाई प्रत्यक्ष शिक्षा भनिन्छ । प्रत्यक्ष शिक्षा घर, परिवार, समुदाय, विद्यालय आदिबाट प्रत्यक्ष रूपमा प्राप्त हुन सक्छ ।

**प्रत्यक्ष शिक्षाका प्रमुख विशेषताहरू**

१. गुरु चेला बिच आमन सामने भएर दिइने शिक्षा

२. घर परिवार, समुदाय, मेला पर्व, भ्रमण, यात्रा आदिबाट प्रत्यक्ष रूपमा लिइने ज्ञान, सीप, अनुभवबाट प्राप्त हुने शिक्षा

३. कुनै भाषण, आमसभा, प्रवचन, गोष्ठी आदिबाट यस्तो शिक्षा प्राप्त हुने

४. प्रत्यक्ष रूपमा देखेर, सुनेर, अनुभव गरेर, हेरेर, छोएर ज्ञान प्राप्त गरी व्यवहारमा परिवर्तन गर्ने प्रक्रिया

५. यसप्रकारको शिक्षाको प्रत्यक्ष प्रभाव जीवनमा पर्ने

६.	औपचारिक शिक्षालाई केही हदसम्म प्रत्यक्ष शिक्षाका रूपमा लिन सकिने ।

**अप्रत्यक्ष शिक्षा :** स्वतन्त्र ढङ्गबाट अप्रत्यक्ष रूपमा शिक्षा आर्जन गर्नु अप्रत्यक्ष शिक्षा हो । योजनाविना विभिन्न अनुभव, भोगाइ आदिबाट प्राप्त गर्न सकिने शिक्षा अप्रत्यक्ष शिक्षा हो ।

**अप्रत्यक्ष शिक्षाका प्रमुख विशेषताहरू**

१.	अप्रत्यक्ष माध्यमबाट प्रभाव पारी व्यवहारमा परिवर्तन गर्ने शिक्षा

२.	बालबालिकाले स्वतन्त्र ढङ्गबाट अप्रत्यक्ष रूपमा प्राप्त गर्ने शिक्षा

३.	पूर्व योजना विना अनौपचारिक र अनियमित ढङ्गबाट प्राप्त हुने शिक्षा

४.	कुनै पनि समय र अवस्थामा पनि यसप्रकारको शिक्षा प्राप्त हुन सक्ने

५.	सिकारुको इच्छा र रुचिअनुसार शिक्षा प्राप्त हुन सक्ने ।

## १.२ शिक्षाका वैकल्पिक पद्धतिहरू

### १.२.१ अर्थ र परिचय

व्यक्तिले शिक्षा प्राप्त गर्ने विविध बाटाहरू छन् । जस्तैः यसरी शिक्षा दिने प्रक्रियाका आधारमा शिक्षाका प्रकृति वा स्वरूप विभिन्न प्रकारका हुन सक्छन् । औपचारिक बाटो, अनौपचारिक बाटो, त्यस्तै खुला तथा दूर शिक्षाको बाटो । कुनै एक बाटाबाट मात्रै शिक्षा प्रदान गर्दा शिक्षाको पहुँचमा कमी आउँछ । विभिन्न कारणले व्यक्तिहरू शिक्षाको अवसरबाट वञ्चित हुने गर्दछन् । अतः सबै खालका व्यक्तिलाई शैक्षिक अवसर प्राप्त गर्ने अभिप्रायबाट शिक्षामा वैकल्पिक पद्धतिहरू प्रयोग गर्ने गरिन्छ ।

परम्परागत विद्यालय पद्धतिभन्दा अलग ढंगबाट हरेक व्यक्तिको सिकाइ आवश्यकता पूरा गर्ने खालका सबै शिक्षा पद्धतिलाई वैकल्पिक शिक्षा पद्धतिका रूपमा लिइन्छ । यसले विद्यार्थीको समयका कारण, आर्थिक अवस्थाका कारण, विद्यालयको पहुँचको कठिनाइ आदि कारणबाट शिक्षा प्राप्त गर्न नपाउने अवस्थाको अन्त्य . गर्दछ । घरमै बसेर वा काममै रहेर पनि पढ्न पाउने अवसर प्रदान गर्छ । यसप्रकारको पद्धतिमा नियमित रूपमै विद्यालय जानुपर्ने अवस्था रहँदैन । आफ्नो समय अनुकूल शिक्षा प्राप्त गर्ने, आफूले रोजेको विषय पढ्ने र परीक्षामा सामेल हुन पाउने वातावरण हुन्छ ।

वैकल्पिक शिक्षा पद्धति विभिन्न प्रकारबाट सञ्चालन गर्न सकिन्छ । विद्यार्थीको समयअनुसार पुरै पाठ्यक्रमअनुसारको सिकाइ प्रदान गरेर शिक्षाको अवसर प्रदान गरिने तरिका दोस्रो हो । त्यसैगरी खुला तथा दूर शिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने तरिका तेस्रो हो । यसरी छोटो, लामो तथा खुला शिक्षासमेतको माध्यमबाट शिक्षाको अवसर प्रदान गर्ने र सबै बालबालिकाको निरन्तर शिक्षाप्रतिको चाहना पूरा गराउने पद्धति नै वैकल्पिक शिक्षा पद्धति हो ।

### १.२.२ औपचारिक र अनौपचारिक शिक्षा

औपचारिक शिक्षाको सुरुवात विद्यालयबाट हुन्छ । परम्परागत रूपमा विद्यालय शिक्षाको एउटा निश्चित संरचनाका रूपमा विकसित हुँदै आएको छ । यो पद्धति नियमित रूपमा चल्दै आएको छ । औपचारिक शिक्षाभित्र विद्यालय भवन, निश्चित संरचना हुन्छ त्यस्तै शिक्षकहरू हुन्छन पाठ्यक्रम हुन्छ । पाठ्यक्रमअनुसार घोषित पाठ्यपुस्तकहरू हुन्छन् । शिक्षणसिकाइका

लागि नियमित कार्यतालिका हुन्छ । औपचारिक शिक्षामा विद्यार्थीको उमेर र स्तर अनुसार कक्षा तोकिएको हुन्छ, यसमा समय अवधिअनुसार औपचारिक परीक्षा हुन्छ र प्रमाणपत्र प्रदान गरिन्छ । यसमा लचकताको अवस्था रहँदैन ।

यसरी औपचारिक शिक्षा निश्चित उद्देश्यसहितको व्यवस्थित संरचित पद्धति हो जसमा निर्दिष्ट पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग हुने र निश्चित समयसमेत तोकिएको हुन्छ । यो पद्धतिमा विद्यार्थीको ज्ञान, अवधारणा, सीपका साथै भावनात्मक र प्रयोगात्मक पक्षहरू सँगसँगै विकास गर्ने लक्ष्य लिइएको हुन्छ ।

त्यस्तै अनौपचारिक शिक्षा औपचारिक शिक्षाभन्दा विपरीत किसिमको हुन्छ । यसले सबै उमेरका र सबै 'खाले रुचि भएका व्यक्तिहरूको शैक्षिक आवश्यकता पूरा गर्ने गर्दछ । यसमा खासखास समूहका लागि निश्चित लक्ष्य लिएर शिक्षा प्रदान गर्ने गरिन्छ । नेपालमा पनि यसै गरिएको छ । जस्तै : प्रौढहरूका लागि प्रौढ शिक्षा, महिलाको लागि महिला शिक्षा, बालबालिकाका लागि बालबालिका शिक्षा, बीचैमा कक्षा छाड्नेहरूका लागि विद्यालय ल्याउने शिक्षा, विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाका लागि बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम, बाल शिक्षा कार्यक्रम आदि केही उदाहरण हुन् । अनौपचारिक शिक्षामा समयमा लचकता रहेको हुन्छ । यसमा शिक्षक हुँदैनन् तर सहजकर्ता हुन्छन् । औपचारिक स्वरूपको जस्तो पाठ्यक्रमको निश्चित घेरा हुँदैन । यो जीवन र कामसँग सम्बन्धित हुन्छ । यसले मूलतः शिक्षार्थीको आवश्यकता, रुचि, क्षमता र प्रवृत्तिलाई जोड दिन्छ । अब औपचारिक र अनौपचारिक शिक्षा बिच हुने प्रमुख फरक बारे चर्चा गरौं ।

| **औपचारिक शिक्षा** | **अनौपचारिक शिक्षा** |
|---|---|
| १. शिक्षाको पूर्व निश्चित उद्देश्य र योजना हुन्छ । | १. सिकारुको आवश्यकता अनुसार शिक्षाको उद्देश्य निश्चित गरिन्छ । |
| २. पुस्तकीय ज्ञानमा जोड दिइन्छ । | २. सीपमूलक शिक्षामा जोड दिइन्छ । |
| ३. शिक्षाको तहगत संरचना हुन्छ र सिकारुको उमेर निश्चित हुन्छ । | ३. शिक्षाको तहगत संरचना हुँदैन, उमेरको बन्देज हुँदैन । |
| ४. प्रमाणपत्रमुखी शिक्षा | ४. दक्षता र कार्यमा आधारित सीपमूलक शिक्षा |
| ५. शिक्षालाई बोझको रूपमा लिइने | ५. शिक्षालाई अन्तरक्रियाको रूपमा लिइने |
| ६. कक्षाकोठा क्रियाकलापमा आधारित शिक्षा | ६. समान समूह र मिल्दो आवश्यकतामा आधारित क्रियाकलापमुखी शिक्षा |

### १.२.३ खुला तथा दूर शिक्षा/पत्राचार शिक्षा

#### (क) खुला तथा दूर शिक्षा

खुला तथा दूर शिक्षा पद्धति पनि शिक्षा प्रदान गर्ने एक वैकल्पिक उपाय हो । यसलाई विभिन्न ढङ्गले परिभाषित गर्ने गरिन्छ । सामान्य अर्थमा खुला तथा दूर शिक्षा भन्नाले शिक्षक र विद्यार्थीबीच औपचारिक रूपमा, नियमित अन्तरक्रिया नहुने, सिकारु सक्रिय भई सिक्ने र औपचारिक संरचनामा सञ्चालित हुने शिक्षालाई बुझाउँछ । शिक्षक तथा शिक्षाका लागि सहयोग गर्ने व्यक्ति र विद्यार्थी वा सिकारुबीच आमनेसामुने हुने दूरी टाढा रहेर पनि मुद्रित, श्रव्य, दृश्य वा श्रव्यदृश्य शैक्षिक सामग्रीका माध्यमबाट शिक्षा प्राप्त गर्न सकिनुका साथै औपचारिक शिक्षालयको घेराभन्दा बाहिर रहेर आफ्नो फुर्सदअनुसार शिक्षा प्राप्त गर्ने प्रक्रिया नै खुला शिक्षा हो । सामान्यतया खुला तथा दूर शिक्षा सिकाइका निम्न विशेषता रहने गर्दछन् :

१. शिक्षक र सिकारुबिच भेटघाट र अन्तरक्रिया कम हुन्छ ।

२. विद्यार्थी सक्रिय भएर स्वनिर्देशित भएर सिकाइ हुन्छ ।

३. समय, सन्दर्भ र सिकाइ आदिका पक्षबाट बढी लचिलो हुन्छ ।

४. औपचारिक संरचनाभन्दा पृथक स्वरूपमा सञ्चालित हुन्छ ।

५. विविध प्रकारका सिकाइ चाहना भएका शिक्षार्थीको सिकाइ चाहना पूरा हुन जान्छ ।

६. विविध प्रकारका सिकाइ विधि, श्रव्य, दृश्य, श्रव्यदृश्य सामग्री आदिको प्रयोग हुन्छ ।

७. सूचना प्रविधिको प्रयोगको पर्याप्त प्रयोग गर्न सकिन्छ ।

खुला तथा दूर शिक्षा सिकाइ निश्चित सिद्धान्तबाट सञ्चालित हुने गर्दछ । यसलाई बुद्धिमतापूर्ण योजनाको आवश्यकता पर्छ । विद्यार्थीको चाहना, आवश्यकता आदिको यकिन गरिनुपर्छ । रुचिअनुसारको शैक्षिक सामग्रीको विकास र प्रयोगमा विशिष्ट ध्यान दिइनुपर्छ । यसमा निरन्तर सिकाइ, निरन्तर सहयोग तथा सहजीकरण तथा विविध सामग्रीको उपलब्धतामा यथेष्ट ध्यान दिनुपर्ने हुन्छ । यसो हुन सकेमा मात्रै आफ्नो अनुकूलको समय प्रयोग गरी हरेक खालका बालबालिकाले विद्यालय शिक्षाको अवसर प्राप्त गर्न सक्छन् । नेपालमा खुला तथा दूर शिक्षामार्फत् शिक्षक तालिम कार्यक्रम सञ्चालन हुँदै आएको छ । शैक्षिक सत्र २०६४ देखि यो व्यवस्थालाई माध्यमिक तहको कक्षा १० मा पनि लागू गरिएको छ । वि.सं. २०६४ को एसएलसी परीक्षामा समेत यस पद्धतिअनुसारका विद्यार्थी सहभागी भइसकेका छन् । हाल खुला तथा दुर शिक्षा पद्धतिअनुसार नि.मा.वि. तहको ६, ७ र ८ मा परीक्षणका रूपमा खुला शिक्षा सुरु गरिएको छ ।

#### (ख) पत्राचार शिक्षा (Correspondence Course)

सामान्य अर्थमा पत्राचारबाट दिइने शिक्षालाई पत्राचार शिक्षा भनिन्छ । निश्चित उद्देश्य वा कोर्स पूरा गर्न विभिन्न मुद्रित सामग्रीहरू, चिठीपत्र, निर्देशन पुस्तिका, सहयोगी सामग्रीहरू, अभ्याससामग्री आदि मार्फत शिक्षण सिकाइ गरिने प्रक्रियालाई पत्राचार शिक्षा भनिन्छ ।

पत्राचार शिक्षा कार्यक्रम शिक्षामा आधुनिक चिन्तनबाट प्रभावित एक सशक्त माध्यम हो यो कार्यक्रम खुला विश्वविद्यालय शिक्षाअन्तर्गत अपनाइने प्रमुख शिक्षण क्रियाकलाप हो शिक्षाको

अवसरबाट वञ्चित विद्यार्थीका लागि पत्राचार शिक्षा ज्यादै उपयोगी हुन्छ । सिक्ने व्यक्ति घरैमा बसेर फुर्सदको समयमा पत्राचारको आधारमा शिक्षा ग्रहण गर्ने कार्य गर्दछ । शिक्षा पाउनु व्यक्तिको अधिकार भएकाले पनि जीवनपर्यन्त शिक्षाको रूपमा पत्राचार शिक्षा ज्यादै उपयोगी साबित भएको छ । शैक्षिक अवसर प्रदान गर्ने तथा शिक्षामा आएको प्रजातान्त्रिक धारणाअन्तर्गत पनि पत्राचार शिक्षालाई बढी जोड दिइएको छ परम्परागतरूपमा पत्रबाट शिक्षण सिकाई गरिन्थ्यो आज विद्युतिय हुलाकको माध्यमबाट पत्राचार शिक्षा सञ्चालनमा रहेको छ ।

पत्राचार शिक्षामा हरेक विषयको विषयवस्तुलाई विभिन्न एकाइका रूपमा सङ्गठित गरी पत्राचार सामग्रीहरू तयार गरिन्छन् । प्रत्येक एकाइमा साधारणतया एक हप्ताको अध्ययन सामग्री हुन्छ । पत्राचार सामग्रीहरू नियमित समयमा विद्यार्थीसामु पठाइन्छन् । पत्राचारशिक्षामा निम्न प्रक्रिया अपनाइन्छ-

१. प्रयोग सामग्री-विज्ञान र प्रविधिअन्तर्गतको विषयअन्तर्गत कुनै पाठमा प्रयोग गरेर मात्र सकिने अवस्था भएका सिकारुलाई घरैमा प्रयोग सामग्रीहरू पठाइन्छन् ।

२. रेडियो तथा टेलिभिजन-अध्ययन सामग्रीहरू टेलिभिजन र रेडियोबाट राष्ट्रव्यापी रूपमा प्रसारण गरिन्छन्। पत्राचार सामग्रीसँगै विद्यार्थीहरूले प्रसार गरेको विवरण प्राप्त गर्छन् । आज विद्युतीय हुलाककोरूपमा फ्याक्स, इमेल, इन्टरनेटको प्रयोग पनि प्रशस्त हुन थालेको छ ।

३. हुलाक-पत्राचारको प्रमुख माध्यम हुलाक नै हो । अध्ययन सामग्रीहरू हुलाकमार्फत ओसार-पसार गरिन्छन् ।

४. ट्युसन तथा परामर्शसेवा-पत्राचारको साथै विद्यार्थीले स्वतन्त्ररूपमा सिक्ने क्रममा आवश्यक सहयोग पुऱ्याउन ट्युसनकक्षा तथा परामर्ससेवाको व्यवस्था गर्ने गरिन्छ ।

५. समर स्कुलहरू-कुनै कोर्सका लागि विद्यार्थीहरूले गर्मीको समयमा आयोजना गरिने समर स्कुलमा अनिवार्यरूपमा उपस्थित हुनुपर्ने अवस्था हुन्छ । यसमा प्राध्यापक, स्रोतव्यक्ति, प्रशिक्षक, विशेषज्ञहरूसमेत सहभागी हुन्छन् । प्रवचन, सेमिनार, अनौपचारिक छलफल, फिल्डवर्क, प्रयोगशाला आदि विधिहरू समर स्कुलमा प्रयोग गरिन्छन् ।

६. कार्य र मूल्याङ्कन-विद्यार्थीले के-कति सिके सिकेनन्, लेखाजोखा गर्न, स्तर निर्धारण गर्न मूल्याङ्कन आवश्यक हुन्छ । कुनै लिखित कार्य अध्ययन केन्द्रका शिक्षकले जाँच्छन् भने अन्य धेरै कुराहरू कम्प्युटरबाट जाँचिन्छन् । हरेक पत्राचार शिक्षामा संलग्न विद्यार्थीले प्राप्त गरेको श्रेणी तुरुन्त उसैलाई फिर्ता पठाइन्छ । कोर्सको अन्त्यमा लिखित जाँच गरी बाह्य परीक्षकबाट परीक्षण गराइन्छ ।

परीक्षाबाट उत्तीर्ण भएमा प्रमाणपत्र वितरण गर्ने र अनुत्तीर्ण भएमा पुनः सिकाइ दोहोर्‍याउनु पर्ने व्यवस्था छ । यसरी निश्चित उद्देश्य प्राप्त गर्न( निश्चित डिग्री हासिल गर्न औपचारिक शिक्षा र शिक्षकविना नै फुर्सदको समयमा पत्राचारको माध्यम प्रयोग गरी स्वअध्ययनबाट वा पत्राचार शिक्षाबाट ज्ञान हासिल गरिन्छ । पत्राचार शिक्षा आजको आधुनिक विश्वमा ज्यादै उपयोगी, आवश्यक र महत्वपूर्ण साबित भइसकेको छ । मान्छेको बेफुर्सदले पनि यो शिक्षा महत्वपूर्ण साबित भएको छ। उच्चशिक्षामा जसरी यो बढेको छ, बिद्यालय तहमा पनि

आवश्यकताअनुसार प्रयोगमा आउन थालेको छ । यो शिक्षा प्राप्त गर्ने एक सशक्त वैकल्पिक उपाय हो ।

## १.३ शिक्षामा आधुनिक चिन्तन

समय परिवर्तनशील छ । नवीनम ज्ञान, सीप तथा प्रविधिको निरन्तर विकास हुँदै गएको छ । नयाँ ज्ञान त्या सीपको कारण व्यक्ति पनि बदलिँदो परिस्थितिअनुसार परिवर्तित हुँदै जानुपर्छ । यसका लागि परिवर्तित समयअनुसार हरेक व्यक्तिले आफूलाई पनि अद्यावधिक गर्दै जानुपर्छ ।

शिक्षामा पनि समयअनुसार ज्ञानका क्षेत्र विस्तार हुँदै गएका छन् । शिक्षाले समय क्रमअनुसार आफ्नो स्वरूपमा परिवर्तन ल्याएको छ । औपचारिक रूपमा लिइएको शिक्षालाई मात्र शिक्षा नभनी जुनसुकै तरिकाबाट लिएको शिक्षा भए पनि मानव जीवनका लागि उपयोगी छ भने त्यसलाई पनि शिक्षाकै रूपमा लिनुपर्ने चिन्तन/सूचनाहरू अगाडि आए । मूलतः दोस्रो विश्वयुद्धपछि शिक्षामा आधुनिक चिन्तनहरू विकसित भएको पाइन्छ । सूचना प्रविधिको विकासले शिक्षा क्षेत्रमा दिनानुदिन नवीन चिन्तनहरू थपिँदै गएका छन् । शिक्षाबाट बञ्चित सबैका लागि सामाजिक न्यायका आधारमा समान अवसर दिनुपर्ने मान्यता आउन थाले । सीमान्त वर्गसम्म शिक्षा पुऱ्याउन शिक्षामा लगानी बढाउनुपर्ने, सीपमूलक शिक्षा, आर्थिक सहयोग, जनचेतना विकास आदि कुरामा जोड दिइयो । सन् १९६० पश्चात शिक्षामा पूर्णतया मानवतावादी, वैज्ञानिक तथा आधुनिक चिन्तन सुरु भयो । सबैका लागि शिक्षा, मानव अधिकार शिक्षा, समावेशी शिक्षा जस्ता नवीनतम् अवधारणाहरू पनि समयको मागअनुसार विकसित भएका पक्षहरू हुन् । अहिलेको २१ औं शताब्दीका लागि शिक्षाको आधुनिक चिन्तनका रूपमा नयाँ नयाँ दृष्टिकोणहरू प्रतिपादित हुँदै गरेका छन् । यस सन्दर्भमा युनेस्कोले आधुनिक चिन्तनका रूपमा शिक्षाका चार स्तम्भहरूलाई जोड दिएको छ । शिक्षाका चार स्तम्भहरू (Four Pillars of Education) लाई हाल शैक्षिक योजना, व्यवस्थापनमा प्राथमिकता दिइनुपर्ने भएको छ । यो पाठमा हामी शिक्षाका चार स्तम्भहरू जान्नका लागि सिकाइ (Learning to Know), गर्नका लागि सिकाइ (Learning to do), केही बन्न र हुनका लागि सिकाइ (Learning to be) र सँगै बस्नका लागि सिकाइ (Learning to live together) का बारेमा छलफल गर्ने छौं ।

### (१) जान्नका लागि सिकाइ (Learning to Know)

यो स्तम्भअनुसार सिकाइ गर्ने कार्यमा ज्ञान प्राप्त गर्ने गरिन्छ । यसलाई जीवन प्राप्त गर्ने साधन र प्राप्तिका रूपमा लिने गरिन्छ । साधनका रूपमा यसले हरेक व्यक्तिलाई सशक्तीकरण गर्छ र आफ्नो वरपरको वातावरण बुझ्ने शक्ति प्रदान गर्छ । त्यसैगरी आत्मसम्मानपूर्वक बाँच्न सक्ने तुल्याउँछ । साथै पेसागत सीपको विकास गर्न र प्राप्त सूचना, ज्ञान तथा जानकारी सूचित गर्न तथा सञ्चार गर्न मद्दत पुऱ्याउँछ अर्कोतर्फ अन्तिम लक्ष्य प्राप्तिका रूपमा (Learning of Know) लाई बुझाइको सन्तुष्टि (Pleasure of Understanding) का रूपमा लिने गरिन्छ । त्यसैगरी नयाँ कुरा/ज्ञान जान्ने, बुझ्ने तथा खोज गर्ने कार्यका रूपमा पनि लिइन्छ । जान्नका लागि सिकाइले जीवनका लागि अत्यावश्यक ज्ञान प्रदान गर्छ । वातावरणीय पक्षका विविध पक्षहरूको बुझाइको विकास गर्छ । व्यक्तिको बौद्धिक क्षमताको विकास गर्छ । व्यक्तिलाई स्वतन्त्ररूपमा न्याय गर्न सक्ने ज्ञान प्रदान गर्छ । व्यक्तिको जीवनलाई विकसित गर्न आवश्यक वैज्ञानिक प्रक्रिया अवलम्बन गर्न सक्ने ज्ञान प्रदान गर्छ । यसमा मूलतः सिक्नका लागि सिकाइ सिद्धान्त लुकेको

हुन्छ । व्यक्तिमा केन्द्रित भएर सोच्ने क्षमताको विकास गर्छ । स्मरण शक्ति तथा वैज्ञानिक चिन्तन क्षमता तथा कलाको विकासमा समेत यो सिद्धान्त वा चिन्तनले महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

(२) **गर्नका लागि सिकाइ (Learning to do)**

केही गर्नका लागि शिक्षा केन्द्रित हुनपर्छ भन्ने मान्यता यो चिन्तनको हो । यो मूलतः व्यावसायिक सीप तथा तालिमसँग सम्बन्धित रहन्छ । कसरी शिक्षा प्रदान गर्ने ? सिकाइलाई कसरी काममुखी बनाउने ? सिकेको सिद्धान्तको कसरी व्यावहारिक रूपान्तरण गर्ने भन्ने पक्ष सिकाइमा महत्वपूर्ण हुने मान्यता यो चिन्तनको छ । कुनै उद्योग, व्यवसाय, व्यापार गर्न सक्ने ज्ञान, सीप तथा दक्षता प्रदान गर्नेतर्फ शिक्षा केन्द्रित हुनुपर्ने तर्क यस चिन्तनले गर्छ किनकी आजको विश्व बहुप्रतिस्पर्धी छ । उद्योग व्यवसायमा विविधता छ । विविध उद्योग व्यवसाय सञ्चालन, स्थानीय पेसा तथा व्यवसाय प्रवर्द्धन गर्न, निर्वाध ढङ्गबाट आफ्नो जीवनलाई व्यवसायमुखी बनाउन पनि अबको विद्यार्थी सक्षम हुनुपर्छ । तसर्थ शिक्षा तथा सिकाइ केही काम व्यवसाय गर्नका लागि तयार गर्ने गरी विकसित गरिनुपर्ने अवधारणा Learning to do को रहेको छ । यसका लागि शिक्षा सीपबाट सक्षमतातर्फ केन्द्रित हुनपर्छ । कामलाई प्रजातान्त्रिकीकरण गरिनुपर्छ । सेवा प्रदान गर्ने निकायको विकास तथा विस्तार गरिनुपर्छ । औपचारिक तथा अनौपचारिक रूपमा समग्र आर्थिक उन्नतितर्फ शिक्षा केन्द्रित गरी सिकाइलाई गर्नका लागि योग्य व्यक्ति तयार पार्ने गरी सञ्चालन गरिनुपर्छ ।

(३) **सँगै बस्नका लागि/बाँच्नका लागि सिकाइ (Learning to Live Together)**

आजको विश्व हिंसा, प्रति हिंसा तथा द्वन्द्रवाट प्रभावित छ । विविध किसिमका जोखिमहरू विद्यमान छन् । मानव निर्मित विध्वंसात्मक स्थितिको अवस्था दिनानुदिन बढ्दै गएको छ । शिक्षाले हिंसा, प्रतिहिंसा तथा द्वन्दको उचित रूपमा समाधान गर्न सकिरहेको छैन । अतः शिक्षा सबैका लागि उपयोगी हुने खालको हनुपर्छ । सबैजना सँगै मिलेर बस्न सक्ने ज्ञान, सीप तथा क्षमता शिक्षाद्वारा प्रदान गरिनुपर्छ । सबै सँगै जिउने अवस्थाको सिर्जना गरिनुपर्छ । समाजमा व्यक्ति व्यक्तिबीच, परिवारपरिवारबीच, समूहसमूहबीच हुने द्वन्द्रको सहज समाधान गरिनुपर्छ । शान्तिपूर्ण समाज निर्माणतर्फ शिक्षा केन्द्रित हुनुपर्छ । यसका लागि सबैले सबैको मूल्य मान्यताको कदर गर्नुपर्छ, सम्मान गरिनुपर्छ । विचार, धर्म, संस्कृतिको सम्मान गर्नुपर्छ । सवैजनासंग मिलेर बस्ने र उत्पन्न समस्या सामूहिक प्रयत्नबाट समाधान गर्ने बानीको विकास गरिनुपर्छ । यसो हुन सकेमा मात्रै सबै व्यक्ति र समूहसँगै मिलेर बाँच्न सक्छन्, सँगसँगै जिउन सक्छन् । एकआपसमा आएका समस्या मिलेर समाधान गर्न सक्छन् ।

(४) **केही बन्न र हुनका लागि सिकाइ (Learning to be)**

शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गर्नुपर्छ । यसअन्तर्गत मष्तिष्क, शरीर, बौद्धिकता, सचेतना, व्यक्तिगत जिम्मेवारी तथा उत्तरदायित्व, सांस्कृतिक, सामाजिक मूल्य आदि सबैको विकास हुनुपर्छ । त्यसैगरी व्यक्ति स्वतन्त्र रूपमा जिउन पाउनुपर्छ । समालोचनात्मक तथा सिर्जनात्मक सोचको विकास हुन पनि त्यतिकै जरुरी हुन्छ । प्रविधि तथा ज्ञानको विकासका कारण मानव अधिकारको हनन हुने स्थिति आउनु हुँदैन । शिक्षाले व्यक्तिका सबैखाले समस्या समाधान गर्नमा सहयोग गर्नुपर्छ । साथै स्वतन्त्रतापूर्वक बोल्न विचार गर्न पाउने अधिकार आफ्नो जीवनलाई नियन्त्रण गर्न पाउने अधिकार तथा स्वतन्त्रता निहीत हुनुपर्छ । त्यसैले

शिक्षाले कुनै पनि व्यक्तिलाई सहि व्यक्तिका रूपमा विकसित गर्न मद्दत गर्नुपर्छ । यसो हुनसकेमा मात्रै शिक्षा Learning to be को सिद्धान्तअनुसार सञ्चालन हुन जान्छ ।

यसरी युनेस्कोले प्रस्तुत गरेका यिनै चारओटा स्तम्भलाई शिक्षामा आधुनिक चिन्तनको रूपमा लिने गरिन्छ । यसरी सूचना प्रविधिमा आएका परिवर्तनले शैक्षिक प्रणालीमा समसामयिक एवम् आमूल परिवर्तन भइरहेको अवस्था छ ।

## अभ्यास

**(क) तलका प्रश्नहरूका अति छोटा उत्तर दिनुहोस् ।**

१. तपाइँले लिइरहेको शिक्षा कुन प्रकृतिको शिक्षा हो ?

२. साक्षरता शिक्षालाई कस्तो प्रकृतिको शिक्षा भनिन्छ ?

३. विद्युतीय हुलाकबाट दिइने शिक्षालाई कस्तो शिक्षा भनिन्छ ?

४. शिक्षामा चार स्तम्भ वा प्रकृतिको धारणा कसले दिएको हो ?

**(ख) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् -**

१. शिक्षाको स्वरूप भनेको के हो ? वर्तमान शिक्षाको स्वरूप कस्तो रहेको छ ?

२. शिक्षामा आधुनिक चिन्तन भनेको के हो ?

३. "खुला तथा दूर शिक्षालाई वैकल्पिक शिक्षाका रूपमा लिइन्छ ?" पुष्टि गर्नुहोस् ।

४. औपचारिक र अनौपचारिक शिक्षा विच फरक छुट्टाउनुहोस ।

५. बाँच्नका लागि सिकाइ र केही बन्नका लागि सिकाइ विच फरक छुट्टायाउनुहोस ।

६. साधारण र विशिष्ट शिक्षा विच भिन्नता देखाउनुहोस ।

७. व्यक्तिगत र सामूहिक शिक्षा विच फरक छुत्त्याउनुहोस

**(ग) तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् -**

१. शिक्षाको वैकल्पिक पद्धतिको परिचय दिई वर्तमान समयमा यसको महत्त्व दर्शाउनुहोस् ।

२. शिक्षाका चार स्तम्भहरू केके हुन् ? तिनको व्याख्या गर्नुहोस् ।

३. अनौपचारिक शिक्षाको परिचय दिई यसका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा शिक्षा पाउने अवसरबाट वञ्चित व्यक्तिहरू पनि होलान् । केकस्ता व्यक्तिले कुनकुन शिक्षा पाउने अवसरबाट वञ्चित भएका रहेछन् । शिक्षाको अवसरबाट वञ्चित भएकालाई कसरी शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्न सकिएला ? समुदायका व्यक्तिहरूसँग सोधपुछ गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

२. शिक्षाका आधुनिक चिन्तनअनुसारको व्यवहार गर्न सक्ने खालका नागरिक तयार पार्न के कसरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न उपयुक्त ठान्नुहुन्छ ? योजना तयार पारी प्रस्तुत गर्नुहोस् ।

३. तपाईंको समुदायमा केकस्ता प्रक्रियाबाट शिक्षा प्राप्त हुने गरेको छ ? तिनको प्रभावकारिता कस्तो रहेको छ ? स्थानीय निकाय तथा जान्ने व्यक्तिसँग सोधपुछ गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

४. तपाईंले अध्ययन गरिरहनु भएको शिक्षा कुन प्रकृतिको शिक्षा हो ? यस्तो प्रकृतिका शिक्षाले तपाईलाई के कस्तो फाईदा एवम् अवसर प्रदान गरेको छ ? समूहमा छलफल गरी प्रतिवेदन तयार पार्नुहोस् ।

एकाइ : २

# शैक्षिक उद्धेश्य, संरचना र शिक्षा विकासका प्रयासहरू

## नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरू

नेपालमा शिक्षा विकासको सुरुवात धेरै अगाडिदेखि भएको देखिए तापनि २००७ सालमा नेपालमा प्रजातन्त्र आएपछि मात्र शिक्षा विकासको योजनाबद्ध थालनी भएको देखिन्छ । नेपालको शिक्षा विकासमा के-कस्ता प्रयासहरू भए भन्ने कुराको जानकारी शिक्षा विषय पढ्ने सबैका लागि आवश्यक कुरा हो । त्यसैले यस खण्डमा शैक्षिक उद्देश्य र संरचनाका दृष्टिले नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

नेपालको वर्तमान शिक्षाको अवस्था जति फराकिलो छ त्यहीअनुरूप यसको विगत साँघुरिदै गएको देखिन्छ । नेपालको शिक्षाको इतिहास त्यस्तो अनुभव र गोरेटो हो, जसलाई पछ्याउँदै नेपालको शिक्षा प्रणाली अहिलेको अवस्थामा आइपुगेको हो । अहिलेको अवस्थामा आइपुग्न नेपालको शिक्षा प्रणालीले कठिन मोड र घुम्ती छिचौल्दै आएको छ । शिक्षाको अवसरबाट बञ्चित विश्वको मानव सभ्यताको विकाससँग कुनै न कुनै रूपमा शिक्षाको विकास र विस्तार भएको मानिन्छ । नेपालको शिक्षाको इतिहास पनि कम पुरानो छैन । नेपालको शिक्षा अतिरिक्त, औपचारिक एवम् अनौपचरिकरूपमा विकास र विस्तार हुँदै गएको पाइन्छ ।

फ्रान्सका इतिहासकार सलेभान लेभी (Sylvan Levi) ले नेपालको शैक्षिक पृष्ठभूमिलाई निम्न चार चरणमा छुट्याएर व्याख्या गरेका छन् -

(क) स्वदेशी चरणको शिक्षा (Indegenous period)

(ख) शैक्षिक उपेक्षाको चरण (The period of Educational Negligence)

(ग) शिक्षाको विरोधको चरण (Oppostional Period of Education)

(घ) शिक्षाको विकास चरण (Development period of education)

पाठ्यक्रमले व्यवस्था गरेअनुसार नेपालमा शिक्षाको विकासलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ-

## २.१ वि.सं. २००७ साल पूर्वको शिक्षा

प्रजातन्त्र प्राप्ति २००७ सालभन्दा अगाडिको शिक्षाको विकासलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ-

### (क) स्वदेशी चरणको काल वा मौलिक कालको शिक्षा (Education of Indigenous Period)

नेपालको एकीकरणका प्रवर्तक पृथ्वीनारायण शाहभन्दा पहिलेको सम्पूर्ण काललाई शिक्षाको स्वदेशी काल भन्ने गरिन्छ । यस कालमा शिक्षा प्रणाली स्वदेशमा आधारित थियो, बाहिरबाट भित्त्याइएको थिएन । यही कारण यस काललाई स्वदेशी शिक्षाको चरण भन्ने गरिएको

हुनुपर्छ । सन् १७६८ भन्दा पहिलाको सम्पूर्ण काल यस चरणमा अटाउने गर्छ । यस चरणलाई निम्न उपचरणहरूमा विभाजन गरी प्रस्तुत गर्न सकिन्छ-

### १. प्राचीन काल (Ancient Period)

लिच्छवि शासन कालभन्दा पहिलाको अवस्थालाई प्राचीन काल भन्ने गरिन्छ । विभिन्न वंशावलीमा उल्लेख भएअनुसार प्राचीन कालमा अभिर, गोपालवंशी, महिषवंशी तथा किराँतवंशले नेपाल खाल्डोमा शासन गरेका थिए । प्राचीन कालमा नेपालको जीवन प्रणाली अधिकरूपमा पशुपालन, खेती, शिकार र वस्तु विनिमयमा आधारित थियो । यस कालमा भाषा र लिपिको पूर्ण विकास भई नसकेकोले शिक्षा पारिवारिक सीप, ज्ञान, र व्यवहारको अनुकरणमा सीमित थियो । पारिवारिक कुलघरान र समूहको कुशलता र व्यवहारमा दक्षता प्राप्त गर्नु शिक्षा मानिन्थ्यो । किराँत कालमा कलाकृति पनि बनाइन्थ्यो । यो पनि शिक्षाअन्तर्गत पर्दथ्यो । पशुपतिनाथको मन्दिरमा रहेको "विरूपाक्ष" किराँतकालीन पुरानो मूर्ति मानिन्छ । "धर्नुविद्या" त्यसताका खुब फस्टाएको थियो । त्यसबेलाको शिक्षा बढी धर्म र संस्कृति प्रदान थियो ।

### २. लिच्छविकाल (Lichchhavi Period)

नेपालको प्रमाणित इतिहास यही कालदेखि थालनी भएको मानिन्छ । यस कालको संस्थापक मानदेवलाई मानिन्छ र अंशुवर्मा यही कालका अर्को प्रख्यात शासक मानिन्छन् । मानदेव दक्षिणबाट आएको विश्वास गरिन्छ । मानदेवले मानापाथी, ढक, तराजुको समेत प्रचलनमा ल्याएका थिए । दक्षिणबाट मानदेवले बेदपुराणका साथै वैदिक धर्म र संस्कार पनि ल्याएका थिए । त्यतिबेला बौद्ध धर्मको पनि विस्तार भएकोले नेपाल खाल्डोमा धर्म र शिक्षा दुवैको बिस्तार भएको थियो । यसकालमा राज्यभाषा संस्कृत थियो भने स्थानीय भाषाको पनि प्रचलन थियो । यस कालमा मूर्तिकला, चित्रकला, वास्तुकलाको अत्यन्त उन्नतरूपमा विकास भएको थियो । चाँगुनारायण मन्दिर लिच्छविकालको देन हो । यससँगै मानदेवका मानगृह र अंशुवर्माको कैलाशकुट भवनको वर्णन चिनियायात्री फाइएन र हुइनसांङ्गले पनि गरेका थिए । मगधको विक्रमशिला विश्वविद्यालयमा र मिथिलाका शिक्षण संस्थाहरूमा नेपालका विद्वानहरूको आहोरदोहोर भइरहन्थ्यो । ब्राम्हण र क्षेत्रीहरूका छोराहरू गुरुआश्रममा संस्कृत पढ्थे भने सर्वसाधारणहरू परम्परागत सीप र ज्ञान बाबुआमाबाट प्राप्त गर्दथे । यस कालमा शैव, वैष्णव, नाथ सम्प्रदाय तथा महायान, हीनयान र बज्रयानको प्रभाव थियो । त्यसबेला कला कौसलको खुब विकास भएको थियो। ।

### ३. मल्ल काल (Malla Period)

बाह्रौं-तेह्रौं शताब्दीतिर नेपालमा मल्ल राजाहरूको शासन व्यवस्थाको थालनी भएको मानिन्छ । मल्लकालीन दरवारमा आचार्य, दैवज्ञ, धौभाजु, गुभाजु, प्रधान, मास्के, राज भण्डारीहरू लेखपढ गर्न जान्दथे । दरबारका राजकुमार र राजकुमारीहरूलाई माथिका विद्वानहरूमध्ये केही दक्ष व्यक्तिलाई शिक्षा दिन खटाइने गरिन्थ्यो । चौधौं शताब्दीमा जयस्थितिमल्लले व्यवसायको आधारमा मानिसलाई विभिन्न जातमा विभाजन गरेका थिए । ठूलाबडाहरूको छोराहरू वैदिक वा बुद्ध शिक्षा ग्रहण गर्थे भने जनसमूह परम्परागत सीप र ज्ञान बूढापाकाबाट ग्रहण गर्दथे । प्रताप मल्लले १४ वटा भन्दा

बढि भाषा जानेका थिए । उनी कविता पनि लेख्ने भएकोले आफूलाई “कवीन्द्र“ भन्न रुचाउँथे ।

### (ख) शैक्षिक उपेक्षाको चरण (The Period of Educational Negligence)

शैक्षिक उपेक्षाको कालको थालनी पृथ्वीनारायण शाहको शासनकाल सन् (१८२५ वि.सं.) सँगै भयो । पृथ्वीनारायण शाहले नेपालको एकीकरणको थालनी गरेपछि यो काल शुरु भयो । यस कालमा वैदिक र बुद्ध शिक्षा दुवैको प्रचलन थियो । शाहवंशका राजाहरू हिन्दू भएकोले राजकुमारलाई गुरूपुरोहितबाट संस्कृत शिक्षा दिइन्थ्यो भने सर्वसाधारणका छोराछोरीहरू परम्परागत सीपमूलक शिक्षा बाबुबाजे वा आमादिदीबाट प्राप्त गर्दथे ।

यस कालमा शासकको सम्पूर्ण ध्यान एकीकरणमा बितेको हुनाले प्रचलित शिक्षाको सदृढीकरणमा कुनै किसिमको प्रयास गरिएन । यसैले यस काललाई शिक्षाको उपेक्षाको काल पनि भन्ने गरिन्छ । त्यसबेला युद्धकला र रणकौसलको भने सामान्य विकास भएको थियो । उनले मिल्ट्री बन्नेहरूलाई त्यस किसिमको शिक्षा दिने गर्दथे । यो कालको अन्त्य राणाशासनको थालनीसँगै भएको मानिन्छ ।

यसैगरी पृथ्वीनारायण शाहले एकीकरणमा प्राण उत्सर्ग गरेका सैनिकका छोरालाई पढ्न र लालनपालनको व्यवस्था मिलाइदिएका थिए । पृथ्वीनारायण शाहले दिव्योपदेशका माध्यमले नेपालको सुधार गर्ने मनसाय राखेका थिए । उनको स्वर्गारोहण भएपछि उनी पछिका शासकहरूको आपसी सत्ता प्राप्तिको कलहमा लामो समय बितेको थियो । यसरी समय अवधिको आधारमा त्यसबेला शिक्षाको विकास नगन्य मात्र भयो ।

### (ग) शिक्षाको विरोधको चरण (Opposition Period of Education)
### (वि.सं. १९०३-२००७ सालको अवधि)

वि.सं. १९०३ मा जङ्गबहादुरले कोतपर्वको रक्तपातद्वारा शासन सत्ता हातमा पारेपछि यस कालको थालनी भयो । राणाशासन निरंकुशतामा आधारित थियो, त्यसैले राणाहरूले शिक्षाको बिस्तारमा विरोध वा नियोजन गरेका थिए । राणाकालमा शिक्षाको विरोध गरिए पनि शिक्षा क्षेत्रमा यस चरणमा केही न केही विकास अवश्य भएको थियो । यस कालको समाप्ति वि.सं. २००७ मा भएको मानिन्छ ।

जङ्गबहादुरको हातमा शासन आउनासाथ नेपालको अंग्रेजसँग सम्बन्ध स्थापना भएको थियो । अङ्ग्रेजको चाकरी गर्न वि.सं. १९०६ मा जङ्गबहादुर बेलायत पुगेका थिए । आफ्ना सन्तानलाई अंग्रेजीमा दक्ष पार्न वि.सं. १९१० असोज २७ गतेका दिन थापाथली दरबारको दाखचोकको भुइँतल्लामा अङ्ग्रेजी स्कुलको स्थापना जङ्गबहादुरले गरेका थिए । दरबारमा स्थापना गरिएको स्कुल भएकोले यसलाई दरबार स्कुल भन्न थालियो । यसभन्दा पहिलो वि.सं. १९४२ मा दरबार स्कुलमा भर्ना हुन वीरशमशेरले सर्वसाधारणका छोरालाई केही खुला गरिदिएका थिए । रणोद्धीप सिंह प्रधानमन्त्री भएपछि उनले वि.सं. १९३४ मा रानीपोखरी संस्कत पाठशाला स्थापना गराएका थिए ।

सम्वत १९५७ मा देव शमसेर प्रधानमन्त्री भएपछि उनले भाषा पाठशाला स्थापना गर्ने नीति बनाएका थिए । पचासजना विद्यार्थी जम्मा गरेर पढाउने ठाउँ उपलब्ध गराइएमा सरकारको तर्फबाट एकजना शिक्षक उपलब्ध गराइन्थ्यो । भाषा पाठशालाको बन्दोबस्त गर्न बझाङका

राजा जयपृथ्वीबहादुर सिंहलाई खटाइएको थियो । जयपृथ्वीबहादुरले "अक्षराङ्क शिक्षा" भन्ने पुस्तक तयार गरी प्रयोगमा ल्याएका थिए । वि.सं. १९५८ मा देवशमशेरले गोरखापत्र प्रकाशन गर्न लगाएका थिए । अन्य राणा प्रधानमन्त्रीको तुलनामा देवशमसेर निकै शिक्षाप्रेमी थिए ।

प्रधानमन्त्री भएको ११८ दिनपछि देवशमशेरलाई धनकुटा धपाएपछि चन्द्रशमशेर प्रधानमन्त्री भएका थिए । उनले देवशमसेरले खेलेका भाषा पाठशाला बन्द गराई सन् १९७८ तिर सेस्ता पाठशाला स्थापना गराएका थिए । लेखा, सेस्ता, हिसाब र औंठा गरी चार विषय पास गर्नेलाई चारपासे भनिन्थ्यो । सम्वत १९८५ मा नेपाली र साहित्य थपी छ पासे बनाइयो र चौध पाससम्मको व्यवस्था गराइएको थियो । कन्या पाठशाला चन्द्र शमशेरको पालामा खुलेको थियो । मानविकीतर्फको इन्टर मिडिएट स्तरको त्रि-चन्द्र कलेज चन्द्रशमसेरले स्थापना गरेका थिए । यस कलेजको सम्बन्धन सुरुमा कलकत्ता विश्वविद्यालयसँग थियो भने पछि. पटना विश्वविद्यालयसँग गाँसिन पुग्यो ।

वि.सं. १९८९ मा जुद्धशमशेर प्रधानमन्त्री भएपछि उनको पालामा केही स्कुलहरू स्थापना गरिएका थिए । त्यसबेला दरबार हाइस्कुल र पाटन हाइस्कुल गरी दुईवटा हाईस्कुल मात्र अस्तित्वमा थिए । लामो समयसम्म दरबार स्कुलको सम्बन्धन कलकत्ता विश्वविद्यालयसँग गाँसिएको थियो र सन् १९२३ मा दरबार स्कलको सम्बन्धन पटना विश्वविद्यालयसँग गाँसिन' पुगेको थियो । त्यहीबाट **SLC** परीक्षासमेत दिने गरिन्थ्यो । वि.सं. १९९० मा नेपालमा एस.एल.सी. दिने व्यवस्था गरियो ।

वि.सं. २००२ सालमा पद्मशमशेरको शासनकालमा आधारभूत शिक्षामा तालिम दिन केही शिक्षिकालाई भारत पठाइएको थियो । वि.सं. २००५ सालमा मोहन शमशेरको प्रधानमन्त्रीत्व कालमा मृगेन्द्र शमशेरको अध्यक्षतामा विश्वविद्यालय योजना कमिसनको गठन गरिएको थियो । सम्वत् २००७ सालसम्म नेपालमा दुई कलेज (त्रिचन्द्र र संस्कृत), तेह्रवटा माध्यमिक विद्यालय र ३२१ जति प्राथमिक तथा अन्य पाठशालाहरू सञ्चालनमा आएको थियो । अवधिको हिसावले यस्तो शैक्षिक विकासलाई नगन्य मानिन्छ ।

## २.२ वि.सं. २००७ देखि २०२७ सम्मको शिक्षा

प्रजातन्त्र प्राप्ति अथवा २००७ सालभन्दा पछाडिको शिक्षाको विकासलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ-

### २.२.१ नेपाल राष्ट्रिय शिक्षा योजना आयोग-२०११ (NNEPC-2011)

वि.सं. २००७ सालपछि नेपालमा शिक्षाको विकास कालको थालनी भएको मानिन्छ । २००७ सालदेखि शिक्षाको विकास गर्न विभिन्न किसिमका शिक्षा आयोगहरूको गठन गरिएकोले यस काललाई शिक्षाको विकासको काल, योजनाकाल एवम् प्रयोगात्मक (Experiment) काल पनि भन्ने गरिन्छ ।

वि.सं. २००७ साल फागुन ७ गते प्रजातन्त्रको प्रादुर्भाव भएपछि जनतामा शिक्षाप्रति अभूतपूर्व प्रेम र. उत्साहको लहरस्वरूप जताततै विद्यालय खोलिए । कति विद्यालय खोल्ने, कस्तो विद्यालय खोल्ने, कहाँ विद्यालय खोल्ने, कसरी सञ्चालन गर्ने, पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था, शिक्षकको योग्यता र व्यवस्था आदिकों समुचित व्यवस्था आदि गर्न २००९ सालमा गठन भएको शिक्षाबोर्डको सिफारिस अनुसार २०१० चैत ९ गते सरदार

रुद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन गरियो । विदेशी शिक्षाविद् डा. युग बी. उड र ब्रुनो क्यानल सल्लाहकारको रूपमा रहेको यस आयोगले नेपालमा भइरहेका शैक्षिक अवस्था र गतिविधिको व्यापक सर्वेक्षण र अध्ययन गरी लिखित दस्तावेजको रूपमा प्रथमपटक वि.सं. २०११ मा "नेपालमा शिक्षा" नामक प्रतिवेदन प्रकाशमा ल्यायो । यसले ल्याएका शैक्षिक योजनाहरू-

१. शारीरिक शिक्षा र सैनिक तालिम हरेक स्कुलमा अनिवार्य हुनुपर्दछ ।

२. इतिहास, भूगर्भशास्त्र, कृषि र खनिज सम्पत्तिको वैज्ञानिक अनुसन्धानका निमित्त संस्थाहरू चाँडो खुल्नुपर्दछ ।

३. १,००० जनसङ्ख्याको हरेक एकांशको निमित्त प्राथमिक स्कुल, १०,००० जनसङ्ख्याको हरेक एकांशको निमित्त माध्यमिक स्कुल र हरेक जिल्ला गौंडामा एक वा बढी हाइस्कुल सरकारले राख्नुपर्दछ ।

४. शैक्षिक सिनेमा, रेडियो, नाटक र प्रदर्शनीहरू जनतालाई शिक्षा दिन अझ विस्तृतरूपले प्रयोग गरिनु पर्दछ ।

५. शिक्षा सबैको खाँचो टार्ने गरी बहुमुखी हुनुपर्दछ ।

६. गरिब र अशिक्षित तर होनहार केटाकेटीहरूलाई खाने र बस्ने डेराको बन्दोबस्त हुनुपर्दछ ।

७. स्कुलहरू पहिले ठुल्ठूला केन्द्रमा खोलिनु पर्दछ किनभने शिक्षकहरू टाढाटाढा गाउँमा डेरा लिएर बस्न मान्दैनन् ।

८. टेक्निकल तथा व्यवसायी शिक्षणसंस्थाहरू तुरुन्त खुल्नुपर्दछ ।

**आयोगले प्रस्तुत गरेका महत्वपूर्ण सुझावहरू**

**१. शिक्षाको संरचना**

शिक्षाको संरचना भन्नाले देशमा कति कक्षादेखि कति कक्षासम्म खोल्ने र कुन कक्षालाई कुन तहको मान्ने भन्ने करा हो । उदाहरणका लागि प्राथमिक शिक्षा कति कक्षासम्म, माध्यमिक शिक्षा कति कक्षासम्म र उच्च शिक्षा कति कक्षासम्म भन्नु नै शिक्षाको संरचना हो । नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनले नेपालमा शिक्षाको संरचना निम्नअनुसार सिफारिस गरेको थियो :

(क) पाँच बर्से निःशुल्क सामान्य र प्रयोगात्मक प्राथमिक शिक्षाको व्यवस्था गरी सन् १९६५ सम्ममा प्रत्येक एकहजार विद्यार्थीका लागि एउटा प्राथमिक विद्यालयको व्यवस्था गरी सबै बालबालिकालाई शिक्षा प्रदान गर्ने ।

(ख) पाँच बर्से साधारण र बहुउद्देश्यीय हाइस्कुलको व्यवस्था गर्ने । हाइस्कुल शिक्षाका लागि शुल्क उठाउने र प्रत्येक जिल्लामा एउटा बहुउद्देश्यीय हाइस्कुल र प्रतिदसहजार विद्यार्थीका लागि एउटा हाइस्कुलको स्थापना गर्ने ।

(ग) दुईदेखि सातबर्से सामान्य र प्राविधिक कलेजको व्यवस्था राष्ट्रिय विश्व विद्यालयमार्फत् प्रदान गर्ने । (कक्षा ११-१७ उच्च शिक्षा तह)

(घ) शिक्षाको संरचनामा प्राथमिक शिक्षा (कक्षा १ देखि ५), माध्यमिक शिक्षा, (कक्षा ६ देखि १०), उच्च शिक्षा (कक्षा ११ देखि १७) हुने गरी सिफारिस गरिएको थियो ।

## २. प्राथमिक शिक्षाको उद्देश्य

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ को प्रतिवेदनले प्राथमिक शिक्षाको उद्देश्यमा बृहत् र विशिष्ट गरी दुई प्रकारले तोकेको पाइन्छ । आयोगले सिफारिस गरेका प्राथमिक शिक्षाका उद्देश्य यसप्रकार छन् :

### (क) प्राथमिक शिक्षाका बृहत् उद्देश्यहरू

१. नेपालबाट निरक्षरता उन्मूलन गर्ने

२. राष्ट्रका युवाहरूलाई न्यूनतम आधारभूत शिक्षा प्रदान गर्ने

३. उच्च शिक्षाका लागि आधार तयार गर्ने

४. बालकहरूको उचित विकास गरी देशको प्रभावकारी नागरिक बनाउन मद्दत गर्ने र

५. नेपालको राजनैतिक, आर्थिक र सांस्कृतिक पुनरुत्थानमा सहयोग गर्ने । .

### (ख) प्राथमिक शिक्षाका विशिष्ट उद्देश्यहरू

माथि उल्लेख गरिएका वृहत उद्देश्यहरू पूरा गर्नका निमित्त नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले प्राथमिक शिक्षाको विशिष्ट उद्देश्यहरू यस प्रकार हुनुपर्ने भनी सिफारिस गरेको थियो :

१. भाषा र गणितका अतिरिक्त सञ्चारका आवश्यक सीप र क्षमताको विकास गर्ने ।

२. नागरिक क्षमताको विकास गर्ने, जिम्मेवारी र सहयोग प्रतिको धारणा, प्रजातन्त्र प्राप्तिका लागि भएको सङ्घर्षको प्रशंसा, राष्ट्रिय एकताको भावना आदि ।

३. आर्थिक क्षमताको विकास गर्ने : आफ्नो अवस्था सुधार गर्न र आर्थिक आय आर्जन गर्न सक्षम तुल्याउने ।

४. सौन्दर्यात्मक क्षमताको विकास गर्ने र कला, संस्कृति, सङ्गीत, नृत्य र साहित्यको पारख गर्ने ।

५. व्यक्तिगत क्षमताको विकास गर्ने, स्वस्थ मानसिक, संवेगात्मक, शारीरिक, नैतिक र आध्यात्मिक मूल्य अनुसरण गर्ने ।

६. जीवन, संसार, वातावरण, ब्रम्हाण्डजस्ता कुराहरूको बृहद् समझदारी विकास गर्ने ।

७ फुर्सदको समयको सिर्जनात्मक उपयोग गर्ने ।

प्रतिवेदनले सबै उद्देश्य प्राथमिक तहमा नै पूरा गर्न सकिन्छ भन्ने कुरामा विश्वास गरेको छैन तर यस्ता उद्देश्यप्रति उन्मुख हन सकेमा मात्र प्राथमिक शिक्षा र देशकै पनि विकास गर्न सम्भव हुने कुरा औल्याएको छ ।

## ३. प्राथमिक शिक्षाको पाठ्यक्रम

प्राथमिक शिक्षाको उद्देश्यलाई पूरा गर्न नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनले विभिन्न विषयहरू पढाउनुपर्ने सुझाव दिएको थियो । ती विषयहरूमा सामाजिक शिक्षा (मानिसहरूको रहनसहन), विज्ञान (प्रकृतिक अध्ययन, स्वास्थ्य र शरीर विज्ञान), भाषा (मातृभाषाका आधार नेपाली भाषातिर ढल्काउँदै जाने), अङ्कगणित (आधारभूत प्रक्रिया र सीपहरू), क्राफ्ट/ उद्योग, खाद्य विज्ञान, गृह निर्माण कला, वस्त्र निर्माण कला, सौन्दर्य विज्ञान (ललितकला, सङ्गीत र चाडपर्व, लोक/नृत्य र साहित्य र व्यक्तिगत विकास शारीरिक तालिम **(PT)** नैतिक र अध्यात्मिक तालिम) जस्ता विषयहरू सिफारिस गरिएको थियो ।

## ४. माध्यमिक शिक्षा

नेपालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०११ ले माध्यमिक शिक्षालाई कक्षा ६ देखि १० सम्म हुनुपर्ने सिफारिस गरेको थियो । माध्यमिक शिक्षाले अल्पसङ्ख्यकले महाविद्यालय जान मौका पाउने ठूलो समूहलाई माध्यमिक शिक्षा अन्तिम हुने कुरा उल्लेख गरिएको प्रतिवेदनले माध्यमिक तहलाई विस्तृत पार्नुभन्दा पनि प्राथमिक तहलाई देशव्यापी बनाउनुपर्ने कुरामा जोड दिएको थियो । माध्यमिक शिक्षाको उद्देश्यले नागरिक र राजनीतिक नेताहरू, व्यवसायीहरू, आर्थिक जीवन र कार्यालय, औद्योगिक क्षेत्र र सीपयुक्त जनशक्ति उत्पादन गर्ने कुरामा जोड दिएको पाइन्छ । माध्यमिक शिक्षाको पाठ्यक्रमले तीन किसिमको शिक्षामा जोड दिएको थियो । साधारण ज्ञान, व्यावसायिक दक्षता र सानातिना रोजगारी ।

माध्यमिक पाठ्यक्रमका प्रमुख विषयहरू नेपाली, समाजशास्त्र, प्रयोगात्मक विज्ञान, व्यक्तिगत शारीरिक विज्ञान र एक सामान्य व्यवसायिक विषयका साथै कक्षाअनुसार एकदेखि तीनओटासम्म व्यावसायिक विषय रहने व्यवस्था सिफारिस गरिएको थियो । कक्षा ६-८ मा एक र कक्षा ९-१० मा तीनओटा व्यावसायिक विषय रहने व्यवस्था सिफारिस गरिएको थियो ।

प्रतिवेदनले यी विषयहरू पाठ्यक्रममा राख्दा छुट्टाछुट्टैरूपमा नहेरी सम्भव भएसम्म एकीकृत ढङ्गबाट शिक्षण गर्नुपर्ने सुझाव पनि दिएको थियो ।

## २.२.२ सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन-२०१८

देशमा मुख्यतः वि.सं. २०११ सालको प्रतिवेदनअनुसार नै शिक्षा पद्धति सञ्चालन हुँदै आयो । २०११ सालको प्रतिवेदनले दिएका सुझावहरू कुनै कार्यान्वयन भए कुनै भएनन् । त्यसैले उक्त प्रतिवेदनका सुझावलाई अझ विचार गरी देशको शिक्षालाई बढी व्यवस्थित गराउनुपर्ने आवश्यकता देखापर्‍यो । यसैक्रममा २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (ARNEC) को गठन गरियो । उक्त समितिले पनि देशको विद्यमान शिक्षा पद्धतिको विस्तृत अध्ययन गरी आफ्नो प्रतिवेदन तयार पार्‍यो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले शिक्षाको संरचनामा खास गरी २०११ को नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले गरेको सिफारिसलाई नै मान्यता दियो तर माध्यमिक शिक्षामा भने १ वर्ष थप गर्नपर्ने सुझाव दियो । अर्थात् कक्षा १ देखि ५ सम्म प्राथमिक शिक्षा, कक्षा ६ देखि ११ सम्म माध्यमिक शिक्षा र १२ कक्षादेखि उच्च शिक्षा हुनुपर्ने सुझाव प्रतिवेदनमा उल्लेख गरिएको छ । यस प्रतिवेदनका मुख्यमुख्य सिफारिस देहायवमोजिम छन् :

१. देशभर एकै प्रकारको शिक्षा पद्धति लागू गर्ने

२. शिक्षाको माध्यम एउटै गर्ने

३. प्राथमिक शिक्षालाई देशभर निःशुल्क एवम् अनिवार्य गर्ने

४. व्यावसायिक तथा प्राविधिक शिक्षामा विशेष जोड दिने

५. संस्कृत शिक्षालाई प्रोत्साहन दिने

६. साक्षरता कार्यक्रम र शिक्षक तालिमको व्यवस्था गर्ने ।

उक्त समितिले प्राथमिक शिक्षाको पाठ्यक्रमको ढाँचा यसप्रकार सिफारिस गर्‍यो :

| **क्र.सं.** | **ािवषय** | **पूर्णाङ्क** |
|---|---|---|
| १. | नेपाली भाषा | १०० |
| २. | सामाजिक शिक्षा | १०० |
| ३. | विज्ञान र स्वास्थ्य शिक्षा | १०० |
| ४. | गणित | १०० |
| ५. | क्ला | १०० |
| ६. | स्वावलम्बी शिक्षा | १०० |
| ७. | शारीरिक शिक्षा | १०० |
| | **जम्मा** | **७००** |

२०११ सालको आयोगको प्रतिवेदन र २०१८ सालको समितिका प्रतिवेदनहरूमा गरिएका सिफारिसहरूको कार्यान्वयन प्रभावकारी ढङ्गबाट हुन सकेन तर पनि राष्ट्रिय रूपमा विद्यमान शिक्षाका समस्या समाधान गर्ने प्रयासहरू भने भई नै रहे ।

**अन्य प्रयासहरू**

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले सिफारिस गरे तापनि उपयुक्त शैक्षिक गति र दिशा प्राप्त गर्ने प्रयास भने भई नै रह्‍यो । यसैक्रममा सन् १८६२ मा युनेस्कोको तत्वावधानमा डा.ह्यूग बी.उड. र ब्रुनो कनालको २ सदस्यीय आयोग नेपालमा शिक्षाको योजनाबारे सर्वेक्षण र अध्ययन गर्न खटिएर आएको थियो । यस आयोगले पनि नेपालको सामाजिक तथा आर्थिक वस्तुस्थितिको अध्ययन गरेर शिक्षामा ल्याउनुपर्ने सुधार बारे निकै गहकिला सुझावहरू पेस गर्‍यो । उक्त सिफारिसहरूमध्ये केही तल प्रस्तुत गरिएका छन् :

१. सरकारी तथा निजी तवरबाट सञ्चालित परम्परागत प्राथमिक शिक्षा पद्धतिको विकास तुरुन्त रोक्नुपर्दछ र यस्ता प्राथमिक विद्यालयहरूलाई यथाशीघ्र राष्ट्रिय परिपाटीमा ढाल्न तुरुन्त कदम चालिनुपर्छ ।

२. सन् १९८५ सम्ममा अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा लागू गर्ने दीर्घकालीन लक्ष्यलाई चालू नै राख्नुपर्छ ।

३. परम्परागत ढाँचामा थप हाइस्कुल खोल्ने कुरामा तुरुन्त रोक लगाइनुपर्छ र परम्परागत ढाँचामा चलिआएका हाइस्कुललाई तुरन्त बहुउद्देश्यीय विद्यालयमा परिवर्तन गरिनुपर्दछ ।

४. माध्यमिक विद्यालयको पाठ्यक्रममा कुनै विशिष्ट पेसामा जान सक्ने गरी व्यवसायमूलक गरिनुपर्छ ।

५. अत्यन्त पिछडिएका क्षेत्रलाई शिक्षामा प्राथमिकता दिनुपर्छ ।

६. प्राथमिक तथा माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्छ ।

### २.२.३ राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्

२०२४ सालमा १३ सदस्यीय राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्को गठन भयो । यसको मुख्य कार्य शिक्षा पद्धतिको सुधार, प्राथमिक, माध्यमिक र उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद, शिक्षक तालिम, प्रौढ शिक्षा आदि विषयहरूमा तत्कालीन सरकारलाई सल्लाह दिनु थियो । यसअन्तर्गत केही समिति र अनेक उपसमितिहरूको पनि व्यवस्था गरिएको थियो । कुनै महत्वपर्ण कामनगरी २२ महिनापछि यो परिषद् विघटन गरियो । २०२६ सालमा फेरि अर्को सल्लाहकार समितिको गठन भयो । यसबाट पनि सन्तोषप्रद काम हुन सकेन र पुनः शिक्षा मन्त्रीको अध्यक्षतामा अर्को सल्लाहकार समिति बन्यो । यी समितिहरूले शिक्षा योजना र कार्यान्वयनको सम्बन्धमा केही कदम चालेका थिए, तर वीचमा आइपरेका बाधा, अवरोध र कठिनाइ आदिले गर्दा यी समितिबाट उल्लेखनीय काम भएको देखिदैन । तर पनि राष्ट्रिय जीवनलाई प्रत्यक्षरूपमा प्रभावित पार्ने र व्यक्ति तथा समाज दुवैको विकासका निम्ति अनिवार्य सम्भिmएको शिक्षालाई सुनियोजित तरिकाबाट अघि बढाउन अत्यावश्यक भइसकेको थियो । देशको यो जल्दोबल्दो मागलाई बुभmेर राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को नामले नयाँ शिक्षा योजनाको घोषणा भयो ।

यसप्रकार वि.सं.२००७ सालदेखि २०२८ सम्मको यस अवधिमा देशमा शिक्षाको योजनाबद्धरूपमा विकास गर्नका लागि महत्वपूर्ण प्रयासहरू गरिए । यस अवधिमा शिक्षाप्रति अभूतपूर्व उत्साह र शैक्षिक जागरण देखा पर्‍यो । २००७ देखि २०२८ सालसम्मको दुई दशकभित्र देशमा ७,२५६ प्राथमिक विद्यालय, १,०५६ माध्यमिक विद्यालय र ४९ महाविद्यालयहरू स्थापना गरिए । २००७ सालतिर प्राथमिक तहमा ८,५०५ माध्यमिक तहमा २१,११५ र महाविद्यालय तहमा २५० मात्र विद्यार्थी थिए भने २०२७ मा यो सङ्ख्या बढेर क्रमशः ४४९११४, १०२७०४ र १७२०० पुग्यो ।

## २.३ २०२८ देखि २०४६ सम्मको शिक्षा पद्धति

नेपालमा योजनाबद्धरूपमा शिक्षाको विकास गर्न निरन्तर प्रयासहरू भइरहेका थिए । नेपालमा भइरहेको उद्देश्यहीन, अनुत्पादनशील तथा असन्तुलित शिक्षाको प्रसारले शिक्षालाई राष्ट्रको सामाजिक र आर्थिक वास्तविकताबाट पृथक् तुल्याइएको कुरा खास गरी २००७ साल पश्चात् अनुभव गरिएको थियो । यस परिप्रेक्ष्यमा राष्ट्रिय शिक्षा योजना आयोग (२०११) र सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन (२०१८) विशेष उल्लेखनीय छन् तर देशमा राष्ट्रिय आवश्यकता र चरित्रअनुकूल शिक्षाको राष्ट्रिय पद्धतिको विकास हुन सकेको थिएन ।

शिक्षाको योजनाबद्ध विकास गर्ने प्रयासहरू भए तापनि शिक्षाले खास गोरेटो पहिल्याउन सकेको थिएन । देशमा विद्यालय सङ्ख्याको विस्तार मात्र हुन सक्यो । शिक्षाको सङ्ख्यात्मक विकास तिव्र रूपमा भइरहे तापनि गुणात्मक शिक्षाको विकास तथा विस्तार हुनसकेन । यसको विपरीत शिक्षामा अनेकौ विकृति, कमजोरी तथा समस्याहरू उत्पन्न हुन थाले ।

२०२७ सालअघि देशमा रहेको शैक्षिक विकृति, कमजोरी तथा समस्यालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

१. वि.सं. २०२७ सालअघि शिक्षाको राष्ट्रिय नीति तथा लक्ष्य स्पष्टसँग किटान गरिएको थिएन । क्षेत्रीय आवश्यकता र सम्भाव्यताको अध्ययन नगरी नयाँ शिक्षण संस्थाहरू खोलिने परिपाटी थियो । केवल सङ्ख्यात्मक लक्ष्य बढाउनमात्र प्रयासहरू भए । शिक्षालाई उपभोग्य वस्तुको रूपमा लिइन्थ्यो । अरू काममा खर्च गरी बाँकी रहेको रकममात्र शिक्षालाई छुट्याउने आर्थिक नीति थियो ।

२. परम्परागत शिक्षा पद्धति समाजको अनुत्पादन मान्यताहरूमा आधारित थियो । शिक्षालाई शारीरिक परिश्रमबाट छुट्कारा पाउने माध्यम ठानियो । पढेपछि शारीरिक श्रम गर्नुपर्दैन भन्ने नकारात्मक भावना व्याप्त थियो । शैक्षिक अवसरहरूको वितरण सन्तुलित र न्यायोचित थिएन ।

३. २०२७ सालअघिको शिक्षा पद्धति र राष्ट्रिय योजनाका लक्ष्यहरूबीच कुनै किसिमको तालमेल थिएन । उक्त शिक्षा पद्धति कार्यमूलक, व्यावसायिक तथा उत्पादनशील थिएन । यसले विद्यार्थीहरूलाई जीवीकोपार्जन गर्ने काममा सहायता पुऱ्याउन सकेन ।

४. परम्परागत शिक्षा पद्धति ज्ञानोपार्जनको प्रभावकारी माध्यम बन्न सकेन । कोरा किताबी तथा सैद्धान्तिक ज्ञानमा विशेष जोड दिइएको थियो । विद्यार्थीहरूको यथार्थता र आवश्यकताबाट यो शिक्षा पद्धति एकदमै टाढा थियो ।

५. परम्परागत शिक्षा पद्धतिमा शिक्षण संस्थाहरूको सुदृढीकरणमा कुनै जोड नदिएकाले विभिन्न तहका शिक्षाको सङ्ख्यात्मक विकासमात्र हुन गई शिक्षाको गुणात्मकता ह्रास हुन गयो । खास गरी विद्यार्थीहरूको संख्यात्मक वृद्धिका आधारमा भौतिक साधनहरूको अभाव, तालिम प्राप्त तथा योग्य शिक्षकको अभाव, शिक्षण पेसामा अयोग्य व्यक्तिहरूको प्रवेश, स्तरयुक्त पाठ्यपुस्तक र शैक्षिक सामग्रीको अभाव, वैज्ञानिक मूल्याङ्कन परिपाटीको अभाव आदि समस्याहरू पुरानो शिक्षा पद्धतिमा विद्यमान थिए ।

६. बीचमा विद्यालय छाड्ने, पुनः कक्षा दोहोयाउने, अनुत्तीर्ण हुने र बेकार रहेका स्नातकहरूजस्ता शैक्षिक नोक्सानीहरूको वृद्धि पुरानो पद्धतिका परिणामहरू हुन् ।

७. कमजोर शिक्षा प्रशासनको कारणबाट धेरै समस्याहरू उत्पन्न भएका थिए । प्रशासन स-साना कुराहरूमा अल्झिनु, शिक्षाको प्रशासनिक रूप अत्यधिक केन्द्रीकरण हुनु, शिक्षा प्रशासनहरूको कार्यक्षेत्र र जिम्मेवारीको स्पष्ट व्याख्या नहुनु आदि प्रशासनिक कमजोरीहरूले शिक्षा विकासमा खास टेवा पुऱ्याउन सकेनन् ।

## राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२

माथि उल्लेख गरिएका समस्याहरू बाहेक २०२७ सालअधिको शिक्षा पद्धतिमा अनेकौं विकृति तथा समस्याहरू मौजुद थिए । यी समस्याहरू राष्ट्रको भविष्यका निमित्त घातक सिद्ध हुने कुरा स्पष्ट

थियों यसैकारण त्यसवेलाको विद्यमान परिस्थितिमा सुधार ल्याउन राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई चरणबद्ध रूपमा लागू गरियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२ का प्रमुख व्यवस्था यसप्रकार रहेका थिए :

### (क) शिक्षाको संरचना

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षाको संरचनामा सुधार गरी यसप्रकार कायम गऱ्यो :

- कक्षा १ देखि कक्षा ३ सम्म प्राथमिक शिक्षा
- कक्षा ४ देखि कक्षा ७ सम्म निम्न माध्यमिक शिक्षा
- कक्षा ८ देखि कक्षा १० सम्म माध्यमिक शिक्षा
- कक्षा ११ देखि १२ सम्म प्रमाणपत्र तह
- कक्षा १३ देखि १४ सम्म डिप्लोमा तह
- कक्षा १५ देखि १६ सम्म डिग्री तह
- त्यसभन्दा माथि अनुसन्धान तह

यसरी राष्ट्रिय शिक्षा पद्धतिको योजनाले ३ बर्से प्राथमिक, ४ बर्से निम्न माध्यमिक, ३ बर्से माध्यमिक र ६ बर्से उच्च शिक्षाको संरचना प्रयोगमा ल्यायो ।

### (ख) प्राथमिक शिक्षाको उद्देश्य

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले प्राथमिक शिक्षाको एउटैमात्र उद्देश्य राखेको पाइन्छ । साक्षर बनाउनु अर्थात् पढाइ, लेखाइ र अङ्कगणित (3R's) सिकाउनु नै प्राथमिक शिक्षाको मुख्य लक्ष्य रहेको थियो ।

### (ग) प्राथमिक शिक्षाको पाठ्यक्रम

प्राथमिक शिक्षाको पाठ्यक्रमले पढाइ, लेखाइ र अङ्कगणितका सामान्य ज्ञान दिनुका साथै जीवनका वास्तविकतासँग सम्बन्धित केही सीपमा जोडदिई पाठ्यक्रम बनाउनुपर्ने सुझाव उक्त योजनाले दिएको थियो

प्राथमिक तहको कक्षा १ देखि ३ सम्मको पाठ्यवस्तु, पाठ्यभार र पूर्णाङ्क यसरी निर्धारण गरियो थियो-

| विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|
| नेपाली भाषा | ४० प्रतिशत | ३०० |
| अङ्क गणित | ३० प्रतिशत | २०० |
| सामाजिक शिक्षा | २० प्रतिशत | १०० |

| | | |
|---|---|---|
| शारीरिक शिक्षा, स्वास्थ्य, कला (प्रयोगात्मक) | १० प्रतिशत | ५० |
| **जम्मा** | **१०० प्रतिशत** | **६५०** |

## (घ) राष्ट्रिय शिक्षा पद्धतिको योजनाले ल्याएका सुधारहरू

यसअघि हामीले नेपालमा राष्ट्रिय शिक्षा पद्धति योजनाको कार्यान्वयन के-कति कारणले आवश्यक हुन गएको थियो भन्ने कुरा अध्ययन गऱ्यौ । यस योजनाले शिक्षाक्षेत्रमा ल्याएका परिवर्तनहरू तथा सुधारहरू निम्नानुसार रहेका छन् :

### १. शिक्षाका राष्ट्रिय उद्देश्यहरूको किटान गर्नु

राष्ट्र र राजमुकुटप्रति वफादार रही राष्ट्रिय एकता, सावभौमिकता र स्वतन्त्रताको रक्षा गर्ने र पञ्चायती अवस्थाअनुकूल आचरण गर्ने नागरिक तयार गर्नु, विज्ञान र प्राविधिक ज्ञानको प्रसारण गरी देश विकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न प्रत्येक व्यक्तिमा नैतिक चरित्रं, परिश्रम गर्ने बानी, सृषनात्मक प्रवृत्ति, वैज्ञानिक चिन्तन, सौन्दर्य प्रति अनुराग र विश्वबन्धुत्वको भावनाजस्ता गुणहरू विकास गर्नु र राष्ट्रभाषा, संस्कृत, साहित्य र कलाको विकास तथा प्रसार गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य रहेको थियो ।

### २. शिक्षाको सङ्गठन परिवर्तन गरी तहगत उद्देश्य किटान गरिएको

रा.शि.प.यो. ले कक्षा १ देखि ३ सम्मको शिक्षालाई प्राथमिक शिक्षा, ४ देखि ७ सम्मको शिक्षालाई निम्नमाध्यमिक शिक्षा र ८ देखि १० सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा निर्धारित गरेको थियो । योजनामा उल्लेख भएअनुसार प्राथमिक शिक्षाको उद्देश्य बालबालिकाहरूलाई साक्षरताको शिक्षा दिनु, निम्नमाध्यमिक तहको उद्देश्य चरित्र निर्माण गर्न र माध्यमिक तहको उद्देश्य व्यावसायिक शिक्षा दिइ दक्ष कार्यकर्ता तयार गर्नु रहेको थियो ।

### ३. पाठ्यक्रममा परिवर्तन

यस योजनाले विद्यालयस्तरीय पाठ्यक्रममा पनि आवश्यक परिवर्तन गरेको थियो । यसअनुसार प्राथमिक तहमा ३०० पूर्णाङ्कको नेपाली भाषा, २०० पूर्णाङ्कको गणित शिक्षा, १०० पूर्णाङ्कको सामाजिक शिक्षा र ५० पूर्णाङ्कको शारीरिक शिक्षा सफाइ, हस्तकला र चित्रकला विषयहरू समावेश गरिएका थिए ।

निम्नमाध्यमिक तहका पाठशालामा नेपाली भाषा, संयुक्त राष्ट्रसङ्घीय भाषा (अंग्रेजी), सामाजिक शिक्षा, गणित, विज्ञान, पूर्वव्यावसायिक शिक्षा, शारीरिक र स्वास्थ्य शिक्षा तथा संस्कृत भाषा गरी जम्मा ८ विषयहरू समाविष्ट थिए र यी विषयहरू कुल १००० पूर्णाङ्कमा विभाजित थियो।

यस योजनाले माध्यमिक तहलाई साधारण माध्यमिक विद्यालय, व्यावसायिक माध्यमिक विद्यालय र संस्कृत माध्यमिक विद्यालय गरी तीन प्रकारमा वर्गीकरण गरेको थियो । साधारण माध्यमिक विद्यालयहरूमा व्यवसायिक विषयहरू कम र साधारण शिक्षाका विषयहरू बढी सिकाइने कुरा उल्लेख थियो भने व्यावसायिक विद्यालयमा

साधारणभन्दा व्यावसायिक विषयमा बढी जोड दिइएको थियो । यस्तै संस्कृत शिक्षामा संस्कृत भाषामा बढ्ता जोड दिने र विदेशी भाषामा कम जोड दिइने कुरा व्यक्त गरिएको थियो । माध्यमिक तहका लागि कुल ९०० पूर्णाङ्क तोकिएको थियो ।

**४. व्यावहारिक शिक्षण पद्धति तथा शिक्षण सामग्रीको प्रयोगमा जोड**

यस योजनाले परम्परागत शिक्षण पद्धति अव्यावहारिक रहेकाले प्रत्येक विषयमा नयाँ तरिकाले सिकाउने पद्धतिको विकास गर्ने र नयाँ तरिकाबाट सिकाउन बढ्ता शिक्षण सामग्रीहरूको प्रयोग हुने भएकाले सामग्रीहरूको विकास गर्न उचित व्यवस्था गरेको थियो ।

**५. परीक्षा पद्धतिमा सुधार**

योजनाले आन्तरिक मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गरी प्रत्येक तहको अन्त्यमा अन्तिम परीक्षाहरू सञ्चालन गर्न सुझाव प्रस्तुत गरेको थियो । जस्तोः प्राथमिक तहको अन्त्यमा जिल्लास्तरीय परीक्षा निम्नमाध्यमिक तहको अन्त्यमा अञ्चलस्तरीय परीक्षा, टेस्ट परीक्षा जिल्लास्तरीय गर्ने कुरा उल्लेख छ । शिक्षकहरूले विद्यार्थीहरूको प्रगति विवरण राख्नुपर्ने, प्रश्नहरूलाई वैज्ञानिक बनाउने र उत्तर पुस्तिका परीक्षण गर्ने परिपाटीमा पनि सुधार गर्ने कुरा योजनामा उल्लेख गरिएको थियो ।

**६. शिक्षण तालिम र शिक्षण पेसामा सुधार**

शिक्षाको गुणात्मक. विकास गर्न तालिम प्राप्त शिक्षक आवश्यक भएकाले राष्ट्रिय शिक्षा योजनाले शिक्षकहरूका लागि तालिमको व्यवस्था गरेको थियो र विद्यालयको विभिन्न तहमा पढाउने शिक्षकको न्यूनतम शैक्षिक योग्यतासमेत निर्धारण गरिएको थियो । जस्तोः प्राथमिक तहका लागि एसएलसी सरह, निम्नमाध्यमिक तहका लागि आइ.ए. वा सो सरह तथा माध्यमिक तहका लागि बी.ए. वा सो सरह र सबै तहका शिक्षक तालिम प्राप्त हुनुपर्ने कुरा उल्लेख गरिएको थियो । यसका साथै शिक्षण पेसालाई आकर्षक बनाउन सेवाको सुरक्षा गर्ने व्यवस्था, शिक्षकको तलब स्केल निर्धारण र पदोन्नतिको व्यवस्थासमेत गरिएको थियो ।

**७. सुदृढ शिक्षा प्रशासनको अपेक्षा**

शिक्षा प्रशासनमा योजना, कार्यान्वयन, मूल्याङ्कन आदि साथसाथै जाने व्यवस्था गरिएको थियो । योजना र मूल्याङ्कनको कार्य केन्द्रीकृत र यसलाई कार्यान्वयन गर्ने काम विकेन्द्रीकृत पारिएको थियो । यसअनुरूप केन्द्रीयस्तरमा शिक्षा मन्त्रालयलाई योजना र कार्यक्रम बनाउने सामान्य प्रशासन शिक्षा सम्बन्धी कार्य गर्ने मूल्याङ्कन र नियन्त्रण गर्ने जिम्मेवारी दिइएको र कार्यान्वयनलाई छिटोछरितो पार्न हरेक क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय जिल्लामा जिल्ला शिक्षा अधिकारी रहने व्यवस्था गरिएको थियो ।

**८. निरीक्षण प्रणालीको सुरुवात**

विद्यालय शिक्षामा सुधार ल्याउन निरीक्षणको महत्वपूर्ण भूमिका हुने भएकाले शिक्षा योजनाले निरीक्षण कार्यलाई जोड दिने प्रयास गरेको थियो । शिक्षाक्षेत्रमा ल्याइएका कुनै पनि परिवर्तन तथा सुधारहरूको प्रभावकारी कार्यान्वयन र प्रभावकारी निरीक्षण

व्यवस्थामा भर पर्दछ । यसैअनुरूप विद्यालयको भौतिक साधन, शिक्षकहरूको पर्याप्तता र उपयोगको निरीक्षण गर्ने र यसको उपयुक्त विकास गर्न निरीक्षकहरूले शिक्षकहरूको कामको मूल्याङ्कन गर्न, उनीहरूलाई प्रोत्साहन, उत्साह एवम् व्यावसायिक नेतृत्व दिनुपर्ने बनाइएको थियो ।

माथि उल्लेख गरिएका कुराहरूका अतिरिक्त राष्ट्रिय शिक्षा पद्धतिको योजनाले नेपालको शिक्षा पद्धतिमा धेरै परिवर्तन र सुधारहरू ल्यायो । जसलाई यसरी प्रस्टाउन सकिन्छ -

## राष्ट्रिय शिक्षा पद्धतिका मूलभूत विशेषताहरू

शिक्षा नै राष्ट्रिय विकासको प्रमुख माध्यम हो । देश विकासमा शिक्षाको महत्वपूर्ण योगदान रहन्छ भन्ने कुरालाई हृदयङ्गम गरी नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू गरिएको थियो । तल यस योजनाका प्रमुख विशेषताहरूको सङ्क्षेपमा चर्चा गरिन्छ :

### १. राष्ट्रिय शिक्षा प्रणालीको स्थापना

राष्ट्रिय शिक्षा योजनाको प्रादुर्भाव हुनु अगाडि देशमा शिक्षाको राष्ट्रिय प्रणाली स्थापना भएको थिएन । शिक्षाको उद्देश्य, पाठ्यक्रम, शिक्षणविधि, शिक्षण प्रक्रिया आदिमा एकरूपता कायम हुन सकेको थिएन । एक किसिमले भन्ने हो भने सहरमा एक प्रकारको शिक्षा थियो त गाउँमा अर्को प्रकारको शिक्षा, मध्यम वर्गले हासिल गर्ने शिक्षा एक किसिमको थियो त सम्पन्न वर्गका लागि अर्को किसिमको थियो । एउटा मुलुकभित्र विभिन्न किसिमको शिक्षा व्यवस्था हुनु राष्ट्रियताका निमित्त हानिकारक हुन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजनाले देशभरि एकै प्रकारको शिक्षा योजना लागू गरेर देशमा शिक्षाको एउटा राष्ट्रिय प्रणाली स्थापना गर्ने प्रयास गरेको थियो ।

### २. व्यावसायिक शिक्षा र दक्ष जनशक्ति उत्पादनमा जोड

शिक्षालाई उत्पादनशील तथा व्यवसायमूलक बनाई देशको राष्ट्रिय आवश्यकताअनुरूप बनाउन राष्ट्रिय शिक्षा पद्धतिको योजनाले व्यावसायिक तथा प्राविधिक शिक्षामा जोड दिएको थियो । आधारभूत तहको आवश्यक जनशक्ति उत्पादन गर्न माध्यमिक तहमा जीवनोपयोगी सीप सिकाउने व्यवस्था गरिएको थियो । माध्यमिक तहका प्रत्येक विद्यार्थीमा व्यवसायप्रतिको रुचि र आदरभाव जगाई व्यावसायिक सीप दिई तिनलाई उत्पादनशील बनाउन माध्यमिक विद्यालयहरूमा व्यावसायिक शिक्षा दिइएको थियो र उच्च शिक्षाका विभिन्न तहहरूबाट देशलाई चाहिने निम्नस्तरीय, मध्यमस्तरीय र उच्चस्तरीय दक्ष जनशक्ति उत्पादन गर्ने प्रयास गरिएको थियो

### ३. शिक्षाको गुणात्मक र स्तरयुक्त विकास

शिक्षालाई उपयोगी र उत्पादनशील बनाउनका लागि यसलाई गुणयुक्त र स्तरयुक्त बनाउन अत्यन्त जरुरी हुन आउँछ । यसका निमित्त राष्ट्रिय शिक्षा पद्धतिको योजनाले तालिम प्राप्त, योग्य शिक्षकको व्यवस्था, नियमित रूपमा पठनपाठनका लागि आवश्यक भौतिक साधन र शैक्षिक सामग्रीको व्यवस्था, शिक्षण पेशालाई आकर्षक बनाउन शिक्षकहरूको सेवा र सुविधाहरूमा सुधार, शिक्षण कार्यलाई प्रभावकारी बनाउन निरीक्षणप्रणालीको विकास आदिमा जोड दिएको थियो ।

### ४. शैक्षिक अवसर तथा सुविधाहरूको सन्तुलित तथा न्यायोचित वितरण

शिक्षा विकास सुविधा र अवसरहरूको वृद्धिले मात्र हुँदैन, यसका लागि शिक्षाका साधन र अवसरहरूको सन्तुलित, न्यायोचित तथा समान वितरण अपरिहार्य कुरा हो । राष्ट्रिय शिक्षा पद्धतीको योजनाभन्दा अगाडि शैक्षिक अवसर मुख्यतय सहरी भेगमा र सम्पन्न वर्गका निमित्त मात्र उपलब्ध थियो । रा.शि.प.यो. ले शिक्षाका अवसर तथा सुविधाहरूको वितरण समानरूपमा गर्न खोजेको छ । सबैका लागि शिक्षाको अवसर प्रदान गर्न प्राथमिक शिक्षा निःशुल्क गर्ने घोषणा गरियो । २०३५ सालमा अन्तर्राष्ट्रिय बालवर्षदेखि निःशुल्क पाठ्यपुस्तकहरू प्रदान गर्ने व्यवस्था भयो । देशभरका सम्पूर्ण प्राथमिक विद्यालयका शिक्षकहरूको तलबको शतप्रशित खर्च र मसलन्द खर्च दिने व्यवस्था भयो ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन भएपछि शैक्षिक सुविधाको देशव्यापी वितरण, साक्षरताको दर बृद्धि, स्कुल जाने बालबालिकाको सङ्ख्यामा अत्यधिक वृद्धि हुनका साथसाथै प्राविधिक र व्यावसायिक शिक्षाप्रति जागरुकता आएको हो । वर्तमान शिक्षा प्रणालीलाई राष्ट्रिय आवश्यकता अनकूल, समय सापेक्ष उद्देश्यमूलक बनाउन र गतिशील रूप दिने कार्यमा यस योजनाको प्रयासहरूले आधारभूमि प्रदान गरेको कुरामा सन्देह रहन्न ।

### २.३.१ पाठ्यक्रम कार्यान्वयन योजना २०३८

देशमा एकपटक निर्माण भएको पाठ्यक्रम सधैका निमित्त उपयुक्त हुन्छ भन्न सकिँदैन । यसको परिवर्तन सँगसँगै राष्ट्रिय आकाङ्क्षा र मान्यताहरूमा पनि स्वभावतः परिवर्तन आउँछन् र समयअनुसार शिक्षाप्रतिको मानवीय धारणा तथा आकाङ्क्षाहरू पनि फरक हुँदै जान्छन् । यसरी नै समयअनुसार शिक्षाको कार्य पनि बदलिदै जान्छ । शिक्षालाई युगानुकूल राष्ट्रिय आवश्यकता अनुकूल तथा गतिशील बनाउनका लागि पाठ्यक्रमको मूल्याङ्कन र सुधार भइरहनुपर्दछ । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को मध्यावधि (२०३३) र पूर्णावधि (२०३७) मूल्याङ्कन भइसकेपछि योजनाका आधारभूत कुराहरूलाई यथावत् राखी विभिन्न पक्षमा केही परिवर्तन तथा संशोधन गरिएका थिए । यसै सिलसिलामा पाठ्यक्रम कार्यान्वयन योजना २०३८ प्रकाशमा ल्याइएको थियो ।

पाठ्यक्रम कार्यान्वयन योजना २०३८ विद्यालयस्तरको पाठ्यक्रममा उद्‌बोधन गरिएका केही परिवर्तनहरू र तिनीहरूको कार्यान्वयनका निमित्त एक योजना थियो । योजनाले विद्यालयस्तरको तहगत संरचना वा सङ्गठनमा आएको परिवर्तनअनुसार पाठ्यक्रममा हेरफेर गरिएको थियो । उक्त परिवर्तित पाठ्यक्रम २०३८ को शैक्षिक सत्रदेखि प्रथम, दोस्रो र तेस्रो चरण गरी २०४० को शैक्षिक सत्रसम्मका कक्षा ४ देखि १० सम्म लागू गरियो । यसअनुसार पहिलो चरण २०३८ मा कक्षा ४, ६ र ८ मा, दोस्रो चरण २०३९ मा कक्षा ५, ७ र ९ मा, तेस्रो चरण २०४० मा कक्षा १० मा पाठ्यक्रम लागू गर्दै जाने कार्यक्रम रहेको थियो । पाठ्यक्रम कार्यान्वयन योजनाले उल्लेख गरेअनुसार प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको रूपरेखा तल प्रस्तुत गरिएको छ ।

**प्राथमिक तहको पाठ्यक्रम :** यस योजनामा प्राथमिक शिक्षाको संरचनालाई परिवर्तन गरी १-५ कायम गर्ने निर्णय भयो । १ देखि ३ कक्षासम्मको प्राथमिक शिक्षा बालबालिकाहरूलाई साक्षर तुल्याउनका लागि पर्याप्त भए तापनि आधारभूत शिक्षाका निमित्त अपर्याप्त नै रहेको थियो । देशबाट निरक्षरता उन्मूलन गर्ने क्रममा प्राथमिक तहलाई १-३ कायम गर्नु युक्तिसङ्गत

मान्न सकिए तापनि अन्य उद्देश्यका निमित्त यो संरचना त्यति सुहाउँदो थिएन । प्राथमिक शिक्षा उत्तीर्ण गरी निम्नमाध्यमिक र माध्यमिक तहमा या उच्चशिक्षामा प्रवेश गर्नेहरूका लागि ३. बर्से प्राथमिक शिक्षाले केही फरक नपारे तापनि प्राथमिक शिक्षा लिएपछि पढाइ छोड्नेहरूका निमित्त भने ३ बर्से प्राथमिक शिक्षा युक्ति सङ्गत थिएन । प्राथमिक शिक्षा लिनेहरूका लागि यो स्वयंमा पूर्ण रहनुपर्दछ । यिनै कारणहरूले गर्दा ५ बर्से प्राथमिक शिक्षाको प्रचलन हुनु उपयुक्त मान्न सकिन्छ ।

प्राथमिक शिक्षाको उद्देश्य शिक्षालाई बाल केन्द्रित गरी बालबालिकामा अन्तरनिहित क्षमताको विकास गर्ने, जीवनोपयोगी मूल्य, मान्यता र आस्थाहरूको संर्वद्धन गरी इमानदारीता, स्वावलम्बन र श्रम शीलताजस्ता गुणहरू र नागरिक, वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्ने रहेको थियो ।

यसरी २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजना र त्यसपछि २०३८ सालमा भएको संरचना र पाठ्यक्रम परिमार्जनपश्चात् २०४९ सालसम्म नेपालको शिक्षा पद्धति सुचारुरूपले अगाडि बढेको पाइन्छ । २०४६ सालमा भएको जनआन्दोलन पश्चात् गठन भएको अन्तरिम सरकारले २०४७ सालमा एउटा राष्ट्रिय शिक्षा आयोग (NEC) गठन गरी देशमा प्रजातान्त्रिक परिवर्तन अनुकूलको शिक्षा व्यवस्था गर्ने जिम्मा दियो । उक्त आयोगले २०४९ सालमा आफ्नो प्रतिवेदन बुझायो ।

## २.४ वि.सं. २०४७ देखि हालसम्मको शिक्षा

नेपालको शैक्षिक प्रणालीमा राजनीतिक परिवर्तनको प्रत्यक्ष प्रभाव पर्ने गरको छ । २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनःस्थापना भएपछि नेपालको शिक्षामा त्यसको प्रभाव पर्नु स्वभाविकै थियो । २०४६ सालसम्मको शिक्षाको मुख्य उद्देश्य पञ्चायती व्यवस्था अनुकूल आचरण गर्ने नागरिक तयार गर्नु रहेको थियो ।

### २.४.१ राष्ट्रिय शिक्षा अयोग २०४९

शिक्षाको उद्देश्यलगायत शैक्षिक प्रणालीमा परिवर्तनको महसुस गरी पुनस्थार्पित बहुदलीय राजनीतिक प्रणालीअनुरूप आवश्यक पर्ने समसामयिक सुधारका सम्बन्धमा विस्तृत अध्ययन गरी प्रतिवेदन पेस गर्न शिक्षा मन्त्रीको अध्यक्षतामा २०४७ फागुन १४ गते राष्ट्रिय शिक्षा आयोग गठन गरियो । यस आयोग शिक्षा क्षेत्रको विस्तृत अध्ययन गरी देशमा शिक्षा विकासका लागि गर्नुपर्ने विभिन्न सिफारिससहितको प्रतिवेदन तयार गरी २०४९ सालमा सरकारलाई बुझायो । उक्त राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले गरेका मुख्य सिफारिसहरू तल प्रस्तुत गरिएको छ-

#### (क) शिक्षाका राष्ट्रिय उद्देश्य

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले साविकका राष्ट्रिय उद्देश्य परिवर्तन गरी नयाँ राष्ट्रिय उद्देश्य सिफारिस गरेको थियो । यस आयोगले सिफारिस गरेका शिक्षाका राष्ट्रिय उद्देश्य नै २०५० देखि २०६४ सम्म लागू भएका थिए । ती उद्देश्य यसप्रकार छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित क्षमता र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने ।

२. प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी स्वस्थ सामाजिक जीवनको विकासका निमित्त सहयोग गर्ने ।

३. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ तुल्याउने ।

४. राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशमा आफ्नो पहिचान कायम राख्दै व्यक्तिलाई आधुनिक युगमा सामाञ्जस्यपूर्ण जीवनयापनका निम्ति सहयोग गर्ने ।

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संशाधनको विकास गर्ने ।

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्ने सहयोग गर्ने ।

७. समाजमा पछि परेका व्यक्तिहरूलाई राष्ट्रिय मूल धारमा समाहित गर्न सहयोग गर्न ।

### (ख) शिक्षाको संरचना

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शिक्षाको संरचना देहायबमोजिम सिफारिस गरेको थियो :

| कक्षाहरू | १,२,३,४,५ कक्षा | ६,७,८ कक्षा | ९ र १० कक्षा | ११,१२ कक्षा | १३, १४, १५ कक्षा | १६, १७ कक्षा | त्यसदेखि माथि |
|---|---|---|---|---|---|---|---|
| तहहरू | (प्राथमिक शिक्षा तह) | (निम्न माध्यमिक तह) | (माध्यमिक तह) | (उच्च माध्यमिक तह) | (स्नातक तह) | (स्नातकोत्तर तह) | (अनुसन्धान तह) |

यसरी उक्त आयोगले कक्षा १ देखि ५ सम्म प्राथमिक तह, ६. देखि ८ सम्म निम्नमाध्यमिक तह, ९ र १० माध्यमिक तह, ११ र १२ उच्चमाध्यमिक तह गरी १२ बर्से विद्यालय शिक्षाको सिफारिस गर्यो । त्यस्तै स्नातक तहलाई ३ बर्से कार्यक्रम बनाई ५ वर्षको विश्वविद्यालय अन्तर्गत दिइने उच्च शिक्षा सिफारिस गरेको पाइन्छ । तहगत उद्देश्य र पाठ्यक्रम संरचना निम्नानुसार सिफारिस गरिएको थियो :

#### १. प्राथमिक तहको उद्देश्य

शिक्षालाई बालबालिकोन्द्रित गरी बालबालिकामा अन्तर्निहित क्षमताको विकास गर्ने, दैनिक जीवनमा आइपर्ने साधारण लेखाइ, पढाइ र हिसाबसम्बन्धी सीपको विकास गर्ने, जीवनोपयोगी मल्य, मान्यता र आस्थाहरूको सम्वर्धन गरी इमानदारी, स्वावलम्बन र श्रमशीलताजस्ता गुणहरू र नागरिक, वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्नुलाई प्राथमिक शिक्षाको उद्देश्यका रूपमा सिफारिस गरिएको थियो ।

## २. निम्न माध्यमिक तहको उद्देश्य

यस प्रतिवेदनले निम्न माध्यमिक तहमा राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत, भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका, स्वस्थ, स्वावलम्बी एवम् चरित्रवान् नागरिक तयार पार्ने उद्देश्य राखेको थियो ।

## ३. माध्यमिक तहको उद्देश्य

यस प्रतिवेदनले माध्यमिक तहमा राष्ट्रिय परम्परा, संस्कृति एवम् सामाजिक वातावरणसँग परिचित, प्रजातान्त्रिक मूल्य र मान्यतासँग परिचित, भाषिक व्यवहारमा सक्षम, वैज्ञानिक सुझबुझ भएका सिर्जनशील सहयोगी, उद्यमशील, स्वावलम्बी एवम् आर्थिक विकासमा टेवा पुर्‍याउन सक्ने स्वच्छ र सक्षम नागरिक तयार गर्ने उद्देश्य राखेको थियो ।

## ४. पाठ्यक्रमको ढाँचा

राष्ट्रिय शिक्षा आयोग २०४९ ले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा निम्नानुसारको पाठ्यक्रम ढाँचा लागू गर्न सिफारिस गरेको थियो-

**प्राथमिक तह (कक्षा १-५)**

| क्र.सं. | विषय | कक्षा-३ | कक्षा ४-५ |
|---|---|---|---|
| १. | नेपाली भाषा | १५० | १०० |
| २. | गणित | १५० | १०० |
| ३. | अङ्ग्रेजी | - | १०० |
| ४. | शारीरिक शिक्षा | ५० | ५० |
| ५. | सिर्जनात्मक तथा अभिव्यक्तिशील कला | ५० | ५० |
| ६. | सामाजिक, वातावरण, स्वास्थ्य शिक्षा | १०० | - |
| ७. | वातावरिणीय विज्ञान तथा स्वास्थ्य शिक्षा | - | १०० |
| ८. | सामाजिक शिक्षा | - | १०० |
| ९. | इच्छाधीन विषय | १०० | १०० |
| | **जम्मा** | **६००** | **७००** |

**निम्न माध्यमिक तह**

| क्र.सं. | ीवषय | कक्षा (६-८) |
|---|---|---|
| १. | नेपाली | १०० |
| २. | संस्कृत | ५० |
| ३. | अङ्ग्रेजी | १०० |
| ४. | गणित | १०० |
| ५. | विज्ञान र वातावरण | १०० |
| ६. | सामाजिक शिक्षा | १०० |
| ७. | स्वास्थ्य र शारीरिक शिक्षा | ५० |
| ८. | ऐच्छिक भाषा | १०० |
| ९. | कला वा पूर्व व्यावसायिक | ५० |
| | **जम्मा** | **७५०** |

***दृष्टव्य :*** ऐच्छिक भाषामा मातृभाषा, राष्ट्रभाषा, अंग्रेजी र संस्कृतमध्ये एक हुने ।

**माध्यमिक तह**

| क्र.सं. | विषय | कक्षा (९-१०) |
|---|---|---|
| १. | नेपाली | १०० |
| २. | अङ्ग्रेजी | १०० |
| ३. | गणित | १०० |
| ४. | विज्ञान र वातावरण | १०० |
| ५. | सामाजिक शिक्षा | १०० |
| ६. | ऐच्छिक | २०० |
| ७. | अतिरिक्त ऐच्छिक | १०० |
| | **जम्मा** | **७५० + १००** |

**द्रष्टव्य :** अतिरिक्त ऐच्छिकमा उत्तीर्ण अनुत्तीर्णसँग सम्बद्ध नगरी उत्तीर्णभन्दा माथिको प्राप्ताङ्क जोडिने व्यवस्था गर्नुपर्ने ।

यसरी उक्त प्रतिवेदनले सिफारिस गरेका विषय र पूर्णाङ्कलाई सामान्य हेरफेर गरेर २०५० देखि क्रमशः उक्त पाठ्यक्रम ढाँचा लागू गरिएको थियो ।

माथि प्रस्तुत गरिएका शिक्षाका उद्देश्य तथा पाठ्यक्रम ढाँचाअनुसार २०५० सालदेखि क्रमशः लागु भइरहेकोमा उक्त आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्थाका साथै तत्कालीन अवस्थाका शिक्षा नीति तथा कार्यक्रम एवम् संगठनको अध्ययन विश्लेषण गरी राष्ट्रिय आवश्यकता अनुरूप स्वावलम्बी र दक्ष जनशक्ति निर्माण गर्नका लागि एक्काइसौं शताब्दीसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्नका लागि समयसापेक्ष नीति तयार गरी प्रतिवेदन पेस गर्न तत्कालीन सरकारले २०५४ सालमा शिक्षा मन्त्रीको अध्यक्षतामा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरेको थियो । उक्त आयोगले तत्कालीन अवस्थाको शिक्षाको अध्ययन गरी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ सिफारिस गरेको थियो ।

उक्त आयोगले शिक्षाका राष्ट्रिय उद्देश्य, शिक्षाका राष्ट्रिय नीतिहरू सिफारिस गरेको थियो । तर उक्त आयोगको सिफारिस अनुसारका उद्देश्य कार्यान्वयनमा ल्याइएन भने सिफारिस गरिएका कतिपय नीतिहरू लागु गरिएको पाइन्छ । यसले हरेक तहका शिक्षाका समस्या विश्लेषण गरी ती समस्या समाधान गर्न विभिन्न सुझावहरूसमेत प्रस्तुत गरेको थियो । यस प्रतिवेदनले दिएका सुझावमध्ये माध्यमिक तहमा ८०० पूर्णाङ्क बनाउनुपर्ने र २०४९ को प्रतिवेदनले सिफारिस नगरेको स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण विषयलाई अनिवार्य बनाउने गरी दिएको सुझाव कार्यान्वयन गरिएको थियो ।

यस आयोगपछि शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ ले पनि नेपालको शिक्षा प्रणालीमा केही परिवर्तन ल्यायो । यसले प्रस्तुत गरेका विद्यालयहरूलाई सामुदायिक र संस्थागत भनी दुई प्रकारमा विभाजन गर्ने, विद्यालयमा शुल्क निर्धारणको मापदण्ड तोक्ने, प्रधानाध्यापकलाई अधिकार सम्पन्न गराउने, सबै तहमा शिक्षकलाई शिक्षण गर्न शिक्षण लाइसेन्स अनिवार्य गर्ने, तालिम अप्राप्त शिक्षकले लाइसेन्स लिन नपाउने, कार्यरत स्थायी शिक्षकले ५ वर्षभित्र लाइसेन्स लिनुपर्नेलगायतका महत्वपूर्ण सिफारिस कार्यान्वयन भएका थिए ।

यसपछि विभिन्न सानातिना कार्यदल एवम् समितिहरू गठन भएर विभिन्न सुझाव दिएको पाइन्छ ।

## २.४.२ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३

### (क) परिचय

विद्यालय शिक्षालाई व्यवस्थित गरी बालबालिकाहरूलाई एक्काइसौं शताब्दीअनुकूल सक्षम र सबल तुल्याउँदै प्रतिस्पर्धी समाजमा सहजरूपमा समायोजन गर्न सक्ने शिक्षा प्रदान गर्न पाठ्यक्रम विकास निर्माण तथा कार्यान्वयन गर्ने नीति एवम् सिकाइका उपयुक्त क्षेत्र, शिक्षणसिकाइ क्रियाकलाप एवम् व्यवस्थापनसम्बन्धी दष्टिकोणसमेत उल्लेख भएको विद्यालय शिक्षाको मूल दस्तावेज नै राष्ट्रिय पाठ्यक्रम प्रारूप हो । यस प्रारूपको कार्यान्वयनबाट विषयगत तरलताको अन्योल, पाठ्यक्रमको समावेशीकरण, स्थानीयकरणका साथै विद्यार्थी, पाठ्यक्रम, शिक्षक तथा विद्यालय मूल्याङ्कन, शैक्षिक अनुसन्धान, शिक्षक शिक्षा, शैक्षिक व्यवस्थापनजस्ता महत्वपूर्ण पक्षहरूमा उत्पन्न भएका समस्या समाधानमा सहयोग पुग्ने छ । साथै शैक्षिक पहुँच र समानता,

सान्दर्भिकता र गुणस्तरीयताजस्ता पक्षमा सुधार हुन गई सबैका लागि गुणस्तरीय, सान्दर्भिक एवम् निरन्तर शिक्षाको अवसरहरूको अभिवृद्धि हुने मान्यता छ ।

**(ख) आवश्यकता**

एक्काइसौं शताब्दीमा विश्वव्यापीकरण, मानवअधिकारको संरक्षण बालअधिकार, शान्ति, सामाजिक एवम् लैंगिक समानता, जनसङ्ख्या शिक्षा तथा वातावरण संरक्षणलगायत विश्वव्यापी सूचना तथा सञ्चारजस्ता विषयक्षेत्रहरूका माग दिनानुदिन बढिरहेका परिप्रेक्ष्यमा शिक्षाको भावी दृष्टिकोण स्पष्ट गर्नुपर्ने देखिन्छ । शिक्षालाई सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक उन्नतिको प्रमुख साधनका रूपमा रूपान्तरण गर्न सकेमा सबैको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुन जान्छ । मूलतः पहुँच, समानता, सान्दर्भिकता र गुणस्तर वृद्धि गर्नेजस्ता महत्वपूर्ण पक्षहरूमा सुधार गरी जीवनपर्यन्त शिक्षाको व्यवस्था गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

उपयुक्त सन्दर्भ र हालसम्म नेपालको विद्यालय शिक्षासँग सम्बद्ध अभ्यास समेतका आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारूपको आवश्यकता महसुस हुँदै गएको हो । मुख्यतया तल प्रस्तुत विभिन्न पक्षहरूलाइ रााष्ट्रिय पाठ्यक्रम प्रारूपका औचित्यका रूपमा लिइएको छ :

१. हालसम्म विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप निर्माण नहुनु

२. पाठयक्रम तथा यससँग सम्बद्ध शिक्षणसिकाइसम्बद्ध सम्बन्धित सामग्री विकासको कार्यलाई व्यवस्थितीकरण गर्न

३. १ कक्षादेखि १२ कक्षासम्मको शिक्षालाई विद्यालयीय शिक्षाको संरचना भित्र समाविष्ट गरी एकीकृत कार्यान्वयन पद्धतिको विकास गर्नु

४. पटकपटक विभिन्न कारणबाट ठोस आधारविना पाठयक्रमको ढाँचामा परिवर्तन गरिने कार्यबाट उन्मुक्ति दिन र पाठ्यक्रम संरचनालाई व्यवस्थित गर्नु

५. सबैका लागि शिक्षा तथा सहस्राब्दी विकासका लक्ष्य प्राप्तिजस्ता अन्तराष्ट्रिय परिवेशमा भएका सरकारी प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउन

६. समावेशी शिक्षाको व्यवस्था गर्न

७. शिक्षामा असल साझेदारीको विकास गर्न

८. पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध अन्य पक्षहरूको कार्यान्वयन, शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन, शिक्षक विकासजस्ता पक्षमा देखिएका प्रक्रियागत कमजोरीहरूलाई न्यून गर्न

९. पाठ्यक्रम विकास तथा कार्यान्वयनसम्बन्धी गतिविधिमा संलग्न संस्थाहरूको क्षमता अभिवृद्धिका लागि उपयुक्त दिशा निर्देश गर्न

१०. समग्र शैक्षिक विकासमा राजनीतिक समझदारी, सहमति, सहयोग र समन्वयको वातावरण तयार गर्न

११. उपयुक्त साधन र स्रोतको खोजी एवम् व्यवस्थापन गर्न

१२. राष्ट्रिय विकासका दीर्घकालिक लक्ष्यअनुरूप शिक्षाको व्यवस्था गर्न

१३. शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीहरूलाई सामना गर्न

निष्कर्षमा उत्पादनशील, सिर्जनशील, गुणात्मक, राष्ट्रिय चिन्तनमुखी, रोजगारमूलक र विश्वपरिवेश अनुकुलको शिक्षाको व्यवस्थापन गर्दै सुसंस्कृत, समृद्धशाली, प्रतिस्पर्धी र समतामूलक नेपाली समाजको स्थापनाका लागि पाठ्यक्रमको विकास र कार्यान्वयन पक्षलाई व्यवस्थित गर्न विद्यालयस्तरीय पाठ्यक्रम प्रारूपको निर्माण गरिएको हो । साथै हाल कार्यान्वयनमा रहेका दसौं पञ्चवर्षीय योजना, सबैका लागि शिक्षा कार्यक्रम २००४-०९, माध्यमिक शिक्षा सहयोग कार्यक्रम तथा विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालय शिक्षाको संरचनालाई पुनसंरचित गर्ने नीति तथा कार्यक्रम तय गरिसकेको परिप्रेक्ष्यमा यिनै योजना तथा कार्यक्रमले विद्यालय शिक्षाको संरचनालाई कक्षा १-८ आधारभूत तह र कक्षा ९-१२ माध्यमिक तह गरी विद्यालय शिक्षालाई १२ वर्षे (कक्षा १-१२) हुने गरी व्यवस्थित गर्ने यथार्थ परिस्थिति विद्यमान रहेकाले राष्ट्रिय पाठ्यक्रम प्रारूपको आवश्यकता पर्न गएको हो ।

## (ग) पाठ्यक्रमसम्बद्ध समसामयिक महत्वपूर्ण पक्षहरू र तिनको विश्लेषण

यो प्रारूप तयार गर्ने क्रममा नेपालको विद्यालय तहको शिक्षामा देखापरेका देहायका महत्वपूर्ण पक्ष, मुद्दा प्रमुख आधारका रूपमा रहेका छन्-

- सामाजिक, सांस्कृतिक तथा शैक्षिक पक्ष
- शैक्षणिक पद्धति
- पाठ्यक्रम विकास तथा विस्तार प्रक्रिया
- संस्कृत शिक्षा
- पाठ्यक्रमको सामञ्जस्य र निरन्तरता
- स्थानीय आवश्यकतामा आधारित शिक्षा
- मूल्यमान्यतामा आधारित शिक्षा
- शिक्षण गर्ने विषयहरू
- शिक्षामा जीवनोपयोगी सीप पद्धति
- वैकल्पिक शिक्षा
- रोजगारी र स्वरोजगारीका लागि शिक्षा
- शिक्षामा विश्वव्यापीकरणको प्रभाव
- सञ्चार तथा सूचना प्रविधिसम्बन्धी शिक्षाको आवश्यकता
- विद्यार्थी मूल्याङ्कन
- शैक्षिक गुणस्तर र सान्दर्भिकता
- मातृभाषिक मुद्दाहरू
- अनुसन्धान कार्य
- पाठ्यक्रममा समावेशी पद्धति
- संस्थागत क्षमता

### (घ) पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधारहरू

यस प्रारूपले माथि उल्लिखित पाठ्यक्रमसम्बद्ध समसामयिक महत्वपूर्ण पक्षहरूको व्याख्या र विश्लेषणका आधारमा निम्नानुसारको पाठ्यक्रम विकास तथा कार्यान्वयनका सिद्धान्तहरू स्थापित गरेको छ :

- पाठ्यक्रम बृहत् एवम् सन्तुलित शिक्षाको अवधारणाअनुरूप विकास गरिने
- पाठ्यक्रम निर्माण गर्दा सिकाइका प्रमुख क्षेत्रलाई सङ्गठित गरिने
- पाठ्यक्रम एकीकृत सिद्धान्तका आधारमा विकसित गरिने
- बाल केन्द्रित विकासात्मक पद्धतिअनुरूप पाठ्यक्रम विकास गरिने
- आधारभूत शिक्षा मातृभाषामा दिइने
- समावेशी शिक्षा नीतिअनुरूप पाठ्यक्रम निर्माण गरिने
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिइने
- पूर्वीय ज्ञान तथा आधार स्तम्भका रूपमा संस्कृत शिक्षालाई व्यवस्थित गरिने
- सूचना तथा सञ्चार प्रविधि शिक्षालाई पाठ्यक्रममा विशिष्ट स्थान दिइने
- पाठ्यक्रममा जीवनोपयोगी सीपको स्थान सुनिश्चित गरिने
- कार्यप्रति अभिमुख पाठ्यक्रममा जोड दिइने
- पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा मूल्याङ्कनलाई उच्च स्थान दिने
- पाठ्यक्रम विकास एवम् सुधार प्रक्रियालाई सहभागितामूलक बनाइने
- वैकल्पिक शिक्षा र दूर शिक्षा तथा खुला शिक्षा नीतिअनुरूप पाठ्यक्रम निर्माण गरिने
- नेपाली मूल्य मान्यतामा आधारित पाठ्यक्रम विकासमा जोड दिइने
- खोज तथा अनुसन्धानलाई पाठ्यक्रम विकासको अभिन्न अङ्गका रूपमा विकसित गरिने
- शिक्षणसिकाइ क्रियाकलाप पाठ्यक्रमसम्बद्ध गतिविधिहरूको महत्वपूर्ण अङ्ग हुने
- विद्यालय शिक्षाका लागि गुणस्तर मानक तयार गरिने

### (ङ) शिक्षाका अन्य प्रमुख पक्षहरू

विद्यालय शिक्षाका अन्य पक्षहरूलाई निम्नानुसार हुने गरी व्यवस्थित गरिएको छ :

- विद्यालय शिक्षाको अवसरलाई व्यापक गराउन खुला शिक्षाको व्यवस्था गरिएको
- अनौपचारिक रूपबाट शिक्षा प्राप्त गरेकालाई प्रमाणीकरणको व्यवस्था गरी औपचारिक विद्यालयीय शिक्षामा प्रवेश खुला गरिएको
- प्राविधिक तथा व्यवसायिक शिक्षाबाट औपचारिक विद्यालयीय शिक्षा र औपचारिक शिक्षाबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा प्रवेश खुला गर्न सेतु पाठ्यांशको व्यवस्था प्रस्ताव गरिएको
- हाल प्रचलित संस्कृत शिक्षा (साधारण र वेद विद्याश्रम) लाई यथावत् कायम राखी कक्षा १२ सम्म सञ्चालन गर्ने गरी व्यवस्थित गरिने छ । पूर्वीय वाङ्मयका महत्वपूर्ण व्यवहारोपयोगी मूल्य र मान्यतालाई विद्यालय शिक्षाका सबै धारमा समावेश गरिने ।
- **विद्यार्थी मूल्याङ्कन**
  - समावेशी मूल्याङ्कन पद्धतिको विकास गरी कार्यान्वयन गर्ने
  - निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा स्थापित गरी कक्षा ७ सम्म क्रमशः उदार कक्षोन्नति नीति लागू गर्ने
  - कक्षा ५ को अन्त्यमा स्रोत केन्द्रस्तरीय, कक्षा ८ को अन्त्यमा जिल्लास्तरीय, कक्षा १० को अन्त्यमा क्षेत्रस्तरीय र विद्यालय तहको अन्त्य (कक्षा १२) मा लिइने परीक्षा राष्ट्रियस्तरमा सञ्चालन गरिने
  - हरेक तह र कक्षामा उत्तीर्ण प्रतिशत ४० कायम हुने
- मूल्याङ्कनमा अक्षराङ्क पद्धति (Letter grading system) लाई कार्यान्वयन गर्न सम्भाव्यता अध्ययन गर्ने
- शिक्षकको भूमिकालाई सूचना प्रवाहकर्ता (Information transformer), प्रवर्द्धनकर्ता (Promoter), विद्यार्थीसँग सहकार्य गरी सिक्ने (Colerner_ र सिकाइ संस्कृति (learning Culture) को खुला वातावरण सिर्जना गर्ने व्यक्तिका रूपमा विकास गर्न आवश्यक व्यवस्था गर्ने
- विद्यालय शिक्षामा बहुपाठ्यपुस्तक विकास तथा प्रयोग नीति अबलम्बन गर्ने
- गुणस्तरसम्बनधी राष्ट्रिय मानक तयार पारी तदनुरूप जिल्ला तथा विद्यालयले आ-आफ्नो मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने
- हरेक पाँच वर्षमा विद्यालय तहको पाठ्यक्रमको मूल्याङ्कन गर्ने
- विद्यालय शिक्षाका गतिविधिहरू पुनारावलोकन गरी पृष्ठपोषण प्राप्त गर्न सुधारका लागि सुझाब दिन केन्द्रीय निकायका रूपमा एक अध्ययन अनुसन्धान एवम् पुनरावलोकन संयन्त्र मार्फत व्यवस्थित गर्ने

- राष्ट्रिय पाठ्यक्रम प्रारूपको खाकाभित्र रही विद्यालय पाठ्यक्रमसम्बद्ध गतिविधिहरू सञ्चालन र व्यवस्थापन गर्न स्वायत्त र सक्षम बनाउने
- विद्यालय तहको शिक्षाको अनुगमन र सुपरिवेक्षण कार्यलाई पहुँच र सर्वसुलभता, शिक्षणसिकाइ क्रियाकलाप पाठ्यक्रमबीचको सामञ्जस्य, स्थानीय पाठ्यक्रमको कार्यान्वयन आदिजस्ता पक्षसँग सम्बद्ध हने गरी व्यवस्थित गर्ने ।

यो राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयनका लागि विद्यालय शिक्षाको पुनसंरचना गर्ने, पाठ्यक्रम विकास र परिमार्जन प्रक्रियामा सुधार, मूल्याङ्कन अनुसन्धान र प्रवर्द्धन, समन्वय र साझदारी, शिक्षक तयारीलगायत केन्द्रदेखि विद्यालयसम्मका संस्थागत संयन्त्रमा सुधार एवम् विकासजस्ता पक्षमा आवश्यक नीतिगत परिवर्तन गरिने कुर उक्त प्रारूपमा उल्लेख गरिएको छ ।

## वर्तमान चुनौतीहरू

नेपालको राजनीतिक क्षेत्रमा भएका घटनाहरूले शिक्षामा पनि प्रत्यक्ष प्रभाव पार्दै आएका छन् । २०५२ सालदेखि सञ्चालित जनविद्रोह जनआन्दोलन भाग-२ ले नेपालमा ल्याएको परिवर्तनसंगै शिक्षा क्षेत्रमा पनि विभिन्न परिवतन भएका छन । २०६२-०६३ को १९ दिने जनआन्दोलनको सफलतापछि जारी गरिएको प्रतिनिधि सभाको घोषणा २०६३ एवम् नेपालको अन्तरिम संविधान २०६३ ले गरेका नवीन व्यवस्थाअनुसार पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा समसामयिक परिवर्तनहरू गरिए । नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ । त्यस्तै आधारभूत तहसम्म मातृभाषा शिक्षा पाउने र माध्यमिक तहसम्म कानुनमा व्यवस्था भएबमोजिम निःशुल्क शिक्षा पाउने व्यवस्था गरेको छ । त्यस्तै शिक्षा क्षेत्रमा सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम आदि कार्यक्रमका माध्यमबाट विद्यालय शिक्षामा पहुँच, गुणस्तर, समानता र सान्दर्भिकता बढाउने जस्ता धेरै कार्यक्रमहरू लाग गरिएका छन् । यसैबीच नेपालमा बहुदलीय व्यवस्था पुनस्थापना भएपछि आठौं, नवौं र दसौं योजनाले शिक्षाको विकासमा केही गति प्रदान गरे भने परिवर्तित सन्दर्भअनुसार अन्तरिम तीन बर्से योजना २०६४-२०६७ पनि लागू गरिएको छ । यी सबै योजनाले शिक्षामा सबैको पहुँच बढाउने, समानता, सान्दर्भिकता र गुणस्तर वृद्धि गर्ने कुरामा जोड दिएका छन् । यी व्यवस्थालाई कार्यरूपमा ल्याउनु आजको शिक्षाको सर्वभन्दा ठूलो चुनौती रहेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ बमोजिम संविधान सभाको निर्वाचन सम्पन्न भई नयाँ संविधान बनिसकेको छ । वर्तमान संविधानले जनताको शिक्षाको विकासमा विशेष जोड दिने अपेक्षा गरिएको छ ।

## अभ्यास

**(क) तलका प्रश्नहरूका अति छोटा उत्तर दिनुहोस् ।**

१. नेपाल राष्ट्रिय शिक्षा योजना आयोग कसको अध्यक्षतामा गठन भएको थियो ?

२. सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति कति सालमा गठन भएको थियो ?

३. रा.शि.प.यो. २०२८ को विद्यालयको संरचना कस्तो थियो ?

४. राष्ट्रिय शिक्षा अयोग कहिले गठन भयो ?

**(ख) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् -**

१. राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेका प्रमुख सिफारिसको सूची तयार गर्नुहोस् ।

२. सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ का मुख्यमुख्य सिफारिस केके थिए ?

३. पाठ्यक्रम कार्यान्वयन योजना २०३८ को प्राथमिक पाठ्यक्रम र राष्ट्रिय शिक्षा आयोग २०४९ को प्राथमिक पाठ्यक्रमका बीचको प्रमुख भिन्नताको संक्षिप्त सूची बनाउनुहोस् ।

४. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले प्रस्तुत गरेका पाठ्यक्रम निर्माणका सिद्धान्तहरू केके हुन् ?

५. पाठ्यक्रम कार्यान्वयन योजना २०३८ को सङ्क्षिप्त परिचय दिनुहोस् ।

६. २०२८ सालअघिको नेपालको शैक्षिक कमजोरीको सूची बनाउनुहोस् ।

७. स्वदेशी चरणको शिक्षाको परिचय दिनुहोस् ।

**(ग) तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् -**

१. नेपालमा २००७ सालदेखि २०२८ सालसम्म शिक्षा विकासका लागि भएका मुख्य प्रयासहरूको उल्लेख गर्नुहोस् ।

२. राष्ट्रिय शिक्षा पद्धतिको योजना र नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले सिफारिस गरेका प्राथमिक शिक्षाको उद्देश्यमध्ये कुन बढी व्यावहारिक छ र किन ?

३. २०२८ सालदेखि हालसम्मको प्राथमिक शिक्षाको विकासक्रम उल्लेख गर्नुहोस् ।

४. राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ का विशेषताहरूको वर्णन गर्नुहोस् ।

**(घ) क्रियाकलाप**

१. तपाईंको समुदायमा शिक्षा विकासका लागि के-कस्ता प्रयासहरू भएका छन् ? त्यस्ता प्रयासहरू कसरी सफल/असफल हुन पुगे र कस कसको के-कस्तो भूमिका रह्यो भन्ने विषयमा आफूभन्दा जान्ने, बुझ्ने र बूढापाकाहरूसँग सोधेर एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

२. तपाईँको समुदायमा स्थानिय निकायले गरेका उल्लेखनिय शैक्षिक कार्यको बारेमा अध्ययन र शोधखोज गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

३. तपाईहरूले अध्ययन गरिरहेको निकायमा नेपाल सरकारका कुन कुन निकायले के कस्तो सहयोग पुऱ्याएका छन् ? समूहमा छलफल गरी प्रतिवेदन तयार गर्नुहोस् ।

४. तपाईँको गाउँ समाजमा जीवित रहेको जेष्ठ नागरिक मध्ये कस्ले कस्ले के कसरी शिक्षा प्राप्त गरेका रहेछन् ? शोधखोज गरी प्रतिवेदन तयार गर्नुहोस ।

**एकाइ : ३**

# बालविकास र बाल मनोविज्ञान

गर्भाधारणदेखि किशोरावस्थासम्म देखिने शारीरिक, सामाजिक एवम् संवेगात्मक परिवर्तन तथा बौद्धिक क्रियालाई बालविकास भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा बालविकास भनेको बालबालिकाको चौतर्फी विकाससम्बन्धी कार्य हो ।

## ३.१ बालविकासको वैयक्तिक भिन्नता

कक्षा ९ मा बालविकासको अर्थ एवम् बालविकासका विभिन्न चरणका बारेमा चर्चा भइसकेको छ । त्यसैले यहाँ बालविकासका बारेमा थप चचा नगरी बालविकासमा वैयक्तिक भिन्नताका बारेमा चर्चा गरिएको छ ।

बालविकासमा विभिन्न कारणले वैयक्तिक भिन्नता आउँछ । गर्भावस्थामा बालबालिकाले प्राप्त गर्ने पौष्टिक तत्व एवम् वातावरणले बालविकासमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा असर पारेको हुन्छ । शिशुको जन्मपछि उसको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाका साथै उसले पाउने माया, ममता, स्नेह, साथी समूहको वातावरण, सिकाइ तथा सामाजिकीकरणका तरिका एवम् उपयुक्त पोषणले प्रभाव पारेको हुन्छ । यसरी बालविकासमा जन्मपूर्व र जन्मपश्चात् परेका विभिन्न प्रभावले सर्वप्रथम बालविकासमा वैयक्तिक भिन्नता सिर्जना गर्दछ । त्यसपछि वंशानुगत गुण, शारीरिक बनोट, मानसिक क्षमता आदिले पनि उसमा वैयक्तिक भिन्नता ल्याउँछ । मूलतः बालविकासको वैयक्तिक भिन्नताले उसको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक विकास आदिमा फरक ल्याइदिन्छ ।

कुनै बालबालिका शारीरिक रूपले मोटाघाटा हुन्छन् त कुनै दुब्ला । कुनैमा एउटा रुचि हुन्छ त कुनैमा अर्को । एउटा निकै बुद्धिमान हुन्छ त अर्को बुद्धिहिन । कुनै रिसाहा हुन्छन् त कुनै निकै हसिला । एउटै आमाबाबुले लगभग एउटै समयमा गर्भधारण गरी जन्माएका बच्चाबच्चीमा त वैयक्तिक भिन्नता पाइन्छ भने विभिन्न आमाबाबुबाट जन्मने बालबालिकाबीच त वैयक्तिक भिन्नता बढी हुनु स्वाभाविकै हो । जेहोस् वैयक्तिक भिन्नतालाई सैद्धान्तिक रूपले केलाउँदा बालविकासमा दुई तत्वले वैयक्तिक भिन्नता ल्याउने गरेको पाइन्छ । ती हुन् : आन्तरिक तत्व र बाह्य तत्व ।

आन्तरिक तत्वमा वंशानुगत गुणले मुख्य रूपमा प्रभाव पार्दछ । वंशानुगत गुणबाट शारीरिक, मानसिक र बौद्धिक क्षमता प्राप्त भएको हुन्छ । त्यस्तै बाह्य तत्वमा समाज, धार्मिक, सांस्कृतिक तत्त्व, रहनसहन, शिक्षा प्राप्त गर्ने अवसर र प्रशिक्षण आदिले वैयक्तिक भिन्नता ल्याउँछ । निष्कर्षमा बालबालिकामा देखिने वैयक्तिक भिन्नतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) पृष्ठभूमिगत भिन्नता :** बालबालिकाले पाउने सामाजिक, आर्थिक, शैक्षिक, नैतिक आदि पृष्ठभूमिका आधारमा पनि उनीहरूमा भिन्नता पाउन सकिन्छ । आमाबाबुको चालचलन, बानी बेहोरा, शिक्षा, लवाइखुवाइ, सङ्गत आदिले बालविकासमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसका आधारमा उनी हरूको वैयक्तिक भिन्नतामा फरकपन आउँछ ।

(ख) **मानसिक तीक्ष्णता :** वैयक्तिक भिन्नता छुट्याउने अर्को आधार मानसिक वृद्धि हो । कुनै बालबालिका ज्यादै तीक्ष्ण बुद्धिका हुन्छन् भने कुनै सुस्त मनस्थितिका हुन्छन् । त्यस्तै कुनै औसत खाले हुन्छन् । त्यसैले बालबालिकाको वैयक्तिक भिन्नता थाहा पाउने अर्को आधार बुद्धि पनि हो ।

(ग) **यौन भिन्नता** : विभिन्न अध्ययन अनुसार केटाकेटीको लिङ्गका आधारमा पनि वैयक्तिक भिन्नता देखा पर्ने पुष्टि भएको छ । केटाहरू यान्त्रिक र क्रियात्मक क्षेत्रमा केटीको तुलनामा बढी सफल हुन्छन् भने माया, ममता, स्नेह, प्रदर्शन गर्ने काममा केटीहरू बढी सफल हुन्छन् ।

(घ) **विशेष क्षमता :** कुनै कुनै बालबालिका विशेष प्रकारको क्षमतावान् हुन्छन् भने कुनै मध्यम खालका वा कुनै न्यूनकोटीका हुन्छन् । वंशानुगत गुण र प्राप्त वातावरणका कारणले वैयक्तिक भिन्नता सिर्जना हुन जान्छ ।

(ङ) **सिकाइमा भिन्नता :** वैयक्तिक भिन्नता ल्याउनुमा सिकाइको पनि महत्वपूर्ण भूमिका रहन्छ । सिकाइको गति र उपलब्धि पनि व्यक्तिपिच्छे फरक हुन्छ । यसको कारण उनीहरूको रुचि, उमेर यौन, बौद्धिक क्षमता, सामाजिक पृष्ठभूमि आदिको प्रभाव रहन्छ ।

(च) **तालिम र प्रशिक्षण :** बालबालिकालाई दिइने प्रत्यक्ष वा अप्रत्यक्ष प्रशिक्षण वा तालिमले पनि व्यक्तिमा भिन्नता सिर्जना गर्दछ ।

यसरी बालबालिकाको वैयक्तिक भिन्नता फरक हुनुमा उत्प्रेरणा, लिङ्ग, सांस्कृतिक र जातीय पृष्ठभूमि, सामाजिक एवम् आर्थिक स्थिति, अनुभव र शिक्षा, पारिवारिक र सामाजिक वातावरण, देश, काल परिवेशले पनि सघाइरहेको हुन्छ । उमेर जतिजति बढ्दै जान्छ, उसका आनिवानी, रुचि तथा अन्य विभिन्न पक्षमा-वातावरणीय अनुभव, वैयक्तिक तत्व, लिङ्गीय पृष्ठभूमि, मनोवृत्ति र अभिरुचि तथा आकाङ्क्षाका तहले व्यक्तिगत भिन्नता सिर्जना गराएको हुन्छ ।

बालविकासको वैयक्तिक भिन्नताअनुसार शिक्षा दिन सकिएमा बालविकासले उपयुक्त गति लिन सक्छ । प्रभावकारी शिक्षण गर्नका लागि कक्षामा हुने विभिन्न स्तर, क्षमता, आकाङ्क्षा र पृष्ठभूमि भएका बालबालिकाको वैयक्तिक भिन्नता बुझी शिक्षण गर्नुपर्दछ । बालबालिकाको शारीरिक विकास, बौद्धिक विकास, संवेगात्मक विकास, सामाजिक विकास आदिका आधारमा वैयक्तिक भिन्नता बुझेर सोअनुसार शिक्षण गर्न सकिएमा शिक्षण बालबालिकोन्द्रित हुन सक्दछ । बालबालिकाको भिन्नता बुझेर शिक्षण गर्न सकिएमा मात्र त्यस्तो शिक्षण सफल हुन सक्छ । अर्को शब्दमा भन्ने हो भने शिक्षकले बालमनोविज्ञानको अध्ययन गरी त्यसका आधारमा बालबालिकाको व्यवहार अवलोकन गरी उपयुक्त ढङ्गले शिक्षण गर्नुपर्दछ ।

## ३.२ पूर्वबाल्यावस्था

हामीले कक्षा ९ मा बालविकासका विभिन्न चरण मध्ये गर्भावस्था र शिक्षाका अवस्थाका बारेमा अध्ययन गरिसकेका छौं । हामी यहाँ त्यसपछिका केही चरणका बारेमा अध्ययन गर्ने छौ ।

बाल्यावस्था मानव जीवन को सबभन्दा लामो अवस्था हो । केटा वा केटीहरू यौवन अवस्थामा प्रवेश नगरुन्जेलको अवधि बाल्यावस्था हो । २ वर्षदेखि ६ वर्षसम्मको उमेर

पूर्ववाल्यवस्था र ६ वर्षदेखि केटीहरूमा १३ वर्षसम्म र केटाहरूमा १४ वर्षसम्मको उमेरलाई उत्तर बाल्यावस्था गरी दुई अवस्थामा बाल्यावस्थालाई विभाजन गरिन्छ ।

पूर्व बाल्यावस्था शिशु अवस्थाको समाप्तिपछि विद्यालय प्रवेश गर्न सक्षम हुने उमेरसम्मको अवस्था हो । पूर्वबाल्यावस्था विभाजक उमेरको रूपमा ६ वर्षलाई लिई बाल्यावस्थालाई पूर्वबाल्यावस्था र उत्तर बाल्यावस्थामा बाँडिन्छ । यसो गर्नुको पछाडि बालबालिकाको शारीरिक कारणभन्दा सामाजिक कारणले भूमिका खेलको हुन्छ । उदाहरणका रूपमा पाँच वर्षका बालबालिका र सात वर्षका बालबालिकाको शारीरिक विकास क्रममा धेरै भिन्नता नभए तापनि सामाजिक परिवेश र सम्पर्कको क्षेत्रमा भने धेरै भिन्नता आइसकेको हुन्छ ।

बालबालिका घरेलु वातावरणबाट विद्यालयको भिन्न वातावरणमा समायोजनका लागि पूर्वतयारीको अवस्था भएकाले मानवजीवनमा यो अवस्था ज्यादै महत्वपूर्ण अवस्था मानिन्छ । यस अवस्थालाई समाजका विभिन्न पक्षबाट विभिन्न नामले पुकारिन्छ । आमबाबु यस अवस्थालाई समस्या तथा खेलोनाको उमेर, शिक्षाविद्हरू पूर्वविद्यालयको उमेर तथा मनोवैज्ञानिकहरू पूर्वसमूह (pregang), खोज, जिज्ञास तथा नक्कल गर्ने उमेर मान्दछन् । यिनै नामहरूका आधारमा यस अवस्थाका विशेषताहरूलाई निम्नानुसार स्पष्ट पारिएको छ :

### (अ) समस्यामूलक उमेर

आमाबाबुहरूले यसलाई समस्यामूलक अवस्थाका रूपमा लिन्छन् । यस अवस्थाका बालबालिकाबालिकाहरूले आभावाबुका लागि थुप्रै समस्याहरू खडा गर्दछन् । यस अवस्थामा बालबालिकाहरूको स्वास्थ्यसम्बन्धी समस्याभन्दा बढी व्यवहारगत समस्याहरू देखा पर्दछन् । यस उमेरका बालबालिकाहरू जिद्दी गर्ने, आफूभन्दा ठूलाले भनेको नटेर्ने, झोक्किने, छिटो रिसाउने तथा विरोधी स्वभाव प्रदर्शन गर्ने हुन्छन् । उनीहरू स्वतन्त्र हुन चाहन्छन् र आफुले गर्न नसक्ने कामहरू गर्न चहनाले पनि समस्या उत्पन्न हुने गर्छ । अरूको ईर्ष्या गर्ने र अनावश्यक रूपमा डराउनाले पनि थप समस्याहरू उत्पन्न हुन्छन् ।

### (आ) खेलौनाको उमेर

यस अवस्थाका बालबालिकाहरू धेरैजसो आफ्नो समय खेलौनाहरूसंग खलेर बिताउछन् । बालबालिकाको समय विताउने मुख्य साधन खेलौना भएको हुँदा यसलाई खेलौनाको उमेर भनिएको हो । विद्यालयमा पढन जान थालेपछि बालबालिकाहरू अनेक प्रकारका खेलमा सहभागी हुन थाल्दछन् तर एकान्तमा रहदा भने खेलौनासँगै खेल्न रुचाउँछन् । बालबालिकाहरू यस अवस्थामा एक्लै वा समूहमा खेलौनासँगै खेल्न चाहन्छन् । आमाबाबुले यस उमेरलाई खेलौनाको उमेरको रूपमा लिन्छन् ।

### (इ) पूर्वविद्यालयको उमेर

यस उमेर समूहका बालबालिकाहरू सुरुका वर्षमा दिवा स्याहार केन्द्रमा जान्छन् भने चार वा पाँच वर्षको उमेरमा पूर्वप्राथमिक विद्यालयमा पूर्वविद्यालयको अनुभवका लागि पठाइन्छन् । विद्यालयको तयारीका लागि बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र सिर्जनात्मक विकासका उद्देश्यले शिशु विकास केन्द्रमा पठाइने हुनाले यस अवस्थालाई पूर्वविद्यालयको उमेर भनिएको हो ।

### (ई) पूर्वसमूहको उमेर

विद्यालयमा प्रवेश गरेपछि बालबालिकाहरू उमेर र अभिरुचिका आधारमा समूहमा बस्न, हिँड्न, खेल्न र पढ्न रुचाउँछन् । यसरी बनेको समूहलाई बालसमूह पनि भनिन्छ । पूर्वविद्यालयको उमेर पनि भएको हुनाले यस अवस्थामा बालबालिकाले समूहमा सङ्गठित भएर सामाजिक जीवनका लागि चाहिने सामाजिक व्यवहारहरूको पूर्वाधार खडा गर्ने हुनाले यो अवस्थालाई पूर्वसमूह वा पूर्वबालसमूहको उमेर पनि भनिन्छ ।

### (उ) अन्वेषण एवम् जिज्ञासाको उमेर

यस अवस्थामा बालबालिकाहरू आफ्नो वातावरणको अध्ययन र नियन्त्रण गर्नेतर्फ उन्मुख हुन्छन् । उनीहरू आफ्नो चारैतर्फको वातावरणको सम्बन्धमा जानकारी राख्न चाहन्छन् । बारम्बार आफूले देखेका वस्तुहरूका बारेमा के, किन र कसरी जस्ता प्रश्नहरू राखेर जिज्ञासा व्यक्त गर्दछन् । वातावरणका जीवित तथा निर्जीव वस्तुहरूबारे विविध प्रश्नहरू गरी जानकारी लिने हुँदा यस अवस्थालाई प्रश्न गर्ने उमेर (questioning age) पनि भनिन्छ ।

### (ऊ) नक्कल गर्ने उमेर

यस अवस्थाका बालबालिकाहरूले अरूले बोलेको र काम गरेको नक्कल गरेर धेरै कुराहरू सिक्दछन् । प्रारम्भमा बालबालिकाहरू आफ्नो घरका सदस्यहरू (बाबु, आमा, दाजु, दिदी आदि) का बोली र व्यवहारहरूको अनुकरण वा नक्कल गर्दछन् । बिस्तारै पूर्वविद्यालयमा प्रवेश गरेपछि सामाजिक परिवेशका अन्य सदस्यहरू, (साथी, शिक्षक, स्याहार सुसार गर्ने व्यक्ति) आदिको अनुकरण गरेर आफ्नो व्यवहारमा परिवर्तन ल्याउँछन् । त्यसैले यस अवस्थालाई नक्कल गर्ने उमेर भनिएको हो ।

यसका साथै यस अवस्थाका बालबालिकाहरूमा खेलमा रचनात्मकता प्रदर्शन गर्दछन् । उनीहरूलाई खेलको नियम थाहा नभए तापनि आफ्नै काल्पनिक नियममा रमाउँदै खेल्ने गर्छन् । त्यसैले यस अवस्थालाई रचनात्मक उमेर पनि भनिन्छ ।

## पूर्वबाल्यावस्थाका बालबालिकाका विशेषताहरू

पूर्वबाल्यावस्थाका बालबालिकाहरूको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक, विकासका विशेषता यहाँ क्रमशः प्रस्तुत गरिएका छन् :

### (क) शारीरिक विकास

पूर्वबाल्यावस्थाका बालबालिकाको शारीरिक विकास शिशु अवस्थामा जस्तो तीव्र गतिमा हुँदैन । यस अवस्थामा बालबालिकाको शरीरको उचाइ, तौल, शारीरिक अनुपात, शरीर निर्माण, हड्डी तथा मांसपेशी, बोसो, दाँतसम्बन्धी वृद्धि तथा विकास हुन्छ ।

यस अवस्थाका बालबालिकाको वृद्धि एवम् विकासको ढाँचाका बारेमा निश्चित आधारहरू भए तापनि शारीरिक विकासका विभिन्न पक्षहरूमा व्यक्तिगत भिन्नताहरू पाइन्छन् । अध्यनहरूबाट के पत्ता लागेको छ भने तीव्र बुद्धि भएका पूर्वबाल्यावस्थाका बालबालिकाहरूमा उचाइ बढ्ता हुन्छ । त्यसैगरी मध्य वा न्यून बुद्धि भएका

बालबालिकाहरूको उचाइ कम हुन्छ । यस अवस्थामा बालबालिकाहरूको यौन भिन्नताको कारणबाट उचाइ र तौलमा भिन्नता आउँदैन । यस अवस्थामा उच्च सामाजिक, आर्थिक स्तर भएका परिवारका बालबालिकाहरूले बढी स्याहार तथा सम्भार पाउने भएकाले तौल, उचाइ तथा मांसपेशीय विकास तीव्र रूपमा भएको पाइन्छ । यसबाट के थाहा पाउन सकिन्छ भने यस अवस्थाका बालबालिकाहरूलाई उनीहरूको रुचि र आवश्यकताअनुसार आहार र स्याहारको आवश्यकता पर्दछ । यस अवस्थामा हुने शारीरिक विकासको विभिन्न पक्षलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ -

(अ) **उचाइ :** यस अवस्थामा शिशु अवस्थाको वृद्धि दरको तुलनामा बालबालिकाको उचाइ कम बढ्छ । बालबालिकाको वार्षिक उचाइ वृद्धिदर दुई इन्च मात्र हुन्छ भने ६ वर्षको उमेरमा औसत उचाइ ४६.६ इन्च हुन्छ ।

(आ) **वजन :** बालबालिकाहरूको तौलमा वार्षिक वृद्धि दर ३ देखि ५ पाउण्डसम्म हुन्छ । ६ वर्षको उमेरका बालबालिकाहरूको तौल जन्मेको समयभन्दा सालाखाला सात गुणा बढी वृद्धि हुन्छ । केटा र केटीको औसत तौल क्रमशः ४९ र ४८.५ पाउन्ड हुन्छ ।

(इ) **शारीरिक अनुपात :** यस अवस्थाका बालबालिकाहरूको शारीरिक अनुपातको दृष्टिकोणले विशेष परिवर्तनहरू देखा पर्दछन् । उनीहरूको मुखाकृतिमा देखिने शिशुपन (baby look) र हराएर जान्छ । मुखाकृति सानो हुन्छ, चिउँडाले निश्चित आकार लिन्छ, घाँटी लामो हुन्छ, पेट ठूलो हुन्छ । छाती फराकिलो हुन्छ र काँध चौडा हुन्छ । यसरी यस अवस्थाका बालबालिकाको शरीर शङ्खाकारको हुन्छ । बालबालिकामा हातखुट्टाहरू लामा र मोटा हुँदै जान्छन् ।

(ई) **शारीरिक बनोट :** बालबालिकाको शरीरको बनावटमा भिन्नता यसै अवस्थामा देख्न सकिन्छ । भविष्यमा बालबालिका अग्लो, मोटो वा पुड्को कस्तो हुन्छ होला भन्ने कुराको निरूपण यही अवस्थाले दिन्छ । यस अवस्थाका बालबालिकाको शरीरको आकारलाई निम्न तीन प्रकारमा बाँड्न सकिन्छ :

(i) लम्बाकार (Ectomorphic)- यसअन्तर्गत दुब्ला र पातला, अग्ला र कम बजन भएका तर फूर्तीला बालबालिकाहरू पर्दछन् ।

(ii) मध्य आकार (Mesomorphic) : यसअन्तर्गत गठिलो र मांसपेशीयुक्त शरीर भएका बालबालिका पर्दछन् ।

(iii) गोलाकार (Endomorphic) : यसअन्तर्गत गोलो, मोटो र वजनदार शरीर भएका बालबालिका पर्दछन्

(उ) **दाँत :** बालबालिहरूका अस्थायी दाँतहरू शिशु अवस्थादेखि अर्थात् ६-८ महिनादेखि नै निस्किन थाल्दछन् जुन प्रति महिना एकका दरले निस्किन्छन् । पूर्वबाल्यावस्थाको प्रथम ४ देखि ६ महिनाभित्र ४ ओटा बङ्गाराहरू निस्किन्छन् । बालबालिकाहरूमा सबभन्दा पहिले अघिल्ला दुई दाँतहरू निस्किन्छन् । पूर्वबाल्यावस्थाको अन्त्यसम्ममा १ वा २ ओटा स्थायी दाँतहरू पनि आइसकेका

हुन्छन् । चारवर्षको उमेरसम्म पुराना अस्थायी दाँतहरू क्रमशः झर्न थाल्छन् । नयाँ तथा स्थायी दाँतहरू देखा पर्न थाल्छन् ।'

**(ख) बौद्धिक/मानसिक विकास**

बालबालिकाहरूमा स्मरण गर्न सक्ने, कल्पना गर्न सक्ने, सञ्चार गर्न सक्ने, सुझबुझ प्रयोग गर्न सक्ने, धारणा बनाउन सक्ने तथा समस्या समाधान गर्न सक्ने क्षमताको विकास हुनुलाई बौद्धिक वा मानसिक विकास भएको मानिन्छ । यस अवस्थामा बालबालिकाहरूको मानसिक, क्रियात्मक तथा. बाचन योग्यतामा वृद्धि भएको कारण उनीहरूमा वातावरणसम्बन्धी ज्ञानको विकास हुन थाल्छ । उनीहरूले शिशु अवस्थामा सिकेका धारणाहरूलाई यस अवस्थामा आएर अर्थपूर्ण बनाउँछन् । वस्तुसम्बन्धी धारणाको विकास हुने यस अवस्थालाई मनोवैज्ञानिक पियाजे (Piaget) ले पूर्वक्रियात्मक अवस्था (Preoperational period) को रूपमा व्याख्या गरेका छन् । बालबालिकाको मानसिक र बौद्धिक विकास अन्तर्गत निम्न पक्षहरूलाई समावेश गरिन्छ :

(अ) भाषाको विकास　　आ) बुद्धि/बुझाइको विकास　　इ) धारणाको विकास

**(अ) भाषाको विकास**

यो अवस्थामा बालबालिकाहरू बोल्ने अभ्यास गर्न रुचाउँछन् । बोल्न सिक्नाले उनीहरूलाई आफ्नो विचार र चाहना परिवारका सदस्य तथा खेल समूहका साथी समक्ष व्यक्त गर्न सहयोग पुऱ्याउँछ भने यसको विकासले बालबालिकालाई क्रमशः आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउँछ । भाषाको विकासले बालबालिकाहरूले एकातर्फ आफूले भन्न चाहेको कुरा अरूलाई बुझाउन सक्छन् भने अर्कोतर्फ अरूले भनेको कुरा बुझ्न सक्छन् ।

पूर्वबाल्यावस्थामा बालबालिकाहरूको शब्दभण्डार बढ्दै गई यसको ज्ञान तीव्र हुन्छ । यस अवस्थामा बालबालिकाहरूले राम्रो, नराम्रो जस्ता विशेषण र लिनु, दिनु जस्ता क्रियापदहरूका साथै निम्नानुसारका शब्दहरू सिक्दछन् :

(i) रङलाई जनाउने साधारण शब्दहरू

(ii) संख्यालाई जनाउने शब्दहरू

(iii) पारिवारिक तथा दैनिक प्रयोगका शब्दहरू

(iv) सम्बोधन जनाउने शब्दहरू आदि ।

यस अवस्थामा बालबालिकाको वाचन आफू केन्द्रित हुन्छ । बालबालिकाहरू आफ्नै बारेमा, आफ्ना रुचिहरू, आफ्नो परिवार तथा आफ्नो आधिकारिक वस्तुहरूका बारेमा बोल्ने गर्दछन् । बालबालिकाहरूको खेल समूहमा प्रवेश बढ्दै गएपछि भाषाको विकास हुँदै जान्छ । यस अवस्थामा सामाजिक सम्पर्क, मन परेका वस्तुहरू, दौंतरी र आफ्नै अनुभवका कुराहरू, परिवार, खेलकुद तथा घरको वातावरणमा उपलब्ध हुने अवस्था भएमा चलचित्र र दूरदर्शनका बारेमा बालबालिकाहरू बोल्न चाहन्छन् ।

यस अवस्थाका बालबालिकाहरू बोल्ने प्रयास बढी गर्दछन् । यिनीहरूसँग बोल्ने व्यक्तिले सुस्तरी सजिला शब्दहरू प्रयोग गरेर बोल्ने गर्दछ । यसो गर्नाले उनीहरूमा बोल्ने हौसला बदछ र भाषाको विकासमा मद्दत पुग्दछ ।

दुई वा तीन वर्षका बालबालिकाहरूले तीन वा चार शब्दहरूको वाक्य बोल्न थाल्दछन् । यस उमेरका बालबालिकाहरूको वाक्य अपूर्ण भए तापनि अर्थ बुझिने हुन्छ । तीन वर्षको उमेरपछि ६ देखि ८ ओटा शब्दहरूको प्रयोग भएका वाक्यहरू शुद्धरूपले बोल्न सक्छन् ।

**(आ) बुद्धि वा सुझको विकास**

उमेर वृद्धिको क्रमसँगै बुद्धिको पनि विकास हुँदै जान्छ । यस अवस्थामा बालबालिकाको बुद्धिको विकास मझौलाखालको हुन्छ । संवेगात्मक, सामाजिक र शारीरिक विकाससँग बुद्धि विकासको घनिष्ट सम्बन्ध रहन्छ । सुझको विकासले उनीहरूलाई समाजमा घुलमिल हुन सहयोग पुऱ्याउँछ । ध्यान दिएर सुन्ने बालबालिकाहरूले अरूले भनेका कुराहरू चाँडै बुझ्दछन् र आफ्ना प्रतिक्रियाहरू सजिलैसंग व्यक्त गर्न सक्दछन् । यसरी बुझ्ने र बुझाउने क्षमताको विकासले मानसिक वा बौद्धिक विकासमा सहयोग पुऱ्याउँछ ।

**(इ) धारणाको विकास**

यस अवस्थाका बालबालिकाहरूको ज्ञानेन्द्रियको क्षमता वृद्धि हुन्छ । सिकाइ अवसरको उपलब्धता तथा अनुभवको किसिमले बालबालिकाको धारणाको विकासमा प्रभावित पार्दछ । यस अवस्थाका बालबालिकाहरूको सिकाइ वातावरण र अनुभवहरू समान प्रकृतिका हुने हुँदा उनीहरूका धारणाहरू पनि समान हुन्छन् । मनोविज्ञानविद् हर्लक (Hurlock) का अनुसार बालबालिकाहरूमा निर्माण हुने धारणाहरू यस प्रकारका छन् :

(i) **जीवन :** बालबालिकाहरू सजीव र निर्जीव वस्तुहरूमा फरक छुट्याउन सक्दैनन् । उनीहरू निर्जीव वस्तुलाई पनि सजीवलाई जस्तै व्यवहार गर्दछन् । उनीहरू आफ्ना पुतली र खेलौनालाई खुवाउने, नुहाउने र माया गर्ने गर्दछन् । सबै गतिशीलवस्तुहरू जीवित हुन्छन् भन्ने धारणा यिनीहरूमा हुन्छ ।

(ii) **मृत्यु :** यस अवस्थाका बालबालिकाहरूले मृत्युको वास्तविक अर्थ बुझेका हुँदैनन् । उनीहरू कुनै वस्तु हराउनु, लोप हुनु वा नासिनुलाई मृत्युको रूपमा लिन्छन् ।

(iii) **शरीरसम्बन्धी कार्यहरू :** यिनीहरूमा शरीरका अङ्गहरूको काम तथा जन्मने प्रक्रियाका सम्बन्धमा स्पष्ट धारणा हुँदैन । बालबालिका यस्तो कार्य भगवान् वा आकाशबाट भएको मान्छन् ।

(iv) **स्थान :** यो अवस्थाका बालबालिकाहरूमा लामो दुरीको ज्ञान हुँदैन । यिनीहरूमा छोटा दुरीको मात्र सही ज्ञान हुन्छ । उनीहरू नजिकको वस्तुलाई ठूलो र टाढाको बस्तुलाई सानो भन्दछन् । चार वर्षका बालबालिकामा छोटो दुरीको ज्ञान हुन सक्छ भने लामो दुरीको ज्ञान

उत्तरबाल्यावस्थामा मात्रै विकास हुन सक्छ । तौल : बालबालिकाहरूले वस्तुको तौलको सही ज्ञान गर्न सक्दैनन् । उनीहरूले वस्तुका आकार अनुरूप तौलको अनुमान गर्दछन् ।

(vi) **सङ्ख्या :** बालबालिकाहरूमा संख्यासम्बन्धी ज्ञान अर्थपूर्ण हुँदैन । नर्सरी स्कुल तथा किन्डर गार्टेनमा प्रवेश गर्दासम्म उनीहरूले ५ सम्मको सङ्ख्या राम्रोसँग बुझ्न सक्छन् । यसभन्दा बढी सङ्ख्या जान्न त सक्छन् तर तिनीहरूको धारणा अर्थपूर्ण हुँदैन ।

(vii) **समय :** यस अवस्थाका बालबालिकाहरूमा समयावधिको ज्ञान हुँदैन । उनीहरूले एक घण्टा भन्नाले कति जनाउँछ भन्ने थाहा पाउँदैनन् । चार वा पाँच वर्षका केटाकेटीहरूमा हप्ताका दिनहरू र छ वर्षका केटाकेटीले महिना र वर्षको ज्ञान पाएका हुन्छन् ।

(vii) **आफ्नो बारे ज्ञान** : तीनवर्षको उमेर पुगेका बालबालिकाहरूले आफ्नो नाम, शरीरका विभिन्न अङ्गहरू भन्न र लिङ्ग समेत चिन्न सक्ने हुन्छन् ।

(ix) **यौन भूमिका :** बालबालिकाहरू पाँच वर्षको उमेर पुगेपछि उनीहरूमा उचित यौन भूमिकाको धारणाको विकास हुन्छ । लुगा लगाउने, खेल खेल्ने तथा अन्य कतिपय कामहरू यौनभेदका आधारमा फरकफरक लक्षण देखाउँछन् । केटाहरूमा अलि चाँडो यौन भूमिका देखिन्छ भने केटीहरूमा अलि ढिलो पनि हुन्छ ।

(x) **सामाजिक चेतना :** पूर्वबाल्यावस्थाको अन्त्यसम्ममा केटाकेटीहरूले अरूप्रतिको 'राम्रो, नराम्रो', 'चलाख, छुचो' जस्ता निश्चित विचारहरूको विकास भइसकेको हुन्छ ।

## (ग) सामाजिक विकास

उत्तर बाल्यावस्थाका बालबालिकाहरूले समूह (gang) बनाउँछन् । त्यसैले पूर्वबाल्यावस्थालाई पूर्वसमूह उमेर (pre-gang age) पनि भनिन्छ । जतिजति बालबालिकाको अरूसँग सम्बन्ध बढ्दै जान्छ उतिउति उनीहरूको सामाजीकरणको आधारशिला खडा हुँदै जान्छ । बालबालिकाहरू रमाउने गरी सामाजिक सम्पर्क रमाइलो हुनसके धेरै पटक सम्पर्कमा नआए तापनि उनीहरूमा सकारात्मक सामाजिक परिवर्तन देखा पर्न थाल्दछ । बालबालिकाले कुनै वस्तुका सम्बन्धमा जानकारी लिनका लागि व्यक्तिसँग अन्तक्रिया गर्न रुचाउँछन् भने तिनमा सामाजिक विकास छिटो हुन्छ । पूर्व बाल्यावस्थाका बालबालिकाहरू केटा केटैसँग र केटीहरू केटीसँग सम्पर्कमा आउन रुचाउँछन् । पूर्वबाल्यावस्थामा सामाजिक विकासको चर्चा गर्दा निम्नलिखित बुँदाहरूलाई आधार मान्न सकिन्छ :

(अ) प्रारम्भिक सामाजिकीरणको ढाँचा

(आ) सामाजिक स्वभावको पूर्वस्वरूप

(इ) पूर्वबाल्यावस्थाका साथीहरू

### (अ) प्रारम्भिक सामाजिकीकरणको ढाँचा

दुई वा तीन वर्षबीचका बच्चाहरूले अरू बच्चाहरूको खेल वा व्यवहारलाई हेर्न रुचाउँछन् । यस्तो अवस्थामा तिनीहरू अरूले जस्तै तर स्वतन्त्ररूपले खेल्न मन पराउँछन् । साना बालबालिकाहरूले आफ्ना उमेरका अरू बालबालिकासँग देखाउने सामाजिक क्रियाकलापको यो प्रारम्भिक स्वरूप हो । सामाजिक सम्पर्क बढ्दै गएपछि बालबालिकाहरू साथ दिने खेल वा सहयोगात्मक खेलको माध्यमबाट समूहमा अन्तक्रिया गर्न पुग्दछन् । चार वर्षको उमेर पुग्दासम्म बालबालिकाहरूमा सामाजिकीकरणको क्रममा बालबालिकाहरू सम्बन्धी पूर्व अभ्यास गर्दागर्दै समूहको नियम पालना गर्ने, अरूको विचारप्रति सचेत रहने जस्ता स्वभावको विकास हुन्छ ।

यस्ता स्वभावहरूले उनीहरूलाई समूहमा स्वीकार्य बनाउँछ र सामाजिक विकासलाई मद्दत पुऱ्याउँछन् ।

### (आ) सामाजिक स्वभावको पूर्वस्वरूप

यस अवस्थाका बालबालिकाहरूमा समाजमा समायोजित हुनका लागि आवश्यक पर्ने स्वभावगत विशेषताहरूको विकास हुन थाल्दछ । यो अवस्थामा उनीहरूमा सामाजिक तथा असामाजिक ढाँचाहरू देखा पर्दछन् । सामाजिक ढाँचाहरू अन्तर्गत नक्कल गर्ने, द्वन्द्व गर्ने, सहयोग गर्ने, सहानुभूति राख्ने, सामाजिक मान्यता प्राप्त गर्ने, साझेदारीको अभ्यास गर्ने र आत्मीय स्वभाव प्रदर्शन गर्ने जस्ता सकारात्मक विशेषता पर्दछन् भने वयस्कको अधिकारप्रति शारीरिक तथा मौखिक रूपमा प्रतिरोध गर्ने, चित्त नबुझेमा आक्रमक रूपमा प्रस्तुत हने, स्वाभिमानको प्रदर्शन गर्ने, आफू केन्द्रित स्वभावले गर्दा स्वार्थीपन देखाउने, लिङ्ग विरोधी भावनाको विकास गर्ने, तथा पूर्वाग्रह जस्तै अन्य जात वा धर्मका बालबालिकासँग नखेल्ने, जस्ता विरोधी वा असामाजिक ढाँचाहरूको विकास पनि यस अवस्थामा देखिन्छ ।

### (इ) पूर्वबाल्यावस्थाका साथीहरू

पूर्वबाल्यावस्थाको पहिलो र दोस्रो वर्षमा बालबालिकाको साथी समानान्तर मात्र हुन्छ यो सामाजिकीकरणको प्रारम्भमा देखा पर्दछ र यस अवस्थामा साथीहरूबीच प्रत्यक्ष सम्पर्क र अन्तक्रिया हुँदैन । समान उमेर वा लिङ्गको व्यक्तिलाई उनीहरूले अवलोकन गर्छन् र साथीत्वको अनुभूति प्राप्त गर्दछन् । दोस्रो अवस्थाका साथीहरू भन्नाले खेलका साथीहरू (Playmates) हुन् । बालबालिकाहरू जुनसुकै उमेर र लिङ्गका भए पनि उनीहरूको साथमा खेल्दा आनन्द लिन थालेपछि अन्तक्रिया अझ प्रभावकारी हुन थाल्दछ । खासगरी बालबालिकाहरू आफ्नै लिंगका केटा वा केटीलाई खेलसाथी बनाउन चाहन्छन् ।

तेस्रो अवस्थामा यस उमेरका बालबालिकाहरू वा आफ्नै उमेर समूहका केटाकेटीहरूको सम्पर्कमा रहन्छन् । उनीहरूले विश्वासका साथ आफ्ना व्यक्तिगत विचारहरू समेत समूहमा व्यक्त गर्दछन् र सल्लाह लिने वा दिने गर्दछन् ।

खासगरी यस अवस्थाका साथीहरूबीच अभिरुचि र मान्यता समान हुने गर्दछ । समान लिङ्ग भएकाहरूवीच बढी मित्रता रहन्छ ।

यसरी बालबालिकाहरूमा आपसी सम्पर्क र अनुभवको क्षेत्र विस्तार हुँदै गए अनुरूप सामाजिक स्वभावमा पनि परिवर्तन आउन थाल्दछ र सामाजिक विकासको गति पनि तीव्र हुँदै जान्छ ।

## (घ) संवेगात्मक विकास

पूर्ववाल्यावस्थामा संवेगहरू अत्यन्त तीव्र हुन्छन् । यस उमेरका बालबालिकाहरू बढी झोकी, अत्यधिक भयभीत र ईर्ष्यालु हुन्छन् । यस अवस्थामा बालबालिकाहरू तत्काल संवेगमा आउने हुँदा यस अवस्थालाई संवेगात्मक असन्तुलनको समय पनि भनिन्छ । विशेष गरी साढे दुई वर्षदेखि साढे तीन र साढे चार वर्षदेखि साढे छ वर्ष उमेरका बीचमा बढी असन्तुलन देखा पर्दछ । यस अवस्थाका बालबालिकाहरूमा उच्च संवेग (heightened emotion) देखापर्नुको मुख्य कारण शारीरिकभन्दा मनोवैज्ञानिक नै देखिन्छ । जस्तै - बालबालिकाहरूमा थकावट, खराब स्वास्थ्य, विकासात्मक परिवर्तन जस्ता शारीरिक कारणहरू भन्दा लगातार असफलता, इच्छामा अवरोध खडा हुनु, बढी महत्वाकाक्षा जस्ता मनोवैज्ञानिक कारणहरूले गर्दा नै उनीहरूमा तीव्र संवेग आउँछ । संवेगात्मक विकासलाई निम्नलिखित दुई भागमा प्रस्तुत गरिएको छ :

(अ) साझा संवेगहरू (आ) संवेगात्मक अभिव्यक्तिमा भिन्नता

### (अ) साझा संवेगहरू

पूर्वबाल्यावस्थामा वयस्कहरूमा देखिने प्रकृतिका जस्तै संवेगहरू देखापर्दछन् । बालबालिकाहरूमा संवेग उत्पन्न गर्ने उद्दीपकहरू (stimuli) र संवेग व्यक्त गर्ने प्रक्रिया भने वयस्कमा भन्दा फरक हुन्छ । यस अवस्थामा क्रोध, भय, ईर्ष्या, उत्साह, डाह (envy), आनन्द, दुःख (grief) र स्नेह (affection) जस्ता साझा संवेगहरू देखा पर्दछन् । पूर्वबाल्यावस्थाका साझा संवेगहरू निम्नानुसार छन् :

(i) **क्रोध :** कसैले बालबालिकाहरूको खेलौना खोसिदिएमा वा व्यवधान उत्पन्न गरेमा वा अन्य बच्चाहरूबाट जोडदार आक्रमण भएमा क्रोध देखाउँछन् । बालबालिकाहरूले कराउने, चिथोर्ने, गोडाले थिच्ने, लात मार्ने तथा तलमाथि उफ्रने गरेर क्रोधलाई व्यक्त गर्दछन् ।

(ii) **भय :** बालबालिकाहरूमा एकपटक कसैले डराउने प्रकारका व्यवहार प्रदर्शन गऱ्यो भने त्यो व्यक्तिसँग उनीहरू सधैं डराउने गर्छन् । डराउने जनावर तथा भूत जस्ता भावात्मक शब्दहरू र तिनीहरूको नक्कल, ठूला बडाले भन्ने कथाका डरलाग्दा पात्रहरू र तिनीहरूको स्मरणले बालबालिकामा भय उत्पन्न गर्दछ । बालबालिकाहरूले सुरुसुरुमा एक्कासि भयभीत भएर प्रतिक्रिया देखाउँछन् भने पछि गएर टाढा दौडने, लुक्ने, कराउने र त्रासको वातावरणबाट आफू अलग रहने प्रयास गर्दछन् ।

(iii) **ईर्ष्या :** बालबालिकाहरूलाई आमाबाबुको माया अन्य कुनै बच्चा तर्फ वा आफूभन्दा साना बच्चातर्फ गएको भन्ने लागेमा ईर्ष्या व्यक्त गर्दछन् । यस्तो अवस्थामा उनीहरूले बिछ्यौनामा पिसाब गर्ने, बिरामी भएको बहाना गर्ने तथा उपद्रव मच्चाउने जस्ता कार्यहरू गरेर ईर्ष्या व्यक्त गर्दछन् र अरूको ध्यान आफूतर्फ आकर्षित गराउन खोज्दछन् ।

(iv) **उत्सुकता :** बालबालिकाहरू कुनै नयाँ वस्तुहरू देखेमा वा आफ्नो र अरूको शरीरका अङ्ग प्रत्यङ्गप्रति उत्सुक हुन्छन् । सुरुसुरुमा उनीहरूले छोएर, चलाएर तथा चुसेर उत्सुकता प्रदर्शन गर्दछन् भने पछि सामाजिक दबाब वा दण्डका कारण प्रश्न सोधेर उत्सुकता व्यक्त गर्दछन् ।

(v) **डाह :** बालवालिकाहरूमा आफू जस्तै अर्को बच्चाले नयाँ करा पायो र आफ्नो भन्दा बढी क्षमता देखायो भने सो पाउनका लागि उनीहरूमा डाह उत्पन्न हुन्छ । आफूसँग कुनै वस्तु हुँदाहुँदै अरूसँग भएको वस्तु पाउनका लागि दाबी गर्दछन् ।

(vi) **आनन्द :** साना बालबालिकाहरू आफूले कठिन ठानेको काम गर्न सकेमा आकस्मिक हल्ला वा आवाज सुनेमा, सानोतिनो दुर्घटना देखेमा (कोही चिप्लेमा वा ठोकिएमा आदि), काउकुती लगाउन पाएकोमा तथा पिङ खेल्न पाएमा आनन्दित हुन्छन् । उनीहरूले आफ्नो आनन्दलाई मुस्कान, हाँसो, ताली बजाएर. उफ्रेर वा खुसी तल्याउने वस्तु वा व्यक्तिलाई मज्जासँग अँगालो मारेर अभिव्यक्त गर्दछन् ।

(vii) **दुःख :** बालबालिकाहरू आफूलाई मन पर्ने वस्तु वा व्यक्ति हराएमा दुःख मान्दछन् । यिनीहरूले रोएर वा साधारण क्रियाकलापमा अभिरुचि नदेखाएर वा खाना खान छोडेर दुख व्यक्त गर्दछन् ।

(viii) **स्नेह :** बालबालिकाहरू आफूलाई आनन्द दिने व्यक्ति, जनावर तथा वस्तुहरूलाई स्नेह गर्दछन् । सुरुसुरुमा उनीहरू मनपर्ने वस्तुलाई अँगालो मार्ने, सुम्सुम्याउने, म्वाई खाने र पछि बोलेर स्नेह व्यक्त गर्दछन् ।

**संवेगात्मक अभिव्यक्तिमा भिन्नता**

पूर्वबाल्यावस्थाका संवेगहरू बारम्बार देखिनुमा धेरै कारणहरू हुन सक्छन् । संवेगहरू कुनै उमेरमा बढी र कुनै उमेरमा कम हुन्छन् । जस्तै २ र ४ वर्षका बीचमा क्रोध बढी हुन्छ भने पछि क्रमशः घट्दै जान्छ । त्यस्तै २ वर्षको उमेरमा ईर्ष्या बढी हुन्छ र पछि झन् बढ्दै जान्छ । यौन भिन्नताले पनि संवेग प्रस्तुतिमा फरक पार्दछ । केटाहरूले केटीहरूले भन्दा बढी संवेग व्यक्त गर्दछन् । केटाहरूले केटीहरूले भन्दा बढी रिस वा खुसी व्यक्त गर्दछन् जबकि केटीहरूमा स्नेह, भय र ईर्ष्या जस्ता संवेग बढी हुन्छन् ।

परिवारको आकारले ईर्ष्या र डाहको मात्रा र तीव्रतामा फरक पार्दछ । सानो परिवारका बच्चामा ईर्ष्या बढी हन्छ भने ठूलो परिवारको बच्चामा डाह गर्ने प्रवृत्ति बढी हुन्छ । पहिले जन्मेको बच्चाले पछिल्लो बच्चाको बढी डाहा गर्छ तर पछिल्लो बच्चाले अघिल्लोलाई कम ईर्ष्या गर्छ । परिवारमा वालकहरूलाई अनुशासित गर्ने विधि वा तरिकाले पनि संवेग प्रदर्शन

गर्ने ढङ्गमा फरक पार्दछ । आमाबाबु बढी दवावपूर्ण शासन कायम गर्न चाहन्छन् भने पनि बालबालिकाहरूहरूमा क्रोध बढी हुने सम्भावना हुन्छ ।

## ३.३ उत्तर बाल्यावस्था

केटाहरूको ६ वर्षदेखि १४ वर्षसम्म र केटीहरूको ६ वर्षदेखि १३ वर्षसम्मको उमेरसम्म उत्तर बाल्यावस्था रहन्छ । बालबालिकाहरूको अभिवृत्ति तथा व्यवहारमा बृहत् रूपमा परिवर्तन आउने अवस्था पनि उत्तर बाल्यावस्था हो । केटाहरूभन्दा केटीहरूमा यौन परिपक्वता चाँडै आउँछ । उत्तर बाल्यावस्थाको सुरुमा बालबालिका घरको साँगुरो वातावरणबाट विद्यालयको फराकिलो र खुला वातावरणमा पुग्छन् । यस अवस्थाको अन्त्यसम्ममा यौन परिपक्वताको विकास हुने हुँदा आफूलाई असजिलो महसुस गर्दछन् । यसवेला बालबालिकाहरूका लागि व्यक्तिगत र सामाजिक रूपमा समायोजित हुन कठिनाइ पर्दछ ।

उत्तर बाल्यावस्थाका बालबालिकाहरूमा शारीरिक परिवर्तनले परिवार तथा साथीसमूहमा समायोजित हुन अप्ठयारो पर्दछ । चाँडै यौन परिपक्वता आएमा उत्तरवाल्यावस्थाको अवधि छोटो हुन सक्छ भने यौन परिपक्वता ढिलो आएमा उत्तर बाल्यावस्थाको अवधि लम्बिन सक्छ ।

पर्व बाल्यावस्थालाई विभिन्न नामले पुकारे जस्तै उत्तर बाल्यावस्थालाई पनि आमाबाबु, शिक्षाविद् तथा मनोवैज्ञानिकहरूले विभिन्न नाम दिएका छन् । यिनै नामका आधारमा यिनीहरूको विशेषताबारे छलफल गर्न सकिन्छ । आमाबाबुका अनुसार यो दुःख दिने, फोहोरी र झगडालु उमेर हो, शिक्षाविद्का अनुसार यो विद्यालय जाने र नाजुक उमेर हो भने मनोवैज्ञानिकका अनुसार यो समूह, रचनात्मक र खेलको उमेर हो । उत्तर बाल्यावस्थाका विशेषताहरू निम्नलिखित रहेका छन् :

(अ) **दुःख दिने वा सताउने उमेर :** यो अवस्थाका बालबालिकाहरू आमाबाबुले भन्दा उनीहरूका साथीहरूले भनेको कुरा बढी मान्दछन् । बालबालिकाहरू आफ्ना आमाबाबुलाई नटेर्ने र सताउने गर्छन् । यिनीहरूले साथीहरूसँगसँगै उपद्रव र बदमासी कार्य गर्दै हिँड्दछन् । त्यसैले यस अवस्थालाई दुःख दिने वा सताउने उमेर भनिन्छ ।

(आ) **फोहोरी उमेर :** यो अवस्थाका बालबालिकाहरू आफ्ना खेलौना, लुगाफाटा तथा कापी किताबहरूलाई जतनसाथ राख्दैनन् । बालबालिकाहरू सफासुग्घर रहँदैनन् र आफ्नो कोठालाई पनि सफासुग्घर बनाएर राख्दैनन् ।

(इ) **झगडालु उमेर :** बालबालिकाहरू आफूभन्दा ठूलाको अर्ती उपदेशभन्दा साथीको भनाइ मान्ने, उनीहरू आफ्ना दाजुभाइ तथा दिदीबहिनीसँग चल्ने, जिस्कने र निहुँ खोज्ने गर्छन् । आफ्नै उमेरका अरू केटाकेटी घरमा हुने हो भने झन् धेरै झगडा भइरहन्छ । उनीहरूका बीच घरमा दिनहुँजसो होहल्ला, कचिङ्गल र कुटपिट भइरहन्छ । यसबाट सम्पूर्ण घरको वातावरण अशान्त बन्न पुग्दछ ।

(ई) **विद्यालय जाने उमेर :** उत्तर बाल्यावस्था विद्यालय जाने उमेर हो । यो उमेरसम्ममा उनीहरूमा सिकाइका लागि शारीरिक एवम् मानसिक परिपक्वता प्राप्त गरिसक्ने हुँदा यो अवस्थालाई औपचारिक शिक्षा सुरु गर्ने समय भनिएको हो । यस अवस्थामा

बालबालिकाले वयस्क जीवनका लागि आवश्यक पर्ने ज्ञान, सीप तथा स्वभावहरू पाठ्यक्रम, पाठ्यपुस्तक वा अतिरिक्त क्रियाकलापहरू मार्फत् सिक्दछन् ।

(उ) **सोचनीय उमेर :** यो अवस्थाका बालबालिकाहरू सिकाइ उपलब्धिमा पछि परे भने पछिसमेत पढाइमा कमजोर हुँदै जान्छन् । अर्थात् यस अवस्थामा परेको छाप पछिसम्म पनि रहिरहने हुँदा यसलाई नाजुक वा सोचनीय उमेर (critical age) भनिएको हो । पढाइमा कम उपलब्धि भएमा सन्तोष मान्ने बालबालिकाहरू पछि पनि कमै उपलब्धि प्राप्त गर्ने हुन्छन् ।

(ऊ) **समूह उमेर :** यस अवस्थामा बालबालिकाहरू कुनै एउटा समूहसँग आबद्ध हुन चाहन्छन् । उनीहरू समान उमेर, लिङ्ग र अभिरुचिका साथीहरूसँग समूहमा बस्न रुचाउँछन् । समूह (gang) को व्यवहार, मूल्य, मान्यता र रुचिलाई प्राथमिकता दिन्छन् र घरका नियम र व्यवहारलाई यिनीहरूले उल्लङ्घन गर्न पछि पर्दैनन् । उनीहरू विपरीत लिङ्गी र अन्य समूहका सदस्यसँग नकारात्मक धारणा र व्यवहार राख्दछन् ।

(ए) **रचनात्मक उमेर :** यस अवस्थाका बालबालिकाहरू वयस्क वा आफ्ना समूहका साथीहरूले विरोध नगरेमा आफ्नो क्षमतालाई नौलो वा रचनात्मक कार्यमा लगाउन रुचाउँछन् । यिनीहरूमा सिर्जनशीलताको विकास पूर्व बाल्यावस्थामै प्रारम्भ हुने भए तापनि यिनीहरूले यो अवस्थाको अन्त्यसम्ममा अनेकौं रचनात्मक कार्यहरू गरिरहेका हुन्छन् । यसै अवस्थाको अभ्यासले उनीहरूको भावी जीवनको खाका कोर्न सकिन्छ । बालबालिकाहरू आ-आफ्नो रुचिअनुसार चित्र कोर्ने, काठ तथा माटाका विभिन्न नमुनाहरू तयार गर्ने, सिउने तथा चित्रमा रङ भर्ने कार्यद्वारा आफ्नो रचनात्मक क्षमताको विकास गर्दछन् ।

(ऐ) **खेल उमेर :** विद्यालय जाने उमेर भएकाले यस अवस्थाका बालबालिकाहरूले खेलमा धेरै समय दिन पाउँदैनन् । विद्यालयको गृहकार्य सकेर वा विद्यालयमा फुर्सदको समय भएमा धेरैजसो समय खेलमा बिताउन रुचाउँछन् । उनीहरूको खेलमा रुचि र क्रियाकलाप एकैनासको हुन्छ । यस उमेरका बालबालिकाहरू रचनात्मक तथा मनोरञ्जनात्मक खेल खेल्दछन् । यस अवस्थाका केटाकेटीहरूको खेलमा पाइने सहभागिताको आधारमा यस अवस्थालाई खेल्ने उमेर भनिएको हो ।

### उत्तर बाल्यावस्थाको बालबालिकाका विशेषताहरू

#### (क) शारीरिक विकास

उत्तर बाल्यावस्थामा शारीरिक विकास ढिलो र एकनासले हुन्छ । खासगरी यौन परिपक्वता नआउन्जेलसम्म शारीरिक विकासको गति मन्द रहन्छ । यस अवस्थाको अन्तिम दुई वर्षमा भने शारीरिक वृद्धि तीव्र रूपमा हुन्छ । यस अवस्थामा शारीरिक विकासमा भिन्नता पाइने भए तापनि माथि भनिएको ढाँचाको अनुसरण भएको हुन्छ । अर्को अर्थमा भन्नुपर्दा जुन ढाँचामा बालबालिकाको शारीरिक विकास हुनुपर्ने हो सोही ढाँचाको अनुसरण यस अवस्थामा पनि भएको पाइन्छ । शारीरिक विकासमा भिन्नता हुनुमा धेरै कारणहरू हुन सक्दछन् । उनीहरूको वृद्धि र विकासमा राम्रो स्वास्थ्य, पौष्टिक आहार, बालबालिकाहरूमा दिइने रोग विरुद्धको खोप, संवेगात्मक स्थिति,, बुद्धिको विकास, यौनभिन्नता आदिले फरक ल्याउँछ । जस्तो राम्रो पौष्टिक आहार पाउने, राम्रो हेरचाह पाएका बच्चाहरूको शारीरिक वृद्धि राम्रो

हुन्छ, अग्ला र हृष्टपुष्ट हुन्छन् । त्यस बेला संवेगात्मक सन्तुलन कायम गर्ने बच्चाहरूको विकास संवेगात्मक रूपमा विचलित हुने बच्चाहरू भन्दा राम्रो हुन्छ । तेज बुद्धि भएका बालबालिकाहरू मन्द बुद्धि भएका बालबालिकाहरूभन्दा अग्ला र गठिला हुने कुरा विभिन्न अध्ययनले देखाएको छ ।

उत्तर बाल्यावस्थाको प्रारम्भमा लिङ्गको भिन्नताले वृद्धि र विकासमा कम मात्र असर पार्दछ । उत्तर बाल्यावस्थाको अन्त्यतिर केटा र केटी दुवैमा यौन परिपक्वता आउने भए तापनि केटीहरूको विकास केटाहरूको भन्दा चाँडै हुन्छ । केटीहरूले चाँडै यौन परिपक्वता प्राप्त गर्ने हुनाले नै यसो भएको हो । यस अवस्थामा हुने महत्वपूर्ण शारीरिक परिवर्तनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**(अ)** **उचाइ :** यस अवस्थाका बालबालिकाको उचाइमा २/३ इन्चका दरले वार्षिक वृद्धि हुन्छ । आखिरीतिर केटाहरूभन्दा केटीहरू केही बढी अग्ला हुन्छन् । .

**(आ)** **बजन :** यस अवस्थामा तौलको वृद्धिदर वार्षिक ३ देखि ५ पौन्ड हुन्छ । उचाइमा जस्तै वजनमा पनि यस अवस्थाको अन्त्यतिर केटीहरूको वजन केटाहरूको भन्दा बढी हुन्छ ।

**(इ)** **शरीर अनुपात :** यस अवस्थामा सम्पूर्ण शरीरको अनुपातमा टाउको ठूलो हुन्छ । मुख र चिउँडो ठूलो, निघार चौडा हुन्छ, नाक लामो देखिन्छ, ओठ बाहिर निस्कन्छ, काँध ठूलो .हुन्छ, छाती फराकिलो हुन्छ, घाँटी लामो हुन्छ, पाखुरागोडा लम्बिन्छन् ।

**(ई)** **दाँत :** यस अवस्थाको अन्त्य र यौवनावस्थाको प्रारम्भसम्ममा एउटा वयस्कमा हुने ३२ ओटा दाँतहरूमध्ये २८ ओटा स्थायी दाँतहरू आइसकेका हुन्छन् । बाँकी दाँतहरू १७ देखि २५ वर्षको बीचमा आउँछन्, जसलाई बुद्धि बङ्गारो भनिन्छ । नेपालमा बालबालिकाहरूको विभिन्न अवस्थाका सम्बन्धमा राष्ट्रिय रूपमा अध्ययन भएको पाइँदैन । केही सानातिना अध्ययनबाट के पत्ता लागेको छ भने नेपाली केटाकेटीहरूको उचाइ र तौल पाश्चात्य देशका केटाकेटीको तुलनामा धेरै कम भएको पाइन्छ ।

**(ख) बौद्धिक तथा मानसिक विकास**

यस अवस्थाका बालबालिकाहरू आफ्नो बोलीमा सुधार ल्याएर समूहमा घुलमिल हुन सक्षम हुन्छन् । समस्या समाधानमा क्रमशः सुझबुझको प्रयोग गर्दछन् । आफूले भनेका कुराहरू अरूलाई बुझाउने प्रयास गर्छन् भने अरूको भनाइलाई अर्थ दिन सक्ने हुन्छन् । शब्दभण्डारको विकास हुनुका साथै यिनीहरू पूर्ण वाक्यहरूको पनि प्रयोग गर्न सक्ने हुन्छन् । यसबाट उनीहरूको बौद्धिक क्षमताको वृद्धि हुँदै जान्छ । यस अवस्थाका बालबालिकाहरूको. बौद्धिक तथा मानसिक विकासलाई निम्नलिखित पक्षहरूलाईबाट हेर्नसकिन्छ :

(अ) भाषाको विकास (आ) बुद्धि या सुझको विकास (इ) धारणाको विकास

**(अ) भाषाको विकास**

बोलीको विकासबाट भाषाको विकासमा मद्दत पुग्दछ । बालबालिकाहरूको बोली, वचन स्पष्ट र राम्रो भएमा उनीहरूले सामाजिक स्वीकृति पाउँछन् । विद्यालयमा पढ्न थालेपछि बालबालिकाहरूको वाचन क्षमतामा सुधार आउँछ । राम्रो सञ्चारका लागि वाचन जरुरी हुन्छ र वाचनमा सुधार आएपछि भाषाको विकास सम्भव हुँदै जान्छ ।

आफूभन्दा ठूला केटाकेटीहरूले बोलेको सुनेर वा तिनीहरूसँग अन्तक्रिया गरेर पनि यस अवस्थाका बालबालिकाहरूले भाषामा सुधार ल्याउँछन् । विद्यालयमा औपचारिक शिक्षा दिने सिलसिलामा शिक्षकहरूबाट पनि भाषामा सुधार ल्याइन्छ । सञ्चारका माध्यमहरू जस्तै, रेडियो, टेलिभिजन आदि सुनेर पनि बालबालिकाहरूको भाषामा सुधार आइराखेको हुन्छ । यसरी भाषाको विकासबाट नयाँनयाँ शब्दभण्डार तथा वाक्यनिर्माणमा समेत विकास हुँदै जान्छ । उत्तर बाल्यावस्थामा विकास हुने विशेष शब्दभण्डारको क्षेत्र शिष्टाचार जनाउने, रङ अभिव्यक्त गर्ने, सङ्ख्या अभिव्यक्त गर्ने, रुपियाँपैसा सम्बन्धी, समय जनाउने, लज्जायुक्त तथा कसम खाने, गोपनीयता सम्बन्धी शब्दहरू आदि पर्दछन् ।

यस अवस्थामा बालबालिकाहरूले उच्चारण गर्दा प्राय त्रुटि गर्दछन् । यस अवस्थाका बालबालिकाले आफ्नो उच्चारण त्रुटिलाई आमाबाबु, शिक्षक तथा ठूला केटाकेटीहरूबाट सुधार्ने मौका पनि पाउँछन् । यस अवस्थाका ६ वर्षदेखि ९ वर्षसम्मका केटाकेटीहरूले लामो वाक्य बोल्ने प्रयास गर्दछन् । यिनको बोलाइका वाक्यहरू त्रुटिपूर्ण हुने सम्भावना बढी हुन्छ भने ९ वर्षपछि उनीहरू छोटा र सङ्गठित वाक्यहरू बोल्न थाल्छन् ।

### (आ) बुद्धि वा सुझको विकास

यस अवस्थाका बालबालिकाहरूमा साथीहरूसँग भएको अन्तक्रिया वा शिक्षकसँग भएको अनुभवलाई अर्थ दिन थाल्दछन् । आफूलाई अरूले के भनेका छन् भन्ने कुराको अर्थ दिन सकेमा मात्र आफ्नो कुराको अर्थ लाग्न सक्ने कुरामा विस्तारै उनीहरूलाई थाहा हुन्छ । यसबाट उनीहरूको बुद्धि वा सुझको विकास सम्भव हुन्छ । बालबालिकाहरूसँग कुरा गर्ने व्यक्तिले उनीहरूले आफ्नो कुरा बुझे कि बुझेनन् भन्ने कुराको ख्याल गर्नुपर्दछ । यस्तो परिस्थितिमा उनीहरूलाई नबझेको शब्द वा वाक्यका बारेमा प्रश्न गर्न प्रेरणा दिनपर्दछ । पूर्व बाल्यावस्थाका बालबालिकाहरू धेरै बोल्ने, जिज्ञासा राख्ने र प्रश्नहरू गर्ने हुन्छन् भने यस अवस्थामा परिस्थितिलाई बुझ्ने प्रयास गर्दछन् र थोरै बोलेर परिस्थितिको जानकारी लिन चाहन्छन् । यसरी सुझको विकासले उनीहरूको बौद्धिक विकासमा सहयोग पुऱ्याएको हुन्छ ।

### (इ) धारणाको विकास

कुनै वस्तुहरूप्रतिको धारणाको विकास पूर्व बाल्यावस्थामै प्रारम्भ हुने भए तापनि ती धारणाहरूप्रतिको स्पष्ट बुझाइको विकास भने उत्तर बाल्यावस्थामा मात्र सुरु हुन्छ । यस अवस्थामा बालबालिकाहरूका धारणाहरू विशिष्ट तथा ठोस हुन्छन् । मनोवैज्ञानिक पियाजेका अनुसार यो संज्ञानात्मक विकासको ठोस क्रियात्मक अवस्था (Concrete operation stage) हो । हर्लकले यस अवस्थामा निर्माण हुने धारणा निम्नानुसार हुने व्यक्त गरेका छन् :

(i) **जीवन र मृत्यु :** बालबालिकाहरू सबै गतिशील वस्तुहरू जीवित होइनन् भनी बुझ्दछन् । जस्तै : चन्द्र, सूर्य, नदी, गाडी आदि जीवित वस्तु होइनन् भन्ने ज्ञान यिनीहरूलाई हुन्छ । परिवारका सदस्य या पाल्तु जनावरको मृत्युबाट दुःखी हुने र मृत्युको अर्थ बुझ्ने हुन्छन् ।

(ii) **शरीरसम्बन्धी कार्यहरूको धारणा :** बालबालिकाहरूमा शारीरिक क्रियासम्बन्धी धारणाको विकास ढिलो हुन्छ । शरीरक्रियासम्बन्धी ज्ञान विद्यालयमा दिन थालेपछि मात्रै बालबालिकाहरूमा सोको ज्ञान हुन थाल्दछ । बालबालिकाहरूले १२/१३ वर्षको उमेरमा शारीरिक क्रियाकलापबारे ज्ञान लिन सक्दछ ।

(iii) **समय :** विद्यालयमा प्रवेश गरेपछि दैनिक समयतालिकाबारे जानकारी पाउँछन् । उनीहरू क्रमशः महिना तथा वर्षको नाम पनि बताउन सक्ने हुन्छन् । ७ वर्षका बालबालिकाहरू बजे र महिना बताउन सक्छन् भने ८ वर्षका बालबालिकामा मिनेट र सेकेन्डको ज्ञान हुन्छ ।

(iv) **मुद्रा :** यस अवस्थामा बालबालिकाहरू रुपियाँ, पैसा चिन्न र साधारण किनमेल गर्न सक्ने हुन्छन् । मुद्रासम्बन्धी धारणा बढी अर्थपूर्ण हुन बच्चाले मुद्रा खेलाउन र त्यसको प्रयोग गर्ने अवसरमा भरपर्दछ ।

(v) **आफ्नोबारे ज्ञान :** बालबालिकाहरूले आफूलाई शिक्षकले हेर्ने दृष्टिकोण, आफ्ना साथीहरू बीचमा उपलब्धिको तुलना, आफ्नो क्षमता, स्तर आदि थाहा पाई आफूप्रतिको आफ्नो धारणा विकास गर्दछन् ।

(vi) **यौन भूमिका** : बालबालिकाहरूले उत्तर बाल्यावस्थाको अन्त्यसम्म आ-आफ्नो यौनसम्बन्धी भूमिका थाहा पाउँछन् । ७/८ वर्षको उमेरमा बालबालिकामा यौनचेतना आउन थाल्दछ भने ८ देखि ११ वर्षसम्मका बच्चाहरूले शारीरिक अन्तर देखाएर यौन विभेद प्रस्ट पार्दछन् ।

(vii) **सामाजिक भूमिका :** दौंतरी समूहमा घुलमिल हुँदा वा विद्यालय र परिवारमा रहँदा हरेक व्यक्तिको आ-आफ्नो सामाजिक भूमिका हुन्छ भन्ने कुरा यिनीहरूले बुझिसकेका हुन्छन् ।

(viii) **सुन्दरता :** साथीहरूको समूहले ठम्याएको आधारमा सुन्दर वा कुरूपको व्याख्या गर्दछन् । सौन्दर्यसम्बन्धी धारणाको विकासका लागि सांस्कृतिक वातावरणको ठूलो प्रभाव पर्दछ ।

यस अवस्थामा व्यङ्ग्यात्मक धारणा पनि विकसित हुन थाल्दछ । केटाकेटीहरूले सामान्य व्यवहारसँग नमिल्ने अनौठा र असङ्गत कुराहरूलाई हास्यव्यङ्ग्यात्मक ढङ्गबाट धारणाहरू व्यक्त गर्दछन् ।

### (ग) सामाजिक विकास

उत्तर बाल्यावस्थालाई "समूह उमेर" (gang age) को रूपमा चिनिन्छ किनभने यो अवस्थामा केटाकेटीहरू साथी समूह वा दौंतरीका क्रियाकलापमा बढी अभिरुचि राख्दछन् भने समूहले आफूलाई स्वीकार गरोस् भन्ने चाहन्छन् । यिनीहरू घरमा एक्लै वा घरका अन्य सदस्यहरूसँग खेल्न रुचाउँदैनन् । यस अवस्थामा केटाकेटीहरू ठूलोठूलो समूहको क्रियाशील सदस्य बन्न चाहन्छन् ।

उत्तर बाल्यावस्थाका बालबालिकाहरूको समूह भनेको वास्तवमा खेल समूह हो । यस्तो समूह समान लिङ्गको हुन्छ । बालबालिकाहरूको समूहले सामाजिक तवरले अस्वीकार्य व्यवहार बढी देखाउँछन् । सुरुमा यस्तो समूहमा तीन वा चार जना सदस्य

हुन्छन् भने खेलमा विस्तार हुँदै जाँदा र अभिरुचि बढ्दै जाँदा समूहका सदस्यहरूको सङ्ख्या बढ्दै जान्छ । यस्तो समूहले वयस्कको नजर नपर्ने ठाउँमा बैठक गर्दछन् । यस्तो समूहका सदस्यहरूको सङ्केतका रूपमा लुगा तथा अन्य स्वभावमा समानता हुन्छ जसलाई समूह सङ्केत भन्न सकिन्छ । समूहकों नेता अरू सदस्यहरूभन्दा सबै पक्षमा उत्कृष्ट हुन्छ र ऊ मान्य पनि हुन्छ ।

यस्तो बालसमूहमा रहेर बालबालिकाहरूले कतिपय सामाजिक गुणहरूको विकास गर्दछन् । समूहमा संलग्नता भएबाट उनीहरूले समान उमेर भएका बालबालिकासँग समायोजन, समूहप्रति बफादारी, सामूहिक क्रियाद्वारा आत्म सन्तोषजस्ता सामाजिक गुणहरूको विकास गर्दै नयाँ मूल्य, स्वभाव तथा सामाजिक ढाँचाको ग्रहण गर्दछन् । अरूको भावनाको कदर, अरूलाई मनपर्ने खालको व्यवहार प्रदर्शन, प्रतिस्पर्धा र समूहका सदस्यलाई सहयोग जस्ता सामाजिक गुण पनि यस अवस्थामा विकास हुन्छ । त्यस्तै वयस्कहरूबाट प्रशंसा पाउने खालको व्यवहार प्रदर्शन गर्ने प्रयास गरेर सामाजिक रूपमा स्वीकार्य हुन खोज्छन् ।

यस अवस्थाका बालबालिकाहरूमा हुने समूहको भावनाले सामाजीकरणको प्रक्रियालाई बाधा पुऱ्याउन पनि सक्छ । यस्तो अवस्थामा बालबालिकाले आमाबाबुद्वारा स्थापित सामाजिक स्वभावको स्तरलाई मान्दैनन् । यसले गर्दा उनीहरू आमाबाबुसँग झगडा गर्ने वा तीव्र संवेगको अवस्थामा आउने डर हुन्छ ।

समूहको अर्को नकारात्मक असर भनेको विपरीत लिङ्गी साथीहरूप्रति विरोधी भावनाको विकास हुनु हो । कुनै केटाकेटीहरूले विपरीत लिङ्गीलाई साथी बनाए भने उनका समानलिङ्गी साथीहरूले कुरा काट्ने र समूहबाटै निकालिदिने भयले सामाजिकीकरण प्रक्रियामा बाधा पर्न सक्छ । यस्तो अवस्थामा केटाहरूलाई केटी साथी बनाउँदा सजिलो हुनसक्छ, तर केटीलाई केटा साथी बनायो भने परिवार वा समूहबाट दवाव सहनुपर्ने हुन्छ । यसको कारण केटीहरूमा चाँडो यौन परिपक्वता आउनुले पनि यसो हुन गएको हो ।

समूहका साथीहरू सामाजिक र आर्थिक कारणबाट भिन्न हुन थालेपछि उनीहरूप्रति पूर्वाग्रह राख्न समूह धारणाको अर्को कमजोरी हो । भाषा, धर्म, सामाजिक, आर्थिक अवस्थाले यस्तो भिन्नता उत्पन्न गर्न थाल्दछ । समूहका साथी नभएको कारणबाट उसलाई मित्रवत् व्यवहार नगर्ने प्रवृत्तिले उनीहरूका बीचमा अन्तर्क्रिया हुँदैन र स्वभावैले सामाजिक बाधा उत्पन्न हुन्छ ।

यो अवस्थाका केटाहरू १/२ जनाको समूहमा भन्दा धेरैको समूहमा खेल्न रुचाउँछन् भने केटीहरू १/२ जनासँग धेरै घनिष्टता साथ खेल्न रुचाउँछन् । केटाकेटी सकभर आफ्नै कक्षाका सहपाठीहरूलाई साथी बनाउन रुचाउँछन् । यस अवस्थामा साथी छनौटका लागि व्यक्तित्वले ठूलो प्रभाव पार्दछ ।

### (घ) संवेगात्मक विकास

उत्तर बाल्यावस्थाका संवेगहरू पनि पूर्व बाल्यावस्थाका संवगहरूसंग समान हुन्छन् । यस अवस्थाका बालबालिकाहरू अरूलाई मन नपराउने संवेगहरू उत्पन्न हुन दिदैनन् । उनीहरू

अप्रिय संवेगलाई दमन गर्ने प्रयास गर्दछन् । त्यसैले यस अवस्थाका संवेगहरू बढी नियन्त्रित र शिष्ट हुन्छन् ।

यस अवस्थाका बालबालिकाहरू आनन्ददायी हुन्छन् । कुनै परिवारमा एक्लो बच्चा छ भने संवेगहरू तीव्र रूपमा अभिव्यक्त हुन सक्दछन् । आनन्ददायी संवेगहरू व्यक्त गर्ने ढङ्गमा भने त्यति परिपक्वता आइसकेको हुँदैन तथापि वयस्कहरूले त्यस्ता प्रिय तथा सुखद संवेगहरू बुझ्न सक्दछन् । ६ देखि १० वर्षसम्मका बालबालिकाहरू संवेगात्मक दृष्टिबाट अधिकमात्रामा सन्तुलित हुन्छन् । यस्तो अवस्थामा केटाहरूभन्दा केटीहरू बढी बोल्ने गर्छन् । उच्च सामाजिक आर्थिक अवस्था भएकाहरू पनि बढी बोल्ने गरेको पाइएको छ । अस्वस्थ बालबालिकाले बढी भयभीत रूपमा संवेगहरू अभिव्यक्त गर्दछन् । यस्तो अवस्थामा अस्वस्थ बालबालिकामा नैराश्यता र चिन्ता बढी हुन्छ केटीहरू रोएर आफ्नो अप्रिय संवेगलाई व्यक्त गर्दछन् भने केटाहरू अँध्यारो र विकृत अनुसार पारेर त्यस्ता संवेगहरू प्रदर्शन गर्दछन् । यस अवस्थामा केटाहरूमा क्रोध, जिज्ञासा जस्ता संवेगहरू पाइन्छन् भने केटीहरूमा भय, प्रेम र चिन्ता जस्ता संवेगहरू देखा पर्छन् ।

उत्तर बाल्यावस्थाका संवेगहरू पूर्व बाल्यावस्थाका संवेगहरू जस्तै हुने भए तापनि त्यस्ता संवेगहरू उत्पन्न हुने अवस्था र ती संवेगहरूलाई व्यक्त गर्ने तरिकामा भने फरक पाइन्छ । खिसी गर्ने, गिजिने, अट्टहास गर्ने, बुलिङ्ग गर्ने तथा भूइँमा लडीबुडी गर्ने जस्तो रोचक शैलीमा यिनीहरू आफ्ना संवेगहरू व्यक्त गर्दछन् ।

यस अवस्थाका बालबालिकाहरू शारीरिक रूपमा अस्वस्थ भएमा वा अत्यधिक थकित भएमा उच्च संवेग देखाउँछन् । घरमा झै-झगडा भएमा, नयाँ विद्यालयमा प्रवेश नयाँ परिस्थितिको सामना जस्ता परिस्थितिमा उनीहरूमा उच्च संवेग देखिन सक्दछ ।

बालबालिकाका संवेगहरूलाई दमन गर्नुहुँदैन । यसो गर्नाले उनीहरूमा विकृति पैदा हुन्छ । सामाजिक रूपमा अस्वीकार्य ढङ्गबाट संवेगहरू प्रदर्शन नगर्नका लागि अरूलाई असर नपर्ने गरी खेल खेलेर, हाँसेर, रोएर तथा आफ्नो मिल्ने साथीसँग भावना व्यक्त गरेर र छलफल गरेर उच्च संवेगको प्रभावलाई कम गर्ने अवसर बालबालिकाहरूलाई दिनुपर्दछ । यस्तो भएमा बालबालिकाहरूले डर ईर्ष्या, दुःख र चिन्ताबाट मुक्त हुने, दुःख र चिन्ताबाट मुक्त हुने अवसर पाउँछन् ।

## ३.४ यौवनावस्था

बालविकासका विभिन्न चरणमध्येको एउटा महत्वपूर्ण अवस्था यौवनावस्था हो । बालिकाहरूको ११ देखि १५ वर्षको अवस्था र बालिकाहरूको १२ वर्षदेखि १६ वर्षसम्मको अवस्थालाई यौवनावस्था भनिन्छ । यौवनावश्थाका विशेषताहरू निम्नानुसार छन् :

### १. यौवनावस्थाका विशेषताहरू

### (क) यौवनावस्था एउटा खप्टिएको (Overlapping) अवस्था हो ।

यौवनावस्थालाई खप्टिएको अवस्था भनिन्छ किनभने उत्तर बाल्यावस्थाको अन्तको समय किशोरावस्थाको सुरुका वर्षहरू पनि यसमा पर्दछन् । जबसम्म बालबालिका यौन रूपमा परिपक्व हुँदैनन् । त्यस अवस्थासम्मलाई नवयुवावस्था र यौन परिपक्वता आएपछिको अवस्थालाई किशोरावस्था भनिन्छ ।

**(ख) यौवनावस्था एउटा छोटो अवस्था हो ।**

यौवनावस्था सापेक्षिक रूपमा छोटो अवस्था हो । यसमा बढीमा पाँच वर्षसम्मको अवधि हुन्छ । यसलाई पनि निम्न तीन अवस्थामा विभाजित गरिएको छ :

१. **पूर्वयौवनावस्था** (Pre-pubescent Stage) : यस अवस्थामा गौण यौन विशेषताहरू देखा पर्ने थाल्छन् र प्रजनन अङ्गहरू पूर्ण अवस्थामा विकसित हुँदैनन् ।

२. **यौवनावस्था** (Pubescent Stage) : यस अवस्थामा गौण यौन विशेषताहरूको विकास क्रम जारी रहन्छ र यौन कोषहरू (Sex-cells) यौन अङ्गमा उत्पादित हुन थाल्छन् ।

३. **उत्तर यौवनावस्था** (Post-pubsecent Stage) : यस अवस्थामा गौण यौन विशेषताहरू राम्रैसँग विकसित हुन्छन् र यौन अङ्गले पनि परिपक्व रूपमा कार्य गर्न थाल्छन् ।

**(ग) यौवनावस्था द्रुततर परिवर्तनको अवस्था हो ।**

बालबालिकाको वृद्धि जीवनमा दुईपटक अत्यधिक हुन्छ । ती अवस्थाहरू हुन् : (१) गर्भ अवस्था र जन्मपछिको ६ महिना र (२) यौवनावस्था । यस्तो अत्यधिक वृद्धि शारीरिक अनुपातमा हुन्छ । यौवनावस्थामा हुने द्रुततर वृद्धिलाई किशोर वृद्धि सुरुवात (Adolescent Growth Spurt) भनिन्छ । वास्तवमा यो अवस्था पूर्वकिशोरावस्था हो । यस अवस्थाको वृद्धिको सुरुवात केटाकेटी परिपक्व हुनुभन्दा १-२ वर्ष अगाडि सम्म रहन्छ । यौवनावस्थाको वृद्धिको क्रममा द्रुत गति भएपछि केटा वा केटीको शरीर, स्थिति, रूप, पोसाक, यौन तथा विपरीत लिङ्गप्रतिको भावना आदिमा परिवर्तन आउँछ । यी सबैको निचोड़का रूपमा बाबुआमा र आफूभन्दा सानाप्रतिको व्यवहारमा पनि परिवर्तन आउँछ । यसो हुनुको मुख्य कारण तेज गतिले बदलिने शारीरिक अवस्था नै हो ।

**(घ) यौवनावस्था एउटा नकारात्मक अवस्था हो ।**

क्यारलोट बुहलर (Charlotte Buhler) ले यस अवस्थालाई नकारात्मक चरण भनेर नाम दिएका छन् । किनभने यस अवस्थामा उनीहरूको जीवनप्रति विपरीत भावना हुन्छ अथवा उनीहरूले पहिले आर्जन गरेका असल गुणहरू गुमाउँछन् । नकारात्मक चरण त्यति बेला सकिन्छ जब व्यक्ति यौन (Sexual) रूपमा परिपक्व हुन्छ ।

**(ङ) यौवनावस्था चलयुक्त अवस्था हो ।**

वास्तवमा यौवनावस्था सुरु हुने कुनै निश्चित उमेर किटान गर्न सकिन्न । सामान्यतया केटीहरू १३ वर्षमा र केटाहरू १४ वर्षमा यौन परिपक्व हुन्छन् । यौवनावस्था आउँदा हुने भिन्नताले केटाकेटीमा विभिन्न व्याक्तिगत एवम् सामाजिक समस्याहरू आउँछन् ।

## २. यौवनावस्थाका विकासात्मक कार्यहरू

यौवनावस्था छोटो अवधि भएको अवस्था हो । त्यसैले यस अवधिमा भएका विकासात्मक कार्यहरू यही अवधिभित्र मात्रै पूर्ण हुन सक्तैन । यस वेलामा सुरु भएका विकासात्मक कार्यहरू किशोरावस्थामा पनि जारी रहन्छन् । यसो भए तापनि नवयौवनावस्थामा सुरु भएको कारणले गर्दा तलका विकास कार्यहरू यौवनावस्था अन्तर्गत नै राखिएका छन् । ती यसप्रकार छन् :

**(क)** **शारीरिक नियन्त्रण :** वृद्धि छिटो हुने हुनाले यस अवस्थामा केटाकेटीहरूको शारीरिक गठन दुर्वल हुन्छ । शरीर अमिल्दो देखिन्छ । साथै उनीहरूले शारीरिक गठनको कारणले गर्दा असजिलो अनुभव गरेका हुन्छन् । यस अवस्थाको शारीरिक दुर्बलता हटाउन पर्याप्त तर होसियारपूर्ण कसरतहरू गरिनुपर्छ ।

**(ख)** **दौतरीसँगको तादाम्यता** : यिनीहरूका अत्यन्त घनिष्ट दौंतरीसाथी हुन्छ । त्यसैले दौंतरीहरूको मूल्य र मान्यतासँग मेल खाने, व्यवहार प्रदर्शन गर्न यिनीहरू सदैव प्रयत्नशील रहन्छन् । विकासको गति तीव्र हुनाले उनीहरूमा बढी मानसिक तनाव हुन्छ । परिणामतः उनीहरू झर्कने, चिडचिडाउने खालका हुन्छन् । यसैले गर्दा आफ्ना समूहबाहेकका अन्य व्यक्तिहरूसँग. यिनीहरूको त्यति राम्रो सम्बन्ध हुँदैन ।

**(ग)** **सामाजिक सचेतना :** आफूलाई सामाजिक बनाउन उनीहरू सर्वदा प्रयत्नशील हुन्छन् । अरूको नजरमा आफू कस्तो देखिएको छु भन्ने कुराहरू मात्र उनीहरूलाई बढी चासोको विषय बन्छ । त्यसैले आफ्नो समूहमा आफूलाई प्रतिष्ठावान बनाउन वा समूहको स्वीकृति पाउन उनीहरूले आफ्नो सामाजिक मान्यता र धारणा पनि सजिलैसँग बदल्न सक्तछन् ।

**(घ)** **आत्म पुनर्गठन :** विकास र वृद्धि तीव्र हुनाले यिनीहरू आफूलाई बच्चा वा केटाकेटी भनाउन मन पराउँदैनन् । उनीहरूलाई बच्च ठान्ने अभिभावकहरू र शिक्षकहरूसँग उनीहरू नाराज हुन्छन् । त्यसैले उनीहरूमा बच्चा अवस्थाका, मान्यता, आदर्श, आचरण सबै हराउँछन् । तसर्थ उनीहरूले आफ्ना नवीन विश्वास, मान्यता, आदर्श र आचरण अनुकूल आफूलाई पुनर्गठन गर्नुपर्ने हुन्छ ।

**(ङ)** **बाह्य रुचि र क्रियाकलाप :** बालबालिकाहरू यस अवस्थामा, दिवास्वप्नमा लीन हुन थाल्दछन् । आफूमा आउने द्रुततर गतिको शारीरिक र मानसिक परिवर्तनले उनीहरूमा यस्तो अवस्था सिर्जेको हुन्छ । उनीहरू आफ्नो बढ्दो जिज्ञासालाई सिकाइको क्षेत्रमा राख्छन् । त्यसैले यो अवस्था सिकाइका लागि चुनौती हो । यिनीहरू विभिन्न कुरामा सहभागी भएर प्रयोगात्मक तरिकाबाट विभिन्न वस्तुहरू सिक्ने आकाङ्क्षा राख्छन् । यसरी उनीहरूको रुचि बढी जानकारी हासिल गर्ने खालको हुन्छ ।

**(च)** **स्व-नियमिताको वृद्धि :** यिनीहरू सामाजिक नियम-कानुनबाट बाँधिन मन पराउँदैनन् तैपनि आफ्नो समूहमा प्रतिष्ठा पाउन क्रोध र बिद्रोहजस्ता संवेगलाई नियन्त्रण गर्छन् । शारीरिक वृद्धिको नियन्त्रण र मानसिक नियन्त्रण पनि आफैले गर्नुपर्ने भएकाले यिनीहरू आफैं नियमित हुन बढी मन पराउँछन् ।

## ३. यौवनावस्थाका आधारहरू

यौवनावस्था पहिचान गर्न प्रयोग गरिने विभिन्न आधारहरू मुख्यतः केटीको पहिलो पटकको रजस्वला, केटाको वीर्यप्रवाह, रासायनिक विश्लेषणद्वारा पिसाबबाट निस्केका लक्षणहरू र हड्डी विकाससम्बन्धी एक्सरे (X-ray) प्रतिवेदन हुन् । हुन त यौवनावस्थाको शारीरिक परिवर्तन सुरु हो कि अन्त छुट्याउन सकिन्न तापनि पहिलो पटकको रजस्वला केटीको यौवनावस्थाको बीच विन्दु मानिन्छ । यसैगरी केटाहरूमा यौवनावस्थाको आधार वीर्य-प्रवाहलाई लिइएको छ ।

## ४. यौवनावस्थाका कारणहरू

केटाकेटीहरूमा यौन परिपक्वता हुनुभन्दा पाँच वर्ष जति अघि उनीहरूले यौन हर्मोन उत्सर्ग (Excrete) गर्न थाल्दछन् । जतिजति उनीहरूको परिपक्वता बढ्दै जान्छ, उतिउति यौन अङ्गहरूको रचना तथा कार्यमा परिपक्वता आउँछ । पिट्युटरी ग्रन्थि-मस्तिष्कको आधारमा विकास भएको हुन्छ र गोनाड (Gonad) अथवा यौन ग्रन्थि र पिट्युटरी ग्रन्थिबीच सम्बन्ध हुन्छ । पुरुषको गोनाड ग्रन्थिलाई अण्डकोष र महिला ग्रन्थिलाई अण्डाशय भनिन्छ । यौवनावस्थाको परिवर्तन ल्याउन मुख्यतः तीन अवस्थाहरू छन् । ती हुन् :

(क) **पिट्युटरी ग्रन्थिको भूमिका :** ग्रन्थिको क्रियाकलाप बढाउन गोन्याट्रोपिक हर्मोन र व्यक्तिको आकार बढाउने वृद्धि हर्मोन दुवै पिट्युटरी ग्रन्थिद्वारा उत्पादित हुन्छ । यौवनावस्था सुरु हुनुभन्दा अघि एकातिर गोन्याडोट्रोपिक हर्मोनको मात्रा बढ्दछ भने अर्कोतिर ग्रन्थिको उत्तेजना वृद्धि हुन्छ । यसबाट नै यौवनावस्था परिवर्तन हुन्छ ।

(ख) **गोनाडको भूमिका :** गोनाडको विकास हुन थालेपछि प्राथमिक यौन विशेषताहरू र आकारमा वृद्धि हुन्छ र गौण यौन विशेषता, जस्तै : गुप्ताङ्गमा रौं (Pubic hair) विकसित हुन थाल्दछ ।

(ग) **पिट्युटरी ग्रन्थि र गोनाडबीच अन्तरक्रिया** : गोल्याडोट्रिपेक हर्मोन र गोनाडवीचको अन्तरक्रिया धेरै लामो अवधिसम्म जारी रहन्छ र स्त्रीको रजस्वला बन्द हुने वेला आउने र पुरुषमा नाजुक शारीरिक अवस्था आउने बेलातिर मात्र घट्दछ ।

## ५. यौवनावस्थामा शरीर परिवर्तन

यौवनावस्थाको वृद्धि सुरुआतको वेला केटाकेटीहरूमा शारीरिक परिवर्तनको क्रममा शरीरको आकार, शरीरको अनुपात तथा प्राथमिक यौन विशेषता र गौण यौन विशेषताको विकास भएको हुन्छ । यस अवस्थाको शारीरिक विशेषता यसप्रकार छन् :

### (क) शारीरको आकारमा परिवर्तन

सामान्यतया केटा केटीको उचाइ तथा तौलमा वृद्धि हुन्छ । केटीहरूमा पहिलो पटकको रजस्वला हुनुअघि तथा केटाहरूमा १४ वर्षको उमेर हुँदा उचाइको वृद्धि दर तीव्र हुन्छ । पहिलो पटक रजस्वला हुनुभन्दा दुई वर्ष अगाडि केटीहरूको उचाइ प्रतिवर्ष २-५ इन्चको दरले वृद्धि हुन्छ र १८ वर्षको वरपरसम्म वृद्धि दर घट्दो क्रममा १ इन्चको दरले बढ्दछ । यसैगरी केटाहरूमा १२.८ वर्षमा उचाइ वृद्धि दर तीव्र हुन्छ र १५.३ वर्षमा अन्त

हुन्छ । १४ वर्षमा उचाइ वृद्धि दर अत्यधिक हुन्छ । २०-२१ वर्षमा गएर उचाइ स्थिर रहन्छ । १५ वर्षपछिको उचाइ वृद्धि दर कम हुँदै गएको हुन्छ ।

यौवनावस्थामा तौलमा पनि वृद्धि हुन्छ । यौवनावस्थामा मांसपेशी तथा हड्डीमा वृद्धि हुनु तथा बोसो पनि बढ्नुले तौलमा वृद्धि हुन जान्छ । यस अवस्थामा तौलमा तीव्र रूपमा वृद्धि हुन्छ । तापनि केटाकेटीहरू पातलो तथा फुस्रो देखिन्छन । केटाहरूको अधिकतम तौल वीर्य आउनभन्दा १-२ वर्ष पहिले तथा पहिलो रजस्वला हुनुभन्दा ठीक अगाडि र ठीक पछाडि केटीहरूको बढी तौल हुन्छ ।

वृद्धि सुरुआत हुन लाग्दा केटाकेटीहरूको स्तनको मुन्टो, एब्डोमिन (Abdomin) वरिपरि, पुट्ठा (Hips) र तिघ्रा (Thighs), गाला, घाँटी (Neck) र बगारामा बोसो जम्मा हुन थाल्दछ । यौवनावस्थाको परिपक्वता तथा उचाइको वृद्धि दरमा तीव्रता आउनु अघि भने बोसो हराउंछ ।

### (ख) शरीरको अनुपातमा परिवर्तन

बालबालिकाको सम्पूर्ण शरीरको पूर्ण विकास किशोरावस्थाको अन्तसम्ममा हुन्छ । तापनि यौवनावस्थामा बढी जोडदार विकास हुन्छ । यौवनावस्थामा पातलो स्कन्धं चौडा हुन्छ, पुठ्ठा, काँध र कम्मर पनि विकसित हुन्छन् । पुट्ठा तथा काँधको विस्तार परिपक्वताबाट प्रभावित हुन्छ । केटाहरू भए छिटो परिपक्व हुँदा र केटीहरू भए ढिलो परिपक्व हुँदा पुट्ठाको आकार विस्तृत हुन्छ । ढिलो परिपक्व हुने केटाकेटीहरूको गोडाको वृद्धि धेरै समयसम्म हुन्छ । हर्लकअनुसार ढिलो परिपक्व हुनेको लामो गोडा र छिटो परिपक्व हुनेको छोटो गोडा हुन्छ । साथै ढिलो परिपक्व हुनेको पातलो गोडा र छिटो परिपक्व हुनेको गठिलो हुन्छ । यसैगरी छिटो परिपक्व हुनेको छोटो हात र ढिलो परिपक्व हुनेका लामो हात हुन्छ ।

## ६. प्राथमिक यौन विशेषताहरू

पुरुषको अण्डकोष २० वर्षको उमेरमा पूर्ण रूपमा हुन्छ । १४ वर्षको उमेरमा पूर्ण रूपको १०% मात्र अण्डकोषको आकार हुन्छ । १५-१६ वर्षमा अण्डकोषको आकारमा तीव्र रूपमा वृद्धि हुन्छ । त्यसवेला लिङ्गको लम्बाइ तथा मोटाइ पनि तीव्र रूपमा वृद्धि हुन्छ । केटाहरूको यौन कार्य पूर्ण रूपमा विकसित भएपछि रात्रीमा वीर्यपतन हन थाल्दछ । स्वप्नसम्बन्धी अन्य उद्दीपकको अलावा साधारण तथा बाक्ला लुगा लगाएमा पनि उनीहरूको वीर्यपतन हुन थाल्दछ ।

वृद्धि दर फरक भएकै यौवनावस्थामा केटीहरूको प्रजनन अङ्गहरू विकसित हुन थाल्दछन् । त्यस अवस्थामा अण्डबाहिनी नली (Fallopian Tube), गर्भाशय र योनि (Vagina) पनि तीव्र रूपमा बढ्दछ । केटीहरूको पाठेघरको वजन ११-१२ वर्षमा झन्डै ५.५ ग्राम र सोह वर्षमा औसत ४३ ग्राम हुन्छ । पहिलो पटकको नछुने हुँदा २ देखि ८ दिनसम्म रक्तस्राव रहन्छ भने पछिपछि नछुने हुँदा सामान्यतया ४ दिनसम्म रक्तस्राव हुन्छ । एकपटक महिनावारी भएपछि अर्को पटक नछुने हुँदा २६ देखि ३२ दिनसम्मको फरक हुन सक्छ । उनीहरू औसत २८ दिनमा पुनः नछुने हुन्छन् ।

## ७. गौण यौन विशेषता

प्राथमिक यौन विशेषताहरू प्रत्यक्ष रूपमा प्रजनन् क्रियासँग सम्बन्धित हुन्छन् । तर गौण यौन विशेषताहरू भने केवल पुरुष र महिलाबीचको भेद देखाउने विशेषताहरू हुन् । द्वितीय यौन विशेषताहरू पूर्णरूपमा विकसित भएपछि एउटा लिङ्गले विपरीत लिङ्गलाई आह्वान गर्दछ । लड्का तथा लड्कीको द्वितीय यौन विशेषताहरूको चर्चा तल गरिएको छ :

**रौं (Hair) :** केटाको अण्डकोषको र लिङ्गको आकार बढ्न थालेपछि उनीहरूको लिङ्गको वरिपरि रौं निस्कन थाल्दछन् । गुप्ताङ्गमा रौं वृद्धि पूरा भएपछि चेहरा तथा काखीमा, पाखुरामा रौं निस्कन थाल्दछन् । केटीहरूको पुठ्ठा तथा छाती र स्तन राम्रोसँग बढ्न थालेपछि योनिको वरिपरि रौं निस्कन थाल्दछन् । सुरुमा सबै रौं अपूर्ण (Scanty), हलका रङ भएको (Lightly pigmented) र मुलायम हुन्छ भने पछि गएर ती रौंहरू काला, मोटो, बाक्लो र अलिकति घुङ्रिएका हुन्छन् ।

**छाला (Skin) :** केटाहरूको छाला खस्रो र बाक्लो हुन्छ । कम मात्रामा पारदर्शी (Transparent) र रङमा हल्का पहेँला हुन्छ र छिद्रता धेरै हुन्छ । यसैप्रकार केटीहरूमा छाला पनि बाक्लो, खस्रो र अलिअलि पहेंला रङ भएको हुन्छ र छिद्रता बढ्दछ ।

**मांसपेशी (Muscles) :** मांसपेशीहरू यौवनावस्थाको वृद्धि सुरु भएदेखि अन्त हुने वेलासम्म उल्लेख्य रूपमा विकसित हुन्छन् । पाखुरा, गोडा र काँधको आकृति पनि निरूपण हुन थाल्दछन् ।

**पुट्ठा (Hips) :** पेल्भिक हाड (Pelvic Bone) को विस्तार र सब्कुटेनियस् (Subcutaneous) बोसोको विकासले गर्दा केटीहरूको पुठ्ठा फराकिलो र गोलो हुन्छ ।

**स्तन (Breast) :** पुट्ठाको विस्तार हुन थालेपछि स्तन पनि विकसित हुन थाल्दछ । स्तनको मुण्टो (Nipples) बढ्दछ र स्तन ग्रन्थि विकसित हुन्छ । स्तन झन् ठूलो र गोलो हुन थाल्दछ । स्तन वृद्धिको सुरुआत ११ वर्षको उमेरदेखि नै हुन्छ । यस अवस्थाको स्तनलाई कोपिला अवस्था (Bud Stage of Breas) भनिन्छ ।

## ८. यौवनावस्थाका परिवर्तनका असरहरू

यौवनावस्थामा देखापर्ने विभिन्न प्रकारका परिवर्तनहरूले केटा तथा केटीको स्वास्थ्य, अभिवृद्धि तथा व्यवहारमा नराम्रो प्रभाव पार्दछन् । यस अवस्थामा देखिने परिवर्तनका असर यसप्रकार छन् :

### (क) स्वास्थ्यमा असर

हुन त यौवनावस्थामा केटाकेटीहरूमा पर्ने असरहरू अस्थायी हुन्छन् तापनि यिनीहरूले कडा प्रभाव पार्दछन् । यसले केटाकेटीको स्वास्थ्य, व्यक्तित्व तथा व्यवहारमा पनि प्रभाव पार्दछ । यसबेला केटाकेटीहरू शरीरमा यौवनावस्थाको परिवर्तनले आन्तरिक र बाहय रूपमा पनि प्रभाव पार्दछ । बालबालिकाको ग्रन्थिहरूमा आउने परिवर्तनले गर्दा उनीहरूको खाने बानी तथा भोकको मात्रा र पाचन प्रणालीमा समेत असर पार्दछ । उनीहरूको शारीरिक परिवर्तनले गर्दा सामान्य पाचन प्रक्रियामा पनि प्रभाव पार्दछ । केटीहरूको महिनावारीको अवस्थामा शारीरिक व्याकुलता देखापर्दछ । केटीहरूमा टाउको दुख्ने, ढाड दुख्ने, मांसपेशी खुम्चने र पेटसम्बन्धी (Abdominal) कष्ट हुने, मुर्छा पर्ने, वान्ता गर्ने, छाला चिलचिलाउने (Skin

irritation) तथा गोडा र गोली गाँठो सुनिने आदि हुन्छ । यसकारणले गर्दा यो अवस्था केटीहरूका लागि विशेष यातनापूर्ण हुन्छ । जब उनीहरूको महिनावारी बढी नियमित रूपमा राम्रोसँग हुन्छ, त्यसपछि यी कष्टहरू विस्तारै हट्छन् । यसरी यौवनावस्था कष्टकर हुने भएकाले यसलाई सिकायतको अवस्था (Sickly age) पनि भनिन्छ ।

**(ख) अभिवृद्धि तथा व्यवहारमा असरहरू**

यौवनावस्थामा बालबालिकामा आउने परिवर्तनले उनीहरूको भावना तथा व्यवहारमा परिवर्तन ल्याउँछ । यौवनावस्थाको परिवर्तन सुरु भएपछि केटाकेटीहरू आफ्नो साथीहरू तथा परिवारको क्रियाकलापमा भिन्नता देखाउँछन् । उनीहरू एकान्तमा अधिकांश समय बिताउँछन् । अर्को शब्दमा भन्ने हो भने उनीहरू अलगिगन रुचि देखाउँछन् । यस अवस्थामा आउने परिवर्तनले विशेषतः केटीहरूमा बढी मानसिक तथा पारिवारिक दबाब आउँछ । उनीहरूमा यौवनावस्था छिटो आउने भएको हुनाले सामाजिक बन्धन बढ्दछ । फलतः आफू स्वतन्त्र रहन चाहने वेलामा नियन्त्रित हुन जान्छ । कहिलेकाहीं आफूभन्दा साना भाइबहिनी लिएर घुम्दछन् ।

यिनै कारणले गर्दा उनीहरूले विद्यालय तथा घरमा जे-जति काम गर्दा पनि त्यसको मात्र घट्छ. उनलाई बढी थकावट महसुस हुन्छ । यसैगरी अप्रत्याशित रूपमा वृद्धिमा धेरै परिवर्तनहरू देखा पर्दछन् । यसले गर्दा उनीहरूको बानीको ढाँचामा प्रभाव पर्दछ । उनीहरूका कार्यमा समयको अभाव हुन्छ । यसैले यस अवस्थामा आउने परिवर्तनको एउटा असर असमन्वय हुनु पनि हो ।

यौवनावस्थाको परिवतन सुरु हुँदाको उमेर केटा तथा केटीमा अन्तर हुन्छ । यौन परिपक्वता केटीहरूमा पहिले सुरु हुन थाल्दछ, तर केटाहरूमा ढिलो हुन्छ । त्यसले गर्दा केटीहरूप्रति केटाको दृष्टि र केटीहरूको आशा (Expectation) मा प्रतिकूलता हुन्छ । यति मात्र होइन, उनीहरू एकआपसमा क्रियाशील रूपमा विरोध गर्दछन् । उनीहरूमा सामाजिक क्रियाकलापमा कड़ा विरोध पैदा हुन्छ । उनीहरूको संवेग उच्चतम हुन्छ । दुःख, चिन्ता, चिड्चिडापन उनीहरूको स्वाभाविक संवेगको रूपमा देखा पर्दछन् । यौवनावस्थामा प्रवेश गर्नु अघि केटा केटीमा आत्म निश्चितताको कमी हुन्छ । यसले गर्दा उनीहरूले आत्मविश्वास गुमाउँछन् ।

समूह क्रियाकलाप तथा घरको काममा कम सहभागिता देखाउने भएको हुनाले उनीहरू आलोचनाका पात्र बन्छन् । यसले गर्दा उनीहरूमा हीनताको भावना पैदा हुन्छ । केटा र केटीमा यौवनावस्थामा आएको परिवर्तनले उनीहरू डराउँदछन् । किनकि आफूमा आएको परिवर्तन अन्य-व्यक्तिले हेरेको हुन्छ भन्ने ठान्छ । यसले गर्दा उनीहरूमा अत्यधिक विनम्रता (Excessive Modesty) हुन्छ । केटीहरूमा ढिलो परिपक्वता भएमा यसले उनीहरूलाई मनोवैज्ञानिक रूपमा हानि पुग्दैन तापनि उनीहरूको जीवन त्यतिवेला बढी जटिल हुन्छ ।

## ३.५ बालविकासमा प्रभाव पार्ने तत्वहरू

बालबालिकाको विकासमा वंशानुगत गुण, गर्भावस्थाको वातावरण, पारिवारको सामाजिक, आर्थिक अवस्था, मायाममता तथा स्नेह जस्ता तत्वहरूले प्रभाव पारेका हुन्छन् ।

बालविकासमा असर पार्ने तत्वहरू निम्नलिखित छन् :

बालबालिकाको विकासमा वंशानुगत गुण, गर्भावस्थाको वातावरण, परिवारको सामाजिक, आर्थिक अवस्था मायाममता तथा स्नेह जस्ता तत्वहरूले प्रभाव पारेका हुन्छन् । बालविकासमा असर पार्ने तत्त्वहरू निम्नलिखित छन्

## (क) जन्मपूर्व प्रभाव पार्ने तत्वहरू

जन्मपूर्व प्रभाव पार्ने तत्वहरूमध्ये वंशानुगत गुण र गर्भावस्थाको वातावरणलाई लिन सकिन्छ ।

### (अ) वंशानुगत गुण

वंशानुगत गुण गर्भाधानसँगै सुनिश्चित भइसक्ने हुँदा बालबालिकाको जन्मपछिको विकासमा समेत यसको प्रभाव रहिरहन्छ । वंशानुगत गुणका कारणले नै बालबालिकाको शारीरिक र मानसिक विकास स्पष्टसँग प्रभावित भएको हुन्छ । उचाइ तथा तौलमा फरक पर्नु पनि वंशानुगत कारण हुन सक्ने कुरा अध्ययनबाट पत्ता लागेको छ । मानिसको आयुको विस्तारलाई अर्थात् लामो आयु वा छोटो आयु हुनुमा पनि वंशानुगत गुणको प्रभाव भएको मानिन्छ । अमेरिकामा गरिएको एउटा अध्ययनबाट के पत्ता लागेको छ भने काला जातिको तुलनामा गोरा जातिको आयु सालाखाला बढी रहेको छ । यो वंशानुगत गुणको उदाहरण हो ।

### (आ) गर्भावस्थाको वातावरण

गर्भाधारण भएको नौ महिना पूरा भई दस महिना लागेपछि (लगभग २८० दिनमा) शिशुको जन्म हुन्छ । आमाको स्वास्थ्य, खानपान र आचरणले गर्भमा रहेको शिशुको विकासमा धेरै ठूलो असर पारेको हुन्छ । शारीरिक रूपले तन्दुरुस्त, उमेर पुगेकी र स्वस्थ आमाबाट सामान्यतः स्वस्थ शिशुको जन्म हुन्छ । कुपोषणले ग्रस्त तथा मादकपदार्थ सेवन गर्ने आमाबाट अस्वस्थ शिशुको जन्म हुने सम्भावना भएको कुरा अनुसन्धानहरूले देखाएका छन् । त्यसैले गर्भवती आमालाई पोसिलो आहार दिनुका साथै उनको खराब स्वास्थ्यको असर गर्भमा रहेको शिशुलाई पर्ने कुराको ज्ञान दिनुपर्दछ ।

शिशुको जन्म कुन किसिमले हुन्छ भन्ने कुराले पनि उसको विकासमा प्रभाव पारेको हुन्छ । महिना पुगेर स्वाभाविक रूपमा जन्मिने शिशुको विकास राम्रोसँग हुन्छ भने महिना नपुग्दै वा आमाको गर्भबाट आफैँ निस्कन नसकेर बलपूर्वक वा शल्यक्रियाद्वारा निकालिएका शिशुहरूको विकास अस्वाभाविक ढङ्गको पनि हुनसक्छ । अझ शल्यक्रियाका क्रममा शिशुको कोमल अङ्गहरूमा आघात पर्न गएमा त्यसको असर पछिसम्म रहन सक्ने सम्भावना हुन्छ । त्यसैले एकातर्फ गर्भावस्थामा महिलाहरूको स्याहार राम्रो पुगेको हुनुपर्दछ भने शिशु जन्मने अवस्थामा जान्ने महिला, तालिम प्राप्त सुँडेनी वा चिकित्सकहरूको आवश्यकता पर्दछ ।

## (ख) जन्मपश्चातको अवस्थामा प्रभाव पार्ने तत्वहरू

शिशुको जन्मपश्चात् उसको विकासमा प्रभाव पार्ने तत्वहरू निम्नानुसार छन् :

### (अ) परिवारको सामाजिक आर्थिक अवस्था

शिशुको परिवारको सामाजिक आर्थिक अवस्था राम्रो भएमा उसलाई हुर्कन र सिक्नमा धेरै अनुकूल वातावरण मिल्न जाने हुन्छ । सामाजिक आर्थिक अवस्था राम्रो भएका

परिवारमा आमाबाबुहरू शिक्षित हुन्छन् र उनीहरूले शिशुको लालनपालनको उचित तरिका जानेका हुन्छन् । यिनीहरू शिशुको भविष्यको विकासका लागि सानै उमेरदेखि उचित रेखदेख र लगानी गर्न पछि पर्दैनन् । मानसिक, संवेगात्मक र नैतिक अवस्था राम्रो रहेका परिवारको प्रभाव बालबालिकाहरू माथि पनि राम्रो पर्दछ । यस्तो परिवारका बालबालिकाहरूले माया ममता पाउँछन् र सानै उमेरदेखि शिक्षा दीक्षाको समुचित अवसर पाउँने हुँदा उनीहरूको विकासमा अनुकूल प्रभाव पर्दछ ।

**(आ) परिवारको शैक्षिक अवस्था**

शिक्षित आमाबाबुहरू भएमा आफ्ना बालबालिकाहरूको चौतर्फी विकासका लागि समयमै रेखदेख, पथप्रदर्शन, नियन्त्रण र निर्देशन दिन सक्छन् । यस्ता आमावाबुले शिक्षाको महत्व बुझेका हुन्छन् । बालबालिकाहरूको स्याहार र पोषणका सम्बन्धमा आधारभूत ज्ञान प्राप्त गरेका हुन्छन् । शिक्षित परिवारमा बालबालिकाको सन्तुलित विकास भए नभएको विचार पुऱ्याउँछन् । यसरी शिक्षित परिवारले बालबालिकाको विकासमा ध्यान पुऱ्याउँछन् ।

**(इ) मायाममता र स्नेह**

बालबालिकाको विकासका लागि परिवारका अन्य सदस्यहरूबाट उचित मात्रामा मायाममता र स्नेह प्रदान गरिनुपर्दछ । बालबालिकालाई आमाबाबुबाट भेदभावको भावनाले हेरेमा अर्थात् जेठो कान्छो, केटा वा केटी, कालो वा गोरो, दुब्लो वा बलियो, मन्दबुद्धि वा तीव्र बुद्धि आदिका आधारमा छुट्याएर व्यवहार गर्नाले बालबालिकाहरूमा हौसला आउँदैन जसको कारण विकासको गति मन्द हुन थाल्दछ । बालबालिकाहरू सानै उमेरमा आमाबाबुबाट बञ्चित भएमा वा परिवारमा बारम्बार कलह भइराख्नाले नराम्रो असर पर्न सक्छ । साथै उनीहरूले समुचित स्नेह पाउन सक्दैनन् । यसबाट उनीहरूको संवेगात्मक विकासमा असर पर्न जान्छ । यस्तो अवस्थामा उनीहरू रिसाहा वा झगडालु स्वभावका बन्दछन् जसको कारण उनीहरूको जीवन नैराश्यपूर्ण र असफल बन्न पुग्दछ, बालबालिकालाई आमाबाबु, परिवारका अन्य सदस्यहरू, साथी समूह वा शिक्षकवर्गबाट समुचित मात्रामा स्नेह मिलेमा उनीहरूको भाषिक, सामाजिक, नैतिक, संवेगात्मक तथा बौद्धिक विकास राम्रो हुन सक्दछ ।

**(ई) साथी समूहको वातावरण**

बालबालिकाको विकासमा पारिवारिक वातावरणका अतिरिक्त छरछिमेक वा विद्यालयका साथी समूहको वातावरणले पनि प्रभाव पार्दछ । बालबालिकाहरू परिवारको घेराबाट बाहिर आएर विद्यालय प्रवेश गरेपछि सम्पर्कको क्षेत्र बढ्दछ र आमाबाबुभन्दा साथीहरूको स्वभाव, मूल्य र मान्यताले बढी प्रभाव पार्दछ । उनीहरूले छरछिमेक वा विद्यालयमा राम्रा साथी समूह पाएका छन् भने जीवनोपयोगी गुणहरू सिक्ने राम्रो मौका पाउँछन् । छिमेकमा वा विद्यालयमा नराम्रो स्वभाव भएका साथीहरूको सङ्गत छ भने उनीहरूमा नकारात्मक असर पर्न जान्छ ।

**(उ) सिकाइ तथा सामाजिकरणका तरिका**

बालबालिकाहरूको नयाँ बानी, व्यवहार र आचरणको विकासमा परिवार वा विद्यालयमा सिकाउने तरिकाको पनि प्रभाव पर्दछ । बालबालिकालाई सहभागितापूर्ण र

अन्तक्रियात्मक तरिकाले सिकायौँ भने उनीहरूमा नयाँ कुरा सिक्नका लागि प्रेरणा बढ्दछ र उनीहरू उत्साही बन्दछन् । उनीहरूलाई बलपूर्वक वा इच्छा विपरीत डर त्रास देखाएर दबावपूर्ण तरिकाले सिकाएमा उनीहरूमा त्रास र वितृष्णा पैदा हुन सक्दछ । बालबालिकाको स्वस्थ र निरन्तर विकासका लागि प्रेरणादायी एवम् सहभागितापूर्ण वातावरण हुनु जरुरी छ ।

**(ऊ) उपयुक्त पोषण**

शिशु गर्भमा रहँदाखेरि नै आमाले पाउने उपयुक्त पोषण र स्वास्थ्यसम्बन्धी हेरचाहको प्रभाव उसमा परेको हुन्छ । जन्मपश्चात् पनि आमाले पाउने उपयुक्त पोषणले आमाको दूधबाट आफ्नो आहार पाउँछ । बाल्यकालमा उसले पाउने पौष्टिक एवम् सन्तुलित आहारले उसको राम्ररी शारीरिक विकास हुन मद्दत गर्दछ । बालबालिकाका आमाबाबु समक्ष पौष्टिक र सन्तुलित आहारसम्बन्धी ज्ञान पुऱ्याउन सकियो भने आफूसँग भएको खाद्यान्नबाट आफ्ना बालबालिकालाई पौष्टिक आहार खुवाउने प्रवृत्तिको विकास हुन्छ । यसबाट बालबालिकाहरूको शारीरिक विकासका साथै बौद्धिक विकासमा समेत सहयोग पुऱ्याउन सकिन्छ ।

यसरी बालविकासमा प्रभाव पार्ने तत्वहरूका बारेमा जानकारी प्राप्त गरी तिनको नकारात्मक प्रभाव पर्न नदिनेतर्फ सचेतता अपनाउन सकिएमा बालबालिकाको चौतर्फी विकासमा सहयोग पुग्दछ । चौतर्फी विकास भएका बालबालिका देशका भोलिका योग्य कर्णाधार हुन सक्छन् ।

## ३.६ बाल मनोविज्ञानको अर्थ र परिभाषा

मनोविज्ञान व्यवहारको विज्ञान हो । प्राणीमा विविध क्रियाकलापहरूको समष्टि रूप व्यवहार हो र ती सम्पूर्ण व्यवहारको अध्ययन गर्ने शास्त्र मनोविज्ञान हो । संसारमा कुनै पनि मान्छे जन्मन्छ, हुर्कन्छ, बढ्छ र मर्दछ । यसरी जन्मेदेखि मृत्यु सम्मका विभिन्न क्षणहरूमा प्राणीले उठ्ने, बस्ने, हिड्ने, डुल्ने, गफ गर्ने, नाच्ने, रिसाउने, डराउने, तर्क गर्ने, कल्पना गर्ने कार्यहरू गर्दछन् । यस्ता क्रियाकलापहरू शारीरिक, मानसिक कुनै पनि हुन सक्दछन् । यसरी प्राणीमा चेतन र अचेतन मष्तिष्कमा अलग अलग तथा विभिन्न क्रियाकलापहरू हुने गर्दछन् । चेतन मनका क्रियाकलापहरू सामान्य प्रकृतिका हुने गर्दछन् भने अचेतन मनका क्रियाकलापहरू असमान्य हुने गर्दछन् । यसरी १२, १३ वर्ष पूर्वको उमेरमा बालबालिकाले गर्ने वा देखाउने व्यवहारको सूक्ष्म अध्ययन गर्नु आवश्यक छ । यस अवस्थाका रुची, विशेषता, संवेग, विकासात्मक अवस्थाको सूक्ष्म अध्ययन गरी उनीहरूका बारेमा स्पष्ट धारणा बनाउनु आवश्यक हुन्छ, अब केही परिभाषाको चर्चा गरौं :

- क्रो एण्ड क्रो-"मनोविज्ञान भनेको मानविय व्यवहार र मानवीय सम्बन्धको अध्ययन हो ।"
- मर्फी-"बाल मनोविज्ञान त्यस्तो विज्ञान हो जसले प्राणी र वातावरण बिचको पारस्परिक अन्तरक्रिया जनाउँछ ।"
- एम.सि. डगल-"बालमनोविज्ञानलाई राम्रो र विस्तृत रूपमा पारिभाषित गर्दा जीवित प्राणीहरूको क्रियाकलापको अध्ययन गर्ने विज्ञानको रूपमा लिन सकिन्छ ।

यसरी "Child Psychology is the branch of psychology that studies the social and mental development of children".

मानव विकास सम्बन्धी अध्ययन वास्तवमा विकासात्मक मनोविज्ञानको क्षेत्रभित्र पर्छ । मनोवैज्ञानिकहरूले विकासात्मक मनोविज्ञानलाई व्यावहारिक वा प्रयोगात्मक मनोविज्ञानहरूले (Applied Psychology) भनी प्रमाणित गरेका छन् । मानव वृद्धि र विकासका विभिन्न चरणहरू हुन्छन् । यस्ता चरणहरूमा मानव क्रियाकलाप, स्वभाव, आचरण, धारणा तथा योग्यता लगायतका विविध पक्षहरूमा फरक रूप देखिन्छ । यस्ता सकारात्मक तथा नकारात्मक क्रियाकलापहरू, व्यवहारहरूका आधारमा नै मानव विकासको अध्ययन गर्ने गरिन्छ ।

हामी शिक्षा क्षेत्रका विद्यार्थीहरूका लागि यस व्यावहारिक मनोविज्ञानको झन ठूलो महत्व रहेको हुन्छ । मनोवैज्ञानिक विश्लेषण, अध्ययन तथा अनुसन्धानबाट पुष्टि भएको छ कि विद्यार्थीको शारीरिक विकास सँगसँगै मानसिक विकास पनि अघि बढ्दछ । शारीरिक क्रियाकलापसँगै विद्यार्थीको सिकाइ धारणा, चिन्तन, सोचाई, रूचि, प्रवृत्ति समेतको विकास हुने गर्दछ । अर्थात् मानव विकासको सैद्धान्तिक पक्ष र व्यावहारिक पक्ष सँगसँगै बढिरहेको हुन्छ । यसको अर्थ मानव विकासले विद्यार्थीको व्यावहारिक पक्षको समेत अध्ययन गर्ने भएकोले यसलाई व्यावहारिक मनोविज्ञान भनिएको हो ।

मानिसका क्रिया-प्रतिक्रियाहरू असिमित हुन्छन् । अतः मानव विकासको क्षेत्र पनि असिमित हुन्छ । मानव विकासको चरण भनेको गर्भधारणबाट सुरू भै मत्युपर्यन्त रहेको हुन्छ । मानिसले गर्भधारणबाट नै विकासको गति लिन्छ र मत्युमा मात्र विकास सकिन्छ । हामीले देखिरहेका हुन्छौ मानिसले जन्मेदेखि मृत्यु नहुन्जेलसम्म विभिन्न क्रियाकलापहरू गरिरहेको हुन्छ । यसको अर्थ हो उसले मानव विकासका प्रत्येक चरणहरूमा विभिन्न कुराहरू सिकिरहेको हुन्छ । विकासका यी प्रत्येक चरणहरूमा मानिसलाई वंशानुक्रमगत गुण वंशज र वातावरणले प्रत्यक्ष प्रभाव पारिरहेको हल्छ । विकासका यस्ता क्रियाकलापहरू कक्षा कोठामा मात्र सिमित नभै हरेक मानवीय क्रियाकलापसँग सम्बन्धित हुन्छन् । अर्थात गर्भाधारणदेखि मृत्युसम्मका हरेक चरणहरू मानव विकासका चरणहरू हुन् र यी प्रत्येक चरणका विविध क्रियाकलापको अध्ययन गर्ने मनोविज्ञान विकासात्मक मनोविज्ञान भएकाले यसको क्षेत्र पनि व्यापक छ ।

## ३.७ बालमनोविज्ञानको महत्व

गर्भधारण (Conception) बाट मृत्युसम्मको अवस्थालाई मानव विकास भनिन्छ । यस अवधिको कुनै पनि क्षणमा बालबालिकाले कुनै पनि काम गरिरहेको हुन्छ । अकौ शब्दमा भन्दा बालबालिका हिंड्ने, बस्ने, रुने, कराउने, पढ्ने, लेख्ने, सोच्ने, झगडा गर्ने आदि कुनै पनि काममा संलग्न रहेको हुन्छ । यसरी कुनै पनि काममा संलग्न हुनु बालबालिकाको मस्तिष्कको खटनअनुसार हुन्छ । अर्थात् उसलाई मस्तिष्कले जे अह्राउँछ त्यही काममा संलग्न हुन्छन् । चाहे त्यो राम्रो होस् वा नराम्रो । यसप्रकार बालबालिकाको मस्तिष्कको क्रिया, प्रतिक्रियामा वंशानुक्रम, वातावरण, समाज आदिको प्रत्यक्ष प्रभाव परेको हुन्छ । अत. बालबालिकाका मस्तिष्कमा देखापर्ने प्रतिकुल क्रिया-प्रतिक्रियाहरू हटाई अनुकल कार्यहरूको सृजनाका लागि बालमनोविज्ञानका अध्ययनको आवश्यकता पर्दछ ।

मानव विकासको सम्बन्ध प्रत्यक्ष रूपमा शिक्षा-मनोविज्ञानसंग पनि रहेको हुन्छ । शिक्षा-मनोविज्ञान त्यस्तो व्यावहारिक विज्ञान हो जसले बालबालिकाका सम्पूर्ण व्यवहारहरूको अध्ययन गर्दछ । बालबालिकाले आफ्नो धेरैजसो समय घरपरिवार, समाज र विद्यालयमा बिताउने गर्दछ । अतः बालबालिकाले यी सबै ठाउँहरूमा मानव विकासका सिद्धान्तहरूअनुरूप कामहरू गरिरहेको छ-छैन भनी जान्नका लागि र नभएमा सच्चाउनका लागि बालमनोविज्ञानको अध्ययनको आवश्यकता पर्दछ ।

मानव विकासको अध्ययन शिक्षा-मनोविज्ञानसँग पनि प्रत्यक्ष सम्बन्धित छ । महान् प्रकृतिवादी दार्शनिक र मनोवैज्ञानिक जिन ज्याक रुसोबाट बालबालिकाको अध्ययनक्रम सुरु भई मानव विकासको अध्ययनको क्रम अगि बढ्यो । पछि उत्पत्ति सिद्धान्त (Evolution Theory) का प्रणेता डार्बिनले मानव वंशजको अध्ययनलाई प्रयोगमा ल्याए । यसपछि केटल, प्याभलव, थर्नडाइक, गेस्टाल्ट, इस्किनर, हल्सलगायतका कैयौं शिक्षाविद, दार्शनिक तथा मनोवैज्ञानिकहरूले यसको अध्ययन क्षेत्रमा व्यापकता ल्याए । आजको विकसित २१ औं शताब्दीको विश्वमा मानव विकासको अध्ययन हरेक क्षणहरूमा आवश्यक बनेको तथ्य हाम्रो सामु छ ।

मानिस संसारको सर्वश्रेष्ठ र चेतनशील प्राणी हो । मानव विकासको अध्ययन भन्नु नै मानव व्यवहारको अध्ययन हो । मानव व्यवहारको अध्ययन भनेको मानव मस्तिष्कको अध्ययन हो । मानव विकासको अध्ययनका उद्देश्यहरू हेर्लकले आफ्नो पुस्तक विकासात्मक मनोविज्ञानमा निम्नअनुसार बताएका छन् :

१ बालबालिकाहरू एक विकासात्मक अवस्थाबाट अर्को विकासात्मक अवस्थामा जाँदा देखाइमा, व्यवहारमा, चाखमा, लक्ष्यमा के-कस्ता साझा तथा विशेष परिवर्तनहरू देखिन्छन् पत्ता लगाउनु ।

२. माथि बताइएका यी परिवर्तनहरू कहिले हुन्छन् पत्ता लगाउनु ।

३. के कारणहरूले गर्दा त्यस्ता परिवर्तन हुन्छन् पत्ता लगाउनु ।

४. तिनीहरूले व्यवहारमा कसरी प्रभाव पार्दछन् पत्ता लगाउनु ।

५. तिनीहरू व्याख्या गर्न सकिने वा नसकिने हुन्छन् पत्ता लगाउनु ।

६. तिनीहरू व्यक्तिगत वा सर्वव्यापी हुन्छन् पत्ता लगाउनु ।

माथिका उद्देश्यहरूबाट के स्पष्ट हुन्छ भने मानव विकासको अध्ययनको महत्व ज्यादै रहेको हुन्छ । मानव विकासको अध्ययन र शिक्षा मनोविज्ञानको अध्ययन हाम्रो जस्तो अविकासित मुलुकमा त झन् महत्वपूर्ण रहेको हुन्छ

बाल मनोविज्ञानको अध्ययनको महत्व र आवश्यकतालाई निम्न बुदाहरूका आधारमा अझ प्रष्ट पार्ने सकिन्छ ।

**१. केटाकेटीबाट कस्तो अपेक्षा राख्ने सोको जानकारी लिन**

मानव विकासका विभिन्न चरणहरूमा बालबालिकाका विभिन्न प्रकारका कियाकलापहरू देखिने गर्दछन् । अतः विभिन्न अवस्थामा विभिन्न किसिमका व्यवहारहरू, रुचिहरू र क्रियाकलापहरूका बारेमा जान्नु अभिभावक तथा शिक्षकका

लागि त्यत्तिकै महत्वपूर्ण मानिन्छ । बालबालिकाका विभिन्न उमेर अनुसार शारीरिक र मानसिक विकासको समेत समानुपातिक विकास हुने गर्दछ । बालबालिकाका यस्ता विविध अवस्थामा वातावरण, उमेर, परिपक्वता, सिकाइ आदिका कारणहरू समेतलाई मध्यनजर गर्दै उनीहरूका रूचि, व्यावहार र क्रियाकलापहरूको अपेक्षा गर्नुपर्ने हुन्छ । त्यसैले कुन विकासात्मक अवस्थामा रहेको कस्तो बालबालिकासंग कस्तो बानी-व्यवहारको अपेक्षा राख्ने हो त्यसका लागि बालमनोविज्ञानको अध्ययनको आवश्यकता पर्दछ ।

## २. उपयुक्त मापदण्डको निर्धारण गर्न

बालबालिकाको कुन कुन उमेरमा कस्तो कस्तो मानसिक, शारीरिक एवम् बौद्धिक विकास हुने गर्दछ यसको मापदण्ड मनोवैज्ञानिकहरूको अध्ययनले निर्धारण गरेको हुन्छ । सबै ठाउँ वा सबै मुलुक वा सबै वातावरणका बालबालिकाका विकासक्रम एकै नासको हुने गर्दैन । उदाहरणका लागि सामान्यतया बालबालिका जन्मदाको तौल २.५ के.जी. नेपाली परिवेशमा ठीक हन सक्दछ भने अमेरिकन वातावरणमा ठीक नहुन पनि सक्छ त्यस्तै बच्चा, टाउको उठाउन, बामे सर्न, हाँस्न, तोतेबोली बोल्न, गाली गरेको बुझ्न, रिसाउन, हिंड्न, कुदन, विद्यालय जान, विभिन्न कुरा सिक्न, साथी समूह बनाउन कुन उमेरमा सिक्दछ भनी जान्नका लागि बालमनोविज्ञानको अध्ययन मात्र एक बाटो हो । यस प्रकारको अध्ययनले बालबालिकाका विकासक्रम अनुसारको मापदण्ड निर्धारण गर्न सकिन्छ ।

## ३. उपयुक्त क्रियाकलापहरूको मापन गर्न

विकासक्रममा देखापर्ने विभिन्न व्यवहारहरू, रुचिहरू, शीलस्वभावहरू, नैतिकवान कुराहरू, चाखहरू, सकारात्मक वा नकारात्मक पक्षका हुने गर्दछन् । घरपरिवार, समाज, अभिभावक, शिक्षक तथा कसैले पनि सकारात्मक व्यवहार माया एवम् क्रियाकलापको अपेक्षा गरेको हुन्छ । अतः बालबालिकाका व्यावहारहरू सकारात्मक, नकारात्मक कुन प्रकृतिका छन् भनी जान्नका लागि मापनको आवश्यकता पर्दछ । अतः विकासको कुन चरणमा देखापरेको कस्तो व्यवहार अपेक्षा गरेअनुसारको भयो या भएन त्यसका लागि बालमनोविज्ञानको अध्ययनको आवश्यकता पर्दछ ।

## ४. उपयुक्त मार्ग निर्देशन प्रदान गर्न

विकासक्रमका विभिन्न उमेरहरूमा देखापरेका व्यवहारहरूलाई अपेक्षा गरेअनुसारका व्यावहारहरूमा परिवर्तन गर्न मार्ग-निर्देशनको आवश्यकता पर्दछ । उदाहरणका लागि यौवन अवस्थामा प्रवेश गरेका केटाकेटीहरूमा विभिन्न प्रकारका नकारात्मक व्यवहारहरू देखिन सक्दछन् । साथीहरूसंगको सङ्गतका कारणले चुरोट, जाँड रक्सी, नसालु-पदार्थको सेवन जस्ता कुलतहरू देखिन सक्दछन् । विभिन्न विषयको पठन पाठनमा विभिन्न प्रकारका अभिप्रेरणाहरू र पुर्नवलहरू प्रदान गर्नुपर्ने हुन सक्दछ । यसैले भनिन्छ विभिन्न चरणहरूमा उपयुक्त मार्ग निर्देशनको आवश्यकता पर्दछ र यसका लागि बालमनोविज्ञानको अध्ययनको आवश्यकता पर्दछ ।

### ५. अपेक्षित कार्य गर्ने तयारी गराउन

बालबालिकाका विभिन्न उमेर अनुसारका व्यवहारहरू जब जानकारीमा राखिन्छ उनीहरूबाट अपेक्षा गरे अनुसारका व्यवहारको जब परिचय गराइन्छ, विद्यार्थीलाई प्रेरणा र पुनबलका सहयोगले जब चाहेको व्यवहारप्रति आकर्षित गराइन्छ तब बालबालिकाहरू अघिल्लो व्यावहारप्रति तयारी हुने गर्दछन् । अर्को शब्दमा भन्दा शारीरिक र मानसिक रूपबाट बालबालिका हामीले सिकाएका व्यवहारप्रति तयारी हुने गर्दछन् । यसलाई मानव विकासको अध्ययनको उपज मानिन्छ । उदाहरणका लागि हामी केटाकेटीको उमेर बानीअनुसार कसैको घरमा, नयाँ ठाउँमा वा पाहुना हुन जाँदा के के कुरा गर्ने नगर्ने, खाने वा नखाने, नचल्ने, ज्ञानी भएर बस्ने, नरूने, भनेको मान्ने जस्ता विभिन्न कुराहरू सिकाउँछौं । यसको अर्थ हो बालबालिकालाई तयारी गराउनु । यस्तै गरी ५ र ६ वर्षमा विद्यालय प्रवेशका उमेरका विद्यार्थीलाई जब विद्यालयमा प्रवेश गराइन्छ, अभिभावक र शिक्षकहरूले बालबालिकालाई सामाजिकरण लगायतका खाने, खेल्ने, गीत गाउने, सुत्ने विभिन्न कराहरू सिकाउँछौं । यो सबै विद्यार्थीलाई आगामी व्यवहार आर्जनका लागि तयारी गराउनु हो । यसका लागि पनि बालमनोविज्ञानको अध्ययनको आवश्यकता मानिएको छ ।

## अभ्यास

**(क) तलका प्रश्नहरूका अति छोटा उत्तर दिनुहोस् ।**

१. पूर्ववाल्यावस्थाको उमेर समूह कुन हो ?

२. उत्तर वाल्यवस्थाका बालबालिकलाई मनोवैज्ञानिकहरू कुन नामले सम्बोधन गर्दछन् ?

३. यौवनावस्थालाई कुन रूपमा चिनिन्छ ? .

४. पूर्व वाल्यावस्थालाई आमाबाबुले कस्तो उमेरका रूपमा लिन्छन् ?

५. बालबालिकाहरूमा उच्च संवेग देखा पर्नुको मुख्य कारण कुन हो ?

**(ख) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

१. बालविकासको वैयक्तिक भिन्नता भनेको के हो ?

२. बालबालिकामा देखिने वैयक्तिक भिन्नता ल्याउने मुख्य तत्वहरू के-के हुन् ?

३. पूर्वबाल्यावस्थाको छोटो परिचय दिनुहोस् ।

४. नामका आधारमा पूर्व वाल्यावस्थाका विशेषताहरूको सूची बनाउनुहोस् ।

५. उत्तरबाल्यावस्थाको छोटो परिचय दिनुहोस् ।

६. यौवनावस्थाको छोटो परिचय दिनुहोस् ।

७. नामका आधारमा उत्तर बाल्यावस्थाका विशेषताहरूको सूची बनाउनु होस् ।

८. बालविकासमा प्रभाव पार्ने तत्वहरू केके हुन् ?

९. जन्मपूर्व प्रभाव पार्ने तत्वहरू केके हुन् ?

१०. जन्मपश्चात् प्रभाव पार्ने तत्वहरू केके हुन् ?

११. यौवनावस्थाका विकासात्मक कार्यहरूको सूची बनाउनुहोस् ।

१२. यौवनावस्थाका प्राथमिक तथा गौण यौन विशेषताहरू केके हुन् ?

**(ग) तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

१. पूर्वबाल्यावस्थाको बालबालिकाका शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विशेषताहरूको उदाहरणसहित व्याख्या गर्नुहोस् ।

२. उत्तरबाल्यावस्थाको बालबालिकाका शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विशेषताहरूको उदाहरणसहित व्याख्या गर्नुहोस् ।

३. यौवनावस्थाका बालबालिकाका शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विशेषताहरूको उदाहरणसहित व्याख्या गर्नुहोस् ।

४. बालमनोविज्ञानको महत्व बारे चर्चा गर्नुहोस् ।

५. उत्तर वाल्यावस्थालाई कुन रूपमा चिनिन्छ ?

**(घ) प्रयोगात्मक कार्य**

१. तपाईंले पढ्ने विद्यालयको १ कक्षादेखि ५ कक्षासम्मका विद्यार्थीहरूमध्ये कुनै एउटा कक्षाका विद्यार्थीहरूको निम्नलिखित आधारमा तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन तयार गर्नुहोस् ।

(क) उमेर (ख) उचाइ (ग) तौल (घ) सरसफाइ

(ङ) पोसाक (युनिफर्म) (च) अभिरुचि (खाना, खेल, साथी, पढ्नेविषय)

(छ) समूहव्यवहार (उत्तर बाल्यावस्थाका बालबालिकाको समूह व्यवहार भए नभएको रुजु गर्ने ।)

(ज) बालबालिकाहरूको अवलोकनका आधारमा उनीहरूले अभिव्यक्त गरेको संवेगलाई टिपोट गर्ने ।

२. तपाईंको आफ्नो घर परिवारमा भएका विभिन्न उमेर समूहका बालबालिकाको व्यक्तित्व, विभिन्नता के कस्तो पाउनु भएको छ ? अध्ययन गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

३. तपाईंको आफ्नो घरपरिवारमा भएका बालबालिका मध्ये विभिन्न अवस्थामा वर्गीकरण गरी सूची तयार गर्नुहोस् ।

# एकाइ : ४ पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री

## ४.१ पाठ्यक्रमको अर्थ र परिभाषा

### ४.१.१ पाठ्यक्रमको अर्थ

प्राचीनकालमा मानिसहरूको जीवनशैली ज्यादै सरल र स्वतन्त्र थियो तर जीवन बाँच्ने आधार भने ज्यादै कष्टप्रद थियो । परापूर्वकालबाट, जब मानिस क्रमशः सभ्य र शिक्षित हुँदै आएं । आफ्नो जीवनयापनका लागि शिक्षाको आवश्यकता महसुस गर्न थाले । आफ्नो ज्ञानलाई मौखिकरूपमा मात्र आदानप्रदान गर्नुको सट्टा अन्य विकल्पको आवश्यकता हुन थाल्यो । आफूले गरेका, जानेका, सिकेका र बुझेका कुराहरू आफ्ना भावी पिढीमा हस्तान्तरण गर्न थालियो । त्यसबेला अतिरिक्त किसिमको शिक्षा (Informal education) लाई औपचारिक शिक्षा (Formal education) मा रूपान्तरण गर्नुपर्ने आवश्यकता महसुस गरी शिक्षालयहरू खोल्न सुरु गरियो । १८ औं शताब्दीतिर विद्यालय स्थापना भए पनि विद्यालय सञ्चालन एवम् आवश्यक पर्ने शिक्षक र विद्यार्थीले मात्र भएन, किन पढाउने ? (Curriculum), के पढाउने (Content), कसरी पढाउने ? (Methods) भन्ने समस्याले समेत सतायो, जसको फलस्वरूप पाठ्यक्रमको निर्माण र प्रयोगको सुरुआत भयो ।

पाठ्यक्रम तथा शिक्षण पद्धतिसँग सम्बन्धित शब्द "Pedagogy" को प्रयोग १७ जी शताब्दीमा भए पनि पाठ्यक्रमको अवधारणा सन् १९१८ मा बोबिट्स  ले गरेका थिए । लेविस र मील (Lewis & Miel) ले सन् १९७२ मा पाठ्यक्रमको बारेमा लेख रचनाहरू प्रकाशनमा ल्याए पनि पाठ्यक्रमको प्रभावकारी विकास र विस्तार भने बीसौ शताब्दीकै देन मान्नुपर्छ ।

निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो । पाठ्यक्रम भनेको पाठ्यपुस्तकको सूची होइन । पाठ्यक्रमले त विभिन्न अनुभवहरूलाई व्यवहार उपयोगी बनाउन निश्चित कार्यक्रम दिएको हुन्छ । हुन त व्यापक रूपमा भन्नुपर्दा पाठ्यक्रम भनेको शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक सामग्री हो तापनि यसको विशिष्टतालाई हेर्दा यो प्रत्यक्ष रूपमा विद्यार्थीका सिकाइउपलब्धिसँग सम्बन्धित निश्चित एउटा दस्तावेज हो । पाठयक्रममा सिक्ने व्यक्तिको मानसिक, शारीरिक, सामाजिक, नैतिक विकासमा सहायता हुने विद्यालय भित्र र बाहिरका समस्त अनुभवहरू एक कार्यक्रमका रूपमा समावेश भएका हुन्छन । त्यसैले पाठयक्रम शिक्षाका दर्शनको लक्ष्य प्राप्त गर्ने एउटा साधन हो । संरचनागत रूपमा पाठ्यक्रम भन्नाले लक्ष्य, विषयवस्तु, प्रक्रिया, स्रोत, मूल्याङ्कनका साधन आदि बुझिन्छ, जसलाई विद्यालय भित्र तथा बाहिर कक्षा शिक्षण गर्दा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनाबद्ध प्रयास हुन्छ । विषय र ज्ञानका दृष्टिले हेर्दा पाठ्यक्रमलाई मानव जातिकै सम्पूर्ण ज्ञान र अनुभवको सारका रूपमा लिन सकिन्छ । पाठ्यक्रमका प्रत्यक्ष उपभोक्ता भनेका विद्यार्थी हुन् भने उपभोग गराउने माध्यम विद्यालय र समाज भएकाले वास्तवमा विद्यालय भित्र र बाहिर विद्यार्थीमा इच्छित उपलब्धिहरू हासिल गराउन विद्यालयद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रमका रूपमा लिन सकिन्छ ।

पाठ्यक्रम विकासको क्रममा औपचारिक शिक्षाको थालनीसँगै कक्षाकोठाभित्र पठनपाठन गरिने विषयवस्तु वा पाठ्यवस्तुको स्वरूपलाई पाठ्यक्रम भन्ने गरियो । पाठ्यक्रमको प्राचीन तथा परम्परागत धारणाअनुसार पाठ्यक्रमलाई विषयसूची वा विषयवस्तुको रूपमा हेर्ने, बुझ्ने, व्याख्या र विश्लेषण गर्ने गरियो । यसरी एउटा शिक्षकले कक्षाकोठाभित्र के विषयवस्तु शिक्षण गर्छ, त्यसलाई नै पाठ्यक्रम भन्ने गरियो । अझ पाठ्यक्रमको अर्थ स्पष्ट पार्न निम्न धारणाहरू प्रस्तुत गर्न सकिन्छ :

**पाठ्यक्रमको शाब्दिक अर्थ**

पाठ्यक्रम शब्दलाई अंग्रेजीमा “Curriculum” भनिन्छ । Curriculum शब्द ल्याटिन भाषाको “Currere“ शब्दबाट बनेको हो । Currere“ शब्दको अर्थ दगुर्नु (To run) वा दौडको मैदान ( Race Course) अर्थात् एउटा निश्चित दूरी भन्ने हुन्छ । भनिन्छ - "Curriculum is a run way, a course which one runs to reach goal" यसरी शाब्दिक अर्थमा लिँदा कक्षाकोठामा अध्ययन गर्ने विद्यार्थीका लागि दौडको मैदानको रूपमा पाठ्यक्रमलाई लिने गरियो । यसरी पाठ्यक्रममा निर्धारण गरिएको उद्देश्य पूरा गर्न विद्यार्थीले अपनाउने प्रक्रियालाई पाठ्यक्रमरूपी दौडको मैदान भनियो । यसरी शिक्षा लिनुलाई दौडको रूपमा र पाठ्यक्रमलाई मैदानको रूपमा लिने गरेको पाइन्छ । पाठ्यक्रमको शाब्दिक अर्थ अनुसार पाठ्यक्रम त्यो बाटो हो, जसमा दौडिएर विद्यार्थी आफ्नो लक्ष्य प्राप्त गर्दछ । यसरी निधारित लक्ष्य र उद्देश्य पूरा गर्न अपनाइने निधारित बाटो वा प्रक्रियालाई पाठ्यक्रम भनियो । शाब्दिकरूपमा हेर्दा पाठहरूको क्रमलाई पाठ्यक्रम (पाठ+क्रम- पाठ्यक्रम) भन्न सजिलो पनि भयो ।

**पाठ्यक्रमको सङ्कुचित अर्थ**

पाठ्यक्रमको प्राचीन तथा परम्परागत धारणा सङ्कुचित प्रकारको पाइन्छ । प्रारम्भिक धारणाअन्तर्गत कक्षाकोठाभित्र शिक्षकद्वारा सिकाइने विषयवस्तु, पाठ्यवस्तु, पाठ्यविवरण (Syllabus), विषयसूची (Course content), पाठ्यांशहरूको संगालोलाई पाठ्यक्रम भन्ने परियो । यस धारणाअन्तर्गत पाठ्यवस्तु (Subject matters) बढ़ी ज्ञानात्मक प्रकृतिको थियो । अझ पाठ्यक्रममा एकपटक निर्धारण गरिएका विषयवस्तुलाई अपरिवर्तनीय मान्ने एवम् पाठ्यक्रमलाई आन्तरिक वा परिष्कृतरूपमा केही विषयवस्तुलाई थपघट गर्ने जस्ता दुवै धारणाको विकास भएको पाइन्छ ।

पाठ्यक्रमलाई पाठ्यंअंश-पाठ्यांश मान्ने यस सङ्कुचित धारणाले परम्परागतरूपमा धेरै मान्यता पायो । कक्षामा के विषय पढाउने भन्नेबारेमा शिक्षकले निर्धारण गरेको पाठ्यवस्तु (Course of study) तथा पाठ्यविवरण (Syllabus) लाई पाठ्यक्रम भनियो । यस धारणाले विद्यार्थीको रुचि, स्तर, आकाक्षा, आवश्यकता बुभन नसकी उनीहरूको खाली मस्तिष्कमा जानको भण्डार भर्नुपर्ने अपरिपक्व दृष्टिकोण राखेको आभास मिल्दछ । यसभित्र पाठ्यक्रमको सारतत्व पाउनुको बदला पाठ्यक्रमको एउटा तत्व “विषयवस्तु“ (Content) मात्र प्राप्त गर्न सकिने भएकाले पनि यसले पाठ्यक्रमको पूर्णता प्रदान गर्न सक्दैन ।

**पाठ्यक्रमको व्यापक अर्थ**

सिकारुको शिक्षण सिकाइलाई निर्दिष्ट गर्न सबै आवश्यक तत्वहरू समावेश भएको दस्तावेजलाई पाठ्यक्रमको व्यापक अर्थको रूपमा लिइन्छ । पाठ्यक्रमलाई व्यापक अर्थको

रूपमा लिँदा यसले शिक्षाका लक्ष्य तथा उद्देश्य (Aims and Objective of Education), सिकाइ सामग्री (Teaching Materials), सिकाइ विषयवस्तु (Teaching content), सिकाइ अनुभव (Learming experience), शिक्षण सिकाइ क्रियाकलाप (Teaching learning activities), मूल्याङ्कन (Evaluation) जस्ता तत्वहरूलाई समेटेको हुन्छ । पाठ्यक्रमले शैक्षिक अनुभव, शिक्षण सिकाई क्रियाकलाप, सिकाइ वातावरण एवम् सिकारुको सम्पूर्ण सिकाइ पक्षलाई समेट्ने भएकाले पनि पाठ्यक्रमको अर्थलाई व्यापक एवम् विस्तृत अर्थको रूपमा लिनुपर्ने हुन्छ । पाठ्यकम कक्षाभित्र र बाहिर प्रयोग गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमको व्यापक एवम् विस्तृत योजनाबद्ध दस्तावेज हो ।

पाठ्यक्रमभित्र विद्यार्थी, शिक्षक, अभिभावक र समाजको इच्छा, चाहना, आवश्यकता एवम् भावनाहरू प्रतिविम्बित हुन्छन् । पाठ्यक्रम शैक्षिक संस्थाका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्ने मेरुदण्ड नै हो । व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक, नैतिक, चारित्रिक, सिर्जनात्मक आदि पक्षको विकाससँग पाठ्यक्रमको सम्बन्ध हुन्छ । सिकारुको पूर्वअनुभवको ख्याल नगरी निर्धारण गरीएको पाठ्यक्रमले उद्देश्य पूरा गर्न सक्दैन । यसर्थ पाठ्यक्रमले सिकारुको पूर्वदक्षता, क्षमता र अनुभवको कदर गर्नुपर्छ ।

यसरी पाठ्यक्रमको व्यापक अर्थको अध्ययन विश्लेषण गर्दा पाठ्यक्रमले सिकाइ वातावरण व्यवस्थित गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्दछ । सिकारुको चाहना, चाख, दक्षता एवम् आवश्यकतालाई ख्याल गरी सिकाइ गर्नु पनि पाठ्यक्रमको व्यापक अर्थभित्र पर्दछ । सिकारुलाई सक्रियरूपमा संलग्न नगराई प्रभावकारी शिक्षण हुँदैन । सिकारुको सिर्जना दक्षता र क्षमताको प्रस्फुटन गर्नु पनि पाठ्यक्रमको एक महत्वपूर्ण पाटो हो । व्यक्ति र सामाजको जीवनस्तर उकास्ने कार्य पाठ्यक्रमले गर्नुपर्दछ । छोटकरीमा भन्दा पाठ्यक्रम शिक्षाका लक्ष्य तथा उद्देश्य हासिल गर्ने एक प्रभावकारी साधन हो ।

### ४.१.२ पाठ्यक्रमसम्बन्धी केही परिभाषाहरू

रा.शि.प.यो. २०२८ - "शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ ।"

**हिल्डा टाबा (Hinda Taba) :** विद्यालयभित्र र बाहिर विद्यार्थीमा ऐच्छिक उपलब्धिहरू हासिल गर्न गरिने सम्पूर्ण सिकाइको योजनालाई पाठ्यक्रम भनिन्छ ।"

**शिक्षाको शब्दकोष (Dictionary of Education) :** पाठ्यक्रम भन्नाले शिक्षाको उद्देश्य, लक्ष्य, विषयवस्तु, शिक्षण प्रक्रिया, शिक्षण स्रोत तथा मूल्याङ्कनका साधनको व्यवस्था भन्ने बुझिन्छ, जुन विद्यालयभित्र र बाहिर शिक्षण तथा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्न योजनाबद्धरूपले लागू गरिएको हुन्छ ।

**युनेस्को (UNESCO):** "शिक्षाका लक्ष्य तथा उद्देश्यहरूको प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरेको योजना र निर्देशनअनुसारको सम्पूर्ण अनुभवलाई पाठ्यक्रम भनिन्छ ।"

**क्रो एण्ड को (Crow & Crow) :** "पाठ्यक्रम एउटा यस्तो कार्यक्रम हो, जसमा सिकारूले विद्यालय भित्र तथा विद्यालय बाहिर हासिल गर्ने सबै सिकाइ अनुभवहरू समावेश भएका हुन्छन । जुन विद्यार्थीको बौद्धिक, शारीरिक, सम्वेगात्मक, सामाजिक, आध्यात्मिक र नैतिक विकास गर्न आवश्यक छन् ।"

**सी. भी. गुड्स (C.V. Goods) :** "पाठ्यक्रम, विषयसूची वा शैक्षिक सामग्रीहरूको यस्तो व्यापक योजना हो, जसलाई विद्यालयले विद्यार्थीको स्नातक उपाधिका लागि वा कुनै पेसा वा व्यवसायको प्रवेशका लागि योग्य प्रमाणपत्र प्रदान गर्न प्रयोग गर्ने गर्दछौ ।"

**कनिङ्हाम (Cunningham):** "एउटा स्टूडियो (विद्यालय) मा एउटा कलाकार (शिक्षक) ले आफ्ना सामग्रीहरू (विद्यार्थीहरू) लाई आफ्नो आदर्श (उद्देश्य) अनुरूप तयार गर्नका लागि प्रयोग गरिने ज्यावल नै पाठ्यक्रम हो ।" It (curriculum) is a tool in the hands of the artist (teacher) to mould his materials (pupil) according to his ideal (objectives) in his studio (school.)

माथिका पाठ्यक्रमसम्बन्धी विभिन्न परिभाषाको आधारमा सिकारुको व्यावहारिक जीवनसँग पूर्णरूपमा सम्बन्ध राख्ने सम्पूर्ण शैक्षणिक क्रियाकलापहरूको व्यवस्थित, योजनाबद्ध र संगठित रूप नै पाठ्यक्रम हो । पाठ्यक्रमको आधुनिक विचारअनुसार पाठ्यक्रमले व्यक्तिको जीवनमा आवश्यक पर्ने सम्पूर्ण समस्या समाधान गर्ने सु-स्पष्ट मार्ग निर्देशन गर्दछ । पाठ्यक्रम सैद्धान्तिक र सीमित पक्षसँग मात्र सम्बन्धित नभई सिकारुको चौतर्फी विकास र विस्तारका लागि तयार गरिने विस्तृत योजना (Plan) हो। पाठ्यक्रमभित्र विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक र समाजका सम्पूर्ण शैक्षिक क्रियाकलापहरू समावेश गरिएका हुन्छन् । राष्ट्रिय तथा अन्तराष्ट्रियरूपमा व्यक्तिलाई समायोजन गर्न समेत पाठ्यक्रमले मार्ग निर्देशन गरिरहेको हुन्छ ।

## ४.२ पाठ्यक्रमका तत्वहरू

पाठ्यक्रमको निर्माण ज्यादै विशिष्ट कार्य हो । पाठ्यक्रमको निर्माण हचुवाको भरमा गर्नु हुँदैन । पाठ्यक्रमको विकास र निर्माणको जटिलतासँगै यसमा समावेश गरिनुपर्ने विषयहरू, बुँदाहरू र विविध पक्षहरू समावेश गर्दा धेरै सतर्कता अपनाउनु पर्दछ । पाठ्यकम नै शिक्षण सिकाइ प्रक्रियाको मेरुदण्ड भएकाले यसमा कमीकमजोरी देखिए सम्पूर्ण शैक्षिक प्रक्रिया तहसनहस बन्दछ ।

एउटा असल पाठ्यक्रममा कुनकुन पक्ष समेटिएका हुन्छन् भन्ने कुराको अध्ययन नै पाठ्यक्रमका तत्वहरू हुन् । पाठ्यक्रम उपयोगकर्ताले यसबाट अपेक्षा गरेका कुराहरू पाठ्यक्रमको तत्वमा समावेश गरिनुपर्छ । पाठ्यक्रमभित्र समावेश गरिएका विभिन्न भाग, अंग एवम् परिच्छेदलाई पाठ्यक्रमको तत्व भन्न सकिन्छ । पाठ्यक्रममा समावेश गरिने विभिन्न तत्वहरूका बारेमा शिक्षाविद्हरूको मतभेद भए पनि प्रायः सबैका कुराहरूको निचोड एवम् आशय भने आशिकरूपमा निकै मिल्दोजुल्दो छ । पाठ्यक्रमका तत्वलाई विभिन्न शिक्षाविद्ले निम्नअनुसार प्रस्तुत गरेका छन -


शिक्षाविद आउड्रे एण्ड निकल्स (Andrey and Nicholls) ले आफ्नो प्रसिद्ध पुस्तक "पाठ्यक्रम र विकास" (Developing a Curriculum) मा पाठ्यक्रमका तत्वहरू निम्नअनुसार प्रस्तुत गरेका छन् :

१. उद्देश्यहरू (Objectives)

२. विषयवस्तु (Content)

३. शिक्षणविधि (Methods)

४.	मूल्याङ्कन (Evaluation)




**आर. डब्लु, टायलर (R.W.Tyler) का अनुसार पाठ्यक्रमका तत्वहरू**

Step 1 . उद्देश्य (Objective)

Step 2 . विषयवस्तु (Content)

Step 3 . शिक्षण सिकाइ रणनीति (Strategies)

Step 4 . मूल्याङ्कन (Evaluation)

पाठ्यक्रमका तत्वहरू आर. डब्लु, टायलर (R.W. Tyler) ले उल्लेख गरेको तत्वसँग मिल्दो जुल्दो छ । अब हामी यिनै तत्वहरूको बारेमा विस्तृत अध्ययन गर्नेछौं -

१.	**उद्देश्य (Objectives)**

कुनै पनि पाठ्यक्रमको निर्माण गर्नुअघि त्यो पाठ्यक्रम कसका लागि हो, के कुराका लागि हो भन्ने प्रश्नको उत्तर खोज्नुपर्छ । देश र समाजको आवश्यकताअनुसार विद्यार्थीहरूमा सिकाउन खोजिएका ज्ञान, सीप र धारणाको निर्धारण गरिनुपर्दछ । विद्यार्थीको रुचि, स्तर, तह, मानसिक क्षमता आदिलाई दृष्टिगत गरी उद्देश्यहरू निर्धारण गर्नुपर्छ । स्पष्ट र व्यावहारिकरूपमा उल्लेख गरिएका शिक्षाका उद्देश्यले सिकाइ प्रक्रिया र कार्यक्रमलाई पूर्वनिर्धारित, पूर्वनिर्देशित बाटोमा लैजान मार्ग प्रशस्त गर्दछ । यसले शैक्षिक कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने कार्यमा समेत ठोस सहयोग पुग्दछ। शिक्षाको राष्ट्रिय लक्ष्य तथा उद्देश्य (National goals of education) को निर्धारण पश्चात क्रमश: शिक्षाका तहगत उद्देश्य, विषयगत उद्देश्य, कक्षागत उद्देश्य, पाठ गत उद्देश्य बन्दै जान्छन् । शैक्षिक लक्ष्य (Educational goals) को निर्धारण पछि उद्देश्यहरू (Educational objectives) निर्धारण गरिन्छन् ।

हरबर्ट स्पेन्सर (Herbert Spencer): (सन् १८६०) - “शैक्षिक उद्देश्यको आधारमा मानविय क्रियाकलापलाई व्याख्या-विश्लेषण गर्नुपर्दछ ।”

पाठ्यक्रमका विभिन्न तत्वहरूमध्ये उद्देश्य सबैभन्दा प्रमुख, आधारभूत र महत्वपूर्ण तत्व हो । उद्देश्यकै आधारमा विद्यार्थीले सिक्नुपर्ने, जान्नुपर्ने, गर्नुपर्ने, बुझ्नुपर्ने कुराहरूको निर्धारण गरिन्छ ।

**उद्देश्यको महत्त्व :** सम्भवतः उद्देश्यको महत्वलाई निम्न बुंदाबाट प्रस्ट पार्न सकिन्छ :

१. कुन शैक्षिक कार्यक्रमलाई जोड दिने हो त्यसबारे जानकारी प्रदान गर्न,

२. पाठ्यवस्तुको छनोट र सङ्गठन गर्न आधार र निर्देशन प्रदान गर्न,

३. सिकाइअनुभवको ख्याल गरी सिक्ने विषयवस्तुको निर्धारण गर्न,

४. उपलब्धिको सही लेखाजोखा गर्न मार्गनिर्देशन गर्न,

५. सिकाइ उपलब्धिको निर्धारण र मापनको आधार तयार गर्न ।

**उद्देश्यको प्रकार :** पाठ्यक्रमका उद्देश्यलाई रोवर्ट म्यागेर र ग्रोनल्याण्ड (Robert Mager and Gronlund) ले निम्न २ प्रकारले विभाजन गरेका छन् ।

१. साधारण उद्देश्य (General objectives)

२. व्यवहारिक वा विशिष्ट उद्देश्य (Specific objectives)

## २. पाठ्यवस्तु र विषयवस्तु (Content)

पाठ्यक्रमको दोस्रो तत्व विषयवस्तु (Content) हो । उद्देश्यको निर्धारण पश्चात् विषयवस्तुको सही छनौट गर्नुपर्छ, जसले आवश्यक अनुभवहरू प्रदान गर्ने काम गर्दछ । उद्देश्यका आधारमा व्यक्तिको स्तर, आवश्यकता, उमेर, योग्यतालाई दृष्टिगत गरी ज्ञान, सीप र धारणाको विकास गर्न विद्यार्थीमा के-कस्ता अनुभवहरू आवश्यक पर्दछन् सोहीअनुसार विषयवस्तुको छनोट गर्नुपर्छ । सही उद्देश्यको निर्माण भएमा विषयवस्तुको चयनमा सघाउ पुग्दछ । उद्देश्यको आधारमा विषयवस्तुको चयन हुने, शैक्षिक सामग्रीको चयन हुने, शिक्षणविधि र मूल्याङ्कनको चयन हुने भएकाले पनि पाठ्यक्रममा उपयुक्त विषयवस्तुको छनोटलाई विशेष महत्व दिइन्छ ।

शैक्षिक संस्थामा अध्यापन गरिने विभिन्न विषयहरूको सम्भाव्य सैद्धान्तिक तथा व्यावहारिक पक्षलाई ध्यानमा राखी तयार पारिएको शिक्षण सिकाइको सङ्गठनात्मक पक्षलाई त्यस विषयको विषयवस्तु वा विषय सूची भनिन्छ। विषयवस्तुले सिकारुका विभिन्न ज्ञान, सीप, अनुभव प्राप्तिमा सघाउ पुऱ्याउँछ । शिक्षणसिकाइको क्रममा के (What) कुरा सिक्ने भन्ने प्रश्नको उत्तर नै विषयवस्तु (Content) हो । विषयवस्तु पाठ्यक्रमको त्यस्तो सबल र प्रभावकारी पक्ष हो जसले विद्यार्थीको बौद्धिक स्तरको लेखाजोखा गर्दछ । अझ परम्परागत रूपमा त विषयवस्तुलाई नै पाठ्यक्रम भन्ने धारणा थियो । यसरी निर्धारित उद्देश्य वा सिकाइ उपलब्धिको आधारमा सिकारुमा विकास गर्नुपर्ने ज्ञान, सीप, धारणालाई आधार बनाएर के-कस्ता विषयहरू र सो विषयअन्तर्गत के-कस्ता पाठ्यवस्तु निर्धारण गर्नुपर्दछ भन्ने कुराको निर्धारण गरिन्छ । पाठ्यवस्तु वा विषयवस्तु सम्बन्धी केही धारणाहरू यसप्रकार उल्लेख गरिन्छ :

**ब्रुनर (Bruner) -** "विषयवस्तुको ढाँचा भनेको सिद्धान्त हो, विषयसूचीको सङ्गठन हो, विषयवस्तु खोज विधिको आधारमा निर्धारित विधा (Discipline) हो ।"

अलेक्जेन्डर एण्ड स्यालर (Alexander and Saylar) - "विद्यार्थीलाई प्रदान गरिने पाठ्यवस्तु भित्र तथ्यहरूको ज्ञान, तथ्याङ्कको धारणा, प्रक्रियाहरू, मूल्य र मान्यता आदि कुराहरू पर्दछन् ।"

बेन्जामिन एस. ब्लुम - "शैक्षिक उद्देश्यको वर्गीकरण अनुसार ज्ञानमूलक, सीपमूलक, अनुभूति सम्बन्धी विषयवस्तुहरू छनौट गर्नु पर्दछ ।"

यसरी सिकारुबाट चाहेको व्यवहार प्रदर्शन गराउन सक्ने विषयको सिलसिला बद्ध वा क्रमबद्ध सूचीलाई विषयवस्तु भनिन्छ ।

## ३. शिक्षणसिकाइ कार्यनीति (Teaching Learning Strategies)

निर्धारित विषयवस्तुलाई के-कसरी विद्यार्थी समक्ष पुर्‍याउने भन्ने पद्धति, प्रक्रिया, रणनीतिलाई शिक्षणसिकाइ कार्यनीति भनिन्छ । विद्यालयमा विशेषतः पाठ्यपुस्तकका आधारमा शिक्षण गरिने भएकाले पठनपाठन विधि र विषयवस्तुबीच घनिष्ट सम्बन्ध हुन्छ । पाठ्यक्रमले कुनै पनि सिकाइ अनुभवलाई योजनाबद्ध एवम् सङ्गठनात्मक रूपमा प्रस्तुत गर्छ । शिक्षक क्रियाकलाप, विद्यार्थी क्रियाकलाप एवम् संयुक्त क्रियाकलाप के हो भन्ने कुरा स्पष्टरूपमा उल्लेख गर्नुपर्छ । यस प्रक्रियाबाट शिक्षण सरल, सरस र प्रभावकारी बन्दछ । सिक्ने र सिकाउने कार्यबीचको पारस्परिक सुमधुर सम्बन्धले नै शैक्षिक उद्देश्य प्राप्तिमा सघाउ

पुग्दछ । विद्यार्थीले सिक्ने कुराका लागि पर्याप्त अभ्यासको अवसर पाउने क्रियाकलापबाट सन्तुष्टि प्राप्त गर्ने हुनुपर्छ । सिकाइ अनुभवको प्रभावकारी सङ्गठन पाठ्यक्रममा निरन्तरता, पर्याप्तता, प्रचुरता कायम गर्दै विषयवस्तुको क्षेत्र र क्रमलाई समन्वय गर्न समेत बल पुग्दछ । सकेसम्म विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलापलाई पाठ्यक्रमले समावेश गर्नु उपयुक्त मानिन्छ । शिक्षणसिकाइ कार्यनीतिबारे स्पष्ट हुन आवश्यक हुन्छ ।

अभेन्ट (Avent)- "शिक्षण सिकाई रणनीति भन्नाले लक्ष्य, उद्देश्य वा उपलब्धि हासिल गर्न अपनाइने प्रक्रिया हो ।"

यसरी निर्धारित उद्देश्य पूरा गर्न शिक्षण विधिको चयन गरिन्छ । "A teacher is born not made" भने झै शिक्षकद्वारा शिक्षण विधिको चयन गरिन्छ । शिक्षण एक कला पनि भएकोले सफल शिक्षक बन्न शिक्षकले समसामयिक तालिम, लगन, परिश्रम, चिन्तनमनन गर्नुपर्छ । आजको बदलिदो शैक्षिक रङ्गमञ्चमा शिक्षकको भूमिका र स्थान ज्यादै जटिल छ । उसलाई विषयवस्तुको ज्ञान, बालबालिकासम्बन्धी ज्ञानमात्र भएर पुग्दैन, शिक्षण विधिको ज्ञान हुन पनि उत्तिकै जरुरी छ । भनिन्छ - विद्यार्थीले सिकेका छैनन् भने शिक्षकले सिकाएन" (If students have not learnt the teacher has not taught.) यसर्थ शिक्षण पेसामा लागेका शिक्षकका लागि शिक्षणसिकाइ रणनीति सम्बन्धी अध्ययन चुनौतीपूर्ण छ । यस्ता चुनौतीको सामना गर्न सरल शिक्षण नमुनाको उपयोग गर्नुपर्छ ।

उद्देश्यको परिपूर्तिका लागि विषयवस्तुको स्वरूप, प्रकृति, विद्यार्थीको स्तर, रुचि, क्षमता, शिक्षकको योग्यता, दक्षता, उपलब्ध साधन र स्रोतअनुसार प्रभावकारी शिक्षण विधिको चयन गर्नु सफल शिक्षकको खुबी हो । सबै अवस्थामा एउटै शिक्षण विधि उपयुक्त हुँदैन । एउटै विषयलाई पनि फरकफरक शिक्षण विधि प्रयोग गरी शिक्षण गर्न सकिन्छ । कुन शिक्षण सिकाइ रणनीति प्रयोग गर्ने भन्ने कुरा सम्बन्धित शिक्षकको खुबीमा निर्भर गर्दछ ।

विद्यार्थीहरूमा गरेर सिक्ने (Learning by doing) प्रवृत्तिको विकास गरी शिक्षण गर्दा सिकाइ अर्थपूर्ण र स्थायी बन्दछ ।

## शिक्षण विधि चयन गर्दा ध्यान दिनुपर्ने कुराहरू

शिक्षण विधिको छनोट गर्ने निकै जटिल कुरा हो । विषयवस्तुको गहनता र प्रकृतिलाई ख्याल गरी शिक्षण क्रियाकलाप के गर्ने भन्ने टुङ्गो गर्न सकिदैन । शिक्षण सिकाइमा उपलब्ध स्रोत, र वातावरणले शिक्षण सिकाइ रणनीति चयन गर्न ठूलो भूमिका खेल्दछ । कस्तो शिक्षण निती छनौट गर्दा निर्धारित उद्देश्य सरल ढंगले र निश्चित समयमा पूरा गर्न सकिन्छ भन्ने ख्याल दक्ष र तालिम प्राप्त शिक्षकको दक्षता र क्षमतामा भरपर्दछ । शिक्षक एउटा कलाकार भएकोले शिक्षण सिकाइ रणनीति चयन गर्दा धेरै कुरा सोचविचार गरी गर्नुपर्छ । शिक्षण रणनीति चयन गर्दा ख्याल गर्नुपर्ने कुराहरूलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

१. **विषयवस्तुको स्वरूप :** ज्ञान, सीप र धारणा फरक-फरक भएका विषयहरूमा एउटै विधि उपयोगी हुँदैन । सबै विषयको प्रकृति र स्वरूप एउटै र उस्तै हुँदैन । विज्ञान विषयमा बढी मात्रामा प्रयोगात्मक एवम् अवलोकन विधि आवश्यक हुन्छ भने इतिहासमा व्याख्यान, छलफल, प्रश्नोत्तर बढी उपयोगी हुन्छ । विषयको क्षेत्र, क्रम, गहनता आदिले पनि शिक्षण विधिको छनौटमा प्रभाव पार्दछ ।

२. **शैक्षिक लक्ष्य र उद्देश्य** : शिक्षाको राष्ट्रिय, तहगत, कक्षागत, विषयगत उद्देश्यलाई ख्याल गरी शिक्षण विधिको चयन गर्नुपर्छ । निर्धारित सिकाइ उपलब्धि के, कसरी हासिल गर्ने भन्ने कुरा प्रभावकारी शिक्षण विधिमा निर्भर गर्दछ ।

३. **बालमनोविज्ञान :** विद्यार्थीको पूर्वज्ञान, परिपक्वता, क्षमता, उमेर, स्तर, रुचि, चाहना, आवश्यकता आदिलाई ख्याल गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत विभिन्नता (Individual differences) लाई समेत ख्याल गरी शिक्षण क्रियाकलापको चयन गर्नुपर्छ । विद्यार्थीहरू के, कसरी, कति समयसम्म पढ्न रुचाउँछन् त्यसको ख्याल गर्नुपर्छ ।

४. **समय :** पठनपाठन गर्न छुट्याइएको निधारित पाठ्यभार र घण्टीको (समयको) ख्याल गर्नुपर्छ । समय छोटो छ भने छोटो समयमा पूरा गर्ने खालको शिक्षणविधि रोज्न सकिन्छ । समय लामो छ भने त्यस्तै प्रकृतिको शिक्षण विधि छनौट गर्नुपर्छ ।

५. **उत्प्रेरणा :** शिक्षण विधि यस्तो होस, जुन सबै विद्यार्थीले रुचाउने, मनोरञ्जनात्मक, सरल र सरस होस् । विद्यार्थीहरूलाई शिक्षण सिकाइको क्रममा विषयवस्तुप्रति उत्प्रेरित गर्ने शिक्षण विधि चयन गर्नुपर्छ ।

६. **पृष्ठपोषण :** शिक्षण सिकाइ रणनीतिमा आवश्यक पृष्ठपोषण प्रदान गर्नु त्यतिकै आवश्यक हुन्छ । शिक्षणमा कमीकमजोरी देखिएमा आवश्यक सुधार गर्नुपर्छ । शिक्षण विधि यस्तो होस् जसमा आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्न सकियोस् ।

७. **शैक्षिक सामग्री** : शिक्षण विधिको छनौट उपलब्ध शैक्षिक सामग्री, भौतिक साधन र स्रोतलाई ख्याल गरी गर्नुपर्छ । शिक्षण मनोरञ्जनात्मक एवम् प्रभावकारी बनाउन उपलब्ध स्रोत र साधनको प्रभावकारी उपयोग गरिने शिक्षण विधि हुनुपर्छ । सकेसम्म स्थानीय एवम् न्यून मूल्यको सामग्रीको प्रयोगलाई जोड दिनुपर्छ ।

८. **शिक्षण सिकाइ वातावरण** : शिक्षण विधिको चयन गर्न वास्तविक शिक्षणको वातावरण के-कस्तो छ ?, प्रयोग र प्रचलन के-कस्तो छ ? त्यसको ख्याल गर्नुपर्छ ।

## ४. मूल्याङ्कन

मूल्याङ्कन पाठ्यक्रमको अन्तिम तर अभिन्न तत्व हो। पाठ्यक्रमको मूल्याङ्कन गर्दा विद्यार्थीको उपलब्धि एवम् कार्यसम्पादनका साथै समस्त शैक्षिक लगानी, शैक्षिक प्रक्रिया, स्तर, कार्यक्रम, कार्यान्वयन, बाधाव्यवधान, विसङ्गति एवम् सम्पूर्ण शैक्षिक प्रणालीकै मूल्याङ्कन, उद्देश्य र उपलब्धिबीचको एकरूपता नै मूल्याङ्कनको सबल पक्ष हो । सिकाइको स्तर र अनुभव को सङ्गठन, शिक्षणस्तर, पाठ्यक्रमको स्तर, क्रियाशीलता र सञ्चालनलाई समेत मनन् गरी सुधार गर्ने प्रयास गरिन्छ । विद्यार्थीले एक शैक्षिक सत्रमा प्राप्त गरेका ज्ञान, सीप, अनुभवअनुरूप अपेक्षित उपलब्धिको लेखाजोखा गरी प्रगति विवरण तयार गरिन्छ ।

उद्देश्यअनुरूप विषयवस्तुको छनौट हुने, विषयवस्तु अनुसार शिक्षणसामग्री र क्रियाकलाप हुने भएकाले पनि सबै क्षेत्रमा निरन्तर मूल्याङ्कन गरिनुपर्छ । पाठ्यक्रमका विविध पक्षलाई समन्वय गरी लेखाजोखा गर्ने कार्य मूल्याङ्कनले गर्दछ । मूल्याङ्कनलाई निर्माणात्मक र निर्णयात्मक गरी २ भागमा बाँड्न सकिन्छ ।

### मूल्याङ्कनका प्रमुख कार्य

मूल्याङ्कनका प्रमुख कार्यलाई निम्न बुँदाबाट प्रस्ट पार्न सकिन्छ :

१. शैक्षिक उद्देश्यपरिपूर्ति भएनभएको लेखाजोखा गर्नु र उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउनु,

२. शिक्षक र विद्यार्थीका सबल र दुर्बल पक्षको पहिचान गरी पृष्ठपोषण प्रदान गर्नु,

३. शैक्षिक स्तर निर्धारण गर्न, प्रशासनिक कार्य गर्न तथा विद्यार्थीलाई प्रमाणपत्र प्रदान गर्न,

४. पाठ्यक्रमको प्रभावकारिता पहिचान गरी आवश्यक सुधार गर्न,

५. शैक्षिक प्रशासकहरूलाई विभिन्न प्रशासकीय निर्णय गर्न सघाउ पुऱ्याउन,

६. पाठ्यक्रमको उपयोगिताको परीक्षण गर्न आदि ।

## ४.३ पाठ्यक्रम निर्माण प्रक्रिया

पाठ्यक्रमको ढाँचा चयन गर्दा धेरै कुरा ख्याल गर्नुपर्छ । पाठ्यक्रममा निर्धारण गरिने लक्ष्य र उद्देश्यको प्रभावकारितामा सम्पूर्ण शैक्षिक कार्यक्रम सञ्चालन हुने भएकाले शैक्षिक लक्ष्य र उद्देश्य प्रभावकारी हुन आवश्यक हुन्छ । शिक्षासम्बन्धी सम्पूर्ण योजना बनाउन उद्देश्यको आधार लिनै पर्छ । शिक्षाका राष्ट्रिय उद्देश्यहरू (National Goals of Education) को आधारमा अन्य तहगत, कक्षागत, विषयगत, पाठ्यगत उद्देश्यहरू बन्दछन् । उद्देश्यले शैक्षिक कार्यक्रमलाई स्पष्ट निर्देशित गर्ने भएकाले उद्देश्य निर्धारण गर्दा धेरै कुराको ख्याल गर्नुपर्छ । शैक्षिक उद्देश्यको चयनपश्चात् सोही आधारमा शिक्षण सामग्री, विषयवस्तु, क्रियाकलाप, मूल्याङ्कन आदि पक्षको विकास र विस्तार गरिन्छ । यसरी उद्देश्यबिना शैक्षिक कार्यक्रमको कल्पना गर्न पनि कठिन हुन्छ ।

पाठ्यक्रमनिर्माण गर्दा पाठ्यक्रम निर्माणका आफ्नै उद्देश्यहरू हुन्छन् । पाठ्यक्रम किन निर्माण गर्ने, कसका लागि निर्माण गर्ने, कसरी निर्माण गर्ने आदि प्रश्नको उत्तर तयार गर्नुपर्छ । पाठ्यक्रममा समावेश गरिने पाठ्यक्रमका तत्वहरूबीचको सम्बन्ध र समन्वयका लागि पनि उद्देश्यको निर्धारण आवश्यक हुन्छ । पाठ्यक्रम निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू अथवा पाठ्यक्रममा समावेश गरिने विषयवस्तुको निर्धारणलाई विशेष महत्व दिनुपर्छ । यस्ता पक्षको निर्धारण हचुवाको भरमा नगरी व्यापक छलफल गरी गर्नुपर्छ ।

पाठ्यक्रम विकास केन्द्रले पाँच सदस्य रहेको प्राविधिक समिति गठन गर्न सक्नेछ । सो प्राविधिक समितिको काम, कर्तव्य र अधिकार तथा सुविधा पाठ्यक्रम विकास परिषद्ले तोके बमोजिम हुनेछ । उक्त कार्य सम्पन्न भएपछि सो समिति स्वतः निष्क्रिय हुनेछ ।

प्राविधिक समितिको ठोस रायसहित प्रतिवेदन पाठ्यक्रम विकास परिषद्मा पेस भएपछि सो मस्यौदा पाठ्यक्रम स्वीकृतिका लागि नियमावलीमा व्यवस्था भए अनुसार शिक्षा मन्त्रालयमा पेस गरिन्छ । सो पाठ्यक्रम लागु गर्ने निश्चित मिति तोक्ने कार्य नेपाल सरकार शिक्षा मन्त्रालयबाट हुनेछ । पाठ्यक्रम विकास केन्द्रले नै तोक्न सक्ने गरी निर्णयसमेत गर्न सक्नेछ ।

स्वीकृत पाठ्यक्रमअनुसार पाठ्यपुस्तक विकास गर्ने, लागू गर्ने र स्रोतसाधनलाई समेत दृष्टिगत गरी सो पाठ्यपुस्तक तथा पाठ्यक्रम सम्बन्धित प्रयोगकर्तासमक्ष प्रचारप्रसार गर्ने कार्यको प्रबन्ध पाठ्यक्रम विकास केन्द्रले मिलाउनेछ ।

पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य शैक्षिक तथा शैक्षणिक र सहयोगी सामग्रीहरूको विकास गर्दा अपनाउनुपर्ने आवश्यक प्रक्रिया, व्यवस्थापन आदि विषयका विविध पक्षलाई एक निश्चित र पारदर्शी प्रणालीमा व्यवस्थित गरी कार्यविधिको दिशानिर्देश गर्नका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका स्वीकृत भई लागू गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीका विकास गर्दा सामान्यतया निम्न चरणहरू पूरा गरिन्छन् :

१. कार्यदल र मस्यौदा समितिबाट मस्यौदा तयारी

२. शिक्षक कार्यशालामा छलफल र परिमार्जन

३. विषय समितिबाट अध्ययन र स्वीकृति

४. समन्वय समितिमा अध्ययन

५. राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदमा प्रस्तुत (पाठ्यक्रम मात्र) भई स्वीकृति लिने ।

६. नेपाल सरकारबाट स्वीकृति लिने ।

उक्त चरण तथा कार्य प्रक्रियाका बारेमा तल थप चर्चा गरिएको छ ।

### (१) कार्यक्रम प्रस्ताव र स्वीकृति

नेपाल सरकारको कुनै नीति तथा कार्यक्रमबाट निर्देशन भएमा वा पाठ्यक्रम विकास केन्द्रले विभिन्न आधारमा आवश्यक ठहयाई परिमार्जन कार्यक्रम प्रस्ताव गरी नेपाल सरकारबाट स्वीकृत भएपछि पाठ्यक्रम, पाठ्यपुस्तक परिमार्जन प्रक्रियाको थालनी

हुन्छ । पाठ्यक्रम विकास केन्द्रले मुलतः पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिकाको प्रावधानअनुसार परिमार्जन प्रक्रिया र समयावधिलाई दृष्टिगत गरी पाठ्यक्रम, पाठ्यपुस्तक परिमार्जन गर्दछ ।

(२) **मस्यौदा लेखन कार्यदल गठन**

वार्षिक स्वीकृत कार्यक्रमअनुसार सम्बन्धित तह र कक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गर्नका लागि पाठ्यक्रम विकास केन्द्रले आन्तरिक प्रक्रियाद्वारा कायदल गठन

गर्दछ । कार्यदलमा सामान्यतया निम्नानुसारको प्रतिनिधित्व हुने गर्दछ :

- सम्बन्धित विषयको प्राध्यापक/विशेषज्ञ
- सम्बन्धित विषय शिक्षक
- पाठ्यक्रम विकास केन्द्रको विशेषज्ञ

(३) **मस्यौदा लेखन**

मस्यौदा लेखन कार्यदलले निम्नलिखित आधारमा प्रारम्भिक परिमार्जन, लेखन कार्य गरी मस्यौदा तयार गर्ने गर्दछ :

- शिक्षासम्बन्धी कुनै आयोग, समिति आदिबाट प्राप्त सुझाव एवम् सिफारिस
- नेपाल सरकारको नीति तथा कार्यक्रम
- प्रयोगकर्ता तथा सरोकारवालाहरूबाट प्राप्त राय, प्रतिक्रिया
- कार्यशाला, गोष्ठी, सेमिनारका सुझाव
- सञ्चार माध्यमबाट व्यक्त प्रतिक्रिया
- परीक्षण तथा अनुगमनबाट प्राप्त प्रतिवेदन/पृष्ठपोषण
- आन्तरिक छलफलबाट निस्केका निष्कर्ष

(४) **शिक्षक कार्यशाला**

मस्यौदा लेखन भइसकेपछि पाठयक्रम तथा पाठ्यपुस्तकको प्रयोग गर्दा आइपरेका समस्या तथा तिनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने शिक्षण सिकाइ प्रक्रियासम्बन्धी सुझाव लिई तदनुरूप पाठ्यक्रम पाठ्यपुस्तकलाई परिमार्जन तथा सुधार गर्न सम्बन्धित तह र विषयका शिक्षक कार्यशालाबाट राय सुझाव लिइने गरिन्छ ।

(५) **विषय समिति**

शिक्षक कार्यशालाबाट प्राप्त सुझावसमेतका आधारमा आवश्यक परिमार्जनपछि पाठ्यक्रम पाठ्यपुस्तकका सम्बन्धमा सम्बन्धित विषय समितिले अध्ययन गरी मूल्याङ्कन गर्ने र आवश्यकतानुसार थपघट र परमार्जन गर्ने कार्य गरी सम्बन्धित

विषयको विषयवस्तुसम्बन्धी प्रमाणिकता प्रदान गर्ने कार्य गरिन्छ । विषयवस्तुका दृष्टिले अन्तिम रूप दिने कार्य विषय समितिले गर्दछ ।

**(६) पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति**

पाठ्यक्रम, पाठ्यपुस्तक विषय समितिले पेस गरेका पाठ्यक्रम र पाठ्यपुस्तकको पाण्डुलिपिका सम्बन्धमा आवश्यकतानुसार लम्बीय र समतलीय सन्तुलन मिले नमिलेको, एक विषय र अर्को विषयबीच विषयवस्तु दोहोरो परे नपरेको सम्बन्धमा आवश्यक अध्ययन गरी आवश्यकता अनुसार सुधार तथा परिमार्जन गर्ने र पाठ्यक्रम भए स्वीकृतका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदमा पेस गर्न सिफारिस गर्ने र पाठ्यपुस्तक भए अन्तिम मुद्रणीयप्रति तयार गरी नेपाल सरकारमा स्वीकृतिका लागि पेस गर्न सिफारिस गर्ने काम यो समितिले गर्दछ । पाठ्यपुस्तकमा सामान्य परिमार्जन भए यसै समितिबाट अन्तिम रूप दिइन्छ र नेपाल सरकारसमक्ष पेस गरिदैन ।

**(७) अन्तिम मुद्रणीय प्रति तयारी (CRC)**

सम्बन्धित विषय समिति र समन्वय समितिबाट स्वीकृत भइसकेपछि पाठ्यपुस्तकका हकमा छपाइका लागि अन्तिम मुद्रणीय प्रति तयार गर्न सम्बन्धित विषय विशेषज्ञबाट विषयवस्तु सम्पादन तथा भाषा विशेषज्ञबाट भाषा सम्पादन गराई सम्पादनका दृष्टिले उपयुक्त भए नभएको सम्बन्धमा छलफल गर्न सम्पादक मण्डलमा पेस हुने गर्दछ । सम्पादक मण्डलबाट सम्पादकीय दृष्टिले अन्तिम रूप प्रदान भएपछि अन्तिम मुद्रणीय प्रति (CRC) तयार गरिन्छ । सम्पादकीय दृष्टिकोणले निम्नलिखित कुरा हेर्ने गरिन्छ :

- अक्षरको आकारप्रकार
- चित्र, लेआउट, इल्युस्ट्रेसन
- भाषिक शुद्धता आदि ।

**(८) अन्तिम स्वीकृतिका लागि पेस गरिने**

अन्तिम मुद्रणीय प्रति तयार भएपछि पाठ्यक्रम भए राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदमा स्वीकृतिका लागि पेस गरिने र परिषद्बाट स्वीकृति प्राप्त भएपछि लागु गर्नका लागि नेपाल सरकारमा स्वीकृतिका लागि पेस गरिन्छ । पाठ्यपुस्तकका सम्बन्धमा भने मुद्रणीय प्रति तयार भएपछि पहिलोपटक विकास भएको पाठ्यपुस्तक भए लागु गर्नका लागि नेपाल सरकारको स्वीकृतिका लागि पेस गरिन्छ र सामान्य परिमार्जित पाठ्यपुस्तक भए विषय समिति र समन्वय समितिबाट स्वीकृत भएपछि पा.वि.के, को आन्तरिक प्रक्रियाबाट अन्तिम रूप दिई प्रकाशन गरिन्छ । सन्दर्भ सामग्रीका लागि भने माथिका कार्यदलबाट तयार भएपछि आवश्यकताअनुसार विषय समिति वा समन्वय समितिबाट अन्तिम रूप दिने गरिन्छ ।

## ४.४ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध

पाठ्यपुस्तक कक्षाकोठामा शिक्षक र विद्यार्थीबीचको अन्तरक्रियाको मूल साधन हो । अझ हाम्रो जस्तो विकासोमूख देशमा त शिक्षणसिकाइको मूल आधार नै पाठ्यपुस्तकलाई लिने गरेको पाइन्छ । यसो भन्दैमा पाठयपस्तकलाई साध्य (Ends) का रूपमा लिन भने गलत काम हुन जान्छ । पाठयपुस्तक एउटा साधन (Means) मात्र हो, जसका आधारमा शिक्षक र विद्यार्थीबीच सक्रिय अन्तरक्रिया हुन्छ । भौगोलिक विविधता, विद्यार्थीको स्तर, क्षमता र रुचिमा भएको विभिन्नताका कारण हाम्रो देशमा पाठ्यपुस्तकलाई सबैका लागि सर्वसुलभ र न्यूनतम पाठ्यसामग्रीका रूपमा लिने गरिएको छ ।

पाठ्यसामग्रीहरूको परिचय दिने क्रममा विभिन्न विद्वानहरूले विभिन्न परिभाषा दिएका छन् । पाठ्यपुस्तकको केही परिभाषा यसप्रकार छन् :

१. कोट मोविआ (१९७३) - "पाठ्यपुस्तक भनेको शिक्षकका लागि निर्देशिका, विद्यार्थीहरूका लागि स्रोत सामग्री, सिकिसकेका कुराहरूको स्थायी लेखाजोखा गर्ने, सामान्यीकरण, तथ्य, क्रमबद्ध कायम गर्ने साधन हो ।"

२. गुड (१८५९) - "कुनै पाठ्यांशका लागि आधारभूत सामग्रीका रूपमा पाठ्यपुस्तक रहेको हुन्छ । यसमा निश्चित विषयवस्तुहरूलाई निश्चित तहमा शिक्षण गर्ने किसिमले व्यवस्थित ढङ्गले समावेश गरिएको हुन्छ ।"

३. क्रोनव्याक (१९४९) - "कुनै पाठ्यांशका विभिन्न एकाइहरूको शिक्षणसिकाइ क्रमबद्ध रूपमा हुन सकोस् भन्ने ध्येयले पाठ्यपुस्तक रचना गरिन्छ ।"

यसरी माथिका परिभाषाहरूलाई केलाउँदा पाठ्यपुस्तक भनेको कुनै पनि विषयमा शिक्षकलाई निर्देशन तथा नियन्त्रण गर्ने र विद्यार्थीलाई पुनरावृत्ति र अभ्यासका सन्दर्भमा उपयोग गर्न पाठ्यक्रमका उद्देश्यअनुरूप तयार गरिएको सामग्री. भन्ने बुझिन्छ ।

विद्यार्थीहरूमा निश्चित ज्ञान, सीप र धारणाको विकास गराउनका लागि विद्यालयले सञ्चालन गर्ने शैक्षणिक क्रियाकलापको योजना नै पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय उद्देश्यलाई कक्षागत र विषयगत रूपमा रूपान्तर गर्ने माध्यम नै पाठ्यक्रम हो । विद्यार्थीहरूका शैक्षिक आवश्यकता पूरा गर्नका लागि विद्यालयले औपचारिकरूपमा प्रयोग गर्नुपर्ने दस्तावेजका रूपमा पाठ्यक्रमलाई लिइन्छ भने उक्त दस्तावेजलाई व्यवहारमा उतार्नका लागि सहयोगी सामग्रीका रूपमा पाठ्यपुस्तकलाई लिइन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य तथा सिकाइ उपलब्धिलाई पाठ्यवस्तुमा रूपान्तर गरिसकेपछि पाठ्यवस्तुको क्षेत्र र क्रमका आधारमा विद्यार्थीको क्षमता, उपलब्धिस्तर तथा रुचिसँग मेलखाने गरी तयार पारिएको विस्तृत पाठ्यसामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । धेरै विद्यालयहरूमा विषयसूचीलाई (पाठ्यपुस्तकमा दिइएको) पाठ्यक्रम र उक्त विषयसूचीको विस्तृत रूपलाई पाठ्य पुस्तक भन्ने गरेको पनि पाइएको छ । विद्यालयमा शिक्षकले पाठ्यक्रम हेर्दै नहेरी पाठ्यपुस्तकको मात्र सहयोगमा शिक्षण गरेको पनि पाइएको छ । यो सरासर गलत काम हो । शिक्षकले पहिले पाठ्यक्रमका विभिन्न पक्षहरूको अध्ययन गर्नुपर्छ । यसरी पाठ्यक्रमको अध्ययन गरेपछि पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार पाठ्यपुस्तकका माध्यमबाट शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । पाठ्यक्रमले निर्धारण गरेको पाठ, घन्टी, शिक्षणविधि तथा शिक्षकविद्यार्थी अन्तरक्रियाको विश्लेषण तथा मूल्याङ्कनका आधारहरू समेतलाई ध्यानमा

राखी शिक्षक तथा विद्यार्थीलाई शैक्षणिक क्रियाकलापमा संलग्न गराउन प्रयोग गरिने पाठ्यसामग्री नै पाठ्यपुस्तक हो । पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धलाई निम्नानुसार बुंदागत रूपमा उल्लेख गरिएको छ :

१. पाठ्यक्रम र पाठ्यपुस्तक दुवै शिक्षाको राष्ट्रिय उद्देश्यलाई तहगत र कक्षागत उद्देश्यमा रूपान्तर गरी विषयगत शिक्षणमार्फत् बालबालिकाहरूमा शैक्षिक उपलब्धि हासिल गराउने अभिप्रायले निर्माण गरिएको हुन्छ । अतः शिक्षाको राष्ट्रिय उद्देश्यलाई साध्य र पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई उक्त उद्देश्य पूरा गर्ने साधनका रूपमा लिइन्छ ।

२. विद्यार्थीहरूका शैक्षिक आवश्यकता पूरा गर्नका लागि विद्यालयले प्रयोग गर्ने औपचारिक दस्तावेजका रूपमा पाठ्यक्रमलाई लिइन्छ भने उक्त दस्तावेजलाई कार्यान्वयन गर्नका लागि सहयोगी सामग्रीका रूपमा पाठ्यपुस्तकलाई लिइन्छ । अतः पाठ्यक्रम शिक्षणसिकाइको विस्तृत योजना हो भने पाठ्यपुस्तक उक्त योजनालाई कार्यरूप दिन तयार पारिएको विषयवस्तुको विस्तारित रूप हो ।

३. पाठ्यक्रम सिकारुको सर्वाङ्गीण विकासका लागि उसको उमेरगत शैक्षिक आवश्यकताका आधारमा तयार गरिएको शैक्षणिक योजना हो भने पाठ्यपुस्तक वयस्कहरूका अनुभव, खोज तथा प्रयोगबाट प्राप्त विषयवस्तुलाई सङ्कलन र छनोट गरी तयार पारिएको सहयोगी सामग्री हो ।

४. पाठ्यक्रममा बालबालिकाका आवश्यकता, रुचि, क्षमता, पूर्वज्ञान तथा सिकाइको निरन्तरतालाई समायोजन गरिएको हुन्छ भने पाठ्यपुस्तक पाठ्यक्रमद्वारा निर्दिष्ट आधारमा तयार पारिएको तथा पाठ्यक्रमले निर्धारण गरे अनुसारका क्रियाकलाप र मूल्याङ्कनलाई कक्षागत रूपमा प्रयोगमा ल्याउने निर्देशिकाको रूपमा लिइन्छ ।

५. पाठ्यक्रमको निर्माण तथा परिमार्जनको प्रक्रिया विस्तृत र व्यापक हुन्छ । सरकारले पाठ्यक्रम निर्माण गर्ने संस्था स्थापना गरेको हुन्छ । सो संस्थाले शिक्षाविद्, मनोवैज्ञानिक, समाजशास्त्री, शिक्षक, प्राध्यापक, सम्बन्धित क्षेत्रका विशेषज्ञ र अभिभावकसमेतको संलग्नतामा व्यापक छलफल, अध्ययन तथा अनुसन्धानका आधारमा पाठ्यक्रम तयार गर्दछ । पाठ्यपुस्तक निर्माणमा पाठ्यपुस्तक लेखक तथा परिमार्जनकर्ताका रूपमा विषयगत सामग्री विशेषज्ञ वा शिक्षकहरूको कार्यदलको मात्र संलग्नता रहन्छ ।

६. पाठ्यक्रम शिक्षण योजनाको सैद्धान्तिक पक्ष हो जसमा सम्बन्धित विषयको उद्देश्य, पाठ्यवस्तुको क्षेत्र र क्रम, विधि, सन्दर्भ एवम् शैक्षिक सामग्री र मूल्याङ्कनका उपायलाई सूत्रबद्ध रूपमा प्रस्तुत गरिएको हुन्छ भने पाठ्यपुस्तक पाठ्यक्रमका यिनै बुँदाहरूका आधारमा व्याख्या, उदाहरण, चित्र तथा नमुना अभ्याससमेत दिएर तयार पारिएको क्रियाकलापमुखी विषयगत पाठ्यसामग्री हो ।

७. एउटै पाठ्यक्रमका आधारमा धेरै पाठ्यपुस्तकहरू पनि तयार पार्न सकिन्छ । पाठ्यक्रमलाई आधार मानेर पाठ्यपुस्तक प्रयोग गर्‍यौं भने विषयको प्रस्तुतीकरणमा सरल एवम् सन्तुलन हुन सक्छ । अन्यथा निर्धारित समयभन्दा अगाडि नै पाठ्यवस्तु पढाइसकिने वा उक्त समयभित्र पाठ्यवस्तुको शिक्षण हुन नसक्ने सम्भावना हुन्छ ।

अतः शिक्षकले शिक्षणका लागि पाठ्यपुस्तक प्रयोग गर्दा पाठ्यक्रममा निर्देशित वार्षिक पाठ घण्टा, एकाइ पाठ घण्टा, क्रियाकलाप एवम् अभ्यास तथा मूल्याङ्कनलाई आधार मान्नुपर्दछ ।

निष्कर्षमा के भन्न सकिन्छ भने पाठ्यक्रम तथा पाठ्यपुस्तक एक अर्कोका अभिन्न अङ्ग हुन् । एकको अभावमा अर्कोको कार्यान्वयन पूर्ण हुन सक्दैन । यी एकअर्कामा निर्भर पनि रहेका हुन्छन् ।

## ४.५ पाठ्यक्रम र पाठ्यपुस्तकको महत्व

कुनै पनि सामग्री उपलब्ध हुनुमात्र महत्वपूर्ण कुरा होइन । उपलब्ध साधन र स्रोतको समुचित उपयोग गर्न सकिए मात्र त्यसबाट प्रतिफल पाउन सकिन्छ । त्यस्तै शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाई शिक्षाले राखेका उद्देश्य पूरा गर्ने क्रममा पाठ्यक्रम र पाठ्यपुस्तक महत्वपूर्ण साधन भए पनि तिनको समुचित प्रयोग गर्न सकिएन भने तिनको उपलब्धता मात्र ठूलो कुरा हुन सक्दैन । वास्तवमा योजनाबद्ध, उद्देश्यपूर्ण एवम् व्यावहारिक शिक्षाका लागि पाठ्यक्रम आधारभूत सामग्री हो भने पाठ्यपुस्तक त्यसको सहयोगी साधन हो । तसर्थ शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन आवश्यक पर्दछ । हाम्रो देशको विद्यालय शिक्षा प्रणालीमा पाठ्यक्रमलाई कम महत्व दिएर पाठ्यपुस्तकलाई नै सर्वस्व ठान्ने प्रवृत्तिले जरा गाडेको पाइन्छ । पाठ्यक्रमको वास्तविक मर्म र आशय नबुभ्दा पाठ्यक्रमको सही प्रयोग हुन सकिरहेको छैन । शिक्षण प्रक्रिया पाठ्यपुस्तकमा अत्यधिक निर्भर रहने गरेको पाइन्छ । तसर्थ पाठ्यक्रम र पाठ्यपुस्तकको सन्तुलित प्रयोग नहुँदासम्म शिक्षण कार्य योजनाबद्ध, उद्देश्यमुखी र व्यावहारिक हुन सक्दैन ।

शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन पाठ्यक्रम र पाठ्यपुस्तकको उपयुक्त ढङ्गले प्रयोग गरिनुपर्दछ । तसर्थ यहाँ उक्त सामग्रीको महत्वका सम्बन्धमा चर्चा गर्ने प्रयास गरिएको छ :

### ४.५.१ पाठ्यक्रमको महत्व

१. शिक्षाका राष्ट्रिय, तहगत र विषयगत उद्देश्य अध्ययन गरी सोअनुसार शैक्षणिक योजना निर्माण गर्न

२. पाठ्यक्रमले दिएका साधारण र विशिष्ट उद्देश्य प्राप्त गर्न

३. उपयुक्त दैनिक शिक्षण योजना बनाई कार्यान्वयन गर्न ।

४. शिक्षण योजनाअनुसार आवश्यक पर्ने शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने आधार सामग्रीका रूपमा पाठ्यक्रमलाई लिन ।

५. बालबालिका केन्द्रित शिक्षण विधि, विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलापको छनोट र प्रयोग गर्न ।

६. निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणा अनुरूप रचनात्मक शिक्षण गर्न ,

७. कमजोर विद्यार्थीको स्तर सुधार गर्नका लागि सुधारात्मक शिक्षण गर्न,

८. पाठ्यक्रमको मर्म र भावनाअनुसार शिक्षण गर्न ।

९. पाठ्यक्रमले तोकेको उद्देश्य प्राप्त भए भएन भनेर आँकलन गर्ने मुख्य आधार सामग्रीका रूपमा प्रयोग गर्न ।

१०. शिक्षकले आत्म मूल्याङ्कन गरी शिक्षणसिकाइ प्रक्रियामा सुधार ल्याउन ।

११. शिक्षणसिकाइ प्रक्रियामा भएका कमी कमजोरी औंल्याइ तिनको सुधार गर्न

१२. विविध प्रकारका शिक्षण विधि प्रयोग गरी विद्यार्थीलाई सक्रिय तुल्याउन ।

यसरी माथिका कार्यहरूको मुख्य आधार सामग्री भनेकै पाठ्यक्रम भएकाले उक्त कार्य गर्नका लागि पाठ्यक्रमको निरन्तर अध्ययन गर्न आवश्यक हुन्छ । शिक्षक कक्षामा जानु अघि आज के पढाउने, कसरी, कति पढाउने, पढाएको कुरा कसरी मूल्याङ्कन गर्नेलगायत पढाउँदा राखिएका उद्देश्य प्राप्त भए भएनन् भनेर लेखाजोखा गर्ने शिक्षणसिकाइ प्रक्रियाको मूल संविधान नै पाठ्यक्रम भएकाले पाठ्यक्रमको सही प्रयोग :विना प्रभाकारी शिक्षण हुन सक्तैन ।

### ४.५.२ पाठ्यपुस्तकको महत्व

पाठ्यपुस्तकको आवश्यकता तथा महत्वलाई यसरी प्रस्टाउन सकिन्छ ।

१. पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्य परिपूर्ति गर्न छनोट भएका विषयवस्तुमा आधारित सामग्रीका रूपमा प्रयोग गर्न ।

२. विषयवस्तु विद्यार्थी समक्ष पुऱ्याउने एउटा महत्वपूर्ण शैक्षिक सामग्रीका रूपमा उपयोगमा ल्याउन ।

३. साध्यका रूपमा नलिई एक साधनका रूपमा प्रयोगमा ल्याउन ।

४. शिक्षण योजना बनाउनु अघि विशिष्ट उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि, शिक्षण क्रियाकलाप गर्न र गृहकार्य दिने सामग्रीका रूपमा प्रयोग गर्न ।

५. विद्यार्थीका लागि पूर्व तयारी गर्न र विषयवस्तुबारे जानकारी दिन ।

६. अभ्यास र क्रियाकलापका माध्यमबाट विद्यार्थीमा सिर्जनशील र रचनात्मक बानीका विकास गर्न ।

७. पाठ्यपुस्तकका आधारमा स्थानीय वातावरण र सामग्रीको प्रयोग गर्न ।

८. विद्यार्थी क्रियाकलाप गर्न सामूहिक कार्य गर्न, एक आपसमा छलफल गर्न र सिकेका कुरा व्यवहारमा ल्याउने कार्यमा सघाउन ।

९. विद्यार्थी मूल्याङ्कनका लागि आधार सामग्रीका रूपमा प्रयोग गर्न ।

यसरी पाठ्यपुस्तकको प्रभावकारी प्रयोगबाट विभिन्न सहयोग पुग्ने भए पनि शिक्षण सिकाइको मुख्य आधार सामग्री भने पाठ्यक्रम हो । हाम्रो देशमा शिक्षणसिकाइको मुख्य आधार नै पाठ्यपुस्तकलाई लिइने गरेको छ । यसले गर्दा शिक्षण प्रक्रिया योजनाबद्ध, उद्देश्यपूर्ण र विद्यार्थी केन्द्रित हुन सकिरहेको छैन । वास्तवमा पाठ्यपुस्तकको प्रयोग गर्दा निम्न कुरामा ध्यान दिन जरुरी हुन्छ :

१. पाठ्यपुस्तकलाई शिक्षण कार्यको निर्वैकल्पिक साधन बनाउनु हुँदैन ।

२. पाठ्यपुस्तकको प्रयोग गर्दा ज्ञानात्मक पक्षभन्दा व्यावहारिक र सीपमूलक पक्षलाई जोड दिनुपर्छ ।

३. पाठ्यपुस्तकको प्रयोग गर्दा परम्परागत चलनभन्दा विद्यार्थीकेन्द्रित क्रियाकलापमा बल पुग्ने गरी उपयोग गर्नुपर्छ ।

४. शिक्षणको मुख्य आधार पाठ्यपुस्तकलाई मात्र नबनाई अन्य सन्दर्भ सामग्रीहरूको प्रयोग गर्नुपर्छ ।

५. पाठ्यपुस्तकलाई व्यावहारिक ज्ञान र सीप सिक्ने माध्यमका रूपमा लिइनुपर्छ । जस्तै-सामाजिक अध्ययनमा पढेरभन्दा गरेर सिक्ने, स्वास्थ्य तथा वातावरणमा पढेरभन्दा व्यवहारमा प्रयोग गरेर देखाउने आदि ।

६. पाठ्यपुस्तकको निर्देशनअनुसार स्थानीय वातावरण र शैक्षिक सामग्रीको प्रयोग गर्ने ।

७. पाठ्यपुस्तकलाई एकोहोरो रूपमा कण्ठस्थ गर्ने, घोक्ने परम्परा छुटाई सिर्जनशील बन्न प्रेरित गर्ने ।

८. पाठ्यपुस्तकलाई कक्षा क्रियाकलाप, समूह कार्य, छलफलको सहयोगी सामग्रीका रूपमा प्रयोग गर्ने ।

९. विषयवस्तुको भारी बोकाउने माध्यम पाठ्यपुस्तकलाई नबनाई ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्ने माध्यमका रूपमा प्रयोग गर्ने ।

१०. नेपालको संस्कृति, वस्तुस्थिति र मौलिकतालाई ध्यान दिएर आफ्नो परिवेशका जीवनोपयोगी पक्षलाई संरक्षण र संवर्द्धन गर्ने ढङ्गबाट पाठ्यपुस्तक उपयोग गर्ने ।

यसरी विद्यार्थीको भविष्य, स्वीकार्य व्यवहार जीवनमा खेल्नुपर्ने उपयुक्त भूमिकाका बारेमा विचार गर्ने तौरतरिका विचार गरी विद्यार्थीको समाज र उनीहरूको जीवन अनुकूल हुनेगरी समावेशी दृष्टिले पाठ्यपुस्तकको उपयुक्त ढङ्गले प्रयोग गर्न सक्नुपर्दछ ।

## ४.६ विद्यालय तहको वर्तमान पाठ्यक्रम

लोकतन्त्र, मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति सकारात्मक सोच भएका, स्वरोजगार उन्मुख, असल चरित्र भएका र एक्काइसौं शताब्दीमा व्यक्ति, समाज र राष्ट्रमा आइपर्ने चुनौतीहरूको सामना गर्न सक्रिय योगदान पुर्‍याउन सक्ने नागरिक तयार गर्नु वर्तमान नेपालको विद्यालय शिक्षाको दुरदृष्टि (Vision) रहेको छ । त्यसैले वर्तमान विद्यालय शिक्षा यस दृष्टिकोणबाट अगाडि बढिरहेको छ । पाठ्यक्रम विकास र परिमार्जन कार्य गतिशील एवम् निरन्तर चलिरहने प्रक्रिया भएकाले विद्यार्थी, अभिभावक, समाज र राष्ट्रको आवश्यकताअनुसार पाठ्यक्रममा समसामयिक सुधार भइरहन्छ । देशको सामाजिक, आर्थिक राजनीति र सांस्कृतिक परिवर्तन तथा ज्ञान, विज्ञान र शिक्षा क्षेत्रमा भएका विकासलाई आत्मसात् गरेर पाठ्यक्रमलाई समयसापेक्ष बनाउनु पर्दछ ।

माथि उल्लिखित दृष्टिकोणका आधारमा नेपालको विद्यालय तहको पाठ्यक्रममा विभिन्न समयमा विभिन्न किसिमले विकास र परिमार्जन हुँदै आएको छ । नेपालको वर्तमान पाठ्यक्रमको अध्ययन गर्नका लागि शिक्षाका राष्ट्रिय र तहगत उद्देश्य, पाठ्यक्रमको ढाँचाका साथै पाठ्यक्रमका प्रमुख पक्षहरूका बारेमा जानकारी राख्न आवश्यक हुन्छ ।

### ४.६.१ शिक्षाका राष्ट्रिय उद्देश्यहरू

शिक्षा देश विकासको आधारशिला हो । शिक्षाले नै देशका चौतर्फी विकासका मार्गहरू खुला गर्दछ । शिक्षाको उद्देश्य नै व्यक्ति, समाज र राष्ट्रको निर्माणमा सहयोग पुऱ्याउनु हो । राज्यले जस्तो शिक्षा दिन्छ, त्यस्तै प्रकारको व्यक्ति, समाज र राष्ट्र निर्माण हुन सक्दछ । राम्रो शिक्षाले मात्र राम्रो जनशक्ति उत्पादन गर्न सक्दछ । राम्रो जनशक्तिले मात्र राम्रो देशको निर्माण गर्न सक्दछ । त्यसैले देश विकासका लागि शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

देश विकासका लागि कस्तो जनशक्ति आवश्यक पर्ने हो सोअनुसार शिक्षाले आफ्नो उद्देश्य बनाएको हुन्छ । हुन त देश, समय र परिवेश अनुसार शिक्षाका उद्देश्य फरक-फरक हुन सक्दछ । त्यसैले देश, काल परिवेशले शिक्षाका उद्देश्यमा परिवर्तन पनि हुन्छ । शिक्षाका उद्देश्यहरू देशको राजनीतिक अवस्था अन्तरराष्ट्रिय परिवेश, समाज, व्यक्ति र राष्ट्रको आवश्यकता आदिका आधारमा तयार गरिन्छन् । नेपालमा शिक्षाका राष्ट्रिय उद्देश्यहरू २००७ सालको प्रजातन्त्र प्राप्तिपछि तय गरिएका हुन् । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले शिक्षाका उद्देश्यका बारेमा उल्लेख गरको छ । देशको आवश्यकता अनुसार योजनाबद्ध ढङ्गले शिक्षाका उद्देश्य किटान गर्ने काम राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२ ले पनि उक्त योजनामा शिक्षाका उद्देश्य मूलतः पन्चायती व्यवस्था र राजतन्त्र अनुकूलका नागरिक तयार गर्ने उद्देश्यबाट प्रेरित भएकाले आलोच्य बन्न पुग्यो । पञ्चायती व्यवस्था कामय रहँदासम्म मूलतः राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-३२ ले राखेका उद्देश्य नै रहे भने २०४६ सालको जनआन्दोलन पछि देशमा आएको नयाँ परिवर्तनअनुसार शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधार र परिमार्जनका सम्बन्धमा समग्र रूपमा अध्ययन गरी प्रतिवेदन तयार गर्न तत्कालीन सरकारले २०४७ सालमा राष्ट्रिय शिक्षा आयोग गठन गरेकोमा उक्त आयोगको प्रतिवेदन २०४९ को सिफारिसअनुसार शिक्षाका राष्ट्रिय उद्देश्यमा व्यापक परिवर्तन गरियो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ को सिफारिस अनुसार २०५० सालदेखि २०६३ सम्म लागू शिक्षाका राष्ट्रिय उद्देश्य निम्नानुसार रहेका थिए :

१. प्रत्येक व्यक्तिमा अर्न्तनिहित र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने ।

२. प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरूको सम्बर्द्धन गरी स्वस्थ सामाजिक जीवनको विकासका निमित्त सहयोग गर्ने ।

३. व्यक्तिको समाजीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने ।

४. राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा आफ्नो पहिचान कायम राख्दै व्यक्तिलाई आधुनिक युगमा सम्पूर्ण जीवनयापनका निम्ति सहयोग गर्ने ।

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने ।

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने ।

७. समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सहयोग गर्ने ।

नेपालमा २०६२/०६३ मा भएको जनआन्दोलनले देशमा व्यापक परिवर्तन ल्याइदियो । देशमा भएको लोकतान्त्रिक परिवर्तनले शिक्षा क्षेत्रलाई पनि प्रत्यक्ष रूपमा प्रभाव पार्दछ । यस क्रममा भएको लोकतान्त्रिक परिवर्तनअनुसार समग्र विद्यालय शिक्षामा गर्नुपर्ने सुधारसहिहत पाठ्यक्रमलाई व्यवस्थित गर्ने उद्देश्यले तयार पारिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ समेतका आधारमा २०६४ सालमा नेपाल सरकारले शिक्षाका राष्ट्रिय उद्देश्यमा पनि परिवर्तन गरेको छ परिवर्तित राष्ट्रिय शिक्षाका उद्देश्यहरू यसप्रकार छन् :

१. प्रत्येक व्यक्तिमा अन्तरनिहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने ।

२. प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरूको सम्बर्द्धन गरी स्वस्थ सामाजिक जीवनको विकासका निमित्त सहयोग गर्ने ।

३. स्थानीय, राष्ट्रिय स्तर, व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकता अनुसार अन्तरराष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने ।

४. व्यक्तिको समाजीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने ।

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने ।

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने ।

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने ।

८. स्थानीय राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशमा आफ्नो पहिचान कायम राख्दै व्यक्तिलाई आधुनिक युगमा-समान्जस्यपूर्ण जीवनयापनका निम्ति सहयोग गर्ने ।

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ।

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने ।

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने ।

यसरी समय क्रमअनुसार शिक्षाका राष्ट्रिय उद्देश्यमा परिवर्तन हुँदै आएको छ । २०५० देखि लागू भएका राष्ट्रिय शिक्षाका उद्देश्यमा २०६४. मा आएर व्यापक परिवर्तन गरिएको छ । पुराना उद्देश्यहरूलाई परिमार्जन गर्दै आवश्यक समसामयिक उद्देश्यहरू थप गरेर शिक्षाका राष्ट्रिय उद्देश्यलाई व्यापक तुल्याइएको छ ।

### ४.६.२ शिक्षाका तहगत उद्देश्यहरू

शिक्षाका राष्ट्रिय उद्देश्यका आधारमा तहगत उद्देश्यहरू तयार गरिन्छन् । शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्नका लागि तयार पारिएको तहगत संरचना अनुसार शिक्षाका तहगत उद्देश्य तय गरिन्छन् । नेपालको सन्दर्भमा विद्यालय शिक्षाको तहगत संरचना यसप्रकार छ :

**तहगत संरचना.**

(क) पूर्वप्राथमिक शिक्षा - कक्षा १ पूर्व

(ख) प्राथमिक शिक्षा , - कक्षा १-५

(ख) निम्नमाध्यमिक शिक्षा - कक्षा ६-८

(ग) माध्यमिक शिक्षा - कक्षा ९-१०

(घ) उच्च माध्यमिक शिक्षा - कक्षा ११-१२

उपर्युक्त तह अनुसार शिक्षाका तहगत उद्देश्य पनि फरकफरक रहेका छन् । जानकारीका लागि तल प्रस्तुत गरिएको छ :

**पूर्वप्राथमिक शिक्षाका उद्देश्य**

पूर्व प्राथमिक शिक्षाले बालबालिकाहरूका निम्नलिखित पक्षमा विकास गर्ने उद्देश्य राखेको छ :

(क) शारीरिक, संवेगात्मक, मानसिक, भाषिक र सामाजिक भावनाको विकासमा अवसर प्रदान गर्ने ।

(ख) सरसफाइ र सुरक्षासम्बन्धी बानी बसाल्न प्रेरित गर्ने ।

(ग) सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने ।

(घ) प्राथमिक शिक्षाका लागि पूर्वतयार गराउने ।

**प्राथमिक शिक्षाका. तहगत उद्देश्यहरू**

प्राथमिक शिक्षाले बालबालिकाहरूमा निम्नलिखित पक्षमा विकास गर्ने उद्देश्य राखेको छ :

(क) राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने ।

(ख) आधारभूत भाषिक तथा गणितीय सीप विकास गर्ने ।

(ग) विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सीपको विकास गर्ने ।

(घ) कला सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने ।

(ङ) विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति सम्भावना जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने ।

(च) मानव अधिकार तथा सामाजिक मूल्यमान्यताप्रति सचेत भई जिम्मेवारपूर्ण आचरणको विकास गर्ने । .

## निम्नमाध्यमिक शिक्षाको तहगत उद्देश्य

यस तहको तहगत उद्देश्य राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत, भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वस्थ, स्वावलम्बी एवम् चरित्रवान् नागरिक तयार पार्नु हो ।

## माध्यमिक तहको तहगत उद्देश्य

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले माध्यमिक शिक्षाका तहगत उद्देश्य यसप्रकार उल्लेख गरको छ :

राष्ट्रिय परम्परा संस्कृति सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरूप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान, सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो । माध्यमिक शिक्षाका उद्देश्यहरू निम्नलिखित छन् :

१. देशको बहुसांस्कृतिक र लोकतान्त्रिक मूल्यमान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्ने ।

२. राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर, सीपमूलक र तालिम प्राप्त मानव स्रोत उत्पादन गर्ने ।

३. इमानदारी, आत्मनिर्भरता, रचनात्मक, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेहिता, आत्मविश्वास जस्ता गुणको विकास गर्ने ।

४. दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक क्षमताको विकास गर्ने ।

५. दैनिक जीवनमा आइपर्ने समस्या समाधानका लागि उपयुक्त ज्ञान तथा सीपको विकास गर्ने ।

६. राष्ट्रिय विकासका लागि राष्ट्रिय एकता, सौहार्द र शान्ति कायम गर्न जातीय र सांस्कृतिक विविधताको महत्त्व बोध गराउन राष्ट्रिय इतिहास, संस्कृति, भूगोल, अर्थशास्त्र, वातावरणसँग परिचित गराउने ।

७. प्राविधिक र व्यावसायिक सीप विकास गर्न र श्रमप्रति सम्मान गर्न सिकाउने ।

८. आत्मनिर्भर हुन जीवन निर्वाहका लागि आयआर्जन गर्न सक्ने क्षमता र सामान्य व्यावसायिक सीपको विकास गर्ने ।

९. मानव अधिकार, सामाजिक न्याय, लोकतन्त्रको मर्म र भावना बुझी सोअनुसार अभ्यास गर्ने ।

१०. लिङ्ग, अपाङ्गता, सामाजिक, आर्थिक, भौगोलिक, जातीय र सांस्कृतिक विविधताका आधारमा हुने वैयक्तिक विभिन्नताको सम्मान गर्ने र जातजाति, छुवाछुतजस्ता सामाजिक कुरीतिहरूप्रति सचेत रही समावेशी समाज निर्माणमा सक्रिय रहने ।

११. रचनात्मक ज्ञान र सीपको विकास गर्दै राष्ट्रिय र अन्तरराष्ट्रिय चुनौतीहरूको सामना गर्न स्वतन्त्रता, समालोचनात्मक सोचाइ, विश्लेषणात्मक सीपको विकास गर्नु ।

१२. राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्ने ।

**विषयगत उद्देश्यहरू**

जनताको आकाङ्क्षा अनुसार देशको शासन प्रणाली अवलम्बन गरिएको हुन्छ । देशको शासन प्रणालीको मूल दस्तावेज भनेको संविधान हो भने संविधानले देशको राज्य व्यवस्थालाई निर्देशित गरेको हुन्छ । देशको वास्तविक स्थिति कस्तो छ र सोअनुसार देशका लागि केकस्तो शिक्षा आवश्यक पर्दछ, त्यसका आधारमा देशको समग्र शिक्षा नीति तयार गरिन्छ । शिक्षा नीतिले शिक्षाको राष्ट्रिय उद्देश्यलगायत शैक्षिक व्यवस्थापन पक्षलाई निर्देशित गरेको हुन्छ । देश, समाज र व्यक्तिको आवश्यकता अनुसार शिक्षाका राष्ट्रिय उद्देश्य किटान गरिएका हुन्छन् भने शिक्षाका राष्ट्रिय उद्देश्यका आधारमा तहगत उद्देश्यहरू चयन गरिन्छन् । तहगत उद्देश्यलाई परिपूर्ति गर्न विभिन्न विषयलाई माध्यम बनाइन्छ । कुन खालको उद्देश्य कुन विषयवस्तुका माध्यमबाट प्राप्त गर्न सकिन्छ भनेर शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यका आधारमा विषयहरू चयन गरिएका हुन्छन् । कुन उद्देश्य प्राप्त गर्न कुन विषयमा केके विषयवस्तु सिकाउने र त्यो विषयवस्तुका माध्यमबाट विद्यार्थीको ज्ञान, सीप, क्षमतामा कसरी परिवर्तन ल्याउने भन्ने कुराको प्रतिनिधित्व विषयगत उद्देश्यमा व्यवस्थित गरिएको हुन्छ ।

तहगत संरचना अनुसार पाठ्यक्रमको ढाँचा फरक-फरक हुने हुँदा तहगत उद्देश्यअनुसार विषयहरूमा पनि विविधता रहेको हुन्छ । हरेक तहको पाठ्यक्रमको ढाँचा अनुसार विभिन्न विषयहरू चयन गरिने भएकाले हरेक विषयका आ-आफ्नै विषयगत उद्देश्य हुन्छन् । ती विषयगत उद्देश्यलाई मूलतः साधारण र विशिष्ट उद्देश्यका रूपमा प्रस्तुत गरिएको हुन्छ ।

### ४.६.३ नेपालको विद्यालय तहको पाठ्यक्रम ढाँचा

बहुदलीय व्यवस्थाको पुनस्थापना भएपछि शिक्षा क्षेत्रमा समसामयिक परिवर्तन गर्न आवश्यक सिफारिस पेस गर्न राष्ट्रिय शिक्षा आयोगको गठन २०४७ मा भएकोमा उक्त आयोगले २०४९ सालमा पेस गरेको प्रतिवेदनका आधारमा तयार भएको पाठ्यक्रमको ढाँचा शैक्षिक सत्र २०४९ र ०५० देखि कक्षा १ मा लागु भएको थियो । उक्त पाठ्यक्रमको ढाँचा निम्नमाध्यमिक तहमा शैक्षिक सत्र २०५५/०५६ मा कक्षा ८ मा लागू भयो भने शैक्षिक सत्र २०५७/०५८ मा कक्षा १० मा लागू भएको हो । यो पाठ्यक्रममा २०५८ मा निम्नमाध्यमिक तहको पाठ्यक्रममा सामान्य परिमार्जन गरी लागू भएको छ । त्यस्तै २०५९ देखि प्राथमिक तहको पाठ्यक्रममा आवश्यक परिमार्जन गर्ने कार्य प्रारम्भ भएको हो । २०६० सालदेखि परीक्षणका रूपमा लागू भई २०६३ देखि देशभर कक्षा १ मा परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ लागू भएको छ । विद्यालयस्तरको वर्तमान पाठ्यक्रम ढाँचा यसप्रकार रहेको छ :

(क) **प्राथमिक तहको पाठ्यक्रम ढाँचा २०६२ (कक्षा १-३)**

| क्र.सं. | विषय | कक्षा १-३ | |
|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ८ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ६ | १०० |
| ४ | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | ६ | १०० |
| ५ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ५ | १०० |
| ६ | स्थानीय विषय/मातृभाषा | ४ | १०० |
| | | ३४ | ६०० |

यो पाठ्यक्रम ढाँचा शैक्षिक सत्र २०६३ मा कक्षा १ मा, २०६४ मा कक्षा २ मा देशभर लागू भएको हो भने शैक्षिक सत्र २०६५ मा कक्षा ३ मा लागू भयो त्यसपछि क्रमशः शैक्षिक सत्र २०६६, २०६७ मा कक्षा ४ ५ २ मा लागू हुनेछ । नयाँ पाठ्यक्रम लागू नभएका कक्षामा भने पुरानै प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ को पुनसंरचित पाठ्यक्रम ढाँचा २०५९ लागू भइरहेको छ ।

(ख) **पुनर्सरचित प्राथमिक शिक्षा पाठ्यक्ष्म ढाँचा -२०५९**

| क्र.सं. | विषय | कक्षा १-३ | |
|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ८ | १०० |
| २ | गणित | ६ | १०० |
| ३ | अङ्ग्रेजी | ५ | १०० |
| ४ | शारीरिक शिक्षा | ३ | ५० |
| ५ | सिर्जनात्मक तथा स्थास्थ्य शिक्षा | ३ | ५० |

| | | | |
|---|---|---|---|
| ६ | वातावरण तथा स्वास्थ्य | ६ | १०० |
| ७ | सामाजिक अध्ययन | ५ | १०० |
| ८ | स्थानीय विषय (मातृभाषा अथवा स्थानीय विषय) | ३ | १०० |
| | **जम्मा** | **३९** | **७००** |

तत्कालीन सरकारको २०५९ सालमा भएको निर्णयअनुसार शैक्षिक सत्र २०६० को वैशाखदेखि नै लागू हुने गरी कक्षा १ देखि क्रमश: अङ्ग्रेजी विषय अनिवार्य रूपमा राख्ने निर्णय भए अनुसार प्राथमिक तहमा अंग्रेजी विषयलाई समावेश गर्दा अरू विषयमा पाठ्यभार मिलाउनुपर्ने हुन गई प्राथमिक शिक्षा पाठ्यक्रम ढाँचा २०४९ मा पुनसंरचना गरी माथिको पाठ्यक्रम ढाँचा २०५९ देखि लागू भएको हो । तर यो पाठ्यक्रम ढाँचा शैक्षिक सत्र २०६७ देखि हट्ने छ ।

**(ग) निम्नमाध्यमिक तहको वर्तमान पाठ्यक्रम ढाँचा**

| **क्र.सं.** | **विषय** | **कक्षा ६-८** | |
|---|---|---|---|
| | | **पाठ्यभार** | **पूर्णाङ्क** |
| १ | नेपाली | ५ | १०० |
| २ | गणित | ६ | १०० |
| ३ | अङ्ग्रेजी | ६ | १०० |
| ४ | सामाजिक शिक्षा | ५ | १०० |
| ५ | विज्ञान | ५ | १०० |
| ६ | स्वास्थ्य र शारीरिक | ३ | ५० |
| ७ | संस्कृत/नागरिक तथा नैतिक शिक्षा | ३ | ५० |
| ८ | जनसंख्या तथा वातावरण शिक्षा | ३ | ५० |
| ९ | कला/पूर्व व्यावसायिक शिक्षा | ३ | ५० |
| | **जम्मा** | **३९** | **७००** |

नेपाल सरकारको २०५९ सालमा भएको निर्णयअनुसार निम्नमाध्यमिक तहमा पढाइ भइरहेको अनिवार्य संस्कृत विषयको वैकल्पिक विषयका रूपमा नागरिक तथा नैतिक शिक्षा पनि लिन सक्ने गरी शैक्षिक सत्र २०६० बाट लागू गर्ने भन्ने निर्णय भएअनुसार संस्कृत वा नागरिक तथा नैतिक शिक्षामध्ये कुनै एक विषय लिन सकिने व्यवस्था भएको हो ।

**(घ) माध्यमिक विद्यालयको पाठ्यक्रम ढाँचा**

| क्र.सं. | विषय | कक्षा ९-१० | |
|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ५ | १०० |
| २ | गणित | ५ | १०० |
| ३ | अङ्ग्रेजी | ५ | १०० |
| ४ | विज्ञान | ५ | १०० |
| ५ | सामाजिक शिक्षा | ५ | १०० |
| ६ | स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा | ४ | १०० |
| ७ | ऐच्छिक प्रथम पत्र | ५ | १०० |
| ८ | ऐच्छिक द्वितीय पत्र | ५ | १०० |
| | **जम्मा** | **३९** | **८००** |

## ४.७ स्थानीय पाठ्यक्रमको अर्थ, आवश्यकता र प्रक्रिया

प्राथमिक शिक्षा पाठ्यक्रमले स्थानीय आवश्यकता, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय जगतमा आएको प्रभावलाई दृष्टिगत गरी स्थानीय पाठ्यक्रमको सोचमा अझ बढी जोड दिएको छ । प्राथमिक तहको पाठ्यक्रम सुधार गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम, गोष्ठी, क्षेत्रगत कार्यशाला, विभिन्न पाठ्यक्रम सुधार प्रतिवेदन, आयोजना आदिले औंल्याएका सुझावहरूलाई सक्दो रूपमा समेट्ने प्रयास गरिएको छ । यसबारेमा दिएका विभिन्न सुझावहरूले उठान गरेका स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रमको निर्माणको अवधारणालाई बढीभन्दा बढी प्रोत्साहन गर्ने मर्मलाई अङ्गीकार गरिएको छ । यही मर्मलाई आत्मसात् गरी केही विषयहरूमा आंशिक रूपले र सम्भाव्य क्षेत्रमा छुट्टै विषयका रूपमा पठनपाठन हुनसक्ने स्थानीय पाठ्यवस्तुको प्रावधानलाई अघि बढाइएको छ ।

अझ देश सङ्घीयताको ढाँचामा गइसकेको र नेपालको संविधानमा नै स्थानीय निकाय सबल र सक्षम हुनुपर्ने कल्पना गरेको छ । सङ्घीय सरकार र स्थानीय सरकारहरूमा आफ्नो क्षेत्रमा विद्यालय शिक्षासम्बन्धी धेरै जिम्मेवारी थपिएकोले पनि स्थानीय पाठ्यक्रमको महत्व झन् बढ्न गएको अवस्था छ ।

### ४.७.१ स्थानीय पाठयक्रमको अर्थ

स्थानीय पाठ्यक्रमका सैद्धान्तिक अवधारणालाई सक्षिप्त रूपमा केलाउँदा मूलतः यसले स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था, सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्वीकार गर्दछ । यसैगरी शैक्षिक विकेन्द्रीकरणको अवधारणाअन्तर्गत पाठ्यक्रम सुधार पद्धति (Curriculum reform approach) अनुसार पनि स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायलाई नै स्थानीय पाठ्यक्रम बनाउन दिई शिक्षामा सुधार गर्न सकिने कुरामा जोड दिएको छ । स्थानीय पाठ्यक्रम के हो ? यसलाई स्थानीय तहमा कसरी निर्माण गर्न सकिन्छ ? राष्ट्रिय पाठ्यक्रमकै ढाँचामा बनाउनुपर्ने वा छुट्टै ढाँचा अपनाउने आदि सन्दर्भमा अग्रिम गृहकार्य हुनु अत्यावश्यक देखिन्छ । त्यसैले स्थानीय तहलाई पाठ्यक्रम निर्माणका लागि सक्षम बनाउन आवश्यक सहयोग पुगोस् भन्ने दृष्टिकोणले निर्देशिका तयार गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ ।

व्यक्तिको दैनिक जीवनसँग शिक्षालाई सम्बन्धित गरेर लैजान सकियो भने सिकाइ प्रभावकारी हुन्छ । शिक्षाले स्थानीय कला, संस्कृति, पेसा, व्यवसाय, सम्पदा आदिको संरक्षण र जगेर्ना गर्न सहयोग गर्नुपर्छ । शिक्षाले स्थानीय ज्ञान, सीप र व्यवहार सिकाउने तथा स्थानीय स्रोत र साधनको उपयोग गर्न सहयोग गर्नुपर्छ । शिक्षाले व्यावसायिक तथा जीवनोपयोगी सीप हासिल गर्न सहयोग गर्नुपर्छ । यी र यस्तै अन्य स्थानीय पाठ्यक्रमका सैद्धान्तिक आधार हुन् । विश्वको जुनसुकै ठाउँमा पनि औपचारिक शिक्षाको सुरुवात हुनुभन्दा पहिलेदेखि नै ज्ञान, सीप र व्यवहारका कुरा सिक्ने र सिकाउने चलन थियो । आजको जस्तो सूचना, सञ्चार, यातायात तथा अन्य प्रविधिको विकास भई नसकेको अवस्थामा त्यो सिकाइ परिवार, स्थानीय समुदाय आदिमा सीमित थियो । बाबुआमाले छोराछोरीलाई पेसा व्यवसाय गर्ने ज्ञान र सीप सिकाउने, आफ्नो परिवारको संस्कार र चालचलन सिकाउने गरिन्थ्यो । परिवार तथा स्थानीय समुदायमा अन्य व्यक्तिले गरेको हेरेर, सोधेर आदि माध्यमबाट सिक्ने प्रचलन रहेको थियो । यस्तै अवस्थाबाट गुर्जदै धार्मिक संस्था, सामाजिक सङ्घसंस्था आदि हुँदै आजको जस्तो शिक्षण संस्थाहरूबाट शिक्षा दिने अवस्थासम्म आएको देखिन्छ । सिकाइको दायरा पनि घरपरिवार, स्थानीय समुदाय, राष्ट्र हुँदै विश्व समुदायसम्म फराकिलो हुँदै गएको छ ।

आज विश्वव्यापी रूपमा जुन प्रविधिहरू विकसित भएर व्यापकता पाएका छन् । ती पनि कुनै समयमा कुनै ठाउँका स्थानीय थिए । विभिन्न माध्यमबाट प्रचारप्रसार भएर विश्वव्यापीकरण भएको हो । कतिपय राम्रा र उत्कृष्ट ज्ञान, सीप र प्रविधि प्रचारप्रसारको अभावमा लोप भएर पनि गएको पाइन्छ । हाम्रो देशको परिवेशलाई हेर्ने हो भने स्थानीय जडीबुटीबाट उपचार गर्ने प्रविधि लोप हुँदै जादैछ । पुरानो पुस्ताको तुलनामा आजको शिक्षित भनिने युवापुस्ताले जडीबुटी चिन्दैनन् । जडीबुटीको स्थानीय नाम थाहा पाउँदैनन् । यसले गर्दा हाम्रो वन, जंगल र भीर पहराका जडीबुटी विभिन्न माध्यम र बहानामा बिनामूल्य वा कौडीको मोलमा विदेसिन्छन् र प्रशोधित भई अत्यन्त महँगा मूल्यमा हामीकहाँ नै आइपुग्छन् । स्थानीय स्तरमा जडीबुटी प्रशोधन गर्ने ज्ञान तथा सीप हामीले ग्रहण गर्न र विकास गर्न सकिरहेका छैनौं । हिमाली क्षेत्रमा प्रशस्त मात्रामा स्याउ खेतीको सम्भावना छ, चौरी, भेंडा र च्याङ्गाजस्ता

पशुपालनको सम्भावना त्यत्तिकै छ तर यसलाई हामीले व्यावसायिक रूप दिन सकेका छैनौं । नेपालको पर्वी क्षेत्रमा चिया खेती, सुन्तला खेतीको प्रशस्त सम्भावना हुँदाहुँदै पनि सोचेअनसारको विकास गर्न सकिरहेका छैनौं । जनकपुर क्षेत्रमा भएको मिथिला कला र संस्कृतिको उजागर गर्न सकेका छैनौं । गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई धार्मिक पर्यटनको रूपमा विकास गर्ने सम्भावना भएर पनि अपेक्षित उपलब्धि हासिल गर्न सकिरहेका छैनौं ।

सयभन्दा बढी जाति र भाषा भएको देशमा हाम्रो प्रत्येक जाति तथा भाषिक समुदायमा केन्द्रित केहीनकेही विशेष प्रकारको ज्ञान र सीप रहेको छ । प्रत्येक समुदायमा केहीनकेही परम्परागत प्रविधि रहेको छ । ती ज्ञान, सीप, प्रविधि र संस्कृति कतिपय त लोप भइसकेका छन् । कतिपय लोप हुने अवस्थामा छन् । ती समुदायमा भएका ज्ञान, सीप र प्रविधिलाई औपचारिक तथा अनौपचारिक शिक्षाले समेट्न सकेको छैन । शिक्षा दिने नाममा हामी बालबालिकालाई किताबका ठेली घोकाउँछौं । शिक्षालाई व्यवहारसँग मिलाउन सिकाउँदैनौं, तिनीहरू दैनिक जीवनसँग मिले नमिलेका वास्ता गर्दैनौं । दस/बाह वर्षसम्म विद्यालयमा बिताउन बाध्य पारेपछि बीस-पच्चीस प्रतिशत विद्यार्थीलाई तिमीहरू सफल भयौ भनेर कागजको प्रमाणपत्र थमाइदिन्छौं र बाँकीलाई तिमीहरू असफल भयौ भनेर त्यो पनि दिदैनौं । सफल हुनेको पनि कागजको प्रमाणपत्रभन्दा केही हुँदैन र असफल हुनेसँग त झन् त्यो पनि हुने कुरै भएन । यस्तो अवस्थामा उनीहरू अरबमा गएर भेडाबाखा चराउने, मलेसियाको कारखानामा मजदुरी गर्न वा चौकीदार बस्नेभन्दा अन्य विकल्प रहेको हुदैन ।

शिक्षा आर्जन भनेको पुस्तक घोक्न र त्यसको आधारमा परीक्षा दिनु त्यसपछि प्रमाणपत्र हातमा लिएर भौतारिनु मात्र होइन । त्यस्तै शिक्षा लिनु भनेको आफ्नो समुदाय वा देशभन्दा बाहिरका कुरा मात्र सिक्ने र आफ्नो भाषा, संस्कृति र स्थानीय प्रविधिलाई बिर्सने होइन भन्ने दृष्टिकोणबाट स्थानीय पाठ्यक्रमको अवधारणा अगाडि आएको देखिन्छ । जुन सैद्धान्तिक अवधारणाबाट विद्यालय तहमा स्थानीय पाठ्यक्रम सुरुवात गरियो, कार्यान्वयनको तहसम्म पुग्दा त्यो अवधारणा अनुरूप हुन सकिरहेको अवस्था देखिदैन । स्थानीय पाठ्यक्रमका बारेमा केकस्तो व्यवस्था गरिएको छ, निर्माण प्रक्रिया के-के हुन सक्छन् भन्ने विषयमा यहाँ छोटो चर्चा गरिएको छ ।

### स्थानीय पाठ्यक्रम सम्बन्धमा भएको व्यवस्था

भएको संरचनात्मक व्यवस्था र कार्यान्वयनको अवस्था स्थानीय पाठ्यक्रमले अप्रत्यक्ष रूपमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ र त्यसभन्दा अगाडिदेखि नै विद्यालय शिक्षामा प्रवेश पाइसकेको थियो । वि.सं. २०२८ देखि कार्यान्वयनमा ल्याएका राष्ट्रिय शिक्षा पद्धतिको योजनामा स्थानीय पाठ्यक्रम नभनिए तापनि व्यावसायिक शिक्षाको माध्यमबाट स्थानीय स्रोत र साधनको उपयोग गर्ने, स्थानीय ज्ञान र सीपलाई प्राथमिकता दिने, स्थानीय स्तरमा जुन प्रकारको स्रोत साधन छ, आवश्यकता छ त्यसै अनुसारको व्यावसायिक शिक्षा सञ्चालन गर्ने कार्यक्रम रहेको पाइन्छ । औपचारिक रूपमा स्थानीय विषय भनेर प्राथमिक पाठ्यक्रम - २०४९ ले संरचनात्मक व्यवस्था गरेको थियो । प्रजातन्त्रको पुर्नस्थापनापछि तयार गरिएको उक्त पाठ्यक्रममा स्थानीय विषयको रूपमा साप्ताहिक ३ घन्टी पाठ्यभार छुट्याइएको थियो । उक्त पाठ्यक्रम विद्यालयले नै बनाउनुपर्ने व्यवस्था गरिएको थियो । त्यसमा मातृभाषा वा स्थानीय आवश्यकताका अन्य विषयवस्तु समावेश गरेर पाठ्यक्रम तयार गर्न सकिने प्रावधान थियो । उक्त पाठ्यक्रमको संरचनामा विद्यालयले नै पाठ्यक्रम बनाई

कार्यान्वयनमा ल्याउने प्रावधान भए पनि त्यो यथार्थ रूपमा कार्यान्वयन हुन सकेन । केन्द्रीय तहमा नै तत्कालीन प्राथमिक शिक्षा परियोजनामार्फत केही विषयको नमुना पाठ्यक्रम बनाइदिने कार्य भयो भने विभिन्न मातृभाषाहरूको पाठ्यक्रम र पाठ्यपुस्तकहरू तयार गर्ने कार्य भएको देखिन्छ । केन्द्रीय तहबाट हालसम्म पनि पाठ्यक्रम विकास केन्द्रबाट विभिन्न मातृभाषाका पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने कार्य निरन्तर रूपमा चलिरहेको छ ।

मूल दस्तावेज मानिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०६३ मा स्थानीय पाठ्यक्रमका सम्बन्धमा निम्नानुसार व्यवस्था गरिएको छ :

**(क) स्थानीय आवश्यकतामा आधारित शिक्षा**

१. स्थानीय पाठ्यक्रमका सामान्य पथप्रदर्शनका सिद्धान्तहरू तयार गर्ने र त्यसका आधारमा थप विषयहरू स्थानीय तहमा समावेश गर्ने ।

२. केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यक्रमका लागि विषय र विषयवस्तु समावेश गर्ने ।

३. स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

४. सामाजिक विभिन्नताका विविध अवस्थाको पाठ्यवस्तु प्रोत्साहित गर्ने ।

**(ख) विद्यालय शिक्षाको पाठ्यक्रम संरचना**

१. आधारभूत तह पहिलो चरण (कक्षा १-३) मा स्थानीय आवश्यकतामा आधारित शिक्षा भनेर एउटा छुट्टै विषय राख्न सकिने व्यवस्था छ ।

२. आधारभूत तह दोस्रो चरण (कक्षा ४ र ५) मा दुई ओटा थप विषय विद्यालयले आ-आफ्नो आवश्यकताअनुरूप छनोट गर्न सक्ने प्रावधान छ ।

३. आधारभूत तह तेस्रो चरण (कक्षा ६-८) मा ऐच्छिक विषयको रूपमा स्थानीय विषय, पेसा, व्यापार, व्यवसाय तथा अन्य विषय छनोट गर्नसक्ने व्यवस्था छ ।

४. माध्यमिक तहको साधारण धारमा स्थानीय विषयलाई पेसा, व्यापार, व्यवसायको रूपमा छनोट गर्न पाउने र व्यावसायिक र प्राविधिक धारमा कृषि, वनविज्ञान, इन्जिनियरिङ, चिकित्साजस्ता विषयहरू मार्फत् स्थानीय विषयसमेत राख्न सकिने व्यवस्था गरिएको छ ।

हाल कार्यान्वयनमा रहेको प्राथमिक पाठ्यक्रममा स्थानीय पाठ्यक्रमलाई निम्नानुसार संरचनात्मक व्यवस्था गरिएको छ :

१. पाठ्यक्रमको ढाँचामा स्थानीय विषय र मातभाषा भनेर साप्ताहिक ४ घन्टी पाठ्यभार र पूर्णाङ्क १०० का एक छुट्टै विषयको व्यवस्था गरिएको छ ।

२. विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने व्यवस्था छ ।

३. मातृभाषा पठनपाठन गराउन नसकिने विद्यालयहरूमा स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा,

वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठनपाठन गराउन सकिने प्रावधान छ ।

४. सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयमा कुल पाठ्यभारको २० प्रतिशत अंश स्थानीय रूपमा नै पाठ्यक्रम बनाई पठनपाठन गराउनुपर्ने प्रावधान छ ।

५. स्थानीय पाठ्यक्रम जिल्लास्तरमा, स्रोतकेन्द्र स्तरमा र विद्यालय स्तरमा पनि निर्माण गर्न सकिने व्यवस्था छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप र प्राथमिक पाठ्यक्रमले गरेको संरचनात्मक व्यवस्था कार्यान्वयनमा ल्याउन निम्नानुसारका कार्यहरू भएका छन् -

१. पाठ्यक्रम विकास केन्द्रद्वारा प्राथमिक तहको स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका र स्थानीय आवश्यकतामा आधारित शिक्षासम्बन्धी सचेतना सामग्रीको विकास गरी उक्त सामग्रीहरूको वितरण र प्रबोधीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको छ ।

२. स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा समेत सहयोग पुगोस् भन्ने उद्देश्यले क्षेत्रीय शिक्षा निर्देशनालयहरू, जिल्ला शिक्षा कार्यालय र स्थानीय निकायहरूमा पाठ्यक्रम समन्वय समितिको गठन गरिएको छ ।

३. परिमार्जित प्राथमिक पाठ्यक्रम कार्यान्वयनसँगै स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि १० जिल्लाका ५० ओटा विद्यालयमा परीक्षण गरी सोबाट प्राप्त सुझावहरूको आधारमा पुनः सुधार गरी देशव्यापी रूपमा कार्यान्वयनमा लैजाने क्रममा शैक्षिक सत्र २०६६ देखि कक्षा ४ सम्म कार्यान्वयन गरिसकिएको छ ।

४. तीन वर्षीय अन्तरिम योजनामा समेत स्थानीय पाठ्यक्रम कार्यान्वयनलाई विशेष प्राथमिकता दिन योजना अवधिभरमा ९० हजार जनालाई स्थानीय पाठ्यक्रम तथा पाठयसामग्री निर्माणका लागि अभिमुखीकरण गर्ने लक्ष्य राखिएको छ ।

५. परीक्षण गरिएका प्रायः सबै विद्यालयहरू र अन्य जिल्ला तथा विद्यालयहरूले स्थानीय विषयवस्तुलाई समावेश गरी पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा समेत ल्याएका छन् ।

### ४.७.२ स्थानीय पाठयक्रमको आवश्यकता

स्थानीय सरोकारवालाहरूका सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यकम हो । हाम्रो मुलुक सानो भए तपनि यसको वस्तुस्थिति विविधतापूर्ण छ । भौगोलिक, सांस्कृतिक, भाषिक, जातीय आदि कुराहरूमा विविधता छ । विभिन्न ठाउँमा विभिन्न स्रोतहरू छन् । विभिन्न ठाउँका मानिसहरूको आवश्यकता र चाहना फरक फरक छन् । त्यसैले केन्द्रमा निर्माण गरेको पाठ्यक्रमका सबै अंश सबै क्षेत्रमा हुबहु लागू गर्न नसकिने हुन्छ । उदाहरणका रूपमा काठमाडौं उपत्यकाका विद्यार्थीहरूका लागि यहाँका धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा जानकारी र सूचना प्रविधिसम्बन्धी शिक्षा आवश्यक हुन सक्दछ भने जुम्लाका लागि तरकारी तथा फलफल खेती र यसको व्यवस्थापन विषयमा आधारभूत कुराहरू आवश्यक हुन सक्छन् । यसैगरी भाषिक संरक्षणका लागि ताप्लेजुङमा लिम्बू भाषा, धनुषामा मैथिली, कपिलवस्तुमा अवधी, कैलालीमा थारु भाषाको शिक्षण गर्न सम्भव हुन सक्दछ ।

हाम्रो मुलुकमा स्थानीय पाठ्यक्रमको आवश्यकता तथा महत्व निम्नलिखित बुंदाले पुष्टि गर्दछ :

१. सामाजिक विभिन्नता अनुरूपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्न ।

२. व्यक्ति/समूह/समाजको आवश्यकता बुझी तिनलाई पूरा गर्न ।

३. स्थानीय महत्वपूर्ण चाडपर्व, स्थान विशेष, कलाकौशल, घरेलु उद्योग, प्राकृतिक स्रोतको उचित प्रयोग र परिचालन गरी संरक्षण र सम्बर्द्धन गर्न ।

३. पाठ्यक्रमलाई बढी उपयोगी, सान्दर्भिक र आवश्यकतामुखी बनाउन ।

४. स्थानीय तहका सरोकारवालाहरू र संस्थाको सक्षमतामा अभिवृद्धि गर्न ।

### ४.७.३ स्थानीय पाठयक्रम निर्माण प्रक्रिया

स्थानीय तहको पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम विकासका विभिन्न चरणहरू अपनाउन सकिन्छ । ती चरणहरू निम्नानुसार छन् :

**१. आवश्यकता पहिचान**

- स्थानीय तहको पाठ्यक्रमको निर्माणका लागि स्थानीय तहका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि, स्थानीय तहमा गैरसरकारी संस्थाका प्रतिनिधि, बुद्धिजीवी, उद्योगपति, व्यापारी, रोजगारदाता, अभिभावक, शिक्षक, स्रोत व्यक्ति, समाजसेवी, सामाजिक कार्यकर्ता र स्थानीय तहका सरकारी निकायका प्रतिनिधिहरूको सुझाव र सल्लाहमा विद्यालय वा स्रोतकेन्द्र वा जिल्ला शिक्षा कार्यालयको नेतृत्वमा केकस्ता विषयवस्तुका स्थानीय पाठ्यक्रम बनाउने भन्ने बारेमा छलफल गर्ने ।
- छलफल गर्दा राष्ट्रिय पाठ्यक्रमले दिएका विषयहरूलाई आधारका रूपमा लिई कुन कुन विषयमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने हो सो यकिन गर्ने ।

- स्थानीय तहमा नै शिक्षण गर्न सकिने विषयवस्तु केके हुन सक्छन् यकिन गर्ने ।
- सङ्कलित सूचनाहरूलाई शिक्षक तथा उपलब्ध हुने भए विशेषज्ञहरूको सहयोगले प्राथमिकीकरण गर्ने ।

यस अन्तर्गत

(अ) आवश्यकता पहिचानका सम्भाव्य क्षेत्रहरू स्थानीय अंशको पाठ्यक्रम सम्बन्धित विषयहरूलाई आधार मानी पाठ्यक्रम निर्माण गर्नुपर्छ ।

(आ) स्थानीय पाठ्यक्रम निर्माणको सम्भाव्य जिम्मेवारी स्थानीय पाठ्यक्रम निर्माण गर्दा विद्यालय, स्रोत केन्द्र र जिल्ला तहबाट सम्भाव्य पाठ्यक्रम निर्माण गर्न सकिने व्यवस्था गर्ने ।

विद्यालय तह : कुनै खास विद्यालयका लागि मात्र उपयोगी हुने विषयवस्तुको पाठ्यक्रम विद्यालयले सरोकारवालासँग परामर्श गरी विद्यालय आफैले निर्माण गर्ने ।

स्रोत केन्द्र तह : एकभन्दा बढी विद्यालयका लागि उपयोगी हुने स्थानीय पाठ्यक्रम सरोकारवालासँग परामर्श गरी स्रोत केन्द्र तहको नेतृत्वमा निर्माण गर्ने ।

जिल्ला तह : एकभन्दा बढी स्रोत केन्द्रहरूका लागि उपयोगी हुने स्थानीय पाठ्यक्रम सरोकारवालासँग परामर्श गरी जिल्ला शिक्षा कार्यालयको नेतृत्वमा निर्माण गर्ने ।

(इ) सुझाव सङ्कलन गर्ने आधारहरू

सामाजिक अध्ययन, सिर्जनात्मक र शारीरिक शिक्षाको स्थानीय पाठ्यक्रम निर्माण गर्दा केन्द्रले निर्माण गरेको पाठ्यक्रममा भएका विषयवस्तु अध्ययन गर्नुपर्छ । यसबाहेक स्थानीय तहका लागि नपुग भएका कुराहरू केके हुन सक्दछन् भनेर सुझाव लिनुपर्छ । स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्दा स्थानीय विषय केके हुन सक्दछन् तीभित्र केकस्ता विषयवस्तु राख्ने भनेर सरोकारावालासँग छलफल गर्नुपर्छ ।

२. **उद्देश्य निर्धारण :** स्थानीय तहका लागि निर्माण गरिने पाठ्यक्रम निर्माण गर्दा प्राथमिक शिक्षा पाठ्यक्रममा उल्लेख भएका प्राथमिक तहका उद्देश्यसँग मेल खाने गरी साधारण उद्देश्य निर्माण गर्नुपर्ने हुन्छ । जस्तैः उदाहरणका लागि प्राथमिक तह पूरा गरिसकेपछि विद्यार्थीहरू निम्न कुरा गर्न सक्षम हुनेछन् : स्थानीय तहमा प्रचलित परम्परागत व्यावसायिक सीपसम्बन्धी ज्ञान हासिल गर्न र त्यसको प्रवर्द्धन गर्न ।

३. **विषयवस्तको छनोट :** आवश्यकता पहिचान गरी प्राथमिकता क्रम निर्धारण गरेका आधारमा नै उद्देश्य निर्धारण गर्नुपर्ने हुँदा यसलाई नै विषयवस्तुको छनोटका लागि आधार बनाउने र छनोट भएका विषयवस्तुको विस्तृतीकरण गर्ने गर्नुपर्छ ।

४.	**कक्षागत सिकाइ उपलब्धि निर्धारण :** साधारण उद्देश्य र विषयवस्तुका आधारमा कक्षागत सिकाइ उपलब्धि निर्धारण गर्नुपर्छ । जस्तै कुन कक्षामा केकति, कस्तो खालको विषय दिनुपर्ने हो सो यकिन गर्नपर्दछ । यसका लागि विद्यार्थीको उमेर, ज्ञानको अवस्था, भाषिक स्तर, उमेर आदिलाई ध्यान दिनुपर्दछ ।

५.	**शैक्षिक सामग्रीको व्यवस्था :** पाठको उद्देश्य पूरा गर्न आवश्यक, कम खर्चिलो, उपलब्ध हुनसक्ने र प्रयोग गर्न सकिने सामग्रीको व्यवस्था गर्नुपर्छ ।

६.	**शिक्षण विधि र प्रक्रिया निर्धारण :** उद्देश्यअनुरूप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ/सकिदैन भनेर विशेष ध्यान दिनपर्छ । साधारण उद्देश्यले कार्य पुरा गर्न सक्छ/सक्दैन पूर्वअनुमान गर्नपर्छ । स्थानीय रूपमा शिक्षण गर्नुपर्ने विषयको प्रभावकारी शिक्षण गर्न सम्भाव्य शिक्षण विधि, विद्यार्थी क्रियाकलाप उल्लेख गर्नुपर्दछ । स्थानीय रूपमा शिक्षण सिकाइ गर्नुपर्ने विषयको पाठ्यपुस्तक भएका विषयमा पाठ्यपुस्तक र अन्य विषयमा विद्यार्थीले गरेर सिक्ने, देखेर सिक्ने, प्रदर्शन गर्ने, स्थानीय स्रोतव्यक्तिलाई आमन्त्रण गरी कक्षा सञ्चालन गर्नुपर्ने हुन्छ भने धेरैजसो अवलोकन, निरीक्षण र भ्रमण गरी सिक्नुपर्ने पनि हुन सक्छन् । पाठ्यक्रममा राखिएका विषयवस्तुको प्रभावकारी शिक्षण सिकाइका लागि केकस्तो शिक्षण विधि आवश्यक छ सो कुरा स्थानीय पाठ्यक्रममा उल्लेख गर्नुपर्छ । यसमा स्थानीय तहबाट पाठ्यपुस्तक निर्माण नभएको अवस्था पनि हुनसक्ने भएकाले विद्यार्थी क्रियाकलापबाट मात्र पाठ्यक्रमका उद्देश्य पूरा गर्नुपर्ने हुँदा उपयुक्त क्रियाकलापको छनोट गर्नुपर्छ । यसका लागि छलफल, एप्रेन्टेसिप कार्यक्रम, स्थलगत भ्रमण, स्थानीय व्यक्तिसँगको अन्तरक्रिया र विभिन्न कार्यक्रमहरूमा विद्यार्थी सहभागिता उपयोगी हुन सक्दछन् ।

७.	**विद्यार्थी मूल्याङ्कन प्रक्रिया :** स्थानीय पाठ्यक्रमअनुसार शिक्षण सिकाइ हुने विषयमा विद्यार्थी आफैले गरेर तथा अवलोकन गरेर सिक्ने भएकाले सहभागिता र सिक्ने हौसला प्रदान गर्ने र प्राप्त प्रतिवेदनका आधारमा मूल्याङ्कन गर्नुपर्दछ । औपचारिक परीक्षाको खास प्रयोजन रहँदैन । प्राथमिक पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई जोड दिएकाले स्थानीय पाठ्यक्रममा पनि निरन्तर विद्यार्थी मूल्याङ्कनलाई स्थान दिइनुपर्दछ । यसका लागि शिक्षकले विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराई उनीहरूले गरेका क्रियाकलापको अवलोकन गरी विद्यार्थी मूल्याङ्कन गर्नपर्छ ।

८.	**समय निर्धारण** : पाठ्यक्रमले तोकेको समय र पाठ्यभारअनुसार शिक्षण सिकाइ गर्नुपर्दछ । स्थलगत भ्रमण, अध्ययन भ्रमण आदि गर्दा अन्य विषयको पठनपाठनलाई बाधा नपर्ने गरी लैजाने व्यवस्था मिलाउनुपर्दछ । स्थानीय पाठ्यक्रममा शारीरिक र सिर्जनात्मक कलालाई २० प्रतिशत र सामाजिक अध्ययनलाई २० प्रतिशत छुट्याइएअनुसार नै पठनपाठन गराउनुपर्नेछ । यसका लागि सामाजिक अध्ययनलाई वार्षिक ५/६ हप्ता, त्यसैगरी सिर्जनात्मक कलालाई र शारीरिक शिक्षालाई पनि ३/४ हप्ता एवम् स्थानीय विषयका लागि १२८ घन्टी पठनपाठन गराउने व्यवस्था गर्नुपर्छ । कक्षाकार्य, योजनाकार्य, सहभागिता, अवलोकनका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्छ ।

**स्थानीय पाठ्यक्रम कसले निर्माण गर्ने ?**

१. स्थानीय पाठ्यक्रमका लागि आवश्यकता पहिचान भई विषय क्षेत्र छनोट भइसकेपछि शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ र बुद्धिजीवी समेतको सक्रियतामा विद्यालय आफैँले स्थानीय पाठ्यक्रम बनाउनुपर्छ ।

२. दुई वा सोभन्दा बढी विद्यालयको आवश्यकता र चाहना एउटै भएमा स्रोत केन्द्रको नेतृत्वमा स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ ।

३. जिल्लाभरिको आवश्यकता र विषय क्षेत्र एउटै भएमा जिल्ला शिक्षा कार्यालयले नेतृत्व गरी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ ।

४. स्थानीय पाठ्यक्रम निर्माण गर्न प्राविधिक कठिनाइ परेमा पाठ्यक्रम विकास केन्द्रबाट यथासम्भव प्राविधिक सहयोग उपलब्ध गराउन सकिन्छ ।

५. स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक बजेट विद्यालयलाई प्राप्त हुने स्रोतबाट नै खर्च गर्नुपर्ने वा विद्यालय विकास योजना आदिमा समावेश गरी निकासा गराउनुपर्ने हुन्छ ।

स्थानीय तहको पाठ्यक्रम विद्यालय, स्रोतकेन्द्र वा जिल्ला शिक्षा कार्यालय जसले निर्माण गरेको हो कार्यान्वयनमा परेका कठिनाइ र अध्ययनको सुझाव आदिका आधारमा उसैले परिमार्जनसमेत गर्न सक्दछ । विद्यालय तहमा कार्यान्वयन गर्दाका बखत आएका पृष्ठपोषणका आधारमा विद्यालय स्वयमले पनि स्थानीय पाठ्यक्रम परिमार्जन गर्न सक्दछ ।

## अभ्यास

**(क) तलका प्रश्नहरूका अति छोटा उत्तर दिनुहोस् ।**

१. पाठ्यक्रमको सबैभन्दा महत्वपूर्ण तत्व कुन हो ?

२. पाठ्यत्रपुस्तक निर्माणको मूल आधार के हो ?

३. स्थानिय पाठ्यक्रम निर्माणको पहिलो चरण कुन हो ?

४. स्थानीय पाठ्यक्रम निर्माण कसले गर्दछ ?

**(ख) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

१. पाठ्यक्रम भनेको के हो ? यसका २ वटा परिभाषा उल्लेख गर्नुहोस् ।

२. नेपालको विद्यालय शिक्षाको दूरदृष्टि कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् ।

३. वर्तमान शिक्षाका राष्ट्रिय उद्देश्यहरूको सूची बनाउनुहोस् ।

४. पूर्व प्राथमिक शिक्षाका उद्देश्यले केके कुरामा जोड दिएका छन् ?

५. प्राथमिक तहका तहगत उद्देश्यहरू लेख्नुहोस् ।

६. माध्यमिक तहका उद्देश्यहरूलाई सूचीबद्ध गर्नुहोस् ।

७. प्राथमिक तहको पाठ्यक्रमको ढाँचा उल्लेख गर्नुहोस् ।

८. पाठ्यपुस्तक भनेको के हो र त्यसको सिर्जनात्मक प्रयोग कसरी गर्न सकिन्छ ।

९. "पाठ्यपुस्तक विद्यार्थीको मित्र हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

**(ग) तलका प्रश्नहरूको लामो उत्तर दिनहोस् ।**

१. पाठ्यक्रमका तत्वहरूको चर्चा गर्नुहोस् ।

२. पाठ्यक्रम निर्माण प्रक्रिया उल्लेख गर्नुहोस् ।

३. पाठ्यक्रम र पाठ्यपुस्तकबीचको सम्बन्ध देखाउनुहोस् ।

४. पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी प्रयोग कसरी गर्न सकिन्छ ? उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

५. स्थानिय पाठ्यक्रमको आवश्यकता र निर्माण प्रक्रिया बारे चर्चा गर्नुहोस् ।

६. पाठ्यक्रम र पाठ्यपुस्तक बिच उदाहरण सहित फरक छुट्याउनुहोस् ।

**(घ) क्रियाकलाप**

१. पाठमा दिइएका पाठ्यपुस्तकका विशेषताका आधारमा तपाईंले पढ्ने कुनै एक विषयको पाठ्यपुस्तकको अध्ययन गरी त्यसका सवल र दुर्वल पक्षको विश्लेषण गर्नुहोस् ।

२. प्राथमिक तहको वर्तमान पाठ्यक्रम अध्ययन गरी उक्त पाठ्यक्रमका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस ।

३. तपाइँको विद्यालय वा नजिकको कुनै अन्य विद्यालयमा स्थानिय पाठ्यक्रम बनाएको छ ? बनाएको छ भने कसरी बनाएको हो ? त्यसको प्रयोग के कसरी भएको छ ? सोधखोज गरी प्रतिवेदन तयार गर्नुहोस् ।

# एकाइ : ५ शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन

## ५.१ शैक्षणिक उद्देश्य र उद्देश्यको प्रकारहरू

### ५.१.१ शैक्षिणिक उद्देश्यको अर्थ

पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्य प्राप्तिका लागि शिक्षक, विद्यार्थी, विषयवस्तु र वातावरणबीच हुने अन्तरक्रिया शिक्षण हो । शिक्षण कार्य पाठ्यक्रमका उद्देश्यद्वारा निर्देशित हुन्छ । पाठ्यक्रमले मूलतः राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र विषयगत उद्देश्य प्रस्तुत गरेको हुन्छ । राष्ट्रिय उद्देश्य, तहगत उद्देश्यहरू साधारण खालका हुन्छन् । त्यस्तै विषयगत उद्देश्यहरू साधारण र विशिष्ट दुवै खालका हुन्छन् ।

कुनै विषयको एउटा पाठ अध्यापनको अन्तमा विद्यार्थीहरूले प्राप्त गर्ने उद्देश्यलाई शैक्षणिक उद्देश्य भनिन्छ । यस्ता शैक्षणिक उद्देश्यहरू एकै पाठमा एक वा एकभन्दा बढी पनि हुन सक्छन् । प्रभावकारी शिक्षण गर्न शिक्षकले यी शैक्षणिक उद्देश्य राम्ररी बुझेको हुनुपर्छ र पाठयोजनामा यसलाई स्पष्ट रूपले लेखिएको हुनुपर्छ ।

शैक्षणिक उद्देश्यविनाको पाठ अध्ययन अध्यापनबाट निश्चित शैक्षिक उपलब्धि हासिल हुँदैन । अतः पाठ्यक्रमअनुसारको कुनै विषयको पाठ अध्ययन अध्यापन गर्दा शैक्षणिक उद्देश्यलाई मुख्य आधार बनाइन्छ । उदाहरणका लागि केही शैक्षणिक उद्देश्यहरू तल दिइएका छन् :

- सजीव र निर्जीवका ४ ओटा भिन्नता बताउन सक्नेछन् ।
- दुई अङ्कले बनेको दुई ओटा सङ्ख्या ठाडो राखेर जोड्न सक्नेछन् ।
- पाठमा भएका नयाँ शब्दहरू प्रयोग गरी वाक्य बनाउन सक्नेछन् ।
- चारवटा सरुवा रोगको सूची बनाउन सक्नेछन् ।
- नेपालका तीन ओटा उच्च शिखरका नाम बताउन सक्नेछन् ।

विशिष्ट उद्देश्यमा SMART को गुण हुनपर्छ । जसमा (S-Specific) विशिष्ट (M-Measurable) मापनिय, A-Attnable (पूरा गर्न सक्ने) R(Realistic) वास्तविक, T(Timing) समयमा पूरा गर्न सकिने विशेषता हुनुपर्छ ।

उपर्युक्त शैक्षणिक उद्देश्यलाई विशिष्ट र व्यावहारिक उद्देश्य पनि भनिन्छ । यस्ता उद्देश्यहरू बाहेक अध्यापन कार्य गर्दा शिक्षकले विषयवस्तु सम्बन्धी दीर्घकालीन उद्देश्यहरूलाई पनि ध्यान दिनुपर्छ । यस्तो दीर्घकालीन अर्थात् लामो अवधिमा प्राप्त हुने उद्देश्यलाई साधारण उद्देश्य भन्दछन् । साधारण उद्देश्य विशेष गरेर एकाइ अनुसार र सम्पूर्ण विषय अनुसार निर्माण गरिएका हुन्छन् । अतः कुनै विषयको कुनै एकाइको अध्ययन अध्यापन पछि वा शैक्षिक सत्रको अन्तमा विद्यार्थीहरूले प्राप्त गर्ने उद्देश्यलाई साधारण उद्देश्य भनिन्छ । जस्तैः

- सरल नेपाली भाषामा लेखिएका सामान्य कुराहरू पढ्न सक्ने ।
- चार साधारण नियमहरूमा आधारित हिसाब गर्न सक्ने ।

- आपसमा मिलेर काम गर्ने बानी विकास गर्ने ।
- वरपर सफा र सुग्घर राख्ने उत्तरदायित्वको ज्ञान गराउने ।

यसरी विषय अनुसार दिइएका उपर्युक्त प्रकारका विभिन्न साधारण उद्देश्यहरू पनि शिक्षकले शिक्षण गर्दा बडो होसियारी साथ ध्यान पुयाउनु आवश्यक छ ।

### ५.१.२ शैक्षणिक उद्देश्यको प्रकारहरू

शैक्षणिक उद्देश्य मुख्यतः ३ प्रकारका हुन्छन् :

**(क) ज्ञानसँग सम्बन्धित उद्देश्य**

ज्ञानसम्बन्धी शैक्षणिक उद्देश्यहरूले नयाँनयाँ ज्ञानहरू प्रदान गर्दछन् । जस्तैः - सजीव र निर्जीवको फरक देखाउनु, - जोड, घटाउ, गुणन, भाग जस्ता हिसाब गर्नु, - नयाँ शब्दहरूको अर्थ बताउनु, - तीनओटा उच्च शिखरका उचाइ बताउनु आदि ।

**(ख) सीपसँग सम्बन्धित उद्देश्य**

सीपसम्बन्धी शैक्षणिक उद्देश्यहरूले नयाँनयाँ कुराहरू गर्न सिकाउँछन् र गर्न सक्ने क्षमता प्रदान गर्छन् । जस्तैः

- लय मिलाएर कविता वाचन गर्नु ।
- मेच, ग्लास, भाँडो, चरा, त्रिभुज आदि कुराहरूको चित्र बनाउनु ।
- दाँत माभ्नु, कपाल कोर्नु, जुत्ता लगाउनु, विभिन्न खेल खेल्नु ।
- राष्ट्रिय गान गाउनु ।

**(ग) प्रवृत्ति र व्यवहारसँग सम्बन्धित उद्देश्य**

प्रवृत्तिसम्बन्धी शैक्षणिक उद्देश्यहरूले सकारात्मक तरिकाले नयाँनयाँ धारणाहरूको विकास गर्छन् । जस्तैः

- बासी र फोहोर खानेकुरा नखानु ।
- आफूभन्दा ठूलो व्यक्तिलाई सम्मान गर्नु ।
- भूत-प्रेतको विश्वास नगर्नु ।
- जहाँतहीं दिसा-पिसाब, फोहोरमैला नगर्नु ।

## ५.२ दैनिक पाठयोजना

### ५.२.१ पाठयोजनाको अवधारणा

शिक्षकले प्रत्येक दिन कक्षामा कुनै विषय के, कसरी र कति पढाउने भन्ने सम्बन्धमा गरेको पूर्व तयारीलाई पाठयोजना भनिन्छ । शिक्षकले कुनै विषयको कुनै पाठ पढाउनका लागि कक्षाकोठामा प्रवेश गर्नुअगाडि केही समस्याहरूका बारेमा सोच्नुपर्दछ । के पढाउने, कसरी पढाउने, कसलाई पढाउने, किन पढाउने, कति समयभित्र पढाउने र कति पढाउने भन्ने

विषयमा विचार गरेरमात्र शिक्षण प्रारम्भ गर्नुपर्दछ । पाठयोजनाले शिक्षकलाई विषयवस्तु कसरी प्रस्तुत गर्ने भन्ने सम्बन्धमा आधार प्रदान गर्दछ भने विद्यार्थीलाई सिक्नमा सघाउ पुऱ्याउँछ ।

विद्यालयको वार्षिक कार्यपात्रोका आधारमा शिक्षकले वार्षिक कार्ययोजना तयार पार्दछन् भने उक्त कार्ययोजनाका आधारमा एकाइ योजना तथा दैनिक पाठयोजना तयार गरिन्छ । दैनिक पाठयोजनाले शिक्षणको उद्देश्य स्पष्ट गर्दछ । यसले शैक्षिक सामग्री, शिक्षणविधि तथा मूल्याङ्कनको छनोट गर्न सहयोग पुऱ्याउँछ । त्यसैगरी विद्यार्थीको पूर्वज्ञानको पुनरावलोकन, व्यक्तिगत क्षमताहरूमा भएको भिन्नतासमेतको ख्याल गरी कक्षा शिक्षणलाई बढी प्रभावकारी बनाउनसमेत पाठयोजनाले सहयोग पुऱ्याउँछ ।

सफल शिक्षणका लागि पाठयोजना एउटा अभिन्न अङ्ग हो । पाठयोजनालाई बढी व्यावहारिक बनाउनुका लागि पूर्वपाठसँग सम्बन्धित बनाई अनुभवको क्रमिकतालाई कायम राख्नुपर्दछ । पाठयोजना बनाउँदा कक्षागत क्रियाकलापहरूका लागि उपयुक्त ढङ्गबाट समय विभाजन एवम् निर्धारण गर्नुपर्दछ भने विद्यार्थीहरूको सहभागितालाई प्रमुख स्थान दिनुपर्दछ । विद्यार्थीमा वाञ्छित सिकाइ उपलब्धि हासिल गर्न मद्दत गर्नु नै पाठयोजनाको मुख्य उद्देश्य भएकाले पाठयोजनालाई सफल शिक्षणको साधनका रूपमा लिइन्छ, साध्यका रूपमा होइन । पाठ्यक्रमलाई व्यावहारिक र यथार्थ परिस्थितिमा कार्यान्वयन गर्न सकिने बनाउन शिक्षकमा निम्नलिखित कुराहरूको ज्ञान तथा सीप हुनुपर्दछ :

१. पाठ्यवस्तुको विस्तृत एवम् स्पष्ट ज्ञान ।
२. सम्बन्धित विषयको तहगत, कक्षागत एवम् विषयगत उद्देश्यको ज्ञान ।
३. व्यावहारिक उद्देश्य निर्माण गर्न सक्ने सीप ।
४. सस्तो एवम् सर्वसुलभ शैक्षिक सामग्री निर्माण एवम् सङ्कलन गर्ने सीप ।
५. शिक्षणविधिको पर्याप्त ज्ञान एवम् आवश्यकताअनुसार प्रयोग गर्न सक्ने सीप ।
६. बालबालिकाहरूको पूर्वज्ञान वा पृष्ठभूमिको ज्ञान ।
७. बालकका अभिरुची, क्षमता र प्रवृत्तिको ज्ञान ।
८. मूल्याङ्कन विधि एवम् प्रश्न सोध्ने प्रविधिको ज्ञान ।
९. विभिन्न क्रियाकलापलाई लाग्ने समय निर्धारण गर्न सक्ने क्षमता ।
१०. बाल मनोविज्ञान सम्बन्धी ज्ञान आदि ।

### ५.२.२ पाठयोजनाका अङ्गहरू

पाठयोजनाका प्रारूपहरू विभिन्न हुन सक्ने भए तापनि सामान्य चलनचल्तीमा आएको प्रारूपका बारेमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ । पाठयोजनाको बायाँतर्फ विषय, एकाइ तथा पाठशीर्षक लेखिनुपर्छ भने दायाँतर्फ कक्षा, मिति, समय र घण्टी एवम् विद्यार्थी सङ्ख्या लेख्नु उपयुक्त हुन्छ । पाठयोजना बनाउँदा यसका अङ्गहरूलाई चरणबद्ध रूपमा लेख्नुपर्दछ । अर्को अर्थमा भन्ने हो भने विशिष्ट उद्देश्य, शैक्षिक सामग्री, शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन एवम् गृहकार्यलाई चरणबद्ध रूपमा उल्लेख गर्नुपर्दछ । पाठयोजनाको विभिन्न अङ्गहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## १. विशिष्ट उद्देश्य

कुनै कक्षाको शिक्षणपछि विद्यार्थीहरूमा विकास गराउन खोजिएको उपलब्धिको किटान गर्नुलाई शैक्षणिक उद्देश्य भनिन्छ । शैक्षणिक उद्देश्यलाई विशिष्टरूपमा उल्लेख गरिनुपर्ने भएकाले त्यसलाई विशिष्ट उद्देश्य भनिएको हो । विशिष्ट उद्देश्यलाई मापनीय (measurable) रूपमा उल्लेख गर्नुपर्दछ । यसका साथै विशिष्ट उद्देश्यले उपलब्धि (performance) स्तर तथा लक्षणहरू (criteria) पनि निर्धारण गर्नुपर्दछ । मापनीय हुनका लागि विद्यार्थीको स्वभावमा आएको परिवर्तनलाई यकिन गर्न सकिने हुनुपर्दछ । विद्यार्थीले कक्षा शिक्षणको प्रारम्भमा नसिकेका कुराहरू शिक्षणपछि परिवर्तन आएको हुनुपर्छ जसलाई उपलब्धिको आधार मान्न सकिन्छ । त्यस्तै कुन तह वा कक्षाको विद्यार्थीमा कस्तो किसिमको परिवर्तन खोजिएको हो सो कुरा स्पष्टसँग उल्लेख गर्नुपर्दछ । उद्देश्यलाई सकेसम्म व्यावहारिक बनाउनुपर्दछ । यसका लागि व्यावहारिक क्रियापद (action verb) प्रयोग गर्नुपर्दछ । विशिष्ट उद्देश्य लेख्दा अनिश्चित अर्थ र बहुअर्थ लाग्ने क्रियापदहरू प्रयोग गर्नु हुँदैन । जस्तै - जान्ने छन, बुझ्नेछन् थाहा पाउनेछन् जस्ता क्रियापद प्रयोग गर्नु राम्रो मानिदैन । विशिष्ट उद्देश्य निर्माण गर्दा प्रयोग गर्न सकिने ज्ञान (knowledge), सीप (skill) र अभिवृत्ति ( attitude) सम्बन्धी केही व्यावहारिक क्रियापदहरू तल दिइएका छन् :

| ज्ञान | सीप | अभिवृद्धि |
|---|---|---|
| भन्नु, परिभाषित गर्नु | उफ्रनु, दौड्नु, समात्नु, | स्वीकार गर्नु, ध्यान दिनु |
| व्याख्या गर्नु, वर्गीकरण गर्नु, | लेख्नु, टाइप गर्नु, योजना गर्नु | अनुसरण गर्नु, मान्यता दिन, |
| मूल्याङ्कन गर्नु, तुलना गर्न, | इसारा गर्नु, आदि । | प्रशंसा गर्नु, विवेचना गर्नु आदि । |

### विशिष्ट उद्देश्यको उदाहरण

- यो पाठको अन्तमा विद्यार्थीले १ देखि २० सम्मका अङ्क नहेरी लेख्न सक्नेछन् ।
- यो पाठ पढिसकेपछि विद्यार्थीले लोकतन्त्रले नेपालमा ल्याएका पाँचओटा परिवर्तनहरूको सूची तयार पार्न सक्नेछन् ।

## २. शैक्षिक सामग्री

कक्षा शिक्षणमा पाठ्यवस्तुको धारणालाई स्पष्ट पारी शिक्षणसिकाइ क्रियाकलापलाई बढी रुचिपूर्ण एवम् प्रभावकारी बनाउन प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक सामग्रीले विषयवस्तुको प्रस्तुतीकरणलाई रोचक बनाउँछ, शिक्षणमा समयको बचत गर्दछ तथा सिकारुलाई विषयवस्तुको ठीक प्रभाव पार्ने सहयोग पुऱ्याउँछ । शिक्षणलाई सहज, रोचक, अर्थपूर्ण र सरल बनाउनुका साथै सिकाइलाई स्थायी बनाउन पनि शैक्षिक सामग्रीले सहयोग पुऱ्याउँछ ।

शिक्षकले सकभर स्थानीय सामग्रीहरू प्रयोग गर्नुपर्दछ । विद्यार्थीको सहयोगबाट पनि स्थानीय सामग्रीहरू प्रयोगमा ल्याउन सकिन्छ । बढी खर्चिलो तथा भड्किलो सामग्रीलाई प्राथमिकता दिनु हुँदैन । शिक्षकले शैक्षिक सामग्री सङ्कलन एवम् प्रयोग गर्दा लगनशील एवम् सिर्जनशील दृष्टिकोण अपनाउनुपर्दछ । पाठले निर्धारित गरेका शैक्षिक उद्देश्यहरू पूरा हुने गरी शैक्षिक सामग्रीको सङ्कलन एवम् निर्माण गर्नुपर्दछ । मुख्यतया शैक्षिक सामग्री निम्न किसिमको हुनु आवश्यक छ :

१. शैक्षिक सामग्री पाठको उद्देश्य प्राप्त गर्न सहयोग गर्ने किसिमको हुनुपर्दछ ।

२. शैक्षिक सामग्री साधारण तर स्तरीय हुनुपर्दछ ।

३. सिकारुहरूको क्षमता र स्तरअनुसार सकभर स्थानीय शैक्षिक सामग्रीको छनोट र प्रयोग गर्नुपर्छ ।

४. दृश्य सामग्री जस्तैः चित्र, अक्षरपत्ती, नक्सा आदि सबैले अगाडि पछाडिबाट स्पष्ट देख्न सक्ने ठूलो, सफा र शुद्ध हुनुपर्दछ ।

५. श्रव्यदृश्य सामग्री सामान्यरूपमा सबैले देख्न र सुन्न सक्ने गरी प्रस्तुत गर्नु पर्छ ।

६. शैक्षिक सामग्री बालमैत्री, बालकेन्द्रित, लैङ्गिकमैत्री तथा समावेशी हुनुपर्छ ।

## ३. शिक्षण सिकाइ क्रियाकलाप

शिक्षण सिकाइ क्रियाकलाप अन्तर्गत निर्धारित लक्ष्य हासिल गर्न कक्षाकोठामा उपलब्ध समयभित्र शिक्षक तथा विद्यार्थीले सम्पन्न गर्ने क्रियाकलापहरू क्रमबद्धरूपमा उल्लेख गरिएको हुन्छ । पाठयोजनामा शिक्षणसिकाइ क्रियाकलाप तयार गर्दा शिक्षकले निम्नलिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास गर्नुपर्दछ -

१. पाठ कसरी सुरुवात गर्ने ?

२. विद्यार्थीहरूमा सिक्नका लागि तत्परता तथा रुचि कसरी जगाउने ?

३. कुन शिक्षणविधि प्रयोग गर्ने ?

४. विद्यार्थीहरूलाई कुनकुन अनुभवहरू प्रदान गर्ने ?

५. शैक्षिक सामग्रीहरूको प्रयोगद्वारा सिकाइ अवसर कसरी अभिवृद्धि गर्ने ?

६. सिकाइ वातावरणमा विद्यार्थीहरूलाई कसरी क्रियाशील बनाउने ?

७. कक्षाशिक्षणमा विद्यार्थीका व्यक्तिगत भिन्नताहरूलाई कसरी समेट्ने ?

८. पाठको सारांश, पुनरावृत्ति तथा सामान्यीकरण कसरी गर्ने ?

९. सबै बालबीलकाको सक्रिय सहभागिता कसरी सुनिश्चित गर्ने ?

शिक्षण सिकाइ क्रियाकलापको तयारी गर्दा के, किन, कसलाई, कति र कसरी पढाउने भन्ने प्रश्नहरूका उत्तरले शिक्षकलाई आधार प्रदान गर्दछ । पाठको उद्देश्यलाई कार्यान्वियन गर्न र कक्षाको वातावरणलाई जीवन्त राख्नका लागि शिक्षणसिकाइ क्रियाकलापको योजना बढी यथार्थ र व्यावहारिक बनाउनुपर्दछ ।

पाठको सुरुवात पुरानो पाठको पुनरावृत्ति वा कुनै रोचक परिस्थिति सिर्जना गरेर गर्नुपर्छ । नयाँ पाठसँग सम्बन्धित पूर्वज्ञानका बारेमा सामान्य प्रश्नहरू गरेर वा सम्बन्धित शैक्षिक सामग्री प्रदर्शन गरेर पाठको प्रस्तुतीकरण प्रारम्भ गरिनुपर्दछ । कक्षामा व्याख्यान विधि, प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समूह छलफल विधि, समस्या समाधान विधि, कथाकथन विधि, अभ्यास विधि, खेल विधि आदि विधिहरूमध्ये पाठको प्रकृति, सिकारुको उमेर र क्षमता, शैक्षिक सामग्रीको उपलब्धता तथा कक्षाकोठा वातावरणका आधारमा विधि छनोट गर्न सकिन्छ । कक्षामा अनुशासन कायम राख्न, विद्यार्थीहरूमा आत्मबल बढाउन, सिकाइ अनुभवलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्न, नयाँ शिक्षकलाई सिकाइप्रति आकर्षित गर्न शिक्षणसिकाइ क्रियाकलापलाई व्यवस्थित रूपमा योजना गर्नुपर्दछ । पाठका मुख्यमुख्य बुंदाहरू तथा त्यसको प्रस्तुतीकरणका लागि कक्षा व्यवस्थापन, समूहविभाजन र अभ्यासलाई समेत शिक्षणसिकाइ क्रियाकलापमा स्थान दिनुपर्दछ ।

## ४. मूल्याङ्कन

कुनै पनि कार्यक्रमको अन्त्यमा निर्धारित उद्देश्यअनुसार परिवर्तन आयो वा आएन भन्ने कुराको लेखाजोखा गर्नुलाई मूल्याङ्कन भनिन्छ । मूल्याङ्कन भनेको एउटा निरन्तर र नियमित रूपमा सञ्चालन हुने प्रक्रिया हो । पाठको प्रस्तुतिसँगसँगै मूल्याङ्कनको काम पनि प्रारम्भ हुन्छ । पाठप्रति विद्यार्थीको अभिरुचि भएको वा नभएको जानकारी लिन तथा कक्षागत क्रियाकलापबाट विद्यार्थीमा परिवर्तन आएको वा नआएको कुराको लेखाजोखा र तदनुसार शिक्षणमा आवश्यक सुधारसमेत ल्याउनका लागि मूल्याङ्कन गर्नुपर्ने हुन्छ । शिक्षणकार्यको बीचबीचमा प्रश्न सोधेर तथा अवलोकन गरेर पनि विद्यार्थीका उपलब्धिहरू मापन गर्न सकिन्छ । मूल्याङ्कनले शिक्षकलाई आफ्नो शिक्षणको आत्ममूल्याङ्कन गर्न, विद्यार्थीहरूको कक्षागत शिक्षण क्रियाकलापमा सहभागिता बढाउन, पाठप्रति अभिरुचि जगाउन, विद्यार्थीका कमजोरीहरू पत्ता लगाउन, सहपाठीहरूबीच स्वस्थ प्रतिस्पर्धाको विकास गराउन सहयोग पुऱ्याउँछ ।

विद्यार्थीको मूल्याङ्कन मौखिक तथा लिखित परीक्षा, अवलोकन, व्यक्तिगत विवरण, चेक लिस्ट आदिबाट गर्न सकिन्छ । पाठयोजना निर्माण गर्दा पाठको सबै उद्देश्यलाई समेट्ने गरी प्रश्नहरू बनाएको हुनुपर्दछ । कक्षामा विद्यार्थीको मूल्याङ्कनका लागि गरिने प्रश्नले विद्यार्थीलाई पढाइप्रति अभिरुचि जगाउन र क्रियाशील बनाउनमा सहयोग पुऱ्याउने हुनुपर्छ । मूल्याङ्कनलाई दण्ड वा पुरस्कारको आधार नबनाएर विद्यार्थीहरूलाई आफ्नो प्रगतिबारे पृष्ठपोषण (feedback) दिने माध्यमका रूपमा लिनुपर्दछ ।

## ५. गृहकार्य

प्रत्येक कक्षाशिक्षणको अन्त्यमा शिक्षकले विद्यार्थीलाई घरबाट पढ़ेर, लेखेर, केही वस्तु बनाएर वा केही वस्तु सङ्कलन गरेर ल्याउन दिने निर्देशनलाई गृहकार्य भनिन्छ । विद्यार्थीले सिकेका कुराहरूलाई अझ स्थायी बनाउन र व्यवहारमा उतार्ने अभ्यास गराउन गृहकार्यको आवश्यकता पर्दछ । कक्षामा सिकाइएका कुराहरू विद्यार्थीले केकति बुझे भनेर अनुगमन गर्नका लागि पनि गृहकार्य उपयोगी हुन्छ । शिक्षकले शिक्षणका क्रममा पाठमा दिइएका केही अभ्यासहरूलाई नमुनाका रूपमा समाधान गरिदिनुपर्छ र बाँकी अभ्यास घरबाट समाधान गरेर ल्याउने निर्देशन दिनु अनिवार्य नै हुन्छ ।

गृहकार्यले विद्यार्थीहरूलाई स्वअध्ययन र मनन गर्ने, सिर्जनात्मक क्षमताको विकास गर्ने, पढ्ने र लेख्ने स्वभावको विकास गर्ने, कुनै विषयवस्तुका बारेमा खोजी गर्ने अवसर प्राप्त हुने तथा सिकेका कुराहरूलाई व्यवहारमा उतार्ने अवसर प्राप्त हुन्छ । गृहकार्य विद्यार्थीका लागि बोझ हुनु हुँदैन बरु त्यसले उनीहरूमा सिकाइप्रति उत्साह र जाँगरं पैदा गर्न सक्नपर्छ । सिकारुको क्षमता, रुचि र आवश्यकतालाई ख्याल नगरेर दिइएको गृहकार्यले अभिभावक समेतलाई बोझ गराएको कुरा यदाकदा सुन्न पाइन्छ गृहकार्यको आशय यस्तो हुनु हुँदैन । गृहकार्य सान्दर्भिक, उपयोगी र सङ्क्षिप्त हुनुपर्दछ । गृहकार्यलाई पाठयोजनाको अन्तिम अङ्गका रूपमा लिइएको छ । अतः कक्षा शिक्षणको अन्त्यमा गृहकार्य दिन आवश्यक देखिएमा पाठयोजनामा उल्लेख गर्नुपर्छ । पाठयोजनाको एउटा नमुना निम्नानुसार प्रस्तुत गरिएको छ :

## नमुना पाठयोजना

विषय : नेपाली कक्षा : ५

शीर्षक : सेवा गरे मेवा मिल्छ (प्रथम तीन अनुच्छेद) समय : ४५ मिनेट

पाठ्यवस्तु : शब्दार्थ र पठनबोध

### १. विशिष्ट उद्देश्य

कक्षा कार्यकलापका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

- पाठको तीन अनुच्छेद सस्वर वाचन गर्ने
- जुरुक्क, छताछुल्ल, लालटिन, उपद्रो, हैरान शब्दको अर्थ बताई वाक्य बनाउन ।
- तोकिएका अनुच्छेदबाट सोधिने स-साना बोध प्रश्नहरूको उत्तर दिन ।

### २. शैक्षिक सामग्री

- गोजी तालिका
- शब्दपत्ती र वाक्यपत्तीहरू

### ३. शिक्षणसिकाइ क्रियाकलाप

- विद्यार्थीलाई तोकिएका अनुच्छेदको सस्वरवाचन गर्न लगाउने । सस्वर वाचन आवश्यकतानुसार व्यक्तिगत र सामूहिक रूपमा गराउने ।
- सस्वर वाचनपश्चात् विद्यार्थीहरूलाई अनुच्छेदमा भेटिएका आफूलाई कठिन लागेका शब्द टिपाउने र तिनलाई शिक्षकले क्रमैसित कालोपाटीमा लेखिदिने ।
- कालोपाटीमा लेखिएका प्रत्येक शब्दको अर्थ विद्यार्थीहरूलाई नै भन्न लगाउने र विद्यार्थीहरूलाई नै वाक्यनिर्माण गर्न प्रोत्साहित गर्ने ।
- शिक्षकले शब्दार्थ शिक्षणका विभिन्न उपायहरू प्रयोग गर्दै गोजी तालिका र शब्दपत्तीहरूको सहायताले समेत विषयवस्तु थप प्रष्ट पारीदिने ।

– तोकिएको पाठबाट विभिन्न बोध प्रश्नोत्तर गर्ने तथा अपूरो उत्तर आएमा शिक्षकले सच्याइदिने वा थपिदिने । आवश्यक छलफल र पृष्ठ पोषणपछि पाठको अन्त्य गर्ने ।

**४. मूल्याङ्कन**

तलका शब्दको अर्थ भन :

– हैरान, जुरुक्क

– लालटिन र छताछुल्ल शब्दको प्रयोग गरी एउटा/एउटा वाक्य बनाऊ ।

– सेवा गरे के मिल्दछ ?

**५. गृहकार्य**

आज पढेको पाठ राम्रा अक्षरमा सारेर ल्याउ ।

## ५.३ विद्यालयको दैनिक कार्यतालिका निर्माण

दैनिक कार्य तालिका भन्नाले एक हप्ताभित्रमा शनिबारबाहेक प्रत्येक दिनको कुन समय, कुन घण्टीमा, कुन विषय, कुन शिक्षकले पढाउने हो, अर्थात् कुनकुन क्रियाकलापमा विद्यार्थीहरूलाई संलग्न गराउने हो भन्ने सम्बन्धमा तयार पारिएको योजना भन्ने बुझिन्छ । एक हप्ताभित्रका सबै दिनका लागि तयार गरिएको योजना हुनाले दैनिक कार्य तालिकालाई साप्ताहिक कार्यतालिका पनि भनिन्छ ।

एक सप्ताहभित्र उपलब्ध हुने विद्यालय कार्यदिन वा कार्यघन्टालाई कतिकति पिरियड वा समयमा विभाजन गर्ने हो, विद्यालयमा पढाइने विषयहरू मध्ये कुन विषयलाई पहिले पढाउने र कुन विषयलाई पछि पढाउने, विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये कुन शिक्षकलाई कुन विषय पढाउन दिने, कुन विषयलाई हप्तामा कति पाठघन्टा दिने, कुन कोठामा कुन विषय, कुन शिक्षकले कुन समयमा पढाउने हो ? आदि कुराहरूलाई समेटेर बनाइएको योजनालाई नै दैनिक कार्यतालिका भनिन्छ ।

वार्षिक शैक्षिक योजना र दैनिक पाठयोजना विद्यालयका हरेक शिक्षकले निर्माण गर्दछन् भने यस तालिकाको निर्माण शिक्षकहरूको सहयोग तथा सल्लाह लिएर प्रधानाध्यापकले गर्दछन् । विद्यालयलाई व्यवस्थित रूपले सञ्चालन गर्नका लागि दैनिक कार्यतालिका विद्यालयको एक अनिवार्य योजना हो । यसको अभावमा अनुशासनहीनता, अस्तव्यस्तता तथा समयमा पाठ्यांश पूरा हुन नसकी विद्यालयको शैक्षिकस्तरसमेत घट्न जाने हुन्छ । शिक्षकहरूको योग्यता र अनुभव, विषयको प्रकृति, उपलब्ध पाठघण्टा तथा भौतिक सुविधाको उपयुक्त व्यवस्थाद्वारा शैक्षणिक क्रियाकलाप सञ्चालन गर्नु एक जटिल कार्य हो । यस्तो जटिल कार्यलाई व्यवस्थित बनाउनका लागि दैनिक कार्य तालिकाको विद्यालयमा महत्वपूर्ण स्थान हुन्छ । विद्यालयले विद्यार्थीका सम्पूर्ण शैक्षिक क्रियाकलापहरूलाई सुव्यवस्थित बनाउनका लागि विद्यालयको साप्ताहिक कार्यघन्टा (Working hours) निर्धारण गरी पाठ्यक्रममा निश्चित गरिएअनुसार विषयगत पाठघण्टाको आधारमा समय तालिका (Time table) तयार

गरिन्छ । यही समय तालिकालाई दैनिक वा साप्ताहिक कार्यतालिका भनिन्छ । एउटा विद्यालयलाई कुशलतापूर्वक सञ्चालन गर्नका लागि विद्यालयका सम्पूर्ण कार्यको एक विस्तृत योजना हुनुपर्दछ, जसमा निर्धारित समयलाई विभिन्न विषय तथा क्रियाकलाप आदिका निमित्त दैनिक रूपमा विभाजन गरिएको हुन्छ ।

विद्यालयको आन्तरिक व्यवस्थाका लागि दैनिक तथा साप्ताहिक कार्यतालिका अत्यन्त आवश्यक पदर्छ । सोचविचार गरी बनाइएको उत्तम कार्यतालिकाले शक्ति, समय एवम् साधन तथा स्रोतको दुरूपयोग रोक्दछ र सिकारुको विकास तथा शैक्षिक अनुभवका लागि उपयुक्त अवसर प्रदान गर्दछ । विद्यालयको सम्पूर्ण जीवनलाई व्यवस्थित र योजनाबद्ध बनाउनका निमित्त कार्यतालिकाको ठूलो भूमिका हुन्छ । यसले विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूमा समयप्रतिको सचेतता, उद्देश्यप्रति निष्ठा, नियमितता, कर्तव्यपरायणता, अनुशासनजस्ता गुणहरूको विकास गर्नमा मद्दत गर्दछ । दैनिक कार्यतालिका बनाउँदा निम्न कुराहरूलाई ध्यान दिनुपर्दछ :

१. विद्यालयमा प्रत्येक दिन कति घण्टा अध्ययन अध्यापन गरिन्छ र हप्ताभरमा जम्मा कति घण्टा अध्ययन अध्यापन हुन्छ भन्ने कुरा यकिन गर्नुपर्दछ । जस्तै : विद्यालय १० बजेदेखि खुल्ने र ४ बजे बन्द हुने नियम छ भने प्रत्येक दिन जम्मा ६ घण्टा र हप्ताभरमा ३३ घण्टा अध्ययन अध्यापन हुन्छ ।

२. विद्यालयमा कति कक्षासम्म पढाइ हुन्छ र जम्मा सेक्सनहरू कति छन् तथा हरेक कक्षामा कति विद्यार्थी सङ्ख्या राख्ने गरिन्छ ।

३. विद्यालयमा कार्यरत शिक्षक सङ्ख्या, तिनीहरूको विषयगत योग्यता, तालिम तथा अनुभवका साथै विषयगत दक्षता र शिक्षणमा अभिरुचि जस्ता कुराहरूलाई ख्याल गरी सबै शिक्षकलाई सकभर समान कार्यबोझ पर्ने गरी समयतालिका निर्माण गर्नुपर्दछ । शिक्षकले विद्यालयको प्रशासन वा अन्य कार्यमा पुऱ्याउने सहयोग, विश्राम तथा अतिरिक्त क्रियाकलापमा हुने संलग्नतालाई पनि ख्याल गर्नुपर्दछ ।

४. विद्यार्थीहरूको उमेर, रुचि, योग्यता तथा आवश्यकताहरूलाई पनि कार्यतालिका निर्माणमा ध्यान दिनुपर्दछ ।

५. विभिन्न कक्षामा पढाइ हुने विषयहरू, ती विषयहरूको अध्यापनमा पाठ्यक्रममा निर्दिष्ट गरिए अनुसारको पाठ्यभार वा समयभारलाई अनिवार्यरूपमा ख्याल गर्नुपर्दछ ।

६. विद्यालयमा पढाइ हुने प्रत्येक पिरियड कति मिनेटको हुने भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ । कक्षाको स्तर तथा विद्यार्थीको उमेरगत स्वभावलाई समेत ख्याल गरेर सानो कक्षा भएमा कक्षाको समय थोरै हुन ठीक हुन्छ भने ठूलो कक्षाका लागि अलि लामो समयसम्म एउटै विषय पढाउन सकिन्छ । त्यसैले पिरियड ४० देखि ५० मिनेट सम्ममा कक्षा हेरी फरक पार्नु राम्रो हुन्छ ।

७. कुन विषय कुन समयमा पढाउने भन्ने कुराको निर्णय गर्न पनि एकदमै आवश्यक हुन्छ । खासगरी विषयको कठिनता के-कति छ, सो कुराले कुन बेला कुन विषय पढाउने वा के क्रियाकलाप गराउने भन्ने कुरा निश्चित गर्दछ । साधारणतया बालबालिकाहरूको मानसिक स्फूर्ति तथा सिक्ने तत्परता विद्यालय समयको बीच वा

अन्त्यमा भन्दा सुरुमा ज्यादा हुन्छ । त्यसैले कठिन विषयहरूलाई सुरुमा र सरल विषयहरूलाई बीच वा पछि क्रमशः अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८. साधनस्रोत र भौतिक सुविधाको समायोजन पनि महत्वपूर्ण पक्ष हो । कार्यतालिका निर्माण गर्दा कक्षाकोठा, फर्निचर, पुस्तकालय, खेलमैदान, प्रयोगशाला आदि विद्यालयमा उपलब्ध साधनको क्षमता वा पर्याप्तताले पनि कार्यतालिका निर्माणमा प्रभाव पार्दछ । जस्तो-प्रत्येक कक्षाका लागि अलगअलग कक्षाकोठा हुनु उपयुक्त हुन्छ भने खेलमैदान, पुस्तकालय आदिको प्रयोग आलोपालो गरी गर्नुपर्ने हुन्छ ।

कार्यतालिका प्रधानाध्यापकले निर्माण गरी प्रमाणितसमेत गर्नुपर्दछ । साथै कार्यतालिकालाई शिक्षक तथा विद्यार्थीहरूका निमित्त सूचनापाटीमा टाँस गरी सार्वजनिक गर्नुपर्दछ भने प्रधानाध्यापकको कोठामा, शिक्षक कोठामा र प्रत्येक कक्षाकोठामा राख्ने व्यवस्था गर्नुपर्दछ । समय तालिकामा फेरबदल भएमा समयमै सूचना गर्नुपर्दछ ।

## ५.४ प्रभावकारी कक्षाकोठा व्यवस्थापन

### ५.४.१ कक्षाकोठा व्यवस्थापनको अवधारणा

शिक्षकले शिक्षण सिकाइको काम गर्ने मुख्य ठाउँ भनेको कक्षाकोठा नै हो । जबसम्म कक्षाकोठालाई विद्यार्थीका लागि उपयुक्त बनाउन सकिँदैन तबसम्म सिकाइ हुन सक्दैन । सिक्नका लागि उपयुक्त वातावरण चाहिन्छ । यहाँ वातावरण भन्नाले कक्षाभित्र आवश्यक पर्ने उपयुक्त व्यवस्था भन्ने बुझिन्छ । कुनै कक्षामा थोरै विद्यार्थी हुन्छन् भने कुनै कक्षामा धेरै विद्यार्थी हुन्छन् । थोरै विद्यार्थी भएको कक्षा एकदमै ठूलो कोठामा राख्दा त्यति राम्रो देखिंदैन । त्यस्तै विद्यार्थीको सङ्ख्या अनुसार कक्षाकोठामा फर्निचरहरू (डेस्क, टेबुल) हुन जरुरी हुन्छ । थोरै विद्यार्थी भएको कोठामा धेरै फर्निचर वा धेरै विद्यार्थी भएको कोठामा थोरै फर्निचर दुवै अवस्था सिकाइका लागि उपयुक्त हुन सक्दैन । त्यस्तै कक्षाकोठामा कालोपाटी छ कि छैन, छ भने उपयुक्त आकारको छ कि छैन, कालोपाटी सबै विद्यार्थीले देख्ने ठाउँमा झुन्डाएको छ कि छैन, कक्षाभित्र उज्यालो कत्तिको छ, जाडो र गर्मीको वेला पढ्नका लागि कक्षा उपयुक्त छ कि छैन, पानी परेको वेला वा बेस्सरी घाम लागेको अवस्थामा पढाइमा बाधा पुग्छ कि पुग्दैन जस्ता विभिन्न कुराहरूको विचार पुऱ्याउन सके मात्र सिकाइ प्रभावकारी बनाउन मद्दत पुग्दछ ।

त्यस्तै किसिमले कक्षाभित्र हुनुपर्ने अनुशासन कस्तो छ, शिक्षक र विद्यार्थी दुवैले अनुशासन पालन गर्छन् कि गर्दैनन् । कक्षामा हुने क्रियाकलापमा विद्यार्थीले भाग लिन पाउँछन् कि पाउँदैनन् ? शिक्षकले पढाएका विषयवस्तुमा थप कुरा अध्ययन गर्न कक्षाकोठामा सन्दर्भ सामग्रीको व्यवस्था छ कि छैन, तिर्खा लागेको वेलामा पानी पिउने व्यवस्था कक्षामा छ कि छैन, कक्षामा उज्यालोको व्यवस्था कसरी मिलाइएको छ, जस्ता कुराहरूमा पनि पढाउनुभन्दा अगाडि नै शिक्षकले विचार पुऱ्याउनु नितान्त आवश्यक छ ।

परम्परागत रूपमा कक्षाकोठा व्यवस्थापन विद्यार्थीको नियन्त्रण र कडा अनुशासनलाई मात्र लिने गरिन्थ्यो । अहिले यसलाई सिकाइ उपलब्धि हासिल गर्ने एउटा माध्यमका रूपमा हेरिएको छ । त्यसैले शिक्षकको मूल कर्तव्य आफूले पढाउने विषयका विषयवस्तु र त्यससम्बन्धी धारणा विद्यार्थीहरूमा अर्थपूर्ण ढङ्गले, पुऱ्याउनका लागि कक्षाकोठालाई व्यवस्थित

गर्नु हो । शिक्षणसिकाइका लागि विद्यार्थीका क्रियाकलापलाई व्यवस्थित गर्ने र कक्षाकोठालाई शिक्षणसिकाइका लागि अनुकल भौतिक प्रबन्ध गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो ।

### ५.४.२ कक्षाकोठा व्यवस्थापनभित्र पर्ने मुख्य कुराहरू

कक्षाकोठा व्यवस्थापनमा मूलतः निम्न तीन पक्षमा ध्यान दिनुपर्छ :

१. कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्था, कक्षाकोठामा हावा, प्रकाश, बत्ती, विद्यार्थी हिँडडुल गर्ने ठाउँ, शिक्षक घुम्न मिल्ने ठाउँ आदिको संयोजन ।

२. कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग गर्ने र राख्ने ठाउँको व्यवस्थाका साथै विद्यार्थी र शैक्षिक सामग्री बीचको तादात्म्यता ।

३. विद्यार्थीहरूलाई विभिन्न क्रियाकलापमा सहभागी बनाउन समूह निर्माण एवम् विविध क्रियाकलाप गर्ने ठाउँको प्रबन्ध ।

कक्षाकोठा व्यवस्थापन राम्रो भएमा शिक्षक विद्यार्थी र विद्यार्थी विद्यार्थीबीचको सम्बन्ध दरिलो हुन पुग्दछ । यसबाट कक्षामा सहयोगात्मक वातावरण सिर्जना भई प्रभावकारी शिक्षण सिकाइमा सघाउ पुग्दछ । कक्षाकोठाको व्यवस्थापन व्यवस्थित गर्न मुख्य रूपमा शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कक्षाकोठा व्यवस्थापनमा एउटा शिक्षकले धेरै कुराहरूमा ध्यान पुऱ्याउनुपर्दछ । तीमध्ये केही प्रमुख पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क)** **कक्षाकोठाको भौतिक व्यवस्था :** अध्ययन अध्यापनमा कोठाको भौतिक व्यवस्थापनले असर पार्दछ । अध्ययन अध्यापनको वातावरणलाई मर्यादित र व्यवस्थित पार्न कक्षाकोठा भौतिक रूपले व्यवस्थित हुनुपर्दछ, जस्तैः कोठामा पानी नचुहिने, गर्मीको समयमा सोभ्कै सूर्यको प्रकाश नपर्ने, हावापानी आउँदा पढाइलाई असर नपार्ने, भ्याल, ढोका सजिलै लगाउन सकिने चुकुलको व्यवस्था, एउटा कोठाको आवाज अर्को कोठामा नजाने, बाहिरको आवाजले असर नपार्ने तथा बाहिरी वातावरणले कक्षाकोठाभित्र अध्ययन गरिरहेका विद्यार्थीहरूलाई असर नपार्ने जस्ता कुरामा कोठाको व्यवस्थापन मिलाउनुपर्दछ ।

**(ख)** **विद्यार्थी समूह निर्माण र ठाउँको व्यवस्थापन :** परम्परागत अवधारणामा कक्षाकोठा व्यवस्थापनमा विद्यार्थीलाई कडा अनुशासन र नियन्त्रणमा राख्ने गरिन्थ्यो । आधुनिक युगमा कक्षा व्यवस्थापनलाई सिकाइउपलब्धि हासिल गर्ने माध्यमका रूपमा हेरिएको छ । तसर्थ आधुनिक शिक्षण प्रविधिमा शिक्षकले कक्षामा व्याख्यान गर्ने प्रथा हटाई पठनपाठन प्रक्रियामा विद्यार्थीहरूको सहभागिता बढाउनुपर्ने कुरामा जोड दिइएको छ । विद्यार्थीहरूलाई कक्षा क्रियाकलापमा सहभागी बनाउनका लागि विद्यार्थीको समूह निर्माण र त्यसका लागि ठाउँको व्यवस्थापन गर्ने आदि कक्षा व्यवस्थापन गर्दा विचार पुऱ्याउनुपर्ने पहिलो पक्ष हो । यसका लागि शिक्षकले विद्यार्थीहरूलाई स-साना समूहहरूमा. विभाजित गरी प्रत्येक समूहलाई एक खास क्रियाकलापमा संलग्न गराई व्यस्त राख्नुपर्दछ । यस किसिमको समूह विभाजनले कक्षा क्रियाकलापमा विद्यार्थीहरूको सहभागिता बढ्न गई विद्यार्थीहरूमा भएको ज्ञान, सीप तथा अभिवृत्तिको विकास हुनाका साथै विद्यार्थीहरूमा आत्मविश्वास बढ्न गई उनीहरूले नयाँ-नयाँ कुराहरू सिक्दै जाने र विभिन्न सीपहरूको विकास गर्दै जाने अवसर प्राप्त गर्दछन् । यस कार्यले उनीहरूमा अन्तरनिहित प्रतिभाको प्रस्फुटनमा सहयोग पुग्दछ ।

समूह विभाजन गरी सबै विद्यार्थीलाई सक्रिय गराउन सकेमा जान्ने विद्यार्थीबाट नजान्ने विद्यार्थीको आत्मविश्वास बढ्न जान्छ तसर्थ कक्षा व्यवस्थापन गर्दा समूह निर्माण र त्यसका लागि ठाउँको व्यवस्था मिलाउनुपर्दछ ।

(ग) **फर्निचरको व्यवस्था :** अध्ययन अध्यापनमा फर्निचरको महत्वपूर्ण भूमिका हुन्छ । कक्षाकोठाको बसाइले पनि सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ । विद्यार्थीहरूले विद्यालयमा व्यतीत गर्ने अधिकांश समय कक्षाकोठामित्र हुने हुँदा उनीहरूलाई बस्न र लेख्न पर्याप्त र सुविधायुक्त डेक्स तथा बेन्चहरू हुनुपर्दछ । डेक्स तथा बेन्च सबै तहका विद्यार्थीहरूलाई एउटै खालको उपयुक्त नहुन सक्छ यसर्थ कक्षाको आकार तथा विद्यार्थीको उमेर अनुसार ठीक नापका डेक्स, बेन्च बनाउनुपर्दछ । फर्निचर टुटफुट भएमा तुरुन्त मरमत गर्नुपर्दछ ।

(घ) **कक्षाकोठाको सरसफाइ :** सरसफाइले शिक्षणमा प्रभाव पार्दछ । जब कक्षाकोठा फोहोर हुन्छ तब पढाइको वातावरण पनि दूषित हुन जान्छ, त्यसैले कक्षाकोठाभित्र रहेका कागजका टुक्रा, धुलो, कसिंगर बाहिर फ्याक्नपर्दछ, । कक्षाकोठामा फोहोर फाल्ने टोकरी, डालो, टिन वा डस्टविन राख्ने गर्नुपर्दछ । त्यस्तै कक्षाकोठालाई व्यवस्थित गर्न भत्केका ठाउँमा लिपपोत तथा उपयुक्त रङरोगन गर्ने कार्य गरेर कक्षाकोठालाई आकर्षक बनाउनुपर्दछ । त्यस्तै विद्यार्थीले फोहोर वस्तु समातेपछि र सरसफाइ गरेपछि हातमुख तथा शरीरको अंगहरू सफा गर्न ध्यान दिनुपर्दछ ।

(ङ) **कालोपाटी :** चकबोर्ड शिक्षकको साथी हो । विकसित मुलुकमा कालोपाटीको प्रचलन नभए पनि, हाम्रो जस्तो विकासोन्मुख मुलुकका सबै विद्यालयमा कालोपाटीको प्रयोग हुन्छ । कालोपाटीलाई एक सर्वसुलभ र अति उपयोगी शैक्षिक सामग्री मानिन्छ । कालोपाटीलाई सबै विद्यार्थीले देख्ने ठाउँमा व्यवस्थित रूपमा राख्नुपर्छ र यसको आकार र रङ पनि उपयुक्त खालको हुनुपर्दछ । टल्कने र नदेखिने गरी अँध्यारोमा पनि राख्न हुँदैन । कालोपाटीलाई समयसमयमा रङ्गरोगन र मरमत-सम्भार गर्नुपर्दछ । आज कालोपाटीको स्थानमा विभिन्न आधुनिक किसिमका पाटीको प्रयोग गर्न थालिएको छ ।

(च) **शैक्षिक सामग्रीको व्यवस्था :** कक्षा व्यवस्थापनमा शैक्षिक सामग्रीको व्यवस्था पनि पर्दछ । अध्ययन अध्यापन प्रक्रियालाई सरल तथा प्रभावकारी बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । एउटै शैक्षिक सामग्री विभिन्न प्रयोजनका लागि उपयुक्त हुने हुँदा विभिन्न समय र विभिन्न पाठमा प्रयोग गर्न सकिने हुन्छ । यस्ता सामग्रीलाई राम्ररी सुरक्षित र व्यवस्थित रूपमा राख्ने तथा भण्डार गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

(छ) **पाठ्यपुस्तकको सुरक्षा :** पाठ्यपुस्तकको सुरक्षा भन्नाले विद्यार्थीले आफ्नो पाठ्यपुस्तकलाई सुरक्षित तवरले कक्षाकोठाभित्र कसरी राख्न सक्छन् भन्ने कुरा बुझिन्छ । डेस्कमा जथाभावी पुस्तक राख्नाले यसको सुरक्षा हुन सक्दैन । पाठ्यपुस्तक सुरक्षा अन्तर्गत च्यातिने वा बिग्रिने कार्यबाट बचाउनु र हटाउन सुरक्षित गर्ने कार्य पर्दछन् । पाठ्यपुस्तकलाई सुरक्षित गर्न डेस्कमा घर्राको व्यवस्था गर्ने, डेस्क वा बेन्चको तल र्‍याक बनाउने र कक्षाको कुनामा र्‍याक बनाइदिने गर्न सकिन्छ । यसरी कक्षाकोठा व्यवस्थापनभित्र पाठ्यपुस्तकको सुरक्षालाई पनि राखिन्छ ।

(ज) **कक्षा क्रियाकलाप र समूह कार्य गर्ने आवश्यक स्थानको व्यवस्था :** शिक्षकले मात्र व्याख्यान गर्ने शिक्षण विधि हटाई पठनपाठन प्रक्रियामा विद्यार्थीहरूको सहभागिता बढाउनुपर्दा विद्यार्थीहरूलाई स-साना समूहहरूमा विभाजित गरी समूह कार्य गर्ने ठाउँको व्यवस्था कक्षाकोठामा हुनुपर्दछ । त्यस्तै समूह विभाजनबाहेक कक्षा क्रियाकलापमा विद्यार्थी क्रियाकलाप वृद्धि गर्नाले विद्यार्थीको आन्तरिक क्षमतामा अभिवृद्धि भई ज्ञान, सीप र अभिवृद्धिको विकास हुने र उनीहरूको आत्मविश्वास बढ्ने हुनाले कक्षा व्यवस्थापनमा कक्षा क्रियाकलाप र समूह कार्यमा बढी सक्रिय गराउन उचित स्थानको व्यवस्था गर्नु पनि कक्षा व्यवस्थापन अन्तर्गत पर्दछ ।

(झ) **आचारसंहिताको पालना :** अनुशासन शिक्षणको गहना हो । त्यसैले कक्षा व्यवस्थापनभित्र शिक्षक तथा विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता पनि राख्न सकिन्छ । शिक्षकले आफ्ना आचारसंहिता पालना गर्नाले शिक्षकका राम्रा कुराहरू विद्यार्थीले अनुकरण गर्ने र विद्यार्थी पनि अनुशासित हुन्छन् । प्रभावकारी शिक्षणका लागि शिक्षकले विद्यार्थीहरूमा आत्मविश्वासको भावना जगाउन सक्नुपर्दछ । अनुशासनको दायरामा बस्दा मात्र शिक्षणसिकाइ क्रियाकलाप प्रभावकारी हुन्छ । तसर्थ शैक्षिक अनुशासन कायम राख्नु पनि कक्षा व्यवस्थापनको एक कार्य हो । अनुशासन अन्तर्गत कक्षा व्यवस्थापनमा शिक्षक र विद्यार्थीको अनुशासन महत्वपूर्ण हुन्छ । विद्यार्थी र शिक्षकबीच सुसम्बन्ध छैन भने त्यस्तो कक्षाकोठामा चाहेअनुसारको पठनपाठन हुन सक्दैन । तसर्थ कक्षाभित्र अनुशासित र मर्यादित वातावरण कायम गर्न दुवैले आ-आफ्ना आचारसंहिताको पूर्ण रूपमा परिपालना गरेको हुनुपर्छ ।

(ञ) **प्रविधि व्यवस्थापन :** कक्षाकोठा व्यवस्थापनमा बिजुली बत्ती भएको स्थानमा आधुनिक शिक्षण प्रविधिको प्रयोगलाई पनि ध्यान दिनुपर्छ । कम्प्युटर, टिभी, भिडियो, क्यासेट, ओभरहेड प्रोजेक्टर, इमेल आदि सजिलै प्रयोग गर्न सकिने गरी कक्षाकोठा व्यवस्थापन गर्नुपर्छ । यस्ता साधनको प्रयोग बढ्दै गइरहेकाले कक्षाकोठा व्यवस्थापन गर्दा प्रविधिको प्रयोगमा पनि ध्यान दिनुपर्छ ।

समग्रमा भन्नुपर्दा कक्षाकोठा व्यवस्थापनभित्र पर्ने मुख्य कुराहरूलाई निम्नानुसार सूचीकृत गर्न सकिन्छ :

- विद्यार्थी सङ्ख्याको अनुपातमा कक्षाकोठाको आकार
- कक्षाकोठामा प्रकाशको व्यवस्था
- कक्षाकोठामा हावाको प्रवाह
- कक्षाकोठाको तापक्रम
- कक्षाकोठामा अन्यत्रबाट आउने आवाज
- कक्षाकोठामा झ्याल, ढोका र छेस्किनीको व्यवस्था
- कक्षाकोठा अनुसारको फर्निचर सङ्ख्या र त्यसको व्यवस्थापन
- विद्यार्थी बस्ने सिटको व्यवस्था र बसाईंको व्यवस्था

- कालोपाटीको उपयुक्त स्थान
- कक्षाकोठाको सरसफाइ
- कक्षाकोठामा पाठ्यपुस्तकको सुरक्षा व्यवस्था
- कक्षाकोठाको सजावट
- कक्षाकोठाभित्र सन्दर्भ सामग्री र शैक्षिक सामग्रीको व्यवस्था
- कक्षा क्रियाकलाप गर्न आवश्यक स्थानको व्यवस्था
- समूह कार्य गर्न वा समूह विभाजनका लागि आवश्यक स्थानको व्यवस्था

## ५.५ शैक्षणिक सङ्गठन

### ५.५.१ शैक्षणिक सङ्गठनको परिचय

शैक्षणिक व्यवस्थालाई कतिपयले शिक्षण सङ्गठन पनि भन्ने गरेको पाइन्छ । अंग्रेजीको Instructional organization को अर्थ शैक्षणिक सङ्गठन वा शैक्षिक प्रबन्ध वा शैक्षणिक व्यवस्था भन्ने हुन्छ । वास्तवमा विभिन्न शैक्षिक क्रियाकलापका लागि उपलब्ध शिक्षक, कक्षाकोठा, समय आदि कुरालाई विचार गरी कक्षालाई विभिन्न ढाँचा वा तरिका अनुसार व्यवस्थित गर्ने शैक्षणिक प्रक्रियालाई कक्षा सङ्गठन वा व्यवस्था भनिन्छ । यसरी शैक्षणिक सङ्गठन भन्नाले कुनै पनि विषयको अध्यापन कार्य सुचारु रूपले सञ्चालन गर्न विद्यार्थीको स्तर, तह, उमेर, क्षमता आदिका साथै विद्यालयको अवस्था, शिक्षक सङ्ख्या, शिक्षकको योग्यता र स्तर आदिका आधारमा अपनाइने शैक्षणिक व्यवस्था भन्ने बुझिन्छ ।

वास्तवमा शिक्षण भनेको विभिन्न शैक्षणिक उद्देश्य एवम् भौतिक सामग्रीहरूको सहयोगमा शिक्षक, विद्यार्थी र वातावरणबीच हुने अन्तरक्रिया हो । कस्तो शैक्षणिक सङ्गठन रोज्ने वा चयन गर्ने क्रममा निम्न पक्षलाई ध्यान दिनुपर्दछ :

- विद्यार्थीको स्तर, क्षमता र रुचि
- शिक्षक विद्यार्थी सङ्ख्याको अनुपात
- विद्यालयमा सञ्चालित कक्षा सङ्ख्या
- विद्यालयको भौतिक अवस्था र कक्षाकोठा सङ्ख्या
- विषयगत माग र आवश्यकता
- शिक्षकको योग्यता, तालिम र अनुभव
- विषयहरू, घन्टीहरू र पाठ्यभार
- अतिरिक्त क्रियाकलाप

### ५.५.२ शैक्षणिक संगठनको प्रकार

शैक्षिक सङ्गठनलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(क) कक्षा शिक्षण (ख) विषय शिक्षण (ग) बहुकक्षा शिक्षण

**(क) कक्षा शिक्षण**

एउटा कक्षाका सबै विषयहरू एउटै शिक्षकबाट अध्यापन गराइने शिक्षण व्यवस्था कक्षा शिक्षण हो । यस शिक्षण व्यवस्थामा सबै विषयहरू एउटै शिक्षकबाट अध्यापन गरिन्छ । यस किसिमको शिक्षण प्राथमिक तहका निमित्त उपयुक्त मानिन्छ । यस प्रकारको शिक्षण व्यवस्थाले विद्यार्थीहरूमा अपेक्षित सिकाइ उपलब्धिहरू हासिल गर्न मद्दत मिल्दछ । प्रत्येक बालबालिकाको बारेमा शिक्षकले राम्ररी बुझ्न पाउने भएकाले स-साना बालबालिकाहरूका लागि यो शिक्षण व्यवस्था व्यावहारिक एवम् उपयोगी हुन्छ । यस अन्तर्गत शैक्षिक सत्रभरि नै एउटा कक्षाका निमित्त एकैजना शिक्षकबाट सम्पूर्ण विषयहरू दिनभरी अध्यापन गरिन्छ । यस व्यवस्थामा शिक्षकले कक्षाको सम्पूर्ण जिम्मेवारी लिएको हुन्छ । यस किसिमको शिक्षण व्यवस्थाबाट निम्न प्रकारका उपलब्धिहरू प्राप्त हुन्छन् :

१. शिक्षक र विद्यार्थीबीच निकट सम्बन्ध कायम हुन्छ ।

२. विद्यार्थीहरूमा रहेको अन्तरनिहित क्षमताको पहिचान गर्न सजिलो हुन्छ ।

३. विद्यार्थीको प्रतिभा, अभिरुचि, चाहना र आवश्यकता सिकाइ कमजोरी र व्यवहारका बारेमा जानकारी प्राप्त हुन्छ ।

४. शिक्षकले विद्यार्थीको आवश्यकताअनुसार स्नेह, माया र संरक्षण प्रदान गर्न सक्छ ।

५. विद्यार्थीको वैयक्तिक विभिन्नता र क्षमता मूल्याङ्कन गर्न सजिलो हुन्छ ।

६. शिक्षकलाई शिक्षण गर्दा समय तालिकाको बन्देज नभई स्वतन्त्रता हुन्छ र कक्षाकोठा र वातावरणअनुसार शिक्षण गर्न सकिन्छ ।

७. शिक्षणसिकाइमा विद्यार्थीहरूको सक्रिय सहभागिता हुन्छ ।

कक्षा शिक्षण सङ्गठनको उपलब्धि विविध किसिमबाट प्राप्त हुने भए तापनि यसमा कक्षा अनुपातमा शिक्षक सङ्ख्याको व्यवस्था नभएमा, तालिम प्राप्त शिक्षकहरू नभएमा, शिक्षण प्रभावकारी नहुने, विभिन्न शिक्षकहरूसँग घुलमिल भई सिक्ने अवसर प्राप्त नहुने र शिक्षकको अनुपस्थिति भएमा कक्षा अलपत्र पर्ने र विद्यार्थीहरूमा नैराश्य आउनेजस्ता कुराहरू समस्याको रूपमा देखापर्छन् । यसका लागि निम्नानुसार उपायहरू अपनाउन सकिन्छ :

१. साना कक्षाहरूमा कक्षा शिक्षण र अलि माथिल्ला कक्षाहरूमा बहुकक्षा शिक्षणको व्यवस्था गर्ने

२. स्व अध्ययन तथा स्वैच्छिक कार्यमा विद्यार्थीहरूलाई सक्रिय बनाउने परियोजना कार्य दिने

३. सहकार्यकलाप कार्यमा सरिक गराउने ।.

### (ख) विषय शिक्षण

भिन्दाभिन्दै विषय फरक फरक समयमा फरक फरक कक्षामा भिन्दाभिन्दै शिक्षकले अध्यापन गराउने व्यवस्था नै विषय शिक्षण हो । यसमा विषय शिक्षकले आफ्नो दक्षता भएको विषयमात्र अध्यापन गराउँछ । यसमा विभिन्न कक्षाका एउटा विषय कुनै एक शिक्षकले अध्यापन गर्छ । त्यसैले विषय शिक्षण प्राथमिकस्तरमा त्यति प्रभावकारी मानिदैन । किनभने यस किसिमको शिक्षण व्यवस्थामा विभिन्न विषयहरू छुट्टाछुट्टै अध्यापन गरिने हुँदा सिकाइ कार्य एकीकृत रूपमा भएको हुँदैन । स-साना बालबालिकाहरूको सिकाइ अवधारणा समग्र रूपमा मात्र लिन सकिने हुँदा प्राथमिक तहको शिक्षण व्यवस्थामा विषय शिक्षण व्यवस्था त्यति उपयोगी एवम् व्यावहारिक भएको मानिदैन ।

विषय शिक्षण मूलतः उपल्ला तहका कक्षाहरूका लागि उपयोगी मानिन्छ । उपल्ला तहका कक्षाका विषयवस्तु एउटै शिक्षकले शिक्षण गर्न नसकिने हुँदा कक्षा शिक्षण हुँदैन भने विषयवस्तुको जटिलता, कठिनाइस्तर समेतलाई दृष्टिगत गरी व्यावहारिक रूपमा शिक्षण गर्नुपर्ने हुनाले बहुकक्षा शिक्षण गर्न पनि सान्दर्भिक हुँदैन । नेपालको परिप्रेक्ष्यमा दक्ष र सक्षम शिक्षकको परिपूर्ति सहज नहुनाले पनि विषय शिक्षण नै उपयुक्त देखिएको भए पनि हरेक विषयका लागि छुट्टाछुट्टै शिक्षक उपलब्ध गराउन कठिन भएको छ । यस्तो शिक्षणमा प्रत्येक कक्षाका लागि निर्दिष्ट कक्षाकोठा अनिवार्य रूपमा उपलब्ध गराउनुपर्दछ । अध्यापन समयलाई समय तालिकामा विभिन्न पिरियडमा बाँडेर शिक्षण गरिन्छ । नेपालको परिप्रेक्ष्यमा यो ढाँचा व्यापक तथा राष्ट्रिय रूपमा नै प्रयोग गरिएको छ । यसप्रकारको शिक्षाबाट निम्न फाइदाहरू हासिल हुन्छ :

१. विषय शिक्षक बढी दक्ष र योग्य हुन्छ ।

२. शिक्षकमा अध्यापन गर्ने आत्मविश्वास बढी हुन्छ ।

३. एउटै मात्र विषय अध्यापन गराइरहँदा त्यो विषयमा ऊ पोख्त हुन सक्छ ।

३. विद्यार्थीको तह अनुसार शिक्षण हुन्छ ।

४. अध्यापन सामग्री तयारी गर्न समय उपलब्ध हुन्छ ।

५. कुनै एउटा विषयको शिक्षक कमजोर भए पनि अरू विषयमा असर नपर्ने ।

६. हाम्रो जस्तो देशमा व्यावहारिक रूपमा लागू गर्न सकिने ।

७. विषयगत दक्षताको विकास हुने र यसको कारण सिकाइ स्तरीय एवम् सुनिश्चित हुने ।

८. विषयगत दक्षताकै कारण विविध प्रकारका शिक्षण विधिको प्रयोग हुन सक्ने ।

९. शिक्षकलाई आफ्ना विषयमा विकसित भएका नयाँ तरिका, प्रविधि सामग्री र सूचनासँग परिचित हुने मौका प्राप्त हुने ।

१०. शिक्षण योजनाका लागि प्रशस्त समय प्राप्त हुने ।

उपर्युक्तानुसारका फाइदा भए तापनि विषय शिक्षकका केही समस्याहरू पनि छन् । जस्तैः विद्यार्थी मल्याङ्कन गर्न कठिन हुने, समय तालिका निर्माणमा समस्या हुने, विद्यार्थीको चाहनाअनुसारको शिक्षण गर्न सकिने, शिक्षक विद्यार्थी सम्बन्ध सुमधुर हुन नसक्ने,

बालकेन्द्रित शिक्षणको अवधारणाअनुसार शिक्षण गर्न कठिन हुने आदि समस्याहरू यसमा हुन्छन् ।

### (ग) बहुकक्षा शिक्षण

कम शिक्षक सङ्ख्या भएको विद्यालयमा एकैजना शिक्षकले एकभन्दा बढी कक्षामा एकै समयमा पठनपाठन गर्नुपर्ने व्यवस्थालाई बहुकक्षा शिक्षण भनिएको हो । विद्यार्थीहरूको स्तरलाई आधार मानी दुई वा दुईभन्दा बढी कक्षाका विद्यार्थीहरूलाई एउटै कक्षामा राखी पठनपाठन गराउने व्यवस्था बहुकक्षा शिक्षण हो । कक्षाअनुसार शिक्षक नभए र विद्यार्थी सङ्ख्या कम भएको विद्यालयमा यस किसिमको शिक्षण व्यवस्था उपयोगी हुन्छ । कम शिक्षक भएको विद्यालयमा कक्षा सञ्चालनका लागि अपनाइने विधिअन्तर्गत पर्ने भएकाले नेपालका विद्यालयमा यस्तो स्थिति हुँदा यसलाई बढी उपयोगी मानिन्छ । यस शिक्षण व्यवस्था अन्तर्गत एकैजना शिक्षकबाट एकै घन्टीमा एकभन्दा बढी कक्षाहरूमा अध्यापन गरिन्छ । यस शिक्षणमा एकैजना शिक्षकबाट बढी कक्षामा एकैपटक सहभागिता हुने हुँदा प्राथमिक तहका निमित्त यो विधि उपयोगी मानिन्छ । बहुकक्षा शिक्षण गर्ने केही उपायहरू तल उल्लेख गरिएको छ :

१. विभिन्न कक्षाका विद्यार्थीहरूलाई एउटै कक्षाकोठामा राखेर वा छुट्टाछुट्टै कोठामा राखेर एउटै शिक्षकले एकै समयमा पढाउने ।

२. दुई कक्षालाई एकै ठाउँमा सँगसँगै अध्यापन गर्दा एउटालाई व्यक्तिगत वा सामूहिक कार्य दिएर अर्को कक्षामा शिक्षण गरिने ।

३. आवश्यकता अनुसार एउटा कक्षामा पढाउँदा अर्को कोठामा कक्षा मोनिटरको प्रयोग गरिने ।

४. नजान्नेले जान्ने विद्यार्थीबाट र जान्नेले नजान्ने विद्यार्थीबाट सिक्ने अवसर पाउने ।

बहुकक्षा शिक्षणका धेरै फाइदाहरू छन् । उदाहरणका लागि शिक्षकको अभावमा कक्षा खाली हुँदैन । सिकाइ बालकेन्द्रित हुन्छ । विद्यार्थी सक्रिय हुन जान्छ । सहपाठी सम्बन्ध, शिक्षक विद्यार्थी सम्बन्ध सुमधुर हुन्छ । विद्यार्थीमा सिर्जनात्मकताको विकास हुन जान्छ । शिक्षक दरबन्दी कम भएका, कम विद्यार्थी भएका विद्यालयमा कक्षाकोठाको अभाव भएमा यो व्यवस्था प्रभावकारी हुन्छ । यसमा विद्यार्थीको सिकाइको गति हेरेर व्यक्तिगत शिक्षण पनि गर्न सकिने हुन्छ ।

बहुकक्षा शिक्षणका केही बेफाइदाहरू पनि छन् । जस्तैः दक्ष तथा तालिम प्राप्त शिक्षकको अभाव, विद्यार्थीको सिकाइगति पहिचान कठिन, शिक्षकमा बढी कार्यबोझ हुने, शिक्षक अनुपस्थित हुँदा कक्षा नचल्ने समस्या आउने, अदक्ष शिक्षक भएमा शिक्षण कार्य कमजोर हुने आदि समस्या हुन्छन् ।

## अभ्यास

**(क) तलका प्रश्नहरूका अति छोटा उत्तर दिनुहोस् ।**

१. शैक्षणिक उद्देश्यको प्रकारको सूची बनाउनुहोस ?

२. दैनिक पाठयोजनाका अंगहरूको सूची बनाउनुहोस् ?

३. कुन शैक्षणिक संगठनलाई पुरानो संगठन मानिन्छ ?

४. विषय शिक्षणको प्रमुख विशेषता के हो ?

**(ख) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

१. शैक्षणिक उद्देश्य भनेको के हो ? शैक्षिक उद्देश्य कति प्रकारका हुन्छन् ?

२. दैनिक पाठयोजनाका प्रमुख अङ्गहरूको परिचय दिनुहोस् ।

३. पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न शिक्षकमा केकस्ता ज्ञान, सीप हुनुपर्छ ?

४. दैनिक कार्यतालिका भनेको के हो ? यसको निर्माण गर्दा केके कुरामा ध्यान दिनुपर्दछ ?

५. प्रभावकारी कक्षाकोठा व्यवस्थापन भनेको के हो ? उदाहरणसहित स्पष्ट गर्नुहोस् ।

६. कालोपाटीको व्यवस्थापन र यसको आवश्यकता सम्बन्धमा सक्षिप्त चर्चा गर्नुहोस् ।

७. कक्षा शिक्षण र विषय शिक्षणबीच फरक देखाउनुहोस् ।

८. विद्यार्थी र शिक्षक सङ्ख्या कम भएका विद्यालयमा कस्तो शैक्षणिक सङ्गठन उपयुक्त होला ?

**(ग) तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

१. कक्षाकोठा व्यवस्थापनमा शिक्षकले ध्यान पुयाउनुपर्ने पक्षहरूको बयान गर्नुहोस् ।

२. शैक्षणिक सङ्गठन भनेको के हो ? यसका प्रकार र सम्बन्ध देखाउनुहोस् ।

३. बहुकक्षा शिक्षण भनेको के हो ? कस्तो अवस्थामा बहुकक्षा शिक्षण उपयोगी हुन्छ ?

**(घ) प्रयोगात्मक अभ्यास**

१. प्राथमिक तहमा पढाइ हुने कुनै एउटा विषयको पाठमा आधारित नमुना पाठयोजना तयार पार्नुहोस् ।

२. कुनै एक प्राथमिक विद्यालयका निमित्त दैनिक कार्यतालिका तयार पार्नुहोस् ।

३. ५ कक्षासम्म सञ्चालित कुनै प्राथमिक विद्यालयमा तीनजना शिक्षक छन् भने उक्त विद्यालयको दैनिक कार्यतालिका तयार गर्नुहोस् ।

४. तपाइँ अध्यापन गर्ने शैक्षिक संस्थामा पठन पाठन गर्ने शिक्षकहरूले पाठयोजना बनाउने गर्नु भएको छ ? छ भने त्यसबाट हुने फाइदा र बनाउने गरेको छैन भने बनाउनुपर्ने आवश्यकताका बारेमा सुझाव प्रस्तुत गर्नुहोस् ।

एकाइ : ६

# शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्री

## ६.१ प्रविधिको परिचय

दिनदिनै नयाँ नयाँ प्रविधिको विकास भएको कुरा हाम्रो आँखा अगाडि छर्लंगै छ । शिक्षण सिकाइ प्रक्रिया, अनुसन्धान र विकासमा प्रविधिको आधारभूत सिद्धान्तको प्रयोग भएको पाइन्छ । यदि हामी सम्बन्धित साहित्यको पुनरावलोकनमार्फत गयौँ भने प्रविधिको प्रयोग बढ्दो पाइन्छ । जस्तै विज्ञान र प्रविधि, प्रायोगिक मनोविज्ञान, साइको डाइनामिक्स प्रविधि आदि ।

विज्ञान र प्रविधिको विकास तीव्र गतिमा भइरहेको कुरामा कुनै विवाद नै छैन । यसले गर्दा शिक्षाविद्, प्राविधिक तथा वैज्ञानिकहरूलाई मानिसको जीवनस्तरलाई माथि उकास्नका लागि यसको शैक्षिक क्षेत्रमा कसरी प्रयोग गर्न सकिन्छ भनेर सोच्न बाध्य बनाएको पाइन्छ ।

प्रविधिलाई भौतिक जगतको सबैभन्दा पछिल्लो प्रगतिको विन्दु मानिन्छ । प्रविधिलाई विज्ञानको चमत्कार वा उपज वा प्रतिफलको रूपमा पनि लिइन्छ । उदाहरणका लागि शिक्षाको विकासक्रमलाई लिन सकिन्छ । भौतिक विज्ञानले शिक्षा र सञ्चारमा हामीलाई थुप्रैथुप्रै पुराना सामग्रीहरू तथा उपकरणहरू वा सामग्रीहरू प्रदान गरेको छ । यसरी प्रदान गरिएका सबै प्रकरणहरू सबै समयको माग अनुसार विज्ञानद्वारा विकसित भएका प्रविधिहरू हुन् । विज्ञान सधैं आफ्ना नयाँ नयाँ खोज तथा आविष्कारमा अघि बढिरहेको पाइन्छ । फलस्वरूप समय अनुसार नयाँ-नयाँ प्रविधिको विकास पनि निरन्तर रूपमा भइरहेको छ ।

समय बित्दै जाँदा पुरानो ढंगले गरिने शिक्षणले शिक्षाका उद्देश्यहरू प्रभावकारी तवरले पूरा गर्न सकेन । जसका कारण बदलिँदो परिवेशअनुसार व्यक्ति र समाजको आवश्यकता पूरा भएनन् अतः परिवर्तित समयअनुसारको शिक्षाको विकास गर्न सबैले अग्रसरता देखाएको पाइन्छ । जसले गर्दा व्यक्ति र समाजको आवश्यकता पूरा गर्न शिक्षणमा नयाँ-नयाँ प्रविधिको खोजी गर्न थालियो । ती नयाँ प्रविधिहरूको सम्बन्धमा शिक्षकलाई पनि तालिमको आवश्यकता महसुस गरी तालिम दिन थालियो । यसरी शिक्षकले पनि शिक्षण सिकाइ कार्यलाई प्रभावकारी ढङ्ले सम्पादन गर्न सजिलो भएको महसुस भयो ।

वास्तवमा भन्नुपर्दा प्रविधिमा आधारित शिक्षण रणनीतिले कक्षाकोठामा गरिने शिक्षणलाई बढी प्रभावकारी बनाउन सहयोग गर्छ । यसमा विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा सिक्ने अवसर हुने हुनाले शैक्षिक उद्देश्यहरूको सहज रूपमा प्राप्ति हुन्छ र सिकाइ दिगो हुन्छ ।

परम्परागत रूपमा गरिने शिक्षण विधिहरूमा शिक्षक स्वयं भौतिक रूपमा कक्षामा उपस्थित भएर निश्चित विषयवस्तुहरू पठन-पाठन गर्ने गरेका पाइन्छ । जसमा मुख्यतया नैतिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरूलाई बढी महत्व दिएर पठनपाठन गर्ने गरेको पाइन्छ । यस्ता शिक्षण विधिहरू प्रायजसो शिक्षक केन्द्रित हुने गर्दथे । यसको कारण यी विधिहरूमा विद्यार्थीलाई स्वतन्त्रता हुँदैनथ्यो र शिक्षकहरू नै कक्षामा बढी क्रियाशील भएर विषयवस्तु पठन-पाठन गर्ने गर्थे । विद्यार्थीहरू निश्चित नियममा बस्नुपर्ने हुन्थ्यो । डिजिटल साधनहरूको उपलब्धता नहुँदा ज्ञानको प्रचार-प्रसार पनि कम मात्रामा हुन्थ्यो ।

विश्वमा प्रत्येक दिन भइरहेको ज्ञानको विस्फोटन, जनसङ्ख्या र तिनको चाहनाको विस्फोटन, समाजको बढ्दो विकास, विज्ञान र प्रविधिको विकास, अन्य विविध समस्याहरू समाधान गर्न सक्ने प्रचलित परम्परागत शिक्षण पद्धतिमा व्यापक परिवर्तन गर्न सकेमात्र शिक्षामा सामाजिक न्याय, शिक्षामा सार्वजनिकरण, शिक्षामा समान अवसर तथा गुणात्मक शिक्षा प्रदान गर्ने कुरा कक्षाकोठामा हुने गुणात्मक शिक्षणबाट मात्रै सम्भव छ । गुणात्मक शिक्षाका लागि शिक्षणमा प्रविधिको प्रयोग हुनुपर्ने आवश्यकता देखिन्छ । प्रविधिमार्फत नै यी सम्पूर्ण कुराहरू सम्भव हुन्छ ।

## ६.२ आधुनिक शिक्षण प्रविधिहरू

### ६.२.१ आधुनिक शिक्षण प्रविधिको परिचय र महत्व

सामान्य अर्थमा भन्नुपर्दा प्रविधि भन्नाले कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अँगालिने खास विधि वा प्रक्रिया हो । अर्थात् प्रविधि भनेको कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति, सीप, ढङ्ग तथा तरिका भन्ने बुझिन्छ । शिक्षणसिकाइका सन्दर्भमा प्रविधिलाई एक प्रकारको शिल्पकलाका रूपमा लिन सकिन्छ । शिक्षणसिकाइका सन्दर्भमा गरिने व्यावहारिक पद्धति, तरिका र साधनहरूको विकास र प्रयोगलाई शिक्षण प्रविधिका रूपमा लिन सकिन्छ । शिक्षण प्रक्रियामा निर्धारित विषयवस्तु सफलरूपमा सिकाउनका लागि प्रयोग गरिने . नवीनतम साधन तथा तरिकाहरूलाई शिक्षण प्रविधि भनिन्छ । शिक्षण क्रियाकलापमा शिक्षक, विद्यार्थी र विषयवस्तुबीचको त्रिकोणात्मक सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण तत्वका रूपमा रहेको हुनाले सफल शिक्षणको मेरुदण्डका रूपमा शिक्षण प्रविधिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

वास्तवमा शिक्षण एक प्राविधिक कार्य हो । यसलाई विज्ञान र कलाको संयुक्त रूप मानिन्छ । बालबालिकाको अर्न्तनिहित क्षमतालाई प्रष्फुटन गराई व्यावहारिक रूपमा कार्यान्वयन गराउनु शिक्षा हो । यसका लागि शिक्षकले विभिन्न खालका उपायहरू, तरिकाहरू, रणनीतिहरू अपनाई शिक्षण गर्नुपर्छ । शिक्षणमा परम्परागत विधि त्याग्दै विज्ञान र प्रविधिले ल्याएका नयाँ-नयाँ विधि, सिद्धान्त तथा यन्त्र उपकरणहरूको प्रयोग गर्ने कार्य शिक्षण प्रविधि हो । यसरी शिक्षण प्रविधिले शिक्षणसिकाइ प्रक्रियामा विभिन्न सिद्धान्त, प्रविधि, उपकरणहरूलाई वैज्ञानिक तथा प्रयोगात्मक रूपमा उपयोग र प्रयोग गर्ने कुरालाई सङ्केत गर्दछ । बुंदागत रूपमा शिक्षण प्रविधिको महत्वलाई निम्न बँदामा उल्लेख गर्न सकिन्छ :

१. शिक्षणसिकाइ प्रक्रियामा अत्याधुनिक उपकरण, यन्त्र, विधि र पद्धतिको प्रयोग गर्न सघाउने ।

२. शिक्षणसिकाइ प्रक्रियामा कला र विज्ञान दुबैलाई एकै ठाउँमा प्रयोगमा ल्याउन सघाउने ।

३. शिक्षणसिकाइलाई सहज, सरल र सुगम बनाउन सहयोग पुर्‍याउने ।

४. सिकाइमा प्रोत्साहन गर्ने, सिकारुलाई अभिप्रेरित गर्ने र सिकारुलाई सिकाइमा सक्रियतापूर्वक संलग्न गराउने ।

५. शिक्षणसिकाइका क्रममा आउने शैक्षणिक समस्याहरूको समाधानमा सहयोग पुर्‍याउने ।

६.	शिक्षण र सिकाइबीच राम्रो सम्बन्ध स्थापित गर्न शिक्षणसिकाइमा वैज्ञानिक र आधुनिक सिद्धान्त प्रयोगमा ल्याउने ।

यसरी शिक्षण सिकाइको क्रममा प्रविधिमैत्री शिक्षा अवलम्बन गर्न सकिन्छ । विद्यार्थी, शिक्षक तथा संस्थामा भएका विभिन्न प्रविधिलाई प्रयोग गरी शिक्षण गर्न वातावरण र अवसर सृजना गर्नुपर्दछ । आफ्नो वरीपरी भएका विभिन्न सरल र सहज रूपमा प्राप्त हुने प्रविधिलाई प्रयोग गरी शिक्षणलाई प्रविधिमैत्री बनाउनु पर्दछ ।

## ६.२.२ सूचना सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधिको साधनहरूको सहायताबाट शिक्षकले सिकाउने र विद्यार्थीले सिक्ने प्रक्रियालाई सूचना सञ्चार प्रविधि भनिन्छ । यो प्रविधि आधुनिक र वैज्ञानिक मानिन्छ । रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट, टेपरिकर्डर, इमेल, टेलिफोन, फिल्म, कम्प्युटर, पर्चा, चित्र र तस्बिर जस्ता सामग्रीको सहायताबाट विद्यार्थीलाई नै सक्रिय बनाई शिक्षण गर्नु नै यस्तो शिक्षणको मुख्य अवधारणा हो । यसबाट उनीहरूले केवल पाठ्यपुस्तकको. ज्ञानमा मात्र सीमित नरही आफ्नो गाउँ, समाज, राष्ट्र र अन्तरराष्ट्रिय स्तरमा भएका ताजा गतिविधिका साथै विभिन्न अनुभवहरू प्राप्त गर्न सक्छन् । सूचना सञ्चार प्रविधिअन्तर्गत निम्न पक्षहरूलाई लिन सकिन्छ :

(क) पत्रपत्रिका (Newspaper and Magazines)

(ख) कम्प्युटर तथा इन्टरनेट (Computer and Internet)

(ग) फिल्म र टेलिभिजन (Film and Television)

(घ) रेडियो तथा टेपरकेर्डर (Radio and Tape Recorder)

**(क)	पत्रपत्रिका (Newspaper and Magazines)** : राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा घटेका ताजा घटना एवम् अन्य विविध ज्ञानवर्द्धक जानकारीहरू पत्रपत्रिकाबाट प्राप्त गर्न सकिन्छ । शिक्षाप्रद विभिन्न सामग्री, ज्ञानविज्ञानका क्षेत्रमा देखा परेका नयाँनयाँ आयमहरू, गाउँ, समुदाय तथा समाजका विकास कार्य तथा समस्याहरू, खेलकुद, वातावरण लगायतका विभिन्न जानकारीहरू प्राप्तिको मुख्य माध्यम पत्रपत्रिकालाई लिन सकिन्छ । दैनिक, साप्ताहिक, मासिक, विभिन्न रचना प्रकाशन हुने पत्रपत्रिका, विज्ञान र प्रविधि पत्रिका, शिक्षा सम्बन्धी पत्रिकाहरू, नारी, युवा मञ्च, शिक्षक मासिक, बालसाहित्य लगायत धेरै किसिमका पत्रपत्रिकाहरूबाट विभिन्न ज्ञान प्राप्त गर्न सकिन्छ ।

**(ख)	कम्प्युटर तथा इन्टरनेट (Computer and Internet)** : शैक्षिक जगतमा देखा परेको अत्याधुनिक सूचना तथा सञ्चार प्रविधिको रूपमा कम्प्युटर तथा इन्टरनेटलाई लिन सकिन्छ । सूचना प्रविधिको विकासका क्रममा यसले विश्वभरि नै सञ्जालका रूपमा काम गरेको छ । शिक्षा क्षेत्रमा नयाँ आयामको रूपमा यस प्रविधिले भूमिका निभाउन सफल भएको छ । विभिन्न उपयोगी जानकारी तथा सूचनाहरूलाई कम्प्युटरमा भण्डार गरेर Website मा राख्न सकिन्छ । यसरी राखिएका सूचना र जानकारीहरूलाई आवश्यकता अनुसार विद्यार्थी तथा शिक्षकहरूले प्रयोग गर्न सक्छन् । कम्प्युटरको प्रयोग e-mail (विद्युतीय डाँक) का लागि पनि गरिन्छ । e-mail ठेगाना भएका विश्वका कुनै पनि राष्ट्र तथा ठाउँबाट आवश्यक सूचना र शैक्षिक जानकारी प्राप्त गर्न सकिन्छ । त्यसैगरी e-mail मार्फत् आफूसँग भएका सूचना

तथा जानकारी अन्यत्र पनि पठाउन सकिन्छ । सस्तो, छिटो र सहज रूपमा शिक्षा प्राप्त गर्न कम्प्युटर र इन्टरनेटले महत्वपूर्ण सहयोग गर्दछ ।

(ग) **फिल्म र टेलिभिजन (Film and Television)** : अत्याधुनिक विद्युतीय सामग्रीका रूपमा फिल्म र टेलिभिजनलाई पनि लिन सकिन्छ जसका माध्यमबाट विभिन्न ज्ञानवर्द्धक शैक्षिक कार्यक्रमहरू श्रव्यदृश्य माध्यमबाट प्राप्त गर्न सकिन्छ । हाम्रो जस्ता विकासोन्मुख राष्ट्रमा यसलाई पनि दुर्लभ सामग्रीका रूपमा लिइन्छ । सौर्यशक्ति (Solar Power) को प्रयोगबाट पनि टेलिभिजन हेर्न सकिन्छ । जीवनोपयोगी विभिन्न जानकारी, विशेष शैक्षिक कार्यक्रम, सामाजिक समस्या, विविध घटना, कृषि, पशु, विज्ञान, उद्योग, शिक्षा क्षेत्रमा भएका विकासका कुराहरू हेरेर सिक्न पाउने भएकाले यस्ता सामग्रीबाट सिकेको ज्ञान चीर स्थायी हुने गर्दछ ।

(घ) **रेडियो तथा टेपरिकर्डर (Radio and Tape Recorder) -** यसलाई श्रव्य सामग्री (Audio Aids) का रूपमा लिइन्छ । दूरशिक्षण कार्यक्रमअन्तर्गत विभिन्न दार्शनिक, शिक्षाशास्त्री, वैज्ञानिक तथा विचारकहरूका महत्वपूर्ण भनाइहरू प्रसारण गर्न सकिन्छ । कक्षा शिक्षणको क्रममा रेडियोबाट प्रसारण हुने महत्वपूर्ण कार्यक्रमहरू समय मिलाएर कक्षामा सुनाउनका साथै आवश्यक कुराहरू रेकर्ड गरी विभिन्न ज्ञान प्रदान गर्न सकिन्छ । कतिपय अवस्थामा शिक्षकले सामान्य निर्देशन मात्र दिए पनि पुग्ने भएकाले यसलाई विद्यार्थी केन्द्रित विधिका रूपमा प्रयोग गर्न सकिन्छ । यस्ता साधनको प्रयोगले कक्षा शिक्षणलाई सरल, सहज तथा व्यावहारिक बनाउन मद्दत पुग्दछ ।

अहिले वैज्ञानिक युगमा विद्यार्थीहरूलाई कक्षाकोठा रूपी पिंजराको सुगामात्र नबनाई स्वतन्त्र रूपमा संसारका विभिन्न कुराहरू सिक्न पाउने वातावरण सिर्जना गर्न सक्नुपर्छ । यसका लागि सूचना र सञ्चार प्रविधिले ठूलो सहयोग गर्दछ । पाठ्यपुस्तक मात्र ज्ञानको अमूल्य स्रोत सम्झने बानी हटाई विभिन्न नयाँनयाँ विधि तथा प्रविधिहरूलाई कक्षा शिक्षणमा भित्त्याउनका लागि यो प्रविधिलाई महत्वपूर्ण आधारका रूपमा लिन सकिन्छ ।

## ६.३ शिक्षण प्रविधि छनौटमा आधारहरू

शिक्षा क्षेत्रमा अहिले अत्याधुनिक सामग्रीको रूपमा सूचना प्रविधिलाई प्रयोग गर्न थालिएको पाइन्छ । २० औं शताब्दीमा सूचना तथा प्रविधिको विकासले ठूलै फड्को मारेको छ । ज्ञानको क्षेत्रलाई यसले विशाल बनाइदिएको छ । सम्पूर्ण संसारलाई अहिले एउटा खल्तीमा बोक्न सकिने कम्प्युटरभित्र कैद गर्न सक्षम भएको छ । अहिलेको सूचना प्रविधिको विकास वातावरणको एउटा महत्वपूर्ण देन हो ।

सूचना प्रविधिको विकासको सँगसँगै शिक्षकको भूमिका पनि अहिले परिवर्तन भइसकेको छ । पहिले शिक्षकलाई ज्ञानको भण्डार वा ज्ञानको बाहकका रूपमा लिइन्थ्यो भने अहिले आएर शिक्षकलाई एउटा मध्यस्तकर्ताको भूमिका दिइएको छ जसले विद्यार्थीहरूलाई मार्गदर्शन गर्ने काम गर्दछ । अहिले सूचना प्रविधिले विद्यालयहरूमा कक्षा शिक्षणमा समेत प्रवेश पाइसकेको छ ।

अहिले Internet सेवाद्वारा विश्वका विभिन्न ठाउँहरू जडान भइसकेका छन् र विद्यार्थीहरूले विभिन्न ज्ञानका विषय वस्तुहरू Internet बाटै घरमा बसीबसी प्राप्त गर्न सक्ने अवस्था आइसकेको छ ।

शैक्षिक प्रविधि यस्तै प्रकारको हुनुपर्दछ भन्ने त केही छैन तर विषय र पाठको प्रकृतिअनुसार सामग्री हुनुपर्दछ भनेर निधो गर्नु नै शैक्षिक प्रविधिको छनोट भनिन्छ । यी सामग्री छनोट गर्दा निश्चित सर्तहरू पूरा गर्नुपर्दछ, जसमध्ये केही निम्न छन् :

१. शैक्षिक प्रविधि छनोट गर्दा त्यसमा विशिष्ट गुण भए नभएको कुरामा ध्यान पुऱ्याउनुपर्दछ ।

२. विषयवस्तुसँग मेलखाने हुनुपर्छ ।

३. स्थानीय स्रोतहरूबाट प्राप्त गर्न सकिने हुनुपर्दछ ।

४. सरल र विद्यार्थीले चिनेको हुनुपर्दछ ।

५. आवश्यकताअनुसार सुधार र भण्डार गर्न सकिने हुनुपर्दछ ।

६. विद्यार्थीको स्तर सुहाउँदो हुनुपर्दछ ।

७. विद्यालयको आर्थिक अवस्थाले धान्न सक्ने खालको शैक्षिक प्रविधि हुनुपर्दछ ।

८. विद्यार्थी मैत्री प्रविधिको छनौट गर्नुपर्छ ।

## ६.४ शिक्षणसिकाइका समस्या र समाधानका उपायहरू

शिक्षणसिकाइ कार्य अत्यन्त जटिल प्रक्रिया हो, जसमा विभिन्न चुनौती तथा समस्याहरू देखापर्ने गर्दछन् । शिक्षण कला र विज्ञान दुवैको सङ्गम विन्दु भएकाले यी दुवै पक्षको सफल प्रयोग र प्राप्त गर्न हाम्रो परिवेशमा विभिन्न समस्याहरू विद्यमान छन् । शिक्षक विद्यार्थीबीच गरिने दोहोरो सञ्चार प्रणालीमा आधारित उद्देश्य प्राप्तिका दृष्टिले तयार पारिएका विषयवस्तुहरूमा रहेको ज्ञान र सीपलाई सफल तरिकाबाट विद्यार्थीहरूको मस्तिष्कसम्म पुऱ्याउन त्यति सजिलो छैन, किनकि यस क्रममा विभिन्न पक्षहरूले वाधा पुऱ्याइरहेका हुन्छन् । यस्ता समस्यालाई बेलैमा पहिचान गरी समाधान नगर्ने हो भने यसले ठूलो शैक्षिक नोक्सानी पनि हुन सक्छ ।

प्राचीन समयदेखि मानिसले आफूले जानेको कुरा एक अर्कोलाई सिकाउँदै आएको पाइन्छ तर पुरानो शिक्षण र आधुनिक शिक्षणमा धेरै अन्तर छ । आजको वैज्ञानिक युगमा शिक्षणलाई विद्यालयको अँध्यारो कोठा (Black Box) मा मात्र सीमित नगरी प्रत्यक्ष ज्ञान तथा अनुभव प्राप्तिका लागि खुला कक्षा तथा रचनात्मक कार्यकलापहरूको आवश्यकता पर्दछ । यसका साथै विषयवस्तुको उद्देश्य, विषयवस्तुको प्रकृति, सिकारुको स्तर, शिक्षण सामग्रीहरू, शिक्षकको पृष्ठभमि जस्ता विभिन्न कुरालाई पनि ध्यान दिनुपर्ने हुन्छ । कक्षा शिक्षणसँग सम्बन्धित विभिन्न समस्याहरू विकसित तथा अल्पविकसित मुलुकहरूमा फरकफरक हुन सक्छन् । हाम्रो जस्तो अल्पविकसित राष्ट्रमा यस्ता समस्याहरू धेरै हुन सक्छन् भने विकसित राष्ट्रहरूमा केही कम हुन सक्छन् । सामान्यतया शिक्षणसिकाइसँग सम्बन्धित समस्याहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

— सैद्धान्तिक र किताबी ज्ञानमा आधारित पठनपाठन

— उपयुक्त शैक्षिक वातावरणको कमी

— शैक्षिक तथा पाठ्यसामग्रीको अभाव

- शिक्षकहरूमा आपसी सहमतिका आधारमा सहकार्य गर्ने बानी नहुनु
- शिक्षकमा आत्मविश्वासको कमी हुनु
- समावेशी/समाहित शिक्षण प्रक्रिया अवलम्बन नहुनु
- विद्यार्थीहरूलाई सिकाइमा प्रोत्साहित गर्न नसक्नु
- पाठ्यपुस्तक कण्ठ गर्ने प्रवृत्ति रहनु तथा शिक्षकमा विषयवस्तुको ज्ञान कमी हुनु
- शैक्षणिक योजनाको निर्माण र प्रयोग प्रभावकारी नहुनु
- शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा कमी हुन
- विद्यार्थीहरूको उमेरगत व्यवहारबाट आउने समस्याहरू पहिचान गरी तदनुकूलको शैक्षणिक व्यवहार गर्न नसकिनु
- शिक्षक आफ्नो पेसाप्रति उत्तरदायी र जिम्मेवार नहुनु
- विद्यार्थी स्वयममा पढाइप्रति अभिरुचि नहुनु
- शिक्षकमा कक्षा व्यवस्थापनं सीप नहुनु
- अभिभावकबाट शिक्षणसिकाइ क्रियाकलापमा सक्रिय सहयोग प्रदान गर्न नसक्नु
- विभिन्न रुचि, क्षमता, स्तर, योग्यता एवम् पृष्ठभूमिका विद्यार्थी एउटै कक्षाकोठामा हुनु
- अवैज्ञानिक मूल्याङ्कन र परीक्षा प्रणाली सञ्चालनमा रहनु
- परीक्षालाई मात्र मूल्याङ्कनका साधनका रूपमा लिइनु
- प्रभावकारी अनुगमन र सुपरिवेक्षणको अभाव हुनु

### ६.४.२ शिक्षण सिकाइका समस्या समाधानका उपायहरू

माथि उल्लिखित समस्याहरूले गर्दा शिक्षणसिकाइ कार्य प्रभावकारी बन्न सकेको छैन । यस्ता समस्याहरूलाई बेलैमा पहिचान गरी तिनको उचित समाधानको बाटो अवलम्बन गर्न सक्नुपर्दछ । शिक्षणसिकाइमा देखिएका समस्या समाधान गर्ने उपायहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- शिक्षकले आफूले पढाउने विषयवस्तुको पूर्ण ज्ञान राख्नुपर्दछ ।
- शिक्षकले आफूलाई सधैं अद्यावधिक गर्नुपर्छ ।
- आवश्यक शैक्षणिक योजनाहरूको निर्माण र प्रयोग गर्नुपर्दछ ।
- दैनिक पाठयोजनाको तयारी र सोहीअनुसार शिक्षण गर्नुपर्दछ ।

- उपयोगी सरल, स्थानीय तथा उद्देश्मूलक शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्दछ ।
- शिक्षकमा शिक्षणविधिको ज्ञान तथा उपयुक्त क्रियाकलापको सीप हुनुपर्दछ ।
- उमेरगत रूपमा हुने विद्यार्थीहरूका व्यवहार पहिचान गरी उनीहरूलाई सिकाइप्रति उत्प्रेरित गर्नुपर्दछ ।
- शिक्षकहरूमा आपसी मित्रभाव र सहयोगात्मक एवम् सहकार्यात्मक व्यवहार हुनुपर्दछ ।
- शिक्षक र विद्यार्थी दुवैमा संवेगको नियन्त्रण हुनुपर्दछ ।
- शिक्षकमा पेसागत जिम्मेवारी वहन गर्ने किसिमको गुण र पेसाप्रति प्रतिवद्धता हुनुपर्छ ।
- विद्यार्थीहरूलाई विषयवस्तुप्रति अभिरुचि जाग्रित गर्न आवश्यक प्रेरणा प्रदान गर्नुपर्दछ ।
- प्रजातान्त्रिक शिक्षण पद्धति अँगाली विद्यार्थीहरूलाई स्वतस्स्फूर्त रूपमा सिक्न सक्ने वातावरण तयार गर्नुपर्दछ ।
- उपयुक्त किसिमले कक्षाकोठा व्यवस्थापन गर्नुपर्दछ ।
- समाहित र समावेशी कक्षा व्यवस्थापन गर्नुपर्दछ ।
- पाठ्यक्रम र पाठ्यपुस्तकको सिर्जनात्मक प्रयोग गर्नुपर्छ ।
- शिक्षकले शिक्षण पेसाप्रति सकारात्मक दृष्टिकोण राख्नुपर्छ ।
- नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था मिलाउनुपर्छ ।
- परीक्षाबाहेकका मूल्याङ्कनका अन्य साधनको समेत प्रयोग गर्नुपर्छ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग गर्नुपर्छ ।

माथिका उपायहरू उचित रूपमा अवलम्बन गर्न सकेको खण्डमा शिक्षणसिकाइमा देखिने समस्याहरूलाई समाधान गर्न महत्वपूर्ण सहयोग पुग्न सक्दछ । कतिपय समस्या यस्ता हुन्छन् जसको समाधानका लागि राष्ट्रिय स्तरबाट नै प्रयास गरिनुपर्ने हुन्छ भने कतिपय समस्या समाधान गर्नका लागि शिक्षक तथा विद्यालय व्यवस्थापन पक्ष र विद्यार्थी समेतको सहकार्यबाट नै समस्या समाधान गर्न सकिन्छ ।

## ६.५ शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोग

### ६.५.१ शैक्षिक सामग्रीको छनोट

शैक्षिक क्रियाकलापलाई उद्देश्यमुखी, लाभदायी तथा सफल बनाउनका लागि शैक्षिक सामग्रीको प्रयोग गरिन्छ । वर्तमान अवस्थामा विद्यार्थीहरूलाई लिखित प्रक्रिया र मौखिक सञ्चारभन्दा जीवनमुखी तथा व्यावहारिक शिक्षणको खाँचो छ । यसका लागि शैक्षिक सामग्री महत्वपूर्ण आधार बन्न सक्दछ । विभिन्न शिक्षाविद्‌हरूको अनुसन्धानात्मक निष्कर्ष अनुसार - “सुनेको कुरा बिर्सन सकिन्छ, देखेको कुरा धेरै सम्झन सकिन्छ अनि आफैले गरेको कुरा

मस्तिष्कमा चीरस्थायी रूपमा रहिरहन्छन् ।" शैक्षिक सामग्रीको सहायताबाट विद्यार्थीहरूलाई गरेर सिक्ने अवसर प्राप्त हुने भएकोले व्यवहारिक तथा जीवनमुखी शिक्षणका लागि शैक्षिक सामग्रीको प्रयोग अनिवार्य मानिन्छ ।

प्रसिद्ध शिक्षाविद् कोबुन (Cobun) को विचार अनुसार मानिसले कुनै पनि कुरा यथार्थ रूपमा देखेर ८३% सिक्न सक्छ भने सुनेर केवल ११% मात्र सिक्न सक्छ । विद्यार्थीहरूलाई देखेर सिक्नका लागि शैक्षिक सामग्रीको प्रयोग अनिवार्य मानिन्छ । कोबुनले आफ्नो अध्ययनबाट कुनै पनि कुरा आफैले प्रयोग गरेर सिक्दा ९०% सिक्न सक्छ भने सुनेर २०% मात्र सिक्न सक्छ भन्ने कुरा पनि सन् १९६८ तिर पत्ता लगाइसकेका थिए । यी दुवै कुराका आधारमा पनि शैक्षिक सामग्रीको प्रयोग शिक्षणसिकाइका लागि अपरिहार्य मान्न सकिन्छ । शिक्षण सामग्रीको प्रयोग नहुँदा शिक्षण केवल कोरा मात्र हुन पुग्दछ । यी विविध कारणहरूले गर्दा शिक्षणसिकाइ प्रक्रियामा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य हुन्छ । शैक्षिक सामग्री प्रयोग गर्ने नाममा असान्दर्भिक विषयवस्तु र सन्दर्भसँग मेल नखाने, विद्यार्थीको रुचि र क्षमता अनुकल भएन भने त्यसको प्रयोगको औचित्य रहँदैन । तसर्थ शैक्षिक सामग्री छनोट गर्दा निम्न कुराहरूलाई ध्यान दिनुपर्छ :

१. सामग्री उद्देश्यमूलक, अर्थपूर्ण र प्रयोग गर्न सकिने हुनुपर्छ ।

२. सामान्य तर आकर्षक, सस्ता तर टिकाउ सामग्री हुनुपर्छ ।

३. विद्यार्थीको रुचि, स्तर अनुकूल र अभिप्रेरित गर्न सक्ने हुनुपर्छ ।

४. पूर्ण, सही आकृति र रङ भएका हनुपर्छ ।

५. सिकाइलाई उत्प्रेरित गर्ने खालको हुनुपर्छ ।

६. कम खर्चिलो हुनुपर्छ ।

७. शिक्षक र विद्यार्थी दुबैले बनाउन सक्ने एवम् प्रयोग गर्न सक्ने हुनुपर्छ ।

८. विषय र पाठ अनुकूल हुनुपर्छ ।

**शिक्षण सामग्री छनोट तथा प्रयोगका सिद्धान्तहरू**

प्रसिद्ध शिक्षाविद् ग्राउट (Grout) का विचारअनुसार शिक्षण सामग्री छनोट तथा प्रयोगका सिद्धान्तहरू निम्न छन् :

१. सामग्री शैक्षिक साधनका रूपमा मात्र प्रयोग हुनुपर्दछ ।

२. शिक्षणसिकाइको उद्देश्यद्वारा सामग्रीको छनोट र प्रयोग निर्देशित हुनुपर्दछ ।

३. सामग्री प्रयोग गर्ने समूहलाई सुहाउँदो हुनुपर्दछ ।

४. वैज्ञानिक रूपले विषयवस्तुअनुसार ठीक हुनुपर्दछ ।

५. शैक्षिक सामग्रीहरू आकर्षक हुनुपर्दछ ।

यसरी शैक्षिक सामग्री छनोट गर्दा विद्यार्थीको रुचि, आवश्यकता, विषयवस्तुको सन्दर्भ, उपलब्ध समय, कक्षाकोठाको अवस्था आदिलाई ध्यान दिएर छनोट गर्न आवश्यक हुन्छ ।

### ६.५.२ शैक्षिक सामग्रीको निर्माण र प्रयोग

विषयवस्तुको प्रकृति तथा स्वरूपअनुसार शैक्षिक सामग्रीको छनोट गरिसके पछि त्यस्ता सामग्रीहरू शिक्षक विद्यार्थी दुबै मिलेर आवश्यकताअनुसार प्रयोग योग्य बनाउनुपर्छ । सबै सामग्री एकै किसिमका हुँदैनन् । केही सामग्री मुद्रित किसिमका हुन्छन् कुनै श्रव्य-दृश्य हुन्छन् । कुनै सामग्री प्रयोग गर्न कठिन हुने खालका. पनि हुन सक्छन् । त्यस्ता सामग्री बाहेक केही सामग्री शिक्षक र विद्यार्थीको अलिकति मिहिनेत र सीपको प्रयोगबाट पनि निर्माण गर्न सकिन्छ ।

**शिक्षण सामग्री प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू**

१. विद्यार्थीहरूको स्तरअनुसार हुनुपर्छ ।

२. सस्ता, सरल र सकेसम्म स्थानीय रूपमा उपलब्ध हुन सक्ने स्रोतबाट विद्यार्थी आफैले पनि निर्माण गर्नुपर्छ ।

३. सङ्कलन गर्न सक्ने खालको हुनुपर्दछ ।

३. सही आकृति र रङ भएका, एकठाउँबाट अर्कोठाउँमा लैजान सकिने हुनुपर्दछ ।

४. सामग्रीहरू उद्देश्यमूलक र सबै विद्यार्थीले देख्न, सुन्न र  चलाउन पाउने गरी उचित स्थानमा राखिनुपर्दछ ।

५. सबै विद्यार्थीको पहुँच पुग्ने गरी प्रयोग गर्नुपर्छ ।

नमुनाका रूपमा सबै विषयमा प्रयोग गर्न सकिने केही शैक्षिक सामग्रीको निर्माण र प्रयोगका बारेमा तल उल्लेख गरिएको छ :

**(क)** **चकपाटी (Chalk board) :** जुनसुकै स्तरका विद्यालयमा पनि प्रयोग गरिने पुरानो र लोकप्रिय सामग्रीका रूपमा चकपाटीलाई लिइन्छ । वर्तमान सन्दर्भमा यसलाई पुरानो सामग्रीका रूपमा लिइए तापनि यसको महत्व घटिसकेको छैन । पाठशीर्षक, निष्कर्ष, जटिल उक्ति, विभिन्न बुँदाहरू, तथ्य, प्रक्रिया, चित्रहरू कोर्न, तालिका तथा नक्सा कोर्नका लागि तथा गृहकार्य दिन यसको प्रयोग गरिन्छ ।

सामान्यतया चकपाटी कालो रङको हुन्छन् र आजभोलि पहेंला, हरिया, सेता रङका चकपाटी पनि प्रयोगमा ल्याउन थालिएको छ । सिमेन्टबोर्ड, प्लाइबोर्ड, काठको फल्याकबाट बनेको पाटी, कपडाबाट बनेको बेर्न मिल्ने (Roller) पाटी, ग्रार्फीक पाटी, चुम्बके पाटी गरी विभिन्न किसिमका पाटीहरू प्रयोग गरिन्छ ।

**चक्रपाटी बनाउने तरिका**

कक्षाकोठाको क्षेत्रफल र विद्यार्थी सङ्ख्याका आधारमा सिमेन्ट चकपाटी वा काठको चकपाटी निम्नानुसार बनाउन सकिन्छ :

१. काठको चकपाटी बनाउँदा चारैतिर बलियो काठको फ्रेम बनाउनुपर्छ ।

२. उक्त फ्रेममा दह्रो प्लाइउड राखेर त्यसमा कालो वा हरियो रङ लगाउनु पर्दछ ।

३. रङ लगाउँदा डस्टरले अक्षर सजिलै पुछिने तर रङ नपुछिने गरी लगाउनुपर्दछ ।

४. काँटी वा कीलाहरू राम्रोसँग ठोकिएको तर बाहिर ननिस्किएको हुनुपर्दछ ।

५. भुइँदेखि सामान्यतया २८ इन्च माथि राखिनुपर्छ ।

६. भित्तामा झुन्ड्याउने वा नचल्ने गरी राख्न मिल्ने व्यवस्था मिलाउनुपर्दछ

**चकपाटीको प्रयोग**

चकपाटीको प्रयोग निम्नअनुसार गर्न सकिन्छ :

१. पाठ शीर्षक लेखी विद्यार्थीको ध्यान केन्द्रित गराउन ।

२. मुख्यमुख्य बुंदा टिपोट तथा विभिन्न चित्रहरू कोरी विद्यार्थीको ध्यान आकर्षण गर्न ।

३. पाठको अन्त्यमा सारांश लेख्न ।

४. महत्वपूर्ण पाठहरू लेख्न, दोहोऱ्याउन, अभ्यास गराउन, गृहकार्य दिन, तथ्याङ्कहरू प्रस्तुत गर्न ।

५. आन्तरिक मूल्याङ्कनका प्रश्नहरू लेखी विद्यार्थीलाई अभ्यास गराउन ।

**चक्रपाटी प्रयोग गर्दा निम्न कुरालाई पनि ख्याल गर्नुपर्छ :**

१. कालोपाटीमा लेख्दा विद्यार्थीलाई नछेकिने गरी छड्के परेर लेख्नुपर्दछ । वेलावेलामा विद्यार्थीलाई लेख्ने अभ्यास गराउनुपर्छ

२. चकपाटीमा लेख्दा विद्यार्थीको ध्यानाकर्षण गराउनुपर्छ ।

३. अक्षर शुद्ध, स्पष्ट र आकर्षक हुने गरी लेख्नुपर्दछ ।

४. आफूले लेखेको कुरा विद्यार्थीलाई सोधेर मात्र मेट्नुपर्दछ ।

५. कक्षा छोड्नु अगाडि पाटी मेट्नुपर्दछ ।

**(ख) फलाटिन पाटी (Flannel board) :** बाक्लो भुवादार फलाटिन कपडाबाट झुन्ड्याउन मिल्ने गरी बनाइएको पाटीलाई फलाटिन पाटी भनिन्छ । यस्तो पाटीमा शिक्षण गरिने विषयवस्तुहरूसँग मिल्ने विभिन्न चित्र, कटिङ, पोस्टर, तस्बिर, तालिका आदि टाँसेर विषयवस्तुलाई स्पष्ट पारिन्छ ।

**निर्माण गरिने तरिका**

१. सामान्यतया ३ × ४ फुटको नापमा फलाटिन कपडा काट्ने ।

२. कपडाको नापअनुसार काठ, निगालो वा बाँसको फ्रेम बनाउने ।

३. कपडाको दुवै छेउमा गोलो काठ मिल्ने गरी इजार घर बनाएर भित्तामा झुन्ड्याउने ।

४. काठ छिराएको ठाउँमा मसिना किला ठोकेर वा फेबिकोलले टाँसेर बलियो बनाउने ।

५. फलाटिन कपडालाई राम्ररी तन्काएर त्यही आकारको कार्डबोर्ड कागज वा बाक्लो कागजमा टाँसेर कालोपाटी जस्तै गरी कक्षामा राख्ने ।

६. यसको साइज सामान्यतया ३ × ४ फिट भए तापनि आवश्यकता अनुसार ठूलो वा सानो बनाउन सकिने ।

**प्रयोग गर्ने तरिका**

१. विषयवस्तु अनुसार आवश्यक चित्र तथा तथ्याङ्कहरू प्रदर्शन गर्न फलाटिन पाटीको प्रयोग गर्न सकिने ।

२. सजिलैसँग निर्माण गर्न नसकिने चित्रहरू शिक्षण अगाडि नै निर्माण गरेर वा खोजेर टाँस्न सकिने ।

३. रङ्गीन तयारी सामग्रीहरू टाँसेर देखाउन सकिने ।

४. पत्रपत्रिकाका कटिङ्गहरू पनि प्रदर्शन गर्न सकिने ।

५. सामग्रीहरू क्रमिक रूपमा प्रदर्शन गर्न सकिने ।

**(ग) पर्चा (Poster) :**

२० × ३० इन्च बाक्लो कागजमा ठीक किसिमले सूचना वा सूची वा आवश्यक अन्य विषयवस्तु लेखेर तयार गरेको भित्तामा टाँसेर प्रदर्शन गर्न मिल्ने दृश्यसामग्रीलाई पर्चा (Poster) भनिन्छ । कक्षामा विद्यार्थीहरूलाई उत्प्रेरित बनाउन, छलफलका लागि आवश्यक वातावरण तयार पार्न, सिर्जनात्मक अनुभवहरू आदानप्रदान गर्न तथा विचारको सञ्चारका लागि यस्तो पर्चा उपयोग गरिन्छ ।

**निर्माण गर्ने तरिका**

ड्इङ पेपरलाई २० देखि २४ इन्च चौडा र ३० देखि ३६ इन्च लम्बाइको नापमा कैंचीले सोझो गरी काटने । विभिन्न आकर्षक रङका. साइनपेन तथा मार्करपेनले आवश्यक परे चित्रसहित मुख्य सूचना वा सन्देश ठूलो अक्षरमा लेख्ने ।

**कक्षामा प्रयोग गर्ने तरिका**

विषयवस्तुसँग मिल्नेगरी निर्माण गरिएका पर्चालाई सबै विद्यार्थीले देख्नेगरी सेलोटेप वा थम्पिनका सहायताले सिधा पारेर टाँस्ने । टाँसिएको पर्चालाई विद्यार्थीहरूलाई पढ्न समय दिने । आवश्यकता अनुसार शिक्षकले व्याख्या तथा छलफल गरी निष्कर्ष निकाल्ने ।

**(घ) प्रदर्शन पाटी (Display board) :** विद्यार्थीले गरेका महत्वपूर्ण कार्य विवरण, चित्रहरू, विभिन्न सूचनाहरू, पत्रपत्रिकाका महत्वपूर्ण अंशहरू राखेर प्रदर्शन गरिने पाटीलाई प्रदर्शन पाटी भनिन्छ । यस पाटीको सहायताबाट विद्यार्थीहरूलाई ताजा जानकारी प्रदान गर्न सकिन्छ ।

**निर्माण गर्ने तरिका**

प्रदर्शन पाटी निश्चित यही आकारको भन्ने नभए तापनि साधारणतया ५ × ३.५ फिट आकारको काठको फ्रेममा प्लाइउड जोडेर निर्माण गरिन्छ । यसरी निर्माण गरिएको प्रदर्शन पाटीमा जाली खापा राखेर ताल्चा लगाउने व्यवस्था गरिन्छ । यो पाटीको निर्माण कडा कागज, टिन, प्लास्टिक आदिबाट पनि गर्न सकिन्छ ।

**प्रयोग**

१. विद्यालयका महत्वपूर्ण सूचनाहरू विद्यार्थी, अभिभावक, शिक्षक सबैलाई जानकारी दिन ।

२. विद्यार्थीहरूले गरेका महत्वपूर्ण कार्यहरू प्रदर्शन गर्ने ।

३. चित्रहरू तथा पत्रपत्रिका प्रदर्शन गर्ने ।

४. भूगोल, विज्ञान, साहित्य, इतिहास आदि विषयका नौला जानकारी प्रदर्शन गर्ने ।

५. विद्यार्थीहरूलाई प्रेरणा तथा हौसला प्रदान गर्ने ।

**प्रदर्शन पाटी प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू**

१. सबै विद्यार्थीले देख्न सक्ने ठाउँमा राख्नुपर्छ ।

२. पानीले नभिज्ने र सुरक्षित स्थानमा राख्नुपर्छ ।

३. आवश्यक, महत्वपूर्ण र ज्ञानवर्द्धक कुराहरू मात्र प्रदर्शन गर्नुपर्दछ ।

४. सामग्रीहरू सिलसिलावद्ध रूपमा राख्नुपर्दछ ।

५. लामो समयसम्म एउटै सामग्री राखिरहनु हुँदैन ।

**(ङ) तालिका (Chart) :** विभिन्न विषयको विवरण, सङ्ख्या, प्रगतिको तुलनात्मक सम्बन्ध देखाउने तथ्याङ्क आदिलाई निश्चित नियमका आधारमा देखाउने साधनलाई तालिका भनिन्छ । कुनै पनि कुराको तुलनात्मक अध्ययनका लागि यस किसिमका तालिकाहरू बढी उपयोगी हुने गर्दछन् ।

कक्षाकोठामा जतिवेला चाहियो त्यतिवेला तालिकाको निर्माण गर्न कठिन हुने भएकाले सकेसम्म शिक्षकले घरमै बनाएर ल्याउनुपर्छ । विषयवस्तु अनुसार स-साना तालिकाहरू कालोपाटीमा निर्माण गरेर पनि देखाउन सकिन्छ । वृक्ष तालिका, सङ्ठनात्मक तालिका, वर्गीकरण तालिका आदि यसका उदाहरण हुन् ।

**तालिका प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू**

१. सकेसम्म तालिकाको निर्माण शिक्षकले घरमा नै गर्नुपर्छ अनि मात्र कक्षामा प्रदर्शन गर्नुपर्दछ ।

२. तालिकाका लागि उपयुक्त विषयवस्तु छनोट गर्नुपर्छ ।

३. तालिका स्पष्ट, बुझिने र सबै विद्यार्थीले देख्न सक्ने हुनुपर्दछ ।

४. तालिका सान्दर्भिक, सरल र उपयोगी हुनुपर्दछ ।

**(च) ग्राफ (Graph) :** विभिन्न विषयवस्तुहरूलाई तुलनात्मक, विवरणात्मक, सङ्ख्यात्मक, विकासात्मक र अन्य विविध रूपमा निश्चित नियमका आधारमा देखाउनुलाई ग्राफ भनिन्छ । वास्तवमा ग्राफभन्दा ग्राफ कागज (Graph Paper) भन्ने बुझिन्छ, जुन कागजमा विभिन्न विवरणहरू भर्न सकिन्छ । ग्राफलाई महत्वपूर्ण शैक्षिक सामग्री मानिन्छ । गहन विषयवस्तुलाई छोटो समयमा स्पष्ट रूपमा देखाई प्रभावकारी शिक्षण गर्न यसलाई बढी उपयोगी मानिन्छ । विज्ञान, गणित, शिक्षा, भूगोल, अर्थशास्त्रजस्ता विषयको शिक्षणमा यसको प्रयोग ज्यादै उपयोगी मानिन्छ ।

**ग्राफको निर्माण**

ग्राफबाट कुनै पनि तथ्याङ्क तथा विवरणहरू देखाउँदा निर्दिष्ट नियमहरूको पालना गर्नुपर्दछ । ग्राफका कोठाहरूको कति मान्यता दिने भन्ने कुरा राम्ररी निर्देशन दिनुपर्दछ । विभिन्न विषयलाई विभिन्न तरिकाबाट ग्राफमा देखाउन सकिन्छ । ग्राफ Line graph, Bar graph र Pie graph गरी विभिन्न किसिमबाट तयार पार्न सकिन्छ ।

**ग्राफको निर्माण र प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू**

१. कुन विषयमा ग्राफ तयार गर्ने हो त्यसको निधो गर्नुपर्छ ।

२. ग्राफमा विवरण, प्रतिशत, विकास के देखाउन खोजेको हो स्पष्ट निर्देशन दिनुपर्छ ।

३. स्केल र संकेतको स्पष्टता हुनुपर्दछ ।

४. सिसाकलम, ग्राफपेपर, स्केल तथा रङको राम्रो छनोट गर्नुपर्दछ ।

५. ग्राफ सफा र स्पष्ट हुनुपर्दछ ।

६. देखाउन खोजेका कुराहरू स्पष्ट र बुझिने हुनुपर्दछ ।

७. प्रयोग गरिएका सङ्केतहरू स्पष्ट र मिल्दो हुनुपर्छ ।

**(छ) नमुना र प्रारूप (Model/Specimen) :** शिक्षाविद् रिचार्ड (Richard) का अनुसार - नमुना भनेको वास्तविक वस्तुको त्रिआयामिक प्रतिरूप हो । वास्तविक वस्तु उपलब्ध नभएको अवस्थामा त्यसको सट्टा सानो वा ठूलो नमुना सामग्रीका रूपमा प्रयोग गर्नसकिन्छ । शिक्षणको क्रममा कतिपय यस्तो अवस्था आउँछ, जसमा शिक्षकले ठोस वस्तुको प्रयोग गर्न सक्दैन । जस्तैः सगरमाथा, रेलगाडी, पृथ्वी, मठमन्दिर, गुम्बा, मूर्ति, हवाइजहाज आदि थुप्रै वस्तुहरू यथार्थ रूपमा देखाउन सकिँदैन जसका लागि नमुना प्रयोग गर्नु नितान्त आवश्यक हुन जान्छ ।

**नमुनाको निर्माण र प्रयोग**

१. नमुना बनाउँदा कागज, रङ, माटो, बालुवा, फलफूलको आदीको प्रयोग गर्नुपर्दछ ।

२. कक्षामा सजिलैसँग लैजान, देखाउन सकिने भरपर्दो र आकर्षक हुनुपर्दछ । विद्यार्थीहरूलाई पनि उचित निर्देशन दिएर नमुना निर्माण गर्न लगाउन सकिन्छ ।

३. अमूर्त वस्तुलाई मूर्त रूप दिन यसको प्रयोग गरिन्छ ।

४. विद्यार्थीहरूमा हस्तकलाको विकास हुने भएकाले पनि यस्ता सामग्रीको निर्माण र प्रयोगको महत्त्व बढी हुन्छ ।

५. वास्तविक वस्तुहरूको प्रतिनिधित्व हुनेगरी निर्माण र प्रयोग गर्नुपर्छ ।

## ६.६ स्थानीय शैक्षिक सामग्रीको प्रयोग

शैक्षिक सामग्रीको खास उद्देश्य कठिन विषयवस्तुलाई सरल ढङ्गले बुझ्न सहयोग गर्नु हो । जब सामग्री आफै जटिल बन्छ भने त्यसले सिकाइमा सहयोग गर्ने कुरै आउँदैन । शैक्षिक सामग्री विद्यार्थीको दैनिक जिवनमा प्रयोग भएका र परिचित हुन आवश्यक हुन्छ यसका लागि स्थानीय सामग्रीले ठूलो सहयोग गर्दछ । विद्यालय रहेको गाउँ तथा समुदायमा पाइने

विभिन्न स्रोत र साधन परिचालन गरी निर्माण गरिएका सामग्रीहरूलाई स्थानीय सामग्री भनिन्छ । हाम्रो जस्तो साधन र स्रोत कमी भएको राष्ट्रमा यस किसिमका सामग्रीको निर्माण र प्रयोग अत्यन्त आवश्यक तथा महत्वपूर्ण मानिन्छ । महँगा तथा बढी मूल्य पर्ने सामग्रीहरू सबै स्तरका विद्यालयहरूले किनेर प्रयोग गर्न कठिन पर्ने भएकाले शिक्षक आफैले स्थानीय स्रोत र साधनको प्रयोग गरेर निर्माण गर्न सक्ने भएकाले पनि यस किसिमका सामग्रीहरूको बढी महत्व भएको हो । यस्ता सामग्रीहरूलाई खासै मूल्य नपर्ने भएकाले मूल्य नपर्ने सामग्री (No cost material) का रूपमा पनि लिने गरिन्छ । स्थानीय सामग्रीको निर्माण तथा प्रयोग गर्दा विद्यार्थीको विविध क्षमता, दैनिक व्यवहारमा उपयोग हुन सक्ने, स्थानीय मौलिकता झल्काउने जस्ता कुरामा ध्यान दिनुपर्दछ ।

काठ, ढुङ्गा, बाँस, माटो, बालुवा, रुखका पात, सिन्का, काम नलाग्ने वस्तु तथा कागजलगायत विभिन्न सम्भव भएसम्मका स्थानीय वस्तुहरूको सहायताबाट सामग्रीको निर्माण गरी कक्षाशिक्षणलाई सरलीकृत गरिन्छ । कम मूल्य पर्ने खालका सामग्रीलाई पनि बजारबाट किनेर स्थानीय स्तरमा शिक्षक विद्यार्थी र संयुक्त पहलबाट सामग्री निर्माण गर्न सकिन्छ । यस्ता सामग्रीको निर्माण तथा प्रयोगमा शिक्षक र विद्यार्थी दुवै पक्ष सक्रिय हुन जान्छ । यसबाट शिक्षण सामग्रीको प्रयोगमा सरलता र सहजता प्राप्त हुन जान्छ ।

**स्थानीय सामग्रीको महत्व**

१. शैक्षिक संस्थाहरूलाई आर्थिक भार पर्दैन ।

२. स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीको सदुपयोग हुन्छ ।

३. स्थानीय जीवनसँग सम्बद्ध हुने गरी शिक्षण गर्न सघाउ पुग्छ ।

४. स्थानीय श्रम र सीपलाई व्यवहारमा उपयोग गर्न सकिन्छ ।

५. शिक्षक र विद्यार्थी दुवैमा खोजी गर्ने बानिको विकास हुन्छ ।

६. सिर्जनात्मक क्षमता तथा हाते सीपको विकास हुन पाउँछ ।

७. विद्यार्थीलाई बुझ्न र कक्षा शिक्षणलाई प्रभावकारी बनाउन सहयोग पुग्छ । विद्यार्थीमा गरेर सिक्ने बानीको विकास हुन्छ ।

८. स्थानीय स्तरमा खेर जाने सामग्रीको सदुपयोग हुन जान्छ ।

९. आयातित र महँगा तथा विदेशी सामग्रीको निर्भरता घट्छ ।

१०. स्थानीय स्तरमा भएका स्रोत र साधनको महत्वबोध गराउन सकिन्छ ।

## अभ्यास

**(क) तलका प्रश्नहरूका अति छोटा उत्तर दिनुहोस् ।**

१. सूचना प्रविधिको सबैभन्दा प्रभावकारी साधन कुन हो ?

२. कोवुनका अनुसार व्यक्तिले कति प्रतिशत सिकाइ देखेर सिक्न सक्दछ ?

३. कालोपाटीलाई कस्तो शैक्षिक सामग्री भनिन्छ ?

४. विद्यालयमा अधिक रूपमा प्रयोग गरिने ग्राफ कुन हो ?

५. सूचना तथा उपदेश लेखेर भित्तामा टाँसेर प्रदर्शन गरिने सामग्रीलाई के भनिन्छ ?

**(ख) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्**

१. आधुनिक शिक्षण प्रविधिको अर्थ लेख्नुहोस् ।

२. सूचना प्रविधि अन्तर्गत के कस्ता सामग्रीहरू प्रयोग गर्न सकिन्छ ?

३. पत्रपत्रिकाबाट केकस्ता कुराको जानकारी प्राप्त गर्न सकिन्छ ?

४. सिकाइको सम्झने माध्यम र ज्ञानेन्द्रियले अनुभव गरेर सिक्ने प्रविधिबीच के फरक छ ?

५. स्थानीय शैक्षिक सामग्री भन्नाले के बुझिन्छ ? यसको प्रयोग गर्नाले हुने फाइदाको सूची बनाउनुहोस् ।

६. प्रदर्शन पाटी कस्तो सामग्री हो ? यसका फाइदाहरू लेख्नुहोस् ।

७. स्थानीय शैक्षिक सामग्री र बाह्य शैक्षिक सामग्रीमा के फरक छ ?

**(ग) तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस्**

१. सिकाइका समस्याहरू सूचीबद्ध गर्दै समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

२. नेपालमा प्रयोग भएका सूचना प्रविधिहरूको चर्चा गर्नुहोस् ।

३. नेपालका विद्यालयहरूमा स्थानीय सामग्रीको महत्त्व बढी छ भन्ने कुरालाई उदाहरण सहित पुष्टि गर्नुहोस् ।

**(घ) क्रियाकलाप**

१. आफ्नो विद्यालय तथा घर समुदाय वरिपरि पाइने विभिन्न वस्तुहरू सङ्कलन गरी आफ्नो शिक्षकको सहयोगमा शैक्षिक सामग्री निर्माण गर्नुहोस् । त्यस्ता सामग्रीबाट कुन विषयको शिक्षणमा कसरी सहयोग पुग्दछ ? लेख्नुहोस् ।

२. सरसफाइको महत्त्व झल्कने पर्चा बनाई कक्षामा टाँस्नुहोस् ।

३. तपाईंको विद्यालय परिवारलाई वृक्ष तालिकामा देखाउनुहोस् ।

४. तपाईंको विद्यालयमा भएका मुद्रित, दृश्य, श्रव्य तथा श्रव्यदृश्य सामग्रीहरूको सूची बनाउनुहोस् ।

५. तपाइँको विद्यालयमा शिक्षकले के कस्तो स्थानीय सामग्री प्रयोग गरेको छन् ? सामग्रीको सूची तयार गर्नुहोस् । सामग्री प्रयोग गर्न गरेका छैनन् भने प्रयोग गर्न सकिने सामग्रीबारे सुझाव प्रस्तुत गर्नुहोस् ।

एकाइ : ७

# विद्यार्थी मूल्याङ्कन

## ७.१ परीक्षा र मूल्याङ्कन

परीक्षा भनेको कुनै निश्चित अवधिभित्र केकति उपलब्धि हासिल भयो भनेर नाप गर्ने साधन हो । एकाइ परीक्षा, त्रैमासिक परीक्षा, वार्षिक परीक्षा इत्यादि परीक्षाका उदाहरणहरू हुन् । यसबाहेक पाठयोजना अनुसार पाठको अन्तमा सोधिने प्रश्नहरू, गृहकार्य, कक्षा क्रियाकलाप, अवलोकन आदिलाई पनि परीक्षाका रूपमा लिन सकिन्छ । यी सबै कुरा साधनका रूपमा प्रयोग गरेर विद्यार्थीको उपलब्धिको मापन गरिन्छ, तर मापन गर्ने साधन अर्थात् परीक्षा नै सबै विद्यार्थीहरूका लागि समानरूपले प्रयोग भएको छ कि छैन, परीक्षा विद्यार्थीहरूका लागि उपयुक्त स्तरको छ कि छैन, परीक्षाको अङ्कमान र प्राप्ताङ्कमा विश्वसनीयता छ कि छैन, जस्ता विषयमा निर्णय लिनु एक प्रकारको मूल्याङ्कन हो । अतः परीक्षा भनेको मूल्याङ्कनको एक साधन मात्र हो र यो एक सामयिक कार्यक्रम हो । मूल्याङ्कन एक निरन्तर चलिरहने विस्तृत प्रक्रिया हो ।

स्टेल्फेवियम "निर्णय गर्नलाई सूचना प्रदान गर्ने विज्ञान हो जसले दुई वा सो भन्दा बढी विकल्पहरूमा कनै एक छनौट गर्नका लागि तथ्याङ्कहरूको प्रयोगबाट निर्णय लिने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ ।"

राल्फडब्लु टायलर-" व्यक्तिको व्यवहारमा ऐच्छिक परिवर्तनहरू वास्तविक रूपमा कुन हदसम्म भइरहेको छन् भने कुराको निधारण गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ ।

जस्तैः परीक्षा एकनासले सधैं हुँदैन, निश्चित कार्यक्रम अनुसार निश्चित समयमा मात्र हुन्छ, तर मूल्याङ्कन भने अप्रत्यक्ष रूपमा पनि सञ्चालित हुन्छ । अवलोकन, भेटवार्ता आदि विभिन्न माध्यमबाट उपलब्धिको मूल्याङ्कन गरिन्छ ।

परीक्षा र मूल्याङ्कनको फरक निम्नलिखित तालिकामा छोटकरीमा प्रस्तुत गरिएको छ :

| क्र.सं. | परीक्षा | क्र.सं. | मूल्याङ्कन |
|---|---|---|---|
| १ | परीक्षा उद्देश्य र उपलब्धि मापन गर्ने एक साधन हो । | १ | मूल्याङ्कन परीक्षाबाट प्राप्त मापनको लेखाजोखा गरी निर्णय लिने प्रक्रिया हो । |
| २ | परीक्षा कहिलेकाहीं मात्र हुने सामयिक कार्यक्रम हो । | २ | मूल्याङ्कन निरन्तर रूपमा चल्ने प्रक्रिया हो । |
| ३ | परीक्षा सीमित साधन र निश्चित परिधिमा आधारित हुन्छ । जस्तैः लिखित, मौखिक र प्रयोगात्मक परीक्षा । | ३ | मूल्याङ्कन विभिन्न साधन र व्यापक परिधिमा आधारित हुन्छ जस्तैः विभिन्न परीक्षा, अवलोकन, भेटवार्ता |

| | | | |
|---|---|---|---|
| ४ | परीक्षामा विद्यार्थीले आफ्ना उपलब्धि र क्षमताको प्रदर्शन गर्दछ, । आफ्नो गल्ती र कमजोरी पहिल्याउन सक्तैन र सुधार गर्ने मौका पाउँदैन । | ४ | मूल्याङ्कनमा विद्यार्थीले आफ्नो उपलब्धि र क्षमता थाहा पाउनुका साथै आफ्नो गल्ती र कमजोरी पहिल्याई सुधार गर्ने सुअवसर प्राप्त गर्दछ । |
| ५ | परीक्षाको लब्धाङ्कको महत्त्व, परीक्षाका प्रकार र स्तर, परीक्षा सञ्चालन गर्ने संस्था हेरी विद्यार्थीको उपलब्धि र क्षमता निर्धारित हुन्छ । लब्धाङ्कको ठाउँ हेरी बेग्लाबेग्लै अर्थ लाग्न सक्छ । | ५ | मूल्याङ्कन गर्दा विद्यार्थीको लब्धाङ्क, परीक्षाको प्रकार र स्तर, परीक्षा सञ्चालनसित सम्बन्धित भए तापनि निश्चित मापदण्डका आधारमा बनाइएको लब्धाङक सामान्य हुन्छ र सबै ठाउँमा एकै अर्थ लाग्छ । |
| ६ | परीक्षा मात्रले शिक्षणसिकाइ प्रक्रियामा केही सघाउ हुँदैन । | ६ | मूल्याङ्कनले शिक्षण सिकाइ प्रक्रियामा सहयोग पुऱ्याउँछ । |
| ७ | परीक्षाले विद्यार्थीको सिकाइमा हतोत्साहित गर्छ । | ७ | मूल्याङ्कनले विद्यार्थीको सिकाइमा प्रोत्साहन गर्छ । |

## ७.२ प्रश्नपत्र निर्माणका आधारहरू

### ७.२.१ प्रश्नपत्रको परिचय र महत्त्व

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन विद्यार्थी मूल्याङ्कनका विभिन्न साधनहरूको प्रयोग गरिन्छ मूल्याङ्कनका विभिन्न साधनमध्ये परीक्षा पनि एक हो । परीक्षाको मूल आधार भनेको प्रश्नपत्र हो तसर्थ विद्यार्थीको मूल्याङ्कनका सन्दर्भमा प्रश्नपत्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

परीक्षाको मुख्य साधन नै प्रश्नपत्र भएकाले उपयुक्त प्रश्नपत्र नभएमा परीक्षाका माध्यमबाट गरिने विद्यार्थी मूल्याङ्कन अधुरो र अपुरो हुन्छ तसर्थ विद्यार्थीको तह, स्तर अनुरूप प्रश्नहरू तयार गरी परीक्षाको प्रकारक आधारमा विभिन्न प्रकारका प्रश्नहरू तयार गरी परीक्षा सञ्चालन गर्नुपर्दछ । वास्तवमा वर्षभरिमा के-कस्ता परीक्षा लिनुपर्ने हो सोको योजना बनाई कुन प्रकारको परीक्षामा केकस्ता प्रश्नहरू सोध्ने हो सो अनुसार उद्देश्यमूलक प्रश्नहरू तयार गरिनुपर्दछ ।

पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएका उद्देश्य प्राप्त गर्नका लागि कक्षा शिक्षणका क्रममा विभिन्न प्रकारका परीक्षा लिन सकिन्छ । यस्ता परीक्षा लिँदा तयार गरिने प्रश्नपत्रहरू वैद्य, विश्वसनीय, वस्तुनिष्ट, व्यावहारिक एवम् उद्देश्यमूलक हुनुपर्दछ । परीक्षालाई स्तरीय र व्यावहारिक बनाउन विभिन्न किसिमका प्रश्नपत्रहरू तयार गरी परीक्षा लिनुपर्दछ । यसका

लागि जतिखेर आवश्यक पर्‍यो त्यतिखेर नै तयार नगरी योजनावद्ध : वैज्ञानिक ढङ्गले प्रश्नहरू तयार गरी प्रश्न बैङ्क निर्माण गर्नुपर्दछ । पहिले नै विभिन्न प्रकारका प्रश्न बनाई प्रश्न बैङ्कका रूपमा भण्डार गरेर राखेमा मात्र चाहिएको वेला तुरुन्त झिकी त्यसको उपयोग गर्न सकिन्छ । त्यस्तै आफ्नो आवश्यकता अनुसार विभिन्न प्रकारका प्रश्नहरू बनाई तिनको परिमार्जन र विश्लेषण गरी प्रयोगका लागि तयारी अवस्थामा राखिएका प्रश्नहरूको सङ्कलनलाई प्रश्न बैङ्क वा प्रश्न भण्डार भनिन्छ । बैंकमा राखिने प्रश्नहरू उपयुक्त कठिनाइ स्तर र विभेदीकरण क्षमता भएक विश्वसनीय तथा वैध हुनुपर्छ ।

### ७.२.२ प्रश्नपत्र निर्माणका आधार

कुनै पनि विषयको परीक्षा लिँदा निश्चित आकार प्रकारका प्रश्नद्वारा तोकिएको विषयवस्तु समेटेर प्रश्नहरू तयार गरिनुपर्दछ । पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न तोकिएको विषयवस्तुलाई ढाल्ने र समेट्ने गरी परीक्षा लिन प्रश्नपत्रहरूको निर्माणमा व्यवस्थितता अपनाई प्रश्नहरूको संग्रह गर्नुपर्दछ । त्यसो गर्दा प्रश्नपत्रहरूलाई पूर्व परीक्षण गरेर तिनीहरूको कठिनाइस्तर, विभेदीकरण क्षमता, विश्वसनीयता र वैधता, सुनिश्चित गर्न सकिन्छ । मूलतः प्रश्नपत्र निर्माण गर्दा निम्न कुरालाई ध्यान दिनुपर्दछ -

(क) **पाठ्यक्रमका उद्देश्यको परिपूर्ति :** परीक्षाका प्रश्नहरू तयार गर्दा पाठ्यक्रमले राखेका साधारण र विशिष्ट उद्देश्य पूरा भए नभएको मूल्याङ्कन हुने गरी प्रश्नपत्र निर्माण गर्नुपर्दछ । जुन उद्देश्य परिपूर्तिका लागि परीक्षा लिन लागिएको हो सोको उद्देश्य पूरा हुने गरी प्रश्नपत्र तयार गरिनुपर्दछ ।

(ख) **विद्यार्थीको उमेर, तह र स्तर :** विद्यार्थीको उमेर, तह र स्तर अनुसार पनि प्रश्नपत्र तयार गर्नुपर्दछ । उनीहरूको क्षमता र स्तरअनुसारका प्रश्नपत्र तयार नभएमा सही मूल्याङ्कन हुन सक्दैन ।

(ग) **विषयवस्तुको प्रतिनिधित्व :** प्रश्नपत्र तयार गर्दा तोकिएको सबै विषयवस्तु समेट्न सकिने गरी तयार गर्न आवश्यक हुन्छ । विषयवस्तुको सही प्रतिनिधित्व नभएमा परीक्षा अपूर्ण र अपुरो हुन सक्छ । तसर्थ विभिन्न खालका प्रश्नहरू समावेश गरेर सबै विषयवस्तुको प्रतिनिधित्व गराउनुपर्छ ।

(घ) **विविधता :** परीक्षाका प्रश्न एकै खालका मात्र नभई सकभर विविध प्रकारका प्रश्नहरू सोधिनुपर्छ । लामो, छोटो, वस्तुगत आदि सबैखाले प्रश्नबाट विद्यार्थीका विविध खालका क्षमताको मूल्याङ्कन गर्न सकिन्छ । परीक्षाको प्रयोजनअनुसार प्रश्नपत्रमा विविधता ल्याउन सकिन्छ ।

(ङ) **विश्वसनीयता र वैधता :** प्रश्नपत्र सकेसम्म विश्वसनीय र वैद्य हुनुपर्दछ । जसले परीक्षण गर्दा पनि उस्तै अङ्क आउने र जहिले परीक्षा लिँदा पनि प्राप्ताङ्कमा फरक नआउने गरी प्रश्नपत्र तयार गरिनुपर्छ । यसरी परीक्षाका प्रश्नपत्र निर्माण गर्दा परीक्षामा हुनुपर्ने गुणहरूका आधारमा तयार गर्नुपर्दछ । परीक्षाका प्रश्नपत्रको परीक्षाको प्राप्तांकमा एकरूपता आउने खालको हुनु सबैभन्दा महत्त्वपूर्ण विशेषता हो ।

(च) **सरलता र स्पष्टता :** प्रश्नपत्रहरू तयार गर्दा सकेसम्म सरल भाषामा स्पष्ट बुझिने हुनुपर्दछ । प्रश्नहरू एकापसमा शङ्का उत्पन्न हुने, दोहोरो अर्थ लाग्ने र एउटै पाठ शीर्षकबाट दोहोरिने हुनुहुँदैन ।

(छ) **व्यावहारिकता :** प्रश्नपत्रहरू व्यावहारिक दृष्टिले उपयोगी हुनुपर्छ । ज्यादा महँगो हुनुहुन्न । समय र परिस्थिति अनुकूल हुनुपर्दछ । परीक्षा सञ्चालनमा समस्या आउने खालका प्रश्नहरू हुनुहुँदैन ।

(ज) **गोप्यता :** प्रश्नपत्र गोप्य रहनुपर्दछ । त्यसैले सकेसम्म प्रश्नपत्र टाइप, छपाइ र भण्डारण गर्दा गोपनीय, सुरक्षित र खोजेका समयमा तुरुन्त उपलब्ध हुने तरिकाले भण्डारण गरिनुपर्दछ ।

(झ) **सन्तुलन :** प्रश्नपत्रमा सजिला, मध्यम र कठिन तीनै थरीका प्रश्नहरूको प्रतिनिधित्व हुनुपर्छ । यसमा कक्षागत विद्यार्थीको स्तरलाई ध्यान दिनुपर्छ ।

(ञ) **विशिष्टीकरण तालिकाको प्रयोग :** प्रश्नहरू तयार गर्नुपूर्व विशिष्टीकरण तालिका तयार गरी सोअनुसार प्रश्नपत्रहरू तयार गर्नुपर्दछ । विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र तयार गरिएमा त्यसले सबै खालका उद्देश्य र विषयवस्तुको प्रतिनिधित्व गर्दै वैज्ञानिक ढङ्गले प्रश्नपत्र तयार गर्न सकिन्छ ।

(ट) **उत्तरपुस्तिका परीक्षण कुञ्जिकाको तयारी :** प्रश्नपत्र तयार गर्दा सँगसँगै उत्तरपुस्तिका परीक्षण कुञ्जिका पनि तयार गर्नुपर्दछ । त्यसो भएमा उत्तर पुस्तिका परीक्षणमा एकरूपता आउन सक्छ । यसरी माथि उल्लिखित विभिन्न आधारहरू अवलम्बन गरी प्रश्नपत्र तयार गर्न सकेमा त्यस्ता प्रश्नपत्रहरू व्यावहारिक, उद्देश्यपूर्ण र उपयोगी हुन सक्छन् । हचुवाका भरमा प्रश्नपत्र तयार गरी. परीक्षा लिँदा तिनले मूल्याङ्कनको मर्म र भावनाको प्रीतनिधित्व गर्न सक्दैनन् । मूल्याङ्कनका लागि परीक्षाका प्रश्नपत्र मात्र प्रयोग गरिनु राम्रो होइन । परीक्षा बाहेकका मूल्याङ्कनका अन्य साधनहरूको समेत प्रयोग गरिनुपर्दछ । जस्तै -अवलोकन, श्रेणीमापन, रुजुसूची, घटनावृत अभिलेख, सञ्चित अभिलेख, आत्ममूल्याङ्कन, व्यक्तिवृत अध्ययन, अन्तर्वार्ता, प्रयोगात्मक कार्य, अतिरिक्त क्रियाकलाप, कक्षा सहभागिता, गृहकार्य लगायतका विविध साधनको प्रयोग गर्नुपर्दछ ।

## ७.३ प्रश्नपत्रका प्रकार

परीक्षा विभिन्न प्रकारका हुन्छन् । कुन प्रकारको परीक्षा कस्तो बेलामा प्रयोग गर्ने भन्ने कुरा विद्यार्थीको कक्षा, स्तर, उमेर, सङ्ख्या, उपलब्ध शैक्षिक सामग्री, भौतिक वातावरण र सुविधामा आधारित हुन्छ । उदाहरणका लागि कक्षा १ का विद्यार्थीहरूलाई लिखित परीक्षा त्यति उपयुक्त हुँदैन र मौखिक परीक्षा बढी प्रयोगमा आउँछ भने कक्षा ५ मा लिखित परीक्षा लिनु पनि आवश्यक हुन्छ । त्यस्तै व्यावसायिक विषयमा लिखित र मौखिक परीक्षा मात्रले सीप विकासको परीक्षा हुन सक्दैन । यसैले प्रयोगात्मक परीक्षाको आवश्यकता पर्छ । त्यस्तै कुनै विषयवस्तुको सानो एकाइ अध्ययन अध्यापनपछि परीक्षा लिनुपरेमा लामो उत्तर दिनुपर्ने प्रश्नहरूभन्दा छोटो उत्तर दिने प्रश्न र वस्तुगत प्रश्नहरू बढी मात्रामा उपयुक्त हुन्छन् । विज्ञान जस्तो विषयमा प्रयोगात्मक परीक्षा लिनुपर्ने भएर पनि प्रयोगशाला तथा आवश्यक उपकरण एवम् सामग्री उपलब्ध हुन नसक्ने भए प्रयोगात्मक परीक्षा लिन सकिदैन ।

हाम्रो देशमा प्रचलनमा आएका परीक्षाहरू निम्नलिखित छन् :

१. लिखित परीक्षा    २. मौखिक    ३. प्रयोगात्मक परीक्षा

अब यस किसिमबारे छोटकरीमा चर्चा गरौं -

१. लिखित परीक्षा

लिखित परीक्षा मूलत विषयगत र वस्तुगत दुई प्रकारमा हुन्छन् ।

**(क) विषयगत परीक्षा/निवन्धात्मक परीक्षा :** कुनै पनि विषयमा विद्यार्थीको ज्ञान के कस्तो छ, विषयवस्तुको संगठन कतिको मिलाएर क्रमबद्ध तरिकाले प्रस्तुत गर्न सक्छ आफ्नो व्यक्तिगत विचार कुन किसिमले प्रस्तुत गर्दछ, लेखाइमा के कति मौलिकता र शैली छ भनी जाँच गर्ने तरिकालाई निबन्धात्मक परीक्षा भन्दछन् । निबन्धात्मक परीक्षा तीन प्रकारका छन् :

(अ) लामो उत्तर दिने परीक्षा,

(आ) छोटो उत्तर दिने परीक्षा र

(इ) अति छोटो उत्तर दिने परीक्षा

**(अ) लामो उत्तर दिने परीक्षा :** लामो उत्तर दिने लिखित परीक्षामा प्रश्नहरू विशेष गरेर व्याख्या गर्ने, कारणहरू दिएर स्पष्ट गर्ने, आफ्नो विचार व्यक्त गर्ने, विश्लेषण गर्ने आदि खालका हुन्छन् र यस्ता प्रश्नहरू स-साना कक्षामा उपयोगी हुँदैनन् । लामो उत्तर दिने लिखित परीक्षाका प्रश्नहरू निम्न प्रकारका हुन्छन् :

(i) वर्णनात्मक प्रश्न : विषयवस्तु सम्बन्धी वर्णन वा व्याख्या गर्नुपर्ने प्रश्नहरूलाई वर्णनात्मक प्रश्न भन्दछन् ।

उदाहरण : चुम्बक कति प्रकारले बनाउन सकिन्छ, वर्णन गर्नुहोस् ।

– फूल फूल्ने विरुवामा विभिन्न भागको वर्णन गर्नुहोस् :

(ii) कारणसहित स्पष्ट व्याख्या गर्ने प्रश्न : यस्ता प्रश्नमा विद्यार्थीले कारणहरू दिएर प्रश्नको उत्तर दिनुपर्छ ।

उदाहरण :

– पृथ्वी गोलो छ भन्ने चारओटा कारणहरू दिएर वर्णन गर्नुहोस् ।

– नेपालमा राजतन्त्र समाप्त हुनाका तीनओटा कारणहरू बयान गर्नुहोस् ।

(iii) आफ्नो विचार व्यक्त गर्ने प्रश्न : यस प्रकारका प्रश्नमा विद्यार्थीले उत्तर दिँदा आफ्नो राय र स्वतन्त्र अभिव्यक्ति प्रदर्शन गर्नुपर्दछ ।

उदाहरण :

– गर्मीको मौसममा रोगहरू कसरी फैलिन्छन् बयान गर्नुहोस् ।

– "काम नगरे अल्छी हुन्छ" भन्नेबारेमा आफ्नो राय व्यक्त गर्नुहोस् ।

(आ) **छोटो उत्तर दिने परीक्षा :** छोटो उत्तर दिने लिखित परीक्षाका प्रश्नहरू विशेष गरेर सूची बनाउने वा समूह विभाजन गर्ने, तुलना गर्ने, सारांश लेख्ने, टिप्पणी लेख्ने वा छोटकरीमा बयान गर्ने खालका हुन्छन् । अहिले यस्तो प्रश्नको प्रचलन अधिक रूपमा बढेको अवस्था छ । यस्ता प्रश्नहरू सबै तहका विद्यार्थीहरूलाई उपयुक्त हुन्छन् । छोटो उत्तर दिने लिखित परीक्षाका प्रश्नहरू निम्न प्रकारका हुन्छन् :

(i) सूची बनाउने प्रश्न : यसप्रकारका प्रश्नमा दिइएको विषयमा नामहरू, सामानहरू, जनावरहरू आदिको समूह विभाजन गर्ने वा सूची बनाउनुपर्ने हुन्छ ।

उदाहरण :

- दसओटा मांसाहारी जनावरहरूको नाम लेख्नुहोस् ।
- सन्तुलित आहारको सूची बनाउनुहोस् ।

(ii) तुलना गर्ने प्रश्नहरू : यसप्रकारका प्रश्नमा दिइएका दुई कुराहरूमा भिन्नता या समानता देखाउनुपर्ने हुन्छ ।

उदाहरण :

- परीक्षा र मूल्याङ्कनमा फरक देखाउनुहोस् ।
- वनस्पति र प्राणीमा के-के समानताहरू छन् ? लेख्नुहोस् ।

(iii) सारांश लेख्ने प्रश्न : यसप्रकारका प्रश्नमा दिइएको विषयवस्तुको मात्रा र विवरणलाई छोटकरीमा मुख्यमुख्य कुराहरू प्रस्तुत गर्नुपर्छ । प्रमुख कुराहरू छोटकरीमा उल्लेख गर्ने भएकाले यस्ता प्रश्नलाई टिप्पणी लेख्ने प्रश्न पनि भनिन्छ । जस्तै- स्वास्थ्य र सफाइसम्बन्धी लामो विवरणको सट्टा एक दुई कुरामा आवश्यकता, महत्त्व र फाइदा बारे प्रस्तुत गर्नु सारांश लेख्नु हो । जस्तैः

- तलका विषयमा छोटकरीमा बयान गर्नुहोस् ।
  - दीपावली - कोतपर्व
  - गाईजात्रा - ल्होसार
- तलका शीर्षकमा टिप्पणी लेख्नुहोस् :
  - दूधको महत्त्व - विद्यार्थी अनुशासन

**(ई) अति छोटो प्रश्न : :** यस्तो प्रश्न धेरै जसो ज्ञान तहको हुन्छ । अति छोटो उत्तर आउने यस्तो प्रश्न १, २ अक्षर वा शब्दमा उत्तर दिन सकिन्छ । प्रश्न लामो तर उत्तर छोटो हुन्छ । जस्तै :

- नेपालको राजधानी कुन हो ?

– नेपालको राष्ट्रिय फूल के हो ?

**(ख) वस्तुगत परीक्षा :** खासगरी राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ लागू भएपछि नेपालमा निबन्धात्मक लिखित परीक्षाबाहेक वस्तुगत परीक्षाहरू पनि प्रचलनमा आए । वस्तुगत. परीक्षा लिखित परीक्षाअन्तर्गत परे तापनि यस्तो परीक्षामा विद्यार्थीले निर्देशनअनुसार चिह्नमात्र लगाउने वा एक दुई शब्दमात्र उत्तर लेख्ने खालका प्रश्नहरू हुन्छन् । जस्तै :

१. **साँचोझुटो प्रश्न :** यसप्रकारका प्रश्ननिर्माण गर्दा वाक्य पूर्ण रूपले सत्य वा असत्य हुनुपर्छ र विद्यार्थीले उत्तर दिँदा साँचो झुटो कुनै एकमा मात्र निर्देशनअनुसार चिह्न लगाउनुपर्छ ।

उदाहरण : तल दिइएका वाक्यहरूका अगाडि कोष्ठभित्र साँचो वा झुटो दिएको छ । साँचो भए साँचोमा (✓), झुटो भए झुटोमा (×) चिह्न लगाउनुहोस् :

– (साँचो र झुटो) नेपालको राजधानी काठमाडौँ हो ।

– (साँचो र झुटो) मरुभूमिमा हिउँ जमेको हुन्छ ।

२. **खाली ठाउँ भर्ने प्रश्न :** यसप्रकारका प्रश्नमा कुनै वाक्य दिइएको हुन्छ, यसको कुनै मुख्य एक शब्द झिकिएको हुन्छ र त्यस खाली ठाउँमा विद्यार्थीले उपयुक्त शब्द भर्नुपर्ने हुन्छ । एउटा प्रश्नमा एकभन्दा बढी खाली ठाउँ दिनुहुदैन जस्तै :

तल दिइएका वाक्यहरूको खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

– नेपालको राजधानी … … … … हो ।

– समय देखाउने यन्त्रलाई …. … … … भन्दछन् ।

३. **जोडा मिलाउने प्रश्न :** यस प्रकारका प्रश्ननिर्माण गर्दा वायाँतिर "क" स्तम्भ र दायाँ "ख" स्तम्भ बनाएको हुन्छ । "क" स्तम्भमा प्रश्नहरू वा अधुरो वाक्य हुन्छन् र "ख" स्तम्भमा उत्तर वा वाक्यलाई पूरा गर्ने शब्द वा वाक्यांश हुन्छ । विद्यार्थीले प्रश्नको उत्तर दिँदा "क" स्तम्भसित मिल्ने "ख" स्तम्भको उत्तर निर्देशन अनुसार सङ्केत गर्ने वा लेख्नुपर्ने हुन्छ । यस्तो प्रश्न निर्माण गर्दा प्रश्न सङ्ख्याभन्दा उत्तरको सङ्ख्या बढी हुनुपर्छ । .

उदाहरण : तल दिइएको "क" स्तम्भको प्रश्नसित मिल्ने "ख" स्तम्भको अङ्क खाली कोठाभित्र मिल्ने गरी लेख्नुहोस् :

| "क" स्तम्भ | "ख" स्तम्भ |
|---|---|
| ( ) हेर्ने काम गर्छ | १. कान |
| ( ) सुन्ने काम गर्छ | २. जिब्रो |
| ( ) चाख्ने काम गछ | ३. छाला |
| ( ) सुँघ्ने काम गर्छ | ४. आँखा |
| ( ) स्पर्शको काम गर्छ | ५. रौं |

६. नङ

७. नाक

८. दाँत

४. **बहु वैकल्पिक प्रश्न** : प्रत्येक प्रश्नको दुईभन्दा बढी छनोट भएको प्रश्नलाई बहु वैकल्पिक प्रश्न भन्दछन् । यसप्रकारका प्रश्ननिर्माण गर्दा अधुरो वाक्य वा प्रश्नवाचक वाक्यको प्रयोग गरिन्छ । सम्भाव्य उत्तरहरू छनोटको रूपमा दिइन्छ, जसमध्ये एउटा मात्र सही उत्तर हुन्छ । प्रश्न हेरीकन दिइएको छनोटमध्ये सबैभन्दा मिल्ने उत्तरमा निर्देशनअनुसार विद्यार्थीले चिह्न लगाउनुपर्छ । जस्तै :

– नेपालको आधारभूत तह कुन कक्षालाई जनाउँछ ?

(क) १-३ (ख) १-५ (ग) १-८ (घ) ४-८

– शाकाहारी जनावर कुन हो ?

(क) बाघ (ख) मुसो (ग) हात्ती (घ) बाँदर

**विषयगत/निबन्धात्मक परीक्षा र वस्तुगत परीक्षामा फरक**

| **क्र.सं.** | **विषयगत/निबन्धात्मक परीक्षा** | **क्र.सं.** | **वस्तुगत परीक्षा** |
|---|---|---|---|
| १ | निबन्ध जस्तो लामो उत्तर हुन्छ । | १ | दिइएको उत्तरमा चिह्नमात्र लगाइन्छ । |
| २ | साधारणतया प्रश्न विशिष्ट हुँदैन । | २ | प्रश्न स्पष्ट र विशिष्ट हुन्छ । |
| ३ | विद्यार्थीको उत्तरमा मौलिकता हुन्छ । | ३ | शिक्षकको प्रश्न निर्माणमा मौलिकता हुन्छ तर विद्यार्थीले मौलिक उत्तर दिन पाउँदैन । |
| ४ | सिलसिलाबद्ध सङ्गठित उत्तर आवश्यक हुन्छ । | ४ | सजिलोदेखि गाह्रो क्रममा प्रश्नहरू हुन्छन् ।, तर उत्तरमा त्यस्तो क्रमिकता आवश्यक हुँदैन । |
| ५ | शिक्षकको पूर्वाग्रह र मनोभावनाको आधारमा विद्यार्थीले प्राप्त गर्ने अङ्क प्रश्नैपिच्छे घटीबढी हुन्छ । | ५ | शिक्षकको पूर्वाग्रह र मनोभावनाको केही असर हुँदैन ।<br>विद्यार्थीले सही उत्तरअनुसारको सही अङ्क पनि मापन<br>गर्न सक्छ । |

| | | | |
|---|---|---|---|
| ६ | महत्त्वपूर्ण ठानिएका केही विषयवस्तुमा मात्र प्रश्ननिर्माण भएको हुन्छ । फलस्वरूप विद्यार्थीले महत्त्वूर्ण विषय छानी अध्ययन गर्दछ । | ६ | सम्पूर्ण विषयवस्तु ढाक्ने गरी प्रश्न निर्माण भएको हुन्छ ।<br>फलस्वरूप विद्यार्थीले विषयवस्तु पूर्णरूपले बुझेर अध्ययन गर्नुपर्दछ । |
| ७ | प्रश्न निर्माणमा थोरै समय लाग्छ, तर उत्तर जँच्न दिक्क लाग्दो र समय धेरै लाग्ने हुन्छ । | ७ | प्रश्न निर्माणमा धेरै समय लाग्छ, तर उत्तर जाँच्न थोरै<br>समय लाग्छ । |
| ८ | अलिअलि मिल्ने गरी गफ हाँकेर पनि केही अङ्क विद्यार्थीले प्राप्त गर्न सक्छ । | ८ | उत्तर नआए पनि अन्दाजको भरमा चिह्न लगाएर अङ्क प्राप्त गर्न सक्छ । |
| ९ | अङ्कमापनमा विश्वसनीयता कम हुन्छ । | ९ | अङ्कमापनमा विश्वसनीयता बढी हन्छ । |
| १० | धेरै. समय लगाएर थोरै ज्ञान र सीप तथा प्रवृत्ति जाँच गर्न सकिन्छ । | १० | थोरै समय लगाएर धेरै ज्ञान र प्रवृत्ति जाँच गर्न सकिन्छ । |

### २. मौखिक परीक्षा

विशेष गरेर तल्ला कक्षाका स-साना विद्यार्थीहरू एक त प्रश्न राम्रोसँग पढ्न र बुझ्न सक्तैनन् अनि प्रश्न बुझे पनि आएको कुरा ठीकसँग लेख्न र व्यक्त गर्न सक्तैनन् । यसकारण स-साना विद्यार्थीहरूका लागि मौखिक परीक्षा लिनु आवश्यक हुन्छ । अर्को कुरा लिखित परीक्षाले मात्र सिकाइको सम्पूर्ण पक्षहरूको जाँच गर्न सकिदैन । जस्तै - बोलाइ, सुनाइ, भावअभिव्यक्ति इत्यादिको मूल्याङ्कन लिखित परीक्षाबाट हुन सक्दैन । अतः यसका लागि मौखिक परीक्षाको आवश्यकता पर्छ । मौखिक परीक्षामा शिक्षकले मौलिक क्षमता मापन गर्दै जान्छ । लिखित परीक्षामा जुन प्रश्नहरू सोधिन्छन् तिनै प्रश्न मौखिक परीक्षामा प्रयोग गर्न सकिन्छ । मौखिक परीक्षा लिँदा उत्तरपुस्तिका जाँच्ने झन्झट रहँदैन, तर परीक्षा लिँदा समय बढी लाग्छ । जस्तै : ग पछि कुन अक्षर आउँछ ? खरायो कस्तो जीव हो ?

### ३. प्रयोगात्मक परीक्षा

लिखित र मौखिक परीक्षाले पनि जाँच गर्न नमिल्ने सीप तथा कार्यकलाप सम्बन्धी जाँच गर्नुपर्दा प्रयोगात्मक परीक्षा लिइन्छ । यस्तो परीक्षा विशेष गरेर विज्ञान र व्यावसायिक विषयमा प्रयोग हुन्छ । जस्तो पुतली (खेलौना) बनाउने, माटाको भाँडा बनाउने, बिरुवा रोप्ने, बोक्रा छोडाउने, सियोमा धागो हाल्ने, चुम्बक बनाउने, टाइप गर्ने, चित्र बनाउने आदि ।

प्रयोगात्मक परीक्षाले विद्यार्थीको ज्ञानको साथसाथै सीप पनि जाँच गर्न सकिन्छ र यस्तो परीक्षामा विद्यार्थी बढी नै उत्सुक र तत्पर रहन्छ। । यस परीक्षाले विद्यार्थीलाई सैद्धान्तिक ज्ञान र सीपको साथसाथै व्यावहारिक ज्ञान र सीप विकास गराउनमा मद्दत गर्दछ यस्तो परीक्षाले सिकाइ सफल र प्रभावकारी तुल्याइदिन्छ । जस्तै- हाइड्रोजन ग्यास निर्माण गर ।

विद्यालयका वार्षिक कार्यतालिका बनाउ ।

## ७.४ मूल्याङ्कन व्यवस्थापन

वर्तमान अध्यासहरू विस्थापन मूल्याङ्कन शैक्षिक उपलब्धि मापन गर्ने एकमात्र आधार हो । मूल्याङ्कनबाट विद्यार्थीको ज्ञान, सीप र अभिवृत्तिको मात्र मापन हुने होइन, यसबाट शिक्षण प्रक्रिया, पाठ्यक्रम र पाठ्यपुस्तकमा रहेका कमी, कमजोरीको बोध गर्न र त्यसमा आवश्यक सुधार र संशोधन गर्न समेत सहयोग पुग्दछ । यसरी शिक्षणसिकाइ प्रक्रियामा सुधार ल्याई पाठ्यक्रमका उद्देश्य परिपूर्तिमा मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहेको हुछ । यसले अध्यापनको दैनिक उपलब्धि तथा कमजोरीका लेखाजोखा गर्न मद्दत पुऱ्याउँछ । हाम्रो देशमा मल्याङ्कनलाई यसरी व्यापक र विस्तृत रूपमा नलिई परीक्षालाई नै मूल्याङ्कनका साधनका रूपमा लिने चलन रहेको छ । परीक्षालाई पनि व्यवस्थित र वैज्ञानिक ढंगबाट प्रयोग गरिएको पाइँदैन ।

हाम्रा विद्यालयमा सामान्यतया परीक्षालाई मूल्याङ्कनको निर्विकल्प साधनका रूपमा लिने गरेको पाइन्छ । वास्तवमा परीक्षा मूल्याङ्कनका विभिन्न साधनहरूमध्ये एउटा साधनमात्र हो । हाम्रो प्रचलित शिक्षण प्रक्रिया परीक्षामुखी छ । विद्यालयहरूमा एकाई, त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाद्वारा विद्यार्थीको मूल्याङ्कन गर्ने परिपाटी रहेको छ तसर्थ हाम्रा विद्यालयमा मूल्याङ्कनको सही प्रयोग भएको अवस्था रहको छैन । समग्रमा भन्नुपर्दा विद्यालय तहको विद्यार्थी मूल्याङ्कनमा निम्नानुसारका समस्या रहेका देखिन्छन् :

१. परीक्षालाई मात्र मूल्याङ्कनका साधनका रूपमा लिइनु ।

२. पठनपाठनलाई क्रियाकलाप भन्दा परीक्षामुखी बनाइनु ।

३. अवैज्ञानिक मूल्याङ्कन प्रणालीको प्रयोग हुनु ।

४. परीक्षाको विश्लेषण र प्रयोगको अभाव हुनु ।

५. शिक्षकमा मूल्याङ्कनसम्बन्धी वास्तविक ज्ञानको अभाव हुनु ।

६. निरन्तर विद्यार्थी मूल्याङ्कनको अभाव हुनु ।

७. शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई नलिइनु ।

८. आन्तरिक मूल्याङ्कनको अभाव हुनु ।

९. प्रश्नपत्र निर्माण र परीक्षणमा वैज्ञानिकताको अभाव हुनु ।

१०. अभिभावकमा चेतनाको कमी हुनु ।

११. आर्थिक असक्षमता हुनु ।

**मूल्याङ्कनको व्यवस्थापनमा आइपरेका समस्या समाधानका उपायहरू**

१. वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्नुपर्ने ।

२. मूल्याङ्कनका सबै साधनहरूको प्रयोग गर्नुपर्ने ।

३. मूल्याङ्कनलाई शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्ग बनाउने ।

४. मूल्याङ्कनका सबै खाले साधनको प्रयोग गर्न ।

५. आवश्यक साधन र स्रोतको व्यवस्था गर्ने ।

६. पठनपाठनलाई उद्देश्यमुखी बनाइनुपर्ने आन्तरिक मूल्याङ्कनको व्यवस्था गर्ने ।

७. परीक्षाफलको विश्लेषण र प्रयोग गर्ने ।

८. शिक्षकलाई शिक्षासम्बन्धी आधारभूत ज्ञान र तालिम दिइनुपर्ने ।

९. नियमित अनगमन र सुपरिवेक्षण गर्ने ।

१०. अभिभावक सक्रियता वृद्धि गर्ने ।

११. समयमा विद्यार्थी र अभिभावकलाई नतिजा उपलब्ध गराउने ।

१२. राम्रो काम गर्ने शिक्षकलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड दिने प्रभावकारी संयन्त्र बनाउने ।

## ७.५ परीक्षा अङ्कन तथा अभिलेखीकरण

विद्यार्थीले प्राप्त गरेको उपलब्धि तथा प्रगतिलाई व्यवस्थित ढङ्गले राख्नु विद्यार्थीको प्रगतिको अभिलेखीकरण हो । विद्यार्थीहरूले विद्यालयमा भर्ना भएको दिनदेखि नै प्रगति गरेका हुन्छन् । प्रगति एक निरन्तर चलिरहने प्रक्रिया हो । विद्यार्थीहरू विद्यालयमा प्रवेश गरेपछि विद्यालयमा रहुन्जेल उनीहरूले गरेको प्रगतिको पनि निरन्तर मूल्याङ्कन हुनु नितान्त आवश्यक छ । विद्यार्थी र उनका अभिभावकलाई उनले गरेको प्रगतिको जानकारी समयसमयमा दिनु जरुरी हुन्छ । साधारणतया हरेक आमाबाबुलाई आफ्ना छोराछोरीले विद्यालयमा केकति कुरा सिक्न सके भन्ने कुराको चासो रहन्छ । विद्यार्थीहरूमा पनि आफूले गरेको प्रगति थाहा पाउने अभिलाषा रहन्छ । जे भए. तापनि हरेक विद्यालयले विद्यार्थीको प्रगतिबारे आमाबाबुलाई जानकारी दिने कार्यलाई आफ्नो प्रमुख कर्तव्य ठान्नुपर्दछ । शिक्षाको स्तरअनुरूप विद्यार्थीले खास अवधिभित्र गरेको प्रगतिको स्तर लेखाजोखा गरी दिइएको विवरणलाई विद्यार्थी प्रगति विवरण भन्दछन् ।

**प्रगति विवरण दिनुपर्ने कारणहरू**

विद्यार्थी एवम् अभिभावकहरूलाई प्रगति विवरण दिनुपर्ने प्रमुख कारणहरू निम्नअनुसार छन् :

१. विद्यार्थीहरूलाई उनीहरूले गरेको प्रगतिको जानकारी दिई विद्यालयको पढाइमा अभिरुचि कायम गर्नुका साथै सिकाइमा प्रोत्साहित गर्नु ।

२. कुनै एक कक्षा वा खास अवधिको अध्ययन सफलतापूर्वक सम्पन्न गरेको वा नगरेको जानकारी दिनु ।

३. अरू विद्यालयमा भर्ना हुन परे त्यस विद्यालयलाई विद्यार्थीको स्तरबोध गराउनु ।

४. विद्यार्थीले हासिल गरेको उपलब्धिको सरोकारवाला तथा अभिभावकलाई जानकारी दिनु ।

५. प्रसासनिक निर्णय गर्न आवश्यक निर्णय लिन सघाउ पुऱ्याउन ।

**विद्यार्थी र अभिभावकलाई प्रगतिको जानकारी दिनुपर्ने कुरालाई यसरी प्रस्तुत गर्न सकिन्छ :**

(क) **विद्यार्थीलाई आफ्नो प्रगतिको जानकारी :** विद्यार्थीहरू स्वभावतः प्रगति गर्न चाहने हुन्छन्, तर विभिन्न कठिनाइ तथा उपयुक्त सिकाइ वातावरणको अभावमा उनीहरूले सन्तोषजनक प्रगति गर्न सक्तैनन् । विद्यार्थीको खुबीअनुसार प्रगति गराउने वातावरणको सिर्जना गर्नु विद्यालयको कर्तव्य हो । विद्यार्थीलाई निरन्तर प्रगति गर्न प्रेरणा दिने साधनहरूको जानकारी गराउनु आवश्यक हुन्छ । प्रगतिको जानकारी गराउनाले निम्नलिखित फाइदाहरू हुन सक्छन् :

१. विद्यार्थीलाई आफ्नो स्तरको यथार्थ ज्ञान दिन सकिन्छ । आफ्नो प्रगतिको यथार्थ जानकारी पाएमा विद्यार्थीले आफूलाई महत्त्वाकाङ्क्षी वा हीन व्यक्ति सम्झनुको सट्टा आफ्नो वास्तविक योग्यता के रहेछ भन्ने कुरा बुझ्दछ । यसरी आफ्नो योग्यताको यथार्थ ज्ञान भएपछि विद्यार्थी वास्तविकतालाई स्वीकार गरी खुसीसाथ आफ्नो प्रगतिका लागि अध्ययन गर्दछन् ।

२. विद्यार्थीलाई प्रगतिंदरको ज्ञान दिई बढी प्रगति गर्न प्रोत्साहन दिन सकिन्छ । आफूले गरेको प्रगतिको ज्ञानबाट अझ बढी प्रगति गर्न विद्यार्थी प्रेरणा पाउँछ । हरेक व्यक्ति सफलताबाट प्रोत्साहित हुन्छ । सफल भएको जानकारीबाट अन्य कुरामा पनि सफल हुने आकाङ्क्षा राखी विद्यार्थीले बढी परिश्रम गर्न उत्प्रेरित हुन्छन् । यसरी विद्यार्थीलाई उसले गरेको प्रगतिको जानकारी दिएमा प्रोत्साहित भई पढाइमा बढी रुचि र सक्रियता देखाउँछ ।

३. विद्यार्थीको यथार्थस्तरको ज्ञान भएमा शिक्षक एवम् अभिभावकले उसलाई स्वीकार गर्न सजिलो हुन्छ । धेरैजसो अभिभावकहरूले आफ्ना छोराछोरीले उत्साहवर्द्धक प्रगति गरेर देखाऊन् भन्ने चाहन्छन् । कहिलेकाहीँ यो दवाव यति तीव्र हुन्छ कि यसले विद्यार्थीलाई हतोत्साहित समेत गर्न सक्छ । शिक्षकको पनि सबै विद्यार्थीहरूले समान रूपमा प्रगति गरून् भन्ने चाहना हुन्छ । यस्तो चाहना हुनु अस्वाभाविक होइन, तर विद्यार्थीको योग्यता फरकफरक हुने हुँदा उनीहरूले समान रूपमा प्रगति गर्न सक्तैनन् । विद्यार्थीहरूको प्रगति विवरणबाट विद्यार्थीको वास्तविक स्तर र खुबीको पत्ता लाग्दछ । शिक्षक एवम् अभिभावकले विद्यार्थीको आफ्नोपन र योग्यताको कदर गरी अनावश्यक दवाव दिदैनन् । विद्यार्थीले गरेको प्रगतिको विवरणको चार्ट बनाई विद्यार्थीलाई कक्षामा राख्न लगाउन सकिन्छ ।

(ख) **अभिभावकलाई विद्यार्थी प्रगतिको जानकारी :** विद्यार्थीको क्षमताअनुसारको प्रगति गराउने कार्यमा अभिभावकहरूको सहयोगको ठूलो आवश्यकता पर्दछ भन्ने कुरामा दुई मत हुन सक्तैन । विद्यालयमा सिकेको ज्ञान र सीपअनुरूप विद्यार्थीले घरमा आचरण गर्छन, गर्दैन भन्ने कुराको जानकारी अभिभावकबाट प्राप्त हुन्छ । यसरी विद्यार्थीको आचरण र प्रगतिको विषयमा शिक्षक र अभिभावकबीच विचारको आदान-प्रदान हुनु अत्यन्त आवश्यक छ । विद्यार्थीको प्रगति विवरण अभिभावकलाई वेलावेलामा दिनाले उनीहरूलाई आफ्ना केटाकेटीको वास्तविक स्तरको बोध हुन्छ र उनीहरूको विकासका निमित्त घरमा कुन किसिमको व्यवस्था

गर्ने र निर्देशन दिने हो, त्यसको जानकारी मिल्छ । शिक्षक अभिभावकसंघ (PTA) को व्यवस्था पनि यसकै लागि गरिएको हो ।

प्रगति विवरणमा कुन विद्यार्थीले कुन कुन विषयमा के-कति शैक्षिक उपलब्धि प्राप्त गरेको छ भन्ने कुरा उल्लेख भएको हुन्छ, उक्त विद्यार्थीले कक्षामा कुन स्थान प्राप्त गरेको छ भन्ने थाहा हुन्छ, । कुन विषयमा कति अङ्क उच्चतम अङ्क हो भन्ने जानकारी हुन्छ साथै विद्यार्थीको आचरण, अनुशासन, स्वास्थ्य तथा सफाइ, सामाजिक गुण र अतिरिक्त क्रियाकलापमा सक्रियता आदिको जानकारी हुन्छ । यी विभिन्न कुराहरूको जानकारी भएपछि विद्यार्थीले आफ्नो योग्यता, क्षमता र उपलब्धिको प्रगति गर्ने प्रयास गर्दछ र कमजोरी तथा त्रुटिहरू हटाउने पनि प्रयास गर्दछ । त्यस्तै अभिभावकले आफ्ना छोराछोरीको विभिन्न पक्षमा भएको प्रगति र विकासलाई बुझेर आवश्यकताअनुसार व्यवस्था मिलाउने र अभिभावक आफै छोराछोरीका ती विभिन्न पक्षहरूका प्रगतिका लागि क्रियाशील रहन्छ । यसबाहेक शिक्षकले पनि कमजोर विद्यार्थीको कमजोरी हटाउन आवश्यक सहयोग गर्छ भने राम्रो विद्यार्थीको उपलब्धि अझ राम्रो पार्नमा मद्दत गर्छ । त्यस्तै कुनै विद्यार्थी एक विद्यालयबाट अर्को विद्यालयमा भर्ना वा सरुवा हुँदा, विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउँदा, नोकरीमा छनोट गर्दा, प्रतियोगितामा सम्मिलित गराउँदा, पुरस्कार प्रदान गर्दा सम्बन्धित संस्था वा कार्यालयले विद्यार्थी प्रगति विवरणको प्रयोग गर्दछ । यसरी विद्यार्थी प्रगति विवरण उसको भविष्य बन्ने र बनाउने कार्यमा प्रयोग भएको हुन्छ ।

अभिभावकलाई उनका छोराछोरीले गरेको प्रगतिको विभिन्न किसिमले जानकारी गराउन सकिन्छ । विद्यालयले अभिभावक दिवस मनाउन उनीहरूलाई विद्यालयमा बोलाएर, शिक्षक अभिभावक संघलाई सक्रिय गराएर, अन्य औपचारिक तथा अनौपचारिक अवसरहरूमा भेटघाट तथा छलफल गरेर प्रगतिको जानकारी दिन सकिन्छ । विद्यार्थीले विद्यालयमा गरेका प्रगतिका विवरण राख्न र अभिभावकलाई दिनका निमित्त हरेक विद्यालयले प्रगति विवरण फाराम अर्थात् प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । विद्यार्थीको प्रगति विवरण दिने फारामका विभिन्न नमुनाहरू प्रचलित छन् । विद्यार्थीको प्रगति विवरण दिने फारामको एउटा नमुना यहाँ प्रस्तुत गरिएको छ ।

**विद्यार्थीको प्रगति विवरण**

विद्यार्थीको नाम : कक्षा : सेक्सन : रोल. नं

ठेगाना : उमेर :

| **क्र.सं.** | **विषय** | **पूर्णाङ्क** | **उच्चतम अङ्क** | **मध्यम अङ्क** | **न्यूनतम अङ्क** | **प्राप्ताङ्क** | **विद्यार्थीको नाम** |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | | | | | | १. काम गर्ने बानी<br>(क) अति राम्रो |
| २ | गणित | | | | | | |

<table>
<tr><th>क्र.सं.</th><th>विषय</th><th>पूर्णाङ्क</th><th>उच्चतम अङ्क</th><th>मध्यम अङ्क</th><th>न्यूनतम अङ्क</th><th>प्राप्ताङ्क</th><th>विद्यार्थीको नाम</th></tr>
<tr><td>३</td><td>अङ्ग्रेजी</td><td></td><td></td><td></td><td></td><td></td><td rowspan="5">(ख) राम्रो …..<br>(ग) सुधार्नुपर्ने …..<br>२. सामाजिक बानी<br>(क) अति राम्रो<br>(ख) राम्रो …..<br>(ग) सुधार्नुपर्ने …..<br>३. स्वस्थ आचारसंहिता<br>(क) अति राम्रो<br>(ख) राम्रो …..<br>(ग) सुधार्नुपर्ने …..<br>उपस्थित दिन …..<br>गयल दिन …….</td></tr>
<tr><td>४</td><td>सामाजिक अध्ययन तथा सिर्जनात्मक कला</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td>स्थानीय विषय/मातृभाषा</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

**कक्षा शिक्षकको राय**

(क) मूल्याङ्कन परिणाम :

(ख) कक्षामा विद्यार्थीको क्रम :

………………………… ……………………….

प्रधानाध्यापकको सही कक्षा शिक्षकको सही

## मूल्याङ्कन अभिलेखका रूपमा सञ्चित अभिलेख

विद्यार्थी विद्यालयमा प्रवेश गरेदेखि नै पाठ्यक्रम पाठ्यपुस्तकअनुसारको शिक्षण सिकाइ प्रक्रियाद्वारा विभिन्न कुराहरू सिक्दै गरेको हुन्छ र उसको विभिन्न पक्षमा विकास गर्दै गरेको हुन्छ । यसरी विद्यार्थीका विभिन्न उपलब्धि र विकास कुन वेलामा कुन गतिले भएको छ र उसको व्यक्तिगत जीवनमा कुन घटनाक्रमले केके प्रभाव पारेका छन् भन्ने कुराको वैज्ञानिक तरिकाले तथ्य तथ्याङ्क सङ्कलन गरी राखिएको अभिलेखलाई सञ्चित अभिलेख भन्दछन् । विद्यालयमा राखिने यो एक प्रकारको महत्त्वपूर्ण अभिलेख हो । यसलाई अभिलेखको पनि अभिलेख भनिन्छ ।

विद्यालयमा प्रवेश भएदेखि दुई वा दुई वर्षभन्दा बढी अवधिसम्मको विद्यार्थीको विभिन्न पक्षमा भएका प्रगतिको लेखाजोखा राखिएको फाराम वा अभिलेखलाई सञ्चित अभिलेख भन्दछन् ।

यस अभिलेखमा विद्यार्थीको व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक विवरण, स्वास्थ्य विवरण र आचरण सम्बन्धी विवरणहरू उल्लेख गरिएका हुन्छन् । यी सबै विवरणहरू क्रमानुसार सञ्चित गरी राखिने अभिलेख भएकाले नै सञ्चित अभिलेख भनिएको हो । यस अभिलेखमा सञ्चित गरिने तथ्य तथ्याङ्कको सङ्कलन सम्बन्धित शिक्षक तथा कक्षा शिक्षकले गर्दछन् । यी सङ्कलन भएका जानकारीले विद्यार्थीको व्यक्तिगत उपलब्धि र विकास कुन वेलामा कुन गतिले भएको छ र विद्यालयमा रहुन्जेल कुनकुन घटनाक्रमले केके असर पारेका छन् भन्ने कुरा अवगत हुन्छ । सञ्चित अभिलेखको नमुना यसप्रकार छ :

**सञ्चित अभिलेख**

१. विद्यार्थीको नाम ..............................

फोटो

२. विद्यार्थीको व्यक्तिगत विवरण

(क) जन्म मिति :

(ख) जन्म स्थान :

(ग) ठेगाना :

(घ) विद्यालयमा भर्ना मिति :

३. विद्यार्थीको स्वास्थ्य विवरण

| कक्षा | उचाइ | तौल | रोग भए |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

४. विद्यार्थीको पारिवारिक विवरण

| नाता | शैक्षिक योग्यता | पेसा | जीवित /मृतक |
|---|---|---|---|
| बाबु | | | |
| आमा | | | |
| परिवार सङ्ख्या :<br>दाजुभाइ सङ्ख्या : | | | |

| |
|---|
| दिदीबहिनी सङ्ख्या :<br>विद्यार्थीको जन्मक्रम : |
| विद्यार्थीको संरक्षकको नाम र शैक्षिक योग्यता : |

५. विद्यार्थीको शैक्षिक विवरण

| **क्र.सं.** | **विषय** | **कक्षा** | | | |
|---|---|---|---|---|---|
| | | **निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख** | | | **आवधिक उपलब्धि परीक्षाको प्राप्ताङ्क** |
| | | **अति उत्तम** | **उत्तम** | **सामान्य** | |
| १ | नेपाली | | | | |
| २ | अङ्ग्रेजी | | | | |
| ३ | गणित | | | | |
| ४ | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | | | | |
| ५ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | | | | |
| ६ | स्थानीय विषय/मातृभाषा | | | | |

६. विद्यार्थीको आचरण र स्वभाव विवरण

| **विषय** | **कक्षा .....** | | | **कक्षा ......** | | | **कक्षा .....** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. अनुशासन | अ. | म. | सु. | अ. | म. | सु. | अ. | म. | सु. |
| २. कार्य लगनशील | | | | | | | | | |
| ३. मैत्रीपूर्ण व्यवहार | | | | | | | | | |
| ४. सहयोगको भावना | | | | | | | | | |
| ५. सरसफाइ | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. स्वास्थ्य तन्दुरुस्ती | | | | | | | | | |
| ७. संवेग नियन्त्रण | | | | | | | | | |
| ८. अतिरिक्त कार्य | | | | | | | | | |
| ९. स्वभाव | | | | | | | | | |

| **विद्यार्थीको विवरण** | **कक्षा** | | | | |
|---|---|---|---|---|---|
| | ..... | ..... | ..... | ...... | ....... |
| १. विद्यालय चलेको जम्मा दिन | | | | | |
| २. विद्यार्थी हाजिर जम्मा दिन | | | | | |
| ३. विद्यार्थी गयल जम्मा दिन | | | | | |

उ. - उत्तम, - मध्यम, सु- सुधार गर्नुपर्ने

विद्यार्थीको अभिरुचि :

कुनै महत्त्वपूर्ण घटनाको विवरण :

विद्यार्थीको आचरण -

**सञ्चित अभिलेखको प्रयोग**

यस अभिलेखमा भएको फोटोद्वारा विद्यार्थी को हो र कस्तो छ भन्ने कुराको चिनारी सजिलैसँग गर्न सकिन्छ । अझ विद्यार्थीको व्यक्तिगत विवरणले झन् बढी स्पष्ट पार्दछ । पारिवारिक विवरणले विद्यार्थीको घरको सामान्य परिस्थिति र वातावरणका बारेमा बोध गराउँछ । स्वास्थ्य विवरणले उसको शारीरिक विकास र तन्तुरुस्ती तथा कमजोरीको तथ्य थाहा हुन्छ भने त्यसको असर उसका सिकाइमा केकस्तो भयो भन्ने कुरा शैक्षिक विवरणबाट स्पष्ट झल्कन्छ । यसरी विद्यार्थीबारे प्राप्त तथ्य तथ्याङ्क र सूचनाहरू विवरणहरूको आधारमा उसलाई आवश्यक निर्देशन दिन सकिन्छ र प्रगतिका लागि सहयोगको व्यवस्था मिलाउन सकिन्छ । आचरणसम्बन्धी विवरणले विद्यार्थीमा विद्यमान आचरणहरू राम्रो नराम्रो हेरी आवश्यक सुधार गर्न सकिन्छ । अतः सञ्चित अभिलेखको प्रयोग विद्यार्थीको विकास र प्रगतिका लागि एक अमूल्य साधन र आधार मान्न सकिन्छ ।

अध्ययनरत विद्यालयबाट अर्को विद्यालयमा सरुवा वा कक्षावृद्धि भएर जाँदाखेरि विद्यार्थीको विवरण सरुवा भएर जाने विद्यालयमा पठाइन्छ । यसको प्रयोगद्वारा नयाँ विद्यालय आगन्तुक विद्यार्थीसँग राम्रोसँग परिचित हुन सक्छ र सोहीअनुरूप आवश्यक व्यवस्था मिलाउन तथा निर्णय लिन सक्छ ।

## ७.६ विद्यार्थी उपलब्धिको विश्लेषण र प्रयोग

परीक्षा लिइसकेपछि र उत्तरपुस्तिका जाँच गरिसकेपछि प्रश्नपत्र र उत्तरपुस्तिका दुवै महत्त्वहीन ठान्नु, थन्क्याइदिनु वा फ्याँकिदिनु हुँदैन । किनकि परीक्षाफललाई उपयुक्त किसिमले प्रयोग गरिएन भने निम्नलिखित कुरा थाहा पाउन सकिदैन :

(क) परीक्षाफल राम्रो भएमा के गुणहरूले र नराम्रो भएमा के खराबीहरू वा त्रुटिहरूले गर्दा नराम्रो भयो भन्ने कुरा पत्ता लगाउन प्रश्नहरूको विश्लेषण आवश्यक हुन्छ । प्रश्नपत्रमा भएका विभिन्न गल्तीहरू शिक्षकले बेलामै सुधार गर्ने तरिकाहरू सिक्न सक्दैन, फलस्वरूप प्रश्न निर्माणमा त्यस्ता गल्तीहरू शिक्षकले पुनः दोहोऱ्उने गर्छ र विद्यार्थीहरूको पनि सही लेखाजोखा गर्न सक्षम हुँदैन ।

(ख) कुन कुन विद्यार्थीहरूले कुनकुन प्रश्नहरूमा केकस्ता गल्ती गरेका छन् र केकस्ता तरिकाले ठीक उत्तर दिएका छन् भन्नेबारे सम्झाएर शिक्षकले शैक्षिक प्रगतिमा मद्दत दिन तथा पृष्ठपोषण (feedback) दिन सक्दैनन् । त्यस्तै सिकाइ प्रक्रियामा आत्ममूल्याङ्कन गर्ने तथा दक्षता बढाउने जस्ता कार्य हुन पाउँदैन ।

(ग) परीक्षाफल प्रयोगका आधारमा प्रश्न विश्लेषण गरेर हेर्नाले उद्देश्यअनुरूप निर्माण भएका प्रश्नहरू कुनकुन कति कठिन र कुनकुन सरल भए भन्ने कुरा विद्यार्थीका उत्तरपुस्तिकाहरू परीक्षणबाट थाहा हुन्छ । सोका आधारमा कक्षागत स्तर नमिलेका उद्देश्यहरू औंल्याएर पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा सुधार र संशोधन गर्न सघाउ पुग्छ, तर प्रश्नपत्र तथा उत्तर पुस्तिकालाई परीक्षाफल प्रयोगमा ल्याइएन भने पाठ्यक्रम सुधार र संशोधनका लागि एक महत्त्वपूर्ण आधारको प्रयोग हुन पाउँदैन ।

अतः समग्रमा भन्नुपर्दा परीक्षाफलको प्रयोग निम्न कुराहरूका लागि हुन्छ :

१. प्रश्न विश्लेषण गरेर गल्तीहरू सुधार्न र राम्रो प्रश्न निर्माण गर्ने क्षमता हासिल गर्न ।

२. कक्षामा विद्यार्थीलाई पृष्ठपोषणद्वारा शैक्षिक प्रगतिमा मद्दत गर्न र आत्ममूल्याङ्कन गराउन ।

३. पाठ्यपुस्तक तथा पाठ्यक्रममा आवश्यक सुधार-संशोधनमा सघाउ पुयाउन ।

४. उद्देश्य अनुरूप प्रश्ननिर्माण भएका छन् वा छैनन् भनी हेर्न ।

५. शिक्षणमा सुधार गर्न र सिकाइमा उत्प्रेरणा बढाउन ।

६. अभिभावकले आफ्ना केटाकेटीहरूका पढाइमा सहयोग गर्न । .

## अभ्यास

**(क) तलका प्रश्नहरूका अति छोटा उत्तर दिनुहोस् ।**

१. मूल्याङ्कनको सबैभन्दा महत्त्वपूर्ण साधन कुन हो ?

२. प्रश्न निर्माणको महत्त्वपूर्ण आधार कुन हो ?

३.	कुन किसिमको परीक्षा नेपालमा अधिक प्रयोग गरिन्छ ?

४.	वस्तुगत प्रश्न कति किसिमका हुन्छन् ?

**(ख)	तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्**

१.	मूल्याङ्कनको अर्थ बताउनुहोस् ।

२.	परीक्षा र मूल्याङ्कनमा केके फरकहरू छन् ? कुनै पाँचओटा फरकहरू देखाउनुहोस् ।

३.	"राम्रो परीक्षाका प्रश्नहरूले राम्रो शिक्षणसिकाइलाई प्रोत्साहित गर्छ ।" भन्ने कुरा पुष्टि गर्नुहोस् ।

४.	प्राथमिक कक्षामा मौखिक परीक्षाको महत्त्व बारे बयान गर्नुहोस् ।

५.	वस्तुगत परीक्षाका फाइदाहरू बयान गर्नुहोस् ।

६.	प्रश्न निर्माण गर्दा गर्नुपर्ने मुख्य कार्यहरू स्पष्ट रूपमा उल्लेख गर्नुहोस् ।

७.	परीक्षाफलको प्रयोग भनेको के हो र कसरी हुन्छ ? लेख्नुहोस् ।

८.	विद्यार्थी प्रगति विवरण भनेको के हो ? यसको किन आवश्यक छ ।

९.	सञ्चित अभिलेख राख्नुपर्ने चारओटा कारण दिनुहोस् ।

**(ग)	तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस्**

१.	विद्यालय तहमा प्रचलित परीक्षाका प्रश्नपत्रका प्रकारहरू उल्लेख गरी प्रत्येकका एकएकओटा उदाहरणहरू दिनुहोस् ।

२.	प्रश्नपत्र निर्माणका आधारहरू लेखी तिनको चर्चा गर्नुहोस् ।

३.	विद्यालयहरूमा वर्तमान विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्याहरू लेखी तिनको समाधानका उपायहरू उल्लेख गर्नुहास् ।

**(घ)	प्रयोगात्मक कार्य**

१.	प्राथमिक तहको कुनै एक विषयमा सबै किसिमका ५/५ वटा विषयगत र वस्तुगत प्रश्नहरू बनाउनुहोस् ।

२.	नजिकको प्राथमिक विद्यालयको अवलोकन गरी कुनकुन किसिमका अभिलेख रहेका छन् ? तिनको विवरण तयार गर्नुहोस् ।

३.	विद्यार्थीको प्रगति विवरण दिने फारामको नमुना तयार गर्नुहोस् ।

४.	विद्यालयमा रहेको माध्यमिक तहको विशिष्टीकरण तालिका अध्ययन गरी त्यसका आधारमा प्राथमिक तहको कुनै एक विषयको विशिष्टीकरण तालिकाको नमुना बनाउनुहोस् ।

५.	प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका वर्तमान पाठ्यक्रमले केकस्तो मूल्याङ्कनको व्यवस्था गरेका छन् ? शिक्षकको सहयोगले अध्ययन गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

६.	तपाईंले अध्ययन गरेको संस्थामा प्रयोग गरिएको लब्धाकपत्रको नमूना प्राप्त गरी त्यसको सबलपक्ष र कमजोर पक्षबारे टिप्पणी गर्नुहोस् ।

**एकाइ : ८**

# असल विद्यार्थी तथा शिक्षकका गुणहरू

## शिक्षकको परिचय

शिक्षणसिकाइ प्रक्रियामा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षणसिकाइ प्रक्रियामा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षणपद्धति आदिको प्रभावकारी स्थान रहेको हुन्छ तापनि शिक्षकले उपयुक्त वातावरण सिर्जना गरी सबैको उचित प्रयोग गरी विद्यार्थीलाई आवश्यक ज्ञान र सीप प्रदान गर्न सकेमा मात्र शिक्षणसिकाइले सार्थकता प्राप्त गर्दछ । त्यसैले शिक्षण प्रक्रियाको केन्द्रीय व्यक्ति नै शिक्षक हो । प्राचीनकालमा शिक्षकलाई विभिन्न नामले उनका कार्यअनुसार सम्मान गर्ने गरिन्थ्यो । त्यसवेला शिक्षकको सम्मान समाजमा सर्वोपरि थियो । उनीहरूको जीवन मार्ग समाजका सबै वर्गलाई अनुकरणीय हुन्थ्यो । विद्यादान गर्नु र विना लोभले बालबालिकालाई अध्यापन गर्नु आफ्नो कर्तव्य ठानिथ्यो ।

प्राचीनकालमा गुरुलाई सर्वज्ञ, सत्यज्ञ, संसारमा भएभरिका. ज्ञानले पूर्ण भएको भनी अनेक नामले पुकारिन्थ्यो । यो परम्परा यस हिमवत्खण्डमा धेरै समयसम्म चलिरह्यो । पाश्चात्य शिक्षाप्रणालीको प्रवेश भएपछि पूर्वीय शिक्षण परम्परामा परिवर्तन भए पनि शिक्षकको स्थान समाजमा सम्मानजनक र महत्त्वपूर्ण रहेकै छ । जनताले आफ्ना बालबालिकालाई योग्य बनाउन शिक्षकको जिम्मामा विद्यालयमा पठाउँछन् । शिक्षकले विद्यार्थीलाई अक्षरारम्भदेखि उच्च शिक्षा दिइरहेको हुन्छ । उसले विद्यार्थीमा अध्ययनप्रति जिज्ञासा उत्पन्न गराउँछ, पढ्न प्रेरणा दिन्छ, नयाँ-नयाँ ज्ञान, सीप र धारणा सिकाउँछ, विगतको अनुभव दिन्छ, वर्तमानमा परिश्रम गर्न सिकाउँछ र भविष्यको मार्गदर्शन गराउँछ । प्रत्येक वर्ष संसारमा ज्ञानराशि थपिइरहेको छ । हिजोको मूल्य र मान्यता, तथ्य र तथ्याङ्कहरूमा परिवर्तन भएको छ । अभिभावकहरू आफ्ना बालबालिकालाई सबल, सक्षम, सीपसम्पन्न भएको देख्न चाहन्छन । मानिसलाई आइपर्ने प्रत्येक हाँकलाई सामना गर्न सक्ने जनशक्ति उत्पादनका लागि राष्ट्रले अपार धनराशि लगानी गरेको हुन्छ ।

आजका कलिला बालबालिकामा आफ्नै भविष्य, अभिभावकको आशा र राष्ट्रको भरोसा रहेको हुन्छ । यी सबैको प्राप्तिका लागि अभिभावक र राष्ट्रले बालबालिकालाई शिक्षकको हातमा सुम्पेको पाइन्छ । अतः शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो । असल शिक्षकको सहायताबाट शिक्षाको उद्देश्य पूरा हुन सक्छ । शिक्षकको बानी व्यहोरा, आचरण र जीवन पद्धतिको प्रत्यक्ष प्रभाव विद्यार्थी, समाज, समुदाय र राष्ट्रमाथि पर्दछ । त्यस्तै शिक्षकको आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बनेको हुन्छ । अतः शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आदर्श गुणहरू हुनुपर्दछ ।

## ८.१ असल शिक्षकका गुणहरू

शिक्षक एउटा व्यक्ति हो अतः ऊ असल व्यक्ति हुनु पर्दछ । ऊ एउटा सामाजिक प्राणी हो उसमा समाजमा मिलेर सामान्य जीवन व्यतीत गर्न सक्ने गुण हुनुपर्छ । त्यस्तै शिक्षकले समाजमा उपदेशक, व्याख्याता वा मार्गदर्शकको भूमिका निर्वाह गरेको हुन्छ, अतः उसमा

प्राज्ञिक वा शैक्षिक गुण हुनु पनि उत्तिकै आवश्यक हुन्छ । यस सम्बन्धमा गहन अनुसन्धानहरू भएका छन् । कुन-कुन गुणले असल शिक्षक बन्न सहयोग मिल्छ, कस्ता-कस्ता कुराबाट शिक्षक टाढा रहनुपर्छ भन्ने कुरामा चर्चा गरिने छ ।

चार्टस् र वापल्स् (Charters and Waples) को अनुसन्धानबाट निकालिएको निष्कर्षअनुसार शिक्षकमा निम्न गुणहरू हुनु आवश्यक छ :

| | | | |
|---|---|---|---|
| १. | अनुकूलता | २. | आकर्षक चेहरा |
| ३. | सावधान | ४. | अर्काका निमित्त सहानुभूति |
| ५. | सहयोगी | ६. | व्यवहारमा एकरूपता |
| ७. | कुशल | ८. | राम्रो स्वास्थ्य |
| ९. | इमान्दारिता | १०. | नेतृत्व तथा आत्मविश्वास |
| ११. | स्वच्छता | १२. | मौलिकता |
| १३. | प्रगतिशीलता | १४. | नियम पालन कर्ता |
| १५. | नम्रता तथा नैतिकता | १६. | विद्वता |

यसरी नै विभिन्न अनुसन्धानबाट शिक्षकमा विभिन्न गुणहरू हुनुपर्छ भनी निष्कर्ष निकालेको छ । यसरी सवै गुणहरूलाई एकै ठाउँमा राखी शिक्षकले निर्वाह गर्ने वैयक्तिक, सामाजिक एवम् प्राज्ञिक भूमिकाको आधारमा शिक्षकका गुणलाई पनि निम्न वर्गमा विभाजन गरिएको छ :

१. वैयक्तिक तथा चारित्रिक गुणहरू

२. पेशागत वा शैक्षिक गुणहरू

३. सामाजिक गुणहरू

### ८.१.१ वैयक्तिक तथा चारित्रिक गुणहरू

शिक्षक पनि एउटा व्यक्ति हो । जसरी एउटा असल व्यक्तिले आफू, आफ्नो समुदाय, राष्ट्र र मानव सभ्यतालाई नै योगदान दिएको हुन्छ त्यसरी नै एउटा असल शिक्षकले पनि कार्य गर्न सक्तछ । कोही पनि मान्छे आफलाई सभ्य, सुसंस्कृत र योग्य नभई अरूलाई मार्गदर्शन गर्न सक्तैन । एउटा असल शिक्षकमा के-कस्ता गुणहरू हुनुपर्दछ र कस्ता गुणले उसलाई महान् बनाएको हुन्छ यस सम्बन्धमा चर्चा गरिनु उपयुक्त छ । हुन त शिक्षकमा धेरै वैयक्तिक तथा चारित्रिक गुणहरू हुनु आवश्यक छ यहाँ शिक्षकका मुख्यमुख्य वैयक्तिक गुणहरू तल प्रस्तुत गरिएका छन् :

**१. राम्रो स्वास्थ्य :** व्यक्तिलाई नभई नहुने पहिलो गुण असल स्वास्थ्य हो । शरीर र मन एक अर्काका परिपूरक रहन्छन् । असल र राम्रो स्वास्थ्य भएको व्यक्तिमा राम्रो बुद्धि रहन्छ र राम्रो वुद्धिबाट पनि असल स्वास्थ्य कायम गर्न सकिन्छ । शारीरिक, मानसिक तथा संवेगात्मक पक्षको सन्तुलित विकासलाई नै राम्रो विकास भनिन्छ । यदि व्यक्ति स्वस्थ छ भने उसले राम्रोसँग कुनै पनि कार्य सम्पन्न गर्न सक्छ । यस्तै स्वस्थ

शिक्षकले राम्ररी अध्यापन गर्न सक्तछ र गहनभन्दा गहन जिम्मेवारी सजिलैसँग वहन गर्न सक्तछ । अतः शिक्षकको नभई नहुने वैयक्तिक गुण असल स्वास्थ्य हो ।

२. **आकर्षक शारीरिक व्यक्तित्व :** कुनै व्यक्तिको पहिलो उपस्थिति त्यसको आकृति हुन सक्छ । त्यसैले शिक्षक विद्यालय परिसरमा बा कक्षाकोठामा प्रवेश गर्दा स्वच्छ र सफा भई प्रवेश गर्नुपर्दछ । हँसिलो र खुसी देखिनुपर्दछ । अनुहारलाई आकर्षक बनाई देखा पर्नुपर्छ । यसको लागि जन्मजात सुन्दररूपको आवश्यकता पर्दैन । उसमा कोरेको कपाल, मुखमा मुस्कान र शरीरमा फुर्ति आवश्यकता हुन्छ । यसैले आकर्षक शारीरिक व्यक्तित्व शिक्षकको वैयक्तिक गुणका रूपमा लिइएको छ ।

३. **मीठो बोली :** शिक्षकले शिक्षक, विद्यार्थी र अभिभावकका सामु कुनै पनि कुरा राख्दा मीठो र मलिन स्वरमा बोल्नुपर्छ । बालबालिकालाई सुरिलो, आकर्षक एवम् लचिलो स्वरले आकर्षण गर्दछ । स्वरमा मिठास हुनुपर्दछ, विषयवस्तुको प्रस्तुतिमा परिस्थितिअनुसार स्वरमा आरोह र अवरोह मिलेको हुनुपर्छ । संयमित रूपमा मीठो स्वरमा प्रस्तुत भएको कुरालाई विद्यार्थीले सजिलै ग्रहण गर्दछन् । अतः एक असल शिक्षकले सधैं मायालु र मिठासपूर्ण भाषामा शिक्षण गर्नुपर्दछ ।

४. **रुचि एवम् उत्साह :** शिक्षकमा हुनुपर्ने अर्को व्यक्तिगत गुण रुचि तथा उत्साह हो । शिक्षक आफ्नो पेसाप्रति उत्साही छैन र शिक्षणमा रुचि छैन भने त्यस्ता शिक्षकको अध्यापनबाट विद्यार्थीहरूले प्रेरणा पाउन सक्तैनन् । उसको शिक्षण रुचिपूर्ण नभई विद्यार्थीलाई पट्यारिलो बनी कतिखेर कक्षाबाट शिक्षक बाहिर जाला भन्ने हुन्छ । यसैले शिक्षकमा नभई नहुने कुरा पेसाप्रति रुचि र अध्यापनप्रति उत्साह हो । अतः पेसाप्रति रुचि र उत्साह हुनु एउटा असल शिक्षकमा हुनुपर्ने वैयक्तिक गुण हो ।

५. **धैर्यता एवम् शहनशीलता :** कक्षामा विभिन्न तहका विद्यार्थीहरू हुन्छन् । कोही तीखो मनमस्तिष्कका हुन्छन् कोही मध्यम तथा निम्न । कक्षाकोठा शिक्षणका क्रममा विभिन्न समस्या आउन सक्छन् जस्ता समस्या आए पनि धैर्य गर्न सक्नुपर्छ । सहनशीलता र धैर्यता शिक्षकको वैयक्तिक गुण हो ।

६. **प्रेम एवम् सहानुभूति :** शिक्षकमा प्रेम, माया, सहानुभूतिको भाव हुनुपर्दछ । जसले आफ्ना विद्यार्थीलाई प्रेम र स्नेहपूर्वक पढाउँछ सहानुभूति देखाउँछ विद्यार्थीहरूले पनि उसलाई हितैषी एवम् मित्र ठान्दछन् । विद्यार्थीले नजानेको विषयमा विना हिच्किचावट शिक्षकलाई सोध्छन् । यसबाट शिक्षक र विद्यार्थीका बीच डर र त्रास रहँदैन शिक्षण प्रक्रिया प्रभावकारी बनाउन सहयोग पुग्दछ ।

७. **आत्मविश्वास तथा दृढ इच्छाशक्ति :** आफूले पढाएको विषयवस्तुमा दरिलो विश्वास हुन आवश्यक छ । आत्मविश्वास नभएका शिक्षकको शिक्षणप्रति विद्यार्थीमा द्विविधा उत्पन्न हुन्छ । दृढ इच्छाशक्ति नभएका व्यक्तिमा घबडाहट उत्पन्न भई कहिलेकाही सन्तुलन हराउन सक्छ । विद्यार्थीबाट कुनै समस्या आयो भने आत्मविश्वास तथा दृढ इच्छा शक्तिका साथ समाधान गर्नुपर्छ । अतः शिक्षकमा नभई नहुने वैयक्तिक गुणमध्ये आत्मविश्वास र दृढ इच्छाशक्ति पनि हुन् ।

८. **नैतिक तथा चरित्रवान् :** समाजले आ-आफ्नै मूल्य र मान्यता स्थापना गरेको हुन्छ । सामाजिक मूल्य एवम् मान्यतालाई जसले मर्यादा र आदर गर्छ त्यस्ता व्यक्तिलाई

नैतिक र चरित्रवान् भन्दछन् । शिक्षक समाजको पथ प्रदर्शक हो उसको प्रत्येक व्यवहार समाजले अवलोकन गरेको हुन्छ । शिक्षकमा कत्तिको सत्यता, इमानदारीता. कर्तव्य परायणता, लगनशीलता, न्यायप्रियता, निष्पक्षता र त्याग आदि गुण छन् यिनको कत्तिको पालना भएको छ यसैमा नै शिक्षक कत्तिको नैतिक छ र चारित्रवान् छ भन्ने कुरा विद्यार्थी, अभिभावक र समाजले आँकलन गरिरहेको हुन्छ । अतः असल शिक्षक नैतिक र चरित्रवान हुन अत्यावश्यक छ ।

९. **मौलिकता :** प्रत्येक व्यक्तिमा अन्य व्यक्तिभन्दा भिन्न ठानिने गुण मौलिकता हो । एउटा शिक्षकमा मौलिक शिक्षण प्रक्रिया हुनुपर्दछ । नयाँ समस्यासँग समाधान गर्न नयाँ परिस्थिति अनुसार चल्न सक्ने क्षमता हुनुपर्दछ । शिक्षकमा हुने मौलिक एवम् विचार मौलिक शैलीले विद्यार्थीलाई प्रभाव पारेको हुन्छ ।

### ८.१.२ पेशागत वा शैक्षिक गुणहरू

शिक्षक एउटा व्यावसायिक व्यक्ति हो । आफ्नो व्यवसायलाई राम्ररी सञ्चालन गर्नका लागि व्यावसायिक गुण हुनुपर्दछ । उसमा शैक्षिक तथा प्राज्ञिक पक्षको राम्रो ज्ञान हुनु अत्यावश्यक मानिन्छ । बाल मनोविज्ञान, राष्ट्र, समाज र विद्यार्थीको शैक्षिक अवस्था, कमजोर विद्यार्थीलाई सुधार गर्ने उपचारात्मक प्रक्रिया, शिक्षण कला, विषयवस्तुको गहन ज्ञान आदि कुरा एउटा शिक्षकमा हुनुपर्दछ । एउटा शिक्षकमा हुनुपर्ने पेशागत तथा शैक्षिक गुणहरूलाई तल प्रस्तुत गरिएको छ :

१. **विषयवस्तुको राम्रो ज्ञान :** शिक्षक विद्यालयमा जुन विषय अध्यापन गर्दछ, त्यो विषयको गहिरो जानकारी उसमा हुनुपर्दछ । कुनै पनि व्यक्ति विषयवस्तुको राम्रो ज्ञानको अभावमा शिक्षक बन्न सक्तैन । भनाइ छ कि एउटा अयोग्य चिकित्सक रोगीको शारीरिक हितका निमित्त मात्र खतरनाक हुन्छ, तर एक अयोग्य शिक्षक सिङ्गो राष्ट्रका निमित्त नै घातकसिद्ध हुन्छ, किनभने उसले आफ्नो छात्रछात्राको मस्तिष्कमा विकृतिमात्र उत्पन्न नगराई सम्पूर्ण राष्ट्रको विकासमा अवरोध गरेको हुन्छ । यसर्थ शिक्षक आफूले शिक्षण गर्ने विषयमा पारङ्गत हुनुपर्दछ । यसका अतिरिक्त अन्य विषयहरूको पनि जानकारी हुनु वाञ्छनीय हुन्छ ।

२. **शिक्षण कौशल :** ज्ञान प्राप्त गर्नु एउटा पक्ष हो भने ज्ञान अरूसम्म पुऱ्याउनु अर्को पक्ष हो । शिक्षकका लागि पढाउने भन्ने कुराको जानकारीमात्र आवश्यक हुँदैन, बरु कसलाई के कसरी पढाउने भन्ने कुराको जानकारी त्यत्तिकै आवश्यक हुन्छ । शिक्षण एक कला र विज्ञान हो.। अतः शिक्षक शिक्षण कला र विज्ञान दुबैमा निपुण हुनु जरुरी हुन्छ । नयाँनयाँ शिक्षण पद्धतिको ज्ञान हुनु आवश्यक छ । यस्तै विभिन्न प्रक्रियाबाट विषयवस्तुको प्रस्तुति गर्ने शिक्षण कौशल आवश्यक हुन्छ ।

३. **बाल मनोविज्ञानको ज्ञान :** शिक्षकमा हुनुपर्ने एउटा अर्को आवश्यक गुण बालमनोविज्ञानको ज्ञान हो । बालबालिकाको प्रकृति, स्तर, इच्छा, रुचि, आवश्यकता, प्रवृत्तिहरूको जानकारी नरहेसम्म शिक्षकले प्रभावकारी ढङ्गले शिक्षण गर्न सक्तैन । प्रसिद्ध प्रकृतिवादी शिक्षाशास्त्री रुसोको कथन यसप्रकार छ - "बालक एउटा यस्तो पुस्तक हो, जसको आद्योपान्त अध्ययन शिक्षकले गर्नुपर्छ ।"

४. **शिक्षा पद्धतिको ज्ञान :** देशमा लागू भएको शिक्षा पद्धतिको विभिन्न पक्षहरूको जानकारी शिक्षकहरूमा रहनु नितान्त आवश्यक हुन्छ । खास गरी शिक्षाका राष्ट्रिय उद्देश्यहरू के-के हुनु, शिक्षाको सङ्गठन कसरी भएको छ, पाठ्यक्रमको स्तर के छ ? मूल्याङ्कन र परीक्षा प्रणाली कसरी सञ्चालित छ आदि कुराको ज्ञान शिक्षकमा भएमात्र उसले शिक्षा पद्धतिको कुशल परिचालन गरी लक्ष्य प्राप्तितर्फ विद्यार्थीलाई डोऱ्याउन सक्दछ ।

५. **उत्तरदायित्वको बोध :** शिक्षकलाई यो कुरा थाहा हुनुपर्दछ कि उसलाई कुन उत्तरदायित्व अर्थात् कुनकुन जिम्मेवारीहरू सुम्पिएका छन् । पेसाप्रति निष्ठावान्, सकारात्मक, कर्तव्यप्रति लगनशील, उत्तरदायित्वप्रति सचेत शिक्षक नै सफलताको चुचुरोमा पुग्न सक्तछ । यदि आफ्नो पेशाप्रति शिक्षक निष्ठावान् छैन वा शिक्षण पेसाप्रति उसमा गौरव र स्वाभिमान हुँदैन भने ऊ कहिल्यै पनि सफल शिक्षक बन्न सक्दैन ।

६. **शिक्षण विधि र शिक्षण सामग्रीको ज्ञान :** शिक्षकमा शिक्षण विधि र शिक्षण सामग्रीको पर्याप्त जानकारी रहनुपर्दछ । ती विधि र सामग्रीहरूलाई कसरी, कुन अवस्थामा, कुन उद्देश्यका निमित्त प्रयोग गर्ने भन्नेबारेमा पनि ज्ञान हुनुपर्दछ । पाठ्यपुस्तकमा भएका कुरा एवम् पाठ्यक्रमले निर्धारण गरेका कुरा विद्यार्थीलाई सिकाउनु पर्छ । स्थानीय उपलब्ध सामग्री प्रयोग गर्ने तथा शिक्षण सामग्री निर्माण गर्ने ज्ञान हुन पनि उत्तिकै आवश्यक ठानिन्छ ।

७. **जिज्ञासु र अध्ययनशील :** एक पटक सिकेको ज्ञान सबै समयका लागि उत्तिकै उपयोगी हुन सक्छ भन्ने छैन । परिवर्तनशील यस युगमा दिनप्रतिदिन नयाँ कुराहरूको खोज र विकास भइरहेको छ । नयाँनयाँ खोजी, विकास अर्थात् परिवर्तनहरूका बारेमा परिचित भएमात्र शिक्षकले एउटा सार्थक जीवन व्यतीत गर्न सक्दछ । शिक्षा क्षेत्रमा दिनदिनै नयाँनयाँ विधि, तरिका, प्रणाली आदिका विकास भइरहेको हुन्छ । शिक्षकले पढाउने विषयमा पनि प्रतिदिन नयाँ कुराहरू निस्किरहेका हुन्छन् । एउटा असल शिक्षकले यी सबै विकासहरूप्रति जागरुक, सचेत हुनुपर्दछ र आफूलाई सधैं अध्ययनशील बनाउन सक्नुपर्छ । ज्ञान प्राप्तिको जिज्ञासा र अध्ययनले मात्र शिक्षकमा व्यावसायिक परिपक्वता आउँछ ।

८. **प्रयोग र अनुसन्धानमा दक्षता :** विज्ञानजस्ता विषयमा प्रयोगको ठूलो महत्त्व छ । कुनै पनि कुरालाई कसरी प्रभावकारी ढङ्गले शिक्षण गर्न सकिन्छ, यसरी प्रयोग गरेमा के हुन्छ भन्ने तार्किक भावना एउटा असल शिक्षकमा हुनु अत्यावश्यक छ । अध्यापनका क्षेत्रमा प्रभावकारी शिक्षणसिकाइ गर्न केकस्ता कार्य र अनुसन्धान भएका छन् तिनको राम्रो अध्ययन गर्नुपर्छ र आफै पनि अनुसन्धान गर्ने र प्रयोग गर्ने कुरामा निपुण हुनुपर्छ ।

९. **सिकाइ प्रक्रियाको ज्ञान :** विद्यालयमा विद्यार्थीहरू सिक्नका निमित्त आएका हुन् भने शिक्षकको कर्तव्य बालबालिकाहरूलाई सिकाउनु वा सिक्ने कार्यमा सघाउ पुयाउनु हो । शिक्षकले यो कार्य त्यस वेलामात्र राम्रोसित पूरा गर्न सक्छ, जब उसमा सिकाइ प्रक्रियाको पूरा जानकारी हुन्छ । खास गरी सिकाइ के हो ? सिकारुलाई सिकाइप्रति कसरी प्रेरित गराउन सकिन्छ ? सिकाइ कसरी हुन्छ ? सिकाइमा प्रभाव

पार्ने तत्वहरू के-के हुन् ? जस्ता कुराहरूको ज्ञान नभईकन शिक्षकले न त सिकाउन सक्छ न त सिकाइका लागि सहयोग पुयाउन सक्दछ ।

### ८.१.३ सामाजिक गुणहरू

शिक्षक पनि समाजको अन्य व्यक्तिसरह एक सामाजिक प्राणी हो । समाजको संरचनामा उसको पनि थोरैधेरै योगदान रहेको हुन्छ । समाज भन्नु नै सबै सदस्यको साझा मूल्य र मान्यताको समष्टिगत रूप हो । प्रत्येक समाजका आफ्नै मूल्य, मान्यता, रीतिरीवाज, परम्परा, संस्कृति आदि रहेको हुन्छ । यसप्रति अनुकूल आचरण गर्नु एउटा शिक्षकका लागि ज्यादै नै महत्त्वपूर्ण मानिन्छ किनभने समाजका सबै सदस्यले प्रत्यक्ष रूपमा बालबालिकालाई शिक्षकको जिम्मा दिएका हुन्छन् । अर्को अर्थमा समाजको शैक्षिक नेतृत्व दिने अभिभारा शिक्षकमाथि सुम्पिएको हुन्छ । अतः शिक्षकले सधैं समाजमा उच्च भूमिकाको निर्वाह गर्नुपर्दछ । समग्रमा शिक्षकका सामाजिक गुणहरू तल प्रस्तुत गरिएको छ :

१. **पक्षपातरहित :** एउटा विद्यालयमा विभिन्न जाति, धर्म, वर्ग तथा भिन्न-भिन्न पृष्ठभूमि बोकेका बालवालिकाहरू अध्ययन गर्न आउँछन् । शिक्षकले यी समस्त विद्यार्थीहरूप्रति समान व्यवहार गर्नुपर्छ किनभने पक्षपातपूर्ण व्यवहार गर्यो भने उसप्रति विद्यार्थीहरूमा असन्तोष भाव जागृत हुन सक्छ । जब विद्यार्थी शिक्षकले समान व्यवहार गरिरहेको अवस्थामा पाउँछन् तब उनीहरूमा उसप्रति अगाध श्रद्धा र सम्मानको भाव रहन्छ ।

२. **स्पष्टवक्ता :** शिक्षकमा विद्यमान हुनुपर्ने अर्को सामाजिक गुण निष्कपटता हो । विद्यार्थीहरूका बारेमा स्पष्ट रूपमा मनमा कुनै पनि किसिमको कपट नराखी विचारहरू राख्न सक्नुपर्दछ । विद्यार्थीलाई स्पष्टरूपमा सन्तुलित व्यवहार गर्नुपर्छ ।

३. **सहयोगी :** विद्यार्थीहरू आफ्ना शिक्षकहरूबाट सिकाइका अवस्था र अवसरहरूमा सहयोगको अपेक्षा राख्छन् । विद्यार्थीहरूलाई उनीहरूका कठिनाइहरू हटाउनु र प्रभावपूर्ण तरिकाले सिक्नका निमित्त सहयोग पुऱ्याउनु शिक्षकको मुख्य कर्तव्य पनि हो । विद्यार्थीहरूको आशा पूरा गरिदिन र आफ्नो दायित्व निर्वाह गर्नसमेत शिक्षकमा सहयोगी भावना हुनुपर्छ ।

४. **मानवीयसम्बन्ध कायम गर्ने सीप :** शिक्षकमा विद्यार्थीहरू, अभिभावक तथा समाजका अन्य मानिसहरूसित सुमधुर मानवीय सम्बन्ध स्थापना तथा कायम गर्ने सीप हुनु अत्यावश्यक छ । मानवीय सम्बन्ध भन्ने वित्तिकै मानव मानवका बीचमा हुने सम्बन्ध हो । स्नेह, सहयोगीपन, आत्मीयता यी सबै गुणले शिक्षक अन्य समुदायसँग घुलमिल हुन सक्छ । विद्यार्थीलाई माया र स्नेहपूर्वक अध्यापन गर्ने तथा अभिभावकसँग विद्यार्थीको प्रगतिका सम्बन्धमा चर्चा गर्ने आदि कार्य शिक्षकले गर्नुपर्छ ।

५. **सेवाको भाव :** कुनै पनि समाजमा कार्य गर्नका निमित्त सेवाको भाव रहनु आवश्यक हुन्छ । शिक्षकहरूमा विद्यार्थी तथा अन्य व्यक्तिहरूलाई सेवा उपलब्ध गराउने इच्छा हुनुपर्छ । सेवाभाव भएका शिक्षकलाई विद्यार्थीहरूले सम्मान तथा आदर गर्दछन् । मुख्य रूपमा शिक्षण पेसा धन आर्जन गर्ने पेसा होइन । अतः शिक्षकहरूले शिक्षण पेसालाई नै सेवाको रूपमा लिनुपर्छ ।

६. **विनयशील :** शिक्षक पनि एउटा सामाजिक व्यक्ति हो । ऊ त्यतिमात्र होइन समाजलाई बाटो देखाउने व्यक्ति पनि हो । यसैले उसमा विनयभाव हुनु अत्यावश्यक हुन्छ किनभने शिक्षकले विद्यार्थीलाई पढाएका कुरामात्र अनुकरणीय हुँदैनन् उनीहरूले शिक्षकका प्रत्येक संवेगात्मक कुराहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सिकेका हुन्छन् । अतः शिक्षक नम्र हुनुपर्छ उसले विद्यार्थी र समाजका अन्य व्यक्तिहरूसँग शिष्ट र भद्र व्यवहार गर्नुपर्छ ।

७. **विनोदप्रिय :** एउटा शिक्षक र विद्यार्थीबीचको सम्बन्ध शिक्षक कुन हदसम्म विनोदप्रिय छ, त्यसले प्रभावित गर्दछ । साधारणतया छात्रछात्राहरू एउटा आनन्ददायक, रोचक तथा विनोदपूर्ण वातावरणमा सिक्न रुचाउँछन् । यस्तो वातावरणको सिर्जना गर्नका निमित्त शिक्षक स्वयम् विनोदप्रिय हुनु जरुरी हुन्छ । एउटा रमाइलो व्यक्तिले मात्र अरूहरूलाई सजिलोसित प्रभावित गर्न सक्दछ ।

८. **नेतृत्व लिन सक्ने क्षमता :** शिक्षकमा नेतृत्व लिन सक्ने क्षमता हुनु पनि अनिवार्य हुन्छ । विद्यार्थीहरूलाई मार्गदर्शन तथा पथप्रदर्शन गर्न सक्नु, समूहमा घुलमिल भएर काम गर्न सक्नु र सहायता प्रदान गर्न सक्नु शिक्षकको एउटा महत्त्वपूर्ण गुण हो । विद्यार्थीहरूलाई लक्ष्य प्राप्तितर्फ डोऱ्याउन सक्ने क्षमता शिक्षकमा हुनुपर्दछ । शिक्षकले विद्यार्थीहरूमा अन्तर्निहित नेतृत्वका गुणहरू पनि चिन्नुपर्दछ । उनीहरूमा नेतृत्वको विकास गराउनुपर्छ ।

९. **समुदायको ज्ञान :** विभिन्न समुदायमा रहनसहन, चालचलन, बोलीचाली, आर्थिकस्तर, संस्कृति, परम्परा आदि फरक हुन्छन् । समुदायमा हुने विभिन्नताका कारण समुदायका शैक्षिक आवश्यकताहरू र शिक्षाप्रतिको दृष्टिकोण पनि फरकफरक हुन्छ यसका साथै समुदायका पारिबारिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक पृष्ठभूमि पनि फरकफरक हुन्छन् । यसले विद्यालयमा प्रत्यक्ष रूपमा प्रभाव पार्दछ । यसकारण शिक्षकमा समुदायका विभिन्न कुराहरूको ज्ञान हुनु नितान्त आवश्यक छ । समुदायका विभिन्न मानिसहरूसित भेटघाट गरी काम गर्न सक्ने क्षमता हुनु पनि जरुरी हुन्छ ।

अन्त्यमा हामी के भन्न सक्दछौं भने कुनै पनि व्यक्ति शिक्षण पेसामा कति हदसम्म सफल छ वा सफलता हासिल गर्न सक्दछ भन्ने कुरा उसमा निहित व्यक्तिगत, नैतिक, सामाजिक तथा शैक्षिक गणहरूमा भरपर्दछ । असल वा सफल शिक्षक भन्न यी तीनै प्रकारका गुणहरूको योगफल हो ।

## ८.२ शिक्षकको काम र कर्तव्य

हरेक जिम्मेवारी लिने व्यक्ति वा पदाधिकारीका आ-आफ्ना कर्तव्य हुन्छन् । उनीहरूले आफ्ना अधिकारसँगै कर्तव्यको पालना गर्नुपर्दछ । त्यस्तै गरी एउटा राष्ट्र सेवकका हैसियतले शिक्षकले पनि निश्चित कर्तव्यहरू पालना गर्नुपर्दछ । आफूले शिक्षक पदको जिम्मेवारी लिँदा खाएको सपथअनुसार काम गर्नु उसको मुख्य कर्तव्य हो । त्यसैगरी शिक्षा ऐन तथा नियमावली र सरकारले दिएका निर्देशनहरूको पालना गर्नु अर्को उसको कर्तव्य हो ।

शिक्षकले मूलतः विद्यार्थीको चौतर्फी विकासका लागि हरेक समय दत्तचित्त हुनुपर्दछ । वास्तवमा प्रभावकारी शिक्षणसिकाइ प्रक्रिया सञ्चालन गर्ने गुरुतर दायित्व शिक्षककै हो । उसले शिक्षण प्रक्रियामा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री,

कक्षाकोठाको वातावरण र विद्यार्थीबीच सामान्जस्य ल्याई प्रभावकारी शिक्षण गर्नु उसको मुख्य कर्तव्य हो । विद्यालयमा उपयुक्त वातावरण सिर्जना गरी पठनपाठन प्रक्रियालाई व्यवस्थित, योजनाबद्ध र व्यावहारिक बनाउन गरिने हरप्रकारका क्रियाकलाप शिक्षकले सकारात्मक मनोवृत्तिका साथ गर्नु गराउनुपर्दछ । वर्तमान समयमा शिक्षक वर्गमा सकारात्मकभन्दा नकारात्मक मनोवृत्ति बढेको भनेर दोष थोपरिन थालेको पाइन्छ । तसर्थ शिक्षकले सधैं सकारात्मक मनोवृत्ति राख्नु पनि उसको प्रमुख कर्तव्य हो । खालि शिक्षक भएकै कारणले पाउने सेवा सुविधा मात्र खोज्नु र आफ्नो कर्तव्य, जिम्मेवारी पूरा नगर्नु असल शिक्षकको विशेषता होइन ।

शिक्षकले आफ्नो पेसाप्रति सकारात्मक दृष्टिकोणले हेर्दै सधैं उच्च मनोवलका साथ काम गर्न आवश्यक हुन्छ । मूलतः शिक्षण पेसामा शिक्षकले निम्नानुसारका सकारात्मक मनोवृत्ति राख्नु उसको कर्तव्य हो :

१. सधैं रचनात्मक र सकारात्मक दृष्टिकोण राख्ने ।

२. शिक्षण कार्यलाई रुचिपूर्ण र रमाइलो मान्ने ।

३. दिइएको जिम्मेवारी इमानदारी साथ पूरा गर्ने र थप जिम्मेवारी दिइएमा पनि अनिच्छा प्रकट नगर्ने ।

४. स्फूर्ति, उत्साह, लगनशीलता, समयप्रति सचेतता र सधैं हँसिलो मुद्रा प्रदर्शन गर्ने ।

५. सहयोगी भावना राख्ने ।

६. पेसाप्रति प्रतिबद्ध र बफादार रहने ।

७. व्यावसायिक छलफल, बैठक, तालिम तथा सम्मेलनमा भाग लिन उत्सुकता देखाउने ।

८. म, मैले, मलाई जस्ता शब्द प्रयोग नगरी हामी, हामीलाई, हाम्रो, हामीले शब्द प्रयोग गर्ने वा साझा प्रवृत्ति विकास गर्ने ।

९. कर्तव्यका साथ अधिकारको प्रयोग गर्न निडर रहने ।

## ८.३ शिक्षकको आचार संहिता

यसरी शिक्षकले शिक्षण पेसाप्रति सकारात्मक मनोवृत्ति राख्नु उसको मुख्य कर्तव्य हो । शिक्षकलाई सही कर्तव्य पथमा हिँडाउन पुरस्कार, दण्ड र सजायको उपयुक्त व्यवस्था गरी राम्रो काम गर्नेलाई पुरस्कार, बढुवा आदि कार्यद्वारा उत्प्रेरित गर्न आवश्यक हुन्छ भने नराम्रो काम गर्नेलाई प्रभावकारी दण्ड सजायको पनि व्यवस्था गरिनुपर्दछ । यसै कुरालाई दृष्टिगत गरी शिक्षा नियमावलीले शिक्षकले पालना गर्नुपर्ने विभिन्न आचारसंहिताको व्यवस्था गरेको छ । शिक्षा नियमावलीअनुसार शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता यसप्रकार छन् :

१. आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने ।

२. निर्धारित समयमा नियमित रूपमा विद्यालयमा आए गएको समय जनाई हाजिर हुनुपर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुन नहुने ।

३. आफ्नो सेवासम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने ।

४. नेपाल सरकार र नेपाली जनताको पारस्पारिक सम्बन्धमा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदिजस्ता सूचना माध्यमबाट भाषण प्रसारित गर्न नहुने ।

५. विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनुपर्ने ।

६. आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनुपर्ने ।

७. कुनै भाषा, समुदाय तथा धर्मविरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने ।

८. विद्यालयमा शिक्षकले व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने ।

९. विद्यालय वा शैक्षिक संस्थाका माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नुपर्ने ।

१०. नेपाल राज्यको. सार्वभौमसस्ता र अखण्डतामा आँच आउने गरी देशकै शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा अधिकृतको कानुनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, थुनछेक तथा घेराउ गर्न नहुने ।

उक्त आचारसंहिता पालना भए नभएको बारेमा अभिलेख राख्नका लागि शिक्षा नियमावलीमा शिक्षकहरूको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिलाई तोकिएको छ । शिक्षकहरूले उक्त आचारसंहिता पालना नभएको भए त्यसको विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनुपर्ने व्यवस्था शिक्षा नियमावलीले गरेको छ ।

## ८.४ शिक्षकहरूका पेशागत समस्या र समाधान

### ८.४.१ शिक्षकहरूका पेशागत समस्याहरू

उन्नति वृत्ति विकास भनेको एउटा कामदार, शिक्षक तथा कर्मचारीले कार्य प्रारम्भ गर्दाको क्षणदेखि नै उक्त संस्थाको उच्चतम पदमा पुग्न गर्ने योजना तथा कार्यक्रम हो । त्यस कारणले यस्तो योजनालाई वृत्ति विकासको योजना पनि भनिन्छ । सङ्गठनमा व्यक्तिहरू केवल कामका लागि मात्र प्रवेश गर्दैनन् । उनीहरू कामका साथसाथै प्रगति र उन्नति पनि चाहिरहेका हुन्छन् । प्रगति तथा उन्नति भन्नुको मतलब केवल माथिल्लो पदमा पुग्नु मात्र होइन यो त एउटा यस्तो अविराम शृङ्खला तथा कार्यगत प्रकृति हो, जहाँ मानिसले आफ्नो कार्य अवधिभर विभिन्न उपलब्धि र अनुभव बटुल्दै गएका हुन्छन् । हरेक व्यक्तिको व्यक्तिगत उन्नति र प्रगति अनुपम हुन्छ । सधैं आफ्ना कर्मचारीहरूलाई उन्नति गर्न सक्ने वातावरण सिर्जना गरिदिनुपर्छ । यसबाट एकातर्फ तलदेखि माथिको वर्षेनि हुने अवकास तथा काम छाडेर हुने रिक्ततालाई पूर्ति गर्दै गइन्छ भने अर्कोतर्फ उनीहरूलाई पेसाप्रति उत्प्रेरित गरिरहेको हुन्छ । उन्नति गर्ने भनेको संस्थामा संलग्न व्यक्तिहरूकै दायित्व हो संस्थाले त

अवसर तथा वातावरण मात्र दिने हो । त्यसैले मानव संसाधन व्यवस्थापनमा उन्नति तथा वृत्ति विकासको योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

विभिन्न ठूलाठूला सङ्गठनले त शिक्षक तथा कर्मचारीहरूका लागि उन्नति तथा वृत्तिविकासको कार्यक्रम नै बनाई चरणवद्ध रूपमा आफ्ना काम कार्वाही अगाडि बढाएका हुन्छन् । यसबाट उनीहरू संस्था र कार्यप्रति इमान्दार र प्रतिबद्ध हुन्छन् । नयाँ शैली, नयाँ तरिका र आफूमा अन्तर्निहित ज्ञान, सीप र क्षमता प्रस्फुटन गर्न तत्पर हुन्छन् ।

शिक्षकहरूमा समयमा विद्यालय नजाने समयमा कक्षामा नजाने, समयसम्म नबस्ने हाजिर गरेर भाग्ने जस्ता समस्या छन् । योजना नवनाई शिक्षण गर्ने, पूर्व तयारी विना कक्षामा जाने, तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग नगर्ने जस्ता समस्या छन् । पेशागत चिन्तन र प्रतिवद्धताको अभाव छ । नयाँ-नयाँ प्रविधिमैत्री नबन्ने विद्यार्थीमैत्री नवन्ने जस्ता समस्या छन् । आफुलाई समसामयीक बनाउन कम मात्र प्रयास गर्छन् । राजनितिक आग्रह र संलग्नताले पनि पेशागत समस्या सृजना गरेको पाइन्छ ।

यसरी समग्रमा Career लाई Advancement को रूपमा लिने गरिन्छ । त्यस्तैगरी Career Planning लाई लक्ष्य तथा उद्देश्य पूरा गर्न बनाइने योजनालाई जनाउँछ भने Career management ले वृत्ति विकास प्रणालीको कार्यान्वयन गर्न अपनाइने व्यवस्थापनको प्रक्रिया बुझाउँछ । यसप्रकार उन्नति तथा वृत्ति विकास योजना भनेको शिक्षक तथा कर्मचारीले आफ्नो कार्य जीवनभरमा कसरी उन्नति गर्दै अगाडि बढ्ने भन्ने बारेमा गर्ने निर्णय र त्यस अनुसारको प्रयासको संयुक्त रूप हो । उन्नति योजना शिक्षक तथा कर्मचारीले आफैं वा सङ्गठनद्वारा बनाउन सकिन्छ तर पनि माथि भनिए झै उन्नति गर्ने काम चाहिँ व्यक्ति आफैले गर्नुपर्दछ । सङ्गठनले त केवल उन्नति गर्ने अवसर तथा वातावरण मात्र सिर्जना गरिदिने हो । उन्नति योजना सङ्गठनका लागि समेत महत्त्वपूर्ण छ कि व्यक्तिको उन्नति आवश्यकतालाई सङ्गठनले आफ्नो आवश्यकता अनुसार मिलान गर्दै जान सक्नुपर्छ ।

### ८.४.२ पेशागत समस्याका समाधान

सामान्यतया प्रयोग र प्रचलनमा उन्नति तथा वृत्ति विकास प्रक्रियालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

**(१) वृत्ति विकासको लागि व्यक्तिगत प्रयासहरू**

वास्तवमा वृत्ति विकासका लागि शिक्षक तथा कर्मचारी वा कामदार आफैले व्यक्तिगत रूपमा विभिन्न प्रयासहरू गर्नुपर्दछ । यसका लागि कामदारले गर्नुपर्ने व्यक्तिगत प्रयासहरू निम्नानुसार छन् -

**(क) कार्य सम्पादन -** शिक्षक तथा कर्मचारीले आफ्नो वृत्ति विकासका लागि आफ्नो कार्य सम्पादन स्तरमा व्यापक सुधार ल्याउने प्रयास गर्नुपर्दछ ।

**(ख) प्रकटता -** वृत्ति विकासका लागि कामदारले आफू कार्यरत सङ्गठनमा रहेका शिक्षक तथा कर्मचारीको भीडमा आफूलाई सिपालु र योग्य रहेका कुराको प्रकटता गर्ने प्रयास गर्नुपर्दछ ।

(ग) **परामर्श -** वृत्ति विकासको लागि परामर्श (Mentors) ले अनुभव, सल्लाह, प्रोत्साहन एवम् अवसर पहिचान गरिदिन सक्छन् । तसर्थ शिक्षक तथा कर्मचारीले सही परामर्श प्राप्त गर्ने प्रयास गर्नुपर्दछ ।

(घ) **गतिशीलता -** वृत्ति विकासका लागि कामदार गतिशील हुनसक्नु पर्दछ । अर्थात् पदोन्नति तथा बढी पारिश्रमिक एवम् सुविधा पाउनका लागि नयाँनयाँ सङ्गठनमा जान सक्ने हुनुपर्छ ।

(ङ) **वृद्धिका अवसरहरू -** शिक्षक तथा कर्मचारीले विभिन्न किसिमको शैक्षिक तथा तालिम कार्यक्रमहरूबाट प्राप्त ज्ञान, सीप एवम् कार्य अनुभवबाट प्राप्त हुने वृद्धिका अवसरहरूको सदुपयोग गर्ने प्रयास गर्नुपर्दछ ।

(च) **सङ्गठनात्मक भक्ति -** शिक्षक तथा कर्मचारीले सङ्गठनात्मक भक्ति अर्थात् सङ्गठनप्रति समर्पित भएर पनि वृत्ति विकासको अवसर प्राप्त गर्न सक्दछन् ।

(छ) **महत्त्वपूर्ण सहायकहरू -** वृत्ति विकासका लागि केही महत्त्वपूर्ण सहायकहरूको सहयोग लिन पनि आवश्यक छ ।

२. **वृत्ति विकासको लागि सङ्गठनात्मक प्रयासहरू -** व्यक्तिगत प्रयास मात्रले उन्नति गर्न सक्ने स्थिति रहँदैन । त्यसैले व्यक्तिगत प्रयासको साथसाथै सङ्गठनको समर्थन तथा टेवा पनि आवश्यक ठानिन्छ । यसरी सङ्गठनले पुऱ्याउने सहयोग निम्न अनुसार हुन सक्छन् -

(क) **वृत्ति शिक्षा -** संस्थाले आफ्नो कामदारहरूको वृत्ति विकासका लागि आवश्यक पर्ने शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

(ख) **वृत्ति जानकारी -** संस्थाले शिक्षक तथा कर्मचारीको वृत्ति विकासमा मद्दत पुयाउने खालका जानकारी तथा सूचना प्रवाह गर्नुपर्दछ ।

(ग) **परामर्श -** संस्थाले आवश्यकता अनुसार कामदारलाई वृत्ति विकास सम्बन्धी विशेष परामर्श दिनुपर्छ ।

(घ) **तालिम तथा विकास कार्यक्रमहरू -** कामदारको वृत्ति विकासका लागि शैक्षिक संस्थाले विभिन्न किसिमका तालिम तथा विकास कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । यसका लागि कार्यस्थल तालिम तथा विकास र कार्यबाहिर तालिम तथा विकासका विधिहरू अपनाउन सकिन्छ ।

(ङ) **पृष्ठपोषण -** कार्य योजनाको कार्यान्वयन गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्नुपर्दछ । जसबाट मानव संसाधन व्यवस्थापन विभागले शिक्षक कर्मचारीको उन्नति तथा विकासमा गरेको योगदानको प्रतिक्रिया प्राप्त गर्दछ । त्यसपछि कार्य सम्पादन सम्बन्धी पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

यसप्रकार सङ्गठनले एउटा निश्चित तथा व्यवस्थित तरिकाबाट उन्नति प्रक्रिया विकास गरी कामदारलाई प्रगति गर्ने अवसर प्रदान गर्नुपर्छ । अर्कोतर्फ शिक्षक तथा कर्मचारी आफैले पनि कसरी अगाडि बढ्न उपयुक्त हुन्छ भन्ने कुरालाई विचार गर्नुपर्छ । उन्नति प्रक्रिया अनुरूप शिक्षक र विद्यालयको प्रयास जरुरत हुन्छ । शिक्षकलाई योग्यता बढाउन तलवी विदा दिने व्यवस्था समेत गरिएको छ ।

## अभ्यास

**(क) तलका प्रश्नहरूका अति छोटा उत्तर दिनुहोस् ।**

१. चार्टस र वापलसले कति वटा शिक्षकको गुण वताएका छन् ?

२. "बालक एउटा यस्तो पुस्तक हो जसको ओपान्त अध्ययन शिक्षकले गर्नुपर्छ ।" यो कसको भनाई हो ?

३. पक्षबाट रहित हुनु शिक्षकको कुन गुण हो ?

४. शिक्षा नियमावलीले उल्लेख गरेको पहिलो महत्त्वपूर्ण आचार संहिता कुन हो ?

**(ख) छोटो उत्तरात्मक प्रश्नहरू**

१. शिक्षकको महत्त्व छोटकरीमा बताउनुहोस् ?

२. चार्टर र वापल्सले शिक्षकमा के कस्ता गुण हुनुपर्छ भनी निष्कर्ष निकालेका छन् ? सूची बनाउनुहोस् ।

३. शिक्षकका वैयक्तिक गुणको छोटकरीमा महत्त्व बताउनुहोस् ।

४. शिक्षककमा राम्रो स्वास्थ्य किन आवश्यक हन्छ, ? लेख्नुहोस् ।

५. शिक्षकका शैक्षिक गुणहरू के के हुन् ? लेख्नुहोस् ।

६. शिक्षक किन नैतिक तथा चरित्रवान हुनुपर्दछ ? लेख्नुहोस् । .

**(ग) लामो उत्तरात्मक प्रश्न**

१. शिक्षकमा हुनुपर्ने सामाजिक गुणहरू के-के हुन् ? लेख्नुहोस् ।

२. शिक्षकका आचारसंहिताको सूची तयार गर्नुहोस् ।

३. शिक्षकका काम र कर्तव्यहरूको व्याख्या गर्नुहोस् ।

४. शिक्षकहरूमा हुने पेशागत समस्या के-के हुन र त्यसको समाधान कसरी गर्न सकिन्छ ?

**(घ) क्रियाकलाप**

१. पाठका आधारमा असल शिक्षक सम्बन्धी प्रश्नावली तयार गरी तपाईंको समुदायमा रहेको कुनै विद्यालयका अभिभावकसँग भेटेर उनीहरूले कस्तो शिक्षक चाहँदा रहेछन् ? प्रश्नावली तयार गरी उनीहरूले दिएको उत्तरका आधारमा शिक्षकको गुण शीर्षकमा एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

२. तपाइँ अध्यापनरत संस्थामा कार्यरत शिक्षकहरूको विवरण तयार गरी कुन कुन शिक्षकमा के कस्ता गुणहरू रहेका छन् ? विवरण तयार गरी प्रतिवेदन तयार गर्नुहोस् ?

३. तपाईलाई शिक्षक कस्तो हुनुपर्छ भन्ने ठान्नु हुन्छ ? नेपालमा शिक्षकहरू पेशागत छन् ? पेशागत हुन नसक्नुका कारण के होला ? प्रश्नावली गरी प्रतिवेदन तयार गर्नुहोस् ।

४. तपाइँ पछि गएर शिक्षक बन्ने सोचमा हुनुहुन्छ ? हुनु हुन्छ भने किन ? हुनु हुन्न भने किन ? आफ्नो तर्क दिनुहोस् ।

एकाइ : ९

# विद्यालयमा सञ्चालन गरिने अतिरिक्त/ सहक्रियाकलाप

## ९.१. विद्यालय समुदाय अन्तरक्रिया / छलफल

समुदायले आफ्ना बालबालिकाहरूका लागि विद्यालयको स्थापना गरी आवश्यक स्रोत साधनको व्यवस्था गर्दछ । विद्यालयले समुदायको आवश्यकता र मागलाई ध्यानमा राखेर भविष्यमा त्यही समाजमा योगदान दिने सक्ने जनशक्तिको उत्पादन गर्ने कार्यमा ती साधन र स्रोतहरूको उपयोग गर्दछ । यसरी समुदाय र विद्यालय एक अर्कामा अन्तरसम्बन्धित र अन्तरनिर्भर रहन्छ ।

निर्धारित पाठ्यक्रम अनुसार बालबालिकालाई शिक्षा प्रदान गर्नु विद्यालयको उद्देश्य हो । विद्यालयले शिक्षा प्रदान गर्ने सिलसिलामा देश तथा समाजको धर्म, संस्कृति, कला, साहित्य, पर्यावरण आदिको संरक्षण र विकास गर्ने कार्यमा सहयोग गरिरहेको हुन्छ । बालबालिकाको सर्वाङ्गीण विकास गरी उनीहरूलाई भावि जिवनका लागि तयार गर्ने तथा उनीहरूको सामाजिक कुशलताको विकास गर्ने कार्यमा विद्यालयको भूमिका महत्त्वपूर्ण रहन्छ । यसरी विद्यालयका उद्देश्य तथा कार्यहरू प्रत्यक्ष रूपमा समुदायका आवश्यकताका आधारमा गरिएको हुन्छन् । त्यसै गरी विद्यालयका आवश्यकता पूरा गर्न समुदायले सहयोग गर्दछन् । एक अर्काको सहयोग र सद्भावले दुवैलाई एकअर्काको बीचको निकट सम्बन्धलाई अझ प्रगाढ बनाउँछ ।

विद्यालयको विकासका लागि समुदायसँग भएको घनिष्ट सम्बन्ध हुनुपर्छ । त्यही सम्बन्धले विद्यालयका विविध क्रियाकलापबारे समुदायलाई जानकारी हुन्छ । विद्यालयका समस्या समुदायले थाहा पाउँछ। विद्यालयका योजनाहरू समुदायलाई थाहा हुन्छ ।

विद्यालयलाई शैक्षिक, भौतिक एवम् आर्थिक हिसाबले मजबुत बनाउन विद्यालयले समाजसँग अन्तरक्रिया र छलफल नियमित गर्नुपर्छ । समुदायले पनि यस विषयमा चासो राख्नु पर्दछ । विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू नै समुदायको बालबिलका हुन्छन् । उनीहरूले समुदाय र विद्यालयको सम्बन्धबाट दुवै पक्षलाई हुने फाइदाका बारेमा जान्न आवश्यक हुन्छ । त्यसकारण विद्यालय र समुदायको बिचमा अन्तरक्रिया वा छलफल हुन आवश्यक हुन्छन् ।

विद्यालय र समुदाय बीच अन्तरक्रिया र छलफल हुन निम्न कारणले आवश्यक छ :

१. विद्यालय र समुदाय बीच सुमधुर सम्बन्ध बनाउन ।

२. विद्यालयका शैक्षिक प्रगतिका लागि विविध गतिविधिहरू संचालनमा सहयोग प्राप्त गर्न ।

३. विद्यालयलाई आवश्यक भौतिक सुविधाको व्यवस्थापनमा समुदायबाट सहयोग प्राप्त गर्न ।

४. विद्यालयका अतिरिक्त क्रियाकलापमा समुदायको भूमिका कायम गर्न ।

५. विद्यार्थीहरूलाई स्थानीय रितिरिवाज, धर्म, संस्कृति, परम्परा आदि सम्बन्धी जानकारी गराउन ।

६. विद्यालयका नियमित कार्यक्रमहरूलाई समुदायको सहयोगमा सहज बनाउन ।

७. विद्यार्थीहरूलाई समुदाय र विद्यालयको सम्बन्ध बारे जानकार बनाउन ।

८. विद्यालयमा भइरहेको पठनपाठन र स्तर उन्नती बारे समुदायलाई जानकारी दिन ।

साधारणतया विद्यालयले अभिभावन भेला, शैक्षिक परिणाम प्रकाशनको समय मिलाएर समुदायसँग सम्बन्ध विकास गर्ने कार्य गरिरहेकै हुन्छ । यि भनेका चाहि नियमित वार्षिक तालिकामा पर्ने कार्यहरू हुन् । विद्यालय र समुदायको संयुक्त प्रयासमा गर्न सकिने कार्यका लागि विभिन्न समयमा विद्यालय र समुदाय बिच अन्तरक्रिया तथा छलफल कार्यक्रम गर्नुपर्दछ । विद्यालयको भौतिक निर्माण, पठनपाठनमा उन्नति, समुदायमा सरसफाइ अभियान, स्वास्थ्य शिविर संचालन, जनचेतना वा कार्यक्रम आदि कार्यका लागि अन्तरक्रिया वा छलफल गर्नुपर्दछ ।

विद्यालय समुदाय अन्तरक्रिया वा छलफल कार्यबाट हुने फाइदाहरू :

१. शैक्षिक प्रगतिका लागि संचालित गतिविधिमा सहयोग पुग्छ ।

२. विद्यालयमा भौतिक सुविधा बृद्धि गर्न सहयोग पुग्छ ।

३. विद्यालय र समुदायको सम्बन्ध सुमधुर बनाउन सहयोग पुग्छ ।

४. विद्यालयका अतिरिक्त क्रियाकलापहरूमा समुदायको सहयोग प्राप्त हुन्छ ।

५. विद्यार्थीहरूलाई सामाजिक रीतिस्थिति, चालचलन र संस्कार एवम् संस्कृतिका बारेमा जानकारी प्राप्त गर्न सजिलो हुन ।

५. विद्यार्थीहरूलाई सामाजिक रीतिस्थिति, चालचलन र संस्कार एवम् संस्कृतिका बारेमा जानकारी प्राप्त गर्न सजिलो हुन्छ ।

६. समुदायलाई विद्यालयमा संचालित विविध कार्यक्रम बारे जानकारी हुन्छ ।

७. विद्यालयलाई कुन किसिमको सहयोग आवश्यक छ भन्ने कुरा समुदायलाई जानकारी हुन्छ ।

८. समुदायका सदस्यहरूलाई शिक्षाको आवश्यकता र महत्त्व बारे जानकारी प्राप्त हुन्छ ।

**माथि उल्लेखित उपलब्धीका लागि समुदाय र विद्यालयको सम्बन्ध सुमधुर हुन आवश्यक हुन्छ । त्यसका लागि निम्न उपायहरू अपनाउन सकिन्छ ।**

१. विद्यालयका नीति तथा कार्यक्रम र योजना निर्माण एवम् कार्यान्वयन गर्दा अभिभावन संलग्न गराउने ।

२. शिक्षक अभिभावक संघलाई सक्रिय बनाउने ।

३. स्थानीय चाडवाड, सांस्कृतिक भेला, सुखःदुखका कार्यहरूमा आत्मियताका साथ विद्यालय परिवार र समुदायका सदस्यहरू सहभागी हुने ।

४. विद्यालय दिवस, अभिभावक दिवस तथा अन्य जयन्ती र दिवस कार्यक्रमहरूमा विद्यालयले समुदायका सदस्यहरू त्यस्ता कार्यक्रमहरूमा सहभागी हुने ।

५. विद्यालयको आय - व्यय, वार्षिक कार्यक्रम, प्रगति प्रतिवेदन, विद्यार्थीको नतिजा प्रकाशन गर्दा समुदायलाई जानकारी दिई पारदर्शी नीति लिने ।

यसरी विद्यालय र समुदाय बीच सञ्चालन हुने सहक्रियाकलाप र अन्तरक्रियाले समुदाय र विद्यालय बीचको सम्बन्ध सुमधुर र सुदृढ बनाउन सहयोग पुग्दछ ।

## ९.२. विद्यालय बाहिर गरिने सहक्रियाकलाप / अतिरिक्त कार्यकलाप

विद्यालयमा औपचारिक पाठ्यक्रम अनुसार विभिन्न क्रियाकलापहरू सञ्चालन गरिन्छन् । यस्ता क्रियाकलाप पाठ्यांश क्रियाकलाप भनिन्छ । पाठ्यक्रमको गहन उद्देश्य पूरा गर्न कक्षाकोठा भित्र र बाहिर पनि विभिन्न प्रकारका क्रियाकलापलाई सञ्चालन गरिन्छन् । यस्ता क्रियाकलापलाई सहक्रियाकलाप/अतिरिक्त कार्यकलाप भनिन्छ । पाठ्यक्रमद्वारा निर्देशित क्रियाकलाप सँगसँगै सञ्चालन गरिने विभिन्न क्रियाकलापहरू नै सहक्रियाकलाप हुन् । बालबालिकाको सर्वाङ्गिण विकासका लागि विभिन्न क्रियाकलापको सञ्चालन गर्न आवश्यक हुन्छ । नियमित क्रियाकलापले मात्र बालबालिकाको सर्वाङ्गिण विकास गराउन सक्दैन् । यसका लागि विद्यालय भित्र र बाहिर सहक्रियाकलाप/अतिरिक्त कार्यकलाप सञ्चालन गर्नुपर्दछ । यस्ता क्रियाकलाप पाठ्यक्रम अनुसारको पठनपाठन जतिकै महत्त्वपूर्ण हुन्छन् ।

पाठ्यक्रम अनुसारको नियमित पठनपाठनले बाल बालिकालाई सैद्धान्तिक ज्ञान प्रदान गर्दछ । सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सीपमा रूपान्तरण गर्न सहक्रियाकलाप / अतिरिक्त कार्यकलापले महत्त्वपूर्ण योगदान गर्दछन् ।

पढाइ, लेखाइ र गणित, विज्ञान आदिको ज्ञानले मात्र बालबालिकाको सर्वाङ्गिण विकासलाई पूरा गर्न सक्दैन । उनीहरूको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक विकासका लागि विद्यालय परिसर भित्र र बाहिर विविध क्रियाकलापहरू सक्रिय बनाउनुपर्छ । विद्यालय भित्र भन्नाले कक्षाकोठा भित्र वा विद्यालय परिसर भित्र गरिने क्रियाकलाप हुन् । त्यसैगरी विद्यालय बाहिर भन्नाले विद्यालय परिसर बाहिर सञ्चालन गरिने क्रियाकलाप हुन् ।

बालबालिकाको चौतर्फी विकासका लागि विद्यालय परिसर बाहिर गरिने क्रियाकलापहरू नै विद्यालय बाहिर गरिने सहक्रियाकलाप/अतिरिक्त कार्यकलाप हुन् ।

विद्यालय बाहिर गरिने सहक्रियाकलाप/अतिरिक्त कार्यकलापहरू निम्न अनुसार हुन सक्दछन् :

१. सामुदायिक गतिविधिमा रुचि र सहभागिता

२. सांस्कृतिक, भेला, उत्सव, पर्व आदिमा सहभागिता,

३. प्रविधि तथा उपकरणको प्रयोग

४. समुदायका संगठित संस्थाहरूमा सहयोग

## सामुदायिक गतिविधिमा रुचि र सहभागिता

विद्यालय बालबालिकाहरूलाई ज्ञान प्रदान गर्ने मुख्य थलो औपचारिक रूपमा विद्यालयलाई ज्ञान प्रदान गर्ने र ज्ञान प्राप्त गर्ने निकाय मानिन्छ । यो भनेको औपचारिक रूपमा निर्धारित गरिएको विषयवस्तुको सिकाई प्रदान गर्ने संस्था हो ।

शिक्षा आर्जन गर्ने एउटा महत्त्वपूर्ण निकाय विद्यालय हो । यहाँ नियमित रूपमा संगठित र योजनाबद्ध तरिकाले शिक्षा प्रदान गरिन्छ । यति हुदाँहुँदै पनि बालबालिकाको चौतर्फी विकासका लागि विद्यालयको प्रयास मात्र पर्याप्त हुँदैनन् । त्यसकारण विद्यालयले विद्यालय बाहिरका क्रियाकलापमा पनि विद्यार्थीहरूलाई उत्प्रेरित गराउनुपर्दछ । समाजसँग जोडिएका कुराहरूको ज्ञान बढाउन र उनीहरूमा अन्तरनिहित, प्रेम, सद्भाव, सहयोगको भावनालाई उजागर गराउन विद्यालयले विशेष ध्यान दिनु पर्दछ । सामाजिक भावनाले बालबालिका ओतप्रोत छन् भने उनीहरूको सर्वाङ्गिण विकासमा सहजता हुन्छ ।

बालबालिकालाई सामुदायिक गतिविधिमा सहभागी गराउन विद्यालयले पहिलो उनीहरूलाई सामाजिक गतिविधि प्रति उनीहरूको चासो बढाउन सहयोग गर्नुपर्छ । आफ्नै जाति, धर्म, समाज, संस्कृति, परम्परा अनुसार हुने गतिविधि नै सामुदायिक क्रियाकलाप हुन् भन्ने जानकारी दिनु पर्दछ । यसो गर्दा उनीहरू स्वतः आफैँ त्यसतर्फ उत्सुक हुन्छन् । उत्सुकता नै ज्ञानको सुगम मार्ग हो ।

विद्यालय समाजकै एउटा अड्डा भएर स्थापित भएको हुन्छ । विद्यालयमा आउने बालबालिका त्यही समाजका हुन्छन् । उनीहरूसँगै आफ्नो समुदायको परम्परा र संस्कृति, सामाजिक गतिविधि विद्यालय पुग्छ र यसको प्रभाव विद्यालयमा अवश्य पर्दछ । त्यसैगरी बालबालिकाले विद्यालयबाट प्राप्त गरेको अनुभव तथा ससंस्कृतिक व्यवहारको प्रभाव समुदायमा पनि नपरिरहन सक्दैन । त्यसैले समुदाय र विद्यालय बीचको सम्बन्ध गहिरो रहेको हुन्छ ।

विद्यालयले विद्यार्थीका प्रत्येक गतिविधिको सहजीकरण वा साथै नेतृत्व गर्नुपर्दछ । सामाजिक विकास र सामुदायिक गतिविधिमा विद्यार्थीको रुचि बढाउँदै त्यसमा सक्रिय हुने प्रवृत्तिको विकासमा विद्यालयले सहजीकरउण गर्नुपर्दछ । विद्यार्थीले विद्यालय भित्रको औपचारिक शिक्षामा मात्र सहभागि नभई सामुदायिक गतिविधिमा पनि उत्तिकै सक्रिया हुनुपर्दछ । विद्यार्थी सामुदायिक गतिविधिममा जति सक्रिय हुन सक्छन् उनीहरूको ज्ञान, सीप र दक्षतामा उती नै बढी हुन्छ । यसका लागि घर परिवार र विद्यालयले मुख्य भूमिका निर्वाह गर्नुपर्दछ । विद्यार्थीलाई सामुदायिक गतिविधिमा प्रत्यक्ष रूपमा संलग्न हुने वातावरण सिर्जना गर्नुपर्दछ । त्यसका लागि उनीहरूलाई विद्यालयले सँधै प्रेरित गरिरहनुपर्दछ ।

सबै विद्यार्थी समान सामाजिक भावना नहुन सक्छन् । कुनै विद्यार्थी बढी सामाजिक भावनाका हुन्छन् भने कुनै कम सामाजिक भावनाका हुन सक्छन् । यस्तो अवस्थामा दुवै किसिमका विद्यार्थी सामुदायिक गतिविधिमा सहभागी हुने गरी विद्यालयले सहयोग गर्नुपर्दछ । त्यस्तै घर परिवार र अभिभावनाले पनि आफ्ना बालबालिकालाई सानमुदायिक गतिविधिमा सक्रिया हुने वातावरण बनाइदिनुपर्दछ । विद्यालय र परिवारको सहयोगमा विद्यालय तहको विद्यार्थीलाई निम्नानुसार सामुदायिक गतिविधिमा सहभागि गराउन सकिन्छ :

- सामुदायिक रूपमा सञ्चालन हुने छलफल, बै७कमा सहभागिता
- समुदायको सरसफाई र वातावरण संरक्षण कार्य

- वृक्षारोपण र वनसंरक्षण कार्य
- खानेपानी सरसफाई र स्रोत संरक्षण
- बाटोघाटो सरसफाइ र मर्मत सुधार
- पुस्तकालय वाचनालय आदिको स्थापना, सञ्चालन र संरक्षणमा सहभागिता एवम् सहयोग
- सामुदायिक विकास निर्माण कार्यमा सहयोग
- विभिन्न सामुदायिक भवन, मन्दिर, मठ, गुम्बा, गिर्जाघर, मस्जिद आदिको संरक्षण
- पुरातात्विक वस्तु, स्मारक आदिको संरक्षण संवर्द्धन
- स्वास्थ्य शिक्षा, अन्धविश्वास, कुरीति विरुद्धका चेतनामूलक कार्यक्रम आयोजना र सहभागिता
- सामुदायिक कार्यहरू विवाह, व्रतबन्ध वा अन्य कार्यहरूमा सहयोग
- रेडक्रस, जेसिज जस्ता सेवामूलक संस्थाका कार्यमा सहभागिता र सहयोग
- विभिन्न उपभोक्त समिति, आमा समूहलगायतका समुदायमा आधारित संस्थाका कार्यमा सहयोग
- समुदायमा रहेका अन्य सामुदायिक संघसंस्थाका गतिविधिमा सहभागिता एवम्म् सहयोग

माथि उल्लेखित विभिन्न सामुदायिक गतिविधिमा विद्यार्थीहरूलाई सहभागि गराउन थालेपछि उनीहरूमा यस प्रति स्वतः चासो बृद्धि हुन थाल्छ । यसले उनीहरूमा सामाजिक भावनाको विकास हुनुका साथै आत्म विश्वास पनि बढ्छ । जस्तै : समूहमा घुलमिल हुने, अन्तरक्रिया छलफलमा भाग लिने, आफ्ना विचारहरू प्रष्ट राख्न सक्ने, अरुका विचारहरू सुन्ने, नेतृत्वदायी भूमिका निर्वाह गर्ने क्षमतामा बृद्धि हुने आदि । यसरी विद्यालयको सहयोगमा विद्यार्थीहरूलाई सामुदायिक गतिविधिमा रुचि र सहिभागिता बढाउन सकिन्छ ।

### साँस्कृतिक मेला, उत्सव, पर्व आदिमा सहभागिता

समाजमा विभिन्न मेला, उत्सव र पर्वहरू सञ्चालन हुने गर्दछन् । समाजमा सञ्चालन हुने यस्ता सांस्कृतिक उत्सव, मेला, पर्व, धार्मिक तथा सामाजिक कार्यहरू पनि शिक्षा प्रदान गर्ने महत्त्वपूर्ण सामुदायिक स्रोतहरू हुन् । समुदायमा प्रत्येक परिवार कुनै न कुनै सांस्कृतिक उत्सव, मेला, पर्व, धार्मिक तथा सामाजिक रीतिरिवाजमा घनिष्ट रूपमा जोडिएकै हुन्छन् । जसको प्रभाव बालबालिकामा पर्दछ । यस्ता कार्यहरूमा विद्यार्थीहरूको सहभागिता र सक्रियताले उनीहरूमा ज्ञान, आफ्नो संस्कृतिको विकास र सँरक्षण गर्ने भावना एक - अर्कामा सहयोगको भावना, सद्भाव र मित्रताको भावना विकास हुनुका साथै नेतृत्वको क्षमतामा पनि अभिबृछिद्ध हुन्छ । यी कार्यहरूबाट विद्यार्थीहरूले प्रत्यक्ष र अप्रत्यक्ष दुवै किसिमले शिक्षा प्राप्त गरिरहेका हुन्छन् ।

चाडपर्वहरू समाजका सांस्कृतिक पहिचान हुन् । देशका विभिन्न समुदाय र समाजमा मनाइने विभिन्न किसिमका चाडपर्वहरूको आफ्नै महत्त्व हुन्छ । यिनीहरूले समाजलाई एक सूत्रमा बाध्न सहयोग गरेका हुन्छन् । त्यसैले देशमा विभिन्न समुदायको व्यक्तिले मनाउने चाडपर्वका बारेमा जानकारी दिने, त्यसका सकारात्मक पक्षहरूलाई बढावा दिने र नकारात्मक पक्षहरूलाई हटाउँदै लैजाने गर्नु पर्दछ । विद्यार्थीहरूलाई विभिन्न समुदायका चाडपर्व, उत्सव, मेला आदिको जानकारी दिए पछि उनीहरूमा सामाजिक सद्भावको विकास हुनका साथै एकताको भावना पनि अभिबृद्धि हुन्छ । प्रत्येक चाडपर्व, उत्सवहरूले आ-आफ्नै किसिमका सन्देश दिएका हुन्छन् । ती सन्देशहरूले विद्यार्थीहरूको भावी जीवनका लागि पनि सकारात्मक भूमिका खेलिरहेको हुन्छ ।

समुदायमा सञ्चालन हुने सांस्कृतिक मेला, उत्सव, चाडपर्व आदिमा सहभागि हुनाले विद्यार्थीले एकातिर आफ्नो समुदायका मेला, उत्सव, चाडपर्व, रीतिस्थितीबारे ज्ञान तथा जानकारी पाउन सक्छन् भने अर्कातिर उनीहरूको चौतर्फी विकासमा सहयोग मिल्दछ । यस्ता कार्यमा सक्रिय हुनाले विद्यार्थीहरूमा सामाजिक भावनाको विकास भई अरुलाई सहयोग सेवा गर्ने प्रवृत्तिको विकासमा थप बल पुग्दछ ।

यसका साथसिाथै विद्यार्थीहरूलाई विद्यालय र समुदायका विभिन्न निकायद्वारा संचालित अन्य कार्यक्रमहरूमा पनि सहभागि गराउनुपर्दछ । यसले उनीहरूको चौतर्फी विकासको क्षितिजलाई अझ फराकिलो बनाउन सहयोग पुऱ्याउँदछ । जस्तै : भ्रमण वर्षका कार्यक्रम, पर्यटन विकासका कार्यक्रम, औद्योगिक विकास सम्बन्धी कार्यक्रम, लोकगीत प्रतियोगिता, दोहोरी गीत प्रतियोगिता, भजन, सांस्कृतिक नाचगान लगायतका कार्यक्रमहरू

विद्यालयद्वारा आयोजना गरिने विभिन्न दिवसहरूमा पनि विद्यार्थीहरूलाई प्रत्यक्ष एवम् सक्रिय रूपमा सहभागि गराउनुपर्दछ । जस्तै : गणतन्त्र दिवस, प्रजातन्त्र दिवस, गाइजात्रा, फागुपर्व, संविधान दिवस आदि । यस्ता किसिमका कार्यक्रमहरूमा सहभागि हुँदा उनीहरूमा राष्ट्र प्रेम संस्कृति एवम् परम्परा प्रति सकारात्मक भावनाको विकास हुन्छ ।

सांस्कृतिक मेला, उत्सव, पर्व आदिमा सहभागिताले विद्यार्थीहरूमा निम्न कुराहरूमा सहयोग पुग्दछ :

- सम्बन्धित चाडपर्व, रीतिस्थिती, उत्सव आदि बारे जानकारीका लागि सहयोग
- सांस्कृतिक मेला, चाडपर्व, उत्सव आदिको महत्त्व बारे जानकारीका लागि सहयोग
- सांस्कृतिक एवम् सामाजिक सद्भाव विकासमा सहयोग
- राष्ट्रिय एकताको भावना विकास
- संस्कृति र परम्पराका सकारात्मक पक्षहरूको संरक्षणमा सहयोग

### प्रविधि तथा उपकरणको प्रयोग

विद्यालय शिक्षामा आधुनिक वैज्ञानिक सामग्रीको प्रयोग नै शिक्षामा प्रविधि तथा उपकरणको प्रयोग हो । यसले शिक्षा क्षेत्रमा ठूलो सहयोग पुऱ्याउँछ । वर्तमान अवस्थामा प्रविधि तथा उपकरणको प्रयोग शिक्षण प्रक्रियाको एउटा अभिन्न अङ्ग हुन पुगेको छ ।

शिक्षक र विद्यार्थी दुवै पक्षका लागि प्रविधि तथा उपकरणको प्रयोग अत्यन्त फाइदाजनक हुन्छ । प्रविधिले यो संसारलाई नै एएटा सानो घर बनाइरहेका अवस्थामा त्यसबाट सक्दो फाइदा लिन सक्नुपर्दछ ।

शिक्षण प्रक्रियामा शिक्षकले आधुनिक वैज्ञानिक उपकरणहरूलाई सक्दो बढि प्रयोग गर्नुपर्दछ । यस्ता उपकरणको प्रयोगले शिक्षकलाई उत्प्रेरणामूलक कक्षा सञ्चालन गर्न सहज हुन्छ । विद्यार्थीहरूलाई सिकाइमा जिज्ञाशा र प्ररणा जागृत गर्दछ । यस्तो पठनपाठनको शैलीले शिक्षक र विद्यार्थी बिच उभिएको बारबन्देज हटाई सहकार्यको वातावरण बनाउन मद्दत पुऱ्याउँछ । विद्यालयले वैज्ञानिक आधुनिक प्रविधि र उपकरणहरूको प्रयोग गरेमा विगतको भन्दा धेरै राम्रो प्रतिफल प्राप्त हुन सक्छ । प्रविधि र उपकरणको प्रयोग गरेर शिक्षा प्रदान गर्न शिक्षक आवश्यक ज्ञान र सीपमा निपूर्ण हुनुपर्छ ।

विद्यालयमा प्रयोग हुन सक्ने उपकरणहरू निम्नानुसार हुन सक्छन् :

१. कम्प्युटर, ल्यापटप

२. डिजिटल फ्यासबोर्ड

३. प्रोजेक्टर

४. इपाटी

## समुदायका संगठित संस्थाहरूमा सहयोग

समुदायमा विभिन्न संगठित संस्थाहरू हुन्छन् । यिनीहरूको आ-आफ्नै परिचय र पहिचान हुन्छ । समुदायका संस्थाहरूलाई सहयोग गर्नु सामाजिक कार्य हो । यस्ता कार्यले सामाजिक भावनाको अभिबृद्धि गर्नुका साथै विद्यार्थीको मनोबल पनि बृद्धि हुन्छ ।

बालकको सिकाइ घरबाटै सुरु हुन्छ । त्यसकारण घरलाई पहिलो पाठशाला मानिन्छ । बालकका जीवनका सुरुवाती कलिला दिनहरू आमाका काखमा खेल्दै, उफ्रदै, पल्टदै बित्छन् । हाँस्न र बोल्न आमाकै काखमा हुँदा आमाबाटै सिक्छन् । त्यसैले आमालाई सन्तानको पहिलो शिक्षक मानिन्छ । आमा पछि बालबालिकाको सम्पर्क तथा उठ, बस, हाँसखेल, हिडडुल बाबु र परिवारका अन्य सदस्यसँग हुन्छ । यसबाट उनीहरूले अप्रत्यक्ष रूपमा जीवन उपयोगी शिक्षक पाइरहेका हुन्छन् । त्यसकारण बालबालिकाको लागि घर परिवार पहिलो संस्था हो ।

बालबालिकाका लागि घर। परिवार शिक्षासँग सँबन्धित एकदमै सक्रिय तर अनौपचारिक संस्गा हो । घर परिवारको प्रभाव बालबालिकालाई छिटो पर्दछ र यो दीर्घकालीन पनि हुन्छ । त्यसकारण घर परिवारमा बालबालिकालाई सकारात्मक प्रभाव पार्ने वातावरण निर्माण गर्नुपर्दछ । अप्रत्यक्ष रूपमा घर परिवारले बालबालिकालाई शिक्षा प्रदान गरिरहेको हुन्छ । बालबालिकाले गरेका कतिपय कार्यहरूले घर परिवारलाई पनि शिक्षा मिलिरहेको हुन्छ ।

घरपरिवारबाट शिक्षा लिँदै बालबालिका क्रमशः समुदायतर्फ अग्रसर हुन्छन् । उनीहरू समुदायका संगठित संस्थाहरूसँग जोडिन पुग्छन् ।

## समुदायका संगठित संस्थाहरू

बालबालिकाको शिक्षासँग सम्बन्धित पहिलो संस्था घर परिवार हो भने दोस्रो र महत्त्वपूर्ण संस्था समुदाय हो । समुदायमा विभिन्न संगठित संस्थाहरू समुदाय हो । यस्ता संस्थाहरू

बालबालिका शिक्षाका लागि अनौपचारिक तर ज्यादै महत्त्वपूर्ण हुन्छन् । उनीहरूले प्रत्यक्ष, अप्रत्यक्ष रूपमा यस्ता संस्थाबाट धेरै ज्ञान र सीप प्राप्त गरिरहेका हुन्छन् । यस्ता संस्थाहरू आफ्नै समुदायमा हुने हुनाले बालबालिका र यस्ता संस्थाहरूबीच सहयोग आदनप्रदान गर्न मिल्ने वातावरण बनाउनु पर्छ ।

समुदायका संगठित संस्थाहरू निम्नानुसार हुन सक्छन् :

१. जातीय समुदाय
२. वर्गीय समुदाय
३. उमेरगत समुदाय
४. सामाजिक समुदाय
५. सांस्कृतिक समुदाय
६. धार्मिक समुदाय
७. वाचनालय / पुस्तकालय

## १. जातीय समुदाय

माजमा रहेको एकै जातिको समूह जातीय समुदाय हो । यसमा एउटै जातिका मानिसहरूको बसोबास हुन्छ । जस्तै : लिम्बू समुदाय, नेवार समुदाय, ब्राह्मण समुदाय, माझी समुदाय, तामाङ समुदाय आदि । बालकले सबभन्दा पहिले आफ्नै जातीय समुदायकै बारेमा ज्ञान पाउँछ । उसलाई पनि आफू जन्मिएकै जातीय समुदायबारे सब भन्दा पलिहा जाने इच्छा जाग्दछ र उसले अवसर पनि त्यसैको पाउँछ । आफू जन्मिएको जातीय समुदायको रीतिरिवाज, चालचलन, ऐतिहासिकता आदि कुराहरूको जानकारी राख्दछ । उसलाई त्यसैको बारेमा बढी जान्न चासो लाग्दछ जुन समुदायममा उ जन्मिएको छ । उमेर बढ्दै जाँदा उसले आफू जन्मिएको समुदायबाट प्राप्त गर्ने शिक्षा र समुदायलाई गर्नु पर्ने सहयोगका बारेमा पनि बुझ्दै जान्छ । यसले बालकलाई अझ जिम्मेवार बन्न सहयोग पुऱ्याउँछ । आफ्नो जातीय समुदाय र भिन्न समुदायका बीचको सम्बन्ध र व्यवहार पनि उसले बुझ्न सक्छ । यसले उसलाई सामाजिक सद्भावबारे जानकारी हुन्छ र सामाजिक सद्भावको भावना उसमा पनि जागृत हुन थाल्छ । यसरी जातीय समुदायका बारेमा ज्ञान हासिल गर्दै बालक त्यो समुदायका गतिविधिमा संलग्न भई सहयोग गर्न थाल्दछ । यसलाई उसको बानीका रूपमा विकास गर्न संगठित संस्थाले पनि सहयोग गर्नुपर्दछ ।

## २. वर्गीय समुदाय

समाजमा बसोबास गर्ने मानिसहरूले विभिन्न पेसा अंगालेका हुन्छन् । पेसाका हिसाबले भिन्नभिन्न वर्गमा बाँडिएका मानिसहरूको समूहलाई वर्गीय समुदाय भनिन्छ । जस्तै : कृषक समुदाय, मज्दुर समुदाय, शिक्षक समुदाय, कर्मचारी समुदाय आदि । बालबालिकालाई यस्ता समुदायबाट शिक्षा प्राप्त गर्ने अवसर उपलब्ध हुनु आवश्यक हुन्छ । बालबालिकाले आफै त यि समुदायका बारेमा सबै कुरा जान्दैनन् । त्यसैले उनीहरूका लागि भेटघाट, अन्तरक्रिया, छलफलको व्यवस्था मिल्नुपर्छ । खेतीपातीको काम देखेर र किसानबाटै उनीहरूका कामका बारेमा सुनेर बालबालिकाले किसान समुदायका बारेमा धेरै ज्ञान प्राप्त गर्न सक्दछन् । खेत बारेमा लगाइने अन्नबाली, बोटबिरुवा, घर पालुवा जीवजन्तु आदिका बारेमा जानकारी प्राप्त गर्न सक्दछन् र मज्दुरबाट कारखाना र औद्योगिक उत्पादनबारे ज्ञान प्राप्त गर्न सक्दछन् भने कर्मचारीबाट सरकारी र प्रशासनिक काम के कस्ता हुन्छन् थाहा पाउन सक्छन् ।

त्यसर्थ यस्ता समुदायसँग भेटघाट र अन्तरक्रिया गर्ने र तिनीहरूका गतिविधिमा संलग्न हुने कार्यले बालबालिकाहरूको ज्ञानको क्षितिजलाई अझ फराकिलो पार्दछ ।

## ३. उमेरगत समुदाय

समुदायमा बसोबास गर्ने जो सुकै पनि उमेरगत समूहका गतिविधिमा संलग्न हुन मन पराउँछ । बालबालिकामा यो भावना झन् प्रवल हुन्छ । उनीहरू एउटै उमेरका समूह बनाउन रुचाउँछन् । ती समूहहरू खेल खेल्ने, नाचगान गर्ने, छलफल अन्तरक्रिया गर्ने, भिन्नभिन्न उद्देश्यका हुन सक्दछन् । उमेरगत समूहमा बसेर उनीहरू विभिन्न गतिविधिमा संलग्न हुँदै अप्रत्यक्ष रूपमा सामाजिकीकरणको ज्ञान प्राप्त गरिरहेका हुन्छन् । यसका उदाहरणमा विभिन्न गतिविधिमा संलग्न हुन समुदायमा खोलिएका बाल क्लव र समूहहरूलाई लिन सकिन्छ ।

## ४. सामाजिक समुदाय

समाज सुधार र परिवर्तन गर्ने उद्देश्य लिदएर बनेको समुदायलाई सामाजिक समुदाय मानिन्छ । यस्ता समुदायहरू समाजमा रहेका अन्धविश्वास, कुरीति, गलत संस्कार हटाई बदलिदो समय अनुसार समाजलाई परिवर्तन गर्ने कोशिस गरिहेका हुन्छन् । यिनीहरूको निरन्तर प्रयासले समाजमा रहेका अन्धविश्वास, कुरीति, गलत संस्कारमा कमी आउँछ । यसले समाज सुधारमा योगदान पुग्दछ ।

यस्ता समुदायहरूका कामहरू बारे बालबालिकालाई जानकारी दिनु पर्दछ र उनीहरूलाई पनि सहभागि हुन प्रेरित गर्नुपर्दछ । हाम्रो समाजमा यस्ता धेरै सामाजिक समुदायहरू सक्रिय छन् । गरिबी निवारणमा सहयोग गर्ने, अनाथ एवम् बेसहारा बालबालिकाको उपकार गर्ने, जातपात छुवाछुतको भेदभाव हटाउने, समाजमा अन्याय अत्याचार हुन नदिने, अशिक्षितलाई शिक्षाको व्यवस्था गर्ने, बृद्धबृद्धाको सेवा हेरचाह गर्ने जस्ता कामहरू सामाजिक समुदायले गरिरहेका छन् । नेपाल परोपकार संघ, नेपाल बालसंगठन, अन्ध - अपाङ्ग संघसंस्था, नेपाल स्काउट, नेपाल रेडक्रस, नेपाल जेसिज आदि सामाजिक समुदायका उदाहरण हुन् । विद्यार्थीहरूलाई संभव भएसम्म यस्ता संस्थामा प्रत्यक्ष संलग्न गराई सामाजिक काममा सहभागि गराउनु पर्छ । यसो गर्दा उनीहरूमा सामाजिक भावनाको विकास हुनका साथै नेतृत्व विकासलाई समेत सहयोग पुग्दछ ।

## ५. सांस्कृतिक समुदाय

समाजले अपनाउँदै आएको परम्परागत रीतिरिवाज र धर्म अनुसार समाजमा मनोरञ्जनका साथै शिक्षा प्रदान गर्ने समुदायलाई सांस्कृतिक समुदाय भनिन्छ । यस्ता समुदायले सामाजिक मूल्य मान्यता र नैतिकताको जगेर्ना गर्न शिक्षा प्रदान गर्ने किसिमका नाटक तथा अन्य रोचक कार्यक्रमहरू प्रस्तुरत गर्दछन् । धार्मिक तथा पौराणिक विषयवस्तुमा आधारित हन या आधुनिक संगीत या नृत्यका कार्यक्रमहरू हुन यिनै समुदायहरूले समाज प्रस्तुत गर्दछन् । जुन प्रस्तृतिले मनोरञ्जन र ज्ञान दुवै कुरा प्रदान गर्दछ

हाम्रो देशमा प्राचिनकाल देखि नै यस्ता सांस्कृतिक समुदायहरू रहेका प्रशस्त प्रमाणहरू पाइन्छन् । शहरका बिचबिचमा रहेका पुराना डबलीहरू यसका

उदाहरणहरू हुन् । जहाँ विभिन्न नाटक, सांस्कृतिक नाचगानका कार्यक्रम गर्ने गरिन्थ्यो । आजसम्म पनि कति ठाउँमा यो परँपरा कायमै छ । विभिन्न जात्रा एवम् देवदेवीका पूजा आराधनामा प्रस्तुत गरिने विभिन्न किसिमका जात्रा, मेला र नाचहरू पनि यसैका उदाहरणहरू हुन् । यस्ता सांस्कृतिक समुदायका गतिविधिमा बालबालिकालाई समावेश गराउनु पर्दछ । उनीहरूका उमेरगत अनुकुलता छ भने सक्रिय सहिभागिताका लागि प्रोत्साहित गर्नुपर्दछ । जसका कारण बालबालिकामा सांस्कृतिक एवम् प्राचिन परम्परा सम्बन्धी ज्ञान बढ्छ । उनीहरूमा संस्कृति संरक्षणको चेतना विकास हुन्छ । उनीहरूको ज्ञानको भण्डार पनि फराकिलो बन्दै जान्छ ।

## ६. धार्मिक समुदाय

समाजमा जुन समुदायले धर्म सम्बन्धी विभिन्न कार्यहरू गर्दछ, त्यसलाई धार्मिक समुदाय भनिन्छ । यी समुदायले आ-आफ्ना धर्मका बारेमा प्रवचन, छलफल, गोष्ठी जस्ता विविध कार्यक्रमहरू सञ्चालन गर्दछन् । कतिले धार्मिक मेलमिलाप र सहअस्तित्वका बारेमान पनि गोष्ठी, छलफल कार्यक्रमहरू चलाउने गर्दछन् । यस्ता समुदायका कार्यक्रमहरूबाट बालबालिकाले विभिन्नत धर्म सम्बन्धी ज्ञान प्राप्त गर्दछन् । आफ्नो समाजमा पारेका सकारात्मक नकारात्मक प्रभावका बारेमा जानकारी पाउँछन् । समाजमा धार्मिक मेलमिलापको आवश्यकता किन हुन्छ भन्ने कुरा पनि बुझ्दछन् ।

समाजमा क्रियाशिल प्रत्येक समुदायले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बालबालिकाहरूको शिक्षा आर्जन गर्ने कार्यमा सहयोग पुऱ्याइरहेका हुन्छन् । किताब पढेर प्राप्त हुने ज्ञान मात्र शिक्षा होइन त्यसैले शिक्षा यस्तै किसिमका विविध पक्षबाट प्राप्त अनुभव र त्यसको प्रतिफल हो । यसकारण बालबालिकाहरूलाई समुदायमा क्रियाशिल संगठित संस्थाका गतिविधिहरूमा सहभागि हुने र सक्दो सहयोग गर्ने बानीको विकास गर्न प्रेरित गर्नुपर्दछ ।

## ७. वाचनालय / पुस्तकालय

बालबालिकाले शिक्षा प्राप्त गर्ने विभिन्न अनौपचारिक संस्थाहरू मध्ये महत्पवूर्ण संस्था वाचनालय र पुस्तकालय हुन् । यि संस्थामा विद्यालयमा जस्तो नियमित, संगठित र योजनाबद्ध रूपले पठनपाठन नभए पनि यिनीहरूले बालबालिकाको शिक्षा विकासमा प्रत्यक्ष रूपले प्रभाव पार्दछन् । बालबालिकाहरूलाई उनीहरूको केही समय वाचनालय तथा पुस्तकालयमा गएर अध्ययन गर्न प्रयोग गर्ने तर्फ उत्प्रेरित गर्नुपर्दछ । उनीहरूका लागि त्यस्तो वातावरण निर्माण गर्न सहयोग गर्नुपर्दछ । वाचनालय र पुस्तकालयमा उपलब्ध हुने अध्ययन सामग्रीलगायत त्यहाँको शैक्षिक, सामाजिक र सांस्कृतिक गतिविधि सम्बन्धी स्रोतहरूले उनीहरू सिकाइको दायरा फराकिलो बनाउँदछ । यस्ता संस्थाहरूको विकास, संरक्षण र संवर्द्धनका कार्यमा बालबालिकालाई सक्दो रूपमा सक्रिय बनाउनुपर्दछ । यसो गर्दा बालबालिका स्वयममा सार्वजनिक सम्पत्तिको विकास, संरक्षण र संवर्द्धन गर्ने ज्ञान विकसित हुन्छ ।

बालबालिकाहरूले वाचनालयमा असबार र पत्रपत्रिका पढेर देश विदेशका खबर र अन्य महत्त्वपूर्ण जानकारीहरू प्राप्त गर्न सक्दछन् । त्यसै गरी पुस्तकालयमा विविध विषयमा पुस्तक पढेर, पत्रपत्रिका हेरेर ज्ञानको भण्डार फराकिलो पार्न सक्दछन् ।

बालबालिकाहरूले नियमित वाचनालय र पुस्तकालयमा गएर पठनपाठनमा समय बिताउने बानी बसाउन सक्छन् । यस्तो बानी बसेमा भविष्यमा निरन्तर पढ्ने र ज्ञान हासिल गर्ने बानीको विकास हुन्छ । यति मात्र हैन बालबालिकामा यस्ता संस्थालाई माया गर्ने, यिनको विकास र संरक्षण गर्न सहयोग गर्ने भावना जागृत हुन्छ ।

## ९.३ बालबालिका मार्फत सामजिक सचेतना

हामी समाजमा बस्छौँ । समाजमा राम्रा  राम्रा चालचलन, बानी व्यवहार, रीतिथिति, संस्कार एवम् परम्पराहरू कायम भएका हुन्छन् । समाजमा राम्रा कुराहरू भएभैंं नराम्रा कुराहरू पनि हुन्छन् । विभिन्न किसिमका अन्धविश्वास, अपराध कर्म, पछौटेपनहरू कायम रहेका हुन्छन् । विकास र प्रगतिका लागि यी कुराहरू बाधकका रूपमा रहन्छन् । त्यसकारण यस्ता कुराहरूबाट समाजलाई मुक्त गर्न चेतनाको आवश्यक्ता हुन्छ । बालबालिकाहरूलाई किसिमका चेतना र जागरणका कुराहर विभिन्न प्रकारका सेमिनार, गोष्ठी, तालिम, प्रशिक्षण र पठनपाठनका माध्यमबाट प्रदान गर्नुपर्दछ । उनीहरूलाई समाजमा भएका राम्रा नराम्रा सबै कुराहरूको जानकारी गराउनु पर्दछ ।राम्रा कुराहरूबाट हुने फाइदा र नराम्रा कुराहरूबाट हुने बेफाइदा अवगत गराउनु पर्दछ । यसबाट बालबालिकाहरूमा चेतनाको बृद्धी हुन्छ । यसरी बालबालिकाहरू सचेत भ एभने भोलिको सिङ्गै समाज सचेत हुन्छ । त्यतिमात्र हैन सचेत बालबालिकाहरू स्वयम्ले सचेतनाका कार्यक्रमहरू नै सञ्चालन गरी समाजमा चेतनाको ज्योति बाल्न सक्छन ।

बालबालिका मार्फत विभिन्न क्षेत्रमा विभिन्न किसिमका सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । जस्तै :

१) समाजमा रहेको रुढीबादी परम्परा र अन्धविश्वास हटाउन र

२) समाजबाट जातीय तथा लैङ्गिक असमानता हटाउन र

३) समाजलाई अशिक्षाको पञ्जाबाट मुक्त गराउन ।

४) बाल विवाह, छाउपडी प्रथाजस्ता कुरीति हटाउन ।

५) मानव बेचबिखन, लागू औषध दुर्व्यसन, लैङ्गिक हिंसाजस्ता अपराध हटाउन ।

६) स्वास्थ्य एवम् विभिन्न रोग सम्बन्धी चेतना जगाउन ।

उल्लेखित कार्य गर्नका लागि विद्यालय, बालक्लव, राजनीतिक पार्टी, स्थानीय सरकार, प्रहरी एवम् सुरक्षा निकाय, सरकारी एवम् गैरसरकारी संघ संस्या आदिको सहयोग महत्त्वपूर्ण हुन्छ ।

## अभ्यास

**क) तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् ।**

१) विद्यालयलाई शैक्षिक, भौतिक एवम् आर्थिक हिसाबले मजबुत बनाउन मुयरूपमा कसको सहयोग जरुरी हुन्छ ?

२) विद्ययालय बाहिर गरिने सहक्रियाकलाप भनेको के हो ?

३) विद्यालय बाहिर गरिने सहक्रियाकलाप मध्ये कुनै एकको नाम लेख्नुहोस् ।

४) विद्यालयमा शिक्षणसिकाइ प्रक्रियामा प्रयोग हुने कुनै दुई उपकरणहरूका नाम लेख्नुहोस् ।

५) धार्मिक समुदाय भनेको के हो ?

**ख) तलका पश्नहरूका छोटो उत्तर दिनुहोस् ।**

१) विद्यालय र समुदायबीच अन्तरक्रिया र छलफल हुन के के कारणले आवश्यक हुन्छ चारओटा कारणहरू उल्लेख गर्नुहोस् ।

२) विद्यालय बाहिर गरिने सहक्रियाकलाप तथा अतिरिक्त कार्यकलाप के के हुन्  ?

३) समुदायमा संगठित संघ संस्थाहरू के के हुनसक्छन् ? सातओटाका नाम उल्लेख गर्नुहोस् ।

४) पुस्तकालयका बारेमा आफुले जानेका कुराहरू छोटकरीमा लेख्नुहोस् ।

५) सांस्कृतिक समुदाय भनेको के हो ब्याख्या गर्नुहोस् ।

**ग) तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।**

१) विद्यालय बाहिर गरिने सहक्रियाकलापहरू मध्ये कुनै दुईको ब्याख्या गर्नुहोस् ।

२) “विद्यालय र समुदायबीचको सुसम्बन्ध ले विद्यालयको विकासमा महत्त्वपूर्ण सहयोग पुग्दछ “ भन्ने कुरालाई पुष्टि गर्ने आधारहरू प्रस्तुत  ।

### क्रियाकलाप

१) आफ्नो शिक्षकको सहयोगमा “विद्यालय र समुदायबीच मजबुत र सुधृढ सम्बन्ध विकासका लागि विद्यार्थीको भूमिका” विषयमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।

२) तपाईँको समुदाय वरिपरि लाग्ने उत्सव, मेला, जात्रा तथा विभिन्न धार्मिक कार्य आदिको अवलोकन गरी त्यसका सकारात्मक एवम् नकारात्मक पक्षहरूको सूची तयार पार्नुहोस र नकारात्मक पक्षहरू हटाउन सुझावहरू प्रस्तुत गर्नुहोस् ।

# एकाइ : १० सिकाइ र उत्प्रेरणा

## १०.१ उत्प्रेरणा अर्थ र महत्त्व

कुनै पनि कुरा प्राप्त गर्न केही नकेही इच्छा, आशा, प्रलोभन चाहिन्छ । त्यसै गरी सिकाइका लागि पनि इच्छा, अभिलाषा, प्रलोभन, आशाको आवश्यकता पर्दछ । सिक्नका लागि मानिसले भित्रिमनले इच्छा गरेको वा आन्तरिक प्रवृत्तिमा आएको सिकाइको जागरणलाई उत्प्रेरणा भनिन्छ । उत्प्रेरणाहरू पनि निर्बल र सबल हुन सक्छन् । निर्बल उत्प्रेरणाले अदृश्य र अज्ञात रूपमै लक्ष प्राप्त गर्न मद्दत गर्दछ । मानिस कुनै पनि कार्य गर्दा वा ग.... गर्दा कुनै न कुनै किसिमको दृश्य वा अदृश्य रूपमा उत्प्रेरित भएको हुन्छ । जस्तै स-साना बच्चाहरू भोक लाग्यो भन्न जान्दैनन् तर भोक लागेपछि रुन्छन् । रोएपछि खाना प्राप्त गर्ने उनीहरूको तीव्र चाहना र उत्प्रेरणाका कारण खाने कुरा प्राप्त गर्दछन् । विद्यार्थीहरू ज्ञान प्राप्त गर्ने उत्प्रेरणाले पढाइमा लागेका हुन्छन् । कोही विदार्थी आफ्नो ज्ञान, सीपलाई बढाई उत्कृष्टता प्राप्त गर्न कडा मिहिनेत गरी अध्ययन गर्दछन् । कोही विद्यार्थी परीक्षामा उत्तीर्ण मात्र हुन परीक्षाको केही पनि अघिदेखि मात्र लेखपढमा लाग्दछन् । ज्ञान, सीप, बढाई उत्कृष्टता हासिल गर्ने विद्याथीको आन्तरिक इच्छाको जागरण अर्थात् उत्प्रेरणा वास्तविक ज्ञान, सीप आर्जन पनि हुन्छ । यता परीषामा मात्र उत्तीर्ण हुन चाहने विद्याथीका लागि ज्ञान, सीप बढाउने उत्प्रेरणा भन्दा परीक्षामा उत्तीण हुने कुराले मात्र उत्प्रेरित गरेको हुन्छ । त्यस्तै जुनसुकै उमेर समूहमा मानिसहरू कुनै कुराको प्राप्तिका लागि कुनै न कुनै प्रकारको पुरस्कार, प्रलोभन अथवा आन्तरिक इच्छाले उत्प्रेरित भएका हुन्छन् । यसर्थ जागरण वा प्रेरणा नै उत्प्रेरणा हो ।

मानिसले आत्मसन्तुष्टिका लागि गर्ने कुनै पनि कार्य सम्पन्न गर्न ऊभित्र आन्तरिक जागरण चाहिन्छ । उसको कार्य वा व्यवहारमा आउने जागरण नै उत्प्रेरणा हो । कुनै कुरा प्राप्त गर्न जब मानिसमा मोह जागरण हुन्छ त्यसका लागि उसलाई जाँगर, जागरण इच्छा हुनुपर्छ । त्यही जाँगर, जागरण वा इच्छालाई नै उत्प्रेरणा भनिन्छ । प्राप्तिको लोभले आन्तरिक इच्छा बढाइदिन्छ र त्यो कार्य वा व्यवहारमा परिवर्तित हुन्छ । त्यही परिवर्तनले सक्रियता सिर्जना गर्दछ । त्यही सक्रियताको जावण नै उत्प्रेरणा हो । उत्प्रेरणाले मानिसमा भएको दृश्य वा अदृश्य एवम् सुषुप्त अवस्थामा रहेको क्षमतलाई जागरण गराई प्रकाशमा ल्याइदिन्छ । जसले पनि आफ्नो उद्देश्य प्राप्तिका लागि सम्भव भएसमम प्रयास गर्छ र आफ्नो क्षमताको प्रदर्शन गर्दछ । त्यसै गरी शिक्षा क्षेत्रमा पनि शिक्षढा, प्रशिक्षण प्रक्रियाका लागि उत्प्रेरणालाई प्रभावकारी आधार मानिन्छ । उत्प्रेरणा नै कुनै वस्तु, ज्ञान वा सीप प्राप्त गर्ने मानिसलाई सक्रिय बनाउने आधार तत्व हो ।

उत्प्रेरणालाई परिभाषित गर्दै विभिन्न विज्ञानहरूले दिएका परिभाषा निम्नानुसार छन् :

- कोलम्यान **(Coleman) :** “उत्प्रेरणा व्यक्तिको त्यो आन्तरिक अवस्था हो, जसले व्यक्तिको व्यवहारलाई एउटा विशिष्ट लक्ष्यतर्फ प्रवेश गर्न निदेशन गर्दछ ।”

- गुड **(Good) :** “कार्यलाई प्रोत्साहित गर्ने, जारी राख्ने र नियन्त्रण गर्ने एक प्रक्रियालाई उत्प्रेरणा भनिन्छ ।”

- स्किनर **(Skinner) :** विद्यालयमा गरिने सिकाइमा अपेक्षित व्यवहारका लागि प्रोत्साहित गर्ने कार्य जारी राख्ने र निर्देशित गर्ने प्रक्रियालाई उत्प्रेरणा भनिन्छ ।"

माथिका भनाइले उत्प्रेरणालाई कुनै कार्यप्रति उत्तेजित गर्ने, प्रोत्साहित गर्ने र नियन्त्रित गर्ने प्रक्रियाका रूपमा परिभाषित गरेको देखिन्छ ।

### उत्प्रेरणाको महत्त्व

कुनै पनि कार्य गर्नुका पछाडि केही न केही उद्देश्य हुन्छ । शिक्षकले पनि आफ्ना विद्यार्थीहरूले निर्धारित विषयवस्तुको ज्ञान-सीप प्राप्त गर्न सकून् भन्ने उद्देश्य राखेको हुन्छ । यस्तो उद्देश्यअनुरूप शिक्षण गर्दा उद्देश्य प्राप्तिका लागि विद्यार्थीहरूलाई उत्प्रेरित गर्नु अति आवश्यक हुन्छ । उत्प्रेरित गरेर शिक्षण गर्दा विद्याथीहरू विषयवस्तुप्रति आकर्षित हुन्छन्, उत्सुक हुन्छन्, जागरुक हुन्छन् र उद्देश्यपूर्ण तरिकाले सिक्न सक्दछन् । त्यसैले( शिषण सिकाइमा विषयवस्तु सम्बन्धित उत्प्रेरणा हुन आवश्यक हुन्छ । त्यस्ता उत्प्रेरणाले विद्यार्थीहरू नयाँ नयाँ कुरा सिक्न उत्साहित हुन्छन् । त्यसेले शिषण सिकाइ प्रक्रियामा उत्प्रेरणाको ज्यादै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

भिन्न भिन्न उमेर, क्षमता, रुचि भएका विद्यार्थीलाई उनीहरूको उमेर, क्षमता, स्तर, रुचिअनुसारकै उत्प्रेरणा हुनुपर्दछ । जस्तै प्राथमिक तहका विद्यार्थीहरूको उमेर, क्षमता स्तर र रुचिअनुसारकै कामका लागि उत्प्रेरणा जागृत गराउनुपर्छ । उनीहरूलाई सानातिना चिजबिजहरू ल्याउन, लैजान, उठाउन, तीनचार वटासम्म वस्तुका नामहरू क्रमअनुसार सम्झना गर्न, थोरी कुरा सोच्न, पशुपक्षी, खेलकुदका कुरा गर्न, कथा सुन्न भन्न बढी रुद्धि हुन्छ । सो मउेर समूहका बालबकालिकाका विशेषतालाई ध्यान दिएर सोही अनुरूपकै कार्य गर्न उत्प्रेरित गर्नुपर्दछ । विद्यार्थीले आफ्नो क्षमता र रुचिअनुसारकै कार्य गर्न उत्प्रेरणा ग्रहण गर्छ र कार्य सफल गर्न सक्छ । यदि क्षमता र रुचिसँग मिल्दोजुल्दो नभएको कार्य गराउनुपर्‍यो भने उसमा उत्प्रेरणा जगाउन गाह्रो हुन्छ । सिकाइमा उत्प्रेरणाको महत्त्वलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

(क) सिकाइलाई व्यक्तिको व्यवहारमा परिमार्जन गर्ने प्रक्रिया मानिन्छ । व्यक्तिको व्यवहारको परिमार्जन र विकासका लागि उत्प्रेरणा आवश्यक हुन्छ ।

(ख) सिकाइका क्रममा व्यक्तिले विभिन्न प्रतिक्रिया वा व्यवहार प्रदर्शन गर्दछ । यस्ता व्यवहारमध्ये ठीक व्यवहार छनोट गर्न उत्प्रेरणाले सहयोग गर्दछ ।

(ग) छनोट पछिको व्यवहारलाई निरन्तरता दिन उत्प्रेरणाले मद्दत गर्दछ । यसरी उत्प्रेरणाले व्यक्तिको व्यक्तिलाई निर्देशित गरी सिकाइमा सहयोग पुर्‍याउँदछ ।

(घ) उत्प्रेरणाले स्व. सिकाइलाई निरन्तरता दिन सहयोग गदृछ । एउटा कामको सफलता वा सफलतान्मुख वातावरणले स्वतः उत्प्रेरणा जागृत गराउँछ ।

(ङ) मानिसको सिक्ने प्रक्रियालाई उत्प्रेरणाले प्रोत्साहित गदृछ । सिक्ने प्रक्रिया तीव्र हुन्छ ।

यसकारण उत्प्रेरणाले सिकाइ प्रक्रियामा महत्त्वपूर्ण योगदान पुर्‍याइएको हुन्छ । उत्प्रेरणाले सिकाइका लागि आवश्यक वातावरण सिर्जना गर्ने भएकाले सिकाइका लागि उत्प्रेरणा महत्त्वपूर्ण हुन्छ ।

## १०.२ उत्प्रेरणाका प्रकारहरू

उत्प्रेरणालाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले विभाजन गरेका छन् । प्रसिद्ध विद्वान् अव्रहम मास्लोका अनुसार उत्प्रेरणा दुई प्रकारका हुन्छन् । (१) जन्मजात (२) आर्जित

गेरेटले उत्प्रेरणा तनि प्रकारका हुन्छन् भनेका छन् । (१) जैविक (२) मनोवैज्ञानिक (घ) सामाजिक

समान्यतया सिकाइ प्रक्रियामा चर्चा गर्दा उत्प्रेरणालाई दुई भागमा विभाजन गर्ने गरिन्छ ।

(क) आन्तरिक उत्प्रेरणा (ख) बाह्य उत्प्रेरणा

### (क) आन्तरिक उत्प्रेरणा

मानिस आफैँ अभिप्रेरित हुने व्यवहार नै आन्तरिक उत्प्रेरणा हो । यसका बाह्य प्रलोभन, पुरस्कार दबाब वा अन्य कुनै पनि किसिमका उत्प्रेरणा सिर्जना गर्ने तत्वहरूको प्रयोग हुँदैन । यस्तो उत्प्रेरणाका लागि मानिसको स्वाभाविक आवश्यकता नै प्रमुख आधार बन्दछ । यस्तै आवश्यकताबाट सिर्जना भएका इच्छा तथा रुचिहरू आन्तरिक उत्प्रेरणा हुन् । कुनै कार्य वा सिकाइका लागि मानिसलाई आन्तरिक रूपबाटै इच्छा जागरण हुनु नै आन्तरिक उत्प्रेरणा हो । आन्तरिक उत्प्रेरणाका कारण मानिस सो कार्य गर्न वा सिकाइका लागि उत्प्रेरित हुन्छ । जस्तै भोक, तिर्खा, प्रेम, निद्रा आदि कहिलेकाहीँ खुसीका लागि आनन्दका लागि पुस्तक पढिन्छ । पुस्तक पढेर रमाइन्छ । त्यस्तो अवस्थामा पनि यो पुस्तक पढ्न जागेको इच्छा आन्तरिक उत्प्रेरणा हो । यदि परीक्षा उत्तीर्ण गर्ने उद्देश्यले पढिएको छ भने त्यहाँ आनतरिक उत्प्रेरणा हुँदैन ।

### (ख) बाह्य उत्प्रेरणा

कुनै कार्य गर्न वा सिकाइका लागि प्रलोभन, अभिशासा पुरस्कार, दण्ड आदिको प्रयोग गरी इच्छाको जागरण हुन्छ भने त्यो बाह्य उत्प्रेरणा हुन्छ । अर्थात् कुनै अभिलाशा, प्रलोभन, पुरस्कार वा दण्डका माध्यमबाट सिर्जना हुने उत्प्रेरणालाई बाह्य उत्प्रेरणा भनिन्छ । यो नैसर्गिक वा आन्तरिक नभएर आर्जिक उत्प्रेरणा हो । बाह्य उत्प्रेरणालाई आर्जित वा अरू माध्यमबाट सिर्जित उत्प्रेरणा मानिन्छ । कुनै बाह्य शक्तिको प्रभावबाट व्यक्ति कुनै कार्य वा सिकाइमा लाग्नु बाह्य रूपबाट उत्प्रेरित हुनु हो । यसलाई व्यक्तिगत र सामाजिक उत्प्रेरणाका रूपमा पनि लिन सकिन्छ । एउटा बालक बुबाआमा खुसी हुनुहुन्छ भनेर सफला भएर बस्छ भने त्योब ाह्य उत्प्रेरणाको उदाहरण हो । त्यस्तै विद्यार्थीले परीक्षामा उत्तीर्ण हुने उद्देश्य राखेर पाठ पढ्छ भने त्यो पनि बाह्य उत्प्रेरणाको उदाहरण हुन्छ । बाह्य लक्ष्य प्रापितका लागि उत्पेरित भइ कार्य गरिन्छ भने त्यहाँ बाह्य उत्प्रेरणा भएको मानिन्छ । जस्तै फुटबल खेलाडीहरूले खेल जित्ने अभिलाशाका साथ फुटबल खेलिरहेका हुन्छन् । यहाँ जीतको वा पुरस्कारको आशाबाट उत्पन्न हुने उत्प्रेरणा बाह्य उत्प्रेरणाको रूपमा आउँछ ।

## १०.३ उत्प्रेरणामा प्रभाव पार्ने तत्वहरू

शिक्षण सिकाइ प्रक्रियामा विषयढवस्तुसँग सम्बन्धित रोचक र आकर्षक क्रियाकलाप एक कुराकानीको शैली अपनाउन सकियो भने विद्यार्थीमा उत्प्रेरणा जगाउन सहज हुन्छ । उनीहरूले दैनिक जीवनमा बुझेका, जानेका, सुनेका, देखेका कुराहरू उत्प्रेरणा भए त्यो स्वाभाविक हुन्छ । यसरी विद्यार्थीलाई उत्प्रेरित गर्न सकेमा उत्प्रेरणाको कार्य सफल हुन्छ ।

यदि विद्यार्थीहरूले शिक्षण सिकाइ प्रक्रियामा शिक्षक विद्यार्थीलाई उत्प्रेरित गर्न सकेमा उत्प्रेरणाको कार्य सफल हुन्छ । यदि विद्यार्थीहरूले शिक्षण सिकाइ प्रक्रियामा शिक्षक विद्यार्थीलाई उत्प्रेरित गर्न प्रयत्नशील छन् भन्ने आभाष पाएमा त्यो स्वाभाविक हुँदैनन् भनिन्छ, उत्प्रेरणा दिने कार्य सफल भयो भने शिक्षणको आधा कार्य सफल भएको मानिन्छ । उत्प्रेरणामा विभिन्न तत्वहरूले प्रभाव पार्दछन् । उत्प्रेरणा सफल हुनका लागि यसलाई प्रभाव पार्ने तत्वहरूबारे थाहा हुनुपर्दछ । उत्प्रेरणामा प्रभाव पार्ने तत्वहरू निम्नअनुसारका छन् ।

(क) इच्छा र तत्परता (ख) आकाङ्क्षा

(ग) अभिवृद्धि (घ) हर्ष र विस्मात्

**(क) इच्छा र तत्परता**

इच्छा र तत्परता उत्प्रेरणामा प्रभाव पार्ने मुख्य तत्व हुन् । उत्प्रेरणामा प्रभाव पार्ने मुख्य तत्व हुन् । उत्प्रेरणाका लागि उत्प्रेरित हुने व्यक्तिको इच्छा र तत्परता मुख्य तत्व हुन्छन् । विद्यार्थीको इच्छा बुझेर शिक्षण गरियो भने विद्यार्थीमा सिकाइप्रति उत्प्रेरणा जागरण हुन्छ । स्वाभाविक घटना र समस्याको सिर्जना गरेर त्यसलाई विषयवस्तुसँग सम्बन्धित गरियो भने विद्यार्थीमा सिक्ने इच्छा र तत्परताको जागरण हुन्छ । यही इच्छा र जागरणको माध्यमबाट विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न सकिन्छ ।

सिक्ने व्यक्ति इच्छुक हुँदा इच्छाअनुसुसार आफ्नै चाहनाले गर्दा उत्प्रेरणा जागरण हुन्छ । यसमा कसैले उत्प्रेरित गरिरहनु पर्दैन । यस्ता इच्छामा आधारित उत्प्रेरणाहरू भनेका नाचगान गर्नु, चित्रकारी गर्नु आदि हुन् । कतिपय अवस्थामा सिक्ने व्यक्ति अथवा कार्य गर्ने व्यक्तिले इच्छा नगर्दा गर्दै पनि ऊ सिक्न वा कार्य गर्न तत्पर हुन्छ । जस्तै नमीठो, तीतो औषधी खान पनि बिरामी तत्पर हुन्छ । यसका लागि उसलाई निको हुने आशाले औषधी खान उत्प्रेरित गर्दछ ।

**(ख) आकाङ्क्षा**

कुनै पनि कुराको प्राप्तिको चाहना आकाङ्क्षा हो । निश्चित लक्ष्य र उद्देश्य प्राप्त गर्न व्यक्तिमा अन्तरआत्मादेखि जागृत भएको इच्छा नै आकाङ्षा हो । आकाङ्क्षाले नै मानिसलाई लक्ष्य प्राप्त गर्न उत्प्रेरित गर्दछ । मानिसको जीवनमा आकाङ्क्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । आकाङ्क्षाले भविष्यको बाटो पहिल्याउन जागरुक गराउँछ । मानिसलाई आकाङ्क्षाले नै कस्तो लक्ष्यमा पुग्ने हो निर्धारण गर्छ । सकारातमक आकाङ्क्षाले नै कस्तो लक्ष्यमा पुग्ने हो निर्धारण गर्छ । सकारातमक आकाङ्क्षाले सफलताका लागि उत्प्रेरित गर्दछ भने नकारात्मक आकाङ्क्षाले गलत लक्ष्य प्राप्तिका लागि उत्प्रेरित गर्न सक्छ । त्यसकारण मानिसले सकारात्मक आकाङ्क्षा बोकेर सफल लक्ष्य प्राप्त गर्न उत्प्रेरित हुनुपर्दछ । त्यसकारण आकाङ्क्षा उत्प्रेरणामा प्रभाव पार्ने एउटा तत्व हो भन्ने प्रष्ट हुन्छ ।

आकाङ्क्षास्तरअनुसार मानिसका लक्ष्य फरक-फरक हुन्छन् । त्यस्तै एकै प्रकारको लक्ष्य हुँदा पनि मानिसका आकाङ्क्षास्तर आफ्नो क्षमताअनुसार फरक-फरक हुन्छ । यसले विदार्थीको क्षमताअनुसार आकाङ्क्षास्तर फरक-फरक हुने कुरालाई प्रष्ट पार्दछ । जस्तै : कुनै परीक्षा दिने सबै विद्यार्थीको आकाङ्क्षा परीक्षा उत्तीर्ण गर्नु हो तर कोही

सर्वोत्कृष्ट अङ्क ल्याएर प्रथम हुनेछ आकाङ्क्षा भने कोही उत्कृष्ट ल्याएर उत्तीर्ण हुने आकाङ्क्षा राख्छन् । त्यस्तै कसैले सामान्य ग्रेड प्रापत गर्दा पनि सन्तोष मान्ने आकाङ्क्षाले उत्प्रेरणालाई प्रभावित गर्ने गर्दछ ।

उत्प्रेरणालाई प्रभाव पार्ने आकाङ्क्षा भने जस्तै आकाङ्क्षालाई पनि सफलता र असफलताले प्रभाव पार्दछन् कुनै लक्ष्य प्राप्तिमा जतिजति राम्रो सफलता मिल्दै जान्छ, त्यति त्यति हौसला पनि बढ्दै जान्छ र त्यसको प्रभावले आकाङ्क्षा पनि बढ्दै जान्छ । कार्य वा सिकाइमा सफलता कम हुँदै जाँदा हौसला कम हुँदै आकाङ्क्षा पनि कम हुँदै जान्छ । जस्तै गणितका समस्याहरू समाधान गर्दै जाँदा जति हिसाब मिल्दै जान्छ विद्यार्थीलाई अझ धेरै गरिरहने आकाङ्क्षा बढ्दै जान्छ । यदि हिसाब मिल्न सकेन भने अल्छी लाग्छ लगातार हिसाब गरिरहने आकाङ्क्षा घट्दै जान्छ ।

यसरी नै सङ्गत, मित्रता र वातावरणले पनि आकाङ्क्षास्तरमा फरक पार्दछ । असल सङ्गत र उपयुक्त वातावरण प्राप्त भएमा खराब व्यक्तिले पनि असल बन्ने आकाङ्क्षा राख्न सक्दछ । पठाइमा जान्ने साथीको सङ्गतले कमजोर साथीलाई आफू पनि जान्ने हुने आकाङ्क्षा पलाउँछ र जान्नेको सहयोग बढीभन्दा बढी लिन थाल्दछ । त्यसकारण सङ्गत र वातावरणले आकाङ्क्षामा पारेको प्रभावले पनि उत्प्रेरणालाई प्रभाव पार्दछ ।

## (ग) अभिवृत्ति

मानिसमा कुनै पनि व्यक्ति, वस्तु या कुनै पनि कुराप्रति आफ्नै किसिमको धारणा र मनेभावना हुन्छ । त्यही व्यक्ति, वस्तु, समय, सन्दर्भ वा कुनै पनि कुराप्रति भएको मानिसको धारणा र मनोभावनालाई अभिवृत्ति भनिन्छ । अभिवृत्ति जन्मसिद्ध गुण हैन । यो मानिसले गरेको अनुभव र सामाजिक मान्यताका आधारमा बन्दछ । जीवनमा विभिनन कुराहरूले विभिन्न परिस्थितिमा पारेको निरन्तर प्रभाव र अनुभवको परिणामस्वरूप मनमा परेको प्रभाव नै अभिवृत्ति हो । मानिसका व्यवहार र कार्यकलापहरू उसको अभिवृत्तिअनुरूप हुन्छन् । अभिवृत्ति मुख्यतः दुई प्रकारका हुन्छन् :

(अ) सकारात्मक अभिवृत्ति (आ) नकारातमक अभिवृत्ति

### (अ) सकारातमक अभिवृत्ति

मानिसको जविनमा कुनै पनि कुराको सुखमय अनुभव, राम्रो व्यवहार र असल प्रभाव परेको छ भने त्यसबाट सिर्जना भएको अभिवृत्तिलाई सकारात्मक अभिवृत्ति भनिन्छ । सकारात्मक अभिवृत्तिले मानिसका शेक्षिक, मानसिक, बौद्धिक, शारीरिक, व्यवहारिक, नैतिक आदि विविध पक्षहरूको विकासमा सहयोग पुऱ्याउँदछ । सकारात्मक अभिवृत्ति भएको मानिस कुनै पनि असल काम कुराप्रति आकर्षित हुन्छ, त्यसप्रति रुचि राख्छ र त्यस्तो कुरा सिक्न इच्छुक हुन्छ र तत्परता देखाउँछ । त्यसकारण स-साना बालबालिकाहरूलाई सकारात्मक कुरा सुनाएर, व्यवहार देखाएर सकारातमक अभिवृत्ति विकास गराउन सहयोग गर्नुपर्दछ । उनीहरूलाई नराम्रो कुरा सुनाएर, भनेर वा देखाएर नकारात्मक अभिवृत्ति उत्पन्न गराउनु हुँदैन । बालबालिकालाई जीवनमा जानी राख्नुपर्ने, सिकिराख्नुपर्ने कुराहरूमा सकारातमक अभिवृत्ति पैदा गर्न सहयोग

गर्नुपर्दछ । सकारात्मक अभिवृत्तिको विकासले, व्यक्ति, परिवार र समाजलाई सकारातमक बाटोमा अगाडि बढ्न महत्त्वपूर्ण सहयोग गर्छ त्यसकारण बालबालिकामा घर परिवार र विद्यालय दुवैले सकारात्मक अभिवृत्ति विकास गराउने प्रयास गर्नुपर्दछ ।

**(आ) नकारातमक अभिवृत्ति**

कुनै कुराको नमिठो अनुभव भएर कुनै पनि कामप्रति अनिच्छा भएर कुनै कुराप्रति नराम्रो भावना उत्पन्न भएर विकास हुने अभिवृत्ति नकारातमक अभिवृत्ति हो । यस्तो अभिवृत्तिले मानिसको सर्वाङ्गीण विकासका विभिन्न पक्षहरूमा नराम्रो प्रभाव पर्छ । तर कतिपय नकारात्मक अभिवृत्ति सकारातमक परिणामका लागि अपनाउने गरिन्छ । नकारात्मक अभिवृत्ति रहेको कुराप्रति व्यक्तिले( त्यसको प्रतप्तिको इच्छा तथा तत्परता देखाउँदैन । त्यसप्रति रुचि राख्दैन । बरु त्यसप्रति हेला, घृणा र अरुचिको दृष्टिकोण विकास गर्छ । जस्तै : चुरोट, रक्सी सेवन गर्नु स्वास्थ्यका लागि हानिकारक छ भन्ने भावना पैदा गर्न सके उसले चुरोट, रक्सी सेवन गर्दैन । त्यसकारण कतिपय सकारात्मक अभिवृत्ति विकास गराउन र नकारात्मक अभिवृत्ति हटाउन बालबालिकाका अभिभावक, विद्यालयका शिक्षक र समाजका व्यक्तिहरूले प्रयास गनुपर्दछ ।

सकारातमक अभिवृत्तिले व्यक्तिमा ज्ञान, सीप बढाउन, असल कार्यहरूप्रति आकर्षित हुन सहयोग गर्दछ, त्यसप्रति उत्प्रेरणा जगाउँछ । अर्कातिर नकारातमक अभिवृत्तिले कुनै कुरा त्याग्न, हटाउन र बिर्सन मद्दत पुऱ्याउँछ ।

**(घ) हर्ष र विस्मात वा चिन्ता**

**१. हर्ष :**

मानिसका आफ्ना आशा, आकाङ्क्षा र इच्छाअनुसार कुनै कुरा प्राप्त भएपछि महसुस हुने खुसी नै हर्ष हो । हर्ष प्राप्त हुने कुारमा मानिस सहज रूपले प्रस्तुत हुन्छ । यसकारण हर्ष प्राप्त हुने कुराबाट मानिसलाई उत्प्रेरणा प्राप्त हुन्छ ।

हर्षबाट सकारातमक उत्प्रेरणा प्राप्त हुन्छ । हर्षबाट प्राप्त हुने उत्प्रेरणा सकारातमक उत्प्रेरणा हुन्छ । हर्षले मानिसका व्यवहार र कार्यकलापलाई सहज बनाउँछ । यसले सकारातमक परिवर्तनका लागि मद्दत पुऱ्याउँछ । हर्षले मानिसको बौद्धिक, मानसिक एवम् शारीरिक विकासमा समेत सहयोग गदृछ ।

हर्षले मानिसको उत्साह बढाउँछ । उत्साहको कारण व्यक्तिमा उच्चस्तरका कार्यहरू सफलतापूर्वक पूरा गर्दै जाने क्षमताको विकास हुन्छ । जस्तै : गाण्तिका सरल समस्याहरू सफतापूर्वक समाधान गर्दै जाँदा कठिन समस्याहरू पनि समाधान गर्ने हौसला प्राप्त हुन्छ र ऊ हर्षित हुन्छ । सक्षम र कमजोर दुवैथरिका विद्यार्थीहरूलाई हर्षले सिकाइमा ठूलो मद्दत पुऱ्याउँछ ।

### २. विस्मात वा चिन्ता

कहिलेकाहीँ मानिसलाई चिन्ता, त्रासका आदिले सताउँछ । यो छोटो समयसम्मके पनि हुन सक्छ र कहिलेकाहीँ लामो समयसम्म कायम रहन पनि सक्छ । व्यक्तिमा उत्पन्न हुने असुरक्षाको मनस्थिति नै चिन्ता वा समाप्त हो । मानिसले गरेका कामबाट आफ्ना इच्छा, आशा, योजना विपरीत नतिजा निस्कन्छन् वा नकारात्मक परिणाम आउँछन् भने त्यसले चिन्ता पैदा गर्दछ । मानिस आफूले गरेको कामप्रति विश्वसत छैन र उसलाई असफलता हात लाग्ने शङ्का उपशङ्का भएमा डर, त्रास बढ्न सक्छ । त्यही डर त्रासका करण चिन्ता उत्पनन हुन्छ ।

चिन्ताले मानिसको ध्यान एकै विषयमा केन्द्रित गराइदिन सक्छ । चिन्ता लागेको विषय बिर्सन गाह्रो हुन्छ । चिन्ता लागेको व्यक्तिसँग च्इहा सन्दर्भ र विषयमा कुरा गर्दा ऊ त्यसमै उत्प्रेरित हुन्छ । जस्तै कुनै विषय गाह्रो लाग्ने विद्यार्थीसँग त्यही विषयका बारेमा कुरा गरिदियो भने उसले उत्प्रेरणा पाउँछ र उसको सिकाइमा सहयोग मिल्छ । शिक्षकले परीक्षामा राम्रो नहोला कि भनेर चिन्ताग्रस्त विद्यार्थीलाई यो पाठ बढी महत्त्वपूर्ण छ भनेर संकेत गरिदिँदा ऊ उत्प्रेरित भएर परीक्षाका लागि राम्रो तयारि गर्न सक्छ । कुनै ज्ञान प्रापत गर्न गाह्रो छ सकिँदैन कि भन्दै चिन्ता लिइरहेको अवस्थामा त्यस्ता विषयको विज्ञले यो कुरा त जीवनभरि लाभदायक छ भनिदियो भने उत्पेरित मिहिनेत गरेर व्यक्तिले सो ज्ञान प्राप्त गरेर छाड्छ । यसरी हेर्दा उत्प्रेरणामा प्रभाव पार्ने तत्वहरूमध्ये चिन्ता पनि एक हो । अर्थात् चिन्ता वा विस्मातले पनि उत्प्रेरणामा प्रभाव पार्दछ ।

चिन्ता वा विस्मात भनेको नकारातमक उत्प्रेरणा पनि हो । यसबाट कुनै कुरा सहज रूपमा सिक्नुको सट्टा व्यक्तिले मानसिक दबाबमा परेर सिक्छ । व्यक्ति कुनै पनि काम गर्दा उद्देश्य प्रापितका लागि चिन्तित रहन्छ, भने त्यस्तो व्यक्तिले सो कार्य गर्दा बढी नै सतर्कता अपनाउने गर्छ । मानसिक रूपमा कामप्रति ध्यान केन्द्रित गर्छ । फलस्वरूप यस्तो मानसिक स्थितिले उद्देश्य प्रापितमा ठूलो मद्दत पुऱ्याउँदछ । यसै गरी शिक्षण सिकाइको प्रक्रियामा चिन्ता या विस्मातको माध्यमबाट धेरै कुरा सिक्न र सिकाइको व्यवहारमा प्रयोग गर्न सकिन्छ । जस्तै : पढिएन भने परीषामा अनुत्तीर्ण भइन्छ भन्ने परेपछि विद्यार्थी पढाइप्रति उत्प्रेरित भएर उत्तीर्ण हुने गरी पढाइमा लाग्छ ।

कहिलेकाहीँ चिन्ता बढी भयो भने त्यसले निराशा जगाउन सक्छ । जीवनमा दीर्घकालीन नकारात्मक असर पुऱ्याउन सक्छ । त्यसकारण बढी चिन्ता उत्प्रेरणाका लागि राम्रो हैन ।

## १०.४ कक्षा शिक्षणमा उत्प्रेरणा बढाउने उपायहरू

बालबालिकालाई सिकाइका निमित्त उत्प्रेरणाको ठूलो महत्त्व हुन्छ । बालबालिका सिकाइका लागि उत्प्रेरित भएनन् भने सिकाइ प्रभावकारी हुँदैन । यसका लागि कक्षाकोठाको

वातावरणको भूमिका महत्त्वपूर्ण गर्न विभिन्न उपायहरू अपनाउनुपर्छ । बालबालिकालाई सिकाइमा उत्प्रेरणा बढाउने मुख्य उपायहरू निम्नानुसार छन् :

| | | | |
|---|---|---|---|
| (क) | नतिजाबोध | (ख) | प्रतिस्पर्धा र सहयोग |
| (ग) | उत्प्रेरक | (घ) | सबलीकरण |
| (ङ) | विद्यालयका क्रियाकलाप | (च) | जविनमुखी परिस्थिति |

## (क) नतिजाबोध

आफूले गरेको कामको परिणाम वा नतिजा थाहा पाउनुलाई नतिजा बोध भनिनछ । मानिस आफूले गरेको कुनै पनि कामको नतिजे के भयो भनेर जान्न उत्सुक रहन्छ । मानिसले नतिजाबोधकै कारणले आफूले गरेको कामको सफलताको मात्रा वा असफलताको मात्रा थाहा पाउँछ । यसो हुनका कारण के के हुन भन्ने पनि थाहा पाउँछ । नतिजाबोधबाट नै मानिसले आफ्ना कमिकमजोरी पत्ता लगाई भुलसुधार गर्ने र अझ बढी सफलतका लागि प्रयत्न गर्ने अवसर पाउँदछ । उसले यसकै कारणबाट सफलता र प्रगतिका लागि अझ बढी राम्रा र सबल उपायहरू खोज्न र पत्ता लगाउन सक्छ । आफूले( गरेका कामको नतिजाबोध भएन भने त्यो काम गर्ने तरिका सही तरिका के हो, त्यस कामको भुलसुधार गर्ने मौका प्राप्त हुन्छ वा हुँदैन सोबारे जानकारी हुँदैन ।

नतिजाबोध प्रेरणाको आधार हो । नतिजाबोध भएपछि मानिसले सही कार्य गरेबापत प्राप्त फलका आधारमा प्रेरणा पाउँछ । मभूल गरेबापत के कस्तो भूल भएको छ त्यस मूललाई कसरी सुधार्ने भन्ने प्रेरणा पनि पाउँछ । यसकारण काम गरिसकेपछि छोटो अवधिभित्रमा नै नतिजाबोध हुनु आवश्यक हुन्छ । यदि नतिजाबोध लामो अवधिपछि मात्रै प्राप्त भएमा त्यो प्रभावकारी हुँदैन । किनभने लामो अवधिपछि मानिसमा उत्प्रेरणाको जाँगरमा कमी आइसकेको हुन्छ, उत्सुकता कमजोर भइसकेको हुन्छ । नतिजाबोध ठीक समयमा हुन आवश्यक छ । ठीक समयमा भएन भने मानिसले गर्नुपर्ने सुधारको उत्सुकता कम भई सुधार नहुन सक्छ र त्यसको महत्त्व पनि हुँदैन । फलस्वरूप त्यसबाट प्राप्त हुने हर्ष र विस्मात पनि अवश्य कम हुन्छ ।

कक्षा शिक्षणमा उत्प्रेरणा बढाउने एउटा महत्त्वपूर्ण पायहरूमध्ये नतिजाबोध एक महत्त्वपूर्ण र प्रभावकारी उपाय हो । यसको माध्यमबाट कक्षामा शिक्षण सिकाइ भइरहेको बेलामा विद्याथीृका कार्यकलाप आएका कमिकमजोरी हटाई सुधार गराउन सकिन्छ । सन्तोषजनक वा राम्रो कार्यकलाप गनेृलाई तत्काल स्याबासी दिएर प्रशंसा गरेर हौसला बढाउन सकिन्छ । विद्यार्थीको सिकाइमा उत्प्रेरणा बढ्छ नतिजाबोध गर्ने कार्यमा गल्तीलाई मात्र जोड दिनु हुँदैन । विद्यार्थीलाई उसको गल्तीलाई अपराधका रूपमा महसुस गराउन हुँदैन । गल्तीलाई सहज रूपमा लिने र त्यसलाई सुधार गर्न सकिन्छ भन्ने भावना विकास गराइदिनुपर्दछ । जसका कारण विद्यार्थी गल्ती सुधार गरेर राम्रो नतिजाबोध गर्नतर्फ लाग्न उत्प्रेरित बनोस् ।

(ख) प्रतिस्पर्धा र सहयोग

### (अ) प्रतिस्पर्धा

वर्तमान समय प्रतिस्पर्धाको समय हो । यो युगलाई नै प्रतिस्पर्धाको युग भनिन्छ । दुई वा दुईभन्दा बढी व्यक्ति वा समूहमा एकले अर्कालाई उछिनेर अगाडि जानका लागि

गरिने प्रयास नै प्रतिस्पर्धा हो । विद्यालयमा विद्यार्थीहरूका बीच एकले अर्कोलाइ उछिन्ने प्रतिस्पर्धा चलिरहेको हुन्छ । पढाइ वा अन्य विविध विषयमा उनीहरूमा प्रतिस्पर्धा भइरहेको हुनछ । प्रतिस्पर्धाको परीक्षामा आफू प्रथम हुने उत्प्रेरणा प्रदान गर्छ । शिक्षकबाट स्याबासी र बढी अङ्क प्राप्त गर्न विद्यार्थीहरूमा प्रतिस्पर्धा हुन्छ । जसले असल हुन, मिहिनेत गर्न उत्प्रेरणा सिर्जना गर्दछ । कुनै पनि प्रतिस्पर्धामा केही न केही प्रकारको उत्प्रेरणा हुन्छ । उक्त उत्प्रेरणा पुरसकारका रूपमा वा प्रशंसाका रूपमा हुन सक्छ । त्यही उत्प्रेरकले उनीहरूमा उत्प्रेरणा बढाउँछ र विद्यार्थीहरू अझ बढी लगनशील र क्रियाशील भएर प्रतिस्पर्धामा संलग्न हुन्छन् । प्रतिस्पर्धा स्वस्थ्य हुनुपर्दछ । यसका लागि शिक्षक बढी सचेत हुनुपर्दछ । शिक्षकले नै विदार्थीहरूबीच मित्रतापूर्ण प्रतिस्पर्धाको वातावरण बनाइदिनुपर्छ । साधारण र कमजोर विद्यार्थीहरूलाई प्रतिस्पर्धाका लागि उत्प्रेरित गर्नुपर्दछ । शिक्षकले विचार पुऱ्याएर मनोवैज्ञानिक तरिकाले विद्यार्थीहरूमा हुने प्रतिस्पर्धाको व्यवस्थापन गनुपर्दछ ।

प्रतिस्पर्धा मुख्य दुई प्रकारका हुन्छन् :

(i) व्यक्तिगत प्रतिस्पर्धा (ii) सामूहिक प्रतिस्पर्धा

**(i) व्यक्तिगत प्रतिस्पर्धा**

व्यक्तिगत प्रतिस्पर्धा भनेको व्यक्ति-व्यक्तिमा हुने प्रतिस्पर्धा हो । यसमा प्रत्येक व्यक्ति वा विद्यार्थीले स्वतन्त्र, क्रियाशील र लगतशील भएर आफ्नो कार्यकलाप वा क्षमता प्रदर्शन गर्दछ । यस्ता प्रतिस्पर्धाहरूमा आआफ्नो विषयमा वा रुचिक ाक्षेत्रमा सक्षम विद्यार्थीहरू मात्र बढी संलग्न हुन्छन् । यसकारण यो प्रतिस्पर्धा प्रभावकारी पनि हुन्छ । कमजोर विद्यार्थीहरू निरुत्साहित भएर प्रतिस्पर्धाबाट टाढा रहन चाहन्छन् । त्यसकारण उनीहरूका बीच पनि प्रतिस्पर्धाको वातावरण बनाइदिनुपर्छ । कमजोरहरूलाई पनि प्रतिस्पर्धाको माध्यमबाट उत्कृष्ट बन्न सकिन्छ भन्ने उत्प्रेरणा जगाउन शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्छ ।

**(ii) समूहिक प्रतिस्पर्धा**

सामूहिक प्रतिर्स्पामा समूह समूहबीच प्रतिस्पर्धा हुन्छ । यस्तो प्रतिस्पर्धामा विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरिउको हुनुपर्छ । प्रतिस्पर्धाहरूबाट साूहिक रुमपा आफ्ना कार्यकलापहरू प्रदर्शन हुन्छन् । प्रतिस्पर्धाका लागि समूहहरू गठन गर्दा क्षमता अनुसारका समूह बनाउनुपर्छ । उत्तम क्षमता भएका, साधारण क्षमता भएका र निम्न क्षमता भएका विद्यार्थीलाई आ-आफ्ना क्षमताअनुसारका समूहसँग प्रतिस्पर्धा गराउनुपर्दछ । समूहमा भएका प्रत्येक विद्यार्थीले आ-आफ्नो दक्षता, क्षमताअनुसार कार्यकलाप गर्छन् । सबैले क्षमता र दक्षताबाट प्राप्त उपलब्धि नै सिङ्गो समूहको उपलब्धि हुने भएकाले उनीहरूमा त्यसबाट उत्प्रेरणा प्राप्त हुन्छ र उनीहरू अझ राम्रो गर्ने कार्यकलापमा लाग्दछन् । उनीहरूको यो लगानशीलता र क्रियाशीलताले आफ्नो जस्तै अर्को समूहसँग प्रतिस्पर्धा गरेर अगाडि जान उत्प्रेरित गर्दछ ।

यस्ता किसिमका प्रतिस्पर्धाले सबै क्षमता र स्तरका विद्यार्थीहरूमा उत्प्रेरणा जगाउन मद्दत गद्र्छ । त्यसैले कक्षा शिक्षकमा उत्प्रेरणा जगाउने एउटा उपाय प्रतिस्पर्धा पनि हो । प्रतिस्पर्धाको वातावरण बनाउन र त्यसलाई राम्ररी सञ्चालन शिक्षकले विशेष ध्यान पु¥याउन आवश्यक छ । शिक्षकले यस्तो कार्यकलाप गर्दा गराउँदा सम्पूर्ण विद्यार्थीहरूको मनोभाव, रुचि र दक्षतालाई बुझ्न सक्नुपर्दछ ।

**(आ) सहयोग**

कुनै पनि किसिमको काम वा कार्यकलाप पूरा गर्न अरुबाट प्राप्त हुने मद्दत नै सहयोग हो । अर्को अर्थमा सहयोग भनेको एक अर्कालाई मद्दत गर्नु हो । सहयोगबिना कुनै कार्य पूर्ण रूपले सफल नहुन सक्दछ । कक्षामा शिक्षण सिकाइका लागि शिक्षक-विद्यार्थी र विद्यार्थी-विद्यार्थीबीच एक आपसमा सहयोग आदान-प्रदान हुन आवश्यक हुन्छ । शिक्षक पढाइरहेको समयमा विद्यार्थीहरूले ध्यान नदिने, कक्षामा हल्ला गर्ने, विषयवसतु छोडेर अन्य बाहिरी कुरा ल्याउने, असान्दर्भिक किसिमले विरोध गर्ने आदिले शिक्षणलाई सफल र प्रभावकारी हुन दिँदैन । यदि कक्षामा विद्यार्थी विषयवसतुतर्फ केन्द्रित नभएर एक आपसमा अनावश्यक तर्क-बितर्क, झै झगडा गर्छन् भने शिक्षण सिकाइ सफल हुँदैन ।

शिक्षण सिकाइमा एकआपसको सहयोगले उत्प्रेरणा जगाउन मद्दत गर्छ । सामूहिक प्तिस्पर्धाका लागि त सहयोगको झन् बढी आवश्यकता पर्दछ । उदाहरणका लागि समय समयमा विद्याथीृहरूमा हाजिरी जवाफ प्रतियोगिता, हिज्जे प्रतियोगितालगायतका विभिन्न कार्यक्रमको आयोजना गर्न सकिन्छ । यस्ता कार्यक्रमले विद्याथीृहरूमा एकअर्काबचिको सहयोग र प्रतिस्पर्धा दुवैको महत्त्व महसुस हुन्छ र उनीहरूमा उत्कृष्ट कार्यकलापका लागि उत्प्रेरणा जागृत हुन्छ ।

**(ग) उत्प्रेरक**

लक्ष्य प्राप्त गर्नका लागि सघाउने वा उक्साउने सुविधालाई उत्प्रेरक भनिन्छ । जस्तै : स-साना बालबालिकाहरूलाई विद्यालय गएमा चकलेट दिइन्छ भने चकलेट पाउन विद्यार्थीहरू समयमा नियमित रूपमा विद्यालय जान्छन् । विद्यालयमा पनि विद्यार्थीहरूलाई राम्रो पढेमा पुरस्कार दिइन्छ । यस्ता कुराहरू सफलता वा लक्ष्य प्राप्त गर्न सहयोग गर्ने उत्प्रेरक हुन् ।

**उत्प्रेरकका प्रकार**

(अ) सकारात्मक उत्प्रेरक (आ) नकारात्मक उत्प्रेरक

**(अ) सकारात्मक उत्प्रेरक**

सकारात्मक उत्प्रेरक सुखमय र रमाइलो हुन्छ । यस उत्प्रेरकले विद्यार्थीलाई बढी सक्रिय बनाइदिन्छ । प्रशंसा र पुरसकार पाएपछि विद्यार्थीलाई इज्जत, उत्साह र गौरवको अनुभव हुन्छ । जसले विद्यार्थीलाई आनन्दको अनुभूति पनि गराउँछ । पुरस्कार र प्रशंसाले विद्यार्थीलाई रामाइलो, सुखमय र गौरवको अनुभूति हुनका लागि साथै केही ठोस उपलब्धि पनि हुन्छ । त्यसैले यसलाइ्र कारातमक उत्प्रेरक मानिन्छ ।

### (आ) नकारात्मक उत्प्रेरक

सामान्यतया आरोप र दण्ड सजाय नकारात्मक उत्प्रेरक हुन् । हुन त आरोप र दण्ड सजाय जस्ता कुराहरू कसैलाई पनि मन पर्दैन तर पनि यसलाई उत्प्रेरका रूपमा पनि प्रयोग गर्न सकिन्छ । कुनै आरोप वा दण्ड पाइन्छ भन्ने डरले कार्यकलापमा लगनशील हुनु नकारात्मक उत्प्रेरक हो । यस्तो उत्प्रेरक नरमाइलो र कष्टदायक हुन्छ । त्यसैले यसलाई नकारात्मक उत्प्रेरक मानिन्छ । खराब बानीमा लागेको व्यक्तिको सो बानी हटाउन पनि त्यस्ता नकारात्मक उत्प्रेरकको प्रयोग गर्न सकिन्छ ।

## (घ) सबलीकरण

सबलीकरण र उत्प्रेरक एक अर्कामा उस्तै उस्तै लाग्छन् । तर यिन फरक छ । उद्देश्य हासिल गर्नका लागि उद्देश्य अनुरूप कार्य गरेबापत दिइने उत्प्रेरकलाई सबलीकरण भनिन्छ भने उद्देश्य हासिल गर्नका लागि सघाउने वा जागरुक बनाउने प्रक्रिया उत्प्रेरक हो । विद्यालय जानेलाई चकलेट दिन्छु भन्नु उत्प्रेरक हो भने विद्यालय गएबापत चकलेट दिनु सबलीकरण हो । सबलीकरण कुनै कार्य गरेको नतिजा वा प्रतिफल हो भने उत्प्रेरक कार्य गराउने प्रक्रिया हो । उत्प्रेरक परिणम वा नतिजा होइन । सबलीकरण पनि दुई प्रकारका हुन्छन् ।

(अ) सकारातमक सबलीकरण (आ) नकारातमक सबलीकरण

### (अ) सकारातमक सबलीकरण

सकारात्मक सबलीकरणले प्रशंसक पुरसकार र ठीक कार्य गरेको पुष्टि गर्दछ । जस्तै : विद्यालय जानेलाई चकलेट दिन्छु भनेकोमा विद्यालय गएबापत चकलेट दिनु पुरस्कारको पुष्ट्याइँ अथवा सकारातमक सबलीकरण हो ।

### (आ) नकारात्मक सबलीकरण

दण्ड, आरोप वा बेठीक कार्यको पुष्टि गर्नु नकारातमक सबलीकरण हो । जस्तै विद्यालय गए चकलेट दिन्छु भनिएकोमा विद्यालय नगएबापत चकलेट नदिनु । विद्यालय नगए साँच्चै चकलेट पाइँदैन भनेर बालक चकलेट पाउने आशाले विद्यालय जान्छ ।

पृष्ठपोषणलाई पनि सबलीकरणको अर्को तरिका मानिन्छ । पृष्ठपोषण भनेको व्यक्तिले गरेको कार्य ठीक वा बेठीक के छ भर्ना ज्ञान दिनु हो । सबलीकरणको परिणामस्वरूप विद्यार्थीले पुरस्कार, प्रशंसा वा दण्ड, सजाय प्राप्त गर्ने हुनाले( त्यसकै आधारमा विद्यार्थी वा शिक्षकले ठीक बेठीकको ज्ञान पाउँछ र उसलाई पृष्ठ पोषण प्राप्त हुन्छ । सबलीकरणको परिणाम, प्राप्त पुरस्कार वा दण्डको सङ्ख्या र तरिकाले समेत प्रभावित हुन्छ । जस्तै : चकलेट कतिवटा छन्, कस्तो स्वादको छ मिठो छ कि छैन, ठूलो छ कि सानो छ, कहिले प्राप्त हुन्छ आदि कुराहरूले सबलीकरण प्रभावकारी हुने वा नहुने अथवा कतिको प्रभावकारा हुने देखाउँछन् ।

## (ङ) विद्यालय क्रियाकलाप

पाठ्यक्रमअनुसार विषयवस्तुको ज्ञान, सीप र अभिवृत्ति बढाउनका लागि गरिने सम्पूर्ण कार्यक्रम विद्यालय क्रियाकलाप हुन् । पाठ्यक्रममा उल्लेखित विषयवस्तुहरू पाठ्यपुस्तकका पाठहरूमा मात्र अध्ययन गरेर अर्थपूर्ण तरिकाले सिक्न सकिँदैन । यो

त केवल सैद्धान्तिक ज्ञान मात्र हुन्छ । शिक्षा दिँदा सैद्धान्तिक र व्यवहारिक दुवै किसिमको ज्ञान दिनुपर्दछ । यसका लागि सिकाइलाई अर्थपूर्ण र व्यवहारिक हुने गरी विदार्थीको जीवनमा उपयोगी बनाउन सीप र अभिवृत्तिको विकास हुनु आवश्यक हुन्छ । सीप र अभिवृत्तिको विकास गर्न विद्यालयमा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । क्रियाकलापको माध्यमले सैद्धान्तिक ज्ञान र व्यवहारिक सीपको सँगसँगै विकास हुन्छ । यसबाट सकारात्मक अभिवृत्तिको विकास हुन्छ ।

विद्यालय क्रियाकलापलाई निम्नानुसार तीन भागमा वर्गीकरण गर्न सकिन्छ :

(i) पाठ्यक्रियाकलाप (ii) अतिरिक्त क्रियाकलाप

(iii) सहक्रियाकलाप

**(i) पाठ्यक्रियाकलाप**

पाठ्यक्रियाकलाप भन्नाले पाठ्यक्रममा उल्लेख भएका विषयवस्तुअनुसारको सम्पूर्ण क्रियाकलापले बुझिन्छ । पाठ्यक्रियाकलापले पाठ्यक्रमअनुसारको विषयवस्तुको शिक्षण तथा सिकाइ दुवैमा उत्प्रेरणा बढाउन सहयोग पुऱ्याउँछ । जस्तै : विज्ञान विषयको शिक्षण गर्दा शिक्षकले सैद्धान्तिक ज्ञान मात्र दिएका खण्डमा विद्यार्थीले अर्थपूर्ण रूपमा सिक्न सक्दैनन् । उनीहरूले प्रत्यक्ष अवलोकन गर्न सकिने प्रमाण र प्रक्रिया देख्न पाउँदैनन् । यसरी प्राप्त गरेका ज्ञानका भरमा उनीहरू आफ्नो ज्ञानलाई व्यवहारिक जीवनमा प्रयोग गर्न सक्दैनन् । व्यवहारिक सीपको प्रयोग गर्न जान्दैनन् । त्यस्तै गणित विषय शिक्षण गर्दा गणित विषयसँग सम्बन्धित शैक्षिक सामग्रीहरू प्रयोग गरेर व्यवहारिक जीवनमा कसरी प्रयोग हुन्छ देखाउन सकेमा गणित विषय पनि रुचिकर हुन्छ । विषयवस्तुलाई रुचिकर बनाउन सकेमा सिकाइमा उत्प्रेरणा पैदा हुन्छ ।

पाठ्यक्रियाकलापका सन्दर्भमा कुनै कुनै विषयमा शैषिक भ्रमण, स्थान अवलोकन जस्ता क्रियाकलापहरू उपयोगी हुन्छन् । जसका कारणले विद्यार्थीमा उक्त विषयको सिकाइमा उत्प्रेरणा प्राप्त हुन्छ । शिक्षण सिकाइका क्रममा पाठ्यक्रियाकलाप विविधता र प्रभावकारिता कायम गर्न सक्ने यसबाट विद्यार्थीलाई सिकाइमा उत्प्रेरित गर्न मद्दत पुग्छ ।

**(ii) अतिरिक्त क्रियाकलाप**

विद्यालयमा पाठ्यक्रममा उल्लेखित विषयवस्तुभन्दा बाहेका क्रियाकलाप पनि सञ्चालन गर्ने गरिन्छ । यस्ता क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । अतिरिक्त क्रियाकलाप विद्यालय परिसरभित्र र परिसर बाहिर दुवै ठाउँमा गर्ने गरिन्छ । यी क्रियाकलापले विद्यार्थीको सिकाइ प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याइरहेको हुन्छ । यसले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा पनि मद्दत पुग्छ । यसरी सिकाइमा सहयोग पुऱ्याउने भएपछि यसबाट पनि कक्षामा उत्प्रेरणा बढाउन मद्दत पुग्छ । जस्तै : विद्यालयको एउटै कक्षाका विद्यार्थीलाई दुई समूहमा विभाजन गरेर भिन्न भिन्न कक्षाका टमि बनाएर भिन्न भिन्न विद्यालयका टिम बनाएर फुटबल प्रतियोगिता आयोजना गर्न

सकिन्छ । यसले विद्यार्थीहरूमा फुटबल खेलको मैदानको बारेमा, फुटबलका नियम अनुशासनका बारेमा, खेलाडीहरूका भिन्न भिन्न भूमिकाका बारेमा एकै पटक धेरै ज्ञान प्राप्त हुन्छ । यसका साथै विद्याथीृहरूको शारीरिक, सामाजिक, नैतिक र संवेगातमक विकास पनि अप्रत्यष रूपमा सँगसँगै भइरहेको हुन्छ ।

अतिरिक्त क्रियाकलापले विद्याथीृहरूमा स्वच्छ मनोभाव, सहयोगी भावना, असल सम्बन्ध र स्वच्छ वातावरण तयार गर्न सहयोग गर्छ । यसबाट उनीहरूलाई विषयवस्तु अध्ययन र सिकँइ गर्नलाई समेत उत्प्रेरणा प्राप्त हुन्छ ।

**(iii) सहक्रियाकलाप**

पाठ्यक्रममा रहेका विषयवस्तु तथा उद्देश्यहरू प्रापत गर्नका लागि सहयोगी हुने क्रियाकलापलाई सशक्रियाकलाप भनिन्छ । जस्तै : हाजिरी जवाफ प्रतियोगिता, हिज्जो प्रतियोगिता, शैषिक प्रदर्शनी, शैषिक भ्रमण आदि । यस्ता क्रियाकलापले पाठ्यक्रमअनुसारको सिकाइलाई मद्दत पुऱ्याएका हुन्छन् । सहक्रियाकलापको उपयुक्त छनोट र सञ्चालनले विद्यार्थीलाई सिकाइमा उत्प्रेरणा प्राप्त हुन्छ ।

**(च) जीवनमुखी परिस्थिति**

शिक्षाको महत्त्व जीवनसँग जोडिएको हुन्छ । शिषा हासिल गर्नको उद्देश्य भावी जीवन सफल पार्नका लागि हुनुपर्छ । त्यसकारण शिक्षण सिकाइ प्रक्रियामा आउने उदाहरणहरू हाम्रा जीवन व्यवहारसँग सम्बन्धित हुनुपर्छ । भावी जीवनलाई सकारातमक प्रभाव पार्ने किसिमका हुनुपर्छ । जीवनमा आउने परिस्थितिसँग मिल्दाजुल्दा हुनुपदृछ । यसो भएमा सिकाइको अवस्थामा विद्यार्थीलाई उत्प्रेरणा प्राप्त हुन्छ । उनीहरूले सिकाइको महत्त्व अर्थपूर्ण तरिकाले बुझ्न सक्छन् । विद्याथीृहरूमा सिकाइप्रति उत्प्रेरणा जागेको छ भने सिकाइ सफल र प्रभावकारी हुन्छ ।

विद्यार्थीका जीवनका घटना, समस्या र भावी जीवनका गतिविधिसँग सम्बन्धित गर्न सकियो भने उनीहर सिकाइप्रति उत्प्रेरित हुन्छन् । जस्तै : विज्ञानको शिक्षण सिकाइमा आ-आफ्ना घरमा भएका विद्युतीय सामग्रीको नाम र काम लेख्न लगाउने हो भने उनीहरू खुसी भएर खोजी खोजी सो कार्य गर्न तत्पर हुन्छन् । यसरी जीवनमुखी परिस्थितिसँग जोडेर गरिने शिक्षण सिकाइ क्रियाकलापले कक्षा शिक्षणमा उत्प्रेरणा बढाउन सघाउ पुऱ्याउँछ ।

## १०.५ सिकाइमा प्रभाव पार्ने तत्वहरू

सिकाइ भनेको जीवनउपयोगी ज्ञान र सीप हासिल गर्नु हो । यस्तो ज्ञान र सीप हासिल गर्न सिकाइ प्रक्रिया आवश्यक हुनछ । प्रत्येक बालबालिका कुनै न कुनै प्रकारको प्रतिभा र क्षँमतायुक्त हुन्छ तर त्यो सुसुप्त अवस्थाम ारहेको हुन सक्छ । उपयुक्त सिकाइ वातावरण र शिक्षण प्रक्रिया भएमा उनीहरूमा भएको प्रतिभा क्रमशः प्रस्फुटित हुँदै जान्छ । यसरी प्रस्फुटित भएको प्रतिभा र क्षमतालाई उन्नत एवम् परिपक्व बनाउन पनि सिकाइको जरुरा हुन्छ । जन्मेर नमरुन्जेल मानिसले केही न केही सिकिरहेको हुन्छ त्यसकारण सिकाइ प्रक्रियालाई जन्मजात पक्रिया पनि भनिन्छ ।

कतिपय कुरा व्यक्तिले स्वत: सिक्ने किसिमका हुन्छन् भने कतिपय कुरा सिक्न शिक्षा, विभिन्न तालिम, प्रशिक्षण, आदिको आवश्यकता पर्दछ । उपयुक्त वातावरणमा सिकाइ प्रभावकारी र अर्थपूर्ण हुन्छ भने अनुपयुक्त वातावरणमा सिकाइ प्रभावकारी र अर्थपूर्ण हुँदैन । यसरी समयसापेक्ष शिक्षा, तालिम, प्रशिक्षणको सहयोगमा बालबालिकामा अन्तरनिहित प्रतिभालाई अधिकतम प्रस्फुटन सिकाइ प्क्रियाले व्यक्तिलाई लक्ष्यमा पुऱ्याउन सहयोग गदछ । यसका लागि सिकाइ प्रक्रिया प्रभावकारी हुनुपर्दछ सफल सिकाइ प्रक्रियाका क्रममा विभिन्न कुराहरूले प्रभाव पार्दछन् । सिकइ प्रक्रियामा प्रभाव पार्ने प्रमुख तत्वहरू निम्नानुसार छन् :

| | | | |
|---|---|---|---|
| (१) | व्यक्तिगत तत्वहरू | (२) | मानसिक तत्वहरू |
| (३) | संवेगात्मक तत्वहरू | (४) | वंशाणुगत तत्वहरू |
| (५) | शिक्षकको व्यक्तित्व | (६) | विद्यालयको वातावरण |
| (७) | सिकारुको आकाङ्क्षा | (८) | अभिप्रेरणा |
| (९) | सामग्रीको प्रकृति | (१०) | अभ्यास |
| (११) | शिक्षण विधि | | |

## (१) व्यक्तिगत तत्वहरू

व्यक्तिलाई उसका आफ्ना नितान्त व्यक्तिगत कारणले पनि सिकाइमा ठूलो प्रभाव पार्न सक्छ । उसका शारीरिक, मानसिक, शारीरिक, संवेगात्मक, वंशाणुगत आदि कारणले सिकाइ कार्यमा प्रभाव पारेको हुन्छ । शारीरिक रूपमा सबल एवम् स्वास्थ्य बच्चा तुलनामा शारीरिक रूपमा अशक्त एवम् निर्बल बच्चाले कम सिक्न सक्छ । देख्न, सुन्न, स्पर्श गर्न, स्वाद लिन नसक्ने व्यक्तिले आफ्नो अनुभवबाट प्राप्त गर्ने धेरै सिकाइ गर्न सक्दैन ।

शारीरिक एवम् मानसिक र वातावरणीय सहज अवस्थामा सिकारुका लागि सिकाइ प्रभावकारी बन्दछ । तर सहज अवस्था नहुँदा जस्तै : बसाइँ, खुवाइ, लबाइको असुविधा, मानसिक तनाव, असन्तुलित भोजन, बढी थकावट, शारीरिक अस्वस्थता, अपागताको अवस्थामा सिकारुका लागि सिकाइ प्रभावकारी बन्न सक्दैन । सिकाइमा प्रभाव पार्ने व्यक्तिगत तत्वहरू निम्नानुसार हुन सक्छन् :

| | | | |
|---|---|---|---|
| (i) | सिकारुको उमेर | (ii) | सिकारुको लिङ्ग |
| (iii) | सिकारुको स्वास्थ्य | (iv) | सिकारुको इच्छा र अभिरुचि |

### (i) सिकारुको उमेर

सिकारुको उमेर भनेको उसको शार्रीरिक परिपक्वताको परिचय हो । उमेरले सिकारुको शारीरिक परिपक्वता जनाउँछ । उमेरसँगै व्यक्तिको परिपक्वताको मात्रा पनि बढ्दै जान्छ । उमेर बढ्दै जाँदा सिकइको महत्त्व बढी बुझ्दै जाने हुनाले सिक्नुपर्ने कुरामा स्वत:स्फूर्त रूपमा तत्परता आउँछ । कम उमेरका व्यक्तिमा बढी उमेरका व्यक्तिमाभन्दा सिकाइमा तत्परता र रुचि कम हुन सक्छ । सिकारुको उमेरगत परिपक्वताले सिकाइको प्रभावकारितामा अवश्य प्रभाव पार्दछ ।

### (ii) सिकारुको लिङ्ग

केटा र केटीमा मानवीय स्वभावगत भिन्नता हुन्छन् । सिकाइ प्रक्रियामा पनि यो कुरा लागु हुन्छ । शिक्षण सिकाइका क्रममा कतिपय विषयहरू केटा र केटीका आ-आफ्ना रुचि र चाहनाअनुसार फरक पर्न सक्छन् । केटाहरूको रुचि खेलकुद, राजनीतिशास्त्र, यान्त्रिक विज्ञानतर्फ बढी देखिन्छ भने केटीहरूको रुचि भाषा, मनोविज्ञान, गृहविज्ञान, सिलाइबुनाइ, फेसन डिजाइन, चिकित्सा विज्ञान आदितर्फ बढी हुन्छ । यस्तो हुँदाहुँदै पनि शिक्षकले शिक्षण प्रक्रियामा सिकारुको लिङ्गीय भेदलाई भुलेर स-हृदयताका साथ समान रूपले प्रस्तुत हुनुपर्छ । किारुको भावना बुझेर गरेको शिक्षण बढी प्रतिफलमूलक र पभावकारी हुन्छ ।

### (iii) सिकारुको स्वास्थ्य

स्वास्थ्य भन्ने वित्तिकै नितान्त व्यक्तिगत शारीरिक तत्व हो । सिकारुको स्वास्थ्य अवस्थाले सिकाइ प्रक्रियामा ठूलो प्रभाव पार्दछ । शारीरिक, अपाङ्गता, भोक, थकाइ, चोटपटक आदिले सिकारुको सिक्ने यच्छा एवम् तत्परतामा कमी ल्याउँछन् । यस्तो अवस्थामा सिकाइ प्रक्रियामा सिकारुलाई सक्रिय बन्न उत्प्रेरित गर्न कठिन हुन्छ । यसरी सिकारुको स्वास्थ्य अवस्थाले सिकाइमा प्रत्यक्ष पारेको हुन्छ ।

### (iv) सिकारुको इच्छा र अभिरुचि

सिकाइ प्रक्रियामा सिकारुको इच्छा र अभिरुचिले महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ । मनपर्ने विषय र सिकाइप्रतिको चाहना इच्छा, अभिरुचि र दृढता प्रवल छ भने उच्च मात्रा र दरको सिकाइ उपलब्धि प्राप्त हुन्छ । सिकारुको मन पनृे विषय छ भने मन लगाएर, ध्यान दिएर उनीहरूले आफ्नो क्षमता र दक्षता प्रदर्शन गर्दछन् । यदि सिकारुमा सिक्नुपर्ने विषयप्रति रुचि छैन भने उसलाई सिकाउन ज्यादै कठिन हुन्छ ।

त्यसै गरी सिकइमा सिकारुको प्रेरक चिन्ताको तहले पनि प्रभाव पार्दछ । उच्च प्रेरकले सिकारु सिकाइतर्फ भित्रैबाट जागरुक र अग्रसर हुन्छ । जान्न र सिक्न हरसमभव प्रयास गदृछ । सिकाइ पनि उपलब्धिमूलक र प्रभावकारी हुन्छ । न्यून स्तरको प्रेरकले सिकाइमा समुचित ऊर्जा प्रयोग गर्न नसकेर सिकाइ पनि न्यून हुन्छ । त्यस्तै उच्च चिन्ताले ग्रसित व्यक्तिले मानसिक दुःख र दबाबका कारण सिकाइ उपलब्धि सन्तोषजनक प्राप्त गर्न सक्दैन ।

## (२) मानसिक तत्वहरू

सिकाइ प्रक्रियामा मानसिक तत्वको सबैभन्दा ठूलो भूमिका रहन्छ । मानसिक तत्व भन्नु नै मानिसको मन र मस्तिष्कको क्षमता हो । व्यक्तिअनुसार मानसिक क्षमतामा फरक पर्दछ । सिकारुहरू कोही तीक्ष्ण, कोही मध्य वा औसत कोही मन्द वा सुस्त मानसिक अवस्थाका हुन्छन् । यही अवस्थाअनुसार सिकारुको सिकाइको स्तरमा पनि फरक पर्दछ । मानसिक क्षमता भन्नाले सिकारुको तर्क गर्ने, चिन्तन गर्ने,

परिस्थितिको. पहिचान गर्ने, समस्याको समाधान गर्ने, समझने, कल्पना गर्ने आदि गुण भन्ने बुझिन्छ ।

व्यक्तिको मानसिक विकासले बौद्धिक विकास गराउँदछ । यही बौद्धिक विकासले नै व्यक्तिलाई तर्क गर्ने, कल्पना गर्ने, समस्या समाधान गर्ने जस्ता क्षमता प्रदान गर्दछ । व्यक्तिको मानसिक विकासमा उसको वंशाणुक्रम, पारिवारिक वातावरण, सामाजिक स्थिति, आर्थिक स्थिति, शारीरिक अवस्था, आमाबुबाको शिक्षा, विद्यालय र उसले प्राप्त गरेको शिक्षाले ठूलो प्रभाव पारेको हुन्छ । मानसिक विकासअन्तर्गत व्यक्तिको बुद्धिको अधिकतम विकास, मानसिक क्षमता, मानसिक स्वतन्त्रता, कल्पना शक्ति, तार्किक शक्ति, विभिन्न रुचिहरूको विकास आदि कुराहरू पर्दछन् । यसरी बुझ्दा मानसिक तत्व भन्नाले व्यक्तिको मानसिक विकास हो ।

**(३) संवेगात्मक तत्वहरू**

हर्ष, खुसी, रीस, दुःख क्रोत्र, चिन्ता, स्नेह, डर जस्ता कुारहरू संवेगात्मक तत्वहरू हुन् । संवेगलाई उत्तेजनाका रूपमा पनि परिभाषित गरिन्छ । यस्ता संवेगात्मक तत्वहरूले व्यक्तिका क्रियाकलापलाई असामान्य एवम् असन्तुलित तुल्यीादन्छ । जसको कारण सिकाइ कार्यमा समेत प्रभाव पार्दछ । मानिस स्वभावैले संवेदनशील प्राणी हो, ऊ दुःखमा रुछ र खुसमिा हाँस्छ । सामाजिक समायोजन हुने संवेगात्मक क्रियाकलापहरू सहज हुन्छन् । समाजले मन नपराउने, नरुचाउने, ग्रहण गर्न नसक्ने संवेगात्मक अभिव्यक्ति र व्यवहारलाई स्वाभाविक मानिँदैन । जस्तै रिसाउनु, झर्किनु, आवेशमा आउनु, डराउनु आदि ।

**संवेगात्मक व्यवहारमा प्रभाव पाने तत्वहरू**

**(i) पारिवारिक र सामाजिक वातावरण**

बालबालिकाको सिकाइ प्क्रियामा घरायसी र पारिवारिक वातावरणले महत्त्वपूर्ण प्रभाव पार्दछ । उनीहरूले आफू अनुकुलको शिक्षण सिकाइका लागि उपयुक्त घरायसी र पारिवारिक वातावरण चाहन्छन् । सो प्राप्त भएमा उनीहरूमा सकारात्मक संवेगको सिर्जना हुनछ नत्र नकारात्मक भावनाको विकास हुन सक्छ ।

**(ii) स्वास्थ्य अवस्था**

स्वास्थ्य अवस्थाले पनि बालबाकलिकाको संवेगात्मक व्यवहारमा फरक पार्न सक्छ । राम्रो स्वास्थ्य रहँदा उनीहरूको संवेगात्मक विकास र व्यवहार सरल र स्वाभाविक हुन्छ । यदि चिन्ता, पीडा, रोग आदिले ग्रसित स्थिति छ भने बालबालिकामा शारीरिक तथा मानसिक कमजोरी बढ्दै तीव्र संवेगात्मक अभिव्यक्ति प्रस्तुत गर्न सक्छन् ।

**(iii) शैक्षिक स्तर**

बालबालिकाको बौद्धिक स्तरअनुसार उनीहरूको सोतने, बुझ्ने र व्यवहार गर्ने शैलीमा भिन्नता देखापर्छ । बौद्धिक क्षमता अनुरूप नै संवेगात्मक क्रियाकलापहरू देखापर्दछन् । राम्रो बौद्धिक स्तर भएकाको संवेगात्मक स्तर

उच्च हुनछ । त्यस्तो व्यक्तिमा कम रिसाउने, कम आत्तिने, कम झगडा गर्ने आदि व्यहार पाइन्छ । कम बौद्धिक स्तर भएका व्यक्तिमा भने यसको विपरीत क्रोधी, रिसहा र झगडाल स्वभाव हुन्छ ।

**(iv) थकावट**

थकावट पनि संवेगात्मक व्यवहारमा फरक पार्दछ । धेरै लामो समयसमम एकोहोरो कार्यमा व्यस्त रहँदा व्यक्ति थकावटका कारण क्रोधी बन्छन् । झर्को मान्ने, अल्छी गर्ने आदि लक्षणहरू देखापर्दछन् ।

**(४) शिक्षकको व्यक्तित्व**

शिक्षण सिकाइ प्रक्रियामा संलगन शिषको व्यक्तित्वले पनि कक्षा सिकाइमा प्रभाव पार्दछ । विषयवस्तुमा निपूर्ण, जाँगरिलो, मिलनसार, अनुशासित बालमैत्री स्वभाव जस्ता गुण भएका शिषको शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी हुन्छ । शिक्षकको व्यक्तित्व विद्यार्थीका लागि नमुना योग्य र अनुकरणीय हुनुपर्दछ । सफल शिषकको व्यक्तित्व सन्तुलित रूपमा विकास र विस्तार भएको हुनुपर्दछ । सिकाइ प्रक्रियामा शिक्षकको( व्यक्तित्वले विद्याथीृहरूमा उचित गुणहरूको विकास गदृछ ।

शिक्षक सधैँ पेसाप्रति इमानदार, विद्यार्थी र अभिभावकप्रति उत्तरदायी, पेसागत रूपमा निपूर्णअध्यापन कलामा दक्ष, सञ्चारसीपमा पोख्त हुनुपर्दछ । यस्ता विशेषता भएका शिक्षकले सञ्चालन गरेको शिक्षण सिकाइ क्रियाकलाप अत्यन्त फलदायी र प्रभावकारी हुन्छ । शिक्षकको व्यक्तित्व सधैँ विद्यार्थीहरूका लागि उत्प्रेरक र मार्गदर्शकका रूपमा स्थापित हुनुपर्दछ ।

**(५) विद्यालयको वातावरण**

विद्यालयको वातावरण पनि सिकाइमा प्रभाव पार्ने एक महत्त्वपूर्ण तत्व हो । समग्ररूपमा वातावरणलाई व्यक्तित्व विकासको महत्त्वपूर्ण तत्व मानिन्छ । वास्तवमा व्यक्तित्व वंशाणुगत गुण र वातावरणबीचको सन्तुलित संयोजनको प्रतिफल हो । यसरी वंशाणुगत गुणबाट मात्र व्यक्तित्व पूरा हुँदैन नत वातावरणबाट मात्र । यसरी व्यक्तित्वको निर्माण, विकास र विस्तारमा वंशाणुगत गुण र वातावरण दुवै आवश्यक हुन्छ । व.शाणुगत रूपमा आएका गुणबाहेक सबै कुरामा वातावरणले प्रभाव पारेको हुन्छ ।

विद्यालयको वातावरण भन्नाले बालबालिकालाई सिकाइमा सहयोग पुऱ्याउने उपयुक्त वातावरण भन्ने बुझ्नुपर्छ । बालबालिकाहरूमा पढ्ने रुचि, जोश, जाँगर, उत्साह, हुँदाहुँदै पनि पढ्ने उपयुक्त वातावरण नभएमा सिकाइ सफल हुन सक्दैन । यदि वातावरण उपयुक्त छ भने पढ्न अल्छी गर्ने, गाह्रो मान्ने बालबाकलिाहरू पनि पढाइमा उत्सुक छन् ।

सिकाइसम्बन्धी वातावराण्लाई निम्न तनि भागमा बाँड्न सकिन्छ :

**(क) विद्यालयको वातावरण**

विद्यालयको वातावरण बालबालिकामैत्री हुनुपर्छ । सफा, स्वच्छ, शान्त, आकर्षक, सुन्दर, रमाइलो छ भने बालबालिकालाई विद्यालय आउँजाउँ लाग्छ ।

उनीहरू त्यही वातावरणका कारण सिकाइप्रति पनि उत्प्रेरित हुन्छन् । उनीहरूलाई पढौँपढौँ लाग्छ । शिषक र साथीहरू सहयोगी भए उनीहरू सिकाइ प्रक्रियामा सहजै सक्रिय हुन सक्छन् ।

**(ख) घरको वातारण**

बालबालिकाको प्रथम विद्यालय घर परिवारलाई मान्ने गरिन्छ । त्यसैले घरको वातावरण बालबालिकाका लागि मायालु र डरमुक्त किसिमको हुनुपर्छ । बालबालिका जन्मिएदेखि नै सिकाइ प्रक्रियामा सामेल हुन्छन् । उनीहरूको धेरै सिकाइ विशेष गरी उदीपक प्रक्रियाका रूपमा हुनेगर्छ । उनीहरूको सिकाइ अनुकरण प्रक्रियाबाट हुने गर्दछ । त्यसकारण घरपरिवारको वातावरण राम्रो र अनुकरण योग्य हुनुपर्छ । आमाबुबाबाट प्राप्त हुने असल वातावरण नै बालबालिकाको सुन्दर भविष्यको जगत भएकाले प्रत्येक बाबुआमाले यस कुरामा ध्यान पुऱ्याउनुपर्छ ।

**(ग) सामाजिक वातावरण**

बालबालिकाले आफू रहेको समाजको वातावरणअनुसारको संवेदना प्राप्त गरी सोहीअनुरूपको व्यवहार देखाउँछन् । त्यसकारण बालबालिकामा सामाजिक तथा सांस्कृतिक वातावरणको ठूलो प्रभाव पार्दछ । असल र उच्चसतरको सामाजिक र सुसंस्कृत व्यवहार प्राप्त गरेका बालबालिकाको बौद्धिक स्तर पनि उच्च हुन्छ । सामाजिक, सांस्कृतिक एवम् आर्थिक वातावरण प्रतिकुल किसिमको छ भने उनीहरूको बौद्धिक स्तर पनि न्यून हुन्छ । त्यसकारण सिकाइका लागि उपयुक्त वातावरण निर्माणमा सामाजिक वातावरणको महत्त्वपूर्ण भूमिका रहन्छ ।

**(६) वंशाणुगत गुण**

बालबालिकामा आफ्ना बाबुआमाको रूपरङ्ग, बानी व्यवहार, आकृति, विद्वता मिल्दोजुल्दो देखिनुलाई वंशाणुगत गुण मानिन्छ । यसलाई वंशानुक्रम, वंश परम्परा, पैतृकता वा अनुवांशिकता भन्ने गरिन्छ ।

मानव शरीर भनेको विभिन्न जीवित कोषहरूको भोग हो । बालकका शरीरमा आमाको वंशाणु गुण बोकेका २३ जोडा मातृकोष ९इखगफ० र बाबुको वंशाणुण बोकेका २३ जोडा पितृकोष (Sperm) का वंश सूत्रहरू रहेका हुन्छन् । यिनै वंशसूत्रहरूले बालबालिकाका विभिन्न गुणहरूको निर्धारण गर्नु गराउनुलाई वंशाणुगत गुणको प्रसारण भनिन्छ । वंशानुसारको गुण भावी पुस्तामा हस्तान्तरण हुन्छ । बच्चाको यस्तो गुणले आर्जित गुणलाई समेत प्रभाव पार्दछ । जन्मजात गुणले सिकारुको धेरै व्यवहार निर्धारण गर्दछ । सिकाइ प्रक्रियामा यसको महत्त्वपूर्ण प्रभाव रहन्छ ।

**(७) सिकारुको आकाङ्क्षा**

सिकाइमा सिकारुको इच्छा रहेको छ भने सिकाइ प्रक्रिया प्रभावकारी हुन्छ । विषयवस्तुप्रतिको रुचि, इच्छा, चाहना, आकाङ्क्षा सकारात्मक भएमा सिकाइ उपलब्धि पनि सकारात्मक हुन्छ । सिकारुको आकाङ्क्षा नभएको विषय सिकाइको स्तर र मात्रा

न्यून र कमजोर हुन्छ । उसले कुनै विषय किन सिक्ने ? सिकेर के हुन्छ ? आदि भन्नेबारेमा धेरै अपेक्षाहरू गरेको हुन्छ । सो अनुरूपको सिकाइ भएमा सिकाइ सरल, अर्थपूर्ण, प्रभावकारी र उपलब्धिमूलक हुन्छ ।

**(८) अभिप्रेरणा**

अभिप्रेरणाले बालबालिकाभित्र निस्क्रिय एवम. सुषुप्त अवस्थामा रहेका शक्तिलाई क्रियाशील बनाउँछ । सिक्ने कार्यमा  कार्य अभिप्रेरणा भएमा सिकाइको मात्रा, स्तर र दर उच्च हुन्छ । अभिप्रेरणाले सिकारुमा प्रोत्साहन, प्रेरणा, हौसला र उसमा निहित क्षमता र योग्यताको चाँडो विकास गराउँछ । त्सैले अभिप्रेरणालाई सिकाइ कार्यको मेरुदण्ड नै मानिन्छ ।

**(९) सामग्रीको प्रकृति**

सिकाइ प्रक्रियामा सिकिने विषयवस्तुको प्रकृतिले पनि प्रभाव पार्दछ । सिकारुको रुचिको सामग्री भएमा, उसको जीवनमा उपयोगी हुने सामग्री भएमा, मनोरञ्जनात्मक किसिमका सामग्री भएमा सिकाइ कार्यमा सिकारु जागरुक एवम् उत्तुक हुन्छन् । उपयुक्त किसिमको सामग्रीको प्रकृतिले सिकारुमा उत्प्रेरणा प्रदान गर्दछ ।

**(१०) अभ्यास**

सिकाइलाई दीर्घकालीन उपलब्धीका रूपमा विकसित गर्न र प्रभावकारी बनाउन अभ्यास एक महत्त्वपूर्ण माध्यम हो । सिकाइमा उत्तेजना प्राप्त भएपछि त्यसबाट प्राप्त हुने प्रतिक्रियालाई बारम्बार दोहोऱ्याउने कार्यलाई नै अभ्यास मानिन्छ । अप्ठ्यरो, नौलो एवम् सीपमूलक विषय सिक्नका लागि अभ्यासको बढी आवश्यकता पर्दछ ।

**(११) शिक्षण विधि**

शिक्षण विधि भनेको खास गरी सिकाउने तरिका हो । यदि रोचक, बालबालिकाको आकाङ्षासँग मेलखाने मायालु प्रकृतिको शिक्षण विधि अपनाइएको खण्डमा त्यो बढी प्रभावकारी हुन्छ । विद्यार्थीको उमेर, रुचि, स्तर, आवश्यकता र सिकाइको समय आदि पक्षलाई ध्यान दिएर शिक्षण गरे त्यो सरल र उपलब्धिमूलक हुन्छ । शिक्षण विधिमा शिक्षकले आफ्नो क्षमता, दक्षता र उपलब्ध सामग्री एवम् वातावरणलाइ ध्यान दिएर विद्यार्थीलाई बढीभन्दा बढी आकर्षित गर्न सक्ने विधि अपनाउनुपर्दछ ।

## १०.६ सिकाइका अपवाद

सिकाइ भनेको ज्ञान आर्जन गर्नु हो । व्यवहारमा परिवर्तन र परिमार्जन आउनु हो । अर्थात् सामान्यतया सिकाइ भन्नाले व्यवहारमा आउने परिवर्तन वा परिमार्जन भन्ने बुझिन्छ । सिकाइलाई यसरी परिभाषित गर्दागर्दै पनि सिकाइ भएमा मात्र व्यवहारमा परिवर्तन र परिमार्जन आउँछ भन्ने कुरा सबै अवस्थामा मिल्न सक्दैन । अन्य कारणहरूबाट पनि व्यवहारमा परिवर्तन र परिमार्जन आउन सक्छ । व्यवहारमा आउने परिवर्तनमा केही त्यस्ता पक्षँहरू छन्, जसलाइ सिकाइको उपलब्धिका रूपमा लिन सकिँदैन । जस्तै : लागु पदार्थको प्रयोगबाट व्यवहारमा आउने परिवर्तन, थकावट र रोगले पनि व्यक्तिको व्यवहारमा केही अस्थायी परिवर्तन आउन सक्छन् । त्यस्तै केही परिवर्तनहरूमा प्रयास बिना नै परिपक्वताका

कारण देखनि थाल्छन् । यसरी व्यवहारमा देखापर्ने परिवर्तनलाई सिकाइको उपजका रूपमा लिइँदैन भने त्यसलाई सिकाइको अपवाद भनिन्छ ।

निम्न प्रकारका व्यवहारलाई सिकाइका अपवादका रूपमा लिइन्छ :

| | | | |
|---|---|---|---|
| (क) | सहज क्रिया वा प्रक्षेपित क्रिया | (ख) | स्वाभाविक जातिगत प्रतिक्रिया प्रवृत्ति |
| (ग) | परिपक्वता | (घ) | जीवको क्षणिक अवस्था |

### (क) सहज क्रिया वा प्रक्षेपित क्रिया

सहज क्रिया भनेको जन्मजात रूपमा प्राप्तहुने क्रिया हो । यो जन्मजात रूपमा विकास भएको हुन्छ । यस्ता क्रियाहरू स्वचालित हुन्छन् । जसका लागि कुनै सिकाइको आवश्यकता पर्दैन । जस्तै श्वास प्रश्वास क्रिया, रक्त सञ्चालन क्रिया, आँखा झिम्काउने कार्य, बच्चा रुने कार्य, र्‍याल चुहाउने कार्य, वानता आउने आदि । यी सबै क्रियाहरू सहज क्रियाहरू हुन् । यस्ता क्रिया गर्न प्राणीहरूले सिकिरहनु पर्दैन । यिनीहरू सिकाइबाट हासिल गरिएका हैनन् ।

### (ख) स्वाभाविक/जातिगत प्रक्रिया प्रवृत्ति

सिकाइ एकै किसिमले प्राप्त हुँदैन । यसका केही प्रवृतिगत स्वभाव पनि हुन्छन् । जस्तै : चराले भिन्न भिन्न ढङ्गले गुण बनाउनु बत्तीको उज्यालोमा पुतली होमिनु, मौरीले चाका र मह बनाउनु, खाना खानु, यौन सम्बन्ध कायम गर्नु, भ्यागुता, माछाले पौडी खेल्नु, यस्ता गुणहरू प्राणीमा जन्मजात रूपमा आएका हुन्छन् । बच्चाहरू आफना् गोडाले जिउ थाम्ने भएपछि मात्र हिँड्न थाल्छन् । यस्तो गुणहरूलाई स्वाभाविक वा जातिगत प्रतिक्रिया प्रवृत्ति भनिन्छ ।

### (ग) परिपक्वता

प्राणीहरूमा शारीरिक र मानसिक विकासले परिपक्वता ल्याउँछ । शारीरिक र मानसिक विकासको नियमित क्रमअनुसार अभ्यासबिना व्यवहारमा परिवर्तन वा परिमार्जन आउनुलाई परिपक्वताबाट आएको परिवर्तन भनिन्छ । परिपक्वता आउनासाथ बच्चा हिँड्न थाल्दछ, चराका बचेरा उड्न थाल्छन्, भ्यागुताका बचा पौडन थाल्दछन् । परिपक्वता सिकाइबाट आएको परिवर्तन हैन तर यसलाई सिकाइद्वारा केही प्रभावित पार्न भने सकिन्छ । वास्तवमा परिपक्वता आफैँ पूर्ण हुने प्रक्रिया हो । त्यसैले परिपक्वताबाट व्यक्तिमा आउने परिवर्तनलाई सिकाइ भनिँदैन । परिपक्वता सिकाइका लागि तयारकिो संकेत हो । यो सिकाइको अपवाद हो ।

### (घ) जीवको क्षणिक अवस्था

विविध क्रियाकलापबाट व्यवहारमा परिवर्तन आउन सक्छ । थकावटबाट प्राणीको व्यहवहारमा परितर्वन आउँछ । प्राणी धेरै थाकेमा कुनै काम गर्न सक्दिैन आराम गरेपछि पुनः काम गर्न सक्ने हुन्छ । यसरी पलिहे गर्न नसक्ने काम पछि गर्न सक्ने जस्तो देखिन्छ जुन सिकाइको कारणबाट नभई थकाइको र आरामको कारणले हो । हिँड्दा थाइका लाग्यो भने आराम गर्नैपर्छ । रक्सी खानेले रक्सी खाएको बेला सूर हराउने गर्छ । दुर्व्यसनीहरूलाई दुर्व्यसानका अलग गर्ने बित्तिकै छटपटाउन थाल्छन् ।

थकाइ, मादक तथा लागु पदार्थको सेवन र प्रभाव, शारीरिक गडबडी सिकाइभित्र पर्दैनन् । यो केबल अस्थायी र क्षणिक अवस्था मात्र हो । यो सिकाइको अपवाद हो ।

## अभ्यास

**क) तलका प्रश्नहरूका अति छोटा उत्तर दिनुहोस् ।**

१) उत्प्रेरणका मुख्य दुई प्रकार के के हुन ?

२) अभिवृत्तिका प्रकारहरू के के हुन् ?

३) प्रतिस्पर्धी मुख्य रूपमा कति प्रकारका हुन्छन् ? नाम लेख्नुहोस् ।

४) पाढ्य क्रियाकलाप कहाँ सञ्चालन हुने क्रियाकलाप हो ?

५) शिक्षण विधि भनेको के हो ?

**ख) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

१) आन्तरिक उत्प्रेरण र बाह्य उत्प्रेरणा बीच दुई वटा फरक लेख्नु होस् ।

२) उत्प्रेरणालाई प्रभाव पार्ने तत्वहरूको सूची बनाउनुहोस् र कुनै एकको उदाहरण सहित व्याख्या गर्ने होस ।

३) कक्षा शिक्षणमा उत्प्रेरणा बढाउने उपायहरू लेखी कुनै एकको छोटो चर्चा गर्नुहोस् ।

४) विद्यालयमा सहिक्रयाकलाप भनेको के हो चर्चा गर्नुहोस् ।

५) सिकाइमा प्रभाव पार्ने तत्वहरू के के हुन् ?

**ग) तलका प्रश्नहरूका लामो उत्तर दिनुहोस् ।**

१) उत्प्रेरणाको अर्थ र महत्त्वमाथि प्रकाश पार्नेहोस् ।

२) विद्यालय क्रियाकलापको चर्चा गर्दै यिनका प्रकारको व्याख्या गर्नुहोस् ।

३) सिकाइ अपवाद के हो ? प्रष्ट पार्दै सिकाइ अपनारका रूपहरूको चर्चा गर्नुहोस् ।

### क्रियाकलाप

१. एउटा असल शिक्षकले शिक्षण कार्यमा के कस्तो उत्प्रेरणा दिन सक्नुपर्छ ? कुनै एउटा नमुना शिक्षकका आधारमा वा तपाईंले भविश्यमा गएर यस्ता शिक्षक बन्ने चाहना गर्नु भएको छ भने सो आधारमा एउटा प्रतिवेदन तयार गर्नु होस् ।

२. एउटा ग्रहक गर्न नचाहने/नगर्ने विद्यार्थीको पहिचान गरी व्यक्तिगत अध्ययन (Case study) गर्नुहोस् ।

३. तपाईंको विद्यालयको कुनै एउटा कक्षाको ज्यादै उत्कृष्ट विद्यार्थी तथा कमजोर विद्यार्थी पहिचान गरी त्यसको कारण पत्तालगाई उत्कृष्ट बन्न अरुलाई समेत प्रेरणा दिने प्रतिवेदन तयार गर्नुहोस् । (विद्यार्थीको चरित्रमात्र उल्लेख गर्नुहोस् नाम हैन ।)

एकाइ : ११

# शिक्षक शिक्षा

## ११.१ तालिकको अवधारणा, आवश्यकता र महत्त्व

### अवधारणा

तालिम भनेको व्यक्तिको ज्ञान, सीप प्रवृत्ति र व्यवहारमा परिवर्तन एवम् परिमार्जन ल्याउने प्रविधि हो । तालिमले कुनै पनि व्यक्तिमा भएको ज्ञान, सीप र क्षमतालाई परिष्कृत गर्न वा पुनतार्जगी गर्न सहयोग पुऱ्याउछ । आफूमा भएको अभाव पूर्ति गर्ने वा कमजोरी हटाउन पनि तालिम सहयोगी बन्दछ ।

शिक्षकको पेसागत दक्षता बढाउन आजकल शिक्षक शिक्षा, शिक्षक तालिम तथा शिक्षक विकास जस्ता उपयाहरू अपनाउने गरिछन् । शिक्षक तालिम/शिक्षक शिक्षाले जेकुरालाई जोड दिए तापनि दुवैको अभिप्राय शिक्षकलाई योग्य, दक्ष र क्षमतावान् बनाई शिक्षण पेसालाई प्रभावकारी बनाउनु नै हो । शिक्षक शिक्षाले शिक्षकको दक्षता बढाउने र शिक्षक विकासका कार्यलाई जोड दिन्छ । शिक्षक तालिमले, शिक्षण पेसालाई अद्यावधिक गर्नुका साथै व्यवहारिक बनाउन मद्दत पुऱ्याउँछ ।

शिक्षक तालिमले शिक्षकको पेसागत दक्षता र क्षमता अभिबृद्धि गर्दछ । यसले शिक्षकलाई उनीहरूले तालिमबाट सिकेका ज्ञान, सीपलाई कक्षाकोठामा प्रयोग गरी शिक्षणलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याउँछ । विभिन्न योग्यता बढाउने, अनुभव बढाउने, दक्षता एवम् क्षमता बढाउने कार्यले शिक्षक शिक्षाको धारणा प्रस्टिन्छ । एउटा सक्षम शिक्षक सदैव शिक्षण सिकाइलाई सुधार गर्नेतर्फ अग्रसर रहन्छ र शिक्षण सिकाइमा गुणस्तर कायम गर्नमा योगदान पुऱ्याउँछ । यो कार्यमा उनीहरूलाई शैक्षिक अनुभव, शैक्षिक योग्यता र तालिमले सहयोग पुऱ्याउँछन् । त्यसैले तालिम कार्यक्रम प्रभावकारी भएमा शिक्षकको गुणस्तरमा सुधार आई उनीहरूले विभिन्न प्रकारका शिक्षण क्रियाकलापहरू अँगाल्न सक्छन्, जसले गर्दा सिकाइमा विद्यार्थीहरूको सहभागिता अभिबृद्धि हुनुका साथै उनीहरूको रुचि र चाहनासमेतले प्रश्रय पाउँछ । त्यसैले यिनै कुराहरूलाई ध्यानमा राखी तालिम कार्य शिक्षण सिकाइ सुधारमा परिलक्षित हुनुपर्छ भन्ने सोचाइ रहेको छ । तालिमलाई ज्ञान बढाउने, सीप सिकाउने र धारणामा परिवर्तन गराउने साधनका रूपमा लिने गरेको पाइन्छ । तालिमले व्यक्तिगत उन्नति गराउने तथा वृत्ति विकास गराउँछ । त्यस्तै क्षमता ह्रास हुनबाट बचाउछ । यसले शिक्षाको कार्यशैलीमा प्रभावकारिता ल्याई व्यक्तिको मनोबल उच्च बनाउँछ ।

योग्य शिक्षक भन्नाले विविध शिक्षण विधिहरूकमो प्रयोग गरी शिक्षण गर्न सक्ने, विद्यार्थीहरूको सिकाइ प्राथमिकतालाई बुझ्न सक्ने, विद्यार्थीहरूको सिकाइको अवसरमा पहुँच उपलब्ध गराउन सक्ने, उनीहरूको सिकाइ प्रक्रियाबाट विद्यार्थीहरूको सिकाइ सीप अभिबृद्धिमा मद्दत पुऱ्याउन सक्ने र जीवनपर्यन्त सिकाइका लागि साधन र स्रोतको पहुँचको व्यवस्था मिलाउन सक्ने व्यक्ति मानिन्छ । शिक्षक तालिमले यस्ता पक्षहरूको विकासमा सहयोग पुऱ्याउँछ । तालिम शिक्षकको शिक्षण क्षमता विकास गर्ने साधन हो ।

शिक्षकले आफूलाई विभिन्न ज्ञान तथा शिक्षण सीपबाट गराउने प्रयास गर्नुपर्दछ । त्यस्तै सिकाइमा मद्दत पुऱ्याउनु, कक्षामा विभिन्न शैक्षणिक सामग्री एवम् बुझ्न सक्ने उदाहरणहरू

प्रस्तुत गर्न सक्नु पनि उसको कर्तव्य हो । विद्यार्थीहरूलाई आफ्ना सीपहरू प्रदर्शन गर्न उत्प्रेरित हुने किसिमबाट कक्षाकोठाको व्यवस्थापन गर्न सक्नु, शिक्षण स्रोत तथा सामग्रीहरूको प्रयोग गर्नु, विषचयको सन्दर्भ अनुसार नयाँनयाँ सिर्जनात्मक विचारहरू प्रस्तुत गर्नु पनि उसको दायित्व हो । विद्यार्थीहरूलाई योजनाबद्ध छलफलमा सरिक गराई उनीहरूमा अन्तर्निहित क्षमतालाई पूर्णरूपमा प्रस्फुटन गराउने कार्यमा एउटा तालिम प्राप्त शिक्षक सक्षम हुनुपर्छ । शिक्षकलाई आफूमा भएका ज्ञान, सीप, दक्षतालाई अद्यावधिक गर्दै कक्षाकोठामा प्रयोग गर्न लगाउनु नै शिक्षक तालिमको अभिप्राय हो ।

नेपालमा वि.सं. २००४ सालमा स्थापना भएको आधार शिक्षा अन्तरगतको आधार प्रशिक्षण केन्द्र स्थापना भएपछि शिक्षक तालिमको कार्य प्रराम्भ भएको हो । तर राष्ट्रिय शिक्षा पद्वतिको योजना २०२८ बाट मात्रै शिक्षक तालिमले महत्त्व पाउन थालेको हो । त्यसपछि तालिम सम्बन्धी आएका नीतिहरूले यसको अवधि र प्राथमिकतालाई प्रभाव पारेको पाइन्छ । यद्यपि वि.सं. २०४० को दशकमा आधारभूत प्राथमिक शिक्षक तालिम केन्द्रको स्थापना भएबाट तालिमको संस्थागत रूपमा थालनी भएको तर यसले ५० को दशकसम्म पनि यसले खास गति लिन नसकेको देखिन्छ । यसै दशकमा विभिन्न संस्थाहरूबाट विभिन्न तहमा सेवाकालिन र पूर्वसेवाकालिन तालिम कार्यक्रमहरू सञ्चालन भएका छन् । दसौं योजनामा आएर विद्यमान तालिम केन्द्रहरूमा अरु केन्द्रहरू थप गरी बढी भन्दा बढी शिक्षकहरूलाई तालिम प्राप्त गराउने र शिक्षाको गुणस्तर बृद्धि गर्नका लागि शिक्षकहरूको शिक्षण दक्षता अभिबृद्धि गर्ने लक्ष्य राखेको देखिन्छ ।

शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका ३४ ओटा शैक्षिक तालिम केन्द्र र अन्य निजी तालिम केन्द्रबाट शिक्षकहरूलाई तालिम प्रदान गर्ने कार्य भइरहेको छ । जसअनुसार दूर शिक्षा, आमनेसामने र प्रयोग केन्द्रित विद्यालयमा आधारतिर प्रणालीबाट समेत तालिम कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यसका अतिरिक्त शिक्षा विभागमार्फत स्रोत केन्द्र तहमा पनि शिक्षक तालिम सञ्चालन हुने गरेका छन् ।

वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भयो । शिक्षक र शिक्षा व्यवस्थापकहरूलाई तालिम प्रदान गर्ने उद्देश्यले यसको स्थापना भएको हो । यसले आफ्ना ३४ ओटा तालिम केन्द्र मार्फत शिक्षक तालिम सञ्चालन गर्दै आएको छ भने केन्द्रस्तरमा शिक्षा मन्त्रालय अन्तर्गत कार्यरत शिक्षा व्यवस्थापकहरूलाई व्यवस्थापन सम्बन्धी तालिक, प्रशिक्षण सञ्चालन गर्नुका साथै तालिमसम्बन्धी अन्य विकासात्मक कार्यहरू गरेको छ । त्यसैले शैक्षिक जनशक्ति विकास केन्द्र शैक्षिक व्यवस्थापक एवम् शिक्षक तालिम कार्यक्रम सञ्चालनका लागि एउटा आधिकारिक निकायका रूपमा रहेको छ । शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षक तालिमसम्बन्धी नीति निर्माण गर्ने कार्य पनि गर्दछ ।

शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना हुनुअगाडि पनि विभिन्न संस्थाहरूबाट प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका थिए । शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएपछि प्राथमिक शिक्षक तालिम १० महिना अवधिको बनाइयो । साथै यसलाई अढाइ १३३० घण्टाको ४ खण्डमा विभाजन गरी तालिम प्रदान गरिन थालियो । हाल शैक्षिक जनशक्ति विकास केन्द्रबाट निम्नानुसार तालिम सञ्चालित छन् :

१. पूर्व सेवाकालिन शिक्षक तालिम : पहिलो सेमेस्टर र दोस्रो सेमेस्टर ५/५ महिना

२.	सेवाकालिन शिक्षक तालिम : पहिलो चरण २.५ महिना, दोस्रो चरण ५ महिना (दूर प्रणालीद्वारा) र तेस्रो चरण २.५ महिना

३.	विशेष शिक्षक तालिम : ४ वर्ष माथिका शिक्षकहरूको लागि २.५ महिने र १५० घन्टे तालिम पूरा गरेकालाई १८० घन्टे तालिम ।

**तालिमको आवश्यकता र महत्त्व**

**(क) तालिमको आवश्यकता**

तालिमले ज्ञान, सीप, दक्षता र क्षमतामा परिमार्जन एवम् परिवर्तन ल्याउछ । तालिमको आवश्यकता भनेको कुनै पनि व्यक्तिलाई उसले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यक ज्ञान, सीप र अभिबृत्ति छुट्याउनु हो । कुनै पनि पेसाका लागि पेसागत दक्षता बढाउनका लागि तालिम आवश्यक भएझैँ शिक्षकको पेसागत दक्षता विकासका लागि शिक्षक तालिमको आवश्यकता पर्दछ । समग्रमा तालिमको आवश्यकतालाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :

१.	प्रभावकारी शिक्षणका लागि आवश्यक पर्ने ज्ञान, सीप, क्षमता, प्राप्त गर्न शिक्षक तालिम आवश्यक पर्दछ, विद्यार्थी, रुचि, क्षमता र आवश्यकता बुझेर शिक्षण गर्ने ज्ञान, सीपका लागि शिक्षक तालिम आवश्यक पर्छ ।

२.	उपयुक्त शैक्षणिक योजना निर्माण गरी सही रूपले प्रयोग गर्ने ज्ञान, सीप प्राप्त गर्न तालिम आवश्यक पर्छ ।

३.	शिक्षणका परम्परागत धारण ुऋजबपि बलम तबपि ७भतजयमु को बदला व्यक्ति तथा सामाजिक आवश्यकता पूरा गर्न सिकाइका नवीनतम प्रविधिको प्रयोगका लागि शिक्षक तालिम आवश्यक पर्छ ।

४.	विद्यालय व्यवस्थापन, शिक्षकका कार्यहरू, विद्यार्थीहरूसँगको व्यवहार, सामाजिक दायित्व, राष्ट्रिय आवश्यकता आदिका बारेमा जानकारी राख्न शिक्षक तालिमको आवश्यकता पर्छ ।

५.	विभिन्न स्थानीय स्रोत सामग्री, स्रोत व्यक्ति, शैक्षिक सामग्रीको छनोट निर्माण, प्रयोगबारे जानकारी पाउन पनि तालिमको आवश्यकता पर्छ ।

६.	विद्यालयको सीमित स्रोत र साधनको अधिकतम प्रयोग र परिचालनका लागि पनि तालिमको आवश्यकता पर्छ ।

७.	शिक्षकलाई बदलिँदो परिस्थितिको जानकारी गर्दै उक्त परिस्थितिमा समयोजन र अद्यावधिक गराउन पनि तालिमको जरुरत पर्छ ।

८.	शैक्षिक योजना, शैक्षिक व्यवस्थापनजस्ता पक्षलाई प्रभावकारी ढङ्गले शिक्षणसिकाइ क्रियाकलापमा प्रयोग गर्ने कला सिकाउन पनि शिक्षकलाई तालिम दिनुपर्ने आवश्यकता छ ।

९.	शिक्षकम र विद्यार्थी बीचको अन्तरसम्बन्ध स्थापना गरी शिक्षणसिकाइ प्रक्रियामा विद्यार्थी सक्रियता बढाउने उपाय कक्षाकोठामा प्रयोग गर्न पनि तालिम आवश्यक हुन्छ ।

१०. विद्यार्थी मूल्याङ्कनमा विविध साधनहरूको प्रयोग गरी शिक्षणकै अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई प्रयोगमा ल्याउन शिक्षक तालिम आवश्यक पर्छ ।

## (ख) तालिमको महत्त्व

तालिम एक सिकाइ प्रक्रिया हो । यसले व्यक्तिको सीप, ज्ञान र क्षमतामा विकास, परिमार्जन र परिवर्तन ल्याउँछ । जसमा समयसापेक्ष विभिन्न परिवर्तनहरू हुँदै आएका छन् । समय, परिस्थिति र आवश्यकताअनुसार तालिमको महत्त्व दिनानुदिन बढ्दै आएको छ । तालिमद्वारा व्यक्तिको चालचलन, व्यवहार एवम् आचरणमा सुधार ल्याउन सकिन्छ । व्यक्तिमा हुने कतिपय कमी कमजोरी हटाउन पनि उपयोगी हुन्छ । समग्रमा तालिमको महत्त्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### १. प्रभावकारी शिक्षणका लागि

शिक्षकले प्रभावकारी शिक्षण गर्नका लागि तालिमबाट ज्ञान, सीप, क्षतम तथा कुशलता प्राप्त गर्दछ । विद्यार्थीको रुचि, चाहना, आवश्यकताअनुसार उपयुक्त वातावरण निर्माण गर्न र उनीहरूमा सिर्जनात्मक क्षमताको विकास गराउनु प्रभावकारी शिक्षण हो । तालिमबाट सिकाइका अपेक्षित उपलब्ध हासिल गर्न सघाउ पुग्दछ । शिक्षण कार्यबाट विद्यार्थीमा असल बानीको विकास गर्न सकिन्छ । यसरी प्रभावकारी शिक्षण गर्न गराउनका लागि तालिमको ठूलो महत्त्व हुन्छ ।

### २. सिकाइका लक्ष्य तथा उद्देश्य पूरा गर्नका लागि

शिक्षण सिकाइ कार्यका विभिन्न उद्देश्य तथा लक्ष्यहरू हुन्छन् । यस्ता लक्ष्य पूरा गर्न योग्य, सक्षम, इमानदार, लगनशील, तालिमप्राप्त शिक्षकको जरुरत पर्छ । सिकाइका क्रममा सिकाइलाई सिकाइ क्रियाकलापमा पर्याप्त अवसर दिने, सिक्ने कार्यमा सिकारुलाई उत्प्रेरित गर्ने, सिकारुका संवेगात्मक अभिव्यक्तिलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने, शिक्षण सिकाइ कार्यको सङ्गठन गर्ने तथा सिकारुलाई सामाजिक वातावरणमा समायोजित गर्ने जस्ता कार्य नियमित र निरन्तररूपमा सञ्चालन गर्न तालिमको महत्त्व हुन्छ ।

### ३. असल शिक्षणका विशेषताको विकास गर्न

भिन्न - भिन्न शिक्षकमा भिनन भिनन गुण हुन सक्छन् । शिक्षक भित्र भएका वंशाणुगत गुण तथा आर्जित गुणको विकास र बिस्तार गर्न पनि शिक्षक तालिक आवश्इक हुन्छ । शिक्षकमा भएको र हुनुपर्ने व्यक्तिगत, सामाजिक पेशागत तथा शैक्षिक गुण तथा विशेषताको विकास र विस्तार गर्न पनि तालिम महत्त्व हुन्छ ।

### ४. असल शिक्षणका विशेषताको विकास गर्न

शिक्षण कार्य कठिन, जटिल र चुनौतिपूर्ण कार्य हो । शिक्षणलाई सरल, व्यवस्थित, योजनाबद्ध बनाउन शिक्षण सिकाइप्रति उत्प्ररित गर्ने, खोज अनुसन्धामा जोड दिने, पूर्व अनुभवको सदुपयोग गर्ने, व्यवहारिक क्षमता

प्रदर्शन गर्ने, मानवीय सम्बन्ध स्थापना गर्ने जस्ता क्षमता प्रदर्शन गर्न सक्नुपर्छ । यसरी शिक्षण कार्यमा हुनुपर्ने गुण र विशेषताको विकास, विस्तार र संरक्षण गर्न पनि शिक्षक तालिम महत्त्वपूर्ण हुन्छ ।

**५. शिक्षकका कार्यहरूबीच तालमेल मिलाउन**

शिक्षकले पठनपाठन मात्र गरेर पुग्दैन । उसले खोज अनुसन्धान, अन्वेषण, अध्ययन, प्रयोगात्मक कार्य, परियोजना कार्य (Project Work), अतिरिक्त क्रियाकलाप, सामुदायिक संलग्नता बढाउने कार्य, शिक्षक विद्यार्थी र विद्यालयबीच सम्बन्ध स्थापना गर्ने कार्य, जनचेतना जगाउने कार्य, अनुशासन, नैतिक चरित्र विकास गर्ने कार्य, जीविकोपार्जन गर्ने जस्ता कार्यहरू पनि गर्नुपर्ने हुन्छ । ती कार्यहरूलाई प्राथमिकीकरण गर्न, एकीकृत गर्न तथा समन्वय ल्याउन पनि शिक्षक तालिमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

**६. शैक्षिक प्रविधिको प्रयोग गर्न**

शिक्षण कार्यलाई प्रभावकारी बनाउन प्रयोग गरिने वैज्ञानिक ज्ञानका् व्यवस्थित प्रयोग गरिने वैज्ञानिक ज्ञानको व्यवस्थित प्रयोगलाई शिक्षण प्रविधि भनिन्छ । शैक्षिक प्रविधिले शिक्षाका लक्ष्य तथा उद्देश्यको निर्धारण गर्नु, सिकारुका विशेषताका विश्लेषण गर्नु, विषयलाई तार्किक र मनोवैज्ञानिक रूपमा प्रस्तुत गर्नु, स्रोत र साधनको प्रभावकारी प्रयोग गर्नु, आवश्यकताअनुसार मूल्याङ्कन र पृष्ठपोषण दिनु शिक्षण प्रविधिको उद्देश्य हो । त्यसैले शिक्षकले शैक्षिक प्रविधिको जानकारी प्राप्त गर्न तालिम दिनु आवश्यक छ । वर्तमान युग सूचना प्रविधि (क्ष्लायचकबतष्यल त्भअजलयियनथ) को गुग हो । यहाँ ज्बचमधबचभ, क्यातधबचभ र क्थकतभ्क ब्उउचयबअज का प्रविधिको प्रयोग भइरहेको छ । यसलाई उपलब्ध गराई क्षमता र आवश्यकताअनुसार शिक्षण सिकाइमा प्रयोग गर्ने ज्ञान, सीपका लागि तालिमको भूमिका रहन्छ ।

**७. शिक्षण सिकाइ सिद्धान्तको प्रयोग गर्न**

शिक्षणमा विभिन्नन आधुनिक र वैज्ञानिक सिद्धान्तहरू प्रयोग भएका छन् । शिक्षकले आफ्नो पूर्वज्ञान, पूर्व अनुभव, विद्यार्थीको व्यक्तिगत विभिन्नता, बाल मनोविज्ञान, उत्प्रेरणा जगाउन (Motivation), पुनर्वल प्रदान गर्न ( Reinforcement), पुरस्कार र दण्ड (Reward and Punishment) आदिको समुचित विकास र विस्तार गर्न तालिम आवश्यक हुन्छ । सिकाइका विभिन्न सिद्धान्तहरू जस्तै सरलबाट जटिल (Simple to Complex), मूर्तबाट अमूर्त ( Conerete to abstract), ज्ञातबाट अज्ञात (Known to unknown), साधारणबाट जटिल (General to Complex) आगमनबाट निगमन (Induction to deduction) जस्ता सिद्धान्तको पहिचान गरी आवश्यकताअनुसार शिक्षण सिकाइमा प्रयोग गर्न शिक्षक तालिमले महत्त्वपूर्ण भूमिका खेल्छ ।

**८. शिक्षणका तह वा स्तरको जानकारी लिन**

सिकाइका विभिन्न तह र स्तर हुन्छ । शैक्षणिक उद्देश्यको तहको जानकारी पाउनु पनि त्यतिकै आवश्यक हसुन्छ । सिकबारुले सर्वप्रथम स्मृतिस्तर

(Memory Level) को सिकाइ गर्छ, त्यसपछि समभ्कदारी वा बोध स्तर (Understanding Level) र अन्त्यमा चिन्तन मनन्युक्त (Reflective Level) स्तरको शिक्षण गर्छ भन्ने मनोवैज्ञानिक विश्लेषणका लागि पनि तालिम आवश्यक हुन्छ ।

### ९. कठिन परिस्थितिमा पठनपाठन गर्न

शिक्षणको सधैँ भरि लागि एउटै र उस्तै अवस्था हुँदैन । कुनै बेला शिक्षकको न्यून उपस्थित हुन सक्छ । कुनै बेला घरायसी वर्षा, हावा, हुरी असिना, आउन सक्छ, कुनै बेला भौतिक स्रोत र साधनको अभाव हुन सक्छ, कुनै बेला विद्यार्थीको न्यून उपस्थिति हुन सक्छ, कुनै बेला विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा के कस्तो शिक्षण पद्धति अवलम्बन गर्ने भन्ने कुराको आवश्यक निर्णय गर्न शिक्षक तालिम आवश्यक हुन्छ । भौतिक पक्ष, शिक्षक, विद्यार्थीको घटबटमा आवश्यकताअनुसार कक्षा शिक्षण (Grade Teaching), विषय शिक्षण (Subject), बहुकक्षा शिक्षण (Multigrade Teaching), मिश्रित शिक्षण (Mixed Pattern Teaching) जस्ता शिक्षा व्यवस्था अपनाउनुपर्दछ । यसको राम्रो व्यवस्थापन गर्ने कार्यमा शिक्षक तालिमले सहयोग पुऱ्याउँछ ।

यसरी शिक्षण सिकाइ कार्य सरल, रोचक, अर्थपूर्ण सिलसिलाबद्ध बनाउन शिक्षकलाई समयसापेक्ष तालिमको व्यवस्था गर्नुपर्छ । शिक्षक बन्न चाहनेलाई सेवाकालीन तालिम (Preservice training), सेवारत शिक्षकलाई सेवाकालीन तालिम (In–Service training) र विषयलाई समसमायिक बनाउन पुनर्ताजगी तालिम (Refresher training) को आवश्यकताअनुसार व्यवस्था गर्नुपर्छ । यसकारण शिक्षामा शिक्षक तालिमको ठूलो महत्त्व रहेको हुन्छ ।

## ११.२ अध्यापन अनुमतिपत्र

गुणस्तरीय पठनपाठनका लागि योग्य शिक्षक चाहिन्छ । सम्बन्धित विषय पढेको क्षमतायुक्त शिक्षकले गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छन् । त्यस्ता व्यक्तिलाई मात्र शिक्षण पेसामा प्रवेश गराउन अध्यापन अनुमति पत्रको व्यवस्था गरिएको छ । यसरी अध्यापन गर्नका लागि शिक्षक सेवा आयोगबाट प्रदान गरिने एक प्रकारको इजाजत पत्र नै अध्यापन अनुमति पत्र हो । शैक्षिक गुणस्तर सुधार र विकास गर्ने क्रममा अध्यापन अनुमति पत्रको आफ्नै महत्त्व छ । नेपाल सरकारले शिक्षकहरूको सीप र क्षमता बृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरी शिक्षकहरूलाई विभिन्न किसिमका तालिमहरू दिँदै पनि आएको छ । शिक्षण सेवालाई सुरक्षित गरी सुविधायुक्त बनाउन शिक्षा ऐन तथा नियमावलीमा समेत विभिन्न प्रावधानहरू राखिएका छन् । यसका साथै शिक्षकमा हुनुपर्ने न्यूनतम योग्यता र तालिमको अनिवार्यता समेत तोकिएको छ । अध्ययन अनुसन्धानले तालिम सीप र दक्षताको प्रभावकारीता कक्षाकोठामा पुग्न नसकेको तथ्य औँल्याइरहेका पनि छन् । यसबाट के स्पष्ट हुन्छ भने शिक्षकले न्यूनतम योग्यता प्राप्त गर्दैमा र तालिम लिँदैमा मात्र शिक्षाको स्तर सुध्रन सक्दैन । यसका लागि शिक्षण सम्बन्धी सीप र दक्षताको ग्यारेन्टी नै एक महत्त्वपूर्ण आधार हो । यउसरीस शैक्षिक गुणस्तर कायम राख्न स्तरीय शिक्षक उपलब्ध गराई शिक्षण सिकाइ क्रियाकलाप सहज एवम् प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्छ । यसका लागि सक्षम शिक्षकको आपूर्ति गरिनुपर्छ ।

अतः गुणस्तरीय सिकाइका लागि आवश्यक ज्ञान, सीप, व्यवहार, दक्षता परीक्षण गरी प्रमाणीकरण गर्ने कार्यलाई अध्यापन अनुमति पत्रका रूपमा लिन खोजिएको छ । हाल कुनै व्यक्तिलाई शिक्षक हुनका लागि न्यूनतम योग्यताका रूपमा अध्यापन अनुमतिपत्रलाई अनिवार्य गरिएको छ । शिक्षण पेसामा प्रवेश गर्नका लागि यो अनिवार्य प्रमाणपत्र हो ।

## अध्यापन अनुमतिपत्रसम्बन्धी व्यवस्था

कुनै पनि पेसामा प्रवेश गर्न पूर्व त्यो पेसा सम्बन्धी ज्ञान, सीप र क्षमता प्रस्तुत गरी अनुमतिपत्र लिनुपर्छ । नेपालमा चिकित्सा, नर्सिङ, इन्जिनियरिङ, लेखा परिक्षण तथा सवारी चालक आदि पेसा सञ्चालन गर्नु पूर्व अनुमतिपत्र प्राप्त गर्नुपर्ने प्रक्रिया विगत देखि नै चलिआएको छ । शिक्षण पेसामा पहिलो यस्तो व्यवस्था थिएन । शिक्षण सेवामा अध्यापन अनुमति पत्रसम्बन्धी प्रक्रिया एउटा नयाँ सुरुवात हो । हुन त वि.सं. २०२३।०२४ सालतिर शिक्षण पेसामा संलग्न हुनेहरूका लागि शिक्षण अनुमतिपत्र प्रदान गरिने व्यवस्था रहेको देखिन्छ । त्यतिखेर अनुमतिपत्र लिएर अध्ययन गर्ने थुप्रै शिक्षकहरू थिए । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भए पश्चात् यो प्रवाधान स्वतः निष्क्रिय भएकोमा हाल पुनः त्यो जीवित हुन पुगेको छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले शिक्षण पेसामा प्रवेश गर्न चाहनेहरूको लागि अध्यापन अनुमतिपत्र लिनुपर्ने व्यवस्था हुन आवश्यक भनेर सुझाव प्रस्तुत गरेको थियो । यस सुझावको कार्यान्वयन गर्ने क्रममा सरकारले शिक्षा ऐन २०२८ मा सातौं संशोधन गऱ्यो । यही संशोधित ऐनले शिक्षक सेवाका सम्बन्धमा निम्न व्यवस्था गरेको छ :

१. अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन नपाउने

२. परिक्षामा सफल भएका उम्मेदवचारलाई अध्यापन अनुमतिपत्र दिइने

३. तत्कालमा कार्यरत शिक्षकहरूलाई छ महिनाभित्र अस्थायी अध्ययन अनुमति पत्र दिइने

४. अस्थायी अध्यापन अनुमतिपत्र पाएका शिक्षकले ५ वर्षभित्र स्थायी अध्यापन अनुमति पत्र लिनुपर्ने

५. स्थायी अध्यापन अनुमतिपत्र लिन नसकेमा अस्थायी शिक्षकहरू स्वतः अवकाश हुने र स्थायी शिक्षकलाई तोकिएबमोजिम अवकाश दिइने

## अध्यापन अनुमतिपत्रको आवश्यकता तथा महत्त्व

प्रत्येक पेसाका सम्बन्धित विषयको ज्ञान, सीप र क्षमता भएको व्यक्तिले मात्र प्रवेश पाउनु पर्दछ । शिक्षण कार्यमा कस्ता व्यक्ति संलग्न हुनुपर्दछ भनी कुनै भरियालाई प्रश्न सोध्ने हो भने जवाफ आउनेछ जान्ने, सिपालु । कलमसँग खेल्ने र हातमा झोला बोक्ने व्यक्तिलाई सोध्ने हो भने जवाफ आउने छ दक्ष, सिपालु र योग्यता पुगेको । भोलिका लागि राष्ट्र निर्माण गर्ने कर्णधार, देशका खम्बा, विविध जातजाति, संस्कृति, राष्ट्र र राष्ट्रियताप्रति सकारात्मक भावना विकास गराउने व्यक्ति कस्तो हुनुपर्छ ? शिक्षण कार्यमा संलग्न हुने व्यक्ति दक्ष, योग्य, सिपालु, योग्यता पुगेको र आफ्नो कार्यप्रति रुचि भएको हुनुपर्दछ भन्ने उत्तर निर्विवाद हो ।

शिक्षणकार्य पवित्र एवम् महत्त्वपूर्ण छ । डाक्टर र वकिल जस्तै शिक्षण पेसाका लागि पनि विशेष ज्ञान र सीपको आवश्यकता हुन्छ । कुनै एकजना व्यक्ति शारीरिक रूपमा साङ्ग भए पनि बौद्धिक रूपमा अयोग्य र असक्षम व्यक्ति शिक्षक पदमा पुग्न सक्यो भने उसको

सेवाकालमा कति विद्यार्थीहरूको क्षमता प्रस्फुटन नै नभई बौद्धिक रूपमा अपाङ्ग भई अधकल्चो जीवन बिताउनुपर्छ । ती अवोध कलिला बालबालिकाहरूका लागि सीपयुक्त, ज्ञानको भरपूर, असल शिक्षणसिकाइ व्यवहार प्रदर्शन गर्न सक्ने शिक्षकलाई राम्रो, सिपालु तथा दक्ष शिक्षक भनेर चिनिन्छ । अध्यापन पेसा धेरै गहन पेसा हो । यसले भोलिका कर्णधारहरू सिर्जना गर्नमा अहम् भूमिका निर्वाह गर्छ । पढाउन योग्य छ छैन भनेर कुनै पनि व्यक्तिको योग्यता, दक्षता, सामाजिक सीप, प्राविधिक सक्षमता परीक्षण गर्ने कार्य शिक्षक अनुमति पत्रबाट हुनुपर्छ । अरु पेसा, व्यवसायभन्दा शिक्षण पेसा जटिल छ । यसर्थ शिक्षक बन्न उपयुक्त योग्यता, दक्षता, क्षमताको आवश्यकता पर्ने भएकाले यसलाई ध्यान दिनुपर्छ । अध्यापन अनुमतिपत्रको आवश्यकता तथा महत्त्वलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

१. स्तरीय शिक्षाका लागि स्तरीय शिक्षक नै चाहिन्छ भन्ने मान्यतालाई व्यवहारमा उतार्न

२. शिक्षणसिकाइ कार्यलाई अर्थपूर्ण, सरल, रोचक र उद्देश्यमूलक बनाउन

३. शिक्षण गर्ने सीप, दक्षता तथा उच्च गुणस्तरयुक्त क्षमता भएका जनशक्ति शिक्षण पेसामा प्रवेश गराउन

४. शिक्षकको छनोट गर्दा उत्तमहरू मध्येबाट सर्वोत्तम व्यक्तिको छनोट गर्नुपर्दछ भन्ने मान्यतालाई अङ्गीकार गर्न

५. योग्य, दक्ष एवम् सक्षम व्यक्तिलाई शिक्षण पेसाप्रति आकर्षित गर्न

६. शिक्षण पेसालाई आकर्षक र मयार्दित बनाउन

७. हाल भइरहेको शिक्षक नियुक्ति सम्बन्धीको विकृति हटाउन र नक्कली प्रमाणपत्रको प्रवेशलाई रोक्न सघाउ पुऱ्याउन

८. शिक्षकको सेवा, सर्त र सुविधामा एकरूपता कायम गर्न एवम् विस्तार गर्न

९. शिक्षकलाई समसामयिक रूपमा अद्यावधिक गर्न ।

शैक्षिक गुणस्तर विकास गर्नु एक चुनौतिपूर्ण विषय हो । थोरै भए पनि यस कार्यमा अध्यापन अनुमतिपत्रले सघाउ पुग्दछ । शिक्षामा परिवर्तन ल्याउने प्रमुख वाहक शिक्षक नै भएकाले शिक्षकलाई पेसाप्रति जिम्मेवार, लगनशील, अनुशासित र इमानदार बनाउन यसले सघाउ पुऱ्याउँछ । उसको सिर्जनात्मक, मौलिक एवम् रचनात्मक क्षमतालाई उजागर गर्न सघाउ पुऱ्याउँछ । यसले शैक्षिक उत्पादन बढाउन, शैक्षिक क्षति घटाउन तथा शिक्षामा स्तरीयता ल्याउन निकै सघाउ पुऱ्याउन महत्त्वपूर्ण सहयोग गर्दछ ।

## ११.३ शिक्षक तालिम र कक्षाकोठामा त्यसको प्रयोग

तालिम प्राप्त शिक्षक तालिम नपाएको शिक्षक भन्दा क्षमताका हिसाबले उत्कृष्ट हुन्छ । यसकारण नेपालमा शिक्षक चतालिमका लागि सरकारी र गैरसरकारी क्षेत्रबाट ज्यादै ठूलो लगानी भएको छ । शिक्षक तालिमका लागि लगानी मात्र गरेर सम्बन्धित क्षेत्रले प्रतिफल पाउन सक्छ । तालिममा सिकेका ज्ञान, सीप र अभिबृत्तिका पक्ष अनुरूप व्यवहारमा परिवर्तन नहुन सक्छ । शिक्षकले आफूले सिकेका कुरा कक्षाकोठासम्म नपुग्न सक्छ । विद्यालय भवन छन्, कक्षाकोठा छन्, फर्निचर छन्, शैक्षिक सामग्री छन्, योग्यता पुगेका अनुभवी शिक्षकहरू छन् तर उपलब्धिमूलक सिकाइ गर्न कक्षाकोठाको शिक्षणसिकाइ क्रियाकलाप जीवन्त एवम्

प्रभावकारी नहुन सक्छन् । शिक्षण ज्ञानको अभावमा जीवन्त एवम् विद्यार्थी केन्द्रित शिक्षण नहुन सक्छ । विद्यार्थीको मनलाई छुने गरी शिक्षण नहुन सक्छ । विशेषज्ञहरूको प्रतिक्रिया के छ भने विद्यार्थीहरूले अवधारणा नै बुझ्न सकेनन् भने तिनीहरूमा तर्क गर्न सक्ने क्षमता, समालोचनात्मक सोचाइ र सिकेको ज्ञान र सीपलाई प्रयोग गर्ने ज्ञानको अभाव रहन्छ । यस्तो हुनको मुख्य कारणहरू तालिम नदिइएको तर तालिम कार्यक्रमले शिक्षकहरूको आवश्यकतालाई समेट्न समेन र तालिम विद्यालय केन्द्रित भएन, तालिममा प्रयोग भएका विधि सहभागितामूलक भएनन्, शिक्षण कला एवम् सामाजिक पक्षका साथै कक्षाकोठा व्यवस्थापन सम्बन्धी सीप शिक्षकहरूलाई पुगेन । प्रभावकारी तालिक र यसको कार्यान्वयन एवम् प्राप्त सीपलाई कक्षाकोठामा गरिने प्रयोग आदि पक्षाले तालिमको प्रभावकारीता निर्धारण गर्दछ । तालिमले सामग्रीको बहुभाषिक, बहुसांस्कृतिक, बहुभौगोलिक र बहुजातिय मुद्दाहरूलाई समेटेको हुनुपर्छ । तालिमले शिक्षकलाई तालिमबाट प्राप्त ज्ञान, सीप, क्षमतालाई कक्षाकोठामा लागू गर्न सक्ने बनाउनुपर्छ ।

**शिक्षक तालिम र कक्षाकोठामा त्यसको प्रयोगमा आउन सक्ने समस्याहरू**

१. विद्यालयको वास्तविकता र तालिम मिल्दोजुल्दो नहुनु ।

२. तालिम सामग्री स्तरीय, सान्दर्भिक र प्रभावकारी भएन भने त्यसबाट सिकेका कुरा कक्षाकोठामा रूपान्तरण गर्न कठिन हुन्छ ।

३. तालिक सञ्चालन प्रक्रिया सहभागितामूलक भए तापनि क्रियाकलापमा आधारित नभए वास्तविक कक्षामा हस्तान्तरणमा समस्या हुने गर्छ ।

४. प्रधानाध्यापक, अरू शिक्षक तथा व्यवस्थापन सकितिले तालिमको कार्यान्वयनमा कम चासो दिएमा तालिम लिएको शिक्षकले पनि आफ्नो दक्षता प्रदर्शन गर्न अल्छी मान्छन् ।

५. तालिम प्याकेजलाई समसामयिक बनाउने तथा स्वअध्ययन कार्यलाई जोड दिने कार्य नगर्दा तालिममा सिकेको कुरा स्थतानान्तरणढामा समस्या हुन सक्छ ।

६. तालिममा जाति गहन व्यापक अध्ययन गरे पनि प्रोत्साहन र पसरस्कारको अभाव हुँदा कक्षाकोठामा त्यसको प्रयोग गर्न शिक्षकले जाँगर नगर्न सक्छन् ।

७. तालिकको उपयोग गर्ने प्रवृत्तिमा सुधार नहुनु, यसप्रति सकारात्मक सोचाइको कमी हुनु, तालिमलाई सामान्य औपचारिकताको विषयका रूपमा मात्र ग्रहण गर्नु ।

८. शिक्षकको आवश्यकताअनुसार तालिम सञ्चालन नहुनु ।

९. तचालिममा ज्ञान, सीप सिक्न भन्दा परीक्षा उत्तीर्ण गर्न बढी ध्यान केन्द्रित हुनु ।

१०. कतिपय शिक्षण पेसाप्रति स्वयम् शिक्षकहरूले सकारात्मक दृष्टिकोण राख्न नसक्नु ।

**तालिमलाई प्रभावकारी रूपमा कक्षनाकोठामा प्रयोग गर्ने उपायहरू :**

तालिममा सिकेका कुरा कक्षा कोठामा हस्तान्तरण भएन भने तालिमधको प्रभावकारिता न्यून हुन्छ । यसलाई प्रभावकारीी बनाउन विभिन्न पक्षको ख्याल गर्नुपर्छ । शिक्षक तालिमलाई कक्षाकोठा प्रभावकारी ढङ्गले प्रयोग गर्न निम्न सुझवहरू सान्दर्भिक हुन्छन् :

१. शिक्षकमा तालिम आफ्नो पेसाको महत्त्वपूर्ण उपलब्धी हो, भन्ने धारणा हुनुपर्ने ।

२. शिक्षकले तालिमबाट प्राप्त ज्ञानन, सीप र क्षमता आफूले कक्षाकोठामा लागू गर्नु आफ्नो कर्तव्य हो भन्ने विचार गर्नुपर्ने ।

३. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकको पूरा सेट विद्यालयमा समयमा उपलब्ध गराउने ।

४. पाठ्यक्रमको अभिप्रायलाई पूरा गर्न सक्ने शिक्षण तथा सिकाइलाई व्यवाहारिक सहयोग पुग्ने सहायक सामग्रीहरू तथा पाठ्यपुस्तकको विकास गर्ने र नियमित रूपमा प्रबोधीकरण, अभिमुखीकरण गर्ने ।

५. शिक्षकहरूरूलाई समूहमा सिकाउने र यसका उपलब्धिहरू समस्याहरूका बारेमा नियमित शिक्षक बैठकमा छलफल गर्ने ।

६. शिक्षकहरूलाई एक अर्काको कक्षा राम्ररी अवलोकन गरी एकापसमा अनुभव आदानप्रदान गर्न लगाउने ।

७. शिक्षकहरूलाई छिमेकी विद्यालयमा छोटो समयको भ्रमण गर्ने कार्यक्रम बनाउने र भ्रमणबाट प्राप्त अनुभव साटासाट गर्ने ।

८. तालिमका विषयवस्तु नेपालको परिवेशकेन्द्रित र कक्षा तथा विद्यालयको वास्तविकतासँग मेल खाने बनाउने ।

९. शिक्षकलाई समयसमयमा आलोपालो गरी पुनर्ताजगी तालिममा सहभागी गराउने ।

१०. तालिमको प्रभावकारी अनुगमन गर्ने र अनुगमनमा आधारित मूल्याङ्कन पद्धतिको विकास गर्ने ।

११. तालिमलाई कक्षाकोठामा हस्तान्तरण गर्दाको स्थितिबारे स्वःमूल्याङ्कन गर्ने व्यवस्था गर्ने ।

१२. तालिम प्याकेजले ज्ञान भन्दा सीप पक्षलाई बढी जोड दिने हुनुपर्ने ।

१३. तालिम योजना गर्ने, सञ्चालन गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने निकायबीच समन्वय गर्नुपर्ने आदि ।

१४. शिक्षक पेसालाई आकर्षक र व्यवस्थित तुल्याउने ।

## ११.४ शिक्षक तालिमको वर्तमान अवस्था

शिक्षक तालिम निरन्तर भइरहने कार्य हो । स्तरीय शिक्षण सिकाइका लागि विगत देखि वर्तमानसम्म तालिम प्रक्रिया निरन्तर चलिरहेको छ । तालिमले शिक्षकहरूको ज्ञान, सीप र क्षमता विकास गर्न निम्न अनुसारका विभिन्न तालिमहरू सञ्चालन भइरहेका छन् ।

१. पूर्व सेवाकालिन तालिम     २. सेवाकालिन तालिम

३. पुनर्ताजगी तालिम

### १. पूर्व सेवाकालिन तालिम

सेवा प्रवेश गर्नु भन्दा पहिले पनि तालिम दिने गरिन्छ । भविश्यमा गएर शिक्षक बन्न चाहने सिकारुलाई शिक्षण पेसामा सक्षम बनाउन सेवा प्रवेश गर्नुपूर्व दिइने शिक्षा वा

तालिमलाई पूर्व सेवाकालिन तालिम भनिन्छ । आवश्यक परेको बेलामा आवश्यक जनशक्ति तत्काल उपलब्ध गराउन पनि पूर्व सेवाकालिन तालिमबाट उत्पादित जनशक्ति उपयोगी हुन्छ । नेपालमा पनि त्रि.वि. शिक्षा सङ्काय मार्फत, तीन वर्षे द्याभ्मा, एक वर्षे द्या भ्म तथा एम. एड. का कार्यक्रम तथा उ.मा.शि.प. का कक्षा ११ र १२ शिक्षा विषय मार्फत यस्ता जनशक्ति उत्पादन हुँदै आएको छ । यस्तै पनि काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल, पोखरा विश्वविद्यालयले समेत शिक्षा मूल विषय अन्तर्गत यस्ता तालिम प्रदान गर्दै आएका छन् । शैक्षिक बेरोजगारी नहोस् भन्ने उद्देश्यले योजनाबद्ध ढङ्गले विषगत जनशक्ति उत्पादन गर्नु नितान्त आवश्यक छ । यस्ता शिक्षा नै शिक्षकका लागि दिइने पूर्व सेवाकालिन तालिम हो ।

## २. सेवाकालिन तालिम

शिक्षकहरूलाई दिने अर्को महत्त्वपूर्ण तालिम सेवाकालिन तालिम हो । सेवा प्रवेश गरी सकेको व्यक्तिलाई आफू कार्यरत संस्था र संस्थाका कार्यका बारेमा दक्ष बनाउन दिइने शिक्षा तथा तालिमलाई सेवाकालिन तालिम भनिन्छ । कुनै पनि संस्थामा कार्यरत व्यक्तिलाई पेसागत दक्षता र क्षमता बढाउन यस्तो सेवाकालिन तालिम ज्यादै उपयोगी मानिन्छ । नेपालमा पनि आफ्नो संस्थालाई आवश्यक भएमा माथिल्लो तहको योग्यता बढाउन समेत अध्ययन बिदा तथा सुविधा दिएर स्वदेश तथा विदशेमा अध्ययन गर्न पठाउने व्यवस्था पनि छ । स्थायी शिक्षकको क्षमता अभिबृद्धि र वृत्ति विकासका लागि शिक्षक पेसागत विकास (टि.पि.डि.) तालिम प्रदान गर्ने गरिन्छ । विगतमा यो तालिम तीन चरणमा ३० दिनको हुन्थ्यो भने हाल १५/१५ दिनकबा दुई चरणको तालिम हुने गरेका छन् ।

सेवाकालिन शिक्षक तालिमको नेतृत्व अहिले शैक्षिक जनशक्ति विकास केन्द्र र अन्तर्गतका शैक्षिक तालिम केन्द्रहरूले गरिरहेका छन् । यसबाहेक हाल त्रि.वि., पूर्वाञ्चल, पोखरा, काठमाडौं विश्वविद्यालयले शैक्षिक कार्यक्रमका रूपमा यस्ता सेवाकालिन तालिम दिँदै आएका छन् । त्यस्तै अन्य विभिन्न सरकारी र गैरसरकारी सङ्घ संस्थाले समेत यस्ता तालिमको व्यवस्था गर्दै आएको पाइन्छ ।

## ३. पुनर्ताजगी तालिम

एकपटक लिएको तालिमले सेवारत व्यक्तिलाई सधैँका लागि पूर्ण बनाइ राख्न सक्दैन । त्यसैले एक पटक लिएको तालिमलाई पुनः स्मरण गराउने, नवीकरण गर्ने तथा अद्यावधिक गर्ने तालिमलाई पुनर्ताजगी तालिम भनिन्छ । शिक्षकहरूको पेसागत दक्षता र क्षमता बढाउन कार्यरत अवस्थामा विभिन्न छोटा अवधिका शिक्षा तथा तालिम दिने व्यवस्थालाई पुनर्ताजगी तालिम हुन् । एक पटक सिकेका कुरा सबैका लागि र सधैँका लागि उपयुक्त भइरहन्छ भन्ने छैन । समय र परिस्थिति अनुरूप शिक्षकले आफूलाई अद्यावधिक गर्न पनि यस्तो तालिम ज्यादै उपयोगी हुन्छ । बिर्सेका कुरा सम्झन तथा समसामयिक ज्ञानका लागि पनि यस्तो तालिम प्रभावकारी मानिन्छ ।

यी बाहेक विभिन्न प्रशिक्षण, गोष्ठी, सेमिनार, कार्यशाला आदिबाट पनि शिक्षक विकासका कार्यहरू गर्ने गरेको पाइन्छ । शिक्षा क्षेत्रमा आएका नवीनतम ज्ञान, सीप दिन र शिक्षणसिकाइ प्रक्रिया लगायत शिक्षण कार्यमा आइपरेका विभिन्न प्रकारका

समस्या समाधान गर्न प्रशिक्षण, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गरेर पनि शिक्षक पेसामा अभिबृद्धि गर्ने गरेको पाइन्छ ।

## अभ्यास

**क) तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस्**

१) तालिमका तीनओटा प्रकारहरू के के हुन ?

२) अध्यापन अनुमति पत्र किन चान्छि ?

३) अस्थायी अध्यापन अनुमतिपत्र पाएको शिक्षकले कति वर्षपछि स्थायी अध्यापन अनुमतिपत्र लिसक्नु पर्नेछ ?

४) सेवारत शिक्षकलाई दिइने तालिमलाई के भनिन्छ ?

५) तालिमले ज्ञान वा सीप कुन पक्षलाई बढी जोड दिन्छ ?

**ख) तलका पशनहरूका छोटो उत्तर दनिुहोस् ।**

१) तालिम भनेको के हो ? चर्चा गर्नुहोस् ।

२) नेपालको शिक्षक तालिमको वर्तमान अवस्थाको चर्चा गर्नुहोस् ।

३) शिक्षा ऐनले अध्यापन अनुमतिपत्रका सम्बन्धमा के व्यवस्था गरेको छ बुँदामा उल्लेख गर्नुहोस् ।

४) शिक्षक तालिम र त्यसको कक्षाकोठामा प्रयोग गर्दा आउनसक्ने कुनै पाँच समस्याहरू उल्लेख गर्नुहोस् ।

**ग) तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।**

१) नेपालको सन्दर्भमा शिक्षक तालिमको आवश्यकताको विश्लेषण गर्नुहोस् ।

२) तालिम प्राप्त शिक्षकले के कस्ता पेसागत कार्यहरू सम्पादन गर्नुपर्छ उल्लेख गर्नुहोस् ।

३) नेपालमा शिक्षक तालिमलाई अझ प्रभावकारी बनाउन सुझावहरू प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप**

१) तपाइँको विद्ययालयमा भएका तालिम प्राप्त र अप्राप्त दुईजना शिक्षकबीच शिक्षणपूर्वको तयारी, पाठयोजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, बिक्षण क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया आदिमा आधारभूत तुलना गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

२) तपाइँको वडा वा गाउँपालिकामा भएका कुनै दुई सरकारी वा निजी विद्ययालयको सूची बनाई त्यहाँ कार्यरत शिक्षकहरूमध्ये तहगत रूपमा, जातजातिका आधारमा, स्थायी र अस्थायीका आधारमा, महिला र पुरुष शिक्षक आदिका खाधारमा तालिम प्राप्त र अप्राप्तको तालिका बनाई विश्लेषण गर्नुहोस् ।

# एकाइ : १२ शिक्षा अधिकार

शिक्षा देश विकास लागि आधारभूत आवश्यकता हो । कुनै पनि देशले आफ्नो विकास लागि शिक्षालाई आधारशिला मान्दछ । शिक्षाले नै देश विकासका ढोकाहरू खुला गर्दछ । त्यसै गरी शिक्षाले व्यक्ति र समाजको उन्नति र समृद्धिका लागि आधार शक्ति निर्माण गर्दछ । शिक्षाको उद्देश्य नै व्यक्ति, समाज र ाष्ट्रको निर्माण एवम् विकासमा सहयोग पुऱ्याउनु हो । यिनै कुरालाई मध्यनजर गर्दै नेपालको वर्तमान संविधानले शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । देशका प्रत्येक बालबालिकाले विद्यालय गएर शिक्षा पाउनु उनीहरूको अधिकार हो । शिक्षामा कुनै किसिमको भेदभाव हुनुहुँदैन । जाति, धर्म, लिङ्ग पेसा, क्षेत्र कुनै पनि आधारमा शिक्षाका अधिकारबाट कसैलाई पनि वञ्चित गर्नै हुँदैन ।

## १२.१ कक्षा कोठामा समावेशीकरण

### कक्षा कोठामा व्यवस्थापनमा समावेशीकरण

सबै जातजाति, सम्प्रदाय, वर्ग, लिङ्ग, क्षेत्र एवम् फरकफरक पृष्ठभूमिका व्यक्तिलाई समान हैसियतका साथ समावेश गराउने प्रक्रिया समावेशीकरण हो । विद्यालयमा र विद्यालयका कक्षा कोठामा यस्तै सहभागिताकको व्यवस्थालाई कक्षा कोठामा समावेशीकरण मानिन्छ ।

विद्यालयका कक्षा कोठामा विभिन्न प्रकारका विद्यार्थीहरू हुन्छन् । विभिन्न उमेर, स्तर, क्षमतामात्र नभई विभिन्न जातजाति, धर्म, लिङ्ग, पेसा, व्यवसाय, फरक पृष्ठभूमि, फरक शारीरिक र मानसिक स्थिति भएका विद्यार्थीहरूलाई कक्षा कोठामा समान रूपमा सक्रिय बनाउने कार्यलाई कक्षा कोठामा समावेशीकरण भनिन्छ । यस्ता जटिल विविधता रहेका अवस्थामा प्रभावकारी शिक्षणसिकाइ कार्य गर्नु चुनौतीपूर्ण कार्य हो । भिन्न भिन्न पृष्ठभूमिका विद्यार्थीलाई एकीकृत गर्ने तथा समन्वयात्मक रूपमा शिक्षण गर्ने कार्यमा शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्छ । कक्षा कोठामा गरिने समावेशीकरणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### (क) कक्षा कोठा व्यवस्थापनमा समावेशीकरण

विद्यालयमा विद्यार्थीको सबैभन्दा बढी समय कक्षा कोठामा बित्छ । कक्षा कोठामा उपस्थित हुने विविध किसिमका विद्यार्थीलाई सहज हुने वातावरण बनाउनुपर्दछ । कक्षा कोठालाई उनीहरूले आफ्नो कोठाका रूपमा स्वीकार गर्ने, आफ्ना क्रियाकलापहरू निर्वाचन रूपमा सञ्चालन गर्ने, विविध मान्यताका आफ्ना विचारहरू प्रस्तुत गर्ने विचार आदान-प्रदान गर्ने, सहयोग आदान-प्रदान गर्ने आदि कार्यमा सबै विद्यार्थीलाई सक्रिय बनाउन सकेमा कलाकोठा समावेशीकरण हुन सक्छ । कक्षा कोठाको व्यवस्थापन गर्दा विद्यार्थीहरूले खुसी हुने, आफ्ना क्रियाकलापहरू सहज किसिमले गर्न सक्ने, विद्यार्थीहरूको सङ्ख्या प्रकाश, हावा, उपयुक्त बसाइ आदि कुराप्रति विचार पुऱ्याउनु पर्दछ । यसको अर्थ कक्षा कोठा बालमैत्री हुनुपर्दछ ।

कक्षा कोठा व्यवस्थापनमा समावेशीकरण गर्दा निम्न कुरामा ध्यान दिनुपर्दछ ।

## १. बालमैत्री कक्षा कोठाको व्यवस्थापन

विद्यार्थीका व्यक्तिगत विविधता अनुरूप व्यवस्था गरिउको कक्षा कोठा नै बालमैत्री कक्षा हो । यसमा उनीहरू निर्णय सहभागिता, आत्मासम्मान र योगदानको कदर हुने किसिमले व्यवस्थापन गरिएको हुनुपर्दछ ।

## २. उपयुक्त कक्षा कोठाको व्यवस्थान

सरसफाइ प्रकाश र फर्निचरको व्यवस्थापन गर्दा उपयुक्त किसिमले गर्नुपर्दछ । सम्पूर्ण विद्यार्थीहरू आवत-जावत र शिक्षणसिकाइ क्रियाकलापमा सक्रिय हुँदा सहज हुने किसिमको हुनुपर्दछ ।

## ३. शैक्षिक सामग्रीको उचित व्यवस्थापन

शिक्षणसिकाइ क्रियाकलाप आवश्यक हुने शैषिक सामग्रीहरूको उचित व्यवस्थापन गनुपदृछ । तिनीहरूलाई राख्ने ठाउँ उपयुक्त, सजिलो र आकर्षक हुनुपर्दछ । त्यस्ता सामग्री निर्माण खरिद र संकलनका माध्यमबाट संकलन गर्न सकिन्छ । विषय कुनाहरूको व्यवस्थापन गरेर सन्दर्भ पुस्तकहरूको व्यवस्थापन गर्दा समावेशीकरणका कुरालाई ध्यान दिनुपर्दछ । साथसाथै ती सामग्रीहरू राख्ने दराज, ऱ्याक अथवा भित्तामा किलाहरूकै उचित ठाउँमा व्यवस्था गनुपर्दछ ।

## ४. भित्तामा सम्बन्धित तस्वीरहरूको व्यवस्थापन

आफैं निर्माण गरेका, खरिद गरेका र संकलन गरिएका स्तरीय सामग्रीहरू, चित्र, चार्ट र तस्वीरहरू कक्षा कोठाको भित्तामा टाँस्नुपर्दछ । यस्ता सामग्रीहरू जानकारी, ज्ञान र सुन्दरताका साधन हुन् । विभिन्न जातजातिका धर्म, संस्कार, संस्कृति, परम्परा आदि कुरा झल्कने चित्र र तस्वीहरू पालैपालो टाँस्ने र फर्ने गर्नुपर्दछ । यस्ता कार्यमा विद्यार्थीहरूलाई नै बढी सक्रिय गराउनुपर्दछ ।

## ५. कार्यउत्तरदायी तालिका (Job Chart) को व्यवस्थापन

विद्यार्थीहरूलाई आफ्नो जिम्मेवारी बोध गराउन र जिम्मेवारी निर्वाह गर्ने बानी बसाउन कार्य उत्तरदायी तालिकाले सहयोग गर्दछ । उनीहरूलाई व्यक्तिगत तथा सामूहिक रूपमा प्रत्येक दिन तथा हप्तामा गर्नुपर्ने कार्यको विवरण र समय निर्धारण गरिउको कार्य उत्तरदायी तालिका कक्षा कोठामा राख्ने । उनीहरूलाई सोही तालिकाअनुसार क्रियाकलापमा सक्रियपूर्वक सहभागी बनाउने ।

## ६. सूचनापाटीको समुचित व्यवस्थापन

कक्षाको ठीक अगाडि एउटा पाटी राख्नुपर्दछ । त्यसमा प्रत्येक दिन गरिने क्रियाकलापहरू लेख्ने र कक्षा सुरु गर्दा सबभन्दा पहिले विद्याथीहरूलाई सो कुरा सुनाउने र पढ्न लगाउने गर्नुपर्दछ ।

## ७. सर्वसम्मत नियमहरूको व्यवस्थापन

प्रत्येक शैक्षिक सत्रको सुरुमा सबै प्रकारका विद्यार्थीहरूलाई विविधतापूर्ण विशेषता एवम् चरित्रहरू समेटिने किसिमका सर्वम्मत नियमहरू तयार गर्ने । जुन नियम पालना सबै प्रकारका विदार्थीले रमाएर पालना गर्ने हुनुपर्दछ । ती नियमहरूलाई सबैले देख्न र पढ्न सक्ने गरी भित्तामा टाँस्ने । यस्ता नियमहरूमा एक अर्काका कुरा ध्यान दिएर सुन्ने, कसैलाई नहेप्ने, नहोच्याउने, नजिस्काउने, कसैको नराम्रो नाम नराख्ने प्रश्न सुन्ने र जवाफ दिने पालो पर्खने, क्रियकलापहरू गर्दा पालैपालो गर्ने आदि हुन सक्छन् । शिक्षक र सम्पूर्ण विद्यार्थीहरूको सहभागितामा यस्ता नियम बनाउने र पालना गर्ने कार्यले विद्यार्थीहरू एक अर्काको सम्मान गर्ने, अनुशासन पालना गर्ने आदि असल बानीको विकास हुन्छ ।

## ८. विद्यार्थीहरूलाई कक्षामा बसाइको व्यवस्था

विद्यार्थीहरूको कक्षामा बसाइको व्यवस्था विभिन्न किसिमले गनुपर्दछ । उनीहरूको सङ्ख्या, विषयको प्रकृति, उनीहरूको रुचि, स्तर शैक्षिक तथा भौतिक सामग्रीको उपलब्धताअनुसार विद्यार्थीहरूको बसाइमा परिवर्तन गर्नुपर्दछ । बसाइको परिवर्तनले कक्षा कोठामा नौलो रूप देखाउँछ । नौलोपनले सिकाइ क्रियाकलापमा उत्सुकता ल्याउँछ । छात्राछात्रा मिलेर वा छुट्टिएर, जान्ने नजान्ने मिलेर वा छुट्टिएर, विभिन्न जातजाति मिलेरै वा छुटिएर, उचाइ, कदअनुसार छिट्टिएर वा मिलेर बस्ने व्यवस्था गर्न सकिन्छ । उपलब्ध फर्निचरलाई आवश्यकता उपलरब्धताका आधारमा विभिन्न स्थान र अवस्थामा प्रयोग गर्न सकिन्छ ।

## ९. विशेष व्यवस्था

कक्षा कोठा व्यवस्थापन गर्दा अपाङ्गता वा विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि विशेष ध्यान दिनुपर्दछ । उनीहरू बस्ने ठाउँ उनीहरूको शारीरिक अवस्थाअनुसारको बनाउनुपर्दछ । त्यस्तै उनीहरू आवत-जावत गर्न सजिलो पारिदिनुपर्दछ । उनीहरूलाई आवश्यक पठनपाठनमा विशेष सामग्रीको व्यवस्था गनुपर्दछ । कक्षा कोठाको व्यवस्थापनको सहजताले त्यस्ता बालबालिकामा हामी अरू साथीहरूभन्दा फरक छैनौँ भन्ने भावना विकास हुन सक्नुपर्दछ ।

विद्यालयको कक्षा कोठा सबैका लागि अनुकूल हुन सबैको पहुँच सहज हुनु, सबै धर्म, संस्कृति, जातजातिको सम्मान हुनु, स्थानीय भाषाभाषिकाको समेत प्रयोग देखिनु, विद्यार्थीका मौलिकता र सिर्जनात्मक क्षमताको प्रयोग गर्न सक्ने हुनु कक्षा कोठा व्यवस्थापनमा समावेशीकरणको राम्रो उदाहरण हो । कक्षा कोठा व्यवस्थापनमा सफल समावेशीकरणले शिक्षणसिकाइ प्रक्रियामा अत्यन्त सकारातमक प्रभाव पार्दछ ।

## (ख) शिक्षणसिकाइ प्रक्रियामा समावेशीकरण

बालबालिकाको सिकाइको स्तर, प्रक्रिया र शैलीमा विविधता हुन्छ । बालबालिका स्वय्‌ममा रहेका विविधता, पारिवारिक पृष्ठभूमि, सांस्कृतिक मूल्यमान्यता, कक्षामा उसको असमान र उपस्थितिमो नियमितता जस्ता विविध कुराले सिकाइमा प्रभाव पार्दछ ।

शिक्षणसिकाइ प्रक्रियामा समावेशीकरण भनेको सबै सिकारुका लागि सिकाइ वातावरण समान र अनुकुल हुनु हो । विभिन्न जातजाति, विविध सांस्कृतिक एवम् भाषिक पृष्ठभूमि, धनी गरिब, साङ्ग अपाङ्ग, पिछडिएका बालबालिकाहरू आदिका लागि सिकाइ वातावरण तयार गर्दा उनीहरूमा रहेका सक्षमताको क्षेत्रको पहिचान गर्नुपर्दछ । उनीहरूको क्षमता क्षमता थाहा पाएपछि गरिउको सिकाइ सार्थक र सफल हुन्छ । सिकाइ प्रक्रियालाई समावेशीकरण गर्न यसमा पनि विविधता अपनाउनुपर्दछ ।

बालबालिकाका लागि सिकाइका स्रोत एउटै मात्र हुँदैन । उनीहरू शिक्षकबाट मात्र सिक्दैनन् । उनीहरूले धेरै कुराहरू आफ्नै समूहमा एकअर्काबाट पनि सिकिरहेका हुन्छन् । सिकाइको आवश्यकता फरक-फरक हुने भएकाले सिकाइका विषयवस्तु र सिकाइ थप सम्भावनाहरू विश्लेषण गरी शिक्षकले कहिले सम्पूर्ण कक्षालाई एकै पटक सिकाइमा सहभागी गराउनुपर्छ भने कहिले भिन्न भिन्न समूह बनाएर । यसो गर्दा कहिले समान यसो गर्दा कहिले समान स्तर र क्षमता भएका विद्यार्थीहरूबिच र कहिले फरक क्षमता र सतर भएका विद्यार्थीहरूको मिश्रित समूह बनाई क्रियाकलाप गराउनुपर्छ । त्यस्तै कहिले वैयक्तिक आवश्यकताअनुसार थप सहयोगका लागि व्यक्ति केन्द्रित क्रियाकलाप गर्नु/गराउनुपर्ने हुन्छ । सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीहरूका क्रियाकलापलाई बढी समय प्रदान गरेर विद्यार्थी केन्द्रित विधि अवलम्बन गनृ कुरालाई प्राथमिकता दिनुपर्दछ ।

शिक्षणसिकाइ प्रक्रियामा समावेशीकरण गर्ने क्रममा निम्न ढाँचाहरू अपनाउनु उपयुक्त हुन्छ :

### १. सम्पूर्ण कक्षा सत्रबीच गरिने क्रियाकलाप

- कक्षाका सबै विद्यार्थीको ध्यान आफूतर्फ आकर्षित गरी समूहमा निर्देशन दिने
- शैक्षिक सामग्री एकैसाथ प्रदर्शन गरी पाठप्रति आकर्षित गर्ने
- विद्यार्थीहरूबीच अनुकुल समूह विभाजन र बसाइको व्यवस्थापन गर्ने
- विद्यार्थीलाई पाठप्रति उत्प्रेरणा जगाउने क्रियाकलाप गर्ने

### २. समूह सत्र बीच गरिने क्रियाकलाप

- कक्षामा शिक्षको सहयोग तथा विद्यार्थीहरूकै सक्रियतामा समूह विभाजन गरी सामूहिक समस्या निर्क्योल गरी छलफल गर्ने
- समूहमा रहेका ढिलो सिक्ने वा कमजोर साथीको सिकाइमा सहयोग गर्ने

- समूहमा भइरहेको क्रियाकलापमा अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने
- शिक्षकले सहजकर्ताका रूपमा कुशल भूमिका निर्वाह गर्ने

३. **वैयक्तिक शिक्षण सत्र बीच गरिने क्रियाकलापविद्यार्थीलाई आ-आफ्नो क्षमता र चाहनाअनुसार सिकाइ क्रियाकलापमा सहभागी गराउने**

- पढाइमा कमजोर विद्यार्थीलाई विशेष ख्याल गर्री सिकाइ क्रियाकलापमा सहभागी गराउने
- कमजोर विद्यार्थीलाई सिक्ने रुचि र आत्मविश्वास बढाउन सहयोग गर्ने
- विद्यालयमा एकले अर्कालाई होच्याउने र जिस्काउने जस्ता कार्य हुन नदिने
- प्रत्येक विद्यार्थीलाई खुसीसाथ, बिना दबाब, विना चिन्ता सिक्ने अवसर प्रदान गने
- सबै विद्यार्थीलाई प्रश्न गर्ने र उत्तर दिने समान अवसर प्रदान गर्ने
- शिक्षक र प्रत्येक विद्यार्थीबीच पारस्परिक सहयोग र सम्बन्ध स्थापित गर्ने

कहिले कक्षाका सम्पूर्ण विद्यार्थीलाई समेटेर कहिले विद्यार्थीहरूलाई समूह समूहमा विभाजन गरेर त कहिले व्यक्तिगत रूपमा विद्यार्थीलाई सिकाइ क्रियाकलापमा सहभागी गराई शिक्षकले शिक्षणसिकाइ प्रक्रियामा समावेशीकरणको वातावरण निर्माण गर्नुपर्दछ । यसरी सञ्चालित क्रियाकलापले कक्षाका सम्पूर्ण विद्यार्थीहरूमा सिकाइ प्रक्रियामा रुचि जगाउनका साथै आत्मबल बढाउन ठूलो सहयोग पुग्दछ ।

**विद्यार्थी मूल्याङ्कनमा समावेशीकरण**

शिक्षणसिकाइ प्रक्रियाको एउटा महत्त्वपूर्ण अङ्ग हो विद्यार्थी मूल्याङ्कन । मूल्याङ्कन भनेको निरीक्षण गर्ने, जाँचबुझ गर्ने, सूचना सङ्कलन गर्ने लेखाजोखा गर्ने र तिनैका आधारमा निर्णय लिने प्रक्रिया हो । शिक्षणसिकाइ प्रक्रियाको एउटा महत्त्वपूर्ण अङ्ग हो विद्यार्थी मूल्याङ्कन । यो कार्य नियमित र निरन्तर गरिरहनुपर्दछ ।

विद्यार्थीले के के बुझ्दछन्, के के जान्दछन् र के के गर्न सक्दछन्, भन्ने विषयमा शिक्षकले बारम्बार मूल्याङ्कन गरिरहनुपर्दछ । विद्यार्थीहरूको पूर्वप्रगति विवरण हेरेर, उनीहरूको सीप र व्यवहार हेरेर, बानी व्यवहार हेरेर उनीहरूको मूल्याङ्कन गर्न सकिन्छ । मूल्याङ्कन एकपटक मात्र गरेर हुँदैन । शिक्षणको सुरुमा, बीचमा र अन्त्यमा पटकपटक अवलोकन गरी मूल्याङ्कन गनुपर्दछ । विद्यार्थीको मूल्याङ्कन गर्दा घटना अभिलेखको अध्ययन, परीक्षा, कार्यसञ्चयिका मूल्याङ्कन, गृहकार्य, कक्षाकार्य, अभिलेख अध्ययन आदि साधनको उपयोग गर्न सकिन्छ । स्तो मूल्याङ्कन कार्यबाट प्राप्त निश्कर्षको अभिभावकलाई समेत जानकारी दिएर विद्यार्थीको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउन सकिन्छ । प्राप्त जानकारीबाट अभिभावक र स्वयम् विदार्थी एवम् शिक्षकलाई सुधारात्मक कार्य गर्ने अवसर प्राप्त हुन्छ । सबै विद्यार्थीलाई एउटै माध्यम अपनाएर मूल्याङ्कन गर्दा सही निश्कर्ष ननिस्कन सक्छ । त्यसैले

विद्यार्थीको विविधतालाई ध्यान दिएर व्यक्तिगत, समूहगत र सम्पूर्णतामा उनीहरूको मूल्याङ्कन गर्नुपर्दछ । यसो गरी मूल्याङ्कन गरिएमा विद्यार्थी मूल्याङ्कनमा समावेशीकरण भएको मान्न सकिन्छ । विद्यार्थी मूल्याङ्कनमा समावेशीकरण गर्दा निम्न पक्षलाई ध्यान दिन आवश्यक पर्दछ :

१. विद्यार्थीको मूल्याङ्कन गर्दा मूल्याङ्कनका विभिन्न साधनहरू प्रयोग गरी उसको सवल र दुर्वल पक्ष, सचित्र क्षमता, सिक्ने तरिका आदिबारे जानकारी सङ्कलन गर्ने । सङ्कलित जानकारीका आधारमा विद्यार्थीको उचित मूल्याङ्कन गर्ने ।

२. सबै विद्यार्थीको मूल्याङ्कन एकैचोटि गर्दा सही मूल्याङ्कन नहुन सक्छ त्यसकारण समूहगत एवम् व्यक्तिगत रूपमा उनीहरूको अवलोकन निरीक्षण र लेखाजोखा गरी मूल्याङ्कन गर्ने ।

३. मूल्याङ्कनका साधनहरूको प्रयोग गर्दा विदार्थीको वैयक्तिक भिन्नतामा ध्यान पुऱ्याउने ।

४. सबै किसिमका विद्यार्थीलाई उनीहरूको स्तरअनुसार प्रोत्साहन र हौसला प्रदान गर्ने ।

५. सबै विद्यार्थीप्रति समान दृष्टिकोण राखेर मूल्याङ्कन गरी त्यसको सही परिणामका आधारमा पृष्ठपोषण प्रदान गर्ने ।

६. जुनसुकै वर्ग तथा क्षेत्र एवम् जातजातिबाट आएका भए पनि, सिकाइ प्रक्रियामा जुनसुकै स्तरको भए पनि उनीहरूलाई हौसला र प्रोत्साहन दिने ।

७. विद्यार्थीको सुधारात्मक गतिमा तीव्रता ल्याउन मूल्याङ्कनको सही प्रयोग हुने वातावरण निर्माण गर्न सहयोग गर्ने ।

८. विद्यार्थीको उपलब्धि मूल्याङ्कनलाई शिक्षक, अभिभावक र विद्यार्थीको उपस्थितिमा छलफल गर्ने र त्यसलाई भविष्यका लागि सकारातमक सुधारको कार्यनीति बनाउन उपयोग गर्ने ।

शिक्षणसिकाइ प्रक्रिया कतिको प्रभावकारी तथा सफल भयो या भएन भन्ने कुरा मूल्याङ्कनले देखाउँछ । सही मूल्याङ्कनबाट प्राप्त निश्कर्षलाई सबै विद्यार्थीको सुधार र प्रगतिका लागि प्रयोग गर्नुपर्दछ ।

## १२.२ शान्ति र शिक्षा

मानव विकासका क्रममा थुप्रै द्वन्द्व, अशानित र युक्तका घटना भएका छन् । बीसौं शताब्दीमा मात्र मानव जातिले दुई दुईओटा महायुद्धको कठोर एवम् वीभत्स मार सहनुपऱ्यो । हिरोसितमा तथा नागासाकीको ठूलो नरसंहार यसका ज्जलन्त उदाहरण हुन् । विश्वले शक्ति ध्रुवीकरण तथाशीतयुद्ध एवम् वैचारिक द्वन्द्वको यातना सहनुपऱ्यो । यसैको परिणामस्वरूप मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४८ जारी भयो । यसले नैसर्गिक मर्यादा तथा सम्पूर्ण विश्वका मानिसको समान तथा अखण्डनीय अधिकारको व्याख्या गऱ्यो । यस्ता अधिकारीको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शानितका आधारशिला हुन भन्ने युक्ति उक्त घोषणापत्रले प्रस्तुत गऱ्यो ।

मानव समाजको समुन्नतिका लागि शान्ति नै अन्तिम विकल्प हो यसका लागि अन्य विकल्प छैनन् भन्दै शानितका लागि अन्तर्राष्ट्रिय उद्घोषण, प्रतिबद्धता, उद्गार र आह्वानहरू भए। यति हुँदाहुँदा पनि एक्काइसौं शताब्दीको सुरुदेखि नै आतङ्कवाद, द्वन्द्व, हिंसा आदिको परिणाम मानिसले भोग्नुपरिरहेको छ। द्वन्द्वका कारण विश्वका लाखौँ मानिसहरू विस्थापित, अनाथ, सहाराविहीन र विधवा जीवन व्यतीत गर्न वाध्य कारण विश्वका लाखौँ मानिसहरू विस्थापित, अनाथ, सहाराविहीन र विधवा जीवन व्यतीत गर्न बाध्य भएका छन्। नेपाल पनि यसबाट टाढा छैन। मानवजाति एउटा सद्भावपूर्ण, न्यायिक र शान्तिपूर्ण विश्व चाहन्छ तसर्थ शान्तिका लागि शिक्षाले सकारातमक साधनहरू प्रयोग गर्ने अवसर प्रदान गर्न सक्नुपर्छ जसका माध्यमबाट हामी शान्तिपूर्ण अवस्थामा पुग्छौँ। द्वन्द्वमा फस्नु अगावै त्यसको प्रतिरषा गनु आवश्यक हुन्छ। द्वन्द्व उत्पन्न भएको बेला त्यसलाई सामना गर्न एवम् समाधान गर्न वा मध्यस्थता गर्न चाहिने सीप र आवश्यक सोचबारे नागरिकहरूलाई शिक्षित गर्नुपर्छ। कुनै पनि विवादको अन्त्य हिंसाबाट गर्न सकिन्न भन्ने कुरा बुझाउन सक्नुपर्छ। जुनसुकै उमेर, लिङ्ग सामाजिक प्रतिष्ठा, धार्मिक संलग्नता अथवा सांस्कृतिक सद्भावनाका व्यक्तिलाई पनि शान्तिपूर्ण विश्व निर्मँणमा संलगन हुन आह्वान गर्नुपर्छ। शनिबारका लागि व्यक्ति स्वयम्ले जिम्मेवारी महसुस गर्ने एक अर्कामा सबैले प्रोत्साहन आदान प्रदान गर्नुपर्छ। शान्ति लागि शिक्षा एउटा त्यस्तो प्रयास हो जसले राष्ट्रियदेखि अन्तर्राष्ट्रिय तथा व्यक्तिगतदेखि स्थानीयस्तरसमम द्वन्द्व र हिंसाका समस्याहरू समाधान गर्छ। यसले न्यायपूर्ण र दिगो भविष्य निर्माण गर्ने तारिकाहरू पनि पहिल्याउँछ। शान्तिका लागि शिक्षाले बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र समाजिक विकासलाई समेटेको हुन्छ। त्यसैले .... प्राणीहरूप्रति प्रेम, विश्वास, सद्भाव, दया, माया, आदर सत्कार र निष्पक्षताको भावना जागृत गराउँछ। यसले बच्चामा द्वन्द्व समाधान गर्न सिर्जनात्मक तथा गैरहिंसात्मक उपाय पत्ता लगाउने सीप प्रदान गर्दछ। एक आपसको प्रेम र सद्भावको वृद्धि गर्छ।

**शान्तिका लागि शिक्षाको उद्देश्य**

१. द्वन्द्वको स्वरूपबारे जानकारी प्रदान गर्नु।

२. द्वन्द्वका कारण, द्वन्द्व व्यवस्थापन सीप प्रदान गरी द्वन्द्व व्यवस्थापनप्रति सक्षम नागरिक तयार पार्नु।

३. शान्त सिर्जनशील समाज स्थापित गर्नका लागि प्रतिबद्ध जनशक्ति तयार पार्नु।

४. जनता-जनता र राज्य-राज्यबीच हुने हिंसात्मक सम्बन्धका बारेमा जागरुक तुल्याउनु।

५. वैकल्पिक अथवा सम्भव्य अहिंसातमक सीपको खोजीलाई प्रोत्साहन गर्नु।

६. केटाकेटी प्रौढहरूलाई व्यक्तिगत स्तरबाट द्वन्द्व समाधानसम्बन्धी सीप प्रदान गर्नु।

७. प्रेम र सद्भावका धारणा विकास गर्न उत्प्रेरित गर्नु।

८. द्वन्द्व र अशान्तिले मानव विकासमा सहयोग पुज्याउँदैनन् भन्ने धारणाप्रति जागरुक गराउनु।

यसरी शान्तिका उद्देश्य पूरा गर्न उपयुक्त ज्ञान र विषयवस्तु समेट्नुपर्छ । चेतना र मूल्यको सही उपयोग गराउनुपर्छ । जीवन उपयोगी सीपहरूको विकास गर्नुपर्छ । यसका लागि मस्तिष्क मन्थन, संवाद, भूमिका प्रदर्शन, समूहकार्य, वादविवाद, छलफल तथा द्वन्द्व व्यवस्थापन सीप विकास गर्ने गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिनुपर्छ ।

यसरी विश्वमा शान्ति स्थापना गर्न शिक्षको महत्त्वपूर्ण भूमिका हुन्छ । बुद्धको दर्शन, गान्धीदर्शन, जय पृथ्वीबहादुर सिंहको धारणा आदिले पनि शान्ति र शिक्षाको सम्बन्ध एवम् आवश्यकता आजको विश्वमा झन् टड्कारो बनेको छ । विश्व शानित प्रवर्द्धनका लागि संयुक्त राष्ट्र सङ्घले समेत शान्तिमुखी शिक्षामा विशेष जोड दिएको छ । विद्यार्थीमा शान्तिप्रति प्रगााढ आस्था र त्यसका लागि सीप सिकाउने कार्यमा शान्तिका लागि शिक्षको महत्त्वपूर्ण योगदान हुन्छ ।

## १२.३ शिक्षा र लोकतन्त्र

विश्वमा मानवविकासको यो चरण आइपुग्दासम्ममा पनि मानवमात्रले अनेकौं समस्या र चुनौतीरुको सामना गर्नुपरेको छ । विश्व द्वन्द्व र युद्धमा रुमलिएको छ भने मानिसहरूबीच असमझदारी र अविश्वासको स्थिति कायम नै रहेको छ । असहिष्णुता, रङ्गभेदी व्यवहार तथा विनासकारि कार्यका भावना मानिसमा व्याप्त नै छन् । बेरोजगार मानिसहरूको सङ्ख्यामा अत्यधिक वृद्धि भएको छ । यस्ता समस्याको लेखाजोखा गरी कसरी मानवलाई प्रजातन्त्र, लोकतन्त्र र शानित संस्कृति (Peace culture) को स्थापना गर्न तथा यस्ता चुनौतीका सामना गरी मानव जीवनलाई अर्थपूर्ण, सरल, सुविधायुक्त बनाउन सकिन्छ सोच्नु आवश्यक छ । जसले मानिसलाई आफ्ना हक, अधिकार र पहिचान सहित बाल्न प्रोत्साहित गर्छ । प्रजातन्त्र वा लोकतन्त्र भनेको अनेकौं संस्कारहरू मिलेर बनेको एउटा माससंस्कार हो । यसप्रकारको संस्कारभित्र राजनीतिक संस्कार, आर्थिक संस्कार, सामाजिक संस्कारजस्ता संस्कारहरू समेटिन्छन् । यसप्रकारका संस्कारहरूको विकास शिषाका माध्यमबाट हुने गर्दछ । कसरी सबैको हित हुने कार्य गर्ने, कसरी सबैको स्वतन्त्रता विचारको कदर गर्ने, सबैको धर्म संस्कृति, मूल्यमान्यताको जगेर्ना कसरि गर्ने भन्ने कुराहरू लोकतान्त्रिक स.स्कारभित्र पर्दछन् । शिक्षाले यसप्रकारका संस्कारको विकास गर्न सहयोग पुऱ्याउँछ। अतः लोकतन्त्र र शिक्षाबीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ ।

लोकतन्त्र नै प्रत्येक व्यक्तिको सम्मान गर्ने पद्धति हो । यसमा व्यक्तिको आधारभूत मानव अधिकारको सुनिश्चितता हुन्छ । वाक स्वतन्त्रता, नागरिक सहभागिता, शिक्षा जातीय विभेदविहीनता, शोषणविहीनता जस्ता पक्षहरू लोकतन्त्रले संरषण तथा संवर्द्धन गर्दछ । शिक्षाले लोकतन्त्रलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउँछ । व्यक्तिमा समान व्यवहार गर्ने सीप तथा क्षमताको विकास शिक्षाले गर्दछ । शिक्षित व्यक्तिले शोषणरहित व्यवहार प्रदर्शन गर्न सक्छ । अरूको विचारको कदर गर्न सक्छ । सबैखाले श्रमप्रति समभाव प्रदर्शन गर्दछन् । अपाङ्गता भएकाप्रति, वृद्ध, बालक आदि सबैको भावना अनुरूप व्यवहार प्रदर्शन गर्दछन् । यस्ता क्रियाकलाप वास्तवमा लोकतन्त्रका लागि अत्यावश्यक ठानिन्छ । त्यस्तै लोकतन्त्रमा दमन, कुपोषण, गरिबी, असमानता, विभेदजस्ता पक्षहरूको अन्तय हुनुपर्छ । यसका लागि पनि सबै व्यक्ति शिक्षित हुनुपर्छ । विविध सीपयुक्त हुनुपर्छ । समावेशी व्यवहार प्रदर्शन गर्न सक्षम हुनुपर्छ । यी सबै सीप, कला, अभिवृत्ति तथा व्यवहार शिक्षाबाट हासिल हुन जान्छ ।

अतः लोकतन्त्र र शिक्षालाई समानरूपमा महत्त्व दिई यसको विकास तथा विस्तारमा सबै व्यक्ति प्रतिबद्ध भई अगाडि बढ्नु अत्यावश्यक हुन्छ ।

नेपालको सन्दर्भमा लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा राज्यव्यवस्था सञ्चालन गरी जनताको आवश्यकता पूरा गर्न समृद्ध नेपालको उज्यालो स्वरूप तयार गर्न पनि सामाजिक न्यायमा आधारित शिक्षाको विकास आवश्यक छ । राज्यको नयाँ रूपान्तरणले पहिल्याउने कुरा भनेको अवरोध विहीन शिक्षा प्रणाली हो । सबै वर्गले आफ्नो क्षमता मैत्री, सांस्कृतक मैत्री, भाषा मैत्री र जीविकोपार्जन मैत्री शिक्षा पाउनु लोकतान्त्रिक शिक्षाको मूल आदर्श हो । लोकतन्त्रमा कसैले पनि यो कमीले गर्दा शिक्षा पाउन सकिएन भनेर गुानो गर्ने ठाउँ हुन हुँदैन । लोकतान्त्रिक पद्धतिमा शिक्षालाई सामाजिक, आर्थिक सांस्कृतिक तथा दार्शनिक रूपान्तरणमा प्रयोग गर्नुपर्छ । नेपालको परिवशमा लोकतान्त्रिक मूल्य र मान्यतालाई दिगो बनाउने गरी सामाजिक न्यायका पक्षमा समाजलाई सुसूचित, दीक्षित र तयारी गनु नितान्त आवश्यक छ । शिक्षामा कुनै तर, वर्ग, जाति, लिङ्ग आदिको आधारमा कुनै पनि किसिमको भेदभाव हुनुहुँदैन ।

## १२.४ शिक्षा र सामाजिक न्याय

सामाजिक न्याय मानव विकासको लागि अत्यावश्यक सहयोगी माध्यम हो । त्यसैले राजनीति र आर्थिक क्षेत्रमा अधिक रूपमा प्रयोग हुँदै आएको सामाजिक न्यायको प्रयोग आज शिक्षा क्षेत्रमा पनि प्रयोग हुन थालेको छ । पाठ्यक्रम निर्माण र प्रयोग, स्रोत र साधनको बाँडफाँडका अवसर र सुविधा प्रदान गर्ने जस्ता क्षेत्रमा सामाजिक न्यायको खोजी हुन थालेको छ । शिक्षा हासिल नगरी सामाजिक न्यायको खोजी हुन नसक्ने र सामाजिक न्याय नभई शिक्षा प्रापत गर्न कठिन प्राफ हुन्छ । सम्पूर्ण समाजलाई सकारातमक रूपान्तरणमा लाने काम शिक्षाबाट मात्र सम्भव छ । त्यसैले सामाजिक न्याय शिक्षा समानता र सामाजिक रूपान्तरणका लागि आवश्यक छ । सामाजिक न्यायका लागि शिक्षा र शिक्षाका लागि सामाजिक न्याय भन्ने धारणा महत्त्वपूर्ण हुन्छ । समाजका सबै सदस्यहरू समान हुन् । कोही ठूलो वा सानो हुँदैन । जन्मँदा विभेद नहुने भएकाले कसैलाई ठूलो वा सानो बनाउँदा समाजमा भेदभाव हुन्छ । समाजका सबै सदस्य समान वा बराबर हुन् भन्ने धारणा नै सामाजिक न्याय हो । धनीले गरिबलाई शोषण नगर्ने, पढेकाले नपढेकोलाई नठग्ने, माथिल्लो जात भनिनेले तल्लो जात मानिनेलाई बराबर मान्ने, गोराले कालालाई बराबर मान्ने, अन्तर्राराष्ट्रिय वा राष्ट्रभाषा बोल्नेले स्थानीय भाषा वा मातृभाषा बोल्नेलाई उत्तिकै सम्मान गर्नृ आदि सामाजिक न्याय हो । सामाजिक न्यायको सम्बन्ध व्यक्तिको समुदायप्रतिको त्यो नैतिक जिम्मेवारी हो जसको सहयोग विना सही व्यवहार गर्नु, सही कुरा र कामको रक्षा गनु, निष्पक्ष ढङ्गले कार्य गनु, समान दण्ड र पुरस्कारको व्यवस्था गनु, सामाजिक न्याय हो । यसरी व्यक्तिहरूबाट, समुदायबाट र समाजबाट स्वीकृति प्राप्त प्रचलन नै सामाजिक न्याय हो । समाजमा धन, पढाइ, सोचाइ, शक्ति, साधन, गुण, कर्म, प्रकृति आदिका कारणले समानता र असमानता पाइन्छ । ती असमानताका बीचमा समानता खोजेर मानवीय मूल्यको जगेर्ना गनु सामाजिक न्याय हो । विवेदका कारण विकास भएको असमानता हटाउने प्रयास सामाजिक न्यायको बाटो हो ।

यसरी सामाजिक न्याय भनेको त्यो संरचना हो जहाँ जात, वर्ग, वर्ण, लिङ्ग भाषा आदिको विभेदभाव सक्दैन् । सामाजमा विद्यमान सबै किसिमका बन्धन र असमानताको अन्तयका लागि नागरिक स्वतन्त्रता, सहभागिता, शक्तिको वितरण, सामाजिक सांस्कृतिक न्याय, सम्पत्ति, अवसर र आयको न्यायोचित रूपले वितरण गरिन्छ । यसका लागि शिक्षा नै मूल आधार हो । शिक्षाले सामाजमा राम्रो कुराको संरषण सुधार गर्ने तथा खराब कुरा हटाएर समाजलाई रूपान्तरण गर्ने कार्य गर्दै सामाजिक न्याय प्रदान गरिरहेको हुन्छ ।

शिक्षा मानवहितका बलिरहेको ज्योति हो । यसको अन्तिम लक्ष्य सर्वसाधारणको कल्याण र हित गनु हो । समाजमा कसैमाथि भेदभाव नहुने अवस्थाको सिर्जनामा शिक्षाले मद्दत गर्नुपर्छ । शिक्षा पूर्ण रूपमा सामाजिक न्यायका लागि केन्द्रित हुनुपछ्र । सीमान्त जीवन गुजार्न बाध्य गरिब, जनजाति, दलित, भाषिक अल्पसङ्ख्यक, महिला, बालबालिका, अपाङ्गता भएका तथा दुर्गम भेगमा बसोबास गर्नेहरूसमेतलाई समान रूपबाट विकसित गराउन शिक्षाले प्रेरित गर्नुपर्छ ।

सामान्यतया सामाजिक न्यायका लागि शिक्षाले निम्न कुरासँग सम्बन्ध राख्नुपर्छ :

- समावेशी वा समाहित वा समवेत शिक्षा पद्धतिको विकास
- अधिकारमा आधारित शिक्षाको विकास तथा विस्तार
- न्यायपूर्ण वयवहारको विकास
- बालमैत्री, लैङ्गिक मैत्री समावेशी शिक्षा र शिक्षणसिकाइ क्रियाकलापको सुदृढीकरण
- जीविकोपार्जनमुखी सीप एवम् ज्ञान
- न्यायमुखी दृष्टिकोण
- व्यवहारवादी अभ्यास
- समानतामुखी समाज निर्माण
- सामाजिक विभेद तथा कुरीतिको अन्त्य र सामाजिक रूपान्तरण

नेपालको सन्दर्भमा शिक्षा सामाजिक न्याय अझ ठूलो महत्त्व छ । नेपाल दलित पिछडिएका र आदिवासी जनजातिहरूको ठूलो हिसा अझै पनि शिक्षाको अवसरबाट वञ्चित छ । ती वर्गमा अझै धेरे बालबालिकाहरू शिक्षाको अवसरबाट वञ्चित छन् । निरक्षर समूहभित्र पर्ने अधिकांश सुविधाविहीन र महिलाहरू पर्छन् । यी समूहहरूलाई सम्बोधन गर्न नेपाल सरकारले नेपालको संविधान, सबैका लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना, दसौँ योजना सहस्राब्दी विकास लक्ष्य, शिक्षा ऐन तथा नियमावलीमा नीतिगत सुधार गरेको छ । साक्षरता अभियान, शिक्षक शिक्षा परियोजना, विभिन्न छात्रवृत्ति कार्यक्रम, सीप तथा रोजागरमूलक शिक्षा, विद्यार्थी भर्ना अभियान, समाहित विद्यालय कार्यक्रम, खुला विद्यालय बालमैत्री विद्यालय, शिक्षक तालिम कार्यक्रम आदि सञ्चालनमा ल्याएको छ । संविधानमा नै शिक्षालाई आधारभूत आवश्यकताका रूपमा व्यवस्था गरी शिक्षा सर्वसुलभ बनाउने व्यवस्था गरेको छ । शिक्षालाई दानका रूपमा नरहेरी अधिकारका रूपमा स्विकारिउको छ । यी सबै पक्षले हालको शिक्षा

पद्धति सामाजिक न्यायप्रति मुखरित भएको देखिन्छ । यसलाई अझ व्यापक रूपमा विस्तार गरी सबै वर्ग, तह, जाति लिङ्गको मानिसका लागि उपयोगी बनाउनुपर्दछ ।

## १२.५ प्रदेश तथा स्थानीय तहमा शैक्षिक व्यवस्थापन

प्रदेश तहको शिक्षा क्षेत्रलाई व्यवस्थापन एवमं सञ्चालन गर्न विभिन्न निकायहरूको व्यवस्था गरिएको छ ।

१. प्रदेश मन्त्रालय (सामाजिक विकास मन्त्रालय)     २. प्रदेश विश्वविद्यालय

३. शिक्षा विकास निर्देशनालय

४. प्रदेश परीक्षा बोड

५. शिक्षा सेवा आयोगको कार्यालय

६. प्रदेश पाठ्यक्रम तथा जनशक्ति विकास केन्द्र

७. प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा सीव विकास परिषद

८. प्रदेश शिक्षा सामग्री प्रकाशन केन्द्र

९. प्रदेश पुस्तकालय तथा सूचना केन्द

### १. प्रदेश मन्त्रालय (सामाजिक विकास मन्त्रालय)

प्रदेश तहमा प्रादेशिक शिक्षा, योजना निर्माण, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा तथा प्रदेशभित्र संचालित विद्यलायहरू प्राविधिक शिक्षालयहरू, विश्वविलायहरू सहितका शैक्षिक निकायहरूको सञ्चालन तथा नियमन सामाजिक विकास मन्त्रालयले गर्दछ ।

**सामाजिक विकास मन्त्रालयका कार्यहरू :**

- शिक्षा सम्बन्धि मौलिक तथा सबैधानिक हकहरू कार्यान्वयन गर्न प्रदेश तहमा कानुन तथा नीति तर्जुमा गर्ने ।
- प्रदेश भित्रका शैक्षिक मुद्दा र विवादको निरूपण गर्ने ।
- शिक्षा सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता र सम्झौता लागु गर्ने कार्यविधि जारी गर्ने ।
- प्रदेश भित्र संचालित विद्यालय, विश्वविद्यालय, शैक्षिक प्रष्ठिान तथा शैक्षिक निकायहरूको सञ्चालन तथा नियमन गर्ने ।
- गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन व्यवस्था सञ्चालन गर्ने र प्रदेश तहमा वैदेशिक छात्रवृतिको व्यवस्थापन गर्ने ।

यस मन्त्रालयमा शिक्षा सम्बन्धि कार्यको समन्वय गर्नका लागि शिक्षा सेवाको सहसचिव प्रमुख रहने गरी एक मानव संसाधन महाशारथ रहने छ ।

प्रदेश स्तरिय उच्च शिक्षा प्रदन गर्न प्रदेश स्तरीय विश्व विद्यालय सञ्चालन हुन्छन् । विश्व विद्यालयमा विश्वविद्यालय सभा पचाकल्टी तथा संकाय र कलेजहरू हुन्छन् ।

### ३. शिक्षा विकास निर्देशनालय

शिक्षा विकास निर्देशनालयले प्रदेश स्तरीय शैक्षिक योजना निर्माण कार्यक्रम तर्जुमा गर्ने बजेट विकास तथा कार्यन्वायन व्यवस्था गर्ने कार्य गर्दछ । त्यस्तै शैक्षिक योजनाहरूको कार्यान्वयनमा गुणस्तर मापदण्ड निर्धारण तथा त्यसको अनुगमनको व्यवस्था गर्दछ । साथै प्रारेशिक शिक्षा योजना र बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने र प्रदेशभित्र संचालित विद्यालय, शैक्षिक प्रतिष्ठान तथा निकायहरूको सञ्चालन तथा नियमन गर्ने गर्दछ ।

### ४. प्रदेश परीक्षा बोर्ड

प्रदेश भित्रको कक्षा १० को परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने, कक्षा १२ को राष्ट्रिय परीक्षा व्यवस्थापनमा सयन्वय गर्ने कार्य प्र.प.वो. गर्दछ । साथै बोर्डले प्रदेश भित्रका सबै तहका परीक्षा सञ्चालन कार्यविधि ज्यरी गर्ने कार्य गर्दछ ।

### ५. शिक्षक सेवा आयोगको कार्यलय

प्रदेश स्तरका शिक्षाक छनोट तथा बढुवा सम्बन्धि सम्पूर्ण कार्य यसले शिक्ष छनोट र बढुवासम्बन्धी सिदान्त, मापदण्ड र कार्यविधि तयार गर्ने छनोट भएका शिक्षकलाई स्थ्इली नियुक्तिको लागि सिफारिस गर्ने कार्य गर्दछ ।

### ६. प्रदेश पाठ्यक्रम तथा जनशक्ति विकास केन्द्र

प्रदेश पाठ्यक्रम तथा जनशक्ति विकास केन्द्र ले विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम निर्माण तथा पाठ्य प्रस्तक विकास गर्ने तथा प्रदेशभित्र कार्यरत शिक्षकहरू लागि तालिम लगायतका कार्यक्रम विकास तथा संचाल गर्ने कार्य गर्दछ ।

### ७. प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास परिषद

यस परिषदले प्रदेशभित्र पाविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम प्रदायक संस्थाहरूलाई सम्बन्धन दिर्न, प्रा.तथा का. ऐच्छिक पाठ्यक्रम निर्माण र पाठ्यपु स्तक विकास गर्ने कार्य गर्दछ । प्रा. तथा व. शिक्षा सम्बन्धि प्रशिक्षण तथा तालिका दिने कार्य गर्दछ ।

### ८. प्रदेश शिक्षा सामग्री प्रकाशन केन्द्र

यस निकायले प्रदेश सरकारद्वारा उत्पादित विद्यालय स्तरका कक्षा १ देखि कक्षा १० सम्मका पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रकाशन तथा वितारण व्यवस्था मिलाउने कार्य गर्दछ । साथै यसले शिक्षा सम्बन्धी विभिन्न प्रकारका नीति, योजना तथा दास्तावेज तथा अन्य पाठ्य सामग्री प्रकाशन तथा वितरणको व्यवस्था गर्नका साथै विद्यालय तहको जिल्ला र प्रदेश स्तरीय सार्वजानिक परीक्षहरूका प्रश्न पत्र, प्रमाण पत्र, रजिष्ट्रेशन फारक जस्ता सम्बेदनशील सामग्रीहरूको छपाई गर्ने कार्य गर्दछ ।

### ९. प्रदेश पुस्तकालय तथा सूचना केन्द्र

प्रद्शभित्र सञ्चालनमा रहेका सार्वजनिक एवम् सामुदायिक पुस्तकहरूको समन्वय, व्यवस्थापन तथा सञ्चालन सहयोग प्रदान गर्ने कार्य गरेछ ।

**प्रदेश सरकारको जिम्मेवारी**

१. शिक्षाको राष्ट्रिय नीति तथा मापदण्डको अधिनमा रही प्रदेश तहको शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम, प्रशासन, व्यवस्थापन र नियमन,

२. प्रदेश विश्वविद्यालय सम्बन्धी कानून, योजना, कार्यक्रम, सञ्चालन र नियमन,

३. प्रदेश स्तरीय पुस्तकालय र संग्रहालय सम्बन्धी कानून, सञ्चालन तथा नियमन,

४. विद्यालय शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधाको सञ्चालन तथा अभिलेख व्यवस्थापन,

५. प्रादेशिक मानव संशाधन आवश्यकता प्रक्षेपण तथा मानव स्रोत विकास योजना निर्माण तथा कार्यान्वयन,

७. प्रदेश स्तरबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन र नियमन,

८. माध्यमिक शिक्षाको समन्वय, अनुगमन तथा नियमन र माध्यमिक शिक्षाको कक्षा दशको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

९. विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम विकास, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरण,

१०. विद्यालय तहका थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड, स्वीकृति र नियमन,

११. प्रदेशस्तरमा प्राज्ञिक तथा नवप्रवर्तनात्मक अनुसन्धान र शैक्षिक तथ्याङ्क व्यवस्थापन,

१२. प्रदेश स्तरका विशेष विद्यालय, प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र अनुमति, स्वीकृति, सञ्चालन, व्यवस्थापन र नियमन,

१३. विद्यालय तहका शिक्षकहरूको पेसागत विकास तथा तालिम सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री विकास, तालिम सञ्चालन र अनुगमन,

१४. विशेष शिक्षासम्बन्धी योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

१५. भाषा शिक्षण सम्बन्धमा योजना र कार्यक्रम व्यवस्थापन तथा संस्थाहरूको अनुमति वा स्वीकृति र नियमन,

१६. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, कार्यान्वयन र नियमन

**स्थानीय तह**

स्थिनीय तहमा शिक्षाको विकसि व्यवस्थापन एवम् सञ्चालनका लागि विभिन्न निम्न निकायहरूको व्यवस्था गरिएको छ ।

१) स्थानीय शिक्षा एकाइ २) विद्यालय

३) सामुदायिक सिकाई केन्द्र १) स्थानीय शिक्षा एकाइ

### १) स्थानीय शिक्षा एकाइ

स्थानीय शिक्षा एकाइले प्रारम्भिक बाल विकास कार्यक्रमदेखि माध्यमिक शिक्षा सम्मका शैक्षिक कार्यक्र सञ्चालन तथा व्यवस्थापनका कार्यहरू गर्दछ । अनौपचारिक वैकल्पिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापन सञ्चालन तथा अनुगमन गर्दछ । मातृभाषा तथा प्राविधिक शिक्षाको तर्जुमा र कार्यन्वयन पनि यही एकाइको जिम्मेवारी भित्र पर्दछ ।

### २) विद्यालय

विद्यालयले प्रारम्भिक वाल विकास देखि १२ कक्षा सम्मभको पठन पाठन कार्य स्पन्न गरी उच्चशिक्षाको लागि आधारशीलता तयार गर्दछ ।

### ३) सामुदायिक सिकाई केन्द्र

सामुदायिक सिकाई केन्द्रमा निरन्तर शिक्षा, साक्षरमता, आय आर्जनका लागि क्षमता विकास, सामुदायिक पुस्तकालय, डिजिटल साक्षरता, सचेतना लगायतका सिकाई आर्जनका लागि आवश्यक कुराहरूको व्यवस्था गरिएको हुन्छ ।

### स्थानीय सरकारको जिम्मेवारी

१. प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवम् प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,

२. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,

३. अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

४. निरन्तर सिकाई तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,

५. अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

६. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

७. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

८. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,

१०. गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

११. विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,

१२. विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

१३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवम् कार्यान्वयन सहजीकरण,

१४. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,

१५. राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,

१६. विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,

१७. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

१८. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

१९. स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलव्धीको परीक्षण र व्यवस्थापन, २०.अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन, २१.स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,

२२. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन, २३.विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,

२४. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,

२५. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, २६.विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,

२७. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

**शिक्षा योजना**

योजना भनेको निशिचत उद्देश्य, लक्ष्य, नीति तथा गरी उपलब्ध स्रोतसाधन अनुरूप निश्चित समय तोकी बनाइएको कामको अग्रिम खाका हो । शिक्षा योजना भनेको उपलब्ध साधनको उपयोग गरी एउटा तोकिएको समयावधिभित्र शैषिक लक्ष्य तथा उद्देश्य हासिल गर्न भविष्यमा गरिने कार्यको खाका हो । नेपालको शैक्षिक व्यवस्थापनमा स्थानीयकरणको भावना अनुरूप विभिन्न योजनाहरू बन्ने गरेका छन् । तिनीहरूको बारेमा सङ्क्षिप्त व्याख्या तल प्रस्तुत गरिएको छ :

**विद्यालय सुधार योजना**

विकास भनेको वर्तमान अवस्थामा परिवर्तन तथा सुधार गर्नु हो । विद्यालयको विकासका लागि हाल भइरहेको अवस्थामा परिवर्तन तथा सुधार गर्नुपर्दछ । यसका लागि विद्यालय सुधार योजनाका लागि आवश्यक पर्दछ । विद्यालय सुधार योजना भनेको विद्यालयको शैषिक, भौतिक, गुणस्तरीय व्यवस्थापनमा सुधार गर्ने उद्देश्य राखेर बनाइएको योजना हो ।

विद्यालय सुधार योजना बनाउँदा सरकारलालाई सहभागिता गराइन्छ । यो योजना निर्माण गर्दा विद्यालय आर्थिक अवस्थाको आँकलन, शैक्षिक गुणस्तरको विश्लेषण, समाज तथा विद्यालयको आवश्यकता रहेको पहिचान गरिन्छ । प्राप्त सूचनाको आधारमा प्राथमिकता निर्धारण गरी त्यसको विश्लेषण र प्रयोगजस्ता क्रियाकलापहरू सञ्चालन गरी यो योजना निर्माण गरिन्छ । त्यसेले विद्यालय सुधार योजनामा सूचनाको प्राप्ति र विश्लेषण, आवश्यकता पहिचान र प्राथमिकीकरण, स्थानीय तहको सक्षमता अभिवृद्धि, स्थानीय सरोकारवाला जस्ता कुराहरूले निकै ठूलो महत्त्व राख्ने गर्दछन् । साथै सरोकारवालाको सहभागितामा निर्माण गरिने भएकाले यसप्रतिको स्थानीय जनताको हेर्ने दृष्टिकोण सकारात्मक हुन्छ ।

विद्यालय सुधार योजनाअन्तर्गत शिक्षामा सबैले पहुँच, भाषिक समानता, शिक्षा, गुणस्तर कायम गर्ने, गुणस्तरीयशिक्षाका लागि योग शिक्षाको व्यवस्थापन आदि कुराहरू महत्त्वपूण हुन्छन् ।

विद्याथलय सुधार योजनाको प्रमुख उद्देश्य विद्यालयमा परिवर्तनलाई त्यसमा सुधार गर्नु हो । विद्यालय र समुदायको बीचमा अन्तरनिर्भरयुक्त सम्बन्ध रहने भएकाले विद्यालयमा परिवर्तन ल्याउन समुदायको सहयोग अपरिहार्य हुन्छ । विद्यालयका लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न समुदायका मानिसहरूको पनि दत्तचित्त भएर लाग्नुपर्दछ । विद्यालयका कार्यक्रमहरूलाई समुदायका गतिविधिहरूसँग समायोजित गर्न सक्नुपर्छ । सो भएमा मात्र परिवर्तनका कार्यहरू गर्न सजिलो हुन सक्छ । विद्यालयका लक्ष्यहरूलाई मनन् गर्नसमेत समुदायका मानिसहरूको संलग्नता आवश्यक हुन्छ । विद्यालय विकास तथा सुधारका लागि समुदायका सबै वर्गका मानिसहरूको सहभागितलाई पूर्व सर्तका रूपमा लिने गरिन्छ

## गाउँ शिक्षा योजना

गाउँपालिका क्षेत्रमा शैक्षिक सुधारका निम्ति उपलब्ध स्थानीय स्रोत र प्राप्त हुने अनय स्रोतको सदुपयोग गरी स्थानीय सरोकारवालाहरूको सहभागितामा तयार गरिने शैक्षिक योजनालाई गाउँ शिक्षा योजनाका रूपमा लिइन्छ । गाउँ शिक्षा योजनाले गाउँपालिका क्षेत्रभित्रका सबै प्राथमिक विद्यालय सुरका समूहको बालबालिकाहरूलाई विद्यालयमा पहुँचको सुनिश्चितता गर्ने उद्देश्य राख्छ । यसको अर्थ यो उमेर समूहका सबै बालबालिकाले सहज रूपमा विद्यालय जाने वातावरण तयार गर्नु हो । यसका अतिरिक्त यस्ता बालबालिकाले प्राप्त गर्ने शिक्षा गुणस्तरयुक्त बनाउन विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा पूरा गर्ने अवस्था सिर्जना गर्नेतर्फ पनि गाउँ शिक्षा योजना केन्द्रित रहन्छ ।

हाल मुलुकमा विद्यमान विभिन्न ऐन नियमहरूले गाउँपालिकास्तरमा शिक्षा योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने सम्बन्धमा मार्गदर्शनसमेत गरेका छन् । गाउँ शिक्षा योनजाले गाउँपालिका क्षेत्रभित्रको शिक्षालाई सर्वसुलभ बनाउने प्रयत्न गर्छ । स्थानीय तहको क्षमता विकासमा जोड दिन्छ । गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा सहयोग गर्छ । यो योजना निर्माण प्रक्रिया स्थानीय सरोकारवालाको सहभागितामा हुने भएकाले शैषिक कार्यक्रमलाई स्थानीय आवश्यकतासँग सान्दर्भिक बनाउनमा यो योजना सार्थक बन्दछ । गाउँको शैक्षिक उन्नतिका लागि गाउँ शिषा योजना मेरुदण्डका रूपमा रहन्छ ।

### १२.६.३ नगर शिक्षा योजना

नगरको शिक्षामा सुधार र विकासका लागि नगर शिक्षा योजनाहरू बनाइन्छन् । शिक्षाको राष्ट्रिय लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि नगरस्तरमा तर्जुमा गरिने शिक्षाको सहायक योजनालाई नगर शिक्षा योजना भनिन्छ । नगर शिक्षा योजना ९:भ्ए० सम्बन्धित निकाय र सरोकारवालाको संलग्नतामा स्थानीयस्तरमा तयार पारिउको हुन्छ । यस योजनामा निश्चित उद्देश्यहरू तथा लक्ष्यहरू प्राप्त गर्नको लागि सर्वप्रथम शिक्षाको राष्ट्रिय उद्देश्य र नगरस्तरमा शिक्षाको वर्तमान स्थितिको लेखाजोखा गरिउका हुन्छन् । यसकै आधारमा योजनाले विभिन्न उद्देश्य तथा लक्ष्य निर्धारण गर्न । उद्देश्यअनुसार लक्ष्य पूरा गर्न यसका विभिन्न कार्यक्रम तथा कार्यान्वयन पद्धतिको विश्लेषण गरिउको हुन्छ । नगर शिक्षा योजनाले नगरको शैक्षिक वातावरणको परिमाणातमक र गणात्मक विकास गर्ने मुख्य लक्ष्य राखेको हुन्छ ।

नगर शिक्षा योजनाले नगर क्षेत्रको शैक्षिक विकासलाई मुख्य केन्द्रविन्दु बनाउने गर्दछ । शिक्षामा समतामूलक पहुँच, दक्षतामा अभिवृद्धि तथा शिक्षाको गुणस्तरको सुधारलाई यसले विशेष जोड दिन्छ । यो योजना निर्माण गर्दाका प्रक्रिया सहभागितामूलक हुन्छ जसले गर्दा स्थानीय वास्तविक आवश्यकता परिपूर्ति गर्नेतर्फ यस योजनाले मद्दत पुऱ्याउँछ । नगर शिक्षा योजनाबाट उपलब्ध स्रोत र साधनहरूको न्यायोचित समानुपातिक तथा अधिकतम उपयोग गर्ने लक्ष्य लिएको हुन्छ । यसले शिक्षाको राष्ट्रिय लक्ष्य प्राप्तिमा समेत सहयोगी भूमिका खेल्दछ । यो योजना मूलतः शिक्षामा क्षेत्रगत तथा सामाजिक असमानता कम गर्ने र शिक्षाको गुणस्तरमा सुधार ल्याउने पक्षसँग सम्बन्धित रहन्छ ।

## अभ्यास

**क) तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस्**

१) कक्षाकोठामा गरिने समावेशीकरण मध्ये कुनै एकको नाम लेख्नुहोस् ।

२) द्वन्द्वको स्वरूपबारे जानकारी कुन शिक्षाले प्रदान गर्दछ ?

३) कुन राजनीतिक पद्दतीमा व्यक्तिको आधारभूत मानव अधिकारको संरक्षण भएको हुन्छ ?

४) गाउँ शिक्षा योजना कहाँ लागु हुने योजना हो ?

५) नगर शिक्षा योजनाले कहाँको शिक्षा विकासका लागि कार्यहरू गर्दछ ?

**ख) तलका पशनहरूका छोटो उत्तर दनिुहोस् ।**

१) कक्षाकोठा व्यवस्थापनमा कसरी समावेशीकरण गराउन सकिन्छ ? प्रकास पार्नुहोस् । तालिम भनेको के हो ? चर्चा गर्नुहोस् ।

२) शान्ति शिक्षाको आवश्यकताबारे चर्चा गर्नुहोस् ।

३) सामाजिक न्यायको क्षेत्रमा शिक्षाको योगदानबारे व्याख्या गर्नुहोस् ।

४) गाउँ शिक्षा योजना किन आवश्यक छ लेख्नुहोस् ।

५)   शिक्षा क्षेत्रमा प्रदेशका पाँच जिम्मेवारी उल्लेख गर्नुहोस् ।

**ग)   तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।**

१)   समावेशी शिक्षाको परिचय दिई शिक्षणसिकाइ प्रक्रियामा समावेशीकराका तरिकाहरू उल्लेख र्गुहोस् ।

२)   शिक्षा र लोकतन्त्रका बारेमा ब्याख्या गर्नुहोस् ।

३)   शिक्षा क्षेत्रमा स्थानीय तहका जिम्म्वेवारीहरू उल्लेख गर्नुहोस् ।

**क्रियाकलाप**

१)   शिक्षाको अवसरबाढ वञ्चित वर्गलाई शिक्षाको मूलधारमा ल्याउने आवश्यक र उचित योजना बनाई कक्षामा छलफल गर्नुहोस् ।

२)   तपाईंको विद्यालयमा समावेशीकरण गर्ने प्रक्रियामा गर्ने गरेका विविध कार्यको सूचि तयार गर्नुहोस् ।

# एकाइ : १३ विद्यालय प्रशासन र समुदाय सम्बन्ध

## १३.१ विद्यालय ब्यवस्थापनमा विभिन्न निकायको भूमिका

शिक्षामा पहुँच वर्तमान युगमा मानव जातिको नैसर्गिक अधिकार हो । वर्तमान युग लोकतन्त्रको युग हो । लोकतन्त्रमा शिक्षालाई नैसर्गिक अधिकारका रूपमा लिइन्छ । मानव अधिकार बालबालिका र बाल अधिकार, शिक्षाको अधिकार एवम् सबैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय घोषणा एवम् प्रतिबद्धताहरूलाई संसारका धेरै देशहरूले स्वीकार गरेका छन् । नेपालले पनि त्यसलाई आत्मसात् गरेको छ । शिक्षाप्रतिको बढ्दो जनआकाङ्क्षा र चाहनालाई ध्यानमा राख्दा यस्ता कार्यहरू केन्द्रीय तहबाट मात्र पूरा हुन सक्दैनन् । सबैलाई समान रूपमा शैक्षिक अवसरको सिर्जना र परिपूर्ति गर्ने कार्य राज्यस्तरबाट मात्र सम्भव हुँदैन । शिक्षाका अवसरलाई घरघरमा पुऱ्याउन शिक्षाको जिम्मेवारी स्थानीय स्तरसम्म पुऱ्याउन आवश्यक हुन्छ । यो भनेको शिक्षासम्बन्धी अधिकार र जिम्मेवारी स्थानीय निकाय र समुदायमा पुऱ्याउने कार्य हो । केन्द्रीयस्तरबाट स्थानीय शैक्षिक आवश्यकता परिपूर्ति गर्न कठिन हुने भएकाले स्थानीय निकाय र समुदायलाई शैक्षिक विकासका कार्यक्रममा बढीभन्दा बढी सहभागी बनाई जिम्मेवार बनाउन स्थानीय तहलाई शिक्षासम्बन्धी अधिकार र जिम्मेवारी दिइएको छ ।

### गाउँ र नगर शिक्षा समिति

विद्यालयहरू भनेका सार्वजनिक संस्था हुन् । विद्यालय स्थापना गरेर मात्र स्थानीय जनसमुदायको भूमिका पूरा हुँदैन । तिनलाई नियमित रूपले( सञ्चालन र रेखदेख गर्न आवश्यक हुन्छ । विद्यालय र समुदायबीच क्रियात्मक सम्बन्ध हुनुपर्दछ । यसो भए मात्र विद्यालयहरू सबल र सक्षम हुन्छन् । विद्यालयमा पर्याप्त भौतिक सुविधा, उपयुक्त खेल मैदान, पुस्तकालयजस्ता सुविधाका साथै उपयुक्त शैक्षिक वातावरण सिर्जना भए मात्र शिक्षण सिकाइ राम्रो हुन सक्छ । यस्ता कार्य गर्नका लागि स्थानीय समुदाय, अभिभावक एवम् स्थानीय निकायको महत्त्वपूर्ण भूमिका हुन्छ । साथै यही कुरालाई मध्यनजर गरेर शिक्षा ऐनमा गाउँ/नगर शिक्षा समितिको व्यवस्था गरेको छ । गाउँपालिका वा नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख र व्यवस्थापन गर्न तथा विभिन्न विद्यालयबीच समन्वय गर्ने कार्यसमेतका लागि प्रत्येक गाउँपालिका वा नगरपालिका, उपमहानगरपालिका तथा हानगरपालिकामा देहायका सदस्यहरू रहेको गाउँ शिक्षा वा नगर शिक्षा समिति रहने व्यवस्था गरिएको छ :

(क) गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) गाउँपालिका वा नगरपालिकाले तोकेको गाउँपालिका वा नगरपालिकाको सदस्यहरूमध्येबाट कम्तीमा एकजना महिलासहित दुई जना - सदस्य

(ग) सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट जिल्ला शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(घ) स्थानीय समाजसेवी र शिक्षाप्रेमीमध्येबाट गाउँ शिक्षा वा नगर शिक्षा समितिबाट मनोनित एकजना दलित र दुई जना महिलासहित तीनजना - सदस्य

(ङ) सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मनोनीत गरेका कम्तीमा एकजना महिलासहित दुई जना - सदस्य

(च) सम्बन्धित गाउँपालिका वा नगरपालिकास्थित विशेष शिक्षा, समाजसेवी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गतासमबन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समिति, नगर शिक्षा समितिले मनोनीत गरेको अपाङ्गता भएको व्यक्ति एकजना - सदस्य

(छ) गाउँ शिक्षा समितिको हकमा सम्बन्धित स्रोत र नगर शिक्षा समितिका हकमा सम्बन्धित विद्यालय निरीक्षक - सदस्यसचिव

उपर्युक्त बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको रहेको छ ।

**गाउँ तथा नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार यस प्रकार छन् :**

(क) बालबालिकालाई कम्तीमा प्राथमिक शिक्षासम्मको अध्ययन गराउन प्रोत्साहन गर्ने ।

(ख) विद्यालय भर्ना भएका वा नभएका बालबालिकालगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्गसमेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने ।

(ग) विद्यालयको शैक्षिक योजनासम्बन्धी अभिलेख अद्यावधिक गराइ राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाब पठाउने ।

(घ) व्यवस्थापन समितिलाई स्थानइि स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने ।

(ङ) गबिरीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबाकलिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने ।

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षकलगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने ।

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने ।

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी रकम निकासाका लागि सञ्चालक समितिमा अनुरोध गर्ने ।

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्ने ।

(ञ) गाउँ तथा नगर शिक्षा योनजा बनाई गाउँ वा नगर परिषद्बाट स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(ट) सम्बन्धित गाउँ वा नगर क्षेत्र भित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने ।

(ठ) शिक्षकको कार्यादक्षताका आधारमा पुरस्कारको व्यवस्था गर्ने ।

(ड) विद्यालयका लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने ।

(ढ) विद्यालयको आवश्यकता सम्बन्धमा विद्यालयको नक्साङ्कनसमेतलाई विचार गरी विद्यालय स्थापना गर्न सिफारिस गर्ने ।

(ण) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउनेर सोका लागि पुरस्कारको व्यवस्था गर्ने ।

**शिक्षक– अभिभावक संघ**

विद्यालय एउटा साझा सामाजिक संस्था हो । शिक्षक र अभिभावन यसका महत्त्वपूर्ण पक्षहरू विद्यालय स्वयम् आफैं व्यवस्थित हुदैन । यसलाई व्यवस्थित बनाउने काममा यससँग सम्बन्धित सबैको उत्तिकै महत्त्वपूर्ण योगदान रहेको हुन्छ । वास्तवमा विद्यालयको उचित शैक्षिक, भौतिक वातावरण सिर्जना गर्न, भौतिक सुविधा जुटाउन, शिक्षण सिकाई क्रियाकलापमा सुधार गरी सुदृढ बनाउन एवम् विद्यार्थी मूल्याङ्कन सम्बन्धि कार्यमा शिक्षक र अभिभावक विच महत्त्वपूर्ण सम्बन्ध रहेको हुन्छ ।

बालबालिकाको अभिरुचि आवश्यकता र क्षमता पहिचान गरेर त्यस अनुरूपको प्रत्यक्ष शिक्षा दिने काम शिक्षकको हुन्छ भने त्यसका लागि प्रत्यक्ष र अप्रत्यक्ष वातावरण बनाइदिने काम अभिभावकको हुन्छ । त्यस्तै विद्यालयको उत्तम शैक्षिक वातावरण सिर्जना गर्ने काम शिक्षक र अभिभावक मिलेर गर्ने आवश्यक हुन्छ । प्रभावकारी शिक्षण सिकाइका लागि पनि अभिभावक र शिक्षक विच महत्त्वपूर्ण सम्बन्ध रहेको हुन्छ । विद्यार्थीले राम्रो सिके नसिकेका बारेमा अभिभावक र शिक्षक बिच निरन्तर अन्तरक्रिया आश्वयक पर्दछ । त्यस्तै विद्यार्थीको उपलब्धीका बारेमा शिक्षक अभिभावक बिच निरन्तर अन्तरक्रिया आवश्यक हुन्छ । विद्यार्थीले प्राप्त गरेको नतिजा विश्लेषण गरी त्यसका कमीकमजोरी सुधार गर्ने बारेमा शिक्षक र अभिभावक बिच छलफल आवश्यक हुन्छ ।

यसरी विद्यालयको समग्र विकास तथा शिक्षण सिकाइ कार्यको प्रभावकारीताका लागि शिक्षक र अभिभावक बिच गहिरो सम्बन्ध आवश्यक हुन्छ । यसै कुरालाई दृष्टिगत गरी शिक्षा नियमावलीमा शिक्षक–अभिभावक संघको व्यवस्था गरिएको छ ।

सामुदायिक विद्यालयको विद्यालय ब्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तिमा एकजना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति रहने व्यवस्था गरिएको छ । यस संघको पदावधि दुई वर्षको हुन्छ । शिक्षक–अभिभावक संघमा विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहने व्यवस्था छ । कार्यकारी समितिको बैठक तीन महिनामा कम्तिमा एकपटक बस्नेछ ।

संस्थागत विद्यालयको विद्यालय ब्यवस्थापन समितिले अभिभावकहरूको भेला गराइ शिक्षक–अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाइ गठन गर्नु पर्दछ ।

शिक्षा नियमावली अनुसार शिक्षक, अभिभावक संघका कार्यहरू यस प्रकार छन् :

१. विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नका लागि आवश्यक काम गर्ने,

२. विद्यालयले सरकारले तोकेबमोजिम शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सम्बन्धमा सुझाव दिने,

३. विद्यालयले शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सम्बन्धमा अन्तरक्रिया गर्ने ।

यसरी विद्यालय र अभिभावकबीच निरन्तर सम्पर्क कायम गर्न र सम्बन्धलाई सुमधुर बनाउनका लागि यस संघको व्यवस्था गरिएको हो । साथै समग्रमा विद्यालयको कार्य प्रभावकारिता र दक्षता बढाउदै समुदाय र विद्यालयको सम्बन्धको सेतुका रूपमा यस संघले कार्य गर्दछ ।

## गैरसरकारी सङ्घ संस्थाहरू

समाजमा क्रियाशील संस्थाहरू दुई किसिमका हुन्छन् : सरकारी र गैरसरकारी । सरकारका अङ्ग वा सरकारी कार्यालय वा निकायबाहेकका आफ्नै साधन र स्रोत परिचालन गरी देश विकासका विभिन्न कार्यमा सरिक हुने गैरसरकारी संस्था हुन् । यस्ता गैरसरकारी संस्था नियमानुसार सरकारी निकायमा दर्ता भएर कार्य गरिरहेका हुन्छन् । यिनीहरू पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय दुई किसिमका हुन्छन् । राष्ट्रिय रूपमा कार्य गर्ने संस्था राष्ट्रिय गैरसरकारी संस्था हुन् भने अन्तर्राष्ट्रिय रूपमा कार्य गर्न दर्ता भएका संस्था अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हुन् ।

सरकारले शिक्षाको विकासका लागि अनेक कार्यहरू गर्दछन् तर शिक्षाको सन्तुलित विकासका लागि सरकारी प्रयासहरू मात्र पर्याप्त हुँदैनन् । सरकरको सीमित स्रोत र साधनहरू देशका प्रत्येक कुनाम पुऱ्याउन सरकारी प्रयासले मात्र सम्भव हुँदैन । यसका लागि सरकारी निकाय बाहेकका विभिन्न क्षेत्रका गैरसरकारी संस्थाहरूको भूमिका निकै महत्त्वपूर्ण रहने गर्दछन् । वास्तवमा देशको चौतर्फी विकासमा सरकारी प्रयासहरूका साथै नागरिक समाज र स्थानीय समुदायका साथै गैरसरकारी सङ्घ संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

गैरसरकारी संस्थाहरूले नेपालको शैषिक क्षेत्रमा विभिन्न काम गरिरहेका छन् । यिनीहरूले सबैका लागि शिक्षाको पहुँच पुऱ्याउन, शिक्षामा समानता ल्याउन र शिक्षाको गुणस्तर विकासका लागि सरकारी प्रयासहरूमा सहयोग पुऱ्याउने काम गरिरहेका छन् । शिक्षा विकासका लागि गैरसरकारी संस्थाहरूले निम्नानुसारका भूमिका निर्वाह गर्दै आएको पाइन्छ :

- सबैका लागि शिक्षाका अवसर पुऱ्याउन विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- पाठ्यसामग्री तथा विभिन्न शैक्षिक सामग्री विकास र प्रयोग गर्ने गराउने ।
- विभिन्न स्थानमा विद्यालयका भौतिक विकासमा सघाउने ।
- शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- छात्रवृत्तिलगायतका शैक्षिक सुविधा उपलब्ध गराउने ।
- विभिन्न प्रकारका अभिमुखीकरण तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्ने ।

- पाठ्यक्रम र पाठ्यपुस्तक विकास र परिमार्जनका लागि पृष्ठपोषण सङ्कलन गरी सुझाव दिने ।
- विद्यार्थी मूल्याङ्कनका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।
- अभिभावक तथा व्यवस्थापन समिति र अन्य तहका पदाधिकारीलाई विभिन्न तालिम प्रदान गरी क्षमता विकास गर्ने ।

यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाहरूले( स्थानीय स्तरमा शिक्षा विकासका विभिन्न प्रकारका कार्यहरूमा सहयोग पुऱ्याउँदै आएको पाइन्छ ।

**समुदायमा आधारित सङ्घ संस्थाहरू**

स्थानीय स्तरमा समुदायलाई सहयोग पुग्ने गरी समुदायमै आधारित सङ्घसंस्थाहरू काम गरिरहेका हुन्छन् । समुदायमा सङ्गठित रूपमा रहेका विभिन्न खालको समिति, समूह आदिलाई समुदायमा आधारित सङ्घ संस्था भनिन्छ । जस्तै : वन उपभोक्ता समिति आमा समूह, महिला समूह, पशु विकास समिति, कृषि समिति, लघु वचत समिति आदिलगायतका स्थानीय स्तरमा सङ्गठित रूपमा सञ्चालित सङ्घ संस्थाहरू समुदायमा आधारित सङ्घसंस्था हुन् । यस्ता सङ्घसंस्थाहरूले शैक्षिक क्षेत्रमा पनि विभिन्न काम गरिरहेका हुन्छन् ।

स्थानीय स्तरमा शिक्षाको विकासका लागि समुदायमा आधारित सङ्घ संस्थाहरूले पनि विभिन्न तरिकाबाट सहयोग पुऱ्याउन सक्छन् । आवश्यकताअनुसार समुदायलाई परिचालन गर्न यस्ता सङ्घ संस्थाको महत्त्वपूर्ण योगदान रहन सक्छ । यस्ता संस्थाले एकातिर जागृतिमूलक कार्य गर्न सक्छन् भने अर्कोतर्फ विद्यालयका लागि आवश्यक पर्ने साधन स्रोत जुटाउन, समन्वय गर्न महत्त्वपूर्ण सहयोग गर्ने सक्दछन् । स्थानीय तहमा रहने समुदायमा आधारित सङ्घ संस्थाले शिक्षाको विकासमा निम्नानुसारका भूमिका निर्वाह गर्न सक्छन् :

- शिक्षा विकासका लागि आवश्यक योजना निर्माण र कार्यान्वयनमा सघाउने
- विद्यालय नगएका बालबालिकालाई विद्यालय जान उत्प्रेरित गर्ने
- आफ्ना बालबालिका विद्यालय नपपठाउने अभिभावकलाई सम्झाएर विद्यालय पठाउन उत्प्रेरित गर्ने
- गरिब असहाय वर्गका बालबालिकालाई विभिन्न प्रकारको सहयोग पुऱ्याउने
- विद्यालयको भौतिक विकासका लागि आवश्यक साधन स्रोत जुटाउन सहयोग पुऱ्याउने
- विद्यालयको चौतर्फी विकासका लागि समन्वय गर्ने
- उपयुक्त शैक्षिक वातावरण सिर्जनमा सहयोग पुऱ्याउने
- विद्यालयको हिसाब किताब पारदर्शी रूपमा राख्न लगाउने र आवश्यकताअनुसार सार्वजनिक गर्न लगाउने

- समुदाय विद्यालयबीचको सम्बन्ध बलियो बनाउन सघाउने

यसरी उल्लेख गरिएका जस्ता महत्त्वपूर्ण कार्यमा सहयोग पुऱ्याएर समुदायमा आधारित सङ्घ संस्थाले विद्यालय तथा स्थानीय शिक्षाको विकासमा योगदान दिन सक्दछन् ।

समुदाय र विद्यालयबीचको सम्बन्धलाई सुमधुर बनाउन अपनाइने उपायहरूलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ :

१. शिक्षक – अभिभावक संघलाई सकृय बनाउने,

२. विद्यालयका नीति तथा कार्यक्रम निर्माण र सञ्चालनमा अभिभावकलाई सम्लग्न गराउने,

३. विद्यालय क्षेत्रको समुदायको आवश्यकतालाई पहिचान गरी आवश्यक सहयोग गर्ने,

४. शिक्षकहरूले स्थानीय अभिभावक तथा समुदायका समाजसेवी प्रवुद्ध वर्गसँग भेटघाट र अन्तरक्रिया गर्ने,

५. स्थानीय चाडपर्व, साँस्कृतिक भेला, सुख दुःखका कार्यहरूमा आत्मियतासाथ सहभागी विद्यालय परिवार सहभागी हुने,

६. विद्यालय दिवस, अभिभावक दिवस आदि तथा अन्य जयन्ती र दिवसका कार्यक्रममा समुदायका ब्याक्तिहरूलाई जतिसक्दो बढी आमन्त्रण गर्ने,

७. विद्यालयको आयब्यय, बार्षिक कार्यक्रम, प्रगति प्रतिवेदन आदि समुदायलाई जानकारी दिई पारदर्शी नीति लिने,

८. समुदायमा रहेका विभिन्न संघ संगठन तथा सरकारी गैरसरकारी संस्थाहरूसँग सुमधुर सम्बन्ध कायम गर्ने ।

## अभ्यास

**क) तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस्**

१) गाउँ शिक्षा समितिको अध्यक्ष को हुन्छ ?

२) नगर शिक्षा योजना कार्यन्वयन गर्न कहाँबाट स्वीकृत गराउनुपर्छ ?

३) जिल्लाभित्रका विद्यालयको रेखदेख र ब्यवस्थापन गर्न बनेको शिक्षा इकाईको नाम के हो ?

४) सामुदायिक विद्यालयको शिक्षक–अभिभावक संघको कार्यकारी समिति कम्तिमा कति सदस्यीय हुनुपर्छ ?

५) सरकारका अंग वा सरकारी कार्यलय वा निकाय बाहेक सरकारी निकायमा दर्ता भई काम गर्ने संघ संस्थालाई के भनिन्छ ?

**ख) तलका पश्नहरूका छोटो उत्तर दनिुहोस् ।**

१) गाउँ शिक्षा समितिका प्रमुख सातओटा कार्यहरू लेख्नुहोस् ।

२) शिक्षा विकासका लागि गैरसरकारी संस्थाहरूले गर्न सक्ने पाँचओटा कार्यहरू लेख्नुहोस् ।

३) समुदायमा आधारित संघ संस्था भनेका के हुन् व्याख्या गर्नुहोस् ।

४) समुदाय र विद्यालयबीचको सम्बन्धलाई सुमधुर बनाउन अवलम्वन गरिने उपायका पाचँओटा बुँदा उल्लेख गर्नुहोस् ।

५) गाउँ शिक्षा समिति भनेको कस्तो समिति हो, यसको गठनमा ककसको प्रतिनिधित्व भएको हुन्छ ?

**ग) तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।**

१) नगर शिक्षा समितिका कार्यहरू बारे चर्चा गर्नुहोस् ।

२) शिक्षाको विकासका लागि गैरसरकारी संघसंस्थाले के के कार्य गर्न सक्छन् व्याख्या गर्नुहोस् ।

**क्रियाकलाप**

१) तपाइँको समुदायमा क्रियाशील गैरसरकारी संघ संस्थाले शिक्षा सम्बन्धि के के कार्य गरिरहेका छन् अध्ययन गरेर एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

२) तपाइँको समुदायको शिक्षा विकासका लागि गाउँ शिक्षा समिति वा नगर शिक्षा समितिले के कस्ता योजना बनाएको रहेछ, सम्बन्धित संस्थामा गई सोधपुछ गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

# एकाइ : १४ शिक्षा परियोजनाहरू

## १४.१ आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र द्वितीय

शिक्षाको विकास निरन्तर चलिरहने प्रक्रिया हो । समय समयमा राष्ट्रिय, अन्तराष्ट्रिय, सरकारी, गैरसरकारी संस्थाहरूले शिक्षाको विकासका लागि विभिन्न कार्यक्रम एवम् परियोजनाहरू सञ्चालन गर्दछन् । नेपालमा पनि त्यस्ता धेरै परियोजनाहरू सञ्चालन भएका छन् । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पनि यस्तै परियोजना हो ।

**आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम :**

बालबालिका परिवारबाट विद्यालय प्रवेश गरेपछि उसको प्राथमिक शिक्षा सुरु हुन्छ । प्राथमिक शिक्षा शिक्षाको शिक्षाको जग वा आधार हो । यस तहको शिक्षा पूरा गरेर मात्र माथिल्लो तहको शिक्षा लिन सकिन्छ । प्राथमिक शिक्षाको आधार चाहि पूर्व - प्राथमिक शिक्षा हो । तर समग्र शिक्षा पद्वतिमा प्राथमिक तहको शिक्षालाई आधारभूत शिक्षा मानिएको छ । यसको अर्थ प्राथमिक शिक्षा सबैलाई नभई नहुने शिक्षा हो । यस तहको शिक्षाले व्यक्तिलाई मौखिक तथा लिखित रूपमा विचारको आदान - प्रदान गर्न सक्ने बनाउँछ । यसले जीवन उपयोगी गणितीय सीपको विकास गर्छ । प्राथमिक शिक्षाले जीवनका लागि आधारभूत ज्ञान, सीप, अनुभव तथा बानीको विकास गरी व्यक्तिलाई समाजमा समायोजित गर्दछ । यसकारण आधारभूत शिक्षा सबैका लागि अनिवार्य हुन्छ ।

नेपालमा आधारभूत शिक्षाको रूपमा रहेको प्राथमिक शिक्षालार्ई गुणस्तरीय तथा सर्वसुलभ बनाउनका लागि आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको सञ्चालन भएको हो । वि.सं. २०३७ सालमा सेती अञ्चलका ५ पाँच जिल्लामा सेती शिक्षा परियोजना लागू भएको थियो । त्यउस्तै २०४२ सालमा प्राथमिक शिक्षा परियोजना लागू भएको थियो । यी दुवै परियोजनाका कार्यक्रमहरूलाई एकीकृत गरी वि.सं. २०४९ (सन् १९९२) साल देखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागु भयो । यो परियोजनाका मुख्य तीन उद्देश्यहरू थिए :

१. प्राथमिक शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु

२. प्राथमिक शिक्षामा समान अवसरको बृद्धि गर्नु

३. शैक्षिक व्यवस्थापनलाई सुदृढ गर्न ।

माथि उल्लिखित उद्देश्यहरू पूरा गर्न परियोजनाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो जस्तै :

क. पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको विकास

ख. शिक्षकहरूका लागि तालिम सञ्चालन

ग. स्रोतकेन्द्र विकास कार्यक्रम

घ. पाठ्यक्रम परिचयात्मक कार्यक्रम

ङ. माहिला शिक्षिका नियुक्ति कार्यक्रम

च. विशेष शिक्षा कार्यक्रम

छ. प्रारम्भिक शिशु शिक्षा कार्यक्रम

ज. अनौपचारिक शिक्षा कार्यक्रम

झ. विद्यालय भवन तथा जिल्ला शिक्षा भवन निर्माण तथा मर्मत कार्यक्रम

ञ. व्यवस्थापन सुदृढीकरण तथा परियोजनाका क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन

यी कार्यक्रमहरू सञ्चालन गर्न अन्तराष्ट्रिय विकास संस्थाहरूको ऋण सहयोग तथा युनिसेफ, यु.एन, डि.पि., जाइकाको अनुदान सहयोग प्राप्त भएको थियो । कार्यक्रमहरू सुचारु गर्न एक केन्द्रीय कार्यालय, ९ ओटा केन्द्रीय एकाइहरू र प्रत्येक जिल्लामा एक / एक जना संयोजक तथा स्रोतकेन्द्रका आधारमा स्रोत व्यक्तिहरूको व्यवस्था गरिएको पाइन्छ ।

**आधारभूत तथा प्राथमिक शिक्षा परियोजना द्वितीय :**

प्राथमिक तथा आधारभूत शिक्षा परियोजना प्रथमलाई निरन्तरता दिनका लागि द्वितीय परियोजना लागू गरियो । सन् १९९२ देखि सन् १९९९ सम्म मुलुकका ४० जिल्लाहरूका लागू गरिएको प्राथमिक तथा आधारभूत परियोजनाको पहिलो चरणका कार्यक्रमहरूलाई निरन्तरता दिदै कार्यक्रम थप तथा नयाँ लक्ष्यहरू पूरा गराउन दोस्रो परियोजना लागू भयो । यसको अवधि सन् १९९९ देखि सन् २००४ सम्म निर्धारित गरिएको थियो । यसलाई आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको दोस्रो चरण भनियो ।

**मुलुकका देशव्यापी रूपमा संचालित आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रो चरणका विद्यालय सुधार सम्बन्धी विभिन्न उद्देश्यहरू :**

१. छात्रा तथा पिछडिएका समुदायका बालबालिकाको सिकाइ उपलब्धीमा सहभागिता बृद्धि गर्ने ।

२. बालबालिकाको सिकाइ उपलब्धीमा सुधार ल्याउने ।

३. जिल्ला तथा विद्यालय स्तरको व्यवस्थापनमा सुधार गर्ने ।

४. कक्षा १ देखि ३ सम्मका छात्र-छात्राको कक्षा उत्तीर्ण दर हालको ७० बाट ९० प्रतिशत पुर्‍याउने ।

५. पाँच वर्ष भित्रमा प्राथमिक तह पूरा गर्ने विद्यालयको प्रतिशत ७५ पुर्‍याउने ।

६. प्राथमिक तह पूरा गर्ने दर हालको ३९ बाट ८० पुर्‍याउने र भर्ना अनुपात ९० प्रतिशत पुर्‍याउने ।

**दोस्रो चरका मुख्य कार्यहरू**

क. प्राथमिक पाठ्यक्रम र पाठ्यपुस्तकको सुधार र प्रयोग गर्ने ।

ख. सेवाकालीन शिक्षा तालिम सञ्चालन गर्ने ।

ग. सघन विद्यालय निरिक्षण कार्यक्रम लागू गर्ने ।

घ. अनौपचारिक शिक्षाको विस्तार गर्ने ।

ङ.    विद्यालय निर्माण तथा पुनः स्थापना गर्ने ।

यो परियोजना दोस्रो चरणमा शिक्षा विभागको स्थापना र सुदृढीकरण गर्ने, राष्ट्रिय अनौपचारिक शिक्षा केन्द्र स्थापना गर्ने, शैक्षिक व्यवस्थापन, सूचना प्रणाली स्थापना गर्ने, गाउँ शिक्षा समितिको प्रारम्भ गर्ने, गाउँ शिक्षा योजना निर्माण गर्ने र जिल्ला शिक्षा योजना निर्माण गर्ने नीति समेत रहेको थियो । यसमा वि.स. २०६१ श्रावण १ गते देखि सबैका लागि शिक्षा प्रदान गर्ने कुरा पनि थपिएको हो ।

## १४.२ विद्यालय क्षेत्र सुधार परियोजना

शिक्षा मानिसको मौलिक हक हो । शिक्षामा सबैको पहुँच समान हुनुपर्दछ । यिनै कुरालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रको सर्वाङ्गिण सुधारका लागि विद्यालय क्षेत्र सुधार परियोजना लागू गरिएको हो । आर्थिक वर्ष २०६६।०६७ देखि २०७२।०७३ सम्मका लागि लागु गरिएको यस परियोजनाले विगतमा विभिन्न योजना अन्तर्गत संचालित कार्यक्रमहरूलाई निरन्तरता दिने र त्यसमा सुधार गर्ने लक्ष्य राखेको छद्ध । यसले सबैका लागि शिक्षा कार्यक्रम, माध्यमिक सेवा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम तथा शिक्षक शिक्षण आयोजनाहरू जस्ता पुराना कार्यक्रमहरूलाई निरन्तरता दिने छ । यसउका साथै यस परियोजनाले विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर तथा कार्यसम्पादन सुधारलाई प्राथमिकता दिएको छ ।

विद्यालय क्षेत्र सुधार परियोजना शिक्षाको गुणस्तर सुधार, सक्षमता अभिबृद्धि र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन केन्द्रित परियोजना हो ।

विद्यालय क्षेत्र सुधार परियोजनालाई सफलतापूर्वक सञ्चालन गर्न निम्नअनुसार विभिन्न क्षेत्र निर्धारण गरिएको छ ।

१.    प्रारम्भिक बालशिक्षा तथा विकास

२.    आधारभूत तथा माध्यमिक शिक्षा

३.    साक्षरता तथा जीवनपर्यन्त सिकाइ

४.    प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

५.    शिक्षकको पेसागत विकास

६.    क्षमता विकास

७.    अनुगमन तथा मूल्याङ्कन

८.    वित्तीय व्यवस्थापन

९.    सहायता व्यवस्थापन

**विद्यालय क्षेत्र सुधार परियोजनाका लक्ष्य तथा उद्देश्यहरू :**

१.    आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकास गर्नु

२.    कक्षा १ देखि कक्षा ८ आधारभूत र कक्षा ९ देखि कक्षा १२ सम्मलाई माध्यमिक विद्यालयका रूपमा पुनसंरचित गर्ने

३. शिक्षा मौलिक अधिकार भएकाले विद्यालयमा बालमैत्री वातावरण मार्फत गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको सुनिश्चतता गर्ने

४. प्रतिस्पर्धी तथा सिपयुक्त जनशक्तिको उत्पादन गरी राष्ट्रिय विकासको आवश्यकता पूरा गर्ने तथा उच्च शिक्षाका लागि भरपर्दो आधारशिला तयार गर्ने

५. महिला तथा पिछडिएका जनसंख्यालाई विशेष रूपमा लक्षित गरी युवा तथा पौढहरूमा जीवनउपयोगी एवम् कार्यमूलक साक्षरता तथा सक्षमताको विकास गर्ने

६. विद्यालयबाट रोजगारीका क्षेत्रमा स्थानान्तरण गर्ने गरी माध्यमिक तहका विद्यार्थीहरूमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका साधारण सीप प्रदान गर्ने

७. विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूको योग्यता तथा पेशागत दक्षता अभिबृद्धि गर्ने, त्यसका लागि शिक्षक तालिम सञ्चालन गर्ने

८. विद्यालय क्षेत्र सुधार परियोजनामा उल्लेख भएका सुधार कार्यहरूको कार्यान्वयन गर्न क्षमता अभिबृद्धि गर्ने

९. कार्यक्रमको साधन, प्रक्रिया र परिणामको अनुगमन गर्ने र योजनाको प्रभावकारिताको मूल्याङ्कन गर्ने

१०. शिक्षाका राष्ट्रिय लक्ष्य हासिल गर्न बाह्य स्रोत तथा अनुभवहरूको प्रभावकारी परिचालन गर्ने ।

**विद्यालय क्षेत्र सुधार परियोजनाका उपलब्धि**

१. विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउन जोड दिँदै शिक्षा क्षेत्रको सक्षमता तथा सेवा प्रवाहको प्रभावकारिता बृद्धि गरी सबै बालबालिकालाई सिकाइको अवसरको प्रत्याभूति गरेको छ ।

२. शिक्षाको गुणस्तर सुधार, सक्षमता अभिबृद्धि र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन केन्द्रित विद्यालय क्षेत्र सुधार योजना यस क्षेत्रका नयाँ चुनौती, माग तथा अपेक्षालाई सम्बोधन गर्ने प्रमुख माध्यम बन्न गएको छ ।

३. शिक्षाको मौलिक हक, लैङ्गिक समानता समावेशिता, समानता जस्ता प्रमुख नीतिगत लक्ष्य तथा मूल्यलाई यस परियोजनाको रणनीतिक कार्यक्रमका रूपमा राखिएको छ ।

## १४.३ विद्यालय क्षेत्र विकास कार्यक्रम

विद्यालय क्षेत्र सुधार योजननाको कार्यअवधि सन् २०१६ मा समाप्त भएपछि त्यसकै निरन्तरताका रूपमा विद्यालय क्षेत्र विकास कार्यक्रम लागू गरियो । नेपाल सरकारद्वारा लागू गरिएको यो कार्यक्रम वि.सं. २०७३ देखि वि.सं. २०८० साल सञ्चालनमा रहने छ । सात वर्ष सम्म संचालित रहने यो कार्यक्रम वि.सं. २०७९ सम्ममा नेपाललाई अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गरी वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुग्ने दूरदृष्टि योजना पूरा गर्न प्रारम्भ गरिएको हो ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले शिक्षामा सबैका लागि समतामूलक पहुँच, सहभागिता, सिकाइ उपलब्धि तथा गुणस्तरीय शिक्षालाई जोड दिएको छ । यो कार्यक्रमले विपत्

पश्चातको आवश्यकताको मूल्याङ्कन, विपत् पश्चातको पुनर्लाभको ढाँचा र विपत् व्यवस्थापन कार्यढाँचालाई ध्यानमा राखेर पुनर्निर्माणको कार्यमा सहयोग पुऱ्याउँछ । समग्रमा भन्दा यो योजनाले शैक्षिक सुधार र विकासका आवश्यकताको परिपूर्तिका लागि कार्य गर्दछ ।

## दूरदृष्टि

विद्यालय क्षेत्र विकास कार्यक्रमले आफ्नो कार्य योजना दूरदृष्टि निर्धारण गरेको छ । जस अनुसार यो कार्यक्रमले राष्ट्रको सामाजिक आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्यउन्मुख नागरिकको विकासमा योजना पुऱ्याउने छ ।

## अभियान

विद्यालय क्षेत्र विकास कार्यक्रमले आफ्नो योजना कार्यन्वयनलाई अभियानका रूपमा परिभाषित गरेको छ । जस अनुसार नेपाललाई वि.सं. २०७९ (सन् २०२२) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८० .सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरण रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्नु यो कार्यक्रमको अभियान हो ।

## विद्यालय क्षेत्र विकास कार्यक्रमका लक्ष्य

१. समाजको विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात गरी सबै नागरिकलाई जीवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता लक्ष्य केन्द्रित हुने ।

२. आधारभूत जीवनपयोगी सिपको विकासका अवसर प्राप्त गर्न, जनशक्तिको क्षमता विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै निरन्तर एवम् समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक आर्थिक विकासमा योगदान दिने ।

३. माध्यमिक तहको कक्षा ९ देखि प्राविधिक तथा व्यवसायिक विषयहरूको शिक्षण सिकाइलाई सुदृढ गरेर लैजाने ।

## विद्यालय क्षेत्र विकास कार्यक्रमका आयमहरू

विद्यालय क्षेत्र विकास कार्यक्रमका लक्ष्य तथा उद्देश्यहरू पूरा निम्नानुसारका आयामहरू निर्धारण गरिएका छन् :

### १. समानता

पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका दृष्टिले शिक्षा प्रणालीमा पछाडि परेका समुदाय विशेषलाई हुने विभेदलाई न्यूनीकरण गरी सबैका लागि समतामूलक पहुँच, सहभागिता तथा सिकाइ उपलब्धी सुनिश्चित गर्नु ।

### २. गुणस्तर

सिकाइको वातावरण, पाठ्यक्रम, पाठ्यपुस्तक लगायतका शिक्षण सिकाइ सामग्री, विधि, मूल्याङ्कन तथा परक्षिाको सान्दर्भिकता र गुणस्तर अभिबृद्धि गराई विद्यार्थीको सिकाइमा सुधार ल्याई सुनिश्चिता गर्नु ।

### ३. सक्षमता

समग्रतामा सिकाइ वातावरण तथा शिक्षण सिकाइ पद्धतिका सर्वस्वीकार्य मापदण्ड स्थापित गरी विद्यालय क्षेत्रलाई स्थानीय सरकार प्रति उत्तरदायी बनाउनु ।

### ४. सुशासन तथा व्यवस्थापन

पहिचान भएका आवश्यकता तथा संघीय स्वरूपलाई ध्यानमाा राख्दै शिक्षा क्षेत्रको राजनीतिक तथा प्रशासनिक पुनसंरचना गर्नु र केन्द्रीय प्रादेशिक एवम् स्थानीय तहबीच लागत साझेदारीकाृ अवधारण अनुरूप दगिो र सुदृढ आर्थिक व्यवस्थापन सुनिश्चित गराउनु ।

### ५. विपत् जोखिम न्यूनिकरण (उत्थानशीलता)

विद्यालय, विद्यार्थी, शिक्षक एवम् समुदाय बीच सहकार्य र सौहार्दता अभिबृद्धि गराएर विद्यालय तहको विपत् व्यवस्थापन सुदृढीकरण गर्नु । त्यस्तै बृहत विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनिकरणलाई शिक्षा क्षेत्रमा मूलप्रवाहिकरण गर्नु र विद्यालयहरू द्वन्दबाट सुरक्षित भएको सुनिश्चित गर्नु ।

### विद्यालय क्षेत्र विकास कार्यक्रमका अवयवहरू

विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका सम्पूर्ण कार्यकलापहरू निम्नानुसारका अवयवहरूमा केन्द्रित छन् :

१. प्रारम्भिक बालशिक्षा

२. आधारभूत शिक्षा

३. माध्यमिक शिक्षा

४. अनौपधिारक शिक्षा तथा जीवन पर्यन्य शिक्षा

५. शिक्षक व्यवस्थापन तथा विकास

६. विपत् जोखिम न्यूनीकरण

७. अनुगमन तथा मूल्याङ्कन

८. क्षमता विकास (शिक्षक तालिम र संस्थागत क्षमताको सुदृढिकरण)

९. शासकीय प्रबन्ध र व्यवस्थापन

विद्यालय क्षेत्र विकास कार्यक्रमको सबै तहका विद्यालयका विकासका लागि विभिन्न कार्यहरू सञ्चालन गर्दछ । विद्यालयहरूको शैक्षिक, भौतिक एवम् सामाजिक सबै क्षेत्रको सुदृढिकरणका लागि नीतिगत पक्ष देखि कार्यन्वयन सम्म यसको कार्य क्षेत्र रहेको छ ।

## अभ्यास

**क) तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस्**

१) प्राथमिक शिक्षाको आधार तह के हो ?

२) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम सबभन्दा पहिले कतिओटा जिल्लामा लागू गरिएको थियो ?

३) जिल्लाभित्रका आधारभूत तथा प्राथमिक शिक्षा परियोजना द्वितीयको अवधि लेख्नुहोस् ।

४) विद्यालय क्षेत्र सुधार परियोजना कहिले सुरु भई कहिले समाप्त भयो ?

५) विद्यालय क्षेत्र विकास कार्यक्रम कुन परियोजनाको निरन्तरता हो ?

**ख) तलका प्रश्नहरूका छोटो उत्तर दिनुहोस् ।**

१) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथमको छोटो परिचय दिई यसका तीन उद्देश्य लेख्नुहोस् ।

२) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम सञ्चालन गर्न ऋण तथा अनुदान प्रदान गर्ने अन्तर्राष्ट्रिय संघ संस्थाहरू कुनकुन थिए ?

३) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना द्वितीयका उद्देश्यहरू के के थिए ?

४) विद्ययालय क्षेत्र सुधार परियोजना सञ्चालन गर्न निर्धारण गरिएका कुनै पाँच क्षेत्रहरू लेख्नुहोस ।

५) विद्यालय क्षेत्र विकास र्काक्रमका अवयवहरू उल्लेख गर्नुहोस् ।

**ग) तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।**

१) विद्यालय क्षेत्र सुधार परियोजनाका लक्ष्य र उद्देश्यहरू लेख्नुहोस् ।

२) विद्यालय क्षेत्र विकास कार्यक्रमका आयमहरूको ब्याख्या गर्नुहोस् ।

### क्रियाकलाप

१) तपाईंको विद्यालयमा विद्यालय क्षेत्र सुधार परियोजना र विद्यालय क्षेत्र विकास कार्यक्रम सञ्चालन भएको समयमा के के कार्य भएका रहेछन् अध्ययन गरेर एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

**एकाइ : १५**

# नेपालमा शैक्षिक प्रशासनसम्बद्ध निकायहरू

## १५.१. निम्नलिखित निकायको परिचय र कार्य

### प्रदेश र स्थानीय तह

नेपाल संघीय प्रशासनिक संरचना भएको देश हो । यहाँ संघ, प्रदेश र स्थानीय गरी तीन प्रशासनिक तहको व्यवस्था गरिएको छ । सब भन्दा माथिल्लो तह संघ हो । संघ भनेको केन्द्र हो । त्यसपछि प्रदेश तहको व्यवस्था गरिएको छ । सबभन्दा तल्लो प्रशासनिक तह भनेको स्थानीय तह हो । यहाँ प्रदेश र स्थानीय तहको चर्चा गरिएको छ :

### प्रदेश

प्रदेश भनेको संघ वा केन्द्रभन्दा तल र स्थानीय तहभन्दा माथिको प्रशासनिक तह हो । नेपालको संविधानमा नेपालमा जम्मा सात प्रदेशको व्यवस्था गरिएको छ । प्रत्येक प्रदेशमा एक  एक जना प्रदेश प्रमुख हुन्छन् । प्रत्येक प्रदेशमा एक  एक वटा प्रदेश सभा हुन्छ । प्रदेश सभाका सदस्यलाई प्रदेश सभा सदस्य भनिन्छ । प्रदेश सभा सदस्य जनताको मतबाट निर्वाचित प्रतिनिधि हुन्छन् ।

### प्रदेश सरकार

प्रत्येक प्रदेशमा राष्ट्रपतिद्वारा नियुक्ति गरिएको एक जना प्रदेश प्रमुख हुन्छन् । प्रदेशमा पनि केन्द्र जस्तै छुट्टै सरकार हुन्छन् । प्रदेश सरकार प्रमुखलाई मुख्य मन्त्री भनिन्छ । प्रत्येक प्रदेश सभामा जुन दलको सांसदले आफ्नो पक्षमा बहुमत सांसदको सर्मथन जुटाउन सक्छन् उनी मुख्य मन्त्री बन्छन् । मुख्य मन्त्री अन्तरगत मन्त्रीहरू हुन्छन् प्रदेशैपिच्छे मन्त्रीहरूको संख्या फरक हुन सक्छ । प्रत्येक प्रदेशको प्रदेश सभाको जम्मा सांसद संख्याको बढीमा २० प्रतिशत सम्म मन्त्री बन्न सक्छन् । यस व्यवस्था अनुसार प्रदेश नं. १ मा जम्मा १९, २ मा २१, ३ मा २२, गण्डकीमा १२, ५ मा १७, कर्णालीमा ८ र सुदूरपश्चिममा ११ सदस्यि मन्त्रीपरिषद् बन्न सक्नेछ ।

## १५.२ नेपालका प्रदेशहरूको विभाजन

प्रदेशको विभाजन गर्दा जनसंख्या र भूगोललाई आधार मानेर गरिएको छ । जिल्लाहरूका समूह मिलाएर प्रदेशहरू बनाइएका छन् । नेपालका जम्मा ७५ ओटा जिल्लामा नवलपरासी र रुकुमलाई २/२ ओटा जिल्ला बनाएर जम्मा ७७ जिल्ला बनाएको छ । ७७ ओटा जिल्लाहरूलाई नै समूह  समूह बनाएर प्रदेश बनाएका छन् ।

प्रदेश नं. १ मा जम्मा १४ जिल्ला पर्दछन् । प्रदेश नं. २ मा ८ जिल्ला छन् । त्यस्तै ३ नं. प्रदेशमा १३ ओटा जिल्ला पर्दछन् भने गण्डकी ४ मा ११ जिल्ला छन् । प्रदेश नं. ५ मा १२ जिल्ला र कर्णाली प्रदेशमा १० जिल्ला छन् । सुदूरपश्चिम प्रदेशमा जम्मा ९ वटा जिल्ला रहेका छन् ।

## १५.३ प्रदेश तहमा शिक्षा

प्रत्येक प्रदेशले आफ्नो प्रदेशको विकास, सुशासन र प्रगतिका लागि संघ (केन्द्र) र स्थानीय तहसँग समभ्कदारी गरी विभिन्न कार्यहरू गर्न सक्दछ । त्यसका लागि विभिन्न मन्त्रालयहरूको व्यवस्था गरिएको हुन्छ । शिक्षा क्षेत्रका कार्यहरू सामाजिक विकास मन्त्रालय अन्तरगत पर्दछन् ।

### सामाजिक विकास मन्त्रालय

प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालय रहेका हुन्छन् । यस मन्त्रालयले प्रदेशस्तरीय शिक्षा सम्बन्धी सम्पूर्ण योजना निर्माण, तिनका कार्यन्वयन र अनुगमनका कार्यहरू गर्दछ । यी कामहरूलाई सामाजिक विकास मन्त्रालयका अधिकारका रूपमा उल्लेख गरिएको छ । जुन निम्न अनुसार छन् :

१. प्रदेशस्तरको उच्च शिक्षा सम्बन्धी नीति, कानुन, प्रशासन, मापदण्ड र नियमन,

२. प्रदेश विश्वविद्यालय सम्बन्धी नीति, कानुन, प्रशासन, मापदण्ड र नियमन,

३. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण अनुमति तथा नियमन,

४. प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानुन, प्रशासन, मापदण्ड र नियमन,

५. प्रदेशस्तर संग्राहलय सम्बन्धी नीति, कानुन, प्रशासन, मापदण्ड र नियमन,

६. शिक्षाको प्रादेशिक नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन,

७. प्रादेशिक मानव संशाधन आवश्यक्ता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यन्ययन,

८. प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण र उत्पादन,

९. प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिमको प्रादेशिशक नीति, पाठ्यक्रम र पाठ्यसामग्री निर्माण, कार्यान्वयन,

१०. विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता र क्षमताको प्रदेश स्तरमा मापदण्ड निर्धारण एवम् नियमन,

११. माध्यामिक तहको शिक्षक ब्यवस्थापनको मापदण्ड निर्धारण एवम् नियमन,

१२. माध्यामिक तहका कक्षा १० को परीक्षा ब्यवस्थापन,

१३. उच्च शिक्षाको छात्रवृति ब्यवस्थापन,

१४. प्रदेशस्तरको उच्च शिक्षा सम्बन्धी नीति, कानुन, प्रशासन, मापदण्ड र नियमन,

१५. प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिमको प्रादेशिक नीति, मापदण्ड र नियमन,

१५. प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिमको छात्रवृति ब्यवस्थापन,

**सामाजिक विकास मन्त्रालय अन्तरगतका निकायहरू**

प्रदेशका शिक्षा सम्बन्धी कार्यहरू गर्नका लागि विभिन्न निकायहरूको व्यवस्था गरिएको छ । प्रत्येक प्रदेशमा यस्ता निकायहरू क्रियाशील हुन्छन् । यी सबै निकायहरू सामाजिक विकास मन्त्रालय अन्तरगत हुन्छन् । यस्ता निकायहरू निम्न निम्न अनुसारका छन् :

१. शिक्षा विकास निर्देशनालय

२. शिक्षा तालिम केन्द्र

## १५.४ स्थानीय तह

नेपालको शासकिय संरचना मध्ये सब भन्दा तल्लो तह स्थानीय तह हो । मुलुकभरका ७७ ओटा जिल्लाभित्र ७५३ ओटा स्थानिय तहहरू छन् । यसमा महानगरपालिका, उपनगरपालिका, नगरपालिका र गाउँपालिका पर्दछन् । ती मध्ये ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका छन् ।

स्थानीय तहमा शिक्षाका सम्पूर्ण कार्यहरूका लागि समन्वय गर्न शिक्षा विकास तथा समन्वय इकाईको स्थापना गरिएको छ । यसले जिल्लाको शैक्षिक विकासका लागि विद्यालय विकास कार्यक्रमहरू सञ्चालन गर्ने, जिल्लास्थित गाउँपालिका तथा नगरपालिकासँग समन्वय र सहकार्य गरी समसामयिक शैक्षिक समस्याहरूको समाधान गर्ने गर्दछ । स्थानिय तहलाई आधारभूत तह र माद्यमिक तहको शिक्षाको अधिकार र जिम्मेवारी व्यवस्था गरिएको छ । यस अन्तरगत प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन गरी त्यसलाई विद्यालयको सञ्चालन, निरीक्षण र व्यवस्थापन सम्बन्धी जिम्मेवारी प्रदान गरिएको छ ।

## १५.५ स्थानीय तहको शिक्षा सम्बन्धी कार्य विभाजन

शिक्षा नेपाली नागरिकलाई संविधानले दिएको मौलिक अधिकार हो । यसको व्यवस्थापनका लागि कानुनले स्थानीय तहलाई जिम्मेवारी प्रदान गरेको छ । आधारभूत एवम् माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी गाउँपार्लिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई प्रदान गरिएको हुँनाले यसका लागि काम, कर्तब्य र अधिकारको पनि ब्यवस्था गरिएको छ । आधारभूत एवम् माध्यमिक शिक्षाको स्थानीय तहले सम्पादन गर्नु पर्ने काम, कर्तब्य र अधिकार निम्न अनुसार छन् :

१. प्रारभिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ, विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, संचालन, ब्यवस्थापन र नियमन,

३. प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिमको योजना तर्जुमा, संचालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

४. मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पति ब्यवस्थापन,

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा ब्यवस्थापन,

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

८. विद्यालयको नामाकरण,

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पतिको अभिलेख, संरक्षण र व्यवस्थापन,

१०. विद्यालयको गुणस्तर अभिवृदि तथा पाठ्यसामग्रीको वितरण,

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

१२. विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यवस्थापन,

१४. आधारभूत तहको परीक्ष्ाा संचालन, अनुगमन तथा व्यवस्थापन,

१५. विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

१७. ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

१८. स्थानीय स्तरको शैक्षिक ज्ञान,सिप र प्रविधिको संरक्षण, प्रवर्दन र स्तरीकरण,

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

२१. सामुदायिक विद्यालयलाई अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

२२. शिक्षण, सिकाइ,शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**स्थानीय तहको शिक्षा सम्बन्धी वडाको कार्य विभाजन**

स्थानीय स्तरमा शिक्षाको विकासका लागि वडा तह सम्मलाई निम्न अनुसारका काम, कर्तब्य र अधिकार प्रदान गरिएको छ :

१. बाल उद्यानको ब्यावस्थ ागर्ने

२. अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

३. पुस्तकालय, वाचानलय, सामुदायिक सिकाइ केन्द्र, बाल क्लव तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

४. वडालाई बालमैत्री बनाउने ।

## १५.६ शिक्षा विकास तथा समन्वय इकाइ

शिक्षाको विकास समयको आवश्यकता हो । देश व्यापी रूपमा भइरहने शैक्षिक विकासका गतिविधिलाई केन्द्र देखि स्थानीय तह सम्म समन्वय गर्न आवश्यक हुन्छ । त्यस्तो समन्वय को भूमिकाको काम गर्नका लागि देशको संघीय (केन्द्रीय) सरकारको शिक्षा मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र मातहत रहने गरी शिक्षा विकास तथा समन्वय इकाइको स्थापना भएको हो । शिक्षा क्षेत्रमा आइपर्ने समस्याहरूलाई समन्वयात्मक र व्यवस्थित रूपले समाधान गर्दै शैक्षिक विकास र प्रगतिका लागि क्रियाशिल हुनु शिक्षा विकास तथा समन्वय इकाइको मूल कार्य हो । विद्यालय शिक्षाको सुधारमा सबै सरोकारवालाको समेत सहयोग अभिबृद्धि गर्दै आगामी दिनमा सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको अवसर सिर्जना गर्नु यसको उद्देश्य रहेको छ ।

**शिक्षा विकास तथा समन्वय इकाइका कार्य विवरण**

१. शिक्षा सम्बन्धी संघीय कानुन, नीति निर्देशन, कार्यक्रमको प्रवाहिकरण र कार्यान्वयनको अनुगमन तथा सोको प्रतिवेदन तयार गर्ने ।

२. विद्यालय क्षेत्र विकास योजनाको कार्यक्रमको जिल्ला स्तरमा कार्यान्वयन गर्ने, यसको कार्यान्वयनको जिल्ला स्तरीय प्रगति प्रतिवेदन तयार गर्ने र केन्द्रलाई दिने ।

३. प्रचलित कानुन, निर्धारित मापदण्ड, मानक, कार्य निर्देशिका, शिक्षामा समता सूचक योजनाका उदेश्य एवम् सूचकका आाधारमा जिल्लाभित्रका विद्यालयहरूको सममग्र शैक्षिक पद्धति, भौतिक साधनको पर्याप्तता, मानवीय स्रोतको व्यवस्थापन, संस्थागत क्षमता र कार्य प्रगतिहरूको लेखाजोखा गरी स्थानीय तह, प्रदेश र सङ्घलाई पृष्ठपोषण दिने ।

४. राष्ट्रिय पाठ्यक्रम प्रारूप र पाठ्यपुस्तकको प्रवोधिकरण, कार्यान्वयनको अनुगमन र त्यसको प्रतिवेदन केन्द्रलाई दिने ।

५. स्थानीय पाठ्यक्रम निर्माण कक्षाकोठामा गरिने शिक्षकहरूको कार्यमूलक अनुसन्धान, मातृभाषामा शिक्षा, विशेष प्रकृतिका विद्यालयहरूको सञ्चालन, द्वैभाषिक शिक्षा, वहुकक्षा, वहुवर्ग शिक्षणजस्ता विषयमा प्रवोधिकरण र मागको आधारमा सहजीकरण गर्ने ।

६. कक्षा १० र १२ को परीक्षाको रजिष्ट्रेशन, परीक्षा आवेदन फारम संकलन, परीक्षा व्यवस्थापन र उत्तर पुस्तिका परीक्षण व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने ।

७. विद्यालय स्तरीय शैक्षिक तथ्याङ्कको जिल्लागत सङ्कलन, विश्लेषण र रिपोटिङ सम्बन्धी कार्य गर्ने गराउने ।

८. विगतका जिल्ला शिक्षक छनोट समितिका निर्णयहरू, जिल्ला शिक्षा समितिका बैठक पुस्तिकाहरू, कक्षा ८ र कक्षा १० तथा एस एल सीका मार्क लेजर र अभिलेखहरू सुरक्षित राख्ने र प्रमाणित गरी प्रतिलिपी दिने ।

९. स्थानीय तहले गर्ने कामहरूसँग सम्बन्धित जस्तै शिक्षकको व्यक्तिगत विवरण, विद्यालय अनुमति सम्बन्धि, विद्यालय निर्माण सम्बन्धी अभिलेखहरू सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरी सो को अभिलेख राख्ने ।

१०. स्थानीय सरकारले तयार पार्ने गाउँ शिक्षा योजना र नगर शिक्षा योजनामा मागका आधारमा सहजीकरण गर्ने । यस्ता योजनाको लेखाजोखा गरी सोको प्रतिवेदन प्रदेश र केन्द्रमा पठाउने ।

११. जिल्ला भित्रका समसामयीक मुद्दाहरूको पहिचान गरी सोको सम्बोधन तथा शैक्षिक सुधारका लागि सम्बन्धि निकायमा प्रस्तुत गर्ने ।

१२. विद्यालयको विद्यालय सुधार योजना निर्माणका लागि विद्यालयको माग र आवश्यकताका आधारमा विशेषज्ञहरूको नामावली सूची तयार गरी प्राविधिक सहयोग गर्ने ।

१३. विद्यालयहरूको सामाजिक परीक्षणका लागि विद्यालयको नाम र आवश्यकताको आधारमा विशेषज्ञहरूको रोष्टर तयार गरी प्राविधिक सहयोग गर्ने ।

१४. नमूना विद्यालयहरूको विकास तथा विद्यालयहरूमा नमूना शिक्षण गर्ने प्रयोजनका लागि र जिल्लाभर एकै प्रकारको न्यूनतम शैक्षिक गुणस्तर कायम गर्नका लागि विभिन्न स्थानीय सरकारहरूका बिच नियमित सम्पर्क, सरसल्लाह र आवश्यक समन्वय तथा अन्तरक्रिया गर्ने ।

१५. जिल्लामा शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षक तालिम एवम् अनुसन्धान र अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र समावेशी शिक्षाका लागि आवश्यक तालिमका काममा समन्वय गर्ने ।

१६. जिल्ला भित्रका विद्यालय, प्राविधिक शिक्षलय र शिशु विकास केन्द्र सम्बन्धी अभिलेख तयार पारी प्रदेश र संघमा पठाउने ।

१७. शिक्षाको गुणस्तर अभिबृद्धिका लागि समय समयमा स्रोत व्यक्ति, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षा अभिभावक संघका अध्यक्षको बैठक तथा अन्तरक्रियात्मक गोष्ठी सञ्चालन गर्ने ।

१८. स्थानीय सरकारबाट माग भइ आए समय  समयमा विद्यालयमा भइरहेको पठन पाठनको निरीक्षण गर्ने ।

१९. शिक्षक नियुक्ति, बढुवा र व्यवस्थापन सम्बन्धी शिक्षक सेवा आयोगबाट तोकिए बमोजिमका निर्देशन तथा प्रत्यायोजित कार्यहरू गर्ने ।

२०. राष्ट्रिय परिक्षा बोर्डबाट तोकिए बमोजिम निर्देशित प्रत्यायोजित कार्यहरू गर्ने ।

२१. संघ र प्रदेशले तोकिएका अन्य कार्यहरू गर्ने ।

**शिक्षा विकास तथा समन्वय इकाइको संगठनात्मक संरचना**

शिक्षा विकास तथा समन्वय इकाइको साङ्गठनिक संरचना भिन्न  भिन्न जिल्लामा भिन्न भिन्न प्रकारको हुन सक्छ । सम्बन्धित जिल्लाको जनसंख्या वितरण, विद्यालय संख्या, भौगोलिक अवस्थाका आधारमा मुलुक भरमा क, ख, ग, घ गरी ४ समूहका साङ्गठानिक संरचनाको व्यवस्था गरिएको छ । जस अनुसार २ ओटा साङ्गठनिक संरचनामा उप सचिवले शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको रूपमा जिम्मेवारी निर्वाह गर्नेछन् । भने २ वटा

साङ्गठनिक संरचनामा शाखा अधिकृत शिक्षा विकास तथा समन्वय इकाइ अधिकारीका रूपमा रहने छन् ।

(क) उप सचिवले शिक्षा विकास तथा समन्वय एकाइ अधिकारीको रूपमा जिम्मेवारी निर्वाह गर्ने पहिलो सांगठानिक संरचना अन्तरगतका जिल्लाहरूमा शाखा अधिकृतहरू तीनजना, प्राविधिक सहायक दुईजना, हलुका सवारी चालक एकजना र कार्यालय सहायक दुईजना रहने छन् । यो समूहमा निम्न ६ जिल्लाहरू पर्दछन् :

काठमाडौँ, झापा, मोरङ्ग, चितवन, रूपन्देही र कैलाली ।

(ख) उप सचिवले शिक्षा विकास तथा समन्वय एकाइ अधिकारीको रूपमा जिम्मेवारी निर्वाह गर्ने दोस्रो सांगठानिक संरचना अन्तरगतका जिल्लाहरूमा शाखा अधिकृतहरू दुईजना, प्राविधिक सहायक दुईजना, हलुका सवारी चालक एकजना र कार्यालय सहायक दुईजना रहने छन् । यो समूहमा निम्न ३५ जिल्लाहरू पर्दछन् :

इलाम, सुनसरी, धनकुटा, सप्तरी, सिराहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रौतहट, बारा, पर्सा, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ, गोर्खा, तनहु, स्याङ्जा, कास्की, वाग्लुङ, नवलपरासी( बर्दघाट सुस्ता पश्चिम), कपिलवस्तु, पाल्पा, गुल्मी, सुर्खेत, दाङ, बाँके, बर्दिया, कन्चनपुर र डोटी ।

(ग) शाखा अधिकृतले शिक्षा विकास तथा समन्वय एकाइ अधिकारीको रूपमा जिम्मेवारी निर्वाह गर्ने तेस्रो सांगठानिक संरचना अन्तरगतका जिल्लाहरूमा प्राविधिक सहायक तिनजना, र कार्यालय सहायक दुईजना रहने छन् । यो समूहमा निम्न २८ जिल्लाहरू पर्दछन् :

ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, संखुवासभा, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, रामेछाप, दोलखा, लमजुङ, म्याग्दी, पर्वत, नवलपरासी(बर्दघाट सुस्ता पूर्व), अर्घाखाँची, प्युठान, रोल्पा, रुकुम(पूर्वी भाग), रुकुम (पश्चिम भाग), सल्यान, जाजरकोट, दैलेख,अछाम, बझाङ, बाजुरा, डडेलधुरा, बैतडी र दार्चुला ।

(घ) शाखा अधिकृतले शिक्षा विकास तथा समन्वय एकाइ अधिकारीको रूपमा जिम्मेवारी निर्वाह गर्ने तेस्रो सांगठानिक संरचना अन्तरगतका जिल्लाहरूमा प्राविधिक सहायक दुईजना, र कार्यालय सहायक दुईजना रहने छन् । यो समूहमा निम्न ८ जिल्लाहरू पर्दछन् :

रसुवा, मनाङ, मुस्ताङ, हुम्ला, जुम्ला, डोल्पा, मुगु र कालिकोट ।

## १५.७ विद्यालय


### परिचय

विद्यालय भनेको त्यो स्थान हो जहाँ शिक्षा प्रदान गरिन्छ । अर्थात् शिक्षण सिकाइ प्रकृया सञ्चालन गरिने मुख्य कार्य थलोलाई विद्यालय भनिन्छ । शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्तिको प्रमुख गतिविधिको केन्द्र विन्दुका रूपमा विद्यालयलाई लिन सकिन्छ । विद्यालयमा शिक्षक, विद्यार्थी, विषयवस्तु र वातावरण विचको अन्तरक्रियाका माध्यमबाट शिक्षण प्रकृया सञ्चालन

हुन्छ । शिक्षा प्राप्त गर्ने मुख्य कार्यथलो विद्यालय भएकाले शिक्षा विकासमा विद्यालयको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयले जस्तो खालको शिक्षा दियो त्यसैमा विद्यार्थीको प्रगति निर्भर गर्दछ । तसर्थ गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयले सकारात्मक भूमिका निर्वाह गर्न सक्नु पर्दछ । विद्यालय ज्ञानको आधार स्थान हो जहाँबाट ज्ञान प्राप्तीको सुरुवात भई अगाडी बढ्दछ ।

विद्यालय शैक्षिक प्रशासनको सबैभन्दा तल्लो संगठन हो । यो स्थानीय संगठनका रूपमा रहेको हुन्छ । स्थानीय तहमा जनसहभागिताको प्रत्यक्ष कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिएको छ । यो स्थानीय संगठनको महत्त्वपूर्ण पक्ष हो । यसरी विद्यालय भनेको प्रधानाध्यापकद्वारा मातहतका शिक्षक, कर्मचारी र विद्यार्थीमाथि गरिएको प्रशासनिक संगठन भन्न सकिन्छ । शैक्षिक प्रशासन र व्यवस्थापनको प्रमुख कार्य भनेको विद्यालयमा शिक्षण सिकाइका लागि उपयुक्त वातावरण सिर्जना गर्नु हो । यसको जिम्मेवारी प्र.अ. र व्यवस्थापन समितिले निर्वाह गर्दछन् ।

**विद्यालय प्रशासनको संगठनात्मक ढाँचा**




**प्रधानाध्यापक**

कुनै पनि संगठन, संघ, संस्थामा एक जना मुख्य प्रमुख हुन्छ । विद्यालयको प्रमुख भनेको प्रधानाध्यापक हो । विद्यालयको दैनिक प्रशासन सञ्चालन गर्ने कार्यमा प्रधानाध्यापकको महत्त्वपूर्ण भूमिका रहन्छ । उनको नेतृत्व सवल, सक्षम र प्रधावकारी भयो भने विद्यालयले वाञ्छित लक्ष्य प्राप्त गर्न सक्छ । शिक्षक प्रधानाध्यापक वा अभिभावकले भनेको कुराभन्दा उनीहरूले गरेको कार्यको बढि प्रभाव विद्यार्थीहरूमा पर्दछ । यसैले प्रधानाध्यापक उच्च आदर्श र विशिष्ट आचरण भएको हुनुपर्दछ । उनी शिक्षक, विद्यार्थी र अभिभावकका नेता हुन्छन् । यसैले उनीमा शिक्षक विद्यार्थी र अभिभावकलाई समन्वय गर्न सक्ने क्षमता हुनुपर्छ । यस्तै उनीमा शिक्षक एवम् विद्यार्थीमा आवश्यक निर्देशन र नियन्त्रण गर्न सक्ने क्षमता पनि हुनु

आवश्यक छ । प्रधानाध्यापकले अध्यापनलाई नोकरी भन्दा सेवाका रूपमा लिनुपर्छ । विद्यालय व्यवस्थापन समितिको प्रत्यक्ष निर्देशनमा रही प्रधानाध्यापकले दैनिक कार्य गर्नुपर्ने हुँदा उनमा विद्यार्थी, शिक्षक, अभिभावक एवम् समितिका बीच समन्वयकर्ता एवम् मध्यस्थताको भूमिका निर्वाह गर्न सक्ने कुशलता हुनुपर्दछ । यस्तो महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने प्रधानाध्यापकका मुख्य काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

१. विद्यालय वार्षिक योजना तयार गर्ने

प्रधानाध्यापकले आर्थिक र शैक्षिक दुई किसिमका योजना तयार गर्नुपर्छ । कहिले विद्यार्थी भर्ना गर्ने, कति संख्यामा विद्यार्थी भर्ना गर्ने, आवश्यक कोठा र भवनको व्यवस्था, कुर्सी, टेबल, कालोपाटी, प्रयोगशाला, खेलमैदान आदि भौतिक पक्ष र शिक्षक पाठ्यपुस्तक, शिक्षक निर्देशिका, परीक्षा सञ्चालन आदि शैक्षिक पक्षको पनि पहिले नै योजना गर्नुपर्छ । यि सबै कुराको विचार गरी प्रधानाध्यापकले शिक्षकको परामर्श लिई विद्यालयको वार्षिक योजना तयार गर्नुपर्दछ ।

२. विद्यालयको दैनिक प्रशासन सञ्चालन गर्ने, विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्न पठन पाठन कार्यको अनुगमन एवम् निरीक्षण गर्ने ।

३. प्रधानाध्यापकले विद्यार्थीको स्तर, पठन पाठन र अवस्था थाहा पाउनको लागि प्रशासन चलाउनुका अतिरिक्त अध्यापन पनि गर्नुपर्दछ ।

४. विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

५. विद्यार्थी तथा शिक्षक लाई विभिन्न कुरामा निर्देशन दिने । महिनामा कम्तिमा एक पटक शिक्षक कर्मचारीको बैठक गर्ने ।

६. विद्यार्थी, शिक्षक, अभिभावक, जनसमुदाय र विद्यालय विचमा समन्वय एवम् असल सम्बन्ध कायम गर्ने ।

७. विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाण पत्र दिने ।

८. विद्यालयमा भए गरेका महत्त्वपूर्ण काम कारवाहीको अभिलेख राख्ने ।

९. शिक्षा विकास तथा समन्वय इकाइ तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालना गर्ने / गराउने ।

१०. गुणस्तरीय पठन पाठन र विद्यालयको समग्र उन्नतिका लागि विविध कार्य सम्पन्न गर्ने ।

## १५.८ विद्यालय व्यवस्थापन समिति

व्यवस्थापन भनेको कुनै पनि संस्थामा व्यवस्थापनको कार्य अत्यन्त महत्त्वपूर्ण हुन्छ । संस्थाको मानवीय, भौतिक तथा आर्थिक स्रोतहरूलाई समुचित रूपमा परिचालन गरि निर्धारित लक्ष्य तथा उद्देश्य प्राप्तिमा सफलता प्राप्त गर्ने प्रक्रिया हो । उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गरि अपेक्षित लक्ष्य प्राप्त गर्न सघाउनु व्यवस्थापकीय जिम्मेवारी हो । वास्तवमा उच्चतम उपलब्धीका लागि उपयुक्त वातावरण सिर्जना गर्ने र काम प्रति सकारात्मक प्रवृतिको विकास गर्ने काम व्यवस्थापनले गर्दछ । यसै अवधारण अनुसार विद्यालयका अपेक्षित लक्ष्य र उद्देश्य प्राप्ति गर्नका लागि विद्यालयलाई प्रभावकारी ढंगले सञ्चालन गर्न विद्यालय

व्यवस्थापन समितिको व्यवस्था गरिएको हो । शिक्षा ऐन र नियमावलीले विद्यालय व्यवस्थापन समितिको गठन, काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको पाइन्छ ।

विद्यालयको सञ्चालन, रेखदेख, र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा व्यवस्थापन समिति गठन गरिएको हुन्छ । सामुदायिक विद्यालयको सन्चालन, रेखदेख र ब्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका दुईजना महिला सहित ४ जना -सदस्य

(ख) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य - सदस्य

(ग) विद्यालयको संस्थापक, स्थानीय वुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरूमध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) प्राविधिक र ब्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माद्यमिक विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहने छन् ।

(२) क. विद्यालय व्यवस्थापन समितिका शिक्षक प्रतिनिधि बाहेकका सदस्यहरूले आफूहरूमध्येबाट छानेको एक जना सदस्य सो समितिको अध्यक्ष हुने छ ।

छ. विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिका अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एक जना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(३) सम्बन्धित विद्यालय निरीक्षक र स्रोतब्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकका रूपमा भाग लिन निमन्त्रण गरिने छ ।

**सामुदायिक विद्यालय व्यवस्था समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विद्यालयको सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गने,

(ख) विद्यालयको चल, अचल सम्पतिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गराइराख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ/नगर शिक्षा समिति र शिक्षा विकास तथा समन्वय एकाइलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च)  शिक्षा विकास तथा समन्वय एकाइबाट खटिएको शिक्षकलाई हहाजिर गरााई काममा लगाउने,

(छ) शिक्षा विकास तथा समन्वय एकाइले तोकेको लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्नेर त्यसको प्रतिवेदन शिक्षा विकास तथा समन्वय एकाइमा पेश गर्ने,

(झ) शिक्षा विकास तथा समन्वय एकाइ र गाउँ/नगर शिक्षा समितिले दिएका आदेश तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकका लागि तोकिए बमोजिमको पारिश्रमिक वा सुविधाको ब्यवस्था गर्ने,

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने

**संस्थागत विद्यालय व्यवस्थापन समिति**

संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ :

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरू मध्येबाट विद्यालयको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले मनोनिय गरेको व्यक्ति - *अध्यक्ष*

(ख) अभिभावनहरूमध्येबाट एक जना महिला समेत गर्ने गरि विद्यालय व्यवस्थापन समितिले मनोनिय गरेको दुई जना - *सदस्य*

(ग) स्थानीय शिक्षाप्रेमि वा समावसेवीहरूमध्येबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मनोनित गरेको एक जना - *सदस्य*

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षक - *सदस्य*

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एक जना - *सदस्य*

(च) विद्यालयको प्रधानाध्यापक - *सदस्य सचिव*

छानिए वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

**व्यवस्थापन समितिको मुख्य मुख्य कामहरू देहाय बमोजिम हुनेछ :**

(क) विद्यालय संचालनको लागि प्राप्त साधन स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्थापन गर्ने,

विद्यालयको शैक्षिक गुठिका गुठियार वा कम्पनीका संचालक सँग समन्वय गरी विद्यालयको संचालन, रेखदेख, निरिक्षण र व्यवस्थापन गर्ने,

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकारले लागु गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू पर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरू पढाउन आवश्यकीय देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को स्वीकृती लिने,

(च) शिक्षक सेवा आयोगबाट अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाइ शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षकलाई कारवाही गर्ने,

(झ) नेपाल सरकारले दिएको निर्देशनहरूको पालना गर्ने,

## अभ्यास

**क) तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस्**

१) प्रदेशको शिक्षा क्षेत्र कुन मन्त्रालय अन्तरगत पर्दछ ?

२) शिक्षा विकास निर्देशनालय कुन तहको निकाय हो ?

३) शिक्षक नियुक्ति, बढुवा र व्यवस्थापन सम्बन्धी शिक्षक सेवा आयोगबाट तोकिए बमोजिमका निर्देशन तथा प्रत्यायोजित कार्यहरू कु इकाईले गर्दछ ?

४) विद्यालयको आर्थिक र शैक्षिक योजना कसले तयार पार्छ ?

५. विद्यालयको संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्न गठन गरिएको समितिलाई के भनिन्छ ?

**ख) तलका पशनहरूका छोटो उत्तर दनिुहोस् ।**

१) सामाजिक विकास मन्त्रालयका पाचँवटा अधिकारहरू लेख्नुहोस् ।

२) शिक्षा विकास निर्देशनालय शाखाहरूको सूचि तयार पार्नुहोस ।

३) शिक्षा विकास तथा समन्वय इकाइका कुनै पाचँ कार्यहरू लेख्नुहोस् ।

४) स्थानीय तहले शिक्षा सम्बन्धी गर्ने कुनै चार कामहरू उल्लेख गर्नुहोस् ।

५) विद्यालयको संगठानात्मक ढाँचा प्रस्तुत गर्नुहोस् ।

**ग) तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।**

१) विद्यालय ब्यवस्थापन समर्मितिका कार्यहरूको चर्चा गर्नुहोस् । ।

२) शिक्षा विकास तथा समन्वय एकाइको संगठनिक संरचना उल्लेख गर्नुहोस् ।

**क्रियाकलाप**

१) तपाइँको विद्यालयको संगठानात्मक ढाँचा सम्बन्धी छलफल गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

२) विद्यालय ब्यवस्थापन समितिका कार्यहरूका बारेमा सामुहिक छलफल गर्नुहोस् ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति
- शिक्षा ऐन कानुन २०२८, तथा शिक्षा नियमावली २०७६ साल असार मसान्तसम्म भएका सशोधनहरू, किताब व्यवस्था समिति
- स्थानीय सरकार सञ्चालन ऐन २०७४, सामान्य प्रशासन मन्त्रालय
- विद्यालय विकास योजना वि.स. २०७३/२०७४ – २०७९/०८०, नेपाल सरकार, शिक्षा मन्त्रालय, २०७३
- श्रेष्ठ चन्द्रबहादुर, शिक्षाको परिचय, भुँडीपुराङ प्रकाशन, वागबजार, काठमाडौं
- श्रेष्ठ चन्द्रबहादुर,सम्झना बसन्यात, शिक्षण पद्धति २०६१, भुँडीपुराङ प्रकाशन, वागबजार, काठमाडौं
- काफ्ले बाशुदेव, श्रेष्ठ चन्द्रबहादुर,सिन्हा रामस्वरूप, शैक्षिक प्रशासन र सुपरिवेक्षण, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं
- विद्यालय स्तरीय पाठ्यक्रमहरू, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी
- नेपालमा शिक्षा २०११, प्रकाशन विभाग, कलेज अफ एजुकेशन काठमाडौं
- राष्ट्रिय शिक्षा पदतिको योजना २०२८– २०३२, शिक्षा मन्त्रालय, काठमाडौं
- राष्ट्रिय शिक्षा आयोगको प्रविदन २०४९, राष्ट्रिय शिक्षा आयोग, केशरमहल
- उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रविदन २०५५, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, केशरमहल
- शर्मा गोपिनाथ, नेपालमा शिक्षाको इतिहास, , कमठमाडौं, हेमकुमारी शर्मा, २०४५
- पौडेल लेखनाथ, नेपालमा शिक्षा विकास, २०५४, विद्यार्थी पुस्तक भण्डार
- कक्षा ९, शिक्षा (ऐक्षिक), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी
- कक्षा १०, शिक्षा (ऐक्षिक), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी
- शैक्षिक सूचना २०७५, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, योजना तथा अनुगमन महाशाखा, तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा, सिंहदरबार, काठमाडौँ
- The Basic and Primary Education Master Plan 1997-2002, The Master Plan Team, Ministry of Education
- Aggrawal J. C., Theory & Principles of Education, Vikas Publication House Pvt. Ltd., Delhi
- Aggrawal J. C., Principles, Methods and technique of Teaching, new delhi, 1996

- Callahan J. F. & Clark L. H., teaching the Middle and Secondry Schools, Macmillan Publishers, Co., inc., New York, 1982
- Freier Paulo, The Pedagogy of Oppresed, The Seaburry Press, Aveane, New York, 1973
- Crandall J.& Peyton J. K., Approches to Adult ESL Literecy Instructions. Centre for applied linguistics(CAL), 1993, usa.
- Crow Lesser and Alice Crow, Introduction to Education Fundamantal Principles and Modern Practice, 1962, ERAS Publishing House Pvt. Ltd.
- Das B. N., Foundation of Education thought and Practice 1995, Kalyani Publication, New Delhi
- Kochhar S. K., Methods and Techniques of Teaching, Sterling Publishing Pvt. 1995
- Various websites related to Education.